# प्रदेश सभा
# प्रदेश नं ३
# तेस्रो अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

१७ चैत्र, २०७५

आईतबार

(बैठक संख्या - १)

**प्रदेश सभाको तेश्रो अधिवेशको पहिलो बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा आईतबार दिनको ३:०० बजे प्रारम्भ भयो।**

<u>माननीय सभामुखः</u>- माननीय सदस्यहरु, प्रदेश नं ३ को प्रदेश सभाको आजको बैठक कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु आजको बैठकमा विशेष समय र शुन्य समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउदछु।

माननीय सदस्यहरु, प्रदेश प्रमुखबाट अधिवेशन आह्वान सम्बन्धी पत्र प्राप्त हुन आएको छ। सो को व्यहोरा म पढेर सुनाउँछु।

प्रदेश नं ३ मन्त्रिपरिसद्को सीफारीसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) वमोजिम वि.स २०७५ साल चैत्र १७ गते आइतबार दिनको ३:०० बजे प्रदेश सभाको हिँउदे अधिवेशनको आवान गरेको छु।

२०७५ चैत्र ५

अनुराधा कोइराला,
प्रदेश प्रमुख

माननीय सदस्यहरु, नेपालको राजनैतीक परिवर्तन तथा संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको लागि जिबन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति भाव पूर्ण श्रदाञ्जली अर्पणका लागि १ मिनेट मौनधारण गर्न सबै माननीय सदस्यहरुलाई अनुरोध गर्दछु।

धन्यवाद

माननीय सदस्यहरु अब म प्रदेश सभाको हिंउदे अधिवेशनको सफलताको शुभकामना ब्यक्त गर्न माननीय मुख्यमन्त्री डोरमणि पौडेललाई अनुमती दिन्छु।

**माननीय मुख्यमन्त्री डोरमणि पौडेलः-** माननीय सभामुखज्यू, माननीय सदस्यहरु आज हामी झन्डै २ महिनाको अन्तराल पछि प्रदेश सभाको तेस्रो अधिवेशनको पहिलो बैठकमा उपस्थित भएका छौ र माघ १२ गते समापन भएको यो बैठक २ महिना र ५ दिन पछि पहिलो बैठकको रुपमा हामी यो अधिवेशन सुरु गर्न गइरहेका छौ। सबै भन्दा पहिले म यो अधिवेश अत्यन्तै भब्य ढंगबाट सम्पन्न हुनेछ भन्ने शुभकामना ब्यक्त गर्न चाहन्छु। माननीय सभामुखज्यू हामीले यो अवधिमा २ महिनाको कार्यकालमा धेरै विधेयकहरु निर्माण गर्ने र यो हाउसमा विद्येयकहरु प्रस्तुत गर्ने काम गरेका छौ। अहिले सम्म २५ ओटा विधेयक पारित भैसकेको अवस्था छ भने अब यो अधिवेशन मार्फत हामी लगभग १२ ओटा विद्येयक पारित गर्ने अवस्थामा छौ। र त्यसैले म सबै विधेयकहरुलाई अत्यन्तै महत्वका साथ अगाडी बढाएर ब्यापक रुपमा छलफल गरेर यसलाइ पारित गर्नुहुनेछ भन्ने बिश्वास लिएको छु। सँगै अर्को अत्यन्तै महत्वपुर्ण र सबैको चासोको बिषय रहेको प्रदेश नं ३ को राजधानीका सन्दर्भमा धेरै कुराहरु उठेका छन्।

राजधानीलाइ निर्णय गर्न नसक्ने कमजोर सरकारको रुपमा कमजोर सभाको रुपमा पनि याँहा व्याख्या गरिएको छ। उठाउने कुराहरु भैरहेका छन् र हामी आफै पनि स्वयं पनि यो स्थिरता नहुदा राजधानीले स्थिरता नपाउँदा हामी सदैब दुबिधामा रहने भै नै रहेको छ। र त्यसले गर्दा हामिले जसरी काम गर्न सक्नुपर्ने थियो यो पनि यो पनि एउटा कारण

हो जस्ले हाम्रो द्वैध मानसिकताले स्थिर ढंगले काम गर्न सकिरहेका छैनौं। हामी पर्मानिन्ट हाम्रो राजधानी यही हो भनेर त्याँहाका भौतीक संरचना देखी लिएर धेरै कामहरु गर्न बाँकि रहे। हामीलाई थाहा छ राजधानी जस्तो संवेदनशील विषय हो यो यसले भोली धेरै ठुलो प्रभाव पार्न सक्छ। राजधानी केवल मेरो इन्ट्रेस्ट अथवा हामी कसैको ब्यक्तिगत इन्ट्रेस्टको आधारमा भन्दा पनि संविधानले त्यसलाइ व्याख्या गरेको छ। संविधानले प्रष्ट पारेको छ। राजधानी कसरी हुन्छ भन्ने कुरामा राजधानीको निर्णय स्थाइ राजधानीको विषयमा संविधान आफै बोलेको छ। र त्यहि भीत्र रहेर संविधानको दायरा भीत्र रहेरनै हामीले राजधानीको निर्णय गर्ने हो, निर्क्योल गर्ने हो र त्यो बिचमा हामी के चाहन्छौ सबैको सद्भाव रहोस् सहमती रहोस् राजधानी सहमतीको आधारमै टुङ्गीनु पर्छ भन्ने मान्यताले नै केहि समय ढिलो भएको हो। सकेसम्म राजधानी बिबाद ल्याउनु हुदैन।

हामी सबै हामी अझै ४ वर्ष लामो समय सम्म हामी काम गर्नु छ। यो मुलुकलाई सम्बृद्ध मुलुक बनाउन छ। सुखी नेपाली र सम्बृद्ध नेपालको जुन सपना सरकारले अहिले बाँडीरहेको छ दिईरहेको छ। त्यसलाइ पुरा गर्नु छ। त्यसका नीमीत्त हामी सबै एकजुट हुनुपर्दछ। सबै पक्ष प्रतिपक्ष सबै मिलेर मात्र सम्भव हुन्छ। हामी कुनै ब्यक्ति विशेषले चाहेर पार्टी विशेषले चाहेर हुने कुरा होइन। त्यसैले सबैको सहमतीको आधारमा आजसम्म जे गरीरहेका छौ हामीले अनुभुत हुन पाएको छैनौ।

हाम्रो यो प्रतिनिधि सभाले याँहाका प्रतिपक्ष साथीहरुले जुन भुमीका निर्वाह गर्नुभएको छ। जसरी सघाई रहनुभएको छ। र हामीले गर्व गर्नुपर्छ कि हामी यो अवस्थामा पनि हामीले हाम्रा कुराहरु, हाम्रा भनाईहरु, हाम्रा योजनाहरु अथवा यो सम्बृद्ध मुलुक बनाउने दिसामा उन्मुख हुन सकेनौ भने कहिलै पनि सक्दैनौ। त्यसैले म उहाँहरुको पनि सम्मान गर्छु। सबैको एक मन एकताका साथ हामी अगाडी बढ्ने आज सम्मको जुन अभ्यास छ। र भोलिको दिनमा त्यो अभ्यास कायम राख्नुपर्छ भने हामी एक-आपसमा बिभाजीत भएर अलग-अलग ढंगले राजधानीका विषयमा धेरै कुराहरु गर्न थाल्यौ भने र यसले भोलिका दिनमा केहि न केहि अहिलेको जुन एकताको भावले जसरी हामी अगाडी बढीरहेका छौ। भोली त्याँहा समस्या आउनसक्छ। र त्यसैले पनि हामी सकेसम्म राजधानीलाई एकताबद्ध

ढंगले मिलेर राजधानीको निर्णय लिनुपर्छ भन्ने मान्यताले नै अहिले सम्म राजधानीको निर्णय लिन ढिला गरेका हौ। र अब म माननीय सभामुख मार्फत अब ढीला गर्ने समय छैन हामी संग किनभने हामीले १ वर्ष भन्दा बढी बेतित् गरिसकेकाछौ।

अबका दिनमा यही अधिवेशन जुन चालु अधिवेशन छ। यो चालु अधिवेशन बाट नै राजधानीको विषय टुङ्गो लगाउनु पर्छ भन्ने मेरो मान्यता छ र मैले उहाँलाइ त्यसैगरी आग्रह गर्न पनि चाहन्छु। र त्यसैले म सबैलाइ के बिश्वास पनि के दिलाउन चाहन्छु भने अब राजधानीको झमेलामा अब हामी नबसौ राजधानी एउटा फैसला गरौ र त्यसपछि अगाडी बढ्न हामीलाई सजीलो हुन्छ। तयसैले अब राजधानी कहीले काँहा के भन्ने विषयलाइ तपाँईहरुको बिचमा तपाँईहरु छलफल गर्न सक्नुहुने छ।

हामी यसका पद्धती कसरी गर्ने मतलब यो निर्णय कसरी गर्ने भन्ने विषयमा पनि बिहाँन कार्यव्यबस्था समीतीमा छलफल पनि भएको छ। यी सबै कुरालाई अहिले मलाई लाग्छ सभामुखले यो के भएको छ भन्ने जानकारी गराउनु हुनेछ। म अहीले लामो समय भन्दा पनि पहिले त यो अत्यन्तै महत्वपूर्ण असाध्यै महत्वपूर्ण यो अर्थमा छ की यो ऐतिहासीक नीर्णय गर्ने यो सभा हो। यो कार्यकाल, यो बैठक जतिदिन चल्छ अत्यन्तै ऐतिहासीक हुन्छ। जस्ले राजधानी तोक्छ। तेसैले यो बैठकको सफलताको शुभ-कामना दिँदै मैले सबै साथीहरुलाई सहज ढंगले यस विषयलाइ टुङ्ग्याउनको निमित्त समेत हार्दिक अनुरोध गर्न चाहान्छु। यती भन्दै म बिदा भए धन्यवाद !

**<u>माननीय सभामुखः-</u>** माननीय सदस्यहरु अब म प्रदेश सभाको हिँउदे अधिवेशन को सफलताको शुभ-कामना व्यक्त गर्न प्रतिपक्ष दलका नेता माननीय ईन्द्र बहादुर बानियाँलाइ अनुमती दिन्छु।

**<u>माननीय ईन्द्र बहादुर बानियाँ (नेपाली कांग्रेस):-</u>** सभामुख महोदय, यो हिँउदे अधिवेशन आजबाट संञ्चालन भएको र यसमा शुभकामना दिने विषय पनि राखिएको रहेछ। र अव शुभकामना मैले कसरी दिने यो शुभकामना विशेषगरि सभामुख महोदयलाई ढिँलै भए पनि सरकारले निर्णय गरेर वहुत भित्र गाह्रो साह्रो भएर पनि निर्णय गरेर बैठक राख्न

पठाएको पत्र हामीले सुनेयौं। सभामुख महोदय र ज्ञात अज्ञात सहिद माथी पनी श्रदाञ्जली व्यक्त गयौं। र सभामुख महोदय। अहिले मुलुकमा संघीय लोकतान्त्रीक गणतन्त्र हामी सबैको ठूलो योगदान बलिदान र धेरै सहिदहरुको बलिदान र धरै कारणले यो ब्यवस्था आएको हो। यसैगरि यो हिँउदे अधिवेशन चल्दै गर्दा विशेष गरी सभामुख महोदयले बिपक्ष दल र बिपक्ष दलको नेता र ने.क.पा.को संसदीय दलको नेता मुख्यमन्त्री लगाएत सबैलाई बोलाएर पटक पटक परामर्श र राजधानीको विषयमा कुरा गरेकै हो। त्यसकारण यो अधिवेशनमा म सभामुखलाई सम्मान व्यक्त गर्न चाहन्छु। धन्यवाद दिन चाहन्छु। की ढीलै भए पनि हिँउदे अधिवेशन सुरु भयो। तर २ महिना लगभग लगभग २ महिना चाही यो अधिवेशन सुरु हुन सकेन।

अब अर्को बजेट भाषण पनि आउनु छ। एउटा हामी सुखी नेपाली सम्वृद्ध नेपालको सपना देख्ने हामी राजनैतीक परिवर्तन धेरै गरिसकेयौं। मुलुकमा राणा शासनको परिवर्तन, पञ्चायतको परिवर्तन, मुलुकमा प्रजातन्त्रको पनि परिवर्तन गरेर संघीय गणतन्त्रको लोकतन्त्र जनताको व्यवस्था जनताकै प्रतिनिधीले सर्वोच्च निकाय राष्ट्रपति बनेर यो देश चलाउन व्यवस्था परिवर्तन गर्न सक्ने लामो अभ्यास र प्रयासबाट मुलुकमा धेरै परिवर्तन गर्न सक्यौं। तर जनताको जिर्ण जनजिवन, आर्थीक अवस्था भने परिवर्तन गर्न सकेको अवस्था छैन।

सभामुख महोदय, त्यसकारणले जनताको जनजिवन परिवर्तन गर्न जनतालाई सुखी र खुसी देख्नलाई मान्छेले भन्छन् "खुट्टी हेर्दा चाल पाँइयो'' किनभने आज सरकार प्रदेश सरकार चलेको आज लगभग लगभग यो संसद चलेको प्रदेश सरकार चलेको प्रदेश सरकारले अर्को बजेट ल्याउने बेला भैसक्यो। यदी हामीले राजधानीलाई निर्णय गर्न सकेनौ भने राजधानीको भित्र रहने सुरक्षा निकाय चाहे शस्त्र प्रहरी होस्, नेपाल प्रहरी होस्, नेपाली सेना होस्। प्रदेश स्तरिय कार्यलय बस्नुपर्छ।

जसरी हेड क्वाटर केन्द्रमा हुन्छ त्यसै गरी याहाको हेड क्वाटर बस्नु पर्छ। सुरक्षा निकाय काहाँ रहने भन्ने कुरा तय भएन भने त्यसको लागी बजेट बिनियोजन गर्नु पर्छ। आउदो वर्षको बजेट विनियोजन अन्योलमा छ। र त्यस्तै प्रदेश स्तरीय कार्यलयहरुको कुरा पनि भोलि त्याहा विभिन्न कार्यलयहरु प्रदेशमा रहन्छ। मन्त्रालयहरु रहन्छन्। त्यसको

चाँही भोली मन्त्रालय  व्यवस्थि गर्ने कुरा मन्त्रालय व्यवस्थित गर्ने कुरा, मन्त्रालय संञ्चालन गर्ने कुरा, मन्त्रालय अन्तर्गत प्रदेश भित्र रहेका ति विभाग कार्यलयहरुलाई पनि व्यवस्थित गर्नुपर्ने हुन्छ। यी कुराहरुले गर्दा खेरी यदि यो विषय आज सभामुख महोदयले धेरै हाम्रो कार्य परामर्शमा छलफल भएपछि यो विषयलाई ल्याउने नल्याउने मौखीक रुपमा जाने कि कसरी जाने, ल्याउन त ल्याउने प्रतिवद्धता त हो भन्ने कुरा चाही सरकार पक्षबाट आउदा आउदा धेरै कुरा आयो तर प्रतिवद्धता। तर यसलाई लिखित रुपमा ल्याउनु पर्छ। यो प्रदेश सभा सबैको साझा सभा, एजेन्डा हो। याहाँ कुनै प्रतिपक्ष, सत्ता पक्ष छैन। राजधानी सबैको साझा विषय हो। र हामीले यो राजधानी टुङ्ग्याइ नरहदा सभामुख महोदय हामी जनताको नाममा १ वर्ष २ महिना भन्दा बढी बितिसक्यो की हामीले जनताको सेवा सुविधा र पसिना वगाएर जनताले आज रगत बगाएर सहीद बनेको, धेरैको कारणबाट यो व्यवस्था आएको हो। व्यवस्था भित्र हामीले सेवा सुवीधा हामीले बुझेका छौं। त्यो सेवा सुवीधा बुझ्दा हामीलाई पनि हिनताबोध हुन सक्छ। हिनता बोध सबै माननीय जनलाई भएको छ।

त्यसकारणले यो राजधानी विषय टुङ्ग्याउन सकेनौ भने हामीले सुखी नेपाली र सम्वृद्ध नेपाल मुखमा देखेर हुदैन व्यबहारमा देखाउनुपर्छ। व्यवहारमा देखनको लागी निर्णय हुनुपऱ्यो। निर्णयको प्रकृया अगाडी बड्नु पर्यो। जनतालाई प्रदेशले केही गरेको छ। व्यवस्था नयाँ आयो स्वरुप उस्तै पुरानै भयो जनताले नयाँ व्यस्थाको अनुभुती गर्न पाएन भने कुराले भात पाक्तैन, कुराले चुल्हो जल्दैन, जनताको भर्दैन त्यसकारण यो कुरालाई पनी गम्भीर रुपमा लिनुपर्दछ भन्ने मलाई लाग्छ। त्यसकारणले यो प्रदेश सरकार र अहीले यो हामी संसदले चाहे अघी पुनः देहोर्याउन चाहे प्रतिपक्ष र सत्तापक्ष राजधानीको विषयमा छैन। जहाँ टुङ्ग्याउने हो संविधानले स्पष्ट व्यवस्था गरेको छ। प्रदेश सभाले टुङ्ग्याउने हो। प्रदेश सभाले टुङ्ग्याउने विषयलाई अन्योल राखिरहदा खेरी प्रदेश सभाको माननीय हामी सबैको कुनै प्रतिपक्ष हैन, सत्ता पक्ष होईन। सबै माननीयको आज बजारमा हीड्दा खेरी पत्रकार लिएर चिया खादा समेत कुरा उठ्छ आज तपाँईहरुले राजधानी टुङ्ग्याउन सक्नुहुन्न। तपाँईहरुले के दीन सक्नुहुन्छ।

यो विषयले आज हाम्रो पेट भित्र, मन भित्र, दिमाग भित्र पोलेको छ। यो कुरालाई गम्भीरता पुर्वक लीएर चाडो भन्दा चाडो जुन विषय अहिले आएको छ। यसलाई म धन्यवाद

दिन चाहनछु। सम्मान व्यक्त गर्न चाहन्छु। सभामुख महोदय, यसलाई बिधि प्रकृया पु-याएर चाडो भन्दा चाडो यो प्रकृयाबाट निकास दिएर राजधानी काहाँ रहन्छ प्रदेश सभा दुई तिहाईले जाहाँ तोक्छ त्याहा हुन्छ राजधानी। यो सबैलाई थाहा छ। संविधानको स्पष्ट व्यवस्था भएको विषय हो। त्यसकारणले आज दुई तिहाई कता तीर छ। दुई तिहाई भन्दा वढी कता तीर छ। प्रदेश सभामा प्रतिपक्षले काहाँ हल गऱ्यो राजधानी तोक्ने विषयमा दुई तिहाई बढी भएर पनि आज सरकारले आफ्नो आन्तरीक द्धन्दले अआज एउटा प्रदेश सभालाई राजधानीको आन्तरीक कारण विभिन्न कारणले गर्दा यो राजधानी तोक्न सकेन भने त्यो सरकार संग सुखी नेपाली र सम्वृद्ध नेपालको विश्वास जनताले काहाँ नेर गर्ने। संचार माध्यमले काहाा निर गर्ने, उद्योगपतिले काहाँ निर गर्ने किसानले काहा निर गर्ने, मजदुरले काहाँ निर गर्ने। अनि त्यो सर्वहाराले काहाँ निर गर्ने।

त्यसकारणले यसलाई विधि प्रकृया मिलाएर चाडो भन्दा चाडो सभामुखज्यूको आज यो प्रकृया परामर्श समितिमा भएको प्रकृया अगाडी बढाउने सुनाउने कुरा रहेछ। यो कुरा चाही सुनाएर अगाडी बडाएर र भोली राजधानी चाडैं टुङ्ग्याउने कुरामा हामी प्रदेश सभा सबै जान सक्ने गरी हामी सबैलाई सभामुखलाई पनि विशेष धन्यवाद दिदैं शुभकामना दिन चाहन्छु। धन्यवाद ! जय नेपाल !

**<u>माननीय सभामुखः-</u>** माननीय सदस्यहरु अब म प्रदेश सभाको हिउदे अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्न नेपाल मजदुर किसान बिकास पार्टिका नेता सुरेन्द्र राज गोसाई लाई अनुमती दिन्छ

**<u>माननीय सुरेन्द्र राज गोसाई (नेपाल मजदुर किसान पार्टी):-</u>** सभामुख महोदय, हामी हाम्रो प्रदेश सभाको हिउदे अधिवेशनको पहिलो बैठकमा उपस्थित छौं। मौसम परिवर्तन बेमौसमी खेती आदीको आजकल ब्यापक चर्चा गरीए जस्तै चैतको मध्यान्तर तिर सुरु हुन लागेको यो हिउदे बैठक बारे पनि शहर बजारमा चर्चा चलिरहेको हुनुपर्छ। यती खेर हिन्दु धर्म ग्रन्थमा रामायणको एक परिचित पात्र कुम्भकर्णको सम्झना आइरहेको छ।

कुम्भकर्ण बर्षमा ६ महिना सुत्छन्। हाम्रो प्रदेश सभा र प्रदेश सरकार पनि झन्डै ३/४ महिना कुम्भकर्णले झै सुतेर बितायो। यो आधुनीक युगमा कुम्भकर्णको नयाँ संस्करण जिँउदा छन् भन्ने जनता आज अनुभव गर्दै छन्। आज बल्ल कुम्भकर्णका निन्द्राबाट प्रदेश सभा बिउझदै छ कि ! भनी जनता ब्याङ्ग्यात्मक प्रश्न गर्दै छन्। दुई तिहाई लिएर गैह्र जिम्मेबारी लीएर सुती सुती खाने गलत राजनैतीक संस्कार थालीएकोमा आक्रोशित छन्। प्रदेश सरकार प्रती जनताको आक्रोस, असन्तुष्टि, वितिष्णा बढ्दै छ। प्रदेश सरकार जनअपेक्षा बिपरीत निश्कृय निष्प्रभायी, निष्प्राणतुल्य किन बन्यो र कस्ले बनायो। जनता जवाफको पर्खाईमा छन्। प्रदेशको गतीवीधी शून्यता, भूमिका बिहिनता र प्रारम्भमै नकरात्मक छवी देखेर संवेदनशील समुदाय चिन्तीत छ। अब शासक दलले स्पष्ट जवाफ दिनुपर्छ। संघीयता प्रतीको धारणा के हो ? संघीयता जोगाउने र अगाडी बढाउने विश्तृत खाका छ की छैन। शासन व्यवस्थामा सामन्तबादी भन्दा माहा सामन्तबादी कार्यशैली तथा चरित्र कीन देखा पर्दैन। चारै तिर जनता वडा राष्ट्र अहङ्कारबादको अनुभव गर्न किन बाध्य छन्। शासक दलको दुई चरित्र र पाखन्डको जतातै विरोध तथा भर्सना हुदैछ।

सभामुख महोदय, हाम्रो प्रदेश सरकार गठन भएको १ वर्ष नाघीसक्दा समेत प्रदेश राजधानी बारे निर्णयमा तदारुक्ता नदेखाउनु र टुङ्गोमा पुऱ्याउन नसक्नु अकर्मणीय हो। आज शासक दलको क्षमता माथी प्रश्न तेर्सिएको छ। प्रदेशको बिकास निर्माण ठप्प पारी भ्रष्ट्रचार तथा अनीयमीतालाई मलजल गरी सुखी नेपाली र सम्वृद्ध नेपालको नारा फलाक्नेहरु हाँसोको पात्र हुदैछन्। अस्तब्यस्तता, अस्थिरता, अन्योल्ता र नीर्हमीयतामय हराई रहेको छ सरकार कमसेकम यो हिंउदे अधिवेशन संगसंगै होसमा आउने कामना गर्दछौ। फेरी पनि हामी जोड दिदै भन्छौ। प्रदेश राजधानीको निर्णय विकेन्द्रीतकरणको सिद्धान्त, संघीयताको मुल मर्म र सन्तुलित बिकासको प्रत्याभुति हुने ढंगमा जनताको भावना र समयको आवश्यकता वमोजीम सीघ्र रुपमा गर्छौ।

प्रदेश राजधानी सामरीक रुपले उपयुक्त र संघीय राजधानी भन्दा जती सम्भव हुन्छ। त्यती अलग राख्नु उपयुक्त हुने प्रवुधवर्गले बताई रहेको स्मरण गर्नु श्रेयसकर हुनेछन्। अबपनि काठमाडौं मा उपलब्ध सेवा सुबीधालाई जिल्ला जिल्ला र क्षेत्र क्षेत्रमा पुऱ्याउने र काठमाडौं बाहीर सुन्दर तथा ब्यवस्थित बस्ती तथा सहर बिकास गर्न लागेनौ

भने भावीपुस्ताले हामीलाई माफी दिने छैन। सभामुख महोदय, हाम्रो प्रदेशमा बिकासको आवरणमा भई रहेको प्राकृतीक बिनास, सांस्कृती संहार, जातीय सफायाम तथा जनताको बवार्दी विषयमा प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गराउदछौं।

फास्ट ट्र्याक र अन्ने आयोजनाको नाउँमा ललितपुरको खोना र बोङ्गाको सयौं रैथाने किसान परिवार घरबार बिहिन र बेरोजगारमा परिणत गरिदैछ। पुस्तौ पुस्ता देखी कला र सांस्कृति संरक्षण तथा संम्वद्र्धन गरी देशकौ निम्ती अमुल्य योगदान पुऱ्याएका जनताको उठीबास गर्नु चरम अत्याचार हो। कृतग्नताको पराकाष्ट हो। सरकारलाई खोना बोङ्गाका जनताको हृदयको बास्तविक आवाज सुन्न र ती पीडीत जनतालाई चाडो भन्दा चाडो न्याय दिन माग गर्दछौं। साथै सांस्कृतीक संहार, जातीय सफायाका सम्पुर्ण गतीविधि र भेदभाव ? पूर्ण निति त्याग्न माग गर्दछौ। आज खोना र बुङ्गाका जनता सोच्दै छन्। रैथाने जनतालाई लखेटेर बिकास कस्को निम्ती के अमेरीकी साम्राज्यवाद र भारतीय फासीवादीको निम्ती हो ? के उर्वर जमीनको बिनास गरेरैं मात्र बिकास आउने हो ? के कला सस्ंकृती प्रेमी र मेहीनती किसान जनताको उठीबास गर्नैपर्छ आधुनिक बिकासको निम्ती ? बिकास बद्ला भएर ठाँउ ठाँउमा कीन देखा पर्दै छ।

हामी सचेत पार्न चाहन्छौं फास्ट ट्र्याक मोदी फासीबाद भित्राउने ‘वली, दाहाल’’ मार्ग नबनोस्। सभामुख महोदय, भर्खरै मात्र लगानी सम्मेलन नाउँको एउटा रमाईलो जात्रा सम्पन्न भयो। यो जात्राको थप रहस्य समय संगसंगै खुल्दै जाने छ। केही जानकारहरु भन्दै छन् यो लगानी संमेलन र राजा विरेन्द्रको हीजोको शान्ति क्षेत्र प्रताव उस्तै उस्तै हो। नेपाललाई आधारभूमी बनाएर नेपाललाई आर्थिक रुपमा ठग्ने र तहसनहस बनाउने भारतीय एकाधीकार पुजींको यो नयाँ चालबाजी हो।

घुमाई फीराइ भारतीय एकाधीकार पुजींलाई पोस्ने र मुनाफ जती भारतकै पोटामा भर्ने यो छलछाम बाहेक अरु केही होइन। केही यक्ष प्रश्न पनि उठेका छन्। उद्योग तथा उत्पादनको क्षेत्रमा विश्वमै अगाडी बडीसकेका दुई विशाल देश संग प्रतीसपर्दा संभव छ। नेपालमा उत्पादीत वस्तु काहाँ विक्रि गर्ने उत्पादन मुल्य बढ्ने निश्चित छ। सस्तोमा सामान कसरी बेच्ने एकजना जमीनदारले किसानलाई  ठगे जस्तै दिल्लीले नेपाललाई ठग्ने यो

अर्को चाजोपाजो होईन भन्ने आधार के, सभामुख महोदय, यही संन्दर्भमा जानकारहरु भन्दै छन् प्रधानमन्त्री वलि बिरामी हुनुहुन्छ।

तर उहाँले सल्लाहाँकारहरु संग समेत स्वोस्थ पाउनु भएन। देश बर्बाद हुदैछ। बालुवाटार ठगै ठगको घेरामा पर्नाले कोही भन्दै छन्, बालुवाटारमा बकुल्लै बकुल्ला जनताको भलो कसरी होला ? अन्तमा प्रदेश सरकार र प्रदेश सभा जनता प्रति जिम्मेवार ढंगबाट प्रस्तुत हुन र दुई तिहाईको औचित्य पुष्टिपार्न सफलता मिलोस् धन्यवाद !

**<u>माननीय सभामुखः-</u>** माननीय सदस्यहरु अब म प्रदेश सभाको हिंउदे अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्न राष्ट्रिय प्रजातन्त्र पार्टिका नेता रिता माँझीलाई अनुमती दिन्छु।

**<u>रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी):-</u>** माननीय सभामुख महोदय, आज हामी ३ महिना पाचौं दिनको दिन प्रदेश सभाको यो हिउदे अधिवेशन प्रारम्भ हुन गैइरहेको छ। यसको शुभ-अवसरमा प्रदेश नं ३ को सरकार एवम् प्रदेश सभालाई सफलताको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। प्रदेश सरकार एवम् प्रदेश सभाको दुई तिहाईको बहुमत छ। जहासम्म मलाई लाग्छ। यही दुई तिहाईको दम्भकै कारणले र अन्य सांसदहरुको बेवास्ताको कारणले आज हामीले ३ महिना सम्म पनि यो संसद नचलेर अवरुद्ध भएको हो अथवा जानी जानी अवरुद्ध बनाइएको हो अथवा यो दम्भको कारणले संसद चल्न सकेन त्यसको पनि म जवाफ माग्दै आजको यस हाम्रो यो हिंउदे अधिवेशन सुरु भैरहेको छ।

हिंउदे अधिवेशन सुरुवात भैरहदा आज बर्खे अधिवेशन हिंउदको पुसमा आएर अन्त हुन्छ। अनि अब फेरी बर्खे अधिवेशन सुरु हुन लाग्दा हिंउदे अधिवेशन सुरु हुन्छ भने प्रदेश सभाका सदस्यहरुले प्रदेश नं ३ मा बसेर के काम गर्न सक्छन्। के गर्ने यो जनताबाट निर्वाचित सांसदहरुलाई एउटा सांसद त बने काम गर्नै सकेन भन्ने खालको अफ्टयारो महशुस गर्ने तरिकाले यो प्रदेश सभा संञ्चालन भैरहेको हो की भन्ने मलाई लागीरहेछ। त्यसकारण आगमी यो हिउदे अधिवेशन संञ्चालन भैरहदा खेरी हिउदे

अधिवेशनमा सम्पूर्ण जनताहरु ३ नं प्रदेशका आम नेपाली जनताहरुको हक अधिकार र उहाँ हरुको हितको लागी काम बनोस्।

प्रदेश नं ३ को जनताको हितको लागी निति नियम र कानुन बन्योस् त्यो संग संगै जब हाम्रो देश जब हाम्रो धर्म जब हाम्रो प्रदश नं ३ को जनताहरु संकटमा पर्छ अनि हामीले पार्टी भन्दा माथी उठेर काम गर्ने एउटा शुभ अबसर मिल्योस्। त्यसै गरी प्रदेश नं ३ को आम नेपालीहरुको पहिचान धर्म र संस्कृति एउटा चुनौतीमा पर्छ। पार्टि भन्दा माथी उठेर काम गर्ने शक्ति मिल्योस् भन्ने महत्वपूर्ण शुभकामना दिन चाहन्छु। त्यो संगसंगै म के भन्न चाहन्छु भने हाम्रो देश एउटा संघीयताकै कारणले गर्दा आज टुक्रीने अवस्थामा छ। मधेश चै फ्री मधेश भन्ने नाम आईरहेको छ। तपाँई हामीलाई यो शक्ति प्रदान होस् की यो हिउदे अधिवेशनमा यो संघीयता बारे बिचार गरियोस्। गणतन्त्रमा भनिन्छ अल्प सङ्ख्यकलाई सम्मान गरीन्छ बहुसङ्खिय को मान गरीन्छ भनीन्छ।

त्यसै गरी म के भन्न चाहन्छु भने यसमा जुन धर्म निरपेक्ष घोषणा गरीयो नेपालको बहु सङ्ख्यिक ९४ प्रतिशत ओमकार परिवार हुदाहुदै पनि एउटा धर्म निरपेक्ष घोषणा गरिरहेको छ। त्यसैको विरुद्धमा आज राष्ट्रिय प्रजातन्त्र पार्टिले एउटा हिन्दु राष्ट्रको पूर्णस्थापनाको लागी हस्ताक्षर कार्यक्रम संञ्चालन गरीरहेको छ।

यो कामलाई पनि प्रदेश नं ३ ले एउटा नियालोस् नजिकबाट नियालेर यो कामलाई पनि प्रदेश नं ३ को सरकारले हेऱ्योस् भन्ने मैले बिनम्र अनुरोध गर्दै पुन. फेरी जनताको मागलाई पार्टि भन्दा माथी उठेर यो पार्टि र त्यो पार्टि नभनी यो मेरो प्रदेश नं ३ को सम्पुर्ण मन्त्री ज्यू हरुले र सरकारले काम गरोस भन्ने शुभकामना दिदै बिदा हुन चाहन्छु। धन्यवाद 'जय राष्ट्र जय जनता'

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब म प्रदेश सभाको हिँउदे अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्न राष्ट्रिय प्रजातन्त्र पार्टिका नेत्री माननीय रीना गुरुङ्गलाई अनुमति दिन्छु।

**<u>माननीय रीना गुरुङ (राष्ट्रिय प्रजातन्त्र पार्टी-संयुक्त):-</u>** माननीय सभामुख महोदय, प्रदेश नं ३ को हिँउदे अधिवेशनको उद्घाटनमा म सम्पुर्ण प्रदेश नं ३ बाँसी र हाम्रो प्रदेश नं ३का सदस्यलाई राष्ट्रिय प्रजातन्त्र पार्टि संयुक्तको तर्फबाट याहाँहरुलाई हार्दीक शुभकामना ज्ञापन गर्न चाहन्छु। ३ महिना पछि यस भन्दा अगाडी पौसको १२ गते र आज चैतको १७ गते बर्खे अधिवेशन पौसमा सक्कियो। र हिउदे अधिवेशन अहिले चैत मध्यमा सुरु हुदैछ। मैले पहिले पहिले चै भाषणहरुमा मैले हाम्रो कम्यूनिष्ट लिडरको चै घरिघरि एउटा कुरा सुन्ने गरेका थियौं।हामीहरुले अग्रगामी छल्लाङ् लगाउछौं भनेर तर मलाई थाहा थिएन अग्रगामी छल्लाङ् मौसममा पनि लाग्दो रहेछ। भन्ने कुरा चै आज थाहा पाँए। तेहि भएर अग्रगामी छल्लाङ् चै बिकासमा लगाम्, मौसमा चै अग्रगामी छल्लाङ् नलगाम् तेहि भएर मलाई धेरै कुराहरु विचार पुऱ्याम्। प्रदेश नं ३ भनेको कस्तो थियो भने पहिलो दिन मै सम्पुर्ण जती पनि सांसद छ उत्साही थियो। पहिलो सात ओटै प्रदेशमा मध्य पहिलो बैठक प्रदेश नं ३ मा भएको थियो माघको १८ गते तर अहिले सम्म आउदा खेरी ३ वटा प्रदेशले चै आफ्नो राजधानी र नामाकरण गरीसकेको छ।

तर नंवर वान भनीएको प्रदेश नंवर वान रहेको हरेक कुराले रहेको प्रदेश नं ३ अहिले चौंथोमा आउन पुगेछ। पाचौ, छैटौं या सातौ के मा आउछ भन्ने अहिले पनि हामीहरु बिश्वस्त भएको छैन। कीनकी अहिले पनि मौखिक सहमती भएको छ। यो ३ महीना मात्र होइन ३ महिना भन्दा अघी भन्दा अघी पनि धेरै पटक सहमती पनि भयो। धेरै पटक सल्लाह पनि भयो धेरै कुराहरु छलफलमा मात्र सिमित रह्यो। तर आज पनि कार्य व्यबस्था परामर्श समिति केही कुराहरु भएको छ। त्यो कुराहरु हामीले पनि शंका गर्ने आधार छ। तर फेरी पनि हामीलहरु पोजेटिब छौ। शंक गर्ने आधर हुदा हुदै पनि हामीले के के सोचेका छौ भने भोलीको दिनमा शंक गर्ने आधार साइडमा राखेर भोलिको दिनमा यो हिउदे अधिवेशनमा प्रदेश नं ३ का जनताले केहि न केहि निकाश पायोस्।

प्रदेश नं ३ का सांसदले यता जनताको आवाज उठाउन पर्ने, राजधानीको विषयमा घरि घरि त्यो कुराहरु उठाउन नपरोस् भन्ने चाहि म यताबाट आग्रह गर्न चाहन्छु। यो ३ महिनामा देशले पनि धेरै भन्दा धेरै कुराहरु देखेको छ। अब हामीहरुको संसद त चलेन

तर नेपाली जनताले हेरदा हेरदै कहिले सिके राउत जस्ता बिखन्डनकारी व्यक्ती संग एउटा ठूलै सेलिब्रेटि टाइपको ठुलै नेता टाइपको जस्तो गरेर उहाहरु संग ठुला ठुला मञ्चमा हस्ताक्षर गर्ने कुरा हरु भए। ने.क.पा विप्लबको माथी प्रतिबन्ध लगाउने कार्य पनि भए।

कुनै राजनैतिक दल प्रति प्रतिबन्ध गाउने कतिको जायज कुरा हो यसमा पनि धेरै प्रश्नहरु उठे। यती मात्र भएन हाम्रो गायक कलाक्षेत्रमा पनि धेरै गायक ले आफ्नो आवाज उठाउन नपाउने भन्ने कुराहरु पनि भए। यति हुदा हुदै पनि हामीहरु विभिन्न न्युजहरुमा देसखिरहेका छौ। १० कक्षा एस्.ई.ई दिने छात्रहरु पनि रोडमा आउने अवस्था आएको छ।

यो केले पर्याएको के भइरहेको छ। नेपालमा, हुदा हुदा डक्टर जस्तो मानीसले महिला हिंषा गरेको अवस्था छ। डक्टर आफ्नो श्रीमतीको कुटेर हत्या गरेको पछिल्लो समयमा यो घटना पनि घटेको छ। त्यहि भएर पछिल्लो समयमा नेपालमा नेपालमा चहि एउटा हरर्र मुभि टाइपको धेरै कुराहरु आइरहेको छ। हाम्रो नेपाली चलचित्रमा हरर्र मुभि चलाउने परिपाटि छैन तर नेपाल सरकारले हरर्र मुभि बनाउने परिपाटि बनाएको छ। तर यो मुबिमा मात्र सिमित हुन्थ्यो तर रियल लाइफमा यो हरर्र मुभि बनिरहेको छ। जुन दुखद छ। हाम्रो देशले मुलुकले धेरै परिवर्तन आत्मा साथ गरियोस्। ७० वर्षमा बिभिन्न गणतन्त्र आयो, प्रजातन्त्र पनि आयो धेरै तन्त्रहरु आउदा नेपाली जनताले हरेक नेपालीले परिवर्तन आत्मा साथ गऱ्यौ। हरेक परिवर्तनहरु हामिले स्वीकार गर्यौं।

तर जनताको एउटा म्यान्डेट भन्दा पनि २ वटा मेन्डेट चाहेको म्यान्डेट पनि आयो। यो म्यान्डेट यो धर्म निरपेक्षता र संघीयता, धर्म निरपेक्षता र संघीयता केहि नेताहरुको व्यक्तिगत रुचिमा आएको यो म्यान्डेटलाई यसलाइ पनि जुन एउटा भार थियो। भारलाई यो जनताले काँधमा बोके तर यो यस्तो ठुलो भार थियोकि जनताको घाँटी सम्मको पानि भएको सागर सम्म तैरीरहेको छ जनता तर फेरी पनि जनता थाकेको छैन। फेरी पनि सागरमा तैरीरहेको अवस्थामा जनताले के पायो। प्रदेश नं. ३ को सरकारले एउटा

राजधानी पनि दिन सकेन त्यसको लागि म के भन्न चाहन्छु भने प्रदेश नं ३ सरकार संग अब जनतालाई धेरै दुखी नबनाउ।

भारतमा एउटा राज्य छ उत्तराखण्ड २००० मा स्थापीत भएको थियो। अहिले सम्म तेसको राजधानी प्रमानेन्ट छैन। अहिले पनि देहेरादुन विगत १८ वर्ष सम्म अस्थायी राजधानी छ। हामीहरु प्रदेश नं ३ भारतको उत्तारखण्ड जस्तो बाटोमा नचलोस्। भोलिको दिनमा हामीहरुले एउटा यहि बाटोमा अनुशरण नगरौं।

अब अघिपनी धेरै कुराहरु आइसके मौखिक सहमति पटक पटक भयो। अब संसद भित्र यो मौखिक सहमती भएको छ। अहिलेको हिँउदे अधिवेशनमा  राजधानी प्रदेश नं ३ को जनताले राजधानी पाउछ। यसको लागी म शुभकामना दिन चाहन्छु। भालीको दिनमा हामीहरु सबैको आवासी फेरी पनि राजधानीको विषय संसदमा प्रवेश हुन् भन्ने कुरा हामीहरुले भन्न नपरोस्। भन्दै बिदा हुन चाहन्छु। जय राष्ट्र

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब म प्रदेश सभाको हिउदे अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्न माननीय प्रेम बहादुर तामाङ्गलाई अनुमती दिन्छु।

**<u>माननीय प्रेम बहादुर तामाङ (स्वतन्त्र)</u>:-** सभामुख महोदय, आजबाट सुरुभएको यो हिँउदे अधिवेशनमा स्वभावैले एउटा नयाँ गतिमा अगाडी बढ्छ भन्ने सबै भन्दा अगाडी शुभकामना व्यक्त गर्न चाहन्छु। कीनभने हिजोको दिनमा ३ नं प्रदेश सभाले र प्रदेश सरकारले जुन गति पक्डीन पर्ने हो त्यो गति पक्डिनको साटो उल्टो गतिमा अल्ली वढि कुद्यो। त्यसैले गर्दा आगामी दिनमा त्यस्तो नहोस्। हिँउदे अधिवेशनमा त्यस्तो नहोस् भन्ने शुभकामना दीन चाहन्छु। हिँउदे अधिवेशन स्वभावैले अत्यन्त महत्वपुर्ण विषयहरुमा छलफल पाउने छ। यसले छलफल गर्न पाउने ट छ।

अहिले विषेश गरि प्रदेश जनताहरु राजधानी स्थायी कता हो भन्ने कुरा अलिकति बढी सुन्न चाहीरहेको वेलामा हामी काम नभएका प्रदेश सांसदहरुलाई पनि एउटा काम दिने गरि जो एउटा एजेण्डा प्रतुत भएको छ। यो अत्यन्तै महत्वपूर्ण एजेण्डा हो भन्ने मलाई

महशुस भयको छ। प्रदेश राजधानी संगसंगै यसको नामकरण पनि किटेर आएको भए राम्रो हुन्थ्यो जस्तो लाग्छ। हामीले नाम बीनाको बच्चा जन्माउन लागेका हौं भन्ने पनि महशुस भैराखेको छ। हामीले प्रदेश राजधानी त तोक्छौ फेरी पनि यसको नामकरण पनि गर्ने गरि विषयवस्तु ल्याउन पर्दथ्यो यो भएको छैन। र पनि फेरी मलाई के विश्वास छ भने यो प्रदेशमा अत्याधिक बहुमतका साथ हिजो झापाको आन्दोलन बाट जन्मनु भएका नेतागण, माहा जनयुद्धबाट जन्मनु भएका नेतागणहरु अत्याधिक हुनुहुन्छ।

त्यो बेलामा त्यो आन्दोलनले जन्मायका नेताहरु लाई के कुरा थाहा छ। र मलाई पनि के थाहा छ भने पहिचानवाद आन्दोलन धेरै चर्केको थियो र कुना काप्चामा बसेका अत्याधिक उत्पीडामा परेका जाती जनजातीका पहिचानको कुराहरुले नै जनयुद्ध त्याहाँ सम्म पुगेको थियो। झापा आन्दोलन त्याहाँ सम्म पुगेको थियो। त्यसैले चिन्ता नगर्नुस् हामीले बोली सकेका छौं वचन दिसकेका छौं।

अब यो प्रदेशको राजधानी जाहाँ जाहाँ भए पनि यसको नाम नेवा-ताम्शालिङ नै भन्ने किटान नै भैसकेर याहाँ नआएको हो कि भन्ने मलाई लागेको छ। साचिकै झापा आन्दोलनलाई हामीले बिर्सेका होइनौं। माहान जनयुद्धको मर्मलाई बिर्सेको होइनौ भने यो प्रदेशको राजधानी तोकौं र नाम नेवा-ताम्शालिङ राखौं। यो हिँउदे अधिवेशनले पहिचान वादिहरुलाई यो उपहारको रुपमा प्रदान गर्नेछ भन्ने महशुस गरेको छु। हिउदे अधिवेशन सुरु भएको छ। मलाई लाग्छ यो भन्दा अगाडीका दिनहरु अत्यन्तै दुःखत का साथ बितेका छन् । हामी प्रदेश सांसद र सरकारले विज्नेस् नदिदा यो ३ महिनाको समय अत्यन्तै दुःखका साथ अत्यन्तै कष्टका साथ, अत्यन्तै रमाइलोका साथ बितायौं। हामीले सिके राउत र सरकारको इन्गेजमेन्टमा पनि रतौलि नाचेर पनि यो ३ महिनाको समय बेतित गर्न पायौं।

त्यसैले हामी प्रदेश सांसदहरुलाई प्रदेशमा बिजनेश नदिएर एउटा विखन्डनकारी संग ईङ्गेजमेन्ट गरेर रतौली नाच्ने अवसर प्रदान गऱ्यो सरकारले यसको लागी म धन्यवाद दिन चाहन्छु आभार व्यक्त गर्न चाहन्छु। रतौली नचाउनै पर्छ। त्यस्तै गरि एउटा राजनैतिक दल जो राजनैतिक पृष्ठभुमीमा जन्मेको छ। त्यो राजनैतिक दललाई संविधानको घेरा भन्दा

बाहीर गएर प्रतिवन्ध लगाउने काम गऱ्यो त्यो प्रतिवन्धले नेपाली जनताहरु फेरी तर्सेका छन्।

प्रदेशका जनताहरु तर्सेका छन्। फेरी पनि यो देश मारकाटको स्थितिमा पुगीराखेको त होईन फेरी यो देश त्रासै त्रासमा नेपाली जनताले आफ्नो जिबन बेतित गर्न पर्ने स्थितिमा पुगेको होईन अथवा वाईड वडिका केसहरु लुकाउनकै निमित्त करोडौं भ्रष्ट्रचार मुद्धाहरु लुकाउनकै निमित्त निर्मला हत्याकाण्ड लाई फेरी छिपाउनकै निमित्त यस्ता खालका युद्धका आदेशहरु दिएर आफुले गरेका भ्रष्ट्रचारहरु, आफुले गरेका तस्करहरु, आफुले गरेका सबै खालका अपराधहरु लुकाउनको निमित्त सरकार फेरी पनि दुई तिहाईको सरकार त्यतै तिर उन्मुख त होईन भन्ने खालको महशुस नेपाली जनताले गरीराखेको छ। ३ नंवर प्रदेशका जनताले गरिराखेको छ।

३ नं प्रदेश जनता जे गर्न उद्धत छ त्यो गर्ने चाहना गरिराखेको छैन। सरकार नेपाली जनताले जे चाहन्छन् त्यही अनुरुप चलुन् भन्ने मेरो शुभकामना छ। त्यसै गरि बिगतमा हाम्रो सरकारले, यो ३ नं प्रदेशको सरकारले धेरै अनुदानहरु बाडेको छ। त्यो अनुदानहरु कस्को हातमा पुगेको छ। तपाँई बाड्ने साथीहरुलाई धेरै राम्रो संग थाहाँ छ। बाढ्ने निकायलाइ धेरै राम्रो संग थाहाँ छ। म तपाँईहरु लाई के अनुरोध गर्छु भने त्यो अनुदान पचेको छैन। त्यो अनुदानले छेरपाटी लागेको छ, क्यान्सर हुन लागेको छ। त्यो अनुदानले टि. भि. भैराखेको छ। त्यो अनुदानले जुन ठाँउमा अनुदानहरु पुऱ्याउनु भएको छ त्यो अनुदानको बस्तिहरुमा रोगै रोग फैलिएको छ। त्यसैकारणले गर्दा सभामुख महोदय, मार्फत सरकारलाई मैले के अनुरोध गरे भने कार्यकर्ता जोगाउनेको नाममा जुनखालको अनुदानहरु वितरण गर्नु भएको छ। तयो अपुदानले भ्रष्टचार जन्मेको छ। त्याहा तस्कर जन्मेको छ। त्याहा घुस्याहा प्रकरण जन्मेको छ। त्यसैले त्यो सबैखालका रोगहरु निवारण गर्नको निमित्त एउटा हस्पिटल खोल्नको निमित्त म सभामुख महोदय मार्फत यो सरकारलाई अनुरोध गरे।

यो हिंउदे अधिवेशन स्वभावैले अनुदान वितरण गरेर रोगिहरु जन्माउन तिर भन्दा पनि भुकम्पले चिरा चिरा भएका वस्तिहरुका घाउ हरु अझै पनि आलो छ। खाटो बस्न

सकेको छैन। सरकारले वितरण गरेका अनुदानहरु भुकम्प पिडित बस्तिमा हामीले पुऱ्याउन सकेको भए त्यो बस्तिहरुको घाउहरु ति खाटो लागि सक्थे अथवा विसेक भै सक्थे।

त्यसैले गर्दा हामी अनुदान तर्फ रमेर कार्यकर्तालाई खुसि बनाउने सिके राउट संग इन्गेजमेन्ट गरेर प्रदेश सरकारलाई रत्यौलि नचाउने भन्दा पनि स्वभावैले यो प्रदेशलाई नयाँ ढंगले नयाँ तरिकाले अगाडी बढाउनको निमित्त यो प्रदश सरकार र प्रदेश सभा सफल हुने छ। हुनुपर्छ, होस् भन्ने शुभकामना दिन चाहन्छु। धन्यवाद

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु कार्य व्यवस्था परामर्श समितिको मिति २०७५ चैतको १७ गते अर्थात आज आईतबार ११ बजे बसेको बैठकको परामर्श अनुसार प्रदेश नं ३ को स्थाई राजधानी तोक्ने सम्बन्धमा कार्य बिधि निर्धारण गरि प्रकृया अगाडी बढाउने कुराको जानकारी गराउदछु।

माननीय सदस्यहरु अबम माननीय प्रदेश प्रमुख कार्यलय बाट प्राप्त विधेयक प्रमाणीकरणको पत्र पढेर सुनाउछु।

प्रदेश सभाको मिति २०७५ पौस १२ गतेको बैठक बाट पारित भै नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रर्माणिकरणको लागि मिति २०७५/१०/१६ गते पेश हुन आएको देहाय बमोजिमको विधेयक माननीय प्रदेश प्रमुख अनुराधा कोइरालाज्यू बाट नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणिकरण भएकोले सो को प्रमाणिकृत प्रति थान एक यसैसाथ संलग्न राखी पठाएको बेहोरा जानकारी गराउदछु।

| क्र.सं. | विधेयक नं. | विधेयक | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | २२/०७५ | प्रदेश सवारी तथा यातयात सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक | २०७५/१०/१८ |

मिति २०७५/१०/१८

रुद्र प्रसाद पौडैल।
निमित्त सचिव

माननीय सदस्यहरु अव म मुख्य न्यायधिवक्ताको बार्षिक प्रतिवेदन सभामा प्रतुत गर्न माननीय मुख्यमन्त्री लाई अनुमति दिन्छु।

**माननीय डोरमणी पौडेल, मुख्यमन्त्रीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले मुख्य न्यायधिवक्ताको वार्षिक प्रतिवेदन सम्मानित सभामा प्रतुत गर्दछु। धन्यवाद

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब म माननीय उद्योग पर्यटन, बन तथा बातावरणको मन्त्री अरुण प्रसाद नेपाललाई प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न वनेको विधेयक, २०७५ लाई दफावार छलफलका लागी उद्योग पर्यटन तथा वाताबरण समितिमा पठाइयोस् भन्ने प्रताव प्रतुत गर्न अनुमती दिन्छु।

**माननीय अरुण प्रसाद नेपाल, मन्त्री, उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्रालयः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न वनेको विधेयक, २०७५ लाई दफावार छलफलका लागि उद्योग पर्यटन तथा वाताबरण समितिमा पठाइयोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्छु। धन्यवाद

**माननीय सभामुखः-** माननीय सदस्यहरु अब म माननीय उद्योग पर्यटन वन तथा वाताबरण मन्त्री श्री अरुण प्रसाद नेपालद्धारा प्रस्तुत प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न वनेको विधेयक, २०७५ लाई दफावार छलफलका लागि उद्योग पर्यटन तथा वाताबरण समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन, तसर्थ प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न वनेको विधेयक, २०७५ लाई दफावार छलफलका लागि उद्योग पर्यटन तथा वातावरण संरक्षण समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्व समितिले स्विकृत भएको घोषणा गर्दछु।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब म माननीय भूमी व्यबस्था, कृषी तथा सहकारी मन्त्री दावा दोर्जे लामा लाई प्रदेश सहकारी सम्वन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ दफावार छलफलका लागी शिक्षा स्वास्थ्य तथा कृषी समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय दावा दोर्जे लामा, मन्त्री, भूमी व्यबस्था, कृषी तथा सहकारी मन्त्रालयः</u>-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश सहकारी सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई दफावार छलफल गर्नका लागी शिक्षा स्वास्थ्य तथा कृषी समितिमा पठाइयोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननीय भूमि व्यवस्थ्य कृषि तथा सहकारी मन्त्री दावा दोर्जे लामा द्धारा प्रस्तुत प्रदेश सहकारी सम्वन्धमा व्यवस्था गर्न बनेको बिद्येयकलाई दफावार छलफलका लागि शिक्षा, स्वस्थ्य तथा कृषी समितिमा पठाइयोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत तर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

“हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ प्रदेश सहकारी सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई दफाबार छलफलका लागी शिक्षा, स्वास्थ्य तथा कृषी समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्व समितिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म माननीय उद्योग पर्यटन, बन तथा बातावरणको मन्त्री अरुण प्रसाद नेपाललाई प्रदेश भित्र औधोगिक ब्यवसाय स्थापना तथा संञ्चालन गर्न बनेको विधेयक, २०७५ लाई दफावार छलफलका लागी उद्योग पर्यटन तथा वाताबरण समितिमा पठाइयोस् भन्ने प्रताव प्रतुत गर्न अनुमती दिन्छु।

**<u>माननीय अरुण प्रसाद नेपाल, मन्त्री, उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्रालयः</u>-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश भित्र औधोगिक ब्यवसाय स्थापना तथा संचालन गर्न बनेको विधेयक, २०७५ लाई दफावार छलफलका लागि उद्योग पर्यटन तथा वाताबरण समितिमा पठाइयोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्छु। धन्यवाद

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब म माननीय उद्योग पर्यटन वन तथा वाताबरण मन्त्री श्री अरुण प्रसाद नेपालद्धारा प्रस्तुत प्रदेश भित्र औधोगिक ब्यवसाय स्थापना तथा संञ्चालन गर्न बनेको विधेयक, २०७५ लाई दफावार छलफलका लागि उद्योग पर्यटन वन तथा वाताबरण समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन, तसर्थ प्रदेश भित्र औधोगिक ब्यवसाय स्थापना तथा संञ्चालन गर्न बनेको विधेयक, २०७५ लाई दफावार छलफलका लागि उद्योग पर्यटन तथा वाताबरण समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्व सम्मतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म माननीय आन्तरिक मामीला तथा कानुन मन्त्री श्री शालिकराम जम्कट्टेलाई प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्वन्धि ऐन, २०७५ लाई सन्शोधन गर्न बनेको विधेयक प्रतुत गर्न अनुमति दिन्छु।

**मानननीय आन्तरिक मामीला कानुन मन्त्री शालिकराम जम्कट्टेलः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्वन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सम्मानित सभामा पेश गर्दछु। धन्यवाद

**माननीय सभामुखः-** माननीय सदस्यहरु अब म आर्थिक मामला तथा योजना मन्त्री श्री कैलाश प्रसाद ढुङ्गेल लाई कर तथा गैह्र कर सम्वन्धि ऐन २०७५ संशोधन गर्न बनेको विधेयक प्रतुत गर्न अनुमति दिन्छु।

**माननीय कैलाश प्रसाद ढुङ्गेल, मन्त्री, आर्थिक मामला तथा योजना मन्त्रालयः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर तथा गैह्र कर राजस्व सम्वन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सम्मानीत सभामा पेश गर्दछु। धन्यवाद

**माननीय सभामुखः-** माननीय सदस्यहरु अब म माननीय सामाजीक बिकास मन्त्री युवराज दुलाललाई प्रदेश वालबालिकाको अधिकार सम्वन्धमा ब्यवस्था गर्न बनेको विधेयक प्रतुत गर्न अनुमति दिन्छु।

**माननीय युवराज दुलाल, मन्त्री, सामाजीक बिकास मन्त्रालयः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश वालबालिकाको अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक सम्मानित सभामा प्रस्तुत गर्दछु। धन्यवाद

**माननीय सभामुखः-** माननीय सदस्यहरु अब यो बैठक मिति २०७५ चैत्र १८ गते सोमवार दिनको ११:०० बजे बस्ने गरि स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७५ साल चैत्र १८ गते सोमवार दिनको १:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्यः- दिनको ४:१५ बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# तेस्रो अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण
## १८ चैत्र, २०७५
## सोमबार
## (बैठक संख्या - २)

**प्रदेश सभाको तेश्रो अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।**

**माननीय सभामुखः** माननीय सदस्यहरु प्रदेश नं ३ को प्रदेश सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु आजको शुन्य समयको कार्यक्रम नरहने बेहोरो जानकारी गराउदछु।माननीय सदस्यहरु मिति २०७५ चैत्र १७ गते साँझ असीना पानी सहित आएको भिषण हावाहुरिले बारा, पर्सा लगाएत तराई क्षेत्रमा पुऱ्याएको मानवीय तथा अन्य क्षति प्रति यो सभा गहिरो दुःख व्यक्त गर्दै यस घटना बाट अकालमा ज्यान गुमाएका मृतक हरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दै शोक सन्तव्द परिवार जनमा गहिरो संवेदना प्रकट गर्दछ। साथै यो दुःखद घटनामा परि घाइते हुनुभएकाहरुको सिघ्र स्वास्थ लाभको कामना गर्दछ।

माननीय सदस्यहरु विशेष समयमा बोल्ने माननीय सदस्यको समय माग्नुभएको छ। म मननीय सदस्यहरु लाई विशेष समयमा बोल्न समय दिन्छु। सर्वप्रथम म माननीय योगेन्द्र राज संग्रौला बोल्न समय दिन्छु। समय ४ मिनेट

<u>**माननीय योगेन्द्र राज संग्रौला (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:-</u> माननीय सभामुख महोदय, भर्खरै सभामुखज्यूले हिजो हाम्रो छिमेकि प्रदेश, प्रदेश नं २ मा आएको शक्तिशालि आँधिवेहरीको कारणले त्याहाँ पुऱ्याएको जनधनको क्षति प्रति भर्खरै प्रस्ताव राख्नु भएको छ। यसको लागि म विशेष धन्यवाद दिन चाहन्छु।

सभामुख महोदय, हामीले प्रदेश नं २ मा आएको शक्तिशालि आँधिवेहरीको कारणले भएको जनधनमाथि हाम्रो शदनको तर्फबाट पनि आर्थिक एवम् भौतिक के सहयोग हुन सक्छ हामी माननीयहरुको तर्फबाट त्यसको सहयोगको लागि पहल कदमी गरिदिनको लागि र त्याहाँ पिडित हुनुभएका समुदायहरु, परिवार जनहरुलाई हाम्रो सदनबाट गएर आर्थिक सहायता भौतिक सहायता उपलब्ध गरिदनुहुनको लागि म माननीय सभामुख महोदय लाई पहल कदम गरिदिनुहुन को लागि हार्दिक अनुरोध समेत गर्दछु।

सभामुख महोदय, यता केहि समय देखि विशेष गरेर काठमाडौंको उत्तरी क्षेत्रमा यो वर्डफुलको कारणले गर्दा हाँस कुखुराको अकाल ठूलो संख्यामा क्षति हुन गएको छ। र त्याहाँ करिब करिब डेढ दुई लाख कुखुरा हाँस वर्डफुलको कारणले मार्नु पर्ने र त्यसको क्षतिपुर्ति किसानले पाउन सकिरहेको छैन।

म भर्खरै आफ्नो क्षेत्र लगाएत काठमाडौंको उत्तरी क्षेत्रमा जति पनि धेरै ठुलो संख्यामा कुखुरा र हाँस व्यवसायिहरु हुनुहुन्छ उहाँहरुको फर्ममा भिजिट गर्न गएको थिए। र त्याहाँ बाट अहिलेका किसानहरुको समस्या के आयो भनेदेखि त्यो क्षतिपुर्तिको व्यवस्था कस्ले गर्ने संघीय सरकारले गर्ने की प्रदेश सरकारले गर्ने भन्ने कुराको अन्योलता रहेको छ। र किसानहरुले संघिय सरकारमा गएर ध्यानकर्षण गर्दा खेरि त्यो क्षतिपुर्तिको व्यवस्था हामिले प्रदेश सरकारमा पठाईसकेका छौ त्यहाँवाट कार्यन्वयन गर्ने हो भन्ने किसिमका कुरा उहाँहरुले जानकारि लिनुभयो र यसको लागि समन्वय गर्नको लागि किसानहरुलाई जति

सक्दो चाँडो भन्दा चाँडो क्षतिपुर्ति दिन सक्दाखेरि मात्रै ऐन मौकामा, ठिक समयमा क्षतिपुर्ति दिनसक्दा मात्र किसानहरुले राहत महशुस गर्नेछन्।

त्यसैले यो लामो समय सम्म राख्नु उचित हुदैंन भन्ने त्याहाँको जनताको आवाज भएको हुनाले म सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। र हिजो मात्रै आएको हुरिवतास त्याहाँ आयो पोहोरको वर्ष हाम्रो पाहाडी क्षेत्रमा ३ नं प्रदेश क्षेत्रमा ठुलो भिषण वर्षा भएको थियो। बाढी पहिरो गएको थियो। र त्यो बेलामा हामीले विगत व्यवस्थापनको लागि कोष खडा त गऱ्यौ तर त्यसलाई कसरी वितरण गर्ने भन्ने खालको कार्यविधि तयार थीएन।

अब हामीले २ नं प्रदेशको एउटा प्रकृतिक प्रकोप भन्नौ कि बिपद भनौं त्यसलाई हेरेर मध्यनजर गरेर आगमि दिनमा केहि समय पछि वर्षा सुरु हुने छ। हाम्रो प्रदेशमा पनि सरकारको सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहन्छु। यसको विपत व्यवस्थापन न्यूनिकरण र अहिले देखिनै त्यो बिपत ब्यवस्थापन गर्नको लागि सरकारले उचित ब्यवस्था गऱ्योस् भन्ने माग समेत म गर्न चाहन्छु।

र एउटा कुरा हिजो सभामुख महोदय, यो सभाको कार्यकक्षमा एउटा प्रेस विज्ञप्ति एक जना माननीय सदस्य ज्यूबाट वितरण भयो। म सभामुख मार्फत यो सभा कक्षमा कुनै पनि किसिमका प्रर्चा र पम्पलेटहरु प्रेस विज्ञप्तिहरु यो किसिमको सभा कक्ष भित्र नबाडियोस् भन्ने रुलिङ् गरिदिनको लागि माग गर्दछु।

जति पनि कुराहरु छन् आफ्ना भनाईहरु छन् हाम्रा लागि पिजन होल बाहिर बनाइएको छ। यसमा राख्नको लागि पनि रुलिङ् होस् भन्ने समेत म हार्दिक अनुरोध गर्दछु। त्यस्तो किसिमको प्रचा पम्पप्लेट भित्र, सभा कक्ष भित्र बाँडिदा खेरि आपसमा द्धन्द हुने भनाभन हुने र सदन भित्रको मर्यादा उल्लङ्घन हुने भएकोले विशेष आग्रह पनि गर्न चाहन्छु। धन्यवाद !

<u>**माननीय सभामुखः**</u> माननीय सदस्यहरु, अब म डा.राजाराम कार्की लाई बोल्न दिन्छु। समय ५ मिनेट

**माननीय डा. राजाराम कार्कि (नेपाली कांग्रेस)):-** माननीय सभामुख महोदय, एउटा अत्यन्तै विपतको घडि प्रदेश नं २ मा घट्यो। जुन अकाल्पनिक पनि हो। सबैभन्दा पहिला म र मेरो दलको तर्फबाट शोक र दुःख व्यक्त गर्न चाहन्छु। र यो प्रदेश सरकारलाई आग्रह गर्न चाहन्छु। के कति आर्थिक र भौतिक सहयोग गर्न सकिन्छ। त्यो सहयोग प्रदेश सरकारले उपलव्ध गराईयोस्।

त्यो मेरो तर्फबाट र मेरो दलको तर्फबाट हार्दिक अनुरोध गर्न चाहन्छु। त्यस्तै माननीय सभामुख महोदयको पहलमा हामीले कति सहयोग गर्न सक्छौ। हुनसक्छ १ दिन २ दिन हामीले पाउने सेवा सुविधा त्यो क्षेत्रमा उठाएर पठाउन पनि पहल कदमी होस्। भन्ने म आग्रह गर्न चाहन्छु।

अब म विषय बस्तुमा प्रवेश गर्न चाहन्छु। हामी सबै नेपालीहरु सम्पन्न नेपाली र सम्वृद्ध नेपाल चाहन्छौं। त्यसैको लागी हामी सबैले लामो संघर्ष गऱ्यौ तर दुखः लाग्दो कुरा देश अत्यन्तै भयावह स्थितिमा अगाडि बढिरहेको आवास हुन्छ।

आज बिंहान गुगल पल्टाएर हेरे केहि तथ्याङ्कहरु ए.डि.बि. लगाएत नेपाल सरकारको तथ्याङ्क हेर्दा काहालि लाग्दो अवस्था, अझ प्रत्येक दिन व्यापार घाटा २ अरव ७५ करोड भन्दा माथि गैरहेको छ। र प्रत्येक वर्षको व्यापार घाटा १० खरब बाट माथि लागेको छ। भारत संगको मात्र व्यापार घाटा ६ खरब भन्दा वढि छ। तेस्तै चिनसंगको व्यापार घाटा २ खरब भन्दा माथि छ। अन्य देश संगको व्यापाार घाटा २ खरब भन्दा वढि छ। आयात ९५ प्रतिशत छ भने ५ प्रतिशत जम्माजम्मी निर्यात छ।

भन्नुस् एउटा मान्छे ५ रुपैंया कमाउछ तर ९५ रुपैंया खर्च गर्छ भने उसको हालत के होला र बिस्तारै बिस्तारै यो देश ९५:५ को सिद्धान्तमा अघि बढिरहेको छ। यो देशको ९५ प्रतिशत चल अचल सम्पत्ति भ्रस्ट बैमानहरुको हातमा दिन प्रतिदिन जादैछ। त्यसले देशमा एउटा कहाली लाग्दो अवस्था सृजना भएको छ। तर आशाको किरण पनि काहिँ देखिएको छैन।

देशको सरकार सम्मानीय प्रधानमन्त्रीको ध्यान ल्याण्डलक कन्ट्रिमा पानी जाहाज बनाउने तिर फोकस देख्छु। एसियाको दोस्रो गरिब देश नेपालमा उहाँको फोकस राष्ट्रपतिको सेवा सुविधा बढाउनेमा देख्छु। र सम्मानीय राष्ट्रपति यो देशमा आफ्नो छारी बाहेक उच्च पदक पाउनको लागि अरु देख्नुहुन्न। दुर्भाग्य अवस्थामा देश अगाढि बढिरहेको छ। त्यसैले हाम्रो फोकस काहाँ हुने हो हामी सुनको कचौरा लिएर भिख मागीरहेका छौ।

यदि हामीले देशको सम्पन्नता चाहेको हो भने सम्वृद्धि चाहेको हो भनेदेखि हाम्रो फोकस जलस्रोतमा हुनु पर्दछ। अनि जलस्रोतमा पनि बिदेसिकै हात थाप्नु पर्ने स्थिति मैले देखेको छैन। देशको जल नेपाली जनताको लगानिमा बन्न सक्छ भन्ने मलाई लाग्छ। देशकै लगानिमा यो सम्पन्न हुन सक्ने अवस्था छ। पर्यटनमा अत्यन्तै अपार सम्भावना छ। याहाँ थुप्रै हिमश्रीङ्खला हरु छन्। तर देशको फोकस त्यसमा गैरहेको छैन। त्यस्तै जडीबुटीको देशमा त्यतिकै ठुलो सम्भावना छ। नेपाल विश्वमै जडीबुटीको धनि देश हो।

तर त्यसमा यो देशको सरकारको फोकस देखिदैन। त्यस्तै गरि कृषिमा यो देशको केहि फोकस होला तर कृषि प्रदान देश जहाँ हामी ६५ प्रतिशत नेपालि जनताको मुख्य पेशा कृषि हो। तर करोडौ खरबौ कृषि जन्य वस्तु विदेश बाट निर्यात गर्दछौ। हामीले विदेशमा हेर्ने हो भने देखि अमेरीकामा जम्मा २ प्रतिशत मानिसले खेति गर्दछन्। र १ प्रतिशतले गरेको खेतिले सिङ्गो देशलाई पाल्दछ। इजरायलमा साडे २ प्रतिशतले खेति गर्दछ। र १ प्रतिशतले गरेको खेतिले इजरायल लाई पाल्दछ। त्यस्तै जापानमा ३ प्रतिशतले खेति गर्दछ। झन्डै झन्डै डेढ प्रतिशतले गरेको खेतिले सिङ्गो जापानलाई पाल्दछ। तर नेपाल ६५ प्रतिशत मानिसको मुख्य पेशा कृषि छ तर सारा चिज हामीले विदेशबाट आयात गरेका छौ।त्यसैले म यो सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। यी ५ ओटा कुरामा फोकस गऱ्योस्। कृषि, जलस्रोत, पर्यटन, जडीबुटी र उद्योगमा ध्यान केन्द्रीत गरोस् भन्दै याहाँ बाट बिदा हुन चाहन्छु।

**<u>माननीय सभामुखः</u>-** अब म लाई गणेश प्रसाद दुलालाई बोल्न समय दिन्छु। समय ४ मिनेटः

**माननीय गणेश प्रशाद दुलाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** माननीय सभामुख महोदय, आज हामी लामो अन्तराल पछि प्रदेश सभाको यो अधिवेशनमा उपस्थित भइरहेको बखत हाम्रो छिमेकी प्रदेशमा जुन प्राकृतिक प्रकोप पऱ्यो। अगाडि नै माननीय सदस्यहरुले उठाइ सक्नुभएको छ। म पनि त्यो कुरा दोऱ्याउन चाहन्छु। हाम्रो प्रदेशको सरकारको तर्फबाट आपत परेका नेपाली जनताहरु लाई केहि राहत दिने व्यवस्था यो सरकारले गऱ्योस्। त्यो कुरा म राख्न चाहन्छु।

संघीय सरकारको राजधानी भएको जिल्ला काठमाडौंको प्रतिनिधी भएको नाताले। हामीहरुले देखिरहेका छौ तपाई माननीय सदस्यहरुले देख्नु भएको छ की छैन ७०/७१ सालमा टेन्डर भएर हाल सम्म धोवि खोला र बागमती मा पुल बनेको थिएन। अहिले केहि समय अघि बाट पुल बनाउने काम भएको थियो। तर अहिले बर्खायाम आउने बेलामा के कारणले स्थगित भएको छ।

त्यस क्षेत्रमा बिगतको माघ फागुनमा आएको बर्षाले समेत डुबान भएको क्षेत्र भएको कारणले यदि त्यो पुल समयमा बन्न सकेन भने त्यो क्षेत्र डुबानमा पर्ने स्थिति छ। यो सरकारले त्यो तर्फ ध्यान दिनुपर्ने आवश्यकता छ। के कारणले पुल स्थगित भएको हो, त्यो पुल कुन स्टाइलले बनेको छ। तँपाइ हामीले देखिरहेका छौं। यदि त्यो भौतिक संम्रचना भत्काउन सकेनौ भने बागमती नदिले त्यो क्षत्र डुबानमा पर्ने अवस्था छ। त्यसैले त्यो समयमा बन्न आवश्यकता छ।

सभामुख महोदय, हाम्रो प्रदेश सरकारल असारे १ गते बजेट बिनियोजन गरेर विभिन्न अनुदान र सशर्त र निसर्त रुपमा स्थानिय तहमा पठायो। हामीले बारम्बार पहल गर्दा पनि कर्मचारिको अभावले गर्दा ति कामहरु सम्पन्न भएको छैन भन्ने सम्वन्धित विभाग विभाग र मन्त्रालयमा कुरा छ। तर अहिले हामी चैतको अन्तिममा पुगेका छौ। अब २ महिनामा त्यहि स्थिति रहने हो भने कुनै पनि परियोजनाहरु सम्पन्न हुन सक्ने स्थितिमा छैनन्। कम्तिमा अस्थाइ व्यवस्था गरेर भए पनि हामीले कर्मचारिको व्यवस्थापन गरेर ति कार्यक्रमहरु संञ्चालन गर्न आवश्यक छ। त्यस तर्फ पनि सरकार लाग्न आवश्यक छ।

हामी थुप्रै माननीय सदस्यहरु काठमाडौंबाट हेटौंडा राजधानीमा अधिवेशन प्रदेश सभाको संसदको बैठक बस्न आउछौ। तर त्यो बाटो हामीले गाडी गुडाउन सक्ने अवस्थाको छैन।

मैले त बारम्बार मुख्यमन्त्रीलाई भनेको छु। हुमाने देखि दक्षिणकालि जादा सबै माननीय सदस्यहरुले डान्स प्राक्टिस त्याहि हुन्छ। त्यो ११ कि.मि बाटो यति खराब छ। हामी किन त्यसको तत्काल मर्मत सम्भार गर्न गएका छैनौं। हामी मात्र आउने होइन त्याहाँ देखिन्छ। अस्ति हामी ४ जना माननीय सदस्यहरु दुर्घटनामा पऱ्यौ। त्यो सुमो यातायात त्यो बाटोको डन हो कि के हो बाटै छोड्दैन। त्यहा चलाउने सबै गाडीहरु त्यो सुमो यातायात संग आतङ्कित भएर हिँडिरहेको देखीरहेका छौं।हामिले त्यो व्यवस्था गर्नु पर्छ की पर्दैन त्यस तर्फ पनि सरकारको ध्यान जाओस्। धन्यवाद ! नमस्कार

**<u>माननीय सभामुखः</u>-** अब म भिमसेन खत्रीलाई बोल्न दिन्छु। समय ३ मिनेट

**<u>माननीय भिमसेन खत्री (नेपाली कांग्रेस)ः</u>-** माननीय सभामुख महोदय, यो भर्खरै माननीय सभामुख महोदयले पनि हाम्रो छिमेकि प्रदेश नं २ मा हिजो प्राकृतिक प्रकोप पऱ्यो। त्यसको बारेमा संम्वेदना प्रकट गर्ने काम भयो र त्यसैगरि मैले गत साल पनि भनेको थिए २०७२ साल वैशाख १२ गते वैशाख १३ गते वैशाख २९ गते गएको विशाल माहा प्रकोपबाट पिडित सर्वसाधरण जनताहरुको गास बाँस कपासको व्यवस्था हुनुपर्छ भनेर यही सदनमा बोलेको हो।

अहिले सम्म पनि त्यहि अवस्था छ। केहि परिवर्तन देखिएको छैन। अहिले झन् के भयो भने केन्द्रीय तहबाट भुकम्प प्रभावीत हरुलाइ स्थानिय तहमा प्रत्यायोजन गर्ने भन्या छ। स्थानिय तहबाट पनि अहिले सम्म कार्यन्वयनमा अगाडी लगेको छैन।

त्यसैले संम्वेदना प्रकट गर्ने दुःख प्रकट गर्ने यो प्रकृया बारम्बार दोहोरिई राखेको छ। र यो प्रदेश सरकारले विभिन्न ठाँउमा गएको गतसाल पनि त्यस्तै भूकम्प त गएन तर गत साल बाडीले काठमाडौंको विशेष महत्वपुर्ण अहिले भरखरै पूर्ववक्ताले उठाइहाल्नु भयो। आउछौ निरन्तर रुपमा काठमाडौं बाट हेटौंडा, हेटौंडा बाट काठमाडौं जादा ठाँउ ठाँउमा

बाटो बिग्रेको छ। अस्ति हामी एउटा कार्यक्रममा विशेष गरेर संघीय सरकारले के गरेको छ प्रदेश सरकारलाई जिम्मेवारि दिएको योजनाहरु विशेष गरेर सडक हरुको बारेमा छलफल गर्न बोलाइएको थियो। त्यो छलफलको क्रममा मैले सुनेको अनुसार, छलफलमा आए अनुसार दक्षिणकालि, छैमले अनि छ नि सिस्नेरी भएर आउने २१ करोडमा ठेक्का व्यवस्थापन गरेको ठेकेदारले ठेक्का लिएको १९ करोड खर्च भयो भनेपछि ९० प्रतिशत खर्च भैसकेको तर काम चाहिँ ३० प्रतिशत पनि देखिएको छैन भन्ने आवाज उठ्यो र हामीहरुले पनि सुन्यौ। सुन्नु बाहेक अरु उपाए पनि देखिएन र यसलाई प्रदेश सरकारले निराकरण कसरि गर्छ।

अर्को के छ भने दक्षिकालि फालखेल हुदै आउने बाटो मलाई लाग्छ १ महिनामा विस्तारको क्रममा रोकिने अवस्था छ। त्यो भयो भने हामी आउने बाटो सडकको दुरअवस्था यस्तो छ। नेपालको धेर ठाँउ ठाँउको सडकको अवस्था त्यस्तै छ। हाम्रो छिमेकि जिल्ला के छ भने विशेष गरि प्राकृतिक प्रकोपमा अत्यन्त दुखित, पिडित र आर्थिक अवस्था कमजोर भएका मानिस, ठूला ठूला घर भएका भूकम्प बाट प्रभावित नहुने बर्षात बाट प्रभावित नहुने, ठुल्ठुला आँदिबेरी बाट प्रभावित नहुने हरु महलमा बसेको बसै हुन्छ। तर सर्वसाधारणलाई के हुन्छ भने सधै भरि घरमा हावाहुरि चल्यो भने जस्तापाता उडाउने हो कि वालबच्चा मर्ने हुन् कि अथवा आफै मरिने हो त्यसको टुङ्गो हुदैन। यस्ता धेरै समस्याहरु छन् यसमा म सदनकै ध्यानाकर्षण गराउन चाहन्छु। भन्दै मेरो भनाई यहि टुङ्ग्याउछु। जय नेपाल

**<u>माननीय सभामुखः</u>-** अब म माननीय केशव राज पाण्डेलाई बोल्न समय दिन्छु। समय ४ मिनेटः

**<u>माननीय केशव राज पाण्डे (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, सबै भन्दा पहिला म हिजोको प्राकृतिक प्रकोप प्रति दुःख ब्यक्क्त गर्न चाहन्छु। र यस भन्दा अगाडीका माननीयज्यू हरुले जस्तै हामी पनि प्रदेश सभाका सदस्यहरुको तर्फबाट निश्चित सहयोग गर्न आग्रह गर्दछु। मैले हिजोको केहि कुरा उठाउन चाहन्छु। सोध्न चाहन्छु। शुभकामना दिने क्रममा केहि माननीय सदस्यहरु आउनुभयो यो देशको संविधान

र हामीले निर्माण गरेको संविधान अनुसार हामी प्रदेश सभाका सदस्यहरु भएर याहाँ उपस्थित भएका छौं। तर उफ्रि उफ्रिकन संघीयताको बिरुद्धमा बोल्दै हुनुहुन्थ्यो।

संविधानको बिरुद्धमा बोल्ने अधिकार प्रदेश सभाका सदस्यहरु लाई हुन्छ की हुदैन। रोष्ट्रममा उभिएर एउटा प्रश्न मेरो सभामुखज्यूले प्रष्ट पार्नुपर्छ भन्ने मलाइ लाग्छ। दोस्रो हिजो नुवाकोटमा भएको गाडी दुर्घटनामा २२ जना व्यक्तिहरुको एकै ठाउमा मृत्यु भएको थियो। त्यसमा प्रदेश सरकारले जुनखालको सहयोग गऱ्यो त्येस प्रति म धनयवाद ज्ञापन गर्न चाहन्छु।

अर्को संघीय सरकारले निकै चर्चा, हिजो पनि चल्यो सिके राउत र बिप्लबको बारेमा देश फरक राज्य बनाउन पर्छ भनेर लागिरहेको शक्तिलाई अब म अखण्ड नेपालमा उभिन्छु भनेर कसैले सहमतिमा ल्याउछ भने त्यो बिरोद्धको विषय हो कि समर्थनको विषय होला मैले नबुझेको कुरा, हामीले त्यसमा उफ्रि उफ्रि बिरोद्ध गर्ने के जरुरी थियो होला।

बिप्लबको पार्टि काहाँ दर्ता भएको छ यो पनि मैले जानकारी पकएको छैन। कसैले बताइ दिनुभएको भए राम्रो हुन्थ्यो होला।फलानो ठाउँमा हुदैछ तर प्रतिबन्द लगायो भनेर तर सरकारले के भनेको छ भने आतङ्कारी गतिविधि गर्न प्रतिबन्द लगाएको छ। यो नगर भनेको छ, संविधानले भनेको छ। तिमि हतियार लिएर जम्मा हुन पाँउदैन, आतङ्ककारी कार्य गतिविधि गर्न पाउदैन भनेर। कसैले याहाँ बन्दुक राखेर भेला भए भन्न पाउने कि नपाउने के होला हामीले के बुझेका छौ र कसरी लागेका छौ भन्ने पनि मलाई लाग्छ। गौरवका आयोजनाहरुको बारेमा गजब छ। एकदम भारतबाट आउने याहाँ सम्म जोडिने बाटो किन चाहियो होला, चिनबाट आउने पनि किन चाहियो होला पनि हामी भनिरहेका छौं। यस्ता खाले कुराले पनि हामीलाई के पुऱ्याउछ बुझ्न जरुरी छ। हामी अहिले आयात धेरै भयो निर्यात कम भयो ऋण धेरै भयो भनिराखेका छौं।

एक पटक हाम्रौ पञ्चायत कालको सिङ्गो अर्थतन्त्रलाई सम्झौं त। हाम्रो बजेटको ५२ प्रतिशत हाम्रो ऋण थियो। अहिले देशको २० प्रतिशत ऋण छ। सिंगो बजेटको २० प्रतिशत ऋण छ। हामीले अहिले भएको नंम्बरलाई हेर्ने हो कि प्रतिशतलाई हेर्ने हो ?

हामीले कस्तो मुल्याङ्कन गर्ने ? हाम्रो प्रदेश सभाका सदस्यहरुले. कस्तो डाटा प्रस्तुत गर्ने हो? हामीले त त्यस्तो डाटा प्रस्तुत गरिराखेका छौं भने अन्यले कस्तो प्रस्तुत गर्छ हाला मलाई यो पनि अचम्म लागिरहेको छ। मरणोप्रान्त कसैलाइ सरकारले सम्मान गर्‍यो तर उ मरेर गैसक्यो लिन त उ आउदैन उसको छोरीलाई लिन बोलाइयो हामी प्रदेश सभाका सदस्यहरुले छोरिलाई यस्तो गर्‍यो भनेर भन्यो भने अरुले के ठान्छन होला हामिले के बुझ्ने होला र के बुझाउने होला मेरो मनमा उब्जेका यी प्रश्नहरु छन्।

हामी कसरी गर्छौ होला, जान्दछौ होला भन्ने मलाई लागीरहेको छ। अहिले पनि माननीय ज्यू हरुले उठाइ रहनु भएको छ। हिजो टेन्डर भएका आयोजनाहरु आज हामीले देखिरहेकाछौ छापाहरुमा त्यो प्रदेशका माननीयको फोटो हालेको यस्तो भयो के भयो भन्ने कुरा आइरहेका छन्। यी अलपत्र परिरहेका छन्। सबै अलपत्र परेका योजनाहरु कसरी सम्पन्न गर्ने हामीले छलफल गर्नुपर्ने हो की होइन, यो हाम्रो दयीत्वमा पर्छ की पर्दैन। कहिले छलफल गर्ने कसरी छलफल गर्ने, काहाँ गर्ने वारेमा पनि यसका लागी पनि प्रदेश सभाले नियम बनाउन पर्छ भन्ने मैले ठानेको छु।

अर्को मैले भन्नै पर्ने कुरा छ। लगानि सम्मेलनको बारेमा। एकातिर हामी उदार अर्थ नीतिको कुराकानी गरिरहेको हुन्छौं।, अर्को तिर लगानी गर्न किन बोलाइस् पनि भनिरहेका हुन्छौ। एका तिर हामी थुप्रै आयोजनाहरुको बारेमा पनि कुराकानी गरिहेको हुन्छौं। अर्को तर्फ खानलाइ किन बोलाइस् पनि भनिरहेका हुन्छौं। यो बिचमा कसरी तालमता मिल्छ। यसमा हामीले सोच्नु पर्छ की पर्दैन। जरुर सोच्नुपर्छ। यती भन्दै बिदा हुन्छु। धन्यवाद

**<u>माननीय सभामुखः-</u>** अब म माननीय सुरेन्द्र राज गोसाई लाई बोल्न दिन्छु। समय ३ मिनेट

**<u>माननीय सुरेन्द्र राज गोसाई (नेपाल मजदुर किसान पार्टी):-</u>** माननीय सभामुख महोदय, सर्बप्रथम आइतबारको रात बारा पर्सामा गएको बिनासकारी हावाहुरि असिना पानीको

कारण धनजनको ठुलो क्षति भएको प्रति दुख व्यक्त गर्दछु। मृतकहरु प्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दै शोकसन्तव्द परिवारमा हार्दिक समवेदना प्रकट गर्दछौ।

साथै त्यस बिपत्तिका घाइतेहरु प्रति सिघ्र स्वस्थ्यलाभको कामना गर्दछौ। यिनै जनताको लागी आवश्यक बन्दोबस्त गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराउदछौ। भूकम्प बाडी पहिरोको क्रममा झै यतिखेर पनि सरकार संग संम्वेदनशिलता, पूर्व तयारी र उच्च सतर्कता नभएको प्रष्ट देखियो।

जनताको जिउधन जोगाउन सरकार गम्भिर नभएको यो पछिल्लो दृष्टान्त हो। सरकारको परिक्षा प्राकृतिक बिपतको क्रममा पनि हुने बारे हामी होसीयारी अपनाउन ध्यानाकर्षण गराउदछौ। एस.ई.इ अर्थात १० कक्षामा देश भरका विद्यार्थीहरुको परिक्षा आज सम्पन्न हुदै छ। तर प्रदेश नं २ को पनि परिक्षा मर्यादित रुपमा अगाडी बढाउन सरकार सफल हुन सकेन परिक्षा पूर्ण रुपमा स्थगित हुने स्थिति तयार हुनु देशकै निमित्त लज्जाको विषय हो। आज हजारौं हजार विद्यार्थीको भविश्य माथी खेलवाट भएको छ। यसमा नैतिक जिम्मेवारी सरकारले लिनुपर्छ। दुई तिहाईको शक्तिशालि सरकार एउटा राष्ट्रिय महत्वको परिक्षा सञ्चालन गर्न असक्षम भएको देखेर विद्यार्थी तथा अभिभावक आक्रोशित छन्। दोषि माथी कारवाही गर्दै त्यस घटनामा हुनपुगेको सम्पूर्ण नोक्सानी जिम्मेवारी लिन सरकार समक्ष यस सदनमार्फत माग गर्दछौ।

त्यसतो घटना आगमी दिनमा हुन नदिने सुनिश्चितताको प्रत्याभुति दिलाउन समेत जोडदार माग गर्दछौ। वर्तमान सरकार साम्राज्य बादी र विस्तार बादी शक्तित सामु झुक्तै गएको व्यापक चर्चा छ। संयुक्त राज्य अमेरिकि सरकारले रु ५६ अरबको आर्थिक सहयोग दिने प्रलोभन देखाई विभिन्न पूर्व सर्त अगाडी सार्‍यो। यो सहयोग नेपालले प्राप्त गर्न आफ्नो सार्वभौमता रक्षा गर्न लडाई लड्दै समाजबादको झण्डा फहर्‍याई रहेको एसियालि मुलुक उत्तर कोरीया विरुद्धको नाकाबन्दि समर्थन गर्नुपर्ने र छिमेकि देश चिनबाट अवैद ढंगबाट नेपाल प्रवेश गरेका तिब्बतिहरुलाइ चिन फिर्ता पठाउन नहुने दुइ वटा सर्त अगि सार्‍यो। यो हाम्रो देशको आन्तरीक तथा परराष्ट्र मामीला माथिको ठाडो हस्तक्षेप हो।

यो सर्त नेपाल प्रतिको संयुक्त राष्ट्र अमेरीकाको हेपाहा नितिको प्रमाण हो। उक्त सर्तको हामी विरोद एवं भर्सना गर्दछौ। र अमेरिकि सरकारको सर्त सहितको सहयोग अस्वीकार गरि स्वतन्त्रता तथा सम्प्रभुता सम्पन्न सम्पूर्ण नेपालीको आत्मा सम्मान जोगाउन यो सभा मार्फत नेपाल सरकारलाई सचेत गराउदछौं। यो अमेरिकि देशको सर्त छिमेकि देश चिन र नेपाल बिचको बलियो सम्वन्धमा भाजो हाल्ने रे एसियालि मित्र देश उत्तर कोरिया संगको मित्रतामा खलल पुऱ्याउने उचित उदेश्यका साथ आएको स्पष्ट छ।

एसियामा नयाँ युद्ध थप्ने अमेरिकि चालबाजी असफल बनाउनु हरेक सान्तिकर्मिको कर्तव्य हो। बिमेस्टेक हिन्दप्रसान्त सैनिक गठबन्धन हुदै पाइला पाइला गरि नेपालमा समेत अमेरिकि सैनिक खडा राख्ने पूर्व तयारिका साथ आएको हुनाले नेपाल सुरकार बाट प्रष्ट भाषामा बिरोध हुनु नेपालको पक्षमा मात्र होइन क्षेत्रिय शान्ति तथा विश्व शान्ति समेत हुनेछ। धन्यवाद

**<u>माननीय सभामुखः</u>-** अब म जिवन खड्कालाई बोल्न समय दिन्छु। समय ४ मिनेट

**<u>माननीय जिवन खड्का (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-</u>** माननीय सभामुख महोदय, म भर्खरै हिजो बेलुका भएको दुखद घटनाको हार्दिक समवेदना प्रकट गर्दै आफ्नो भनाईहरु, आफ्नो अनुमति दिन्छु। र शोकसन्तव्द परिवारलाई समवेदना साथै घाइते हरुलाई सिघ्र स्वस्थ लाभको कामना गर्दछु। सभामुख महोदय, हाम्रो नेपालको अत्यन्त राम्रो राष्ट्रिय गौरवको आयोजनाको सन्दर्वमा जनताहरुलाई केहि समस्याहरु छन्।

जस्तो ओकना बुझ्मति सैवुका फास्टट्र्याकमा पर्नुभएका जनसमुदायलाई आर्थिक रुपले जुन मुआव्जा दिएको छ त्यो अत्यन्तै कम भएको हुनाले केन्द्र सरकारलाई म मुआव्जा बढाउनको निम्ति आग्रह गर्दै साथ साथै त्यस क्षेत्रमा रहेको गुठीको, जुन गुठी कामको सन्दर्भमा गुठी जग्गा दिएको छ। कुनै तिरो तिर्न नपर्ने मछिन्द्रनाथको रथको काठको निमित्त व्यवस्थापन गर्ने साथै मछिन्द्रनाथको गरगहनाहरु र सामानहरु ६ महिना पाटन र ६ महिना बुग्मति आउदाखेरि त्यो सामानहरु ओसार्नको निमित्त पुस्तौ पुस्ता देखि ति जनसमुदायहरुले गर्दै आएकाछन्। त्यसको जुन जमिन अब फास्टट्र्याकमा परेको छ।

त्यी जनसमुदायहरु लाई दिईने मुआव्जा २५ प्रतिशत मात्र दिईने र ७५ प्रतिशत गुठीले लिने भन्नेखालको रहेको छ। यो अत्यन्तै अन्याय पर्ने छ। तसर्थ त्यी जनसमुदायहरुलाई आदि महल्जा दिने व्यवस्था पुन गर्नको निम्ति केन्द्र सरकार संग माग गर्नको निमित्त अनुरोध गर्दछु। साथ साथै अहिले उपत्यकाव्यापि सडक विस्तारको योजनाहरु छन्। ति योजनाहरुले एकदम अलपत्र भताभुङ्ग अवस्था छ। तसर्थ यस वारेमा पनि हाम्रो प्रदेश सरकारले चासो राख्दै यो आयोजनाहरुलाई छिटो सम्पन्न गरेर धुवा धुलो र हिलोबाट मुक्क्त गर्नको निमित्त पनि अनुरोध गर्दै म आफ्नो भनाई यहि टुङ्गाउछु। धन्यवाद

<u>माननीय सभामुखः</u>**-** अब म रीना गुरुङ्गलाई बोल्न समय दिन्छु। समय ३ मिनेट

<u>माननीय रीना गुरुङ (राष्ट्रिय प्रजातन्त्र पार्टी संयुक्त):-</u> माननीय सभामुख महोदय, गय राति बारा, पुर्सा लगाएतका तराईका क्षेत्रहरुमा असिना सहितको भिषण हावाँ हुरिका कारण भएको मानवीय क्षति प्रति म रा.प्र.पा संयुक्तको तर्फबाट हार्दिक समवेदना व्यक्क्त गर्न चाहन्छु। र घाइतेहरुको सिघ्र स्वस्थ लाभको कामना गर्न चाहन्छु।

अघि पनि कुरा आयो र मैले पनि दोह्रोऱ्याउन चाहन्छु। हामीहरु प्रदेश नं ३ मा छौं र प्रदेश नं २ को हामीहरु सवैभन्दा नजिकको छिमेकी जिल्ला र राजधानी हेटौंडा रहेको। हामी भन्दा एक डेड घन्टा मात्र लाग्छ बाराको त्यस क्षेत्रमा जानको लागि। त्यसैले सर्वप्रथम हामी सांसदहरुको तर्फबाट कति दिनको तलब हुन्छ। सहमतीमा निर्णय गरेर यहि चैत्र महीनाको तलब बाट केहि तलब काटेर उता सहयोग हस्तान्तरण होस् भन्ने सभामुख सामु मैले निवेदन गर्न चाहे। र साथै प्रदेश नं ३ सरकार धनि पनि छ। भनिन्छ किनकि आजको दिनमा प्रदेश सभाका पदाधिकारीहरुको लागी तलब र सुविधाको विद्यक माथि संशोधनको प्रस्ताव आज दर्ता हुदैछ। त्यसैले पक्का पनि धनि भएरनै दर्ता भयो होला, धनि भएको कारणले गर्दानै कर्तव्य पनि हो। अनि संयोग पनि पऱ्यो।

उता त्यस्तो भएकोले हाम्रो सभामा फरक कुरा हुदैछ। जे भए पनि आजको दिनमा प्रदेश नं ३को सभाले प्रदेश नं २ लाई एउटा राम्रो छिमेकको कारणले गर्दा खेरि केहि न केहि संम्वोदन गर्नै पर्छ किनकी राष्ट्रहरुमा, संघीय देशहरुममा केहि विपत आउदा उताको

प्रदेश हरुले अर्को प्रदेश हरुलाई सहयोग गरेको धेरै उदाहरण छ। त्यहि भएर राम्रो सहयोग आओस्। विषेश समयको उत्तर दिदा मन्त्रीज्यूले प्रदेश नं ३ ले प्रदेश नं २ लाई यति करोड वा कत्तिको सहयोग दियो भन्ने उता पनि जाओस् भन्ने मैले निवेदन गर्न चाहे। र फरक प्रसंगमा सभामुख महोदय, आज १ बजेको समय थियो संसदमा तर हेर्दा हेर्दा २:३० बज्यो यस्तो सोधपुछ गरि किन हामीलाई डेढ घन्टा कुऱ्याइयो। भन्दा खेरि मन्त्री ज्यूहरु समयमा नआएको कारणले हामीहरुलाई डेढ घन्टा कुऱ्याइयो भन्ने जबाफ सुने। त्यसमा कति आधिकारीता छ, के छ। तर एकदम आश्चर्यको कुरा के छ भने १ सय ९ सांसदहरु मन्त्री सहित १ सयको हाराहारीमा छौं। मन्त्रीलाई कुर्दा यो गणतन्त्रमा आएर नयाँ राजा हरुको कारणले जनताले दुःख त पायो पायो नेताहरुले पनि दुःख पाएको अवस्था छ।

त्यही भएर यो गणतन्त्रमा नयाँ राजाहरुको कारणले गर्दा नेताहरुले समेत दुख पाउने यस्तो अवस्था भोलिको दिनमा नआओस भन्ने मैले यताबाट अनुरोध गर्न पनि चाहे। र माननीय सभामुख महोदय, मैले अर्को प्रसंगमा निवेदन गर्न चाहे भने प्रदेश नं ३ ले २४ वटा विद्यक ल्याएको छ। यो २४ वटा विद्यकको कार्यन्वयन स्थिति कस्तो छ मन्त्री ज्यूले जवाफमा भन्नुहुनेछ भन्ने आशा गरेको छु। जय राष्ट्र जय जनता

**<u>माननीय सभामुखः</u>-** अब म माननीय राज काजी महर्जनलाई बोल्न समय दिन्छु। समय ४ मिनेट

**<u>माननीय राज काजी महर्जन (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** सभामुख महोदय, गय राती आएको भिषण आँदीमा परि ज्यान गुमाउने सम्पूर्ण प्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्दै घाइतेहरुको सिघ्र स्वस्थ लाभको कामना गर्न चाहन्छु। र म विषयमा प्रवेश गर्न चाहन्छु। विषेश गरि काठमाडौं उपत्यका फाइनान्स सिटिको रुपमा हामीले लिने गरेका छौं। यसमा यो सूचि भित्र र विश्व सम्पदा भित्र परेको सम्पदाहरुलाई जगेर्ना गर्ने जुन हामीले उदेश्य लिएका छौं। यो हेर्नका लागि विश्वबाट धेरै मान्छेहरु आउने गर्दछ र पर्यटकहरु आउने गर्दछ। र यसको संरक्षण गर्ने हाम्रो आवस्यकता हो त्यसैले अहिले

काठमाडौंमा भएको बिकास निर्माणको जुन प्रकृया छ त्यो प्रकृयालाई हामीले त्यसको भनौ सम्पदाको सुरक्षीत र सम्पदालाई व्यवस्थित ढंगबाट बिकास पनि गर्न आवस्यक छ। भन्ने कुरा राख्न चाहन्छु। यी भित्र अहिले हामीले आउट अफ रिङरोड पनि यहि भित्र उपत्यकामा झन्डै करिब ६० वटा भन्दा बढि पुराना बस्ति र नयाँ बस्तिहरु त्यहि भित्र पर्नेवाला छ। र यसको पनि ख्याल गरिकन बिकास निर्माणका प्रकृयालाई अघि बढाउनलाई पनि विषेश अनुरोध गर्न चाहन्छु।

हामीले भनेको जस्तै काठ ईलाका भित्रपनि उपत्याका भित्रको पनि पाहाड भन्दा मुनिको, जंगल भन्दा मुनि पटिको बस्तिहरु नपर्ने ठाउँबाट चाहि हामीले आउट अफ रिङरोड लग्दा खेरि राम्रो हुन्छ भन्न चाहन्छु। र विषेश गरि यसलाई फेरि पनि अहिले जुन निर्माणको प्रकृयालाई अगाडि बढाउने जुन प्रयत्न गरेको छ र यो प्रयत्न अहिले सायद जुन ठाउँ बाट ईंगित गरिएको छ त्यो ठाउँबाट सम्भव छैन भन्न चाहान्छु।र यसै गरि भर्खरै हामीले निर्वाचन क्षेत्रिय स्तर बाट हामिले कुराकानी गर्दै गर्दाखेरि ललितपुरभित्र ३ वटा मुख्य बाटाहरु छन्। जस मध्ये गोदावारी खण्ड त्यसै गरि सातदोबाटो चापागाउँ खण्ड र यसै गरि नख्खु बुग्मती, चुरिखेल खण्ड राष्ट्रिय गौरबको योजना भित्र पर्ने जुन बाटा हरुमा निकैनै भनौं अनपेक्षित ढंगबाको प्रकृया अगाडि बढाइएको छ। त्याहाँ जनताको कुनै मुआव्जाको कुनै प्रकृया अगाडि बढाइएको छैन। त्याहा बाटो बढाउने कुरा मात्र गरिएको छ।

त्याहाँ जग्गाको कुरा, क्षतिपूर्ति दिने कुनै कुरा पनि विषयहरु नटुङ्गाईकन त्याहाँ बाटो पुऱ्याउने जुन प्रकृयाले त्याहाँका जनताले निकैनै सास्थि पाएको छ। ठेचो, सानाकोठी, बुग्मति त्यस पछि भैसेपाटि त्यसै गरि थैब र हरिसिद्धिका जनताहरुले दिनानुदिन कुनै न कुनै हिसाबले आफु अश्वस्थ हुने गरि धुलो खानुपर्ने स्थिति छ। त्यसैले यसलाई सिघ्र एउटा समाधानको दिसा तर्फ तिर लानु आवश्यक छ। त्याहाँ को सम्पदालाई जोगाएर अगाडि लानु आवश्याक छ भन्ने कुरा राख्न चाहन्छु र यसै गरि अहिले मेलम्चिको पानी अहिले विषेश गरि काठिलाका मुख्य मुख्य ठाउँहरुमा जान सक्दैन अहिले त्याहा पानीको हा-हाकार छ। विषेश गरि काँठ ईलाका, ललितपुरको संपूर्ण काँठ ईलाकासम्म अहिले पानीको

हाँ-हाँकार भएको छ। त्यसको पनि अहिले ठोस योजना बनाएर प्रदेश सरकारले त्यसलाई व्यवस्थित गर्न आवश्यक छ।

त्याहा ठुलो योजना पेश गर्न आवश्यक छ। यदि त्यो होइन भने फेरि पनि त्यो अर्को ठुलो हाँ-हाँकार मच्चिने वाला छ। र अहिले भर्खरै माघ र फागुन महिनामा त्याहाँ दुई वटा एउटा हाम्रो ललितपुरमा समस्या परेको छ। त्याहाँ भट्टे डाडाँ स्थित गुण कुमारी घिमिरेको घर लगाएत चन्दनपुर गोटिखेलमा दुई वटा घरहरु जम्मा ३ वटा घरहरु पूर्णरुपमा क्षति हुने गरि त्याहाँ आगलागी भएको छ। त्यो आगलागीको पनि शदन मार्फत सबैलाई जानकारी गराउन चाहान्छु। त्याहाँको पिडित परिवारहरुलाई क्षतिपुर्तिको व्यवस्था गरियोस् भन्न चाहन्छु। र भर्खरै दाइजोको कारणले जुन डक्टर जस्तो व्यक्तिले एउटा महिला माथि निर्घाहत कुटपिट गरेर एउटा हत्या गर्ने समेत प्रकृया अगाडी बढाएको छ। यसमा सदनले पनि सिंगो एउटा केन्द्रिय संघ सबैले यसलाई आवाजको रुपमा र यसलाई सचेतनाको रुपमा अगाडि बढाउनको लागी पनि शदनको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद

**<u>माननीय सभामुखः</u>-** अब म माननीय शोभा शाक्यलाई बोल्न समय दिन्छु। समय ९ मिनेट

**<u>माननीय शोभा शाक्य (विवेकशील साझा पार्टी)</u>:-** (नेवारीमा वोल्नुभएको) सभामुख महोदय, माननीय सदस्यहरु, आज म माननीय सभामुख महोदयसंग अनुमति लिएर आफ्नो मातृभाषा नेपालभाषामा बोल्न गईरहेकी छु। हिजो जुन बारा, पर्सा लगायत विभिन्न तराई क्षेत्रमा बाढीको प्रकोपबाट भएको धनजनको क्षति प्रति गहिरो दु:ख व्यक्त गर्दछु र बाढी पहिरोमा परी निधन भएकाहरु प्रति गहिरो समवेदना प्रकट गर्दै पीडित सबै प्रति पनि गहिरो दु:ख व्यक्त गर्दछु। बाढीको प्रकोपमा परी घाइतेहरु एवं रोगबाट पीडितहरुको शिघ्र स्वास्थ्य लाभको पनि कामना पनि गर्दछु। र यसका साथसाथै हाम्रो यो प्रदेशले आकस्मिक रुपले सञ्चालन गर्नकालागि जुन कोषको व्यवस्था गरेको छ,, त्यही कोषबाट २ नं. प्रदेशमा आईपरेको यो विपदको घडीमा हाम्रो यो प्रदेशको तर्फबाट त्यस क्षेत्रकोलागि सक्दो सहयोग गर्नु पर्ने कुरा माननीय सभामुख मार्फत अनुरोध पनि गर्दछु।

हाम्रो देशमा लगानी सम्मेलन सम्पन्न भएर प्रतिबद्धता त जाहेर भयो तर त्यतिले मात्रै पुग्दैन। हामीले हाम्रो कर्मचारी समायोजनका साथसाथै हाम्रो यो ठुलो कमजोरी हो कि हामीले विकास बजेट पनि राम्ररी खर्च गर्न नसकिरहेको अवस्था छ। देशमा भ्रष्टाचार यत्ति विघ्न बढीरहेको छ कि कर्मचारी तहदेखि राजनैतिक तहसम्म फैलिसकेको अवस्था छ। यसै सन्दर्भमा प्रदेश सरकार एवं संघीय सरकारले कर्मचारी तन्त्रलाई चुस्त दुरुस्तमा रुपमा अघि बढाउँदै लानु पर्छ भन्ने मेरो जोडडार माग हो।

गत २०७२ सालमा आएको विनाशकारी भुकम्प पश्चात उद्दार कार्यकालागि ठुलठुला आर्थिक सहयोगहरु नेपालमा आएको थियो भने त्यसको व्यवस्थापन कसरी भयो भन्न सकिने अवस्था नभएकोले अलपत्र परेको अवस्था छ। यसै सन्दर्भमा हाम्रो प्रदेशले जुन बारा र पर्सा लगायतका तराई क्षेत्रमा आएको बाढीको कारण जनधन क्षति भएका पीडितहरुकालागि सक्दो सहयोग गर्नु पर्छ भन्ने मेरो मान्यता रहेको छ भने हिजो राजधानीको कुरा उठ्यो। अब जहाँसम्म राजधानीको कुरा आयो र जहाँसम्म प्रदेशको राजधानीको कुरा छ अहिलेसम्म प्रदेशको राजधानीको निर्क्योल हुन सकेको छैन भने त्यस सम्बन्धमा यथाशिघ्र प्रदेशको स्थायी राजधानी तोकियोस् भनेर पनि म जोडडार माग गर्दछु।

हाम्रो स्थायी राजधानी नभएको कारण हाम्रो ३ नं. प्रदेश कहाँनेर छ र कुन ठाउँमा पर्छ भनि खोजिरहनु पर्ने अवस्था आईसकेको छ। हाम्रो उपस्थिती नै कतै देखिरहेको छैन। देश संघीयतामा गईसकेको अवस्थामा मानिसहरुले कि राजधानीको खोजी गर्छ कि मन्त्रालयको खोजी गर्छ र त्यसकोलागि सिंहदरबारमा खोजी गर्छ या त स्थानिय निकायमा खोजी गर्छ। प्रदेश सरकारमा आएर खोजी गरीरहेको देखिंदैन। तसर्थ हामीले हामीले देखिने गरी यथाशिघ्र स्थायी राजधानी तोक्नु पर्‍यो र स्थायी नामाकरण गरेर अगाडी बढ्न अति आवश्यक भईसकेको छ।

हामीहरु यो अस्थायी राजधानी हेटौंडामा एक वर्षभन्दा अगाडीदेखि आईरहेका छौं र यहाँ आउँदा काठमाण्डौंबाट हेटौडा आउने बाटो दुरावस्थामा रहेको हुँदा ज्यान जोखिममा राखेर आईरहनु परेको अवस्था छ। त्रसित भएर यात्रा गरी राख्नु परेको अवस्था छ। यो बाटोलाई सुधार गर्ने र स्तरोन्नति गर्ने तर्फ गम्भीर ध्यान गएको देखिंदैन। कहीं यस्तो

नहोस कि हाम्रै माननीयहरु मध्ये त्यो बाटोमा गम्भीर दुर्घटना परे पछी मात्र त्यो बाटो बनाउने पो हो की जस्तो लागिरहेको छ। त्यसैले यसतर्फ सभामुख मार्फत यो सदनमा विशेष ध्यान आकर्षण गराउन चाहन्छु।

काठमाण्डौं तराइ फास्ट ट्रायक बनाउने भनेर जुन योजना अघि बढी रहेको छ, त्यो तदारुकताका साथ सम्पन्न गरीनु पर्ने कुरामा म जोड दिन चाहन्छु र त्यसको साथसाथै सडक बनाउने नाममा उचित मुआब्जा उपलब्ध नगराइकन काम अगाडि बढीरहेको गुनासो तिब्र रुपमा आईरहेको छ ,त्यसमा मेरो भनाइ के छ भने सडकको काम अगाडि बढाउने नै हो भने यथाशिघ्र उचित मुआब्जा उपलब्ध गराएरमात्रै काम अगाडि बढाउन अनुरोध गर्दछु। सडक बनाउने नाममा आदिबासी जनजातिहरुको भुमि नै हडपेर अनि बासस्थान नै खोसेर सडक बनाउनु उचित हैन। ललितपुरको ऐतिहासिक र साँस्कृतिक नगरीको रुपमा कहलिएका बुङ्गमति र खोकनामा सडक बनाउने नाममा सम्पदा नै मासिनु ठीक हैन भने जग्गाहरु अधिग्रहण गर्दा यथोचित मुआब्जाको व्यवस्था गर्न म विनम्र जोड दिन चाहन्छु।

त्यसैगरी उपत्यकामा भवन निर्माण गर्न जुन मापडण्ड कायम गरिएको छ त्यो मापडण्ड अनुरुप काम भईरहेको छैन। त्यसैले मापडण्ड अनुसार भवन निर्माण हुनु पर्यो भनि म सभामुख मार्फत जोडडार माग गर्दछु। हामीले देखिरहेका छौं कि भवन निर्माण गर्न नक्शा पास गर्दा तीन तल्लाको नक्शा पास गराउँछ भने पछि गएर पाँच तल्लासम्म बनाउने गरेका छन् र निर्माण सम्पन्न प्रमाण पत्र नभए सम्बन्धित नगरपालिकाले जरिवानामात्र तिराउने गरेका छन्। यसमा कडाइकासाथ मापडण्ड पालना गराउनु पर्यो। गत २०७२ सालको विनाशकारी भुकम्पबाट हामीले केही ज्ञान लिनु पर्यो। ०७२ सालको भुकम्पमा घरहरु धराशायी भई जुन क्षति हामीले व्यहोर्नु पर्यो त्यसबाट ज्ञानलिई मापडण्ड कडाईका साथ पालना गराउनु पर्यो भने सडक बिस्तारका लागि जग्गा अधिग्रहण गर्दा पनि उचित मुआब्जा शिघ्रातिशिघ्र उपलब्ध गराउनु पर्यो भनि अनुरोध गर्दछु।

मेरो विचारमा महा नगरपालिकाले आफै नक्शा बनाएर सम्बन्धित पक्षलाई वितरण गरीदिएको खण्डमा मापडण्ड अनुसार आधुनिक भवन निर्माण गर्ने ठाउँमा आधुनिक भवन

र संस्कृति सम्पदाले भरिएको ठाउँमा पुरानै संस्कृति सुहाउँदो भवन निर्माण गराउन सक्नेछौं र यसले अझ राम्रो परिणाम आउने कुरा सभामुख मार्फत सबैमा निवेदन गर्दछु।

यस्तैगरी काठमाण्डौं उपत्यका भित्र बजार व्यवस्थापनको ठुलो समस्या छ भने यस्लाई व्यवस्थित गर्न अति आवश्यक छ। किनभने सडक पेटीमा मानिस हिंड्नकालागि ठाउँ नै नहुने गरी पसल निकालिरहेको अवस्था छ। जसले गर्दा एकातिर पैदल यात्रुहरुले निर्वाध रुपमा हिंड्न पाईरहेका छैनन् भने सडकपेटीमा भईरहेको यस प्रकारको अतिक्रमणले गर्दा यातायातमा ठुलो अवरोध पुगीरहेको छ। यसको व्यवस्थापनको लागि पनि प्रदेश सरकारले केही गर्नु पर्ने हो कि भनि म यहाँहरु समक्ष मेरो धारणा राखिरहेको छु।

केही समय अघि ललितपुरलाई ललित हस्तकला नगरी भनि विश्वले घोषणा गरेको अवस्था छ भने घोषणामात्र गरेर पुग्दैन। त्यसकोलागि विश्व ललित नगरी घोषणा गरिए अनुरुप त्यसलाई सुहाउँदो काम पनि गर्नु पर्यो भन्ने मेरो मान्यता छ। यो तीन नम्बर प्रदेशको ललितपुर जिल्लालाई हस्तकला नगरी घोषणा गरिए अनुरुपको नगर बनाउन के कस्ता कामहरु गर्दै जानु पर्छ भन्ने तिर पनि हामीले ध्यान दिनु पर्यो र हामीले हाम्रो हस्तकलाको सूचना सम्प्रेषण गर्नका लागि एकद्वारको रुपमा एउटा आर्ट ग्यालरी बनाउन सकेमा हाम्रो तीन नम्बर प्रदेशको समेत गौरवको विषय बन्नेछ र विश्वले नै घोषणा गरेको हस्तकला नगरी घोषणा अनुरुप हामीले काम गर्न सफल हुने कुरा सभामुख मार्फत जानकारी दिन चाहन्छु र हामीले सोही अनुरुप कार्य सम्पन्न गर्न सकौं भनि कामना पनि गर्दछु। आजलाई यति नै कुरा राखी म विदा माग्दछु। सबैको जय होस्। हाम्रो नेपालको जय होस।

(**नेवारीमाः** सभामुख महोदय, सदस्यज्युपिं, थौं जिं जिगु मांभासं, नेपालभाषं न्ववायेगु बचं फ्वना च्वना। म्हिगः गुगु बारा क्षेत्र , बारा व पर्सा नापं विभिन्न तराईलय् जुया च्वंगु गुगु वा फसं कया यक्वः मनूत सित नापं यक्वः यक्वः घाइते जुल उकी सिपिं सकसित नं समवेदना व्यक्त याना च्वना नापं सकल जःदुजःपिन्त हार्दिक समवेदना प्रकट याना च्वना।

अथेहे रोगं कया घाःपाः जूपिं सकलसित याकनं याकनं रोग नं लनेमा धइगु कामना याना च्वना। उकि नापंसं तुं हे झीगु थ्व प्रदेशं गुगु थ्व आकस्मिक रुपं न्ह्याकिगु लागि गुगु कोष दयेकातःगु खः व कोषं नं गुगु २ नं प्रदेशय् जूगु घाःपायातःयात झीसं फयांफक्वः ग्वाहालि यानादीगुलागिं दुनुगलं निसें सभामुख मार्फत इनाप नं याना च्वना।

झीगु देशय् लगानी सम्मेलन जुया प्रतिबद्दताला जुल तर झीगु कर्मचारी समायोजन नापं तधंगु हे थुलि कमजोरी दु कि झीसं विकास बजेट नंः बाँलाक्क खर्च यायेमफूगु अवस्था जुया च्वंगु दु। उकीं भ्रष्टाचार थुलि बढे जुया च्वन कि कर्मचारी तह निसें कया राजनैतिक तहतकं नं तह तह दक्वं नं यक्वः यक्वः व्यापक रुपं भ्रष्टाचार जुया च्वन। उकियात प्रदेश व संघीय सरकारं कर्मचारीतन्त्र यात बाँलाक्क चुस्त दुरुस्त रुपं न्ह्याका यंकेमाल धइगु नं जिगु जोडडार माग खः।

गुगु .२०७२ सालय् भुकम्पं भुकम्प धुंका तःतःधंगु यक्वः यक्वः सहयोग झीगु नेपालय् वःगु खः। व दक्वः हे झी थाय् अलपत्र जुया च्वन। उकीं झीगु प्रदेशय् धायेगु खःसा झीसं स्यू थूगु कारणं याना गुगु बारा क्षेत्रय् , पर्सा क्षेत्रय् जूगु यात नं यक्वः यक्वः धनजन क्षति जूपिन्त ग्वाहालि याये फयेमा धइगु नं कामना याना च्वना।

अथेहेथेसतुं म्हिगः नं झीगु राजधानीया खँ वल। राजधानी झीसं स्यू राजधानी झीथाय् दकले तीन नम्बर प्रदेशया राजधानी दकले न्हापालाक्क राजधानी स्थायी राजधानी जुईमाःगु खः तर आः तक नं झीथाय् स्थायी राजधानी मजूनि। उकिं जिं विशेष जोड याना माग याना च्वना कि याकनं झीत स्थायी राजधानी दयेमा नापं झीगु राजधानीया नां नं याकनं वयेमा धइगु नं कामना याना च्वना। अले झीगु थ्व राजधानी स्थायी मजूगु कारणं याना झीगु प्रदेश नम्बर तीन गन लाना च्वन , गुथाय् लाना च्वन झीगु प्रदेश गन दु धका माःवनेमाःगु तकं नं अवस्था जुई धुंकल। झीगु उपस्थिती हे खनेमदु।

थुगु संघीयताय् वने धुंका कि मखुसा मनूतयसं मनूतयसं कि मखुसा राजधानी माःवनेमाल , मन्त्रालय माःवनेमाल धाःसा कि मखुसा झीसं कि सिंहदरबारय् माःवनि कि

मखुसा स्थानिय जनतायाथाय् माःवनि , प्रदेश सरकारय् माःवया च्वनि मखु। उकिं झीसं खनेदयेकेया निंतिं याकनं याकनं स्थायी राजधानी दयेका स्थायी नामाकरण याना झी न्ह्याः वनेमाःगु अति आवश्यक जुल। अथेहेतुं झीपिं एक वर्ष मयाक्क झिपिं थन हेटौंडा राजधानी, अस्थायी राजधानी वया च्वना। वया च्वनाबले काठमाण्डौं नं हेटौडा वयेगु लँ तसक्क तसकं हे स्यना च्वंगु अवस्था दु।

झीसं स्यू झिपिं वयेबले थौं सिइला कन्हे सिइला धका ग्याग्यां वयेमाःगु अवस्था दु। आः तक्क नं झीसं लँ दयेकेगु कुतः मजूनि। उकिं अले झीपिं चाहीं बिना कारण झी माननीयपिं हे सुं श्रद्धान्जली प्वंका तिनि हे जक झीगु व लँ दयेकीगु खःला ? उकीं जिं विशेष रुपं सभामुख मार्फत थूगु सदनय् ध्यानाकर्षण याना च्वना।

काठमाण्डौं तराई फास्टट्रायक लँ दयेकेगु धका गुगुपति खँ न्ह्याःवना च्वन, व लंय् याकनं यायेमाःगु जोड बिया च्वना नापं लंँ दयेकेगु नामय् उचित मुआब्जा मदयेक मुआब्जा मबिसे व झीसं गुगु ज्या जुया च्वन उकिया लागिं नं याकनं याकनं मुआब्जा बिया तिनि ज्या यायेमाःगु खः। लँ दयेकेगु नामं आदीबासी जनजाति पिनिगु छेँय् हे स्यंका ,जग्गा हे मदयेक गुगु कि खोकना, खोकना व बुङ्गमति थेंज्यागु थासय नं लँ दयेकेगु नामं यक्वः जग्गा अधिग्रहण याना च्वन। उकियात यक्वः मुआब्जा बिया जक यायेया लागिं नं विनम्र जोड बिया बिनम्र माग याना च्वना।

अथेहे झीगु उपत्यकाय् दुने गुगु छेँय् दयेकेगुलागिं मापडण्ड पिकाल तर मापडण्ड अनुसार ज्या जुया च्वंगु खनेमदु। मापडण्ड अनुसार ज्या जुइमाल धइगु नं सभामुख मार्फत जोडडार माग याना च्वना। झीसं स्यू थौं छेँ दयेकल , नक्शा पास यात, तीन तल्लाया छेँ दयेकूसा कन्हे वया पाँच तल्लां अप्वः दयेकाबिइ तर सम्पन्न प्रमाण पत्र चैं मदुसां नं नगरपालिकां महा नगरपालिकापिन्सं चैं जरिवाना पुइका वयात प्रमाण पत्र बिया छ्वइगु अवस्था खः। अये जुया उकि अथे याये मजिल। झीसं चैं कडा नक्शां झीसं मापडण्ड दयेकेमाल।

वंगु भुखाचँ झीसं ज्ञान कायेमाल। वंगु २०७२ सालया भुखाचं झीसं खना च्वनागु दु कि गुगु भुखाचं छें दक्वं धराशायी जुया च्वंगु दु। अयेजुया चैं गुगु मुआब्जा नापं थ्व कडा जुइक नियम दयेकेगुलागिं नं अनुरोध याना च्वना कि मखुसा झीसं नगरपालिकां महा नगरपालिका छिकपिन्सं हे नक्शा दयेका जनतापिन्त वितरण यानादिल धाःसा अझ याकनं झीसं गुगु आधुनिक छें दयेकीगु थासय् आधुनिक किसिमं व संस्कृति सम्पदा दूगु थासय् पुलांगु हे कल्चर न्ह्यःब्वःया छें दयेकेकफतधाःसा अझ झीसं बाँलाक्क ज्या न्ह्याके फइ धइगु नं सभामुख मार्फत जिं सकसितं नं निवेदन याना च्वना।

अले झीपिसं खनाच्वना कि उपत्यकाय् दुने बजार व्यवस्थापन यायेमाःगु अतिकं आवश्यक दु। छाय्धाःसा मनूत वनिगु लँ मदु , गाडी वनिगु लँ मदु। पसःपिकाइपिन्सं फलं क्वये क्वये वया पसः तया च्वंगु दु। उकि नं झीगु प्रदेशयापाखें छुं यायेमाःगु खःकि धइगु जिगु धारणा छलपोल छिकपिनित न्ह्योने तया च्वना।

अले थ्वहे वर्षय् , ललितपुर यात ललित हस्तकला नगरी धका विश्वं घोषणा यात तर घोषणा जक यायेवं ज्या सिधइ मखु। उकि गुगु विश्व नगरी घोषणा याःगु यात ल्वयेक झीगु थ्व तीन नम्बर प्रदेशय् ललितपुर जिल्लायात गुगु किसिमं हस्तकला नगरीयात हस्तकला नगरी धका धायेकते गथे याना ज्या याये फइ धइगु नं ताकी छगू झीगु हस्तकलायागु हे सूचना सम्प्रेषण याये या लागिं छगु थाय्या लागिं छगू आर्ट ग्यालरी धका दयेका गुगु झीसं याना वनेफत धाःसा झीगु तीन नम्बर प्रदेशय् विश्वं नां तःगु, विषय यात ल्वयेक धका थूगु हस्नकला नगरीयात झीसं ज्या यायेफइ धइगु नं सभामुख मार्फत जानकारी नं बिया च्वना। नापं झीसं याये फयेमा धका आशिका नं याना च्वना। थुलि हे धया थौंया थ्व जिगु नुगः खँ थन हे क्वचायेका च्वना। सकसियागु जय जुइमा। झीगु नेपाःदेया जय जुइमा। )

**<u>माननीय सभामुखः</u>-** अब म माननीय केशव प्रसाद पोखरेललाई बोल्न समय दिन्छु। समय ४ मिनेट

**<u>माननीय केशव प्रसाद पोखरेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-</u>** माननीय सभामुख महोदय, हिजो मात्रै बारा पर्सामा भएको प्राकृतिक प्रकोप बाट दिवङ्गित हुने सम्पूर्णलाई श्रदाञ्जलि व्याक्त गर्न चाहन्छु। घाइतेहरुको सिघ्र स्वस्थ लाभको कामना गर्दछु शोकसन्तव्ध सम्पुर्णमा हार्दिक संम्वेदना व्यक्त गर्न चाहन्छु। र हाम्रो प्रदेशबाट सिघ्र भन्दा सिघ्र सहयोगको घोषण होस्। यसमा हाम्रो पनि योगदान रहोस् भन्ने आग्रह गर्न चाहन्छु।

मैले आज उठाउन खोजेको विषय समसामहीक विषयहरु छ। विषेश गरि कलङ्की नाग ढुङ्गा सडक जुन कलङ्कि नाग ढुङ्गा हुदै हामी धादिङ्ग पुग्ने सडक राजमार्ग अहिले वर्षौ देखि अवरुद्ध छ भन्दा हुन्छ। घन्टौं घन्टा तपाई हामीहरुले जाम बेहोरिरहेका छौ। हामी पटक पटक जनप्रतिनिधिको हैसियतले पहल प्रयत्न पनि गऱ्यौ। तर राज्यले उचित ध्यान दिन सकिरहेको अवस्था छैन। ठेकेदारको अकर्मण्यताको कारण निर्माण व्यवसायिले काम नगर्नाको कारण सिङ्गो राज्य अहिले अकर्मणिय अवस्थामा पुगेको छ। त्यसको उचित ध्यानाकर्षण बेलैमा गराउनु पर्छ भन्ने हिसावले मैले याहाँ कुरा राख्न खोजे सरकार मार्फत, त्यसैगरि मेरो क्षेत्रमा पर्ने सितापाईला भिम ढुङ्गा हुदै धार्के धादिङ्ग जाने बाटो छ। त्यो अर्को हाइवे हो। त्यो पनि त्यस्तै छ। वर्षौ देखि मानिसहरु धुवाँ धुलो खप्न बाध्य छन्। त्यतिकै रुपमा काम भैरहेको छैन बाटो भत्काइएको छ।धुवामा एउटा अगाडि गएको गाडिको गाडिले उडाएको धुवाँ पछाडि अर्को गाडि ठोक्किदा पनि थाहा नपाउने अवस्था छ।

त्यतिकै रुपमा एक्सिडेन्ट भएको अवस्था छ। दुई वटै बाटोमा यति भयाव स्थिति छ भने देशको सिङ्गो भागमा अरु बाटोहरुको के अवस्था होला हामी सहजै अनुमान गर्न सक्छौ। यो सिघ्र त सिघ्र यसको समाधानको लागी म ध्यानाकर्षण गराउन चाहन्छु। त्यस्तै अघि पनि कुरा उठ्यो माननीय ज्यूहरुले भन्नुभाछ। यो फर्फिङ् भिम फेदि सडक जुन हामी काठमाडौंदेखि याहाँ सम्म आउने डेलि जुन हामी धेरै आवात जावात गर्छौ। अनि स्थानीय जनताहरुको पनि जुन खालको स्थिति छ। सधै एक्सिडेन्ट भएको देखिन्छ। त्यहा बाटोममा आउदा जहिले पनि दुई, तिन वोटा गाडि एक्सिडेन्ट भएको अवस्था छ। हामी के हेरेर बस्दै छौ। यो सरकारले प्रदेश सरकारले के योजना बनाइरहेको छ म यो प्रश्न सोध्न

चाहान्छु। ति याहाँ का जनताहरु अथवा माननीयहरु पनि दुई, चार जना शहिद भएको हेर्न चाहेको हो की अथवा हामी वेलैमा की गर्न नचाहेको हो। यो हामी तत्काल हाम्रो मर्मत योजना के छ, मैले प्रदेश सरकारसंग जवाफ पनि माग्न खोजे। त्यस्तै गरि यो जुन ललितपुरको टिकाभैरव देखि आउने कान्ति पथ याहाँ आइपुग्छ भनेको छ।

बिचमा वर्षौं भैसक्यो हामीले त्यो पनि बाटो चल्छ चल्छ भनेको पनि धेरै भयो तर वैकल्पिक सडक पनि छैन त्यसको लागि पनि के हुदैछ। त्यसको कुनै उचित खालको जवाफ आएन मैले यसको पनि जवाफ मागे। र अहिले मुख्य कुरा हेर्दै छौ। अहिले तल स्थानिय काम देखि नै, केन्द्रिय सरकारको काम देखि नै केन्द्रिय सरकारको कुरा धेरै मिडियामा आउने तर प्रदेश सरकारका कामहरु चाहि धेरै ओझेलमा पर्ने देखिदै छ। प्रदेश सरकारले गरेको कुराहरु आछैन त्यसैले कता कता संघीयतालाई सराफ्ने नाममा प्रदेश चाहींदैन भन्ने कता कता स्वरहरु पनि गुन्जन थालेको अवस्था पनि छ।

त्यसैले यता तिर ध्यान दिनको लागी प्रदेश सरकारले गरेका कामहरु हामीले सबै ठाउँमा प्रदेशको उपस्थिति कसरी जनाउन सक्छौं त्यता तिर हामी सबै मिलेर लाग्नु पर्ने मैले देखेको छु। त्यसकारण सरकारले उचित खालको योजना बनाउन जरुरी छ। र अहिले के देखिदै छ भने हरेक स्थानिय तहहरुमा धेरै स्थानिय तहहरुमा केन्द्रिय सरकारमा हिजो पनि देखिने गर्थ्यो। राज्यको खर्च बढाउने नाममा त्यस्ता कुर्चिहरु धेरै किनिने सरकारी कुराहरु, स्टिेशनरीका कुराहरु धेरै किनिने, किताब छाप्ने नाममा एउटै डाटा धेरै किताबमा छापिने, गाडिहरु किनिने र त्यसको आधारमा खर्चको बिवरण देखाउने तर अरु बिकास निर्माणका कामहरु नहुने पुजींगत कुराहरुमा धेरै खर्च नदेखिने। यो खालको प्रवृर्ति हिजो देखि आज सम्म देखिदैछ।

हामी प्रदेश सरकारले अनुगमनको नाममा अनुगमन जुन गर्ने केन्द्रका सरकारको निति के छ प्रदेशको निति के छ अनुगमनको रिपोर्ट काहाँ पुग्यो, अनुगमनको स्थिति के छ। तल भएका गरेका कामहरु र भनेका कामहरु प्रदेश सरकारले हामीले बढाएका कामहरु र केन्द्रले गरेका पनि गौरवका राष्ट्रिय गौरवका आयोजनाहरुको सवालमा पनि हामी प्रदेश सरकारको तर्फबाट चासो दिने कि नदिने, हामी ठोस रुपमा के हेरिरहेका छौ

त्यता तिर पनि जान सक्यौ भने बल्ल हामीले प्रदेश सरकारको उपस्थिति देखाउन सक्छौ जस्तो मलाई लाग्छ।

त्यसैले हामीले समयमा नै अब १ वर्षमा हामीले धेरै प्राक्टिसहरु गरेका छौं। अब समयमानै हामीले कार्यशैलि बदलौ र कार्यशैलिका साथ अब देखेका कुराहरु हामीले बनाएका कानुनहरुको आधारमा यो प्रदेशलाइ अग्रसर तर्फ लग्नको लागि म हार्दिक आग्रह गर्न चाहन्छु। धन्यवाद ! अभिवादन

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रमा आले मगरलाई बोल्न समय दिन्छु। समय ४ मिनेट

**<u>माननीय रमा आले मगर (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-</u>** माननीय सभामुखज्यू, सबै साथिहरुले भन्नु भएको जस्तै हिजो भर्खरै गएको प्राकृतिक प्रकोपको कारणले गर्दा खेरि मृत्यु ग्रहण गर्नुहुने सम्पुर्ण व्यक्तिहरुलाई म प्राकृतिक स्रोत समितिको सभापतिको हैसियतले पनि उहाँहरुलाई म हार्दिक श्रदाञ्जली व्यक्त गर्न चाहान्छु।

त्यसै गरि शोकसन्तव्ध परिवार प्रति समवेदना व्यक्त गर्न चाहन्छु। र घाइते परिवार अथवा घाईतेहरुको सिघ्र स्वस्थ लाभको पनि कामना गर्न चाहन्छु। त्यसैगरि हाम्रो प्रदेश सरकारले प्रदेश सरकारको तर्फबाट हुने सहयोगमा हाम्रो पनि सहभागीता रहनुपर्छ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु। म आज यो महत्व पूर्ण बैठकमा २ वटा महत्वपूर्ण कुरा उठाउन गैरहेको छु।

सबैभन्दा पहिला काठमान्डौंको पश्चिम भेगमा रहेको त्रिभुवन पार्क सम्भव त मलाई लाग्छ। हामी याहाँ उपस्थित रहनुभएको माननीयहरु मध्य थोरै मात्र त्रिभुवन पार्कमा पिक्निक्मा सहभागी भएको थोरैमात्र छौं भन्ने लाग्छ मलाई। त्यसो हुदाखेरि हिजोको त्रिभुवन पार्कलाई हामीले सम्झने हो भने त्याहाँ ढकमक्क फुल फुलेको, पोखरिमा माछा यता त्यता गरेको सल्बलाइ रहेको, गुलाफका फुलहरु फुलिरहेको र त्यस पछाडी सिमसार क्षेत्रमा हेर्ने हो भने याहा वायोडाइभर्सिटिको हिसाबले अरु किरा फटयाङ्ग्राहरु पनि सल्बलाइ रहेको

हामीले देख्न सक्थ्यौं। तर अहिलेको सन्दर्भलाइ हामीले त्यो त्रिभुवन पार्कमा हेर्ने हो भने पिक्निक जानेको संख्या यतिकै मात्रामा घटेको छ भने सिमसार क्षेत्रमा हामीले जुन जैविक विविधताको महत्वको कुरा गरिरहेका छौं। सिमसार क्षेत्रमा पार्टीप्यालेस बनाउने, पसल बनाउने र त्यस पछाडि त्यसलाइ भाडाको रुपमा बिज्नेश व्यापारको रुपमा लाने, यो जैविक विविधताको महत्व लाई विस्तारै घट्दै गएको अवस्था छ।

त्यसैगरि हिजो ढकमक्क फुल्ने गुलाफको फुल आज केवल डाँठका सिग्राको रुपमा मात्रै परिणत भएको छ। र बाँकी रहेको रुख पनि सबै कतिबेला काट्ने हो भन्ने डराइ डराइ वसिरहने अवस्था छ। त्यो त्रिभुवन पार्क साच्चै त्रिभुवन पार्कको रुपमा परिणत हुने थानकोटको समुदायको ठुलो योगदान रहेको छ। जसले आफ्नो मुटु भन्दा पनि प्यारो जग्गालाई हाम्रो क्षेत्रमा त्रिभुवन पार्क व्यवस्थापन गर्न सकिन्छ। र हाम्रो क्षेत्रको समुदायलाई एउटा आयआर्जनको रुपले अगाडि कढाउन सकिन्छ।

त्यसैगरि त्यसलाइ हाम्रो क्षेत्रको परिचयको रुपमा अगाडि बढाउन सकिन्छ भनेर यहाँहरुले योगदान गर्नु भएको थियो। तर आज त्यो योगदानलाई लात्तिले कुल्चने व्यवस्थापन भएको छ। मैले यतिमात्र जानकारी गराउन खोजिरहेको छु कि हिजोको त्रिभुवन पार्कलाई साच्चै त्रिभुवन पार्कको रुपमा अगाडि बढाउनको लागि अब हामीले यो ३ नं प्रदेश सरकारको ध्यान जान जरुरी छ भन्ने मलाई लागेको छ। यसको साथै हामीले पर्या पर्यटनको कुरा गरिरहेका छौ। पर्यटनको बिकासको कुरा गरिरहेका छौ। हामीले त्रिभुवन पार्क जस्तो चन्द्रगिरि हिल्स जस्तो त्यसपछि हामीले कालुपाण्डे समाधिस्थल जस्तो ठाउँ हरुलाई बिकसित रुपमा बिकास गर्न सकेनौं भने हामीले हाम्रा कुरालाई कुराको रुपमा मात्र सिमित गर्ने छौ। यसो हुदा खेरि यो त्रिभुवन पार्क लगाएत थुप्रै पार्क हरु छन् ति पार्कहरुलाई अगाडि बढाउन जरुरी छ भन्ने लाग्छ। यसमा ३ नं प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। हस्त धन्यवाद ! नमस्कार

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु आजको प्रदेश सभाको बैठकको कार्य सूचिमा माननीय आन्तरिक मामला तथा कानुनी मन्त्री शालिकराम जम्कट्टेल साथै माननीय सामाजिक बिकास मन्त्री युवराज दुलालले पेश गर्ने भनेको प्रस्तावहरु उहाँहरुको

अनुपस्थितिमा माननीय आर्थीक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेललाई प्रस्तुत गर्ने कार्य प्रत्यायोजन भएकाले उक्त प्रस्तावहरु माननीय आर्थीक मामिला तथा योजना मन्त्रीले पेश गर्नुहुने जानकारी गराउदछु।

माननीय मुख्य मन्त्री संग उहाँहरु दुवै जना प्रदेश नं २ बारा पर्सामा हिजोको हावाहुरिले पुऱ्याएको मानवीय क्षतिको अवलोकन गर्न जानुभएको कुरा पनि म यो सभामा जानकारी गराउदछु।

माननीय सदस्यहरु अब म माननीय आर्थीक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेललाई प्रदेश स्तरका केहि सार्वजनिक लिखित पर्माणिकरण ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय कैलाश प्रसाद ढुङ्गेल, मन्त्री, आर्थीक मामिला तथा योजना मन्त्रालयः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश स्तरको केहि सर्वजनिक लिखत प्रमाणिकरण ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकलाई सम्मानित सभामा पेश गर्दछु। धन्यवाद

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब म आर्थीक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेललाई प्रदेश सुचनाको हक सम्वन्धमा गर्न बनेको विधेयक प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय कैलाश प्रसाद ढुङ्गेल, मन्त्री, आर्थीक मामिला तथा योजना मन्त्रालयः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश सुचनाको हकको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्मानित सभामा पेश गर्दछु। धन्यवाद

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब म माननीय आर्थीक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेललाई प्रदेश सभामा पदाधिकारीको तथा सदस्यको पारिश्रमीक र सुविधा सम्वन्धि ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथि बिचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु।

**माननीय कैलाश प्रसाद ढुङ्गेल, मन्त्री, आर्थीक मामिला तथा योजना मन्त्रालयः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश सभामा पदाधिकारी तथा सदस्यको पारिश्रमीक र सुविधा सम्वन्धि ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथि बिचार गरियोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद

**माननीय सभामुखः-** अब प्रदेश सभामा पदाधिकारी र सदस्यको पारिश्रमीक र सुविधा सम्वन्धि ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथि बिचार गरियोस् भन्ने प्रस्ताव माथि अर्थात विधेयक माथि सामान्य छलफल प्रारम्भ हुन्छ। माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तिक पक्ष मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु। उक्त छलफलमा बोल्न चाहानुहुने माननीय सदस्यले आ-आफ्नो नाम सभामुखको ड्यास संगै वसेका कर्मचारीहरुलाई उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरेकोछु। माननीय सदस्यहरु सर्वप्रथम म माननीय श्री न्हुक्षे नारायण श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय श्री न्हुक्षे नारायण श्रेष्ठ (नेपाली कांग्रेस):-** माननीय सभामुखज्यू, आज प्रदेश सरकारले प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमीक सुविधा सम्वन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकलाई संशोधन गर्न जुन विधेयक पेश गरिएको छ। त्यो साह्रै अब हामी आर्थीक मितव्यिताको कुरा गर्छौं तर धेरै पारिश्रमीक सुविधाहरु दिने कुरामा गइरहेका छौं। तर म यो कुरामा के भन्न चाहन्छु भने प्रदेश सभाको नियमावलीको २ मा स्पष्ट रुपमा पदाधिकारीहरुको व्याख्या गरिएको छ। पदाधिकारी भन्नाले को को भन्ने सबै स्पष्ट हुदा हुदै पनि यसमा बाझिएको देखिएको छ।

किनभने प्रदेश सभा सरकारले आफै बनाएको विधेयक ऐनमा र हामीले प्रदेश सभाले पास गरेको नियमावलीमा पदाधिकारीको सम्वन्धि व्याख्या गरेकोमा अलिकती नियम बाजीएको प्रदेश सरकारले बनाएको अनुसूचि १ मा कुन कुन पदाधिकारीले के के सुविधा पाउने स्पष्ट अनुसूचि १ मा तोकिए पनि अहिलेको जुन संसोधन गरेर पेश गरेको उस्मा

नमील्दो खालको र बाजीने खालको केहि लेखिएको र केहि नलेखिएको त्यसलाई नियमावली संग नबाझिने गरेर फेरि पुन.संशोधन गरिदिनुहुन सभामुख मार्फत अनुरोध गर्दछु।

साथै यो कुनै पनि हामीले सेवा सुविधा सम्वन्धि भन्दै गर्दा सेवा सुविधा लिने कुरामा हामी अत्यन्तै सेवा सुविधा लिने हिसावले यो ठाउँमा उभिएको होइन हामी जनताको प्रतिनिधी जनताको जुन कसम खाएर जनताको सेवक भएर यो ठाउँमा आएको हो तर सेवा सुविधा भन्दै गर्दा पनि यो सेवा सुविधा दिने भैसकेपछि दिने भए नियमावलीमा तोके अनुरुप सबैलाई दिउँ नदिने भए कसैले पनि नलियौं भन्ने हिसावमा म यो सभा समक्ष अनुरोध गर्दछु साथै अहिले हुन गैरहेको हिजो भर्खर गएको हावाहुरिले जुन मानव क्षति भएको छ।

मृतकहरुमा हार्दिक श्रदाञ्जली अर्पण गर्दै घाइते परिवारको सिघ्र स्वस्थ लाभको कामना गर्दै हामीले सबै साथिहरुको कुरा उठाउनु भयो हामी त्यो ठाउँमा सहयोग पुऱ्याउनको लागी मुख्यरुपमा हाम्रो पनि कर्तव्य हो। हामीले १ दिन अथवा २ दिन ३ दिन कति दिन सम्मको दिने हो पारिश्रमीक कटाएर यो प्रदेश सभाको सदस्यको हैसियतले हाम्रो ५ दिन सम्मको पारिश्रमीकले त्यो ठाउँमा सहयोग गर्न सभा समक्ष सभामुख मार्फत अनुरोध गर्दैं मेरो भनाई यही टुङ्ग्याउछु धन्यवाद, जयनेपाल।

**<u>माननीय सभामुखः-</u>** अब म माननीय सृजना सायजू लाई छलफलमा भाग लिन समय दिन्छु। समय ३ मिनेट

**<u>माननीय सृजना सायजू (नेपाल मजदुर किसान पार्टी):-</u>** माननीय सभामुख महोदय, प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमीक र सुविधा सम्वन्धि ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक हाम्रो हातमा छ। प्रदेश सभा गठन भएको १ वर्ष नाग्यो प्रदेश नं ३ लाइ आर्थिक संवृद्धिको केन्द्र बनाउने उद्घोस गरेको पनि १ वर्ष नाग्यो तर केहि समय अगाडि पत्रिकाले छाप्यो प्रदेश नं ३ को बजेट ५ प्रतिशत पनि उत्पादनशिल क्षेत्रमा लगानी हुन सकेन प्रदेश सरकार उत्पादन र वृद्धिमा केन्द्रीत हुन नसकेको यो समयमा प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमीक सुविधा, सम्वन्धि ऐन, २०७५ लाई संसोधन गर्न सवारी साधन तथा इन्धन सुविधा बढाउन विधेयक ल्याउनु

बिडमवनाको कुरा हो। यसले प्रदेशको खर्च त बढ्छ तर चालु खर्च अनुत्पादक क्षेत्रमा खर्च बढ्छ।

अनावश्यक रुपमा राज्यको ब्रम्हलुट गर्न छुट दिन प्रस्तावित संशोधन विधेयकले भ्रष्टचार तथा अनियमिततालाई बिकास गर्ने निश्चित छ। प्रमुख प्रतिपक्षलाइ समेत गुलियो चखाउन प्रयास गरिएको यस विधेयक माथि पुन. बिचार गरिनु श्रेयसकर हुने छ। राजधानी मै बसेका सांसदहरुले घर भाडा बुझिलिएको र दाहोरो इन्धन बुझिलिएको भ्रष्टचारको समाचार पुरानो हुन नपाउदै राज्य कोषको भागबण्डा गर्न अर्को ढोका प्रदेश सरकारले खोल्न खोजेको अनुभव भएको छ। यता तर्फ ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद

**<u>माननीय सभामुखः</u>-** अब म माननीय आर्थीक मामला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेललाई छलफलमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय कैलाश प्रसाद ढुङ्गेल, मन्त्री, आर्थीक मामिला तथा योजना मन्त्रालयः</u>-** सभामुख महोदय, प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमीक र सेवा सुविधा सम्वन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथीको छलफलमा माननीय सदस्यहरुले अत्यन्त महत्वपूर्ण सुझाव राख्नु भएको छ। सुझव राखिदिनुहुने माननीय सदस्यहरुलाई धन्यवाद दिन चाहन्छु। माननीय सदस्यहरुले उठाँउनु भएको इस्यु अत्यन्त गहकिला छन्। मनन योग्य छन्। तसर्थ यी मनन योगय र गहकिला सुझावहरुलाई आत्मसाथ गर्ने प्रतिवद्धता जायर गर्दै विदा हुन्छु। धन्यवाद

**<u>माननीय सभामुखः</u>-** अब यो छलफल याहीँ समाप्त हुन्छ।माननीय सदस्यहरु, अब म प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमीक र सुविधा सम्वन्धि ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथी बिचार गरियोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमीक सुविधा सम्वन्धि ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथी बिचार गरियोस् भन्ने प्रस्ताव सर्वसमितिले स्विकृत गरेको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेललाइ कर तथा गैह्रकर, राजस्व सम्वन्धि ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथि बिचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय कैलाश प्रसाद ढुङ्गेल, मन्त्री, आर्थीक मामिला तथा योजना मन्त्रालयः</u>-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर तथा गैह्रकर राजस्व सम्वन्धि ऐन २०७५लाई संसोधन गर्न बनेको विधेयक माथि बिचार गरियोस् भन्ने प्रस्ताव सम्मानीत सभामा पेश गर्दछु। धन्यवाद

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब कर तथा गैह्रकर राजस्व सम्वन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि बिचार गरियोस् भन्ने प्रस्ताव अर्थात विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ। माननयी सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु। उक्त छलफलमा बोल्न चाहानुहुने माननीय सदस्यहरुले आ-आफ्नो नाम सभामुखको ड्यास संगै बस्नुभएका कर्मचारीहरुलाइ उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुलाइ ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम म माननीय सृजना सायजूलाई छलफलमा भाग लिन समय दिन्छु। समय ३ मिनेट

**<u>माननीय सृजना सायजू (नेपाल मजदुर किसान पार्टी):</u>-** माननीय सभामुख महोदय, कर तथा गैह्रकर राजस्व सम्वन्धि ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयकमा

प्राकृतिकस्रोत शुल्कको विषय उल्लेख छ। प्रदेश भित्र उत्पादन हुने सिमेन्टको हकमा विषेशत प्राकृतिक स्रोत शूल्क लगाइने र असुल उपज गरिने कुरालाई जोड दिएको यो विधेयक बाट दोह्रोरो कर भार उपभोक्तामा नपरोस्। यो कुरा याहाँ राख्न चाहन्छु। प्रगतिशिल कर प्रणालीको सिद्धान्तलाई अवलम्वन गरिनु पर्ने आवसश्यकता छ। निजि व्यवसायी, उद्योग मालिकहरुलाइ कर वृद्धिले खासै असर नपार्ला तर सर्वसाधरण जनताकै टाउकोमा कर भार सार्ने काम हुन्छ अर्थात ट्याक्स सिफ्टिङ्ग गरिन्छ।

कर वृद्धि गर्ना साथ मुल्य वृद्धि हुन्छ। मुद्रा स्फिर्तिको समस्या बढ्छ। जनताको उपभोग क्षमता घट्छ। जनताको वास्तविक ज्याला घट्छ। मजदुरहरुको संख्या घटाइ शोषण बढाएईकन पनि उद्योगपतिहरु नाफा उन्मुख नै हुन्छन्। त्यसकारण सिमेन्ट कारखानाको नाफामा कर लगाउने प्रावधान विधेयकमा उल्लेख गर्न प्रस्ताव गर्दछु। धन्यवाद

**<u>माननीय सभामुखः-</u>** अब म माननीय रिता माझीलाइ छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी):-</u>** माननीय सभामुख महोदय, कर तथा गैह्रकर राजस्व सम्वन्धि ऐन २०७५ लाइ संसोधन गर्न बनेको विधेयक जसमा प्राकृतिक स्रोत अन्तर्गत सिमेन्ट कारखानाबाट उत्पादन हुने सिमेन्टमा लगाइने कर उठाउनु पर्छ भनेर यो विधेयक संसोधन गरेर कर उठाउने योजना भएकोहोला जस्तो मलाइ लागेको छ। म के भन्न चाहन्छु भने यो भन्दा अगाडि पनि धेरै विषयमा कर लगाउने कुरा पारित भैसकेको छ। फेरि बजारमा हल्ला आएको थियो कि प्रदेश सरकारले धेरै विषयहरुमा कर नलिने भन्ने कुरा आएको थियो। कि विधेयक नै संशोधन गर्ने हो भने कुन विधेयक कुन कुन करको शिर्षकमा छुट गरिएको छ। त्यो पनि आउनु पर्ने थियो र सिमेन्ट फ्याक्ट्रिहरुमा संघीय सरकारलाइ पनि फ्याक्ट्रिहरुले कर तिर्छन्। र फेरि प्रदेश सरकारले कर लिदा दोहोरो मारमा त्यो फ्याक्ट्रिहरु त पर्छ नै उद्योगहरु त त्यो संगसंगै कर लिए पछाडि उहाँहरुले सिमेन्ट विक्रि गर्दा फेरी मुल्य अभीवृद्धि गर्दछन्। मुल्य वृद्धिको मारमा फेरि यहि प्रदेशको नागरीकहरु पर्ने हुदा यसलाइ कसरी समायोजन, समन्वय गर्न सकिन्छ त्यो

कुरामा बिचार गरियोस् र लिदा कति प्रतिशत कर लिने योजना गर्नु भएको छ त्यो कुरा पनि उल्लेख गरियोस्। धन्यवाद

**<u>माननीय सभामुखः-</u>** अब म श्री रामेश्वर फुयाललाइ छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय रामेश्वर फुयाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-</u>** माननीय सभामुखज्यू, हामी अहिले विधेयकमा छलफल गरिरहेका छौ। यो देशको बिकास गर्ने सपना देखिरहेको बखत समाजबाद उन्मुख प्रणालीमा मुलुकलाइ लिएर जाने विषय संविधानमा लेखिरहेका छौ। र त्यो लेखिएका शब्दहरुलाइ जनताको जिबनमा उतार्नु पर्ने छ। ति काममा ७६१ वटै सरकारहरु लाग्ने छन्। तिनलाइ सक्षम बनाउनु पर्ने छ। प्राकृतिक स्रोतमा स्थानिय तहले, प्रदेश तहले प्राप्त गर्न सक्ने, लगाउन सक्ने करको स्थिति के हो। हिजो हामीले गरेका थिएनौं भने आज गर्न जरुरी छ।

त्यसैले गर्दा करलाइ राजश्वलाइ प्रगतिशिल ढंगले संकलन गर्नु पर्ने आवस्यकता छ। स्थानिय तह र प्रदेश तहलाइ पनि बलियो बनाउन पर्ने आवस्यकता छ। त्यी काम गरेर खास खर्च वृद्धि गराउन सकिन्छ। पुजीँगत खर्च बढाउनु पर्ने छ। तर हामी थैलि कसरी बलियो बनाउने भन्ने बारेमा सत्ताधारी दल र प्रतिपक्षको बिचमा मेरो बिचारमा एकता हुनुपर्दछ। किनभने बिकास त साझा कुरा हो राष्ट्रिय झन्डा आधारीत ढंगले गर्न सकिन्छ।

त्यही कामका लागि विधेयकमा जे कुरा समावेश गरिएको छ त्यसलाइ ६० प्रतिशत संकलन गर्ने संस्थाले लिने कि स्थानिय तहले लिने कि ६० प्रतिशत प्रदेशमा जाने ४० प्रतिशत प्रदेशमा जाने हो कि अथवा ४० प्रतिसत तल राख्ने स्थानिय तहमा राख्ने हो कि प्रदेश मा पठाउनु पर्ने हो यो विषय थप विमर्शको आवश्यकता छ। थप छलफलको आवस्यकता छ तर विधेयक वान्छानीय छ। विधेयकले जे कुरा परिकल्पना गर्न खोजेको छ जे कुरा व्यवस्थित गर्न खोजेको छ, जे कुरा व्यवस्थापन गर्न खोजेको छ जायज छ। म यही भन्न चाहन्छु। जय नेपाल

**<u>माननीय सभामुखः</u>-** अब म माननीय श्री डा. राजा राम कार्कीलाइ छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय डा. राजा राम कार्की (नेपाली कांग्रेस):-</u>** सभामुख महोदय, करको कुरा पहिले पनि धेरै आयो। कर बढाउने जुन कुरा चलिरहेको छ। मलाइ लाग्छ कर लिदाखेरिमा ध्यान दिनुपर्ने कुरा के लाग्छ भने जसरी चाडक्यले भनेका छन्, नि दुध लिदा गाईबाट धेरै दुध तानिराख्यो भने के आउछ ? रगत आउछ।'' एउटा हिन्दुको हिसावले हेर्ने हो भने गाईको दुध, रगत के हो ? अनि त्यसैगरि जनतालाइ दिने सुविधा केहि पनि छैन अनि उ संग लिने कर,थपेको थपै गरेर जनताको हालत के हुन्छ। एउटा त्यो र दोस्रो कुरा म यो स्मरण गराउन चाहन्छु चिनबाट एउटा अर्थविदहरुको समुह एउटा होयनसनको नेत्रृत्वमा भारत आएछ र त्यतिखेर भेट्न गएछ चाडक्यलाइ। चाडक्यलाइ भेट्न जादा खेरि चाडक्य एउटा टुकि बत्ति बालेर लेखिरहेका थिए। लेखिसकेपछि चिनबाट आएका टोलिलाइ भेट्नलाइ समय दिए। समय दिने बेलामा उनले पहिलाको दियो निभाएर अर्को दियो बालेर काम गर्न सुरु गरे। त्यस पछि होयनसनको नेतृत्वमा आएको चिनिया टोलिले तुरुन्तै सोध्यो यो बत्ति किन निभाएर अर्को बत्ति बालेर हामी संग कुरा गर्न थाल्नुभयो सोधिसके पछि चाडक्यले के जवाफ दिए भने 'अहिले म मेरो काम गर्दै छु। तपाँइहरु संग भेट्दै छु। यो भन्दा अगाडि सरकारी काम गरिरहेको थिए। सरकारको काम गरुनजेल मैले सरकारको तेलमा काम गरिरहेको थिए' हो त्यो फिलिङमा गर्‍यो भने राम्रो कुरा हो।

हैन जनताबाट उठेको कर अनि भ्रष्टचारको बाटोमा जाने हो तल देखि माथि सम्म लुटपाट नै चल्ने हो भने त्यो करको कुनै औचित्य रहदैन एक, दोस्रो कुरा यदि तपाँइले स्वदेशमै उद्योग धन्दा फस्टाउ चाहने हो भने भारत बाट आएका, अन्य देशबाट आएका सिमेन्टहरुलाइ बन्द गर्न चाहने हो भने स्वदेशि उत्पादनलाइ प्रोत्साहन दिनु पर्‍यो नि त्यो माथि कर माथि कर थपेर स्वदेशी उत्पादन उमो लाग्नै नसक्ने स्थितिमा लग्दाखेरि देशको हालत के हुन्छ। देशमा हामीले उद्योग धन्दाको परिकल्पना गर्न सक्छौं। त्यसैले गम्भिर भएर यो सरकार संग मेरो के आग्रह छ भने सभामुख मार्फत भने कि कर लगाउदा कति सम्म लिन सकिन्छ, जनतालाइ केहि सुविधा दिन नसक्ने, घाँस चाहि नहाल्ने दाना पनि

नदिने अनि दुध मात्र दुने दुध पनि दुईसकेपछि त्यसलाइ वितरण पनि सहि ढंगले नगर्ने भयो भने त्यसको के अर्थ हुन्छ। देश आज भन्दा भोलि, भोलि भन्दा पर्सि, पर्सि भन्दा निकपर्सि झन विकराल अवस्था हुदैं जान्छ। त्यसैले यो कर प्रणाली अत्यन्तै पार्दशी करबाट उठेको जुन राष्ट्रिय बजेट हुन्छ। जुन ढुकुटि हुन्छ, जुन राजस्व हुन्छ। यसको सहि सदुपयोग हुनुपर्छ। धन्यवाद ! जय नेपाल

**मानतीय सभामुखः-** अब म माननीय रीना गुरुङ्गलाइ छलफलमा भाग लिन समय दिन्छु।

**माननीय रीना गुरुङ (राष्ट्रिय प्रजातन्त्र पार्टी संयुक्त):-** माननीय सभामुख महोदय, आज प्रदेश नं ३ मा कर तथा गैह्रकर राजस्व सम्वन्धि ऐन, २०७५ लाइ संसोधनको नाममा हामीहरुले आज प्राकृतिक स्रोत माथि कर लगाउने व्यवस्था आजबाट निर्धारण गर्ने भन्ने एका तिर चाहि प्रदेश नं ३ सरकारले कर उठाउने कार्य गरिरहेको छ।

अस्ति भर्खर नेपाल सरकारले विदेशी लगानी सम्मेलन गरेको छ। यो कुरा के हो अलि मैले कुरा बुझेन नेपमलीहरुको सिमेन्ट उद्योगमा कर बढाउने कर बढाइ सकेपछि नेपालि उद्योगहरु धरासाई हुने। त्यस पछि फेरि आर्को केन्द्र सरकारले अब विदेशि लगानिकर्ता हामीहरु संग स्रोत साधन भएन ल आउनुस् हाम्रो देशमा लगानि गर्दिनुस्।यो अलिकति बिडम्वना छ। त्यहिभएर पहिले यो अवस्था थिएन प्राकृतिक स्रोत माथि करको व्यवस्था छ। यो बिर्सिएर हो कि अथवा के को लागि हो जानि जानि हामीहरुले कर लगाउने कुन उदेश्यले हामीहरुले लगाएका छौं भन्ने कुरा प्रष्ट पार्न माननीय मन्त्रीज्यू संग हार्दीक अनुरोध गर्दछु। र यो कर बढाइसकेपछि भोलिको दिनमा उपभोक्ताहरु माथि सिमेन्टको रेट हरुमा बढि नहोस् भन्ने पनि याहाँहरुले सुनिश्चत्ता गर्दिनुहोस् भन्ने मैले निवेदन गर्दै विदा हुन चाहन्छु। जय राष्ट्र

**माननीय सभामुखः-** अब म माननीय आर्थीक मामीला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेललाइ छलफलमा उठेको प्रश्नको जवाफ दिन अनुमति दिन्छु।

**माननीय कैलाश प्रसाद ढुङ्गेल, मन्त्री, आर्थीक मामिला तथा योजना मन्त्रालयः-** धन्यवाद, सभामुखज्यू कर तथा गैहृकर सम्वन्धि संसोधन गर्न बनेको विधेयकमा यस्ता प्रश्न आए कि धेरै गह्रौ सुझाव प्राप्त भएको छ।

सिमेन्ट उद्योगको उत्पादीत वस्तु माथिको कर लगाउने प्राबधान हामीलाइ प्रदेश सरकारको एकल अधिकारको क्षेत्र भित्र पर्छ। एकल अधिकारको क्षेत्र भित्र हामीले अलिकति फरक प्रतिशत देखाएका छौं। साझा अधिकार क्षेत्र भित्रका कर क्षेत्रको रेसीयो स्थानिय सरकारलाइ ६० प्रदेश सरकारलाइ ४० हामीले यस अघि बताएका नै छौं। यो चहि एकल अधिकार प्रदेशमा भएको नाताले यसको हामीलाइ ६० प्रतिशत प्रदेश अंश बनाएको बेहोरा अनुरुप छ।

कर उठाँउन हुन्छ कि हुदैन भन्ने बहस त्यति साह्रो, कति आउन पर्थ्यो छलफलमा त्यति आएन जस्तो लाग्छ मलाइ। हाम्रा सेवा सुविधाहरु संगै समाजको परिवर्तीत सम्दर्भमा कुनै पनि व्यवसाय संग उद्योग संग राज्यले लिने कर मात्रा कति धेरै हुन्छ कति थोरै हुन्छ, यो कुरा हुनसक्छ तर कर हिजो थिएन तर आज छ। हिजो हाम्रा सेवा सुविधा, हाम्रा बिकास निर्माण र हामीले गर्ने कृयाकलापहरु हिजो कुन रेसीयोमा थिए आज कुन रेसीयोमा छ। तसर्थ पनि यस्ता कुराहरु बढ्ने घटेन.गर्दछन् यो चाहि सापेक्षतामा आधाति विषय हो।

विद्धान् माननीय ज्यूहरुले सुझाव दिनुभएको छ। विषय पनि अर्थमै भएको कारणले यतिबेला मुलुक गम्भिर अवस्थामा छ, संङ्कटै संङ्कट छ जरजरे अवस्थामामा आशाका किरणहरु पनि कतै देखिदैन हामी त कस्तो कस्तो ब्लाक होल भित्र बसिरहेका छौं कि भन्ने आशङ्का पनि उठेको छ। त्यो आशङ्का नगर्न अनुरोध गर्दछु। अब यो पुस्ता उज्यालो ल्याउनको लागी आएको पुस्ता हो। अहिले कुनै शंकट छैन। सबैलाइ थाहा छ। संसदबाटै सभामुख यो सभाले हिजो बेलुकाको २ नं प्रदेशमा भएको घटनाको बारेमा प्रस्ताव पेश गरेको हुनाले मैले केहि भन्न चाहिन तर नेपालमा यति बेला शंकट आएको हो। शंकटै शंकट छ भनेको एउटा शंकट होला राजनैतीक हिसावले भन्नु पर्दा यो दुइ तिहाईको छ। यस अर्थ हामीलाइ शंकट पऱ्यो भन्न सकिएला कसैलाइ के के भैरहेको छ। खत्तमै भयो उज्यालोको किरण नै छैन।

आज प्रदेश सरकारले गरेका कामको कृयाकलापलाई यो सदनले नजिकबाट हेरेको छ भन्ने मलाइ लाग्छ। कुन अवस्थामा र कस्तो समयमा हामीले सरकारको काम सुरु गऱ्यौ। कस्तो अवस्था थियो आज प्रदेश सभाले गरेको कामलाइ मसिनो गरी राजनैतीक आखाँले हेरिदिनु भयो भने मलाइ लाग्छ टुङ्गोमा पुगिन्छ। मैले धेरै पढेको छैन। मैले चाडक्य कथा पनि धेरै जानिन, माहाभारतको कथा अलिअलि पढे। यति धेरै ज्ञान गुनका कुराहरु थिए भने याहाँ भन्दा पहिले पहिले पनि चाडक्य कथा त्यो सरकारलाइ नपढाइदिनु भएकोले नि यस्तो भएको हुन सक्छ। यति विद्धान् माननीयज्यूहरुले चाडक्यको कथा पढ्नु भएको छ। सायद यो सरकार भन्दा पहिले पनि अरु सरकार थिए त्यो सरकारको सिरानीमा चाडक्यको किताब राख्दिन्थ्यो भने यो अन्योल्ता नै हुने थिएन त्यसैले चाडक्य कथा पढेको यो सरकारले मन्त्रीपरिसदको सदस्यको नाताले चाडक्य कथा मैले पनि पढेको छु।

मलाइलाइ लाग्छ मैले पनि चाडक्यक कथामा उभिन तयार छु। यदि एउटा मन्त्रीको हिसावले सरकारमा बसेको मन्त्रीको हैसियतले अहिले त टुकि बत्ति त बाल्नु पर्दैन तर बेलुकी बत्ति बाल्दाखेरि राति वत्ति बालेकोबालै गरेर सुत्ने गरेका माननीय सदस्यहरु बत्ति निभाएरै सुत्छ। बालेको बालै जथाभावी बालोस भन्ने पक्षमा यो सरकार पनि छैन। माननीय सदस्यहरु पनि हुनुहुन्न। यसमा ढुक्क हुनुभए हुन्छ। चाडक्यको सिद्धान्त ३ नंम्बर प्रदेशले राम्रो संग फलोअप गऱ्याछ। अब के विषयमा बोल्ने के विषयमा नबोल्ने भन्ने हामीलाइ अन्योल नै रहेको रहेछ। मलाइ त्यस्तो लाग्यो म पनि त्यस भित्र पर्न सकुला या नसकुला।

नेपालको संविधानले के दियो, नेपालको संविधान बनाउदा खेरि तत्कालीन समयमा नेपालका मेजर राजनैतिक पार्टीहरु विषेश गरि अहिलेको ने.क.पा त्यतिबेलाको ने.क.पा एमाले र एकिकृत माओवादी, नेपाली कंग्रेस लगाएत अरु दल सबै भएर यो संविधान बनेको हो। यो संविधानको पानामा हेर्दाखेरी कतै प्रचन्डको फोटो देखिन्छ। कतै केपि वलीको फोटो देखिन्छ। कतै माधव नेपालको फोटो देखिन्छ। कतै सुसील कोइराला र देउवाको फोटो देखिन्छ। सबैको फोटो देखिन्छ। सबैको बिचारको प्रतिनिधित्व संविधानले गरेको छ। त्यसले के लेख्यो नेपाल धर्म निरपक्ष हुनेछ। नेपाल संघीय मोडलमा जानेछ।

नेपाल समाजबाद तर्फ हिड्ने छ। यस्ता यस्ता धेरै लेखिए त्यहि संविधानमा सहि गर्ने अनि बाहिर के बोल्ने भने अब राजाले गरे जस्तै हुन्छ। हिन्दु धर्मै हुनुपर्छ याहाँ संघीयता खारेज गर्नुपर्छ भनेर रोष्टमहरु प्रयोग गर्न मिल्छ कि मिल्दैन माननीय सदस्य ज्यूहरु। आफ्नो मर्यादामा हेर्‍यौ। यो सरकार त केवल एउटा समय अबधिको मात्र हो। यो चक्र घुमिरहन्छ। सरकार त बन्न सक्छ आउन सक्छ। तर हामीले रक्षा गर्नुपर्ने हाम्रो संविधान हो। त्यो संविधान लाइ रक्षा गर्न सकीयो भने हामी फेरी सबै मानिसले जित्छौं।

तर हामी सबैले जित्ने बाटो तर्फ लागौ अरु सबै खराव मैले जित्छु भन्ने हो भने टुङ्गोमा पुगीन्न। यो त कस्तो भयो भने घाम चर्को भने पनि दुई तिहाईले गर्दा चर्को, आज धन्न भनिएन २ नं प्रदेशमा हावा दुई तिहाईले पो ल्याको हो कि भन्ने मलाइ त्यस्तो पनि डर लागीरहेको थियो। भन्नुभएन धन्यवाद ! अब याहाँ प्रदेश सरकारको विषयमा पर्छ होला मलाइ त्यस्तो लाग्दैन। सम्मानीत तहलाइ पनि हामीले प्रश्न उठाइ रहेका छौं।

सम्मानीत तहलाइ मैले त सुने अस्ति काठमाडौंको सभामा म त्यहि बेला पुगेछु। यो देशमा लुट्न पर्छ स्वदेशि हो कि विदेशि हो लुट्न याहाँ आउ अन्त छुट हुँदैन भन्दा लुटको लागि बनाइएको गीतमा एउटा माननीय सदस्यले पुरस्कार दिनुभयो भित्रै बिस हजार दिन्छु म तपाइले राम्रो गीत गाइदिनु भयो तपाइ मेरो पुन्ने लाग्नेछ हुनुहुन्छ।

त्यस्तो बाटो देखाइदिनु भयो मलाइ पनि यही बाटोमा हिड्न सिकाइदिनु भयो। कोटी कोटी नमस्कार छ भनेर बिस हजार दिनुभयो। त्यसबारे हामी बोलेनौं। तर हामीले सम्मानीत तह राष्ट्रपतिलाइ प्रश्न गर्‍यौ। प्रश्न गर्न सकिएला राष्ट्रपतिको खर्चको बारेमा अनुरोध गर्छु के के खर्च राष्ट्रपतिले लिनु भएको छ। विवरण माग गर्न चाहन्छु धन्यवाद ! र माननीय सदस्य ज्यूहरुले उठाउनु भएको प्रश्न यसमा कर तथा गैह्रकर सम्वन्धि जे उचित उठाउनु भएको छ। आवस्यकता अनुसार त्यो चिजलाइ सरकारले प्रत्याभुती गर्ने छ। आवस्यकता अनुसार चल्ने छ। धन्यवाद

**<u>माननीय सभामुखः</u>-** अब यो छलफल याँही समाप्त हुन्छ। अब म कर तथा गैह्रकर राजस्व सम्वन्धि ऐन, २०७५ लाइ संसोधन गर्न बनेको विधेयक माथी बिचार गरियोस् भन्ने प्रस्तावलाइ निर्णायत प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर तथा गैह्रकर राजस्व सम्वन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथी बिचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म माननीय आर्थीक मामला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेललाइ प्रदेश वालवालीकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथी बिचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु।

माननीय कैलाश प्रसाद ढुङ्गेल, मन्त्री, आर्थीक मामिला तथा योजना मन्त्रालयः- माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश वालवालीकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथी बिचार गरियास् भन्ने प्रस्ताव सम्मनीत सभामा पेश गर्दछु। धन्यवाद

माननीय सभामुखः- अब प्रदेश वालवालीकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथी बिचार गरियोस् भन्ने प्रस्ताव माथी अर्थात विधेयक माथि सामान्य छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु यो छलफलमा सैद्धान्तीक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध र्गदछु। उक्त छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यले आ-आफ्नो नाम सभामुखको डयास संगै बसेका कर्मचारीहरुलाइ उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लीने सदस्यहरुलाइ ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम म माननीय मीना ज्ञवालीलाइ छलफलमा भाग लीन समय दिन्छु।

**माननीय मीना ज्ञवाली नेपाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः-** माननीय सभामुखज्यू, वालवालीकाको हक अधिकारको संरक्षणको लागी र उनिहरुको शारीरिक, मानशिक र वौद्धिक एवम् संम्वेगात्मक बिकास गर्ने उदेश्यका साथ प्रदेश सरकार सामाजीक बिकास मन्त्रालयले ल्याएको प्रदेश वालवालीकाको अधिकार संवन्धमा व्यवस्थागर्न बनेका विधेयक सदनमन पेश भएको छ। त्यसको सैद्धान्तिक छलफमा उभिएको छु।

वालवालिका संम्वन्धि ऐन निर्माण गर्दा वालकलाइ मात्र ध्यान दिने र वालिकाको विषयमा कम ध्यान दिने गरिएको पाइन्छ। यो विधेयकमा उल्लेख भएको छ। वालवालिकालाइ बाच्न पाउने अधिकार हुने छ भन्ने कुरा उल्लेख छ। तर हाम्रो समाजमा आज वालीकालाइ जन्मन पाउने अधिकार पनि छैन। यस अर्थ वालिकालाइ जन्मन पाउने अधिकारको पनि ग्यारेन्टि हुनुपर्छ। भन्ने मलाइ लाग्दछ र यो विषय काहाँ समेट्न सकिन्छ त्याहाँ समेट्न म आग्रह गर्दछु।

यसैगरि १८ वर्ष भन्दा तलका सबै वालवालिकाहरु हुन् र १८ वर्ष भन्दा तलका वालिका महिनावारी हुने गर्छिन्। महिनावारीको समयमा अहिले पनि वालिकाहरुलाइ छुवाछुतको अवस्थामा राखिने प्रचलन छ। यो विषयमा पनि ऐनमा उनिहरुले त्यो प्राकृतिक रुपमा उनिहरुको महिनावारी हुन्छ त्यो उनिहरुको प्राकृतिक अधिकार हो। अर्थात उनिहरु प्राकृतिक रुपमा बिकास हुने बेलामा छुवाछुतको जस्तो व्यवास्ता हुने र छाउपडी जस्तो कुराहरु याहाँ हाम्रो सुदुरपश्चिममा होइन काठमाडौंमा पनि प्रचलनमा छ।

त्यसकारणले यो वालवालीका संम्वन्धि ऐनमा यो कुराको पनि उल्लेख हुनु पर्छ र उनीहरुलाइ सहज रुपमा वातावरण सृजना गर्ने घर परिवार देखि स्कुलमा र स्कुलमा वालमैत्री, वालवालीका मैत्री शौचालयहरुको व्यवस्था हुनुपर्छ भन्ने कुरा पनि ऐनमा उल्लेख हुनुपर्छ भन्ने मलाइ लाग्दछ। यसैगरि यस ऐनमा वाल आवासीय वाल संरक्षण केन्द्र स्थापना गर्ने करा उल्लेख छ। यो वालवालीकालाइ आवास केन्द्रमा लामो समय सम्म राख्ने प्रचलन त्यति राम्रो होइन किनकी यो वाल संरक्षण केन्द्रलाइ पुनरस्थापना केन्द्रको रुपमा परिवर्तन गर्नु पर्छ। र बालबालिकालाइ समाजमा नै रिह्यावेिटेसन गर्नु अत्यन्तै आवस्यक हुन्छ।

उनीहरुको बुवा आमा उनीहरुको आफन्त अर्थात समाजमा पुनःस्थापना र वाल संरक्षण केन्द्रमा लामो समय राखियो भने उनीहरु पछि जवान भए पछि समाजमा पुर्नस्थापित भएर काम गर्न बस्न जिउन उनीहरुलाइ गाह्रो हुन्छ। यो विषयमा पनि विशेष ध्यान जायोस् भन्ने अनुरोध गर्दछु। अन्तराष्ट्रिय संघ सस्था र सरकारहरुको कामहरुको प्रयोगले यो विषयलाइ अध्यन गरेको तथ्याङ्कले पनि देखाउछ। हस् धन्यवाद नमस्कार

**माननीय सभामुखः-** अब म माननीय रिता माझीलाइ छलफलमा भाग लिन समय दिन्छु।

**माननीय रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी)ः-** माननीय सभामुख महोदय, प्रदेश वालवालीकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक आएको छ। यसलाइ स्वागत गर्न चाहान्छु। सर्व प्रथम त म के भन्न चाहान्छु भने विधेयक २/३ महिना पछाडि संसद चलिरहेको छ अनि बल्ल बल्ल विधेयक आएको छ त्यहि पनि विधेयकमा विधेयक संख्या नै नलेखि आएको छ। यो भन्दा अगाडि पनि यो विधेयक संख्या आएको छैन। मन्त्रालयको कमजोरी हो या सचिवालयको कमजोरी हो। यसलाइ सच्चाउनुहुन अनुरोध गर्दछु।

त्यसैगरी वालवालीकालाइ संरक्षण गर्ने हक अधिकार दिने उनीहरुलाइ उचित स्याहार गर्ने भन्ने कुरा हाम्रो आइरहेको छ। सबै भन्दा पहिले हाम्रा वालवालीकाहरु किन सडक सम्म पुग्छ किन उचीत स्याहार पाइरहेको छैन। त्यो उचित स्याहार दिनको लागी कसलाइ हामी सम्वन्धित व्यक्तिलाइ समाउने हो।सम्वन्धित व्यक्तिलाइ समाएर किन आफ्नो छोरा छोरी आफ्नो सन्ततीलाइ उचित स्याहार गर्न सक्नुभएको छैन।त्यो पत्ता लगाउनु जरुरी छ भन्ने मलाइ लागेको छ। प्रदेश सरकार र यस मन्त्रालय मार्फत हुने काममा सबै भन्दा पहिले वालवालीकाहरु किन सडक सम्म आउने अवस्था बन्यो त्यो कुरालाइ विशेष अध्यान गरेर उहाँहरुको घर परिवार, समाजको कारणले हो कि पारिवारिक कारणले हो की त्यो कारण पत्ता लगाएर त्यो विषयमा कार्यक्रमहरु विनियोजन गरीयो भने

पक्कै पनि हाम्रो समाजमा अहिले भइरहेको तुलनामा केहि न केहि हुन्थ्यो होला भन्ने मलाइ लागेको छ।

यो विषयमा विशेष ध्यान जायोस् अनि मात्रै वालवालीकाको सुधार केन्द्र वाल गृह, यो स्थापना भनेको पछिको कुरा हो। मलाइ लाग्छ अहिले नै हामीले त्यो सुधार गृह स्थापना गर्न तिर लाग्यौ भने जति पनि अहिले व्यवारिसे वालवालीकाहरु छन्। यसको अब सरकारले प्रदेश नं ३ को सरकारले चाहि यो विधेयक नै बनाएर जिम्मेवारी पो लिन लागी सकेको रहेछ भनी जति पनि त्यस्ता खालका वालवालीकाहरु उत्पादन हुन सक्छन् त्यसलाइ रोक्नको लागी जानचेतना जगाएर हुन्छ कि के कार्यक्रम गरेर हुन्छ त्यो रोक्नुपर्छ भन्ने मलाइ लागेको छ। त्यो संगसंगै हामीले सुनिरहेका छौ विभिन्न ठाँउको वालवालीकाहरु हामीले एउटै गृहमा जम्मा गर्छौं। एउटै गृहमा जम्मा गरीसकेपछि कस्को बुवा आमा पत्ता छैन के जात के धर्म केही छैन।

अनि उनीहरुलाइ चाहि धर्मको नाममा उनीहरुलाइ एउटा वाल दिवसको नाममा वाल अधिकारको नाममा चाहि एउटा धर्म प्रचार गर्ने सामग्रीहरु वितरण गर्ने कार्यक्रमहरु पनि भएरहेको छ। यो कुरालाइ चाहि म प्रदेश सरकारले यही विधेयक मार्फत रोक्नेखालको निति नियम कानून बनाउनु पर्छ भन्ने मलाइ लागेको छ। र यो कर तथा गैह्र कर राजस्वमा आइसकेको छ जादु सर्कस लगाएतका विषयहरुमा चाहि कर लिने भनेर फेरी वालवालीकाहरुलाइ यो जादु सर्कसमा प्रयोग नहुने भनेर आएको छ।

त्यो कुरा चाहि बाजिएको हुनाले कि त्यसमा कर लिने कुरा यथावत राख्नुपर्‍यो या हटाउनु पर्‍यो। यदि त्याहाँ कर नलिने भने देखि यो कुरालाइ राख्नुपर्छ भन्ने मलाई लागेको छ। हस् त धन्यवाद जय राष्ट्र जय जनता।

**<u>माननीय सभामुखः-</u>** अब म श्री रमेश पौड्याललाइ छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी):-</u>** माननीय सभामुखज्यू प्रस्तुत यस वालअधिकार सम्वन्धि विधेयकको सैद्धान्तिक छलफलमा आफ्ना केहि कुराहरु राख्दै

गर्दा मैले सबै भन्दा पहिले यस विधेयकको दफा ४ को २ मा एउटा प्राव्धान देखे जहाँ आमा बावु या संरक्षकले वालवालिकाको नाम र नागरीकता नं सहित प्रचलित कानून वमोजिम जन्म दर्ता गर्नुपर्दछ भन्ने प्रस्ताव छ।

यो व्यवस्थालाइ अलि गहिरेर हेर्दाखेरी यो अत्यन्त समस्या ग्रस्त समस्या हो। र विभेदकारी व्यवस्था पनि हो। किनभने कुनै पनि नेपाली महिलाले विदेशी पुरुस संग बिहे गरीन् र नेपलमै बच्चा जन्मियो भने उसको जन्मदर्ता हुन नसक्ने स्थिति यसले निम्ताउछ। किनभने हाम्रो संविधानको जुन धारा ११ (६) ले नेपाली नागरीक संग बैवाहिक सम्वन्ध कायम गरेकि विदेशि महिलाले चाहेमा संघीय कानून वमोजीम नेपालको अंगिकृत नागरीकता लिन सक्ने छ भनी व्यवस्था गरेको छ। यस्तै व्यवस्था चाहि कुनै नेपाली महिलाले विदेशि पुरुस संग बिहे गरेको हकमा पुरुसले नागरीकता पाउन सक्ने व्यवस्था छैन। यो विभेदकारी व्यवस्थाको विरुद्ध अहिले पेचिलो वहस संघीय संसदमा पनि चलिरहेको छ। त्यो हामी सबैलाइ थाहाँ छ।

त्यसो हुँदा हुँदै याहाँ निर यो व्यवस्था राखुले के कुरा इङ्कित गर्छ भने आज हाम्रा दिदि बहिनि, छोरी चेलीहरुले भोली विदेशि नागरीक संग विहे गरे भने उनीहरु नेपालमै बस्ने निर्णय गरे भो बच्चा जन्मियो भने त्यो बच्चा अनागरीक हुने खतरा यसले देखाउछ। उसले भोली स्कुलमा भर्ना हुन पाउदैन, पढ्न पाउदैन यसले गर्दा यस्तो खालको गम्भिर यो पश्चगामी खालको विधेयक एउटा मैले अग्रगामी ठानेको मन्त्रीले कसरी लिएर आउनु भयो। हिजो यो नेपालमा साम्यवाद ल्याउछौ, सबै कीसीमको असमानता हटाउछौं भनेर हिडेको मन्त्रीज्यूले म उहाँको नियतमा त शंका गर्न चाहन्न। उहाँले विधेयक पारित हुँदै गर्दा संशोधन गर्नु हुने छ भन्ने म अपेक्षा राख्दछु। त्यसैगरी यो विधेयकमा छुटेका अरु केहि कुराहरु के छ भने अहिले चाहि महंगा र राम्रो स्कुल पढाउने नाममा अभिभावकहरुले जानेर अथवा नजानेर बच्चाहरुलाइ लामो घण्टौं सम्मको यात्रा गर्नुपर्ने गरेर बसमा कोचेर बच्चाहरु पठाउने गरीन्छ। त्याहाँ पनि वालअधिकारको हनन् भइरहेको छ।

बच्चाहरु हामीले ट्राफिक जाम हुने मुख्य सडकमा बसेर हेर्‍यौ भने विद्यालय समयमा बच्चाहरु त्यो बसमा खादिएको कोचिएको उगेर बसिरहेको निदाएको स्थिति दर्दानक स्थिति

हामीले देखिरहेका छौ। त्यो स्थितिलाइ पनि हामीले यो विधेयक मार्फत सम्वोधन गर्नुपर्दछ भन्ने लाग्दछ। त्यसैगरी अर्को विषय के छ भने देखि अहिले चाहि हाम्रो साक्षरता दर बढिरहेको छ।महिलाहरुको पनि शाक्षरता दर बढिरहेको छ।

महिलाहरुले पनि घर बाहिर निस्केर सरकारी कार्यलयहरु, उद्योग धन्दाहरु निजि प्रतिष्ठानहरुमा काम गर्ने परिपाठि बनेको छ। त्यसले गर्दा के हुन्छ भने त्यस्ता क्षेत्रमा चाहि यो हेरचाह केन्द्र अनिवार्य रुपमा राखिनु पर्दछ। हेरचाहा केन्द्र नहुदाखेरी यो वाल अधिकार हनन् भैराखेको छ। र हाम्रो चाहि यो सुत्केरी बिदा पनि बिकसित देशको तुलनामा हाम्रो देशमा अलिकति कम नै छ। त्यो २ महिनाको हाराहारीमा दिएको छ। त्यो अपर्याप्त नै छ। त्यति मात्रै विदाले गर्दा चाहि बच्चाको जुन स्तनपान सम्वन्धि अधिकार पनि हनन् भइरहेको छ। त्यसले गर्दा म के माग गर्दछु भने प्रदेश सरकारले चाहि आफ्ना मातहतका कार्यलयहरुमा सबै ठाँउमा हेरचाह केन्द्रहरु राख्ने सुनिश्चिता गर्‍योस्। भन्ने अनुरोध गर्न चाहान्छु। धन्यवाद।

**<u>माननीय सभामुखः-</u>** अब म सृजना सायजुलाइ छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय सृजना सायजु (नेपाली मजदुर किसान पार्टी):-</u>** माननीय सभामुख महोदय, बर्गिय समाजमा कामदार वर्गका वालवालीका माथि शोषण र अधिकारबाट बञ्चित हुनु आश्चर्य होइन। ८० प्रतिशत भन्दा बढि काम गरी खाने जनतालाइ गरिविले थिचेको छ भने ३५.२ भन्दा बढि जनता गरिविको रेखा मुनी छन्।

गरिविको गर्वबाट जन्मिएका वालवालीकाहरुलाइ यो विधेयकले सम्वोधन गर्छ की गर्दैन महत्वपूर्ण प्रश्न त्यो हो। गरिविकै कारण अज पनि १६ लाख भन्दा बढि वालवालीकाहरु प्रत्यक्ष रुपमा जोखिम पूर्ण शारीरिक श्रम गर्न बाध्य छन्। वाल श्रम कै कारण उम्कनै नसक्ने गरिविको भिषण चक्रको निर्माण रोकिएको छैन। हामी समाजवाद उन्मुख व्यवस्था दाबि गर्दै छौ। यो विधेयकले वालवालीका गर्वमा बसे देखि नहुर्कुनजेल सम्मको उचित स्याहार हेरचाह पालन पोषणको अधिकार सुनिश्चित गर्नु पर्दछ। गर्व देखि

चिहान सम्मको दायित्व राज्यले लि स्वास्थ्य उपचार अनिवार्य रुपमा निशुल्क गर्न सकेमा जनताले राहतको अनुभव गर्ने छन्। वालवालीका देशको भविष्यको सम्भाहक हुन्छन्।

वालवालीकाको उचित बिकासको लागी प्रत्येक वडा वडामा शिशु स्याहार र वाल उद्यानको बन्दोवस्त बारे विधेयक मौन छ। वाल बिकास केन्द्रहरुको निर्माण गरी देशका लागी आवश्यक र दक्ष नागरीक हुर्काउन सकिन्छ। विधेयकमा शिक्षाको अधिकार बारे उल्लेख छ। यसमा लेखिनुपर्छ माध्यमिक तह सम्मको शिक्षा निशुल्क र अनिवार्य गरी वालवालीकाको पढ्न पाउने हक सुनिश्चित गरनेछ।

उत्पादन श्रम संग जोडिएको शिक्षा लागु गर्ने कुरा उल्लेख गरिनु पर्दछ। तब मात्र वास्तवमै वालवालीकाको अधिकारको सुनिश्चितताको कुरा सान्दर्भिक हुने छ। राजतन्त्र देखि पुजिँवादि गणतन्त्र सम्म आइपुदापनि वालवालीकाको अवस्थामा गुणात्मक परिवर्तन नहुनु सोभनिय मान्न सकिदैन बाच्न पाउने अधिकारको कुराले खान नपाएरै पोषण नपुगेरै दिन दिनै वालवालीकाको स्मरण गराउद छ। भर्खरै बारा पर्सामा प्राकृतिक विपत्तिका कारण गरिव जनता र तिनका सन्तानले प्राण त्यागन पऱ्यो। यसमा राज्यले जिम्मेवारी लिनु पर्दछ।

लेखेर मात्र हुदैन तर लेखीएका कुरा कार्यन्वयनमा लानु महत्वपूर्ण हो। न्यायीक अधिकारको सन्दर्भले १३ वर्षे वालीका निर्मला पन्तको स्मरण गरायो। निर्मलाले अझै न्याय पाएकि छैनन्। प्रत्येक दिन ६ वटा बलत्कारको घटना हुन्छन्। त्यसमा अधिकांश ५ देखि १७ वर्षका वालीकाहरु छन्।

बितेको ५ वर्षमा भारतमा वालवालीकाहरुको निर्यात ५०० प्रतिशतले बढेको तथ्याङ्क छ। दुब्चेश्वर गाँउ पालिका अध्यक्षले भारतमा संचालन गरेको ४ वटा कोठिमा अधिकांश वालीका रहेको समाचार सार्वजनीक भएको स्मरण छ। नेपाल भारतक खुल्ला सिमाना कै कारण पनि यो समस्या भयानक भएको हो।

वालीका मात्र होइन वालकहरु पनि सस्तो श्रमको लागी बेचिएको तथ्याङ्क छ। आई.एल.ओ कै तथ्याङ्कले ६२ हजार वालवालीका अत्यन्त जोखिम पूर्ण कार्यका लागी बेचिन्छन् भन्ने देखाएको छ। बालविवाह रोकिएको छैन। वातावरण बालमैन्त्री पटक्कै छैन। बाल श्रम शोषण बढेको बढै छ। यो बिचमा २०७८ सम्म प्रदेशलाइ बाल विवाह मुक्त

८० सम्म बाल मैन्त्री र बाल श्रम पूर्ण निशेध गर्ने उदेश्य लिएको छ। विधेयकको कार्यन्वयन प्रभावकारी हुने आशा गर्दछु। धन्यवाद।।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय श्री रिना गुरुङ्गलाइ छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय रीना गुरुङ (राष्ट्रिय प्रजातन्त्र पार्टी, संयुक्त)ः-</u>** माननीय सभामुख महोदय, सर्वप्रथम म यस प्रदेश बाबालीकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक प्रस्तुत भएकोमा म स्वागत गर्न चाहानछु। प्रदेश नं ३ को बालबालिकाको अधिकारको लागी यो विधेयक चाहि निकै महत्वपूर्ण र आवश्यक पनि थियो।

अहिले प्रदेश नं ३ मा हामीहरुले चाहि यो विधेयकको कुरा गरिराख्दाखेरी चाहि वाल श्रम छ कि छैन भन्ने प्रश्नमा आइराख्दा हामीहरुले मलाइ लाग्छ हेटौंडा सम्मको यात्रा काठमाडौंबाट आएका माननीयज्यूहरुले बाटो बाटोमा कति बच्चाहरुलाइ चाहि होटलहरुमा काम गरेको अवस्थामा पक्कै पनि देखुभएको छ होला। हामीहरुले नि हेरिरहेका छौं वालश्रम हाम्रै प्रदेशमा व्याप्त स्थितिमा छ।

तर माननीय सभामुख महोदय, मैले के भन्न चाहान्छु भने अब यो हामीहरुकै अगाडि वालश्रम भैराखेको छ। उहाँहरुले चाहि हामी कुन अवस्थामा छैनौं भने त अव तिमिहरु काम नगर तिनिहरुको चाहि भोलि फ्युचर सेक्युर गर्छु भन्ने स्थितिमा पनि छैन। त्यो भएर वालश्रम हटाउनै पर्छ। तर त्यस्ता बच्चाहरुलाइ हामीहरुले एउटा भविश्य निर्धारण गरेर एउटा ठोस निति नियम सहित अगाडि बढ्नु पर्छ भन्ने म चाहि अनुरोध गर्न चाहान्छु।

नागरीकताको कुरा अहिले केन्द्रमा पनि अलि पेचिलो बनेको छ। केहि राम्रो पक्ष पनि छ होला केहि नराम्रो पक्ष पनि छ होला राष्ट्रियता को कुरा पनि छ। त्यहि भएर तर फेरि पनि केहि कुराहरुमा के छ भने बावु आमा दुवै पहिचान नभएका जति पनि वालवालीका छ। याहाँहरुलाइ पनि नागरीकता दिनमा कानूनी रुपमा धेरै नै अर्चन छ। आमाको नामको नागरीकता विधेयक चाहि उता पारित भए पनि अहिले फेरी छलफलमा गए पनि आमाको

नामबाट नागरीकता नपाउने नै अहिलेको अवस्थामा छ तर भोलीको दिनमा चाहि जसको बा पनि छैन आमा पनि छैन त्यस्तो बच्चाहरुको लागी चाहि जुन नागरीकताको व्यवस्था छ। त्यो अधिकार चाहि अब कसरी पुरा गर्छ प्रदेश नं ३ सरकारले। त्यहि भएर यसमा पनि अलिकति ध्यान जायोस्।

बालविवाहको कुरा पनि गरीराख्दा हाम्रै प्रदेश नं ३को राजधानि मै हामीहरुले अस्ति भर्खर समाचार सुनेका थियौ। १२ वर्षको वालीका गर्वबति भएर चाहि एउटा सन्तान पनि जन्मायो। यस्तो अवस्था राजधानिभित्रै भइराख्दाखेरी हामीहरुले त्यसलाइ कम गर्नको लागी कस्तो खालको निति ल्याउने यो विधेयकले यो सम्वोधन गर्छ या गर्दैन भन्ने चाहि यसमा हामीहरु गम्भिर हुनुपर्छ। सभामुख महोदय, र सडक बालबालीकाको कुरा गर्दा हामीहरुले कति पटक सुकुम्बासीको कुरा गर्छौं।

भूमि विहिनका कुरा गर्छौं तर मैले भनिराख्दाखेरी जो साच्चैको सुकुमबासी, साच्चिकै भूमि हिन हो सडक बालबालीका यीनीहरुको न आमा छ न त बुवा यस्तो बच्चहरुलाइ प्रदेश सरकारले एट्लिष्ट प्रदेश भित्रका बालवालीकालाइ भोलिको दिनमा उहाँहरु सुकुमवासी चै नबनुन् यसको लागी भूमि व्यवस्था मन्त्रालयबाट हामीहरुले त्यस्ता बच्चालाइ केहि न केहि उहाँहरुलाइ भूमिको व्यवस्था घरको व्यवस्था गर्नैपर्छ भन्ने लाग्छ सभामुखज्यू। जय राष्ट्र।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय श्री राधा घलेलाइ छलफलमा भाग लीन समय दिन्छु।

**<u>माननीय राधा घले (नेपाली कांग्रेस)ः</u>-** माननीय सभामुख महोदय, आज प्रदेश बालबालीकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको यो विधेयक जुन आएको छ। प्रदेश सरकारले ल्याएको छ। यो अत्यन्तै महत्वपूर्ण विधेयक छ र यसको विषयमा हामी सैद्धान्तिक रुपमा छलफल गर्न गइरहेका छौं। र त्यो भन्दा अगाडि म सभामुख संग अनुमति मागेर भर्खरै २ नं प्रदेशमा हावा हुरीले गए राती जुन ठुलो जनधनको क्षति पुऱ्याएको छ। त्याहाँ धेरै ठुलो मानविय क्षति भएको छ र मृतकको आत्माको चिर शान्तिको

साथ साथै घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु र पूर्ववक्ता माननीयज्यूहरुले धेरै भनिसक्नु भएको छ र हामीहरु पनि प्रदेश हाम्रो सांसदको तर्फबाट पनि त्याहाँ केहि सहयोग जाओस् भन्ने पनि म फेरि आग्रह गर्न चाहान्छु।

वास्तवमा यो। अत्यन्तै बालबालीकाको संवेदनशील विषय हो। र बालबालीका संग संगै उसको भविश्य जोडिएको हुन्छ। भोलि फ्युचर हुनेहरुको र यसमा सबै भन्दा पहिला यो जुन विधेयक आएको छ यो अत्यन्तै राम्रो छ। मैले सरर पढे। धेरै खोट लाग्ने ठाँउ मैले देखिन। धेरै राम्रो छ। तर सन्देह काँहा निर छ भने यो विधेयक जुन ऐन विधेयक आएको छ। यो चाहि कार्यन्वयन हुन्छ कि हुदैन। हुनसक्छ किनभने हामीलाइ धेरै शंका लागेको छ। यो विधेयक कार्यन्वयन हुने पक्षमा किनकि एउटा १३ वर्षे वालीका निर्मला पन्त पूर्ववक्ताले भनिसक्नु भएको छ। उसको बलत्कार हुन्छ त्यसपछि हत्या गरिएको छ। तर ९ महिना भैसक्दा आज उसले न्याय पाउन सकेको छैन।

जब न्यायको लागी नागरीकले आन्दोलन गर्छ। गोलि खानुपर्छ यो देशमा र अर्को कुरा बालबालीका संग संगै महिला उसको आमा जोडिएको हुन्छ। पूर्ववक्ता माननीयले उठाइ सक्नुभएको छ। जुन कुरा आज भर्खरै यो विधेयकमा पनि लेखिएको छ। बालबालीकाको जन्म दर्ताको विषयमा बालबालीकाको जन्मदर्ता गर्दाखेरी उसको आमा र बावुको नागरीकता हुनुपर्छ भनेर लेखिएको छ। आमा वा बावुको नागरीकता हुनुपर्छ भन्ने लेखिएको छैन। जब कि संविधानको धारा ११ मात्र होइन। संविधानको धारा ३८ को मौलिक हकमा स्पष्ट याहाँ लेखिएको छ कि महिला र पुरुषलाइ कुनै भेदभाव गरिने छैन भनेर। लैङगिक भेदभाव रहित संविधानले चाहि जुन व्यवस्था गरेको छ।

तर संविधानले एउटा व्यवस्था आज केन्द्रको सरकारमा पनि यो नागरीकताको जुन वहस चलिरहेको छ। लामो समय देखि आमा र वावु वा आमा र वावुको तर आमाको नामबाट नागरीकता यदि लिन नपाउने हो भने भर्खरै माननीयले पनि व्याख्या गर्नुभयो। यदि भैदियो भने बच्चालाइ के हुन्छ भने फेरि अर्को आमा वा बावुको नाममा भनेर भन्ने, आमा वा बावुको नाममा किन भन्ने, किन नलेखिने किन यति विभेद गरिन्छ ? आमाको नाममा जुन वंशको आधारमा मौलिक हकमा लेखिएको छ। हुनुपर्छ यदि त्यस्तो भयो भने बच्चाले भाली याहाँँ चाहि के भने बच्चाको ह्यारेष्टमेन्टको कुरा छ।

सभामुख महोदय, बच्चाको जीन्दगीको आत्मासम्मानको कुरा छ। जब कि बच्चाले उसको आत्मसम्मान संग बाच्न पाउने अधिकार संरक्षीत हुनुपर्छ। आमा वा बावु लेखिनु पर्छ किनकि भोली आमाको नामबाट नागरीकता पाउन सकेन भने बच्चाले आमाको नामबाट नारीकता लिनको लागी कठिन हुन्छ। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय श्री पुकार महर्जनलाइ छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय पुकार महर्जन (नेपाली कांग्रेस)ः</u>-** माननीय सभामुख महोदय, आज हाम्रो हातमा प्रदेश बलबालिकाको अधिकारको विधेयक परेको छ। र विधेयक बनाउने तालुख मन्त्रालय लगाएत् सम्वन्धित पक्षलाइ म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु। बाल अधिकारको कुरा गर्दै गर्दा हामीले बालबालिकाको विषय पनि केहि बुझ्न जरुरी छ जस्तो मलाई लाग्छ। ४० प्रतिशत बालबालिका रहेको यो देशमा करिव करिव ५० प्रतिशतको हाराहारीमा दक्षिण तराई क्षेत्रमा बालबालीकाहरु रहेको छ।

४३ प्रतिशत मध्य पहाडी भागमा रहेको छ। मात्र ७ प्रतिशत उच्च पाहाडी भागमा बालबालिका रहेको अवस्था छ। र हामीले बालबालिकाको कुरा गर्दै गर्दा बालबालिका हामीले ३ किसिमबाट बुझ्न सक्छौ। एउटा बुवा आमा भएको एउटा आमा वा बुवा भएको अर्को कोहि पनि नभएको। अब हामी यसै पनि बुझ्न सक्छौ। कि नागरीकता दिंदा खेरी कसरी दिने भन्ने कुरा हामीले बुझ्नु पर्ने हो। कानूनमा त्यहि अनुसार पनि संसोधन हुन्थ्यो होला। मलाइ त्यस्तो लाग्छ। जो आमा बुवा छैन त्यस्तो बच्चा बढि निरासाजनक हुने र खराव आचरणको बढि हुने देखिन्छ।

जो आमा वा बुवा छ एक जना त्यस्ता बच्चाहरु बालबालिकाहरु बढि त्यो भन्दा कम निराशाजनक र खराव आचरणको हुने गर्दछ। र आज यो बालबलिकाको कुरा गर्दै गर्दा हाम्रो देशको भविश्य हाम्रो भविश्य जोडिएको छ यसमा कि जो बढि खराव आचरण भएका बच्चाहरु बालबालिकाहरु अनि त्यो भन्दा कम खराव आचरण भएका

बालबालिकाहरुले हाम्रा जो आमा बुवा छन् त्यो बच्चाहरुको आचरण माथि प्रभाव पर्छ। त्यसकारण आमा बुवा नभएका बच्चाहरुलाइ जो बाल संगठन नेपाल बाल संगठन एस. ओ. एस. बालग्राम जस्ता संस्थाहरुले गोद लिएर हुर्काउने बढाउने पढाउने देखि सम्पूर्ण काम गरीरहेको छ। त्यस्ता संस्थाहरु प्रति यो विधेयकले ध्यान दिएको देखीएको छैन।

हुन त आवासिय बाल संगठन केन्द्र भनेर दिएको छ। दर्ता गर्ने सिस्टम दिएको छ। र त्यस्तो संस्थाहरुलाइ आर्थिक सहयोग गर्ने बाल संरक्षण कोष भनेर उल्लेख गरिएको छ। तर कसरी गर्ने भन्ने कुरा गरिएको छैन। र अन्तमा मलाइ भन्न के मन लाग्यो भने यो बालश्रम जो अति नै जटिल छ। यो विषयमा कुरा गर्दाखेरी बालश्रम जो बाध्यताले गर्छ र करले पनि गर्छ। र करले गर्ने बालश्रम जसलाई चाहि हामीले विशेष रुपमा ध्यान दिनुपर्ने आवश्यक छ। यता तिर ध्यान दिन कानून ल्यायोस् भन्ने आग्रह गर्दै विदा हुन चाहान्छु। धन्यवाद जय नेपाल।

**<u>माननीय सभामुखः-</u>** अब म माननीय श्री जीवन डंगोललाइ छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय जीवन डंगोल (नेपाली कांग्रेस):-</u>** आदरणिय सभामुख महोदय, बालबालिका सम्वन्धि ऐन, २०७५ संघीय संसदबाट प्रमाणीकरण भई असोजबाट कार्यन्वयन भैसकेको सन्दर्भमा प्रदेशमा समेत बालबालिका सम्वन्धि विधेयक आउनु सकारात्मक पक्ष हो। स्वागत गर्दछु। तर म पहिला शिर्षकमा नै जान चाहान्छु। बालबालिकाको अधिकार संम्वन्धि विधेयक भन्दै गर्दा अधिकार भन्ना साथ आफुले ग्रहण गर्न सक्ने आफुले त्यसलाइ प्रयोग गर्न सक्ने सम्वोधन हुन्छ। तर बालबालिका भन्नाले उनिहरु नाबालक हुन्छ। उसले अधिकार कति बुझ्न सक्छ। उसले अधिकार कति ग्रहण गर्न सक्छ।

त्यसैले यसलाइ बालबालिकाको अधिकारको सन्दर्भमा कसैले संरक्षण गरीदिनुपर्छ। कसैले सम्वेदनशील भएर वुझीदिनु पर्छ। त्यसै कारणले एक बालबालिकाको संरक्षक अभिभावक, आमा बावु हुन्छ। देशका बालबालिकाको संरक्षण अभिभावक र राज्य हुन्छ।

त्यसैले म यो शिर्षकमा नै बालबालिकाको संरक्षण सम्वन्धको विधेयक भनेर लेखियोस् भन्ने म चाहान्छु। सभामुख महोदय, बालबालीकाको विधेयक सन्दर्भमा विधेयक भन्दा पनि यो संवेदनशील कुरा हो। विधेयक ल्याएको छ।

बालबालिकाको अधिकारको कानून बनेको छ भनेर छाति ठोकेर मात्रै पूर्ण हुदैन। यसले मानव संवेदनशीलका कुरा बाल सुलभका कुरा र आफ्ना र पराईका बालबालिकाको अधिकार समान हुन्छ भन्ने कुरा जब सम्म व्यक्तिले शासकले राज्यले बुझ्न सक्दैन तब सम्म यो बालबालिकाको विधेय बनेर पूर्ण हुदैन। भन्ने मलाई लाग्छ। हुनेखखानेका बच्चा सधै ठुलो र गरिव जनताको बच्चा जन्मदै हली यो असमानता जनताको बच्चाको छाति गोलीले छेडिन्छ र ठुला र शासकको बच्चाको छाति तक्माले सजिन्छ। यस्ता असमान्ताहरु अविवेकका कुराहरु जब सम्मन रहन्छ यो अधिकार पानामा लेखेर पुर्ण हुदैन। यो मानव संवेदनशील कुराहरु हुन्। बालबालिकाहरु द्धन्द पिडित बालबालिका, बाल मजदुर बालबालिका, सडक बालबालिका र दुर्वेसन बालबालिका हाम्रो समाजमा विभाजित भएर रहेको छ।

यस्लाई संरक्षण गर्ने दायित्व सम्वेदनशील हुने दायित्व राज्यको हो। खाना छाना नाना र शिक्षा र स्वास्थको अधिकारबाट संरक्षीत गर्ने कार्य राज्यले गर्नुपर्छ भन्ने मलाई लाग्छ। तब मात्र यो विधेयक पूर्ण हुन्छ भन्ने मलाई लाग्छ। त्यसैले यस बालबालिका यो विधेयकले जब हाम्रो अब धेरै भनिसक्नु भएको छ। बलात्कारको घटनालाइ हामीले न्याय दिन सकिरहेका छैनौं। भने परिचयबाट वन्चित भएका बालबच्चालाई हामीले परिचय दिन सकिरहेका छैनौं। भने यो विधेयकले भोलि हास्यस्पद नहोस् भन्ने भनाई राख्दै म आफ्नो भनाई टुंगाउछु। धन्यवाद, जय नेपाल। ।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय योगेन्द्र राज संग्रौलालाइ छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय योगेन्द्र राज संग्रौला (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, सदन भित्र अलि पछाडि बस्दाखेरी नाम पनि पछाडि नै आउदो रहेछ। अगाडिका

साथिहरुले फ्याट्ट कता कताबाट हात उठाइ हाल्नुहुदो रहेछ। हामी पछाडि बसेको हुनाले सम्भव त अन्तिम मै हो कि म जस्तो लागी रहेको छ।

विद्वानहरुको बैठकमा एउटा विषयलाइ टुंगो लाउन सकेनछन् विद्वानहरुले र त्याहाँ निर अब त्यो विषय कस्ले टुंगो लाउछ भनेर फेरी पनि उहि चाडक्य नै त्याहाँ आउनु पऱ्यो। र चाडक्यलाइ सोधियो। यो विद्वानहरुको विद्दत सभामा सब भन्दा ठुलो को हो भनेर भनियो। र त्याहाँ विद्वानहरुलाइ के लागीरहेको थियो भनेदेखि हामी मध्ये कोहि ठुलो हुम्ला भन्ने एक किसिमको कुरा लागिरहेको थियो। तर चाडक्यले त्यस्तो गरेनन्। चाडक्यले के गरे भनेदेखि पर कतै खेलिरहेका साना साना बालबालिकालाइ देखाएर भने त्याहाँ पर धेरै ठुला ठुला मानिसहरु छन्। भनेर भने कि धेरै ठुला ठुला विद्वान् छन्, धेरै ठुल्ठुला खेलाडिहरु छन्, नेता छन्, सबै छन्। याहाँ त हामी केहि पनि छैनौं। सम्भाव्यता धेरै उहाँहरु हुनुहुन्छ। हाम्रो सम्भावना सिद्धिसकेको छ।

त्यसो हुनाले आज जुन यो विधेयक आएको छ। सबै भन्दा पहिला त हामीले त्यहि कुरा हो कि यो देशका बालबालिकाहरु यो देशको भोलि जिम्मेवारी लिने नेता साहित्यकारहरु, कलाहरु खेलाडीहरु तथा सिंगो देशलाइ बोक्ने भविष्यका बालबालिकाको अधिकारको कुरा गरिरहेका छौ। त्यसो हुनाले हामी यतिबेला हिजोको अवस्था देखि लिएर कैयौं लामो समय देखि बालबालिकाले मात्र होइन धेरै किसिमका समस्या पिडा भोगेका जनताहरुको पनि कानून मै उनिहरुको अधिकार सुरक्षीत हुनुपर्छ।

त्यसमा पनि ति कर्णधारहरु ति भोलिका भविष्यका सबै भन्दा बढि अधिकार सुरक्षीत हुनुपर्छ भनेर जुन किसिमले यो विधेयक आएको छ। यसको म स्वागत गर्न चाहान्छुु। यो अत्यन्तै राम्रो छ। र यसमा अघि पूर्ववक्ता माननीयज्यूहरुले बोल्नुभएका कतिपय कुराहरुमा मलाई लाग्छ सरकारको तर्फबाट अत्यन्तै संवेदनशीलताका साथ याहाँ विभिन्न के भनेदेखि दफाहरुमा विभिन्न ठाँउहरुमा ति बालबालिकाको अधिकारहरुको अधिकार सुरक्षीत गरिएको छन् भन्ने कुरा मलाई लागीरहेको छ।

त्यसो हुनाले यो मेरो तर्फबाट हाम्रा देशका यो देशलाई नव युगमा लाने हामीले कति गर्न सक्छौ कति गर्न सक्दैनौ थाहाँ छैन। हामीले एउटा कालखण्ड बिताइसकेका छौ

तर हाम्रो विश्वास यो विधेयकको विश्वास हो। कानूनको विश्वास अब आउने बालबालिकाहरुले हामी भन्दा धेरै चाहे हामी राजनीति गर्ने हो चाहे हामी कलाकार हुम्। चाहे हामी खेलाडी हौ त्यो भन्दा उत्कृष्टता हासील गरेर यो देशलाइ अझै सुन्दर अझ राम्रो बनाउने छन् भन्ने किसिमको विश्वासका साथ यो विधेयकलाइ पुनः स्वागत गर्न चाहान्छु। धन्यवाद, नमस्कार। ।

**<u>माननीय सभामुखः-</u>** अब म माननीय रामेश्वर फुयाललाइ छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय रामेश्वर फुयाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-</u>** माननीय सभामुखज्यू, प्रदेश बालबालिकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक अत्यन्त सुन्दर विधेयकको रुपमा आएको छ। कर्णधारहरुको भविश्य सुरक्षीत गरेर देशको पनि भविश्य सुरक्षीत गर्न सकिन्छ। त्यसका लागि संविधान बनाइरहेको बखत संविधानको धारा ३९ धारा ३१ बालबालिक संग सम्वन्धित छन्। र धेरै वटा धाराहरुले खाना पाउने अधिकार बाच्न पाउने अधिकार लगाएतका धेरै व्यवस्था गरेका छौं।

यो संविधानले व्यवस्था गरेको कुरालाइ प्रदेशमा हामी कस्तो प्रदेश बनाउछौं। अब एउटा पनि बालबालिकाले एउटा पनि टुहुरा टुहुरिले संरक्षकत्व नपाएको अवस्था नबनोस् यो कुरा विधेयकले सोचेको छ। हामीले अपंगता भए बालबालिकाको लागि सामाजिक वातावरण कसरी बनाउन सकौंला जब सम्म छोरा छोरी बराबर भन्ने सामाजिक वातावरण बन्ने छैन।

जब सम्म दाइजो प्रथा रहि रहने छ। आज पनि एउटी छोरीले मारीनु परेको छ। अझै छाउपडि प्रथा छ। अझै ४ दिन रजस्वला हुँदा छोयो भने फलफुल कुहिन्छ भन्ने धारणा बाकिँ छ त्यो अन्धविश्वास हो। यसलाइ समाप्त नगरिकन समाजवाद निर्माण पनि हुँदैन छाउपडि प्रथा कायम रहँदा रहँदै समाजवाद निर्माण होला र माननीयज्यूहरु होइन भने कसरी निमिट्यान्न पार्नको लागी संवैधानिक व्यवस्था कानूनी व्यवस्थाहरु हामीले गरेका छौं। गर्व देखि चिहान सम्म नै महिलाहरु अपमानित छन्।

महिलाहरुप्रतिको जुनखालको विभेदको अवस्था थियो त्यसलाइ हामी अन्त गर्न चाहान्छौं। यसका लागी लिंग पहिचान गरेर छोरी भ्रुणको हत्या हुने अवस्थालाइ हामीले अन्त गर्नुपर्दछ। र यो कुराको लागी मैले केहि दिन अगाडि विश्वमान्चित्रका ठुला देशहरुमा विवाह ठुलो समस्याको रुपमा रह्यो। उमेद्वार पाइएन या पाइयो को सवाल बारे चर्चा भएको मैले समाचार पढेको थिए।

यो अवस्था दक्षिण एसियामा चाडै आउनेवाला छ। नेपालमा आउने वाला छ। आउन नदिनको लागी काम गर्नुपर्ने छ। यो विधेयक त्यो दिसा तर्फ सचेत छ। नागरिकताको सवाल, जन्म दर्ताको सवाल, बालबालिकाले बाच्न पाउने अधिकारको पनि सवाल, बाल विवाह अझै कायम छ। मेरो प्रदेशमा, हाम्रो प्रदेशमा यो अवस्था चाडै दुर गर्नको लागी यो विधेयकले जे परिकल्पना गरेको छ त्यसलाइ थप अझै के के चाहिन्छ हामी सोच्न सक्छौ बहस पैरवी गर्न सक्छौं। तर प्रदेश उदाहरणीय ढंगको, सामाजिक बन्दोबस्त भएको बनाउनको लागी यो विधेयकले परिकल्पना गरेको अवस्थालाइ अझ व्यवस्थित गरेरै हामी अगाडि बढ्न सक्छौ भन्न चाहान्छु। धन्यवाद जय नेपाल। ।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय डा. राजा राम कार्कीलाई छलफलमा भाग लिन समय दिन्छु

**<u>माननीय डा. राजा राम कार्की (नेपाली कांग्रेस):-</u>** माननीय सभामुख महोदय, यो बालबालिकाको अधिकारको कुरा गर्दा सबै भन्दा पहिला म एकदम संक्षीप्तमा एक जना विश्वका चर्चित प्रोफेसर वाल्टर मिसेल जो कोलम्विया युनिभर्सिटिको प्रोफेसर हुनुहुन्थ्यो।

उहाँ संसारकै एउटा माहान मान्छे पनि हुनुहुन्थ्यो उहाँले एउटा एक्सपेरीमेन्ट गर्नु भएको थियो। ओरिवो कुकि एक्सपेरीमेन्ट १०० जना बच्चाहरु ४ देखि ५,६ वर्षका बच्चलाइ राखेर उहाँले के भन्नुभयो भने तपाँईहरुलाइ एक एक वटा ओरी कुकि राख्देको छु यदि तपाँईहरु म १५ मिनेट पछि आउछु तपाँईले यो कुकि खानुभएन भने म २ वटा कुकि थपेर दिन्छु। अनि उहाँ १५ मिनेट पछि आउनु भयो। जम्मा जम्मी १०० जनाको एक्सपेरीमेन्ट गरेको ५ जनाले मात्र त्यो कुकि खाएन बाँकि रहेका सबैले कुकि खाए। अनेपछी आत्म संयम र धैर्य त्यति धेरै कमजोर किनभयो यो त्यसको अनुसन्धान भयो।

अनुसन्धान हुँदाखेरीमा एउटा चिज तथ्य के पत्ता लाग्यो भने प्रत्येक बच्चको दुई वर्ष भित्र ब्रेन ग्रोथ जति हुन्छ ९० प्रतिशत ब्रेन ग्रोथ २ वर्ष भित्र हुन्छ। त्यसैले यदि यो प्रदेश सरकारले साच्चिकै बाबालिकाको अधिकारको कुरा गरिरहेको हो भने देखि मुख्य कुरा स्वास्थ्य र शिक्षामा बढि जोड दिनु पर्‍यो। आजको बालबालिकाको कुशल स्वास्थ्य अवस्था शिक्षाको अवस्था भोलिको यो देशको भविश्य निर्धारण गर्छ। त्यसैले बालबालिकाको अधिकारको कुरा गर्ने हो भनेदेखि कम्तिमा आजको बालबालिकाहरुको स्वास्थ्य र शिक्षाको जिम्मा सरकारले लिनु पर्छ त्यसको अवस्था सुधार्नको लागी हामीले प्रयास गर्नुपर्छ भन्ने मलाई लाग्छ। धन्यवाद, जय नेपाल।।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय प्रेम बहादुर पुलामीलाइ छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय प्रेम बहादुर पुलामी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):</u>-** माननीय सभामुखज्यू, प्रदेश बालबालिकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफल अहिले भैराखेको छ। खासगरीकन प्रदेश सरकार बाट आएको यो सैद्धान्तिक छलफल अहिले हामी गरीराखेका छौं। मलाइ के लाग्छ भने खासगरीकन बालबालिकाहरु बालबालिकामा हामी मेहनत गर्नुपर्छ। लगानी गर्नुपर्छ।

बालबालिकाको भविश्यको हाम्रो कर्णधार हो भन्ने गर्दछ। खासगरीकन जो अविभावक नै गुमाएका, नभएका बालबालिकाको बारेमा बाल संरक्षणको कुरा बाल संरक्षणको साथ साथै सैद्धान्तिक रुपमै मैले के राख्न चाहान्छु भने बाल उद्यानको बारेमा पनि अलि धेरै ध्यान दिनुपर्छ।

यो विधेयक आउनुको कारण मेरो बुझाईमा के छ भने नि खासगरीकन सरकारले नै बालबालिकाहरुलाइ बालबालिका बाटै भोलि यो देशको राम्रो सक्षम जनशक्ति हुने हो त्यसको लागी यो विधेयक खासगरीकन विधेयक आएको छ। मेरो विचारमा हामी संग अहिले धेरै भन्दा धेरै मागेर सेवा गर्नेहरुको अरु संग मागेर ल्याएर समाज सेवा गर्ने प्रचलन ज्यादै बढेको छ। त्यो कुराको अन्त्य गर्न पनि यो विधेयक आवश्यक छ। त्यसकारणले

प्राथमिकता चाहि हामी सुधार गृहहरुलाइ भन्दा संरक्षण र उद्यानहरुलाइ प्राथमिकता दिनुपर्छ। धेरै माननीय सदस्यज्यूहरुले सैद्धान्तिक छलफलको बेलामा पनि मानौं की दफावार छलफल जस्तै गरेर याहाँ चाहि अलि धेरै यो त सबै जना मिलेर सहयोगका साथ भविश्यमा त्यस्तो अफ्ठ्यारो नपरोस् बालबालिकाको लागी भनेर अधिकार प्रदान गर्ने र स्थापना गर्ने उदेश्यले यो विधेयक आएको मैले महशुस गरेको छु।

दुःखको कुरा माननीयज्यूहरुले अघिल्लो वक्ता माननीयज्यूहरुले राख्नुभएको कुरा चाहि मलाइ अलि अधिकार स्थापना गर्ने कुरा लाइ अथवा हामीले उहाँहरुलाइ बालबालिकालाइ पनि उहाँलाइ अधिकार संरक्षण गर्ने कुरा, अधिकार स्थापित गर्ने कुरालाइ पनि हामीले अलिकति नजरअन्दाज गरेर खासगरीकन अलि अर्को अर्को दिसा तर्फ लानखोजेको देख्दा चाहि मलाइ अलि दिक्दार लागेको छ। दुःख लागेको छ, जुन देखीइरहेको बेला जुनै तिर हेर्नुपर्छ। औंलालाइ नहेर्दिन अनुरोध गर्दै बिदा हुन चाहान्छु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय मिना लामालाइ छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय निमा लामा (नेपाली कांग्रेस):-</u>** माननीय सभामुख महोदय, प्रदेश बालबालिकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा भाग लिन अनुमति चाहान्छु। सर्वप्रथम यो प्रदेश सरकारले आफ्नो निति तथा कार्यक्रममा उल्लेख गरे वमोजिम आफ्नो प्रदेशलाइ वि.स २०७८ साल सम्ममा बाल विवाह मुक्त प्रदेश घोषणा गर्ने।त्यस्तै गरेर वि.स २०८० सम्म सबै स्थानिय तहहरुलाइ बालमैन्त्री बनाउने र त्यसै गरेर बाल श्रम मुक्त प्रदेश बनाउने भन्ने आफ्नो निति तथा कार्यक्रममा उल्लेख भए अनुसार नै यो व्यवस्थालाई कार्यन्वयन गर्नका लागी यो महत्वपूर्ण विधेयक आज प्रस्तुत भएको छ। र त्यसको म स्वागत गर्न चाहान्छु।

स्वागत गर्दै गर्दाखेरी यति महत्वपूर्ण विधेयक हुँदा हुदै बालबालिका सम्वन्धि र बालबालिकाको अधिकार सम्वन्धि विधेयक भएको हुनाले होला की त्यसको यो महत्वलाइ

अलिकति नजरअन्दाज गरेको हो कि जस्तो मैले यो आजको यो सभामा महशुस भयो। किनकि यो संख्या हेर्दा पनि हाम्रो सबै संख्याको आदि पनि देखिदैन। म याहाँ गनिरहेको छु।

त्यस्तै गरेर या विधेयकमा छलफल भैरहदाखेरी यो अगाडि भाग लगभग खाली नै भैसकेको छ। त्यसबाट पनि के प्रष्ट हुन्छ भने यो बाल अधिकारको बालबालिकाको अधिकारलाइ अलिकति महत्व नदिएको भन्ने भान हुन्छ। र नेपालको संविधानले नै संविधानको धारा ३९ को उपधारा (१) देखि (१० सम्म बालबालिकाले आफ्नो पहिचानको ग्यारेन्टिको साथ साथै बाल सहभागिताको विशेष छ। र त्यस्तै गरेर स्वास्थ्य पालन पोषण शिक्षा उचित स्याहारशुसार खेलकुद मनोरञ्जन तथा सर्वाङ्ग व्यक्तित्व बिकास हुने छ भनेर मौलिक अधिकारको रुपमा यसलाइ ग्यारेन्टि गरेको अवस्था हो।

तर पनि विगतको दिनमा बालबालिकाहरुलाइ तपाँईको हिंसात्मक गतिविधीमा सशस्त्र द्वन्दहरुमा बालबालिकाहरुलाइ प्रयोग गरेको हामीले हेर्न र देख्न पाएका छौं। त्यसो भएको हुनाले यो प्रस्तुत विधेयकले प्रदेश बालबालिकाको अधिकारहरुलाइ सुनिश्चित गर्नको लागी र यो प्रदेशको सरकारले यो आफ्नो निति तथा कार्यक्रममा जनाए अनुसारको प्रदेशको आफ्नो प्रदेशलाइ प्रदेशले कल्पना गरेको बाल श्रम मुक्त र बाल विवाह मुक्त प्रदेश बन्नको लागी सफलता मिलोस् भन्ने आफ्नो भनाई राख्दै विदा हुन चाहान्छु। धन्यवाद, जय नेपाल।

**माननीय सभामुखः-** माननीय सदस्यहरु साईड टक नगर्दिनुहोला। अब म माननीय लाल कुमारी पुनलाइ छलफलमा भाग लिन समय दिन्छु।

**माननीय लाल कुमारी पुन (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** माननीय सभामुखज्यू, यो प्रदेश बालबालिका अधिकार सम्वन्धमा बनेको विधेयक माथी छलफल गरिरहँदा यस विधेयक सबै कुरालाइ समेटेर आएको छ। जो अधिकार प्रत्यावन १ देखि ५४ नम्वर सम्म सरसर्ति हेर्दा धेरै कुराहरु यसमा समेटेको छ। हामी यसलाई मुख्य कुरा कार्यन्वयनको पक्ष हो। हामीले यसलाइ कसरी कार्यन्वयन गर्ने चुनौति हामीले सामना गर्नुपर्छ।

यो छलफलमा भाग लिदैं गर्दा मलाई भन्न मन लाग्यो। हामीले बालबालिकाहरुलाइ अधिकार दिनुपर्छ भनेर स्वयं माननीयज्यूहरुले सहभागी जनाउदै गर्दा कतै हामीले आफ्नै घरका बाबालिकाहरुलाइ अधिकारबाट वञ्चित त गरेका छैनौं हामी त्यसमा पनि ध्यान पुऱ्याउन जरुरी छ।

याहाँ उल्लेखित अधिकारहरुमा सरसर्ति हेर्दा सबै समेटेको देखिन्छ तर बालबालिकाहरुलाइ जस्तै महिला, अपाङ्ग, जुन खालको हरेक क्षेत्रमा आरक्षणहरु छुट्टाउने जुन प्राव्धान छ। यसमा पनि मैले के आग्रह गर्दछु भने हरेक ठाँउमा बालबालिकाहरुलाइ हामीले पहिलो प्राथमिकताको आधारमा हामीले पनि अधिकारहरु र आरक्षणहरु राख्नुपर्दछ। हामीले स्वयंले पनि बहसहरु चल्दै गर्दा बालबालिकाहरुलाइ जो १० वर्ष मुनिका बालबालिकाहरुलाइ त्याहाँ भाडा लिने चलन छैन तर उनिहरुको सिटको पत्याभूति छैन। त्याहाँ सिकाएको छैन त्यसमा पनि हामीले विवेकले यसमा पनि ध्यान दिनुपर्छ भन्ने मैले ध्यानाकर्षण गराउन चाहान्छु।

मैले फेरी अर्को कुरा के राख्न चाहान्छु भने यस माथि छलफल गर्दै गर्दा कतै हाम्रा दिमागहरु जो बालबालिकाहरुलाइ दिने न्याय र अधिकारमा हामी आफै पनि विधेयक बनाउनेहरु कानून बनाउनेहरुले हाम्रा दिमागहरुलाइ पनि फेर्नुपर्छ। र यसले हामीलाइ सहि दिसामा प्रयोग गर्नुपर्छ भन्ने आफ्नो कुरा राख्दछु। हस् त धन्यवाद।।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय शोभा शाक्यलाइ छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय सोभा शाक्य (विवेशशिल साझा पार्टी)ः</u>-** माननीय सभामुखज्यू, आज जुन प्रदेश बालबालिकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गरिरहँदाखेरी यसलाइ चाहि म स्वागत गर्न चाहान्छु। किनभाने यो अति नै आवश्यक विषय हो। किनभने बालबालिका भनेको हाम्रो भविश्यका कर्णधार हुन्।

हामी बालबालिकालाइ जति माया गर्छौं, जति स्नेह गर्छौं, जति गरे पनि उहाँहरुको सबै भन्दा ठुलो भनेको हामीहरुले दिने भनेको शिक्षा नै हो। त्यसकारण म यो विषयमा

भन्न चाहान्छु कि शिक्षालाइ बालबालिकाहरुको तर्फबाट र बालबालिकाको शिक्षाको जिम्मेवारी हाम्रो प्रदेश सरकारले लिनुपर्छ। हाम्रो प्रदेश सरकारले लिएर यो शिक्षालाइ जोड दिनुभयो भने हाम्रो प्रदेश सरकारको तर्फबाट निशुल्क शिक्षा प्रदान गर्न सकेको खण्डमा यो एउटा नमुनाको रुपमा अगाडि जान्छ जस्तो मलाई लाग्दछ। किनभने म श्रीलङ्का जादाखेरी त्याहा १ कक्षा देखि सानो बच्चा देखि १० कक्षा सम्म १ पैसा पनि लाग्दैन। अनि १० मक्षा पास भएपछि एस.एल.सी पास भएपछि बच्चाहरुलाइ बालबालिकाहरुलाइ हामी उल्टो सरकारको तर्फबाट पकेट मनि भनेर २५०० दिने पनि छ।

विदेशीहरुले त्यसरी गर्न सकिने तर हाम्रो नेपालमा अगि देखि मैले सुनिराखेको छु। अगि देखि बुझिराखेको छु। हाम्रो नेपाल सरकार काँहा निर गैराखेको छ। त्यसकारण म विशेष अनुरोध गर्न चाहान्छु। बाल बच्च छोरा छोरी भनेको एउटा साईकलको दुई वटा पांग्रा हो। एउटा मोटर साईकलको दुई वटा पांग्रा हो। २ वटै पांग्रा राम्रो भए मात्र हाम्रो साइकल गन्तव्यमा पुग्छ। त्यसकारण यो सरकारले जिम्मा लिनुपर्छ र यो शिक्षा सम्वन्धि सबै ठाँउमा निशुल्क गर्नुपर्छ र गरिव जनताले पनि राम्रो व्यवस्था भएको शिक्षा लिन सक्नुपर्‍यो र धनिले पनि राम्रो शिक्षा लिने हुनुपर्छ भन्ने मेरो जोडदार माग हो। यस प्रदेशबाट र हाम्रो सरकारको तर्फबाट यसमा ध्यान जायोस् भन्न चाहान्छु सभामुख मार्फत। सबैको जय होस्, हाम्रो नेपालको जय होस्।।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय आर्थिक मामीला तथा योजना मन्त्री कैलाश प्रसाद ढुंङ्गेललाइ छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय आर्थिक मामीला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेलः</u>-** सभामुख महोदय, प्रदेश बालबालिकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको छलफल छलफल मध्यकै सबै भन्दा राम्रो छलफल भएको मैले महशुस गरेको छु। देश भित्र र देश बाहिरका अनुभवहरु पनि याहाँ साटासाट गर्ने मौका पाइयो।

जुन देशमा जुन समाजमा जुन राष्ट्रमा बालबालिकाहरु अधिकार सम्पन्न हुन्छन्। सुविधा सम्पन्न भएर बाच्न पाउछन्। त्यो देशको समाज त्यो देश माथि छ भनेर त्यसै भन्न

सकिन्छ। जहाँ नानिहरुको बालबालिकाहरुको सम्मान हुँदैन उनिहरुको अधिकारको रक्षा गर्न सकिदैन त्यो देश पूर्ण रुपमा लोकतान्त्रिक भन्न पनि सकिदैन।

तसर्थ यो प्रदेश सरकारले ति नानी बालबालिकाहरुलाई अधिकार सम्पन्न गर्न सुरक्षीत जिवन बिताउन र अहिलेको युगको मानव अधिकारको प्रयोग गर्नको लागी उनिहरुलाई सक्षम नागरिक बनाउनको लागी, भोली नेपालको भार थाम्नको लागी त्यसलाइ बलियो बनाउनको लागी यस किसिमको बातावरण संवैधानिक व्यवस्था अथवा कानूनी व्यवस्था गर्न खोजेको छ।

माननीय सदस्यज्यूहरुको अमुल्य मत यसमा प्राप्त भएको छ। जस्ले आफ्नो अधिकार या आफ्नो दैनिक जिवनलाई आफ्नै बुताबाट गर्न सक्दैन ती नानीहरुको लागी ती बाबुहरुको लागी कसले गर्दिन्छ। त्यो पहिलो कर्तव्य सरकारको हो। त्यो सरकारको हो किन मैले भनिरहेको छु भन्दा यो सरकार पहिले पहिलेको जस्तो निरङकुस पनि होइन। पहिले पहिलेको जस्तो एक दलिए पनि होइन।

यो त हामी सबैले बनाएको संविधान अन्तर्गत बनेको सरकारले बालबालिकालाई हेर्न सकेन भने कस्ले सक्छ। त्यसो भएको हुनाले हाम्रो काममा अनिवार्य जिम्मेवारी प्राप्त भएको छ प्रदेश भित्र। बुवा आमा या हेरचाह गर्ने मान्छे गुमाएका चाहे त्यो युद्धको कारणले होस्।

चाहे माहामारीले होस् चाहे कुनै कारणले होस् हेरचाह गर्ने बा आमा या अभिभावक गुमाएका बालबालिकाहरु या यो विषय प्रसंग भन्दा अलि फरक आफ्ना नानीहरु छोरा छोरीहरु हुदाँ हुदैं पनि एकल जिवन विताउन वाध्य भएका बा आमाहरु जन्मदै या जन्मे पछि विभिन्न कारणबस अपांङ्गता भएका नागरीकहरु जो मानसिक हिसावले पनि तलमाथि भएका नागरीकहरुलाइ ३ करोड भित्र जुन हामीले भन्ने गरेका छौं। लगभग ३ करोड, त्यो ३ करोड भित्र कै नागरीक हुन् यो सरकार यनिहरुलाइ पिठ्युमा बाक्न उचित बन्दोवस्त गर्न उचित उनिहरुको अधिकार सुनिश्चित गर्न तम तयार छ। त्यस अर्थ यो विधेयक आएको छ।

माननीयज्यूहरुले दिनु भएको सुझाव आवश्यकता अनुसार नपुग्दाखेरी कतै कमि भयो कि भन्ने हामी महशुस गर्ने छैनौ। यी सुझावहरुलाइ आवश्यक अनुसार यो विधेयकमा समावेश गरिनेछ। यस्ता सुझावहरुको अपेक्षा गरिएको छ र बालबालिकाको क्षेत्रमा सरकार सचेत छ। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब यो छलफल याही समाप्त हुन्छ। अब म प्रदेश बालबालिकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावलाइ निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश बालबालिकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्व सम्मतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब अर्को बैंठक मिति २०७५ चैत्र १९ गते मंगलबार दिनको ११ बजे बस्ने गरी यो बैंठक स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७५ साल चैत्र १९ गते विहान ११:३० बजे मंगलबार सम्मका लागि स्थगित भयो।)**

**अन्त्यः- दिनको १:३० बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# तेस्रो अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

१९ चैत्र, २०७५

मंगलबार

(बैठक संख्या - ३)

**प्रदेश सभाको तेश्रो अधिवेशको आजको बैठक माननीय सभामुख सानुकुमार श्रेष्ठको अध्यक्षतामा मंगलबार बिहान ११:३० बजे प्रारम्भ भयो।**

<u>माननीय सभामुखः</u>- माननीय सदस्यहरु, प्रदेश नम्बर ३ को प्रदेश सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु, मिति २०७५ चैत्र १७ गतेका दिन आएको भिषण आधिँहुरीबाट पिडित बारा, पर्सा लगायतका क्षेत्रका जनताको राहतको लागि यस सभाका माननीय सदस्यहरुले मिति २०७५ चैत्र १८ गते बसेको सभाको बैठकमा उठाउनुभएका विषयहरुलाई ध्यान दिई आज मिति २०७५ चैत्र १९ गते बसेको कार्यब्यवस्था परामर्श समितिको बैठकको परामर्श अनुसार माननीय सदस्यहरुको ३ दिनको पारिश्रमिक बराबरको

रकम सहयोग स्वरुप प्रदेश नम्बर २ सरकारलाई प्रदन गर्ने निर्णय गरिएको जानकारी गराउन चाहान्छु।

माननीय सदस्यहरु आज शुन्य समयको कार्यक्रम नरहने जानकारी गराउछुँ।

मानननीय सदस्यहरु विषेश समयमा बोल्ने माननीय सदस्यहरुले समय माग्नुभएको छ। म माननीय सदस्यहरुलाई विशेष समयमा बोल्न समय दिन्छु। अब म माननीय प्रदिप कटुवाल केसी क्षेत्री लाई बोल्न समय दिन्छु, समय ३ मिनेट

<u>माननीय प्रदिप कटुवाल केसी क्षेत्री (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:- सभामुख महोदय, आज हामी नेपालीहरु स्तब्ध भएका छौं। २ नम्बर प्रदेशको जुन हावाहुरीबाट जुन एउटा विनाश भएको छ, यो प्रति सबैको मन दुखेको छ। आज हामी नेपालीहरु वास्तवमा एक अर्कामा भावना साट्न सक्ने भएको कुरा आज स्पष्ट भएको छ। त्यो सन्दर्भमा अब सभामुखज्युले अगिनै रुलिङ गरिसक्नुभएको छ। आज हामीले वहाँहरुलाई सहयोगबापत ३ दिनको पारिश्रमिक प्रदान गर्ने निर्णय भएको छ, यो प्रति म खुसी ब्यक्त गर्न चाहान्छु। सभामुख महोदय, हामी आज एक आपसमा मिलेर बस्ने नेपालीहरु विपी र पुष्पलालले देखाएको सुन्दर नेपालको कल्पना गरेर आज हामी मिलेर हिडिँरहेका छौं, मिलेर देश बनाउने संकल्प गरिरहेका छौं।

जुन संविधानले प्रदत्त गरेको हक अधिकारहरुलाई उपयोग गर्ने सन्दर्भमा, कार्यान्वयन गर्ने सन्दर्भमा आज हामी देशका तिनै तहका सरकार एक ढिक्का भएर अगाडी लागिरहेका छौं। यो सन्दर्भमा को प्रतिपक्ष को सत्तापक्ष नभनिकन आज हामी एकआपसमा यो देशलाई उत्पादन वृद्धि गर्ने तर्फ लाग्नुपरिरहेको छ। यो सन्दर्भमा आज हाम्रो सरकारले जुन स्पिडका साथ काम गरिरहेको छ अझ यसलाई स्पिड बढाउनका लागि म आग्रह गर्न चाहान्छु। माननीय सभामुखज्यु, विगत सरकारले देशका गौरबका योजनाहरु केहि निर्माण गरिरहेको छ। हाम्रो जिल्लामा ३ वटा प्रदेश छुने केहि बाटोहरु हामीले निर्माण गरिरहेका थियौं तर त्यहाँ बजेट परिरहेको छैन।

यस्ता धेरै योजनाहरु अलपत्र छन्, यतातिर चैं सभामुख मार्फत म सरकारको ध्यान केन्द्रित गर्न चाहान्छु र केन्द्रीय सरकारसँग माग गर्न चाहान्छु कि त्यो हिजोदेखि निरन्तर कार्यान्वयन भईरहेका योजनाहरु यदि बिचमै स्टप गर्ने हो भने हाम्रो विकासमा समस्या पार्ने मैले देखेको छु। त्यसो हुनाले मेरो प्रदेशमा पर्ने नवलपुर चिसापानी खण्डको बाटो जुन चैं के भन्दा खेरि आधि बाटोको काम भईरहेको छ त्यस्तै अर्को दुम्जा लालबन्दी सडक पनि अलपत्र भएर बसेको छ, यसको लागि म प्रदेश सरकारमार्फत केन्द्रीय सरकारसँग यो योजना लगायत अन्य योजनाहरु माग गर्न चाहान्छु। धेरै कुरा गरिरनु भन्दा पनि आज हामीले जुन नेपाल निर्माण गर्ने सन्दर्भमा पुष्पलाल र विपीले जुन खालको एउटा सहिष्णुणता देखाउँदै आज हामी अघि बढ्यौ। धेरै आरोह अवरोह पारगर्दै हाम्रो पछिल्लो दिनमा मार्गदर्शक रुपमा नेपाली कम्युनिष्ट आन्दोलनलाई अगि बढाउने सन्दर्भमा कमरेड मदनले देखाउनु भएको बाटोमा आज हामी हिडिरहेका छौं सोहि अनुसार यो देशलाई अब निर्यात गर्ने तिर लाग्ने आयातका कुराहरुलाई घटाउने यो तर्फ हामी लागेर अगाडी बढ्न म हामी सबै एकजुट हुन आग्रह गर्न चाहान्छु। र खासगरि अब विषेश समय लिएर बोल्ने कुराहरु धेरै नभएको यध्यपि आज हामीले जुन किसिमले स्तब्ध भएका छौं। नेपालीहरु स्तब्ध भएका छौं। यो प्रति फेरि पनि म दुई नम्बर प्रदेश प्रति फेरि पनि म स्मरण गर्दै हाम्रो एकता सधैं कायम रहोस् धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय गीता वाग्लेलाई बोल्न समय दिन्छु। समय ४ मिनेट।

**<u>माननीय गीता वाग्ले (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुख महोदय, हावाहुरीका कारण बारा पर्सामा ज्यान गुमाएका धनजनको नोक्सान क्षतिपुर्ति नेपाली काङ्गेस ३ नम्बर प्रदेश संसदीय दल र मेरो ब्यक्तीगत तर्फबाट दुख ब्यक्त गर्दछु। नेपाली जनताले कोलिसन गभरमेन्ट हुदाँ वर्ष वर्ष दिनमा सरकार फेरिदाँ विकासका कामहरु गार्हो भयो। नेकपालाई दुई तिहाइको सरकार बनाउने म्यान्डेट दियो। यो सतिले सरापेको देश जुन जोगी आएपनि कानै चिरिएको भनेझैं विकासका कामहरु जति जस्ताको त्यस्तै सपना बाढ्ने अनि प्रतिपक्ष

अतालिएको छ। हाम्रो देखेर हाम्रो विकासको काम देखेर अत्तालिएको छ भनि हिड्ने प्रधानमन्त्रीले बोल्ने मलाई लाज लाग्यो।

अनि मलाई भन्न मन लाग्यो ईम्पर्षट न्यु क्लक होईन, अब जनताले त्यो भन्न थाले। यो पो रे छ सम्वृद्ध नेपाली, सुखी नेपाल। हामी प्रतिपक्षमा बस्ने माननीय निरिह भएर एकपछि अर्को गल्ती गर्दापनि होस् है भनेर बस्यौं। के अब सुतेको बाघलाई जुङ्गा तान्ने काम नगरियोस्। कति कति बलात्कारका घटनाहरु भएका छन् र सार्वजनीक भएको अवस्था छैन। होली वाईन प्रधानमन्त्री सारा श्रोत साधन भएको सोल्टीमा डेरा डण्डा जमाउनु कत्ती को लज्जास्पद प्रधानमन्त्री कार्यालयनै ३ दिन सम्म सोल्टीमा मुनको छोरीको होली वाईन। वाईडबडीको घटना कहाँ पुग्यो ? शक्ती भए जो कोही भएपनि कठ्घरामा उभ्याउनु पर्छ। विखण्डनकारी सिके राउतलाई रातारात स्वागत, त्यस्ता विखण्डनकारीलाई जनअदालतमा ल्याएर सजायँ दिनुपर्नेमा स्वागत गर्दाखेरि नेपाली जनता कती रोएका होलान्।

यि नै हुन् राम्रा काम, बाँकि सबै दिवा सपना बाढैंर हुन्छ ? राम्रा काम विकासका काम गर्नुस् हामी स्वागत गर्छौं तर अब विपक्ष निरिह भएर बस्दैनौं। जे गरे हुन्छ सोच्नु भए हुन्छ नेकपा भएको भए यति सजिलो हाउस चल्न दिदैंनथ्यो। विप्लब सोचे विप्लब एउटा अंशियार भाई हो। उसलाई प्रतिबन्ध लगाउनु कतिको उचीत थियो? कि वार्तामा बोलाउनु पर्थ्यो। हुनत अरुमुठ्ठेको खुट्टा अरुमुठ्ठेलेनै देख्छ। हामीले के जानम्। मन्त्रीहरु प्रदेश सरकारको छलफलमा भाग लिदाँ जवाफ दिदाँ धेरै क्वालिफाईड, ओभर क्वालिफाईड भन्ने मलाई लाग्छ। म त भन्छु फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र? त्यो जवाफले मलाई लाज लाग्यो मन्त्रीको जवाफले। अन्तमा बोल बोल मछडी मुखभरि पानी गर्दै म नेकपाको माननीय मन्त्रीज्यु, माननीय सदस्यज्युहरुलाई आग्रह गर्न चाहान्छु। दल भन्दा माथि उठेर देश र जनताको लागि तपाईहरु अगाडी बढ्नोस् अनि मात्रै यो सम्वृद्ध नेपाल, सुखी नेपाली हुन्छ। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय मुनु सिग्देललाई बोल्न समय दिन्छु, समय ३ मिनेट।

**माननीय मुनु सिग्देल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुखज्यु, प्रदेश सभाको यस विशेष समयमा भर्खरै २ नम्बर प्रदेशले जुन विपत्ती भोग्नु पर्यो त्यो विपत्तीमा हामी पनि साथ छौं भनेर प्रदेश सरकारले गरेको निर्णय र हामी सांसदहरुको तर्फबाट ३ दिनको पारिश्रमिक उपलब्ध गराउने जुन एउटा भावनात्मक सम्बन्ध हामीले त्यसलाई उजागर गरेका छौं म त्यसको लागि म प्रदेश सरकार र सभामुखज्युलाई धन्यवाद दिन चाहान्छु, सभामुखज्यु मार्फत।

म आज दुई तिनवटा कुराहरु राख्न चाहान्छु। प्रदेश गौरबको आयोजना हामीले यो ३ नम्बर प्रदेशको महत्वपुर्ण गौरबको पहिलो आयोजना भनेर हेटौंडा काठमाण्डौ सुरुङ मार्ग लाई हामीले प्राथमिकताका साथ उठाएका थियौं र त्यो गौरबको आयोजनाको काम जनताले सोधिरहेका छन्, यो प्रदेशको गौरबको आयोजना कहाँ पुग्यो? तपाईहरु के गर्दै हुनुहुन्छ भनेर। म सभामुख मार्फत यसको जवाफ प्रदेश सरकारसँग यो हामीले कहाँ पुर्याएका छौं यसको जवाफ म यस संसदलाई चाहिन्छ भनेर म माग गर्न चाहान्छु। टेण्डर गरेर अलपत्र भएका आयोजनाहरु जुन अब यो वर्षायाममा खोला तर्न सकिदैंन, पुलहरु जमिन मुनिनै जग खनेर छोडिएका छन्।

त्यहाँ प्रत्यक दिन बन्द र हड्तालहरु भईराखेका छन्। हामी सरकारको तर्फबाट हामी जनप्रतिनिधिहरु त्यसको जवाफ दिन सकिरहेका छैनौं यसलाई तुरुन्त संघले जुन खालको बाधा अड्काउ गरिराखेको छ हामी प्रदेशको तर्फबाट यसलाई फुकाउनका लागि तदारुकता देखाईयोस् भन्ने पनि म माग गर्न चाहान्छु। स्थानीय तह अहिले यो बजेटको अन्तिम चरणमा कार्यक्रमको कार्यान्वयनको अन्तिम चरणमा पुगेको बेलामा स्थानीय तह कर्मचारी बिहिन भएको छ। यो संघको सबैभन्दा तल्लो तह स्थानीय सरकारको तल्लो निकाय स्थानीय तह आज कर्मचारी बिहिन भएको अवस्थामा मकवानपुर जिल्ला अन्तको के छ मलाई थाहा छैन तर मकवानपुर जिल्लाका प्रत्येक वडाहरुमा स्थानीय तहका वडाहरुमा वडा सचिव अहिले हामीले पाईराखेका छैनौं।

कामहरु अड्की राखेको छ, योजनाहरु अनुगमन गर्ने र फछ्र्यौट गर्ने र योजनाहरु सम्पन्न गर्ने समयमा कर्मचारीको अभावमा अब स्थानीय तहलाई फेल गराउन खोजिएको

होकि भन्ने अनुभुति दिने खालको स्थिति सिर्जना भएको छ। यसलाई पनि तत्काल यो समस्यालाई सल्टाउनको लागि प्रदेशको तर्फबाट सभामुख मार्फत म यसलाई तुरुन्त सल्टाउनका लागि केन्द्र सरकार र प्रदेशको कर्मचारीहरुलाई ब्यवस्थापन गर्ने सन्दर्भमा यो कुराहरु राख्न चाहान्छु। अर्को विषय छ, हाम्रो आफ्नै कुरा। हामी एक वर्ष देखि यो हलमा प्रदेश सभाको सदस्यको हैसियतले हामी बसिरहेका छौं। यो हलमा हामीलाई जुन ब्यवस्था गरिएको छ, कुर्सीको ब्यवस्था यति असहज छ कि अलि ठुलो ज्यान, मेरो अलि ठुलै ज्यान छ जस्तो लाग्छ दाँया पनि बाँया पनि घचमच्च भएर बस्नु पर्ने स्थिति छ।

त्यसकारण हामीले कम्तिमा पनि आफ्नो हललाई हामी सक्दैनौ अहिले हामीलाई ठाँउको कमि छ भनेपनि बरु स्कुलको जस्तो बेन्च राखियोस् जहाँ हामीले डायरी राखेर लेख्न सकौ, पढ्न सकौं ब्याग कता राख्ने ? कुन कता राख्ने भन्ने अवस्थाको अन्त्य होस्। यो हामीले हाम्रो आफ्नै लागि पनि यसको ब्यवस्था गरियोस्। म यत्तिनै माग राख्न चाहान्छु, यो विशेष समयमा। अहिले प्रदेशको यो कुरा चैं मैले महत्वपुर्ण छ, हामीले आफ्नै पनि सहज बनाउन सक्दैनौ भने अरुले अरुको लागि हामीले के गर्न सक्छौ होला ? धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय सिर्जना सायजुलाई बोल्न समय दिन्छु, समय ३ मिनेट।

**<u>माननीय सिर्जना सायजु (नेपाल मजदुर किसान पार्टी)</u>:-** माननीय सभामुख महोदय, यतिखेर काठमाण्डौ तिर चर्चा लगानी सम्मेलनको छ। सरकार विदेशी लगानीको बुई चढेर सम्वृद्धीको फल टिप्ने बाल रहर गर्दै छ। आर्थिक सम्वृद्धीको लागि वैदेशिक लगानी अनिवार्य र अन्तिम उपाय हुन सक्दैन। सहि राजनैतिक दृष्टीकोण र वैचारीक नेतृत्वको बलियो जगमा जनता केन्द्रित योजनाको आधारमा उपलब्ध श्रोत तथा साधनको पूर्ण परिचालन गरि आर्थिक उन्नयनको गन्तब्यतर्फ पुग्न सम्भव हुनेछ। धमीराले रुखनै खाए झैं भ्रष्टचार, अनियमितता र कमिसनतन्त्रले देश बर्बाद पारिरहेको यो घडीमा विदेशी लगानी बालुवामा पानी नहोला भन्न सकिन्न। मेलम्ची खानेपानी योजना झण्डै ३ दशकमा पनि पुरा नभएको उदाहरण हामी सामु छ। त्यससँग सम्बन्धित कमिसनका ठुलाठुला खेलबारे

समाचारहरु आईरहेका छन्। यसप्रकारका फेरि अन्य दुर्घटना ब्यहोर्न नेपाली जनता तयार छैनन्। जानकारहरु भन्छन्, लगानी सम्मेलनमा भारतीय एकाधिकार पुँजीको विशेष भुमिका या स्वार्थ छ।

भारत निर्भर हाम्रो अर्थतन्त्रमा उस्ले हस्तक्षेप गर्न खोजेको हो भन्ने समयले पुष्टी गर्दै छ, ईतिहासका पृष्ठ पल्टाउँ। भृकुटी कागज कारखाना चिन सरकारको सहयोगमा स्थापना भएको थियो। एसियाकै राम्रो कागजको उत्पादन सुरु भएको थियो। त्यस कारखानाको लागत, भवन आदिको मुल्य झण्डै ६ अर्बको थियो बिडम्बना सो कारखाना बेचियो। आज देश कागजमा भारत निर्भर छ।

बाँसबारी छाला जुत्ता उद्योग, हेटौंडा कपडा कारखाना, विरगंज कृषि औजार कारखानाको दुर्भाग्यपुर्ण कथा पनि धेरै थोरै उस्तै छ। छिमेकीले दिएका कलकारखाना बिगार्ने या बेच्ने ति पुर्नसञ्चालनका लागि कुनै पहल नगर्ने अनि फेरि विश्व सामु लगानीको लागि गुहार माग्ने। यस्ता आर्थिक ठगी कर्मले कहिले सम्म निरन्तरता पाउँछ ? यस्तो परनिर्भरता कहिले सम्म चल्छ ? सरकारलाई खबरदारी गर्न चाहान्छौं। वैदेशीक ऋण भारबाट नेपाली जनता अझ बढी नथिचिउन्। लगानी सम्मेलनका नाउमा भारतलाई नेपालका जलश्रोत, प्राकृतीक सम्पदा तथा भुमि नसुम्पियोस् र सम्वृद्धीको नाममा नेपाली जनतालाई घरबार बिहिन नबनाईयोस्।

नेपाललाई नयाँ आर्थिक उपनिवेश नबनाईयोस्। लगानी सम्मेलन नेपालको बाँकि जलश्रोत माथिल्लो कर्णाली जस्तै भारतलाई सुम्पने प्रपन्च बाहेक केहि होईन भन्दा फरक नपर्ला। हात्तीले खाने दाना र कमिलाले खाने योजना नयाँ ठगीको प्रकरण हो। दहेज वा दाईजोको नाममा हरेक महिना र वर्षमा छोरी बुहारीको हत्या र हिंसा भईरहेकै छ। सुनीता यादवको हत्या पछिल्लो दृष्टान्त मात्रै हो। यसबारे सरकारले कडा कानुन बनाएर त्यस्ता हत्यालाई रोक्ने काम गर्नु अत्यन्त आवश्यक छ।

आ-आफ्नो प्रदेश जिल्ला नगर र गाँउका राजनैतिक दल र राजनैतिक नेता र कार्यकर्ताहरुले यस्ता जघन्य अपराधहरु रोक्न तथा सामाजिक विकृती रोक्न अभियान थाल्नु र संघर्ष गर्नु आवश्यक छ। अन्तमा बारा र पर्साका विपत्तीमा परेका पिडित जनताको

अबिलम्ब उद्धार तथा उपचार, पुर्नस्थापना र निष्पक्ष राहत वितरणमा तदारुकताको लागि सरकारको गम्भिर ध्यानाकर्षण गराँउदछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रामलाल महतोलाई बोल्न समय दिन्छु, समय ३ मिनेट

**<u>माननीय रामलाल महतो (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुख महोदय, सर्वप्रथम त म २ नम्बर प्रदेशमा जुन प्राकृतिक दुर्घटना घट्यो र त्यसमा हाम्रो प्रदेश सभाबाट पनि संसदबाट पनि केहि सहयोग गर्ने जुन पहलकदमी सभामुखले लिनुभएको छ, त्यसको निम्ति धन्यवाद दिन चाहान्छु। र मैले सर्वप्रथम त मेरो आफ्नो निर्वाचन क्षेत्र चितवन ३ को २ मा प्रदेशमा बोटे समुदायको अस्ति चैत्र ९ गते आगलागी भएर ३ वटा घरहरु पुरै नष्ट भएको छ र ती गरिब परीबारहरुलाई अहिले पालको रुपमाचैं नेपाल रेडक्रस सोसाईटीबाट सहयोग भएर पालको मुनि बसिरहेको छ। यो हावाहुरीको मौसम पनि छ र वर्षापनि चाँढै लाग्छ।

उनीहरु आफैले घर बनाएर बस्न सक्ने स्थिति छैन त्यसैले हाम्रो प्रदेश सरकारबाट पनि तिनीहरुलाई बस्नको निमित्त ब्यवस्था होस् भन्ने म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु। र अर्को कुरा यो ३ नम्बर प्रदेशको मात्रै हैन नेपालकै चीन र भारत जोड्ने केरुङ - गल्छी भरतपुर हुदैं माडीको सडकको जुन कुरा छ हालै सर्वोच्च अदालतले एउटा परमादेश जारी गरेको छ, कि यो हुलाकी सडक निर्माण गर्नको निमित्त यो चितवन राष्ट्रिय निकुञ्जलाई विस्तार गरेर त्यसलाई विस्तार गर्न हुन्न भन्ने आशयको जुन परमादेश जारी भएको छ त्यो जारीले निश्चित रुपमा एउटा महत्वपूर्ण नाकाको रुपमा नेपालको नाकाको रुपमा मात्रै हैन प्रदेश ३ को पनि महत्वपूर्ण नाका त्यो हुन्छ र विशेष गरेर ३ नम्बर प्रदेशको भारतसँग जोडिएको नाकापनि छैन र त्यो ठोरी पनि तपाईको २ नम्बर प्रदेशमै पर्छ तर जतिखेर मधेशीहरुले एक महिना भन्दा धेरै आन्दोलन गरेको थियो, बन्द गरेको थियो त्यो बेला त्यहिबाट चैं तेलहरु पेट्रोलियम पदार्थहरु आयात भएर सास फेर्ने अवस्था, देशलाई सास फेर्ने अवस्था चैं सिर्जना भएको थियो।

त्यो नाका चैं बनाउन हुन्न भन्ने आशयको जुन परमादेश भएको छ सर्वोच्च अदालतको त्यो बारेमा हाम्रो प्रदेश सरकारको धारणा के हो? त्यो स्पष्ट हुन चाहिँ मैले जरुरी ठानेको छु। किनभने त्यसले ३ नम्बर प्रदेशको मात्रै हैन देशकै यो भारत र चीनको त्रिदेशीय मार्ग चैं हुलाकी सडक निर्माण गर्नको निमित्त त्यसले अवरोध खडा गरेको छ त्यसकारण हाम्रो प्रदेश सरकारको धारणा आउन जरुरी छ। यि कुरा राख्दै म आफ्नो भनाई यहि अन्त गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय निमा लामालाई बोल्न समय दिन्छु, समय ४ मिनेट

**<u>माननीय निमा लामा (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुख महोदय, सभामुखको अनुमतिले म यो विशेष समयमा मेरो आफ्नो केहि धारणाहरु राख्न अनुमति चाहान्छु। र सबभन्दा पहिला प्रदेश सरकार र यो प्रदेश सभालाई हार्दिक धन्यवाद दिन चाहान्छु। अस्ति राती भएको बारा र पर्सामा हावाहुरीले जुन किसिमको धनजनको क्षती, धेरैजनाको मृत्युवरण भयो त्यसका लागि जुन सहयोग गर्ने प्रतिबद्धता प्रदेश सरकारले र प्रदेश सभाले गर्नुभएको छ, तयसको लागि म हार्दिक आभार ब्यक्त गर्न चाहान्छु।

सभामुख महोदय, राष्ट्रिय गौरबको योजना, त्यमाथि पनि झण्डै २ दशक अगाडीबाट सुरु भएको काठमाण्डौ उपतयकाको खानेपानीको अभावलाई दिर्धकालिन रुपमा समाधान गर्न, स्वच्छ खानेपानीको आपुर्तिको ब्यवस्था गर्न झण्डै २ दशक अगाडीबाट सुरु भएको राष्ट्रिय गौरबको परियोजना, मेलम्ची खानेपानी अहिले आएर लगभग ९७ प्रतिशत काम सम्पन्न भईसकेको अवस्था, जम्मा २६ किलोमिटरको हेलम्बुको अम्बाथान देखि काठमाण्डौको सुन्दरीजल सम्मको जुन २६ किलोमिटरको टनेलबाट काठमाण्डौमा पानी ल्याउने र फष्ट फेजमा जुन १७ करोड लिटरको जुन पानी काठमाण्डौ ल्याएर काठमाण्डौको आपुर्तिको समस्या समाधान गर्ने उद्धेश्यले जुन परियोजना सुरु भईसकेको थियो त्यसको ९७ प्रतिशत काम सम्पन्न र अब बाँकि ४१० मिटरको फाईनल सपोर्ट र २ वटा भेन्टिलेसनको साफ्टको काममात्रै बाँकि भएको अवस्थामा अहिले मेलम्ची खानेपानी

आयोजनामा सुरुमा चाईन रेल्वे कम्पनीले काम गर्दै आईरहेको र त्यसमा पनि ठेकेदार बिचमै निर्माणको काम तपाईको टर्मिनेट गरेर गएको अवस्था र अहिले आएर फेरि त्यसपछिको दिनमा ईटालियन सिएमसी कम्पनीले जुन त्यसलाई कन्टयुनिटि दिनको लागि काम अगाडी बढाएर जुन यो ९७ परसेन्ट काम सम्पन्न भईसकेको अवस्था थियो। केहि महिना अगाडी त्यो सिमएमसी कम्पनीले पनि आफ्नो कामलाई टर्मिनेट गरेर काम सम्पन्न नगरिकन काम छोडेको अवस्था छ।

त्यसो भएको हुनाले मलाई त के लाग्छ भने पहिलो ठेकेदार भाग्दा खेरी त ठेकेदारकै कमजोरी हो कि भन्ने हाम्लाई पनि भान हुन्छ तर जब दोश्रो ठेकेदार पनि बिचमै काम छोडेर भाग्दा खेरि समस्या त ठेकेदार होईन कि यो सरकानै होकि भन्ने तर्फ आम जनताले सोच्न थालिसकेको छ। त्यसो भएको हुनाले जुन किसिमको अहिले राष्ट्रिय गौरबको योजनाको त यो हालत छ भने अघि हाम्रो माननीयज्युहरुले उठाईनहनु भएको यो प्रदेश गौरबको योजनाहरुको हालत के होला? त्यसो भएको हुनाले यस्को म सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहान्छु।

यो ठेकेदारले छोडेर भागिसकेको अवस्थामा त्यहाँको सप्लायर्सहरुको तिर्नुपर्ने दायित्व झण्डै डेढ अरबको हाराहारीमा छ भन्ने अहिले तपाईको मागहरु आईरहेको छ। त्यसो भएको हुनाले यथासक्य चाडो ति भेण्डोर्सहरुको सप्लायर्सहरुको तपाईको जुन तरकारी देखि लिएर दुध देखि लिएर तपाईको रिचार्ज कार्ड देखि लिएर ईटाँ, बालुवा, गिट्टि, ढुङ्गा देखि लिएर यो सप्पै सप्लायर्सहरुको तेल देखि लिएर सबै गर्दा डेढ अरब रुपैंया भुक्तानी गर्न बाँकि भएको सुनिनमा आएको हुनाले यो सप्लायरले। यहाँ कोईसन आउन सक्छ, यो किन यत्रो तपाईको उधारो दियो भन्ने कुरा आउन सक्छ तर यो राष्ट्रिय गौरबको योजना भएको ले सप्लायर्सहरुले पनि विश्वास गरेर दिएको हुनाले यसको दायित्व सरकारले लिनुपर्छ भन्ने मेरो भनाई हो र त्यसो भएको हुनाले ति सप्लायरहरुको जुन तिर्नुपर्ने दायित्वहरुलाई यथासक्य चाढौं त्यसको भुक्तानी गराउनको लागि म विनम्र अनुरोध गर्दै मेरो आफ्नो भनाईलाई यहि टुङ्ग्याउने अनुमति चाहान्छु। धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय लालकुमारी पुनलाई बोल्न समय दिन्छु, समय ३ मिनेट

**<u>माननीय लालकुमारी पुन (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुखज्यु, सभामुखको अनुमति लिएर भर्खरै १७ गते बारा पर्सामा हावाहुरीले एकदमै विपत्ती लिएको, त्यहाँ मृतकप्रति हार्दिक श्रद्धाञ्जली, घाईतेहरु प्रति सिघ्र स्वास्थ्य लाभको कामना र शोकशन्तब्द परीवारमा समवेदना। माननीय सभामुखज्यु, भर्खरै बारा पर्साको विपत्तीमा माननीयज्युहरुको ३ दिन बराबरको पारिश्रमिक कटाएर त्यो विपद्को बेलामा यो ३ नम्बर प्रदेश सरकारले जो यो सहयोगको निर्णय गर्नुभो प्रदेश सरकारलाई सभामुख मार्फत धन्यवाद दिन चाहान्छु।

मैले आफ्नो निर्वाचन क्षेत्रमा गोटीखेल र चन्दनपुरमा भर्खरै दुईवटा घर आगलागी भएको छ सम्बन्धित आगोलागिका परिवारलाई राहतको ब्यवस्था भएको छैन। जिल्ला प्रशासनमा निवेदन दिने बेलामा मात्रै १५ हजारको विपद् ब्यवस्थापनको मात्रै ब्यवस्था भएको कारणले त्यो राहतले पर्याप्त नभएके कारणले प्रदेश सरकारले पनि सम्बन्धित निकायमा राहतको ब्यवस्था गरोस् भनेर सभामुख मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहान्छु। अर्को कुरा, हाम्रो कलाकार ललितपुर जिल्लाको दक्षिणको महांकाल गाँउपालिकाको निशा घिमिरेको भारतको देहरादुनमा दुर्घटनामा परेर निकै लामो समयसम्म उपचारमा हुनुहुन्छ वहाँको आर्थिक अवस्थाको कारणले पर्याप्त मात्रामा उपचार भएको छैन। सरकारले त्यसमा पनि निशुल्क उपचारको ब्यवस्था गरोस्।

कलाकार भनेको राष्ट्रको गहना हो देशका गहना भएको कारणले म सभामुख मार्फत ध्यानाकर्षण गर्न चाहान्छु। अर्को कुरा, हामी एक महिनामा एक चोटि यो फर्पिङ देखि भिमफेदीको बाटो हिड्दा खेरिको हाम्रो हालत, हामीले भनेर यहाँ ब्याख्या गरेर साध्य छैन तर दिनदिनै त्यहाँ हिड्ने जनसमुदायको अवस्था कस्तो होला ? सरकार किन मौन छ ? ३ नम्बरका मुख्यमन्त्री, सभामुख, मन्त्रीज्युहरु पनि त्यहि बाटो हिड्ने भएको कारणले यसलाई छिटै स्तरोन्नती र ब्यवस्थि तगर्नका लागि सभामुख मार्फत मैले ध्यानाकर्ष गर्न चाहान्छु। र अर्को कुरा चापागाँउ सडक, गोदावारीको सडक निकै लामो समयदेखि टेण्डर भईसकेको

छ तर अहिलेसम्म पनि ठेकेदारले त्यो क्षेत्रमा बाटोलाई ब्यवस्थित गरेको छैन। यसलाई पनि सम्बन्धित निकायले के कसरी गर्न सकिन्छ ध्यानाकर्षण गर्न चाहान्छु।

**<u>माननीय सभामुखः-</u>** अब म माननीय प्रेम बहादुर पुलामीलाई बोल्न समय दिन्छु, समय ३ मिनेट

**<u>माननीय प्रेम बहादुर पुलामी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-</u>** माननीय सभामुखज्यु, अस्ति १७ गते बारा पर्सामा आएको हावाहुरीबाट मृत्यु हुनुभएका सम्पूर्ण प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्न चाहान्छु, शोकसन्तव्द परिवारमा हार्दिक समवेदना प्रकट गर्न चाहान्छु, घाईतेहरुको सिध्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु। यतिखेर त्यहाँ छाना, नाना र खानाको आवश्यक परेको छ। हामी सबैले हामीले सक्ने सहयोग लिएर त्यहाँ पुग्न पनि म अनुरोध र आग्रह गर्न चाहान्छु। खासगरि यो मेरो क्षेत्र मकवानपुर १ को क मा २०३१/३२ सालदेखि नापी भएका जग्गाहरु आज सम्म पनि पुर्जा पाएको छैन।

त्यो पुर्जा नभएकोले धरान चतरा सडक भित्र पर्ने घरटहरा समेतको पनि मुआब्जा दिन सकिराखेको अवस्था छैन जसको कारणले पहाडी लोकमार्ग द्रुतगतिमा अगाडी बढ्नुपर्ने ठाँउमा कतिपय अवरुद्ध भएर बसेको अवस्था छ म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु। यसैगरि बारा पर्सासँग जोडिएको मकवानपुर जिल्लाको बकैया गाँउपालिका १ र २ सिमाना विवादका कारणले निकै ठुलो र निकै चर्को रुप त्यसले स्वरुप लिदैं छ।

म बेलैमा ध्यानाकर्षण गराउन चाहान्छु दुईवटा प्रदेशको मुख्यमन्त्रीज्युहरुले त्यो सिमा विवाद समाधानको लागि छिटै पहलको निम्ति म अनुरोध र आग्रह गर्न चाहान्छु। मैले धेरै कुरा भन्नु छैन, यहाँ आउदा धेरै ज्ञानगुनका कुराहरु सिक्न पाईन्छ, सुन्न पाईन्छ। माननीयज्युहरुले दलगत स्वार्थ भन्दा माथि उठेर आफुलाई अगाडी बढाउनुपर्छ भनेर ज्ञानगुनका कुराहरु सुनाईराखेको मैले सुन्छु।

मलाई पनि के लाग्छ भने एउटा चेन्ज भन्नी शब्द छ। CHANGE चेन्ज, चेन्ज शब्दको अर्थ यसका सबै लेटरहरुको आआफ्नो अर्थ छ। अगाडीको C लाई मात्रै हेर्ने हो भने कमिटमेन्ट गर्ने कुरा प्रतिवद्धता जाहेर गर्ने कुरा हुन्छ, म त्यो आशा राख्न चाहान्छु।

पछाडीको E लाई मात्रे हेर्नेहो भने ईफोर्ट, प्रयत्न गर्ने कुरा हुन्छ। तर माननीयज्युहरुले अगाडीको C लाई हटाईदिने पछाडीको ईफोर्ट पनि प्रयत्न पनि नगर्ने अनि बाकिँ रहन के आउछ भने HANG ह्याङ भएर नबस्नु, अनुरोध र आग्रह गर्न चाहान्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय दिपक निरौलालाई बोल्न समय दिन्छु, समय ३ मिनेट।

**<u>माननीय दिपक निरौला (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय समाभुखज्यु। एउटा गित बहुत चर्चीत थियो, तराईमा आँधी आउदा पहाडले छेक्नुपर्छ भन्थ्यो, गित मार्मीक र राम्रो लाग्थ्यो तर त्यसको आशय मैले बुझन् सकेको थिईन। हिजो मैले त्यो कुराको अनुभुत गरे र आज प्रदेश सरकार र प्रदेश सभाले २ नम्बर प्रदेशमा जुन सहयोग गरेको छ, यो सर्हानीय छ, यो प्रसंसनीय छ।

शायद यो गितका रचनाकारले सोचेको कुरो यहि थियो भन्ने मलाई लाग्छ। म त्यस क्षेत्रमा विपद्मा पर्नु भएका जनसमुदाय र दिवंगत ब्यक्तिहरुप्रति हार्दीक समवेदना पनि ब्यक्त गर्न चाहान्छु। म मेरो विषय प्रवेश गर्ने अनुमति चाहान्छु। हिजो मात्रै हाम्रो यो सदनमा बालबालिकाको अधिकारको विषयलाई लिएर कानुन बनाउने जमर्को सहित सम्बन्धि मन्त्रीले हामीसँग यहाँ विधेयक प्रस्तुत गर्नुभएको छ।

तर विडम्बनाको कुरोकानी एकातिर हामी कानुन बनाउन अगि बढीरहेका छौं तर केन्द्रीय सरकार मातहतमा रहेको एउटा बालबालिकासँग सम्बन्धित रहेको एकमात्र नेपालको अस्पताल कान्ती अस्पताल जो ५७ वर्ष अगाडी शोभियत संघको सहयोगमा ५० बेडबाट सुरु भएको थियो। क्रमश त्यसलाई नेपाल सरकारले १५० बेडमा पुऱ्याउने काम गऱ्यो भने आज भन्दा २५ वर्ष अगाडी जापान सरकारको सहयोगमा त्यो अस्पताल ३३६ बेडमा रुपान्तरण भएको थियो। त्यसले लामो समयदेखि एउटा सेवा प्रवाह गरिरहेको थियो तर आज केन्द्रीय सरकारको समायोजनको नितिका कारणले गर्दाखेरी आज त्यहाँ कर्मचारीको अभाव हुने खालको स्थिति बनिरहेको अवस्था छ।

यो हाम्रो प्रदेश भित्र पर्छ। म जान्दछु कि सभामुखज्यु, त्यो हाम्रो प्रदेश सरकारको मातहतमा रहेको अस्पताल होईन तर यो प्रदेश मातहतको रहेको सिंगो देशको प्रतिष्ठाको विषयमा रहेको बालबालिकाको अधिकारसँग सम्बन्धित रहेको एउटा अस्पताल अब्यवस्थित भईरहदाँ खेरि यो प्रदेश सरकारले टुलुटुलु हेरिराखु उपयुक्त हुन्छ जस्तो मलाई लाग्दैन। त्यसअर्थ म यो सदन मार्फत केन्द्रीय सरकारको ध्यानाकर्षण गराउनका लागि प्रदेश सरकारसँग विनम्रता पुर्वक अनुरोध गर्न चाहान्छु कि त्यो अस्पतालमा केहि दिन अगाडी संचारमाध्यमहरुमा पनि आएका थिए, मैले त्यहाँको प्रमुखसँग हेटौंडाबाटै बातचित गर्ने काम पनि गरे। कि त्यहाँ रहेको दरबन्दी दुईटा मार्फत निजामति नेपाल सरकार मार्फत ३०० जना कर्मचारीको दरबन्दी रहेको, विकास समिति मार्फत २०७ जनाको दरबन्दी रहेको थियो। र मुलत अरु प्रशासनीक कर्मचारी भन्दा नि मेडिकल डक्टरहरुको संङ्ख्याको हिसाबले अत्यन्तै संवेदनशील अवस्था पुग्न गएको छ।

मेडिकल तर्फको कुराकानी गर्ने हो भने ३८ जनाको दरबन्दी रहेको मा हाल १ जना मात्रै त्यहाँ कार्यरत रहने स्थिति त्यहाँ बनेको छ। नर्सहरुको त्यसैगरिकन ८४ जनाको दरबन्दी रहेकोमा १० जनामात्रै अहिले कार्यरत रहने स्थिति छ। त्यसका केहि प्राविधिक समस्याहरु छन्। केहि कर्मचारीहरु अलिकति बेसि देखिन्छन्, डक्टर र नर्सको संङ्ख्या बेसी देखिन्छ तर अध्ययन बिदाको लागि भनेर हाजिर र तलब कान्ती अस्पतालबाट खाने गरि १०–१५ जना डाक्टरसापहरु अहिले अध्ययन बिदामा हुनुन्छ तर कार्यरत १ जना मात्र हुनुन्छ। दरबन्दीका डक्टरहरु त्यहाँ रहने स्थिति बनेको छैन। समायोजनका कारणले त्यहाँ जाने स्थिति बनिरहेको छैन। यसैगरि नर्सको सवालमा पनि त्यहि खालको अवस्था बनेको छ। स्वभाविकैले महिलाहरु प्राकृतीक रुपले पनि हामीले सबैले बुझ्ने खालको स्थिति छ, एउटा सन्तान उत्पादनसँग जोडिएको एउटा विषयवस्तु पनि छ र गर्भवतीको कारणले गर्दा १० जना नर्सहरु अहिले बिदामा रहनुभएको छ भने जम्मा कार्यरत अहिले १० जना हुनुहुन्छ।

यो अवस्थामा बालबालिकाको स्वास्थ्य प्रति हामी सचेत हुन जरुरी छ। यसअर्थ मैले मेरो विषयलाई टुङ्गाउन चाहैं सभामुखज्यु। मैले प्रदेश सरकारसँग अनुरोध गर्न चाहेको कुरा के हो भने कहि एक वर्ष अगाडी मात्रै हेटौंडा अस्पतालको जुन अवस्था थियो र आज

सुधार भएर आज हेटौंडा अस्पताल जुन खालको प्रसंसनीय काम गरिराखेको छ र यो प्रदेश सरकारले लिए पछि त्यो अस्पतालको सुधार भएको कारणले गर्दाखेरी मेरो अनुरोध यो सभामार्फत, सभामुखज्यु मार्फत प्रदेश सरकारलाई त्यो कान्ती बाल अस्पताल पनि प्रदेश सरकारको मातहतमा ल्याउने काम गरियोस् र त्यसको सुब्यवस्थित ढङ्गले संचालन गर्ने खालको अभियानलाई संचालन गर्न सकौं मैले यो आग्रह र निवेदन गर्दै बिदा हुन्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जमकट्टेललाई प्रदेश स्तरका केहि सार्वजनीक लिखत प्रमाणिकरण ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय सभामुखः</u>**- के को नियमापत्ती हो माननीय सदस्य?

विशेष समयमा बोल्ने समयमा मेरो नाम के कारणले काट्नु भएको हो?

**<u>माननीय सभामुखः</u>** ठिक छ, नाम चैं छुटेको रहेछ। म माननीय रिता माझीलाई बोल्न समय दिन्छु।

**<u>माननीय रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी)</u>:-** माननीय सभामुखज्यु, सभामुखज्युमार्फत मिति २०७५ साल २३ गते काभ्रे जिल्लाको तिमाल गाँउपालिका वडा नम्बर ९ बाट कोथबेमा जन्ती लिएर गईरहेको बस जन्ती लिएर बेहुली लिएर फर्कने क्रममा त्यहाँ ट्रिपर दुर्घटना हुदाँ ३९ जना घाईते हुनुभएको छ र २ जनाको मृत्यु भएको हुदाँ प्रदेश सरकारबाट हुनसक्ने सहयोग के कति गर्न सकिन्छ त्यो सहयोग गरिदिनुहुनका लागि विशेष ध्यानाकर्षण गराउन चाहान्छु।

त्यसैगरि रामेछाप जिल्लाको गोकुलगंगा गाँउपालिका वडा नम्बर ४ बेतालीबाट २०७५/११/२६ राति ९:३० बजेबाट हराईरहेको हुदाँ वहाँको खोजी कार्यको लागि पनि प्रदेश सरकारको विशेष पहलको लागि मैले ध्यानाकर्षण गराउन चाहान्छु। त्यसैगरी खोकना

बुङमतीमा आदिवासी जनजातीहरुको विशेष महत्वको साम्प्रदायिक सम्पत्तीहरु चैं त्यहा विकासको नाममा केहि एउटा जनताबाट टाढा रहने काम भईरहेको हुदाँ वहाँहरुलाई उचित मुआब्जा र त्यहाँको प्राकृतिक श्रोत र साधनको र प्राकृतिक सम्पदाको संरक्षणको लागि पनि विशेष प्रदेश सरकारको पहलको लागि अपेक्षा गरेको छु।

त्यसैगरि यो संघियताको कुरा गर्दा खेरी यहाँ धेरै माननीयज्युहरु तर्सिनुभयो कि जस्तो मलाई लागेको छ। त्यसकारणले यहाँहरुले सकारात्मक रुपमा बुझिदिनुस्। संघीयता हामीले पुरा खारेजी हैन संघीयता स्थानीय सरकारमा अहिलेको भन्दा बलियो स्वायत्त सरकार र त्यसैगरि संघीय सरकारमा एउटा केन्द्र सरकारको बलियो सरकारको रुपमा माग गरेको हौं। त्यसैगरि म केपनि प्रष्ट गर्न चाहान्छु भने यहाँ संघीयताको कुरा हैन हामी संविधान मार्फतै संविधानलाई टेकेर यो प्रदेश सभामा आज ६० हजार जनताले चैं यहि विषयमा बोल्नका लागि अधिकार दिएको हुदाँ जनताको विचारलाई स्वतन्त्र रुपमा बोल्न पाउने यो मर्यादित यो गौरबमय संसद सभामा बोलिएको कुराहरुलाई रेकर्डबाट हटाईने, त्यसैगरि प्रतिबन्ध लगाईने जस्ता कुराहरु आउँछ यदि भने यो अहिलेको गणतन्त्रमा एउटा वाक स्वतन्त्रताको कुरा संविधानमै टेकेर कुरा गर्दा पनि यो कुरालाई चैं प्रतिबन्ध लगाईने कुरा उठ्छ भने यो प्रजातन्त्रको हत्या भएको कुरा ठानिनेछ त्यसकारणले यहाँहरु दुईतिहाईमा हुनुहुन्छ।

एकजना सांसदले बोलेको आवाजले बोलेको आवाजले यहाँहरुको मुटु नहल्लियोस्। हामी जुन दिन हाम्रो बहुमतले यो ठाँउमा ल्याईपुर्याउछौं त्यो दिन हामीले लिएको एजेण्डालाई स्थापित गर्नेछौ साथै सबै पार्टी राजनितिक दलहरुको आआफ्नै एजेण्डा होला त्यो एजेण्डा उठाउने ठाँउमा पनि त्यसरी नतर्सिनुहुनका लागि विशेष अनुरोध गर्न चाहान्छु। धन्यवाद, जय राष्ट्र, जय जनता। साथै अन्त्यमा थोरै कुरा छुटेछ, यो बारा पर्सामा जुन घटना भएको छ यो घटनामा मृत्यु हुनेप्रति हार्दिक श्रद्धाञ्जली र घाईतेहरु प्रति एउटा स्वास्थ्य उपचारको सिध्र स्वास्थ्य लाभको कामना गर्दछु र प्रदेश सरकार मार्फत त्यहाँ म पनि हिजो बुझ्न गएको थिए जादाँखेर बालबालिकाहरु र महिलाहरु बेडको अभावमा, एउटै बेडमा

सुतिराखुभाको छ दुईजना, कोहि बच्चाहरु चैं भुईमा पनि उपचार गराईराखु भाको छ विशेष स्वास्थ्य उपचारको पहल चैं प्रदेश सरकार मार्फत गरियोस् भन्न चाहान्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जमकट्टेललाई प्रदेश स्तरका केहि सार्वजनीक लिखत प्रमाणिकरण ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जमकट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्रालयः</u>-** माननीय सभामुखज्यु, सभामुखज्युको अनुमतिले प्रदेश स्तरका केहि सार्वजनीक लिखत प्रमाणिकरण ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म प्रदेश स्तरका केहि सार्वजनीक लिखत प्रमाणिकरण ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव माथि अर्थात विधेयकमाथिको सामान्य छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु, यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल हुने ब्यहोरा अनुरोध गर्दछु। उक्त छलफलमा बोल्न चाहानुहुने माननीय सदस्यहरुले आआफ्नो नाम चिटमा लेखि सभामुखको डयाससँगै बसेका कर्मचारीहरुलाई उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरु, प्रदेश स्तरका केहि सार्वजनीक लिखत प्रमाणिकरण ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव माथि छलफलमा बोल्नको लागि कुनैपनि माननीय सदस्यको नाम प्राप्त भएन तसर्थ प्रदेश स्तरका केहि

सार्वजनीक लिखत प्रमाणिकरण ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्ः

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्

हुन्न भन्ने आवाज सुनिएन, तसर्थ प्रदेश स्तरका केहि सार्वजनीक लिखत प्रमाणिकरण ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जमकट्टेललाई प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक माथि सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जमकट्टेल, आन्तरिक मामिला तथा कानुन मन्त्रालय</u>ः-** माननीय सभामुखज्यु, सभामुखज्युको अनुमतिले प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक माथि सभामा विचार गरियोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु, अब प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक माथि सभामा विचार गरियोस् भन्ने प्रस्ताव माथि अर्थात विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु, यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल हुने ब्यहोरा अनुरोध गर्दछु। उक्त छलफलमा बोल्न चाहानुहुने माननीय सदस्यहरुले आआफ्नो नाम चिटमा लेखि सभामुखको डयाससँगै बसेका कर्मचारीहरुलाई उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम म माननीय श्री रमेश पौडयाललाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय रमेश पौड्याल (विवेशशिल साझा पार्टी)**:- माननीय सभामुख महोदय, २०६२/६३ को परिवर्तन पछिको एउटा महत्वपुर्ण अधिकारको रुपमा जुन सुचनाको अधिकार एउटा मौलिक हकको रुपमा हाम्रो सामु आको छ। यसको प्रयोगले धेरै विषयहरु चैं लुकेर बसेका विषयहरु, सार्वजनीक निकायमा छोपिएर राखिएका विषयहरु उजागर पनि भएका छन्। जनताले नागरिकले सुसुचित हुने अधिकार सुनिश्चित भको छ।

यस सिलशिलामा यो विधेयक प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक यहाँ आईराख्दा खेरि मैले एउटा गम्भिर सैद्धान्तीक विमर्शको विषय यहाँ प्रस्तुत गर्न गईरहेको छु। यसमा अहिले हामीसगँ सुचनाको हक सम्बन्धि ऐन २०६४ पनि संघीय संसदबाट अहिले राष्ट्रिय रुपमा लागु छ र त्यसमा के छ भन्दाखेरि पुनरावेदनको हकको ब्यवस्था गरिएको हुन्छ।

जुन सुचना दिने अधिकारीले सुचना नदिईसकेपछि पुनरावेदनको लागि जुन सुचना आयोग स्थापना भएको छ र त्यो सुचना आयोगका आयुक्तहरु नियुक्त हुने क्रममा त्यहाँ के ब्यवस्था छ भन्दा त्यहाँ चैं सभामुखको संयोजकत्वमा संचार मन्त्री वा सञ्चार राज्यमन्त्री सदस्य त्यसैगरि नेपाल पत्रकार महासंघको सभापति पनि सदस्य रहेको ३ सदस्यीय समितिले चैं त्यो सुचना आयोगको आयुक्तहरु सिफारिस गर्ने ब्यवस्था छ। यो एउटा शक्ति सन्तुलनको दृष्टिकोणले पनि सभामुख एउटा ब्यवस्थापिकाको प्रतिनिधिको हिसाबले, सञ्चारमन्त्री आफैं सरकारको प्रतिनिधिको हिसाबले र एउटा पत्रकार महासंघको सभापति चैं एउटा चौथो अंगको प्रतिनिधिको हिसाबले यो सन्तुलित पनि छ र यसले एक किसिमको निष्पक्षताको पनि सुनिस्च्छितता गर्दछ।

तर सभामुख महोदय यहि विषय अहिले प्रदेशमा आउदा खेरि यहाँ कसरी आईदियो भन्दा खेरि यहाँनेर केन्द्रमा भएको सुचना आयोगको ठाँउमा चैं पुनरावेदन समितिको परिकल्पना गरिएको छ जुन स्वभाविक छ तर त्यो पुनरावेदन समिति कसरी गठन हुन्छ भन्दाखेरी त्यहाँ आन्तरीक मामिला मन्त्री त्यसको संयोजक हुने, मुख्य न्यायधिवक्ता त्यसको सदस्य हुने र प्रदेशको पत्रकार महासंघको अध्यक्ष त्यसको सदस्य हुने।

त्यो हिसाबले हेर्दा यहाँनेर मैले के देख्छु भने सिद्धान्तत पनि नमिल्ने कुरा मुख्य न्यायधिवक्ता भनेको पनि सरकारकै प्रतिनिधि हो र आन्तरिक मामिला मन्त्री त सरकारको प्रतिनिधि हुदैं हो। त्यो हिसाबले हेर्दाखेरि यो न्यायको दृष्टिकोणले, निष्पक्षताको दृष्टिकोणले पनि यो गलत हिसाबले गलत अभिप्रायले यो आएको छ र यसलाई चैं सच्याईनु पर्दछ भन्ने मलाई लाग्दछ। यदि यहि ढगंले यसलाई पारित गरर लगियो भने भोलि जति पनि सरकारी निकायहरु छन् त्यहाँबाट हामीले कुनैपनि सुचना पाउने परिकल्पना नगरे हुन्छ। त्यसले गर्दाखेरि यो सुचनाको हक सम्बन्धि जुन विधेयक छ यसले चैं अग्रगमन तिर प्रगतीपथ तिर जानुपर्नेमा यो चैं पश्चगम तिर फर्किएको छ।

यसले चैं अलिकति अधिनायकवादी गन्ध पनि छोडेको छ किनभने ३ जना सदस्यमा २ जनानै सरकारको प्रतिनिधि हुने भईसकेपछि सरकारले गर्ने यावत् निर्णयहरुमा आम नागरिकले त्यसको सुचनाको पहुचँ राख्न सक्ने स्थिति रहदैंन। त्यसले गर्दा म यो गम्भीर किसिमको सैद्धान्तीक प्रश्न यहाँ राख्न चाहान्छु र यसलाई सुधारेर मात्रै यो सम्मानित सदनले यो विधेयक पास गरोस् भन्ने म अनुरोध गर्न चाहान्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय सिता अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय सिता अधिकारी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुख महोदय, हामी आज प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तीक छलफलको क्रममा छौं। लोकतन्त्र बलियो बनाउनको लागि सबैभन्दा पहिला संघीयता बलियो बनाउन आवश्यकता छ। संघीयतालाई बलियो बनाउनका लागि हाम्रो केन्द्रिकृत संरचनाहरुलाई प्रादेशिक संरचनामा हामी ढाल्न जरुरी छ।

त्यसै सन्दर्भमा यो विधेयक आएको छ भन्ने मलाई लागेको छ। आजको युग भनेको सुचना र सञ्चारको युग हो। हामी प्रदेश अन्तगतको सार्वजनीक सरोकारका निकायहरुलाई जनताप्रति उत्तरदायी बनाउन, जनताप्रति जवाफदेहि बनाउन र त्यसका कामकारबाहीहरुलाई

पारदर्शी बनाउन यो सुचनाको हक सम्बन्धि ब्यवस्थाले महत्वपूर्ण काम गर्ने छ। नागरिकहरुको अधिकारलाई स्थापित गर्नेछ भन्ने मैले अपेक्षा लिएको छु।

हामी शुसासन र सम्वृद्धीका कुराहरु गरिरहेका छौं। शुसासन र सम्वृद्धीमा पनि हामीले विकास र सम्वृद्धिमा शुसासन नभईकन जसरी ति सुचना निकायहरुलाई नागरिकहरुको पहुँचमा पुऱ्याईन्छ तब त्यहाँ शुसासन कायम गर्न सकिन्छ भन्ने मलाई लाग्छ। यदि हामीले ति प्रदेश अन्तगतका सार्वजनीक सरोकारका निकायहरुलाई जनताप्रति उत्तरदायी बनाउन सकेनौ भने ति संस्थाहरु एउटा शासक, जनतालाई एउटा शासन गर्ने शासक वर्गमा परिणत हुन्छन्। हामी ति संस्थाहरुलाई सेवक बनाउन चाहान्छौं। त्यसैले पनि जनताको सेवक बन्नको लागि त्यहाँ नागरिकको हक, सुचनाको हक स्थापित हुन जरुरी छ। अहिले हामीले सुचनाको हक भन्दै गर्दा अलि बढी स्वतन्त्रताको हामीले माग गरिरहेका हुन्छौ तर सरकारको यो सँगै गोपनियताको हक पनि सँगसँगै आउनुपर्छ। सरकारको एउटा सार्वभौमसत्ता राजयको सार्वभौमसत्तालाई असर पुग्ने, नागरीकको जिउधनको सुरक्षाको लागि, एउटा कुटनितिक सम्बन्धमा खलल पुग्ने र जातिय द्धन्द्ध सिर्जना हुने खालको त्यस्तो खालको सुचनाहरु सरकारले गोपनियता राख्न सक्नुपर्छ र यो विधेयकले

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्य, समय सकियो।

त्यो ब्यवस्था गरेको छ भन्ने अपेक्षा सहित बिदा हुन्छु, हवस् त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय सरस्वती बाटीलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय सरस्वती बाटी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, अहिले हामी यो प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्थागर्न बनेको विधेयकको सन्दर्भमा सर्वप्रथम म केहि कुराहरु राख्न चाहान्छु। यसमा क्रम संङ्ख्या १५, क्रम संङ्ख्या ३४ को दुईटा बुदाँहरु दफाहरु त्यो सँग सम्बन्धित भएन कि भन्ने मलाई लागेको छ। सभामुख मार्फत म यो जानकारी गराउन चाहान्छु।

वास्तवमा सुचनाको हक, सुचना सरल ढङ्गबाट, सुचना स्पष्ट ढङ्गबाट सबैले बुझ्ने किसिमबाट प्राप्त हुनुपर्दछ। यसरी यसो भयो भने हामीले सम्वृद्ध नेपालको लागि अथवा तल्लो तहका नागरिकहरुलेपनि त्यसलाई सहज रुपमा बुझ्न र त्यसलाई कार्यान्वयनको क्षेत्रमा अगाडी बढाउन सजिलो हुन्छ। यो सुचना प्राप्त गर्ने र सुचना प्राप्त गर्ने कुराहरु कमजोर भयो अथवा गाह्रो भयो अथवा कठिन भयो भने हामीले लिएका लक्ष्यहरु नगरिक तल्लो तहका नागरिक अथवा हामीले लिएका निति र कार्यक्रमहरु र हामीले लिएका लक्ष्यहरु पुरा गर्नका लागि पनि यसले सहजता उपलब्ध गर्न सक्दैन त्यसकारणले गर्दाखेरी सुचनाको हकको सन्दर्भमा सहज सरल ढङ्गबाट उपलब्ध गराउनी काममा अगाडी बढ्नु पर्छ यो विधेयकले सम्बोधन गरेको हुनुपर्दछ भन्ने मलाई लाग्दछ। अर्को सन्दर्भका कुरा गर्नुपर्दा संविधानको मौलिक हक को भाग ३ मौलिक हक कर्तब्यको कुरा अन्रतगत यो विषय परेको हुनाले यससँग सम्बन्धित भएर प्रदेशले पनि यो सुचनाको हकको सन्दर्भलाई विधेयकको रुपमा प्रस्तुत गरेको छ।

त्यसकारणले गर्दा यो एकदमै राम्रो ढङ्गले आएको छ भन्ने मलाई लागेको छ र वास्तवमा यो सुचनाको कुराहरु गर्दाखेरी अहिले हाम्रो देशको सन्दर्भको कुरा गर्दाखेरि जाति भाषा धर्मका धेरै कुराहरु गरिरहदाँ खेरि र सय भन्दा पनि धेरै जातजाति र भाषाभाषीहरु रहेको यस समुदाय भित्र रहेका हामी जनसमुदाय अथवा नागरिकहरुको बिचमा कुनै किसिमको समस्या नआउने गरिकन यो सुचनालाई अगाडी बढाउनुपर्ने आवश्यकता रहन्छ र त्यसकारणले गर्दाखेरि सुचनाहरु प्राप्त गर्नका लागि सरल ढङ्गको उपायहरु हुनुपर्छ।

प्रविधिहरु ठाँउठाँउमा ब्यवस्थित गर्नुपर्दछ र मलाई अर्को एउटा कुरापनि के भन्न मन लागेको छ भने अहिले हामी प्रदेशमा यहाँ बसिरहेका छौं र हामीले पढ्ने अध्ययन गर्ने सामाग्रीको अभावले गर्दा केहि कुराहरु राख्नपनि समस्या हुने गरेको छ त्यसकारणले गर्दा प्रदेश जस्तो सरकारको ठाँउमा लाईब्रेरीको ब्यवस्था अध्ययन गर्ने ब्यवस्थाहरु पनि हुनु जरुरी थियो र यस अन्तरगत यस्ता कुराहरु भयो भने सहज ढङ्गबाट हामीले सुचनालाई ब्यवस्थापन गरेर प्रस्तुत गर्न सकिने अवस्था रहन्थ्यो भन्ने कुराहरु राख्न चाहान्छु। हवस् त धन्यवाद।

**मानसनीय सभामुखः-** अब म माननीय श्री नारायण सिलवाललाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय नारायण सिलवाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** माननीय सभामुख महोदय, प्रदेश सरकारले प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक जुन प्रस्तुत गरेको छ यो अत्यन्तै महत्वपुर्ण विधेयक मेहनतका साथ आन्तरीक मामिला मन्त्रीज्युले प्रस्तुत गर्नु भएको छ त्यसको लागि म वहाँलाई धन्यवाद पनि दिन चाहान्छु।

स्वभावैले लोकतन्त्रको जग बलियो भयो भने त्यसको लागि जनता सुसुचित हुन आवश्यक छ त्यसका लागि सरकारले गरेका सबै कामहरु जति पारदर्शी हुन सक्छन् त्यसले जनतालाई बलियो पनि बनाउछँ र सम्वृद्धीको जुन हामी नारा तय गरिरहेका छौं, लक्ष्य तय गरिरहेका छौं त्यो प्राप्ती गर्न पनि शुसासनको महत्वपुर्ण भुमिका हुन्छ नै। त्यो भएन भने सम्भव नै छैन त्यसैले सुचनाको हकको विधेयक प्रस्तावित रुपमा आएको सैद्धान्तीक हिसाबले निकै महत्वपुर्ण विषय हो र आवश्यक थियो र ल्याउनुभो।

यसलाई अगाडी बढाउने क्रममा थोरै हाम्रो समाज, हामी त्यस्तो समाजमा हुर्किएर आयौं यो सम्पूर्ण देश चैं राजाको हो, राजाको नुन खाएको नुनको सोझो गर्नुपर्छ भन्ने खालको मान्यतामा हुर्किएर आएको लोकतन्त्रको प्रयाक्टिस प्रारम्भमै छ त्यसैले अलिकति कहिले काहि हामी यसलाई प्रयोग गर्ने क्रममा अलि बढी उत्ताउलो हुने, चाहिने भन्दा बढी प्रयोग एकैचोटि गर्न खोज्यौ भने पनि पच्दो रैनछ त्यसैले अहिले त्यस्ता केहि सुचनाहरु चैं जसले द्धन्व्द निम्त्याउछँ, जसले सार्वभौमसत्तामै खतरा पर्छ भने त्यसलाई राजयले केहि समय नदिन पनि सक्छ भन्ने कुरा राख्नाले नै लोकतन्त्र कमजोर पार्न खोज्यो भन्ने ढङ्गले भोलि प्रश्न उठ्न सक्छ त्यतातिर त्यसरी जानुभन्दा क्रमश भोलि अनुभवको आधारमा आवश्यकता भोलि हामी समय सापेक्ष त्यसलाई पुन बनाएर लैजान सक्छौं र मैले यो अत्यन्तै महत्वपुर्ण धेरै मेरो विषय छैन, मैले विशेष समयमा बोल्न टाईम लेखाएको थिएँ ठुलो पार्टी भागै आएन त्यसले गर्दाखेरि अलिकति संसदमा आएर भत्ता खानुमात्रै भन्दा पनि थोरै विषयपनि राखिहालौं भनेर आफ्नो विचार राख्ने प्रयास गरे। सभामुख महोदय, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय श्री भिमसेन खत्रीलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय भिमसेन खत्री (नेपाली काङ्ग्रेस)</u>:-** सभामुख महोदय, यो सुचनाको हक भनेसी प्रत्येक ब्यक्तिको, प्रत्येक नागरिकको चाहिँ नि मौलिक अधिकार हो र त्यसले के गर्छ भन्दाखेरि स्वतन्त्र नागरिकको हैसियतले आफुले बोल्न पाउने र एकठाँउबाट अर्को ठाँउमा जान पाउने, घुम्न पाउने प्रत्येक नागरिकको अधिकार हो।

यसै सन्दर्भमा यो सुचनाको हक सन्दर्भमा अहिले प्रदेश सरकारले यहाँ प्रवेश गराएको छ र यसमा चाहिँनि मलाई लाग्छ केहि कुराहरु मैले यसो हिजो हेरी अहिले म भन्दा पुर्व वक्ता १५ दफा, संकेत नम्बर नि १५ बुदाँ नि १५ मा त्यहाँ एउटा विषय हुनुपर्नि अर्को विषय प्रवेश भाथ्यो त्यस्तै अर्को ठाँउमा पनि त्यहि छ। यो त सुधार्न सकिने विषय भो। र मलाई लाग्छ के भन्दाखेरि प्रजातन्त्र, स्वतन्त्रता, मौलिक हक अब जे पनि के रछ भन्दा खेरि मानिसले पाउनुपर्ने सम्पूर्ण अधिकार के मा निहित हुन्छ भन्दाखेरि सुचनामा निहित हुन्छ। बालबालिका यदि रोएन भने आमाले आफ्नो बालबालिकाको वास्ता गर्दिनन्। सर्वसाधारण जनताहरुले आफ्नो आवाजहरु, आफ्ना कुराहरु स्पष्ट रुपमा सरकार अथवा सम्न्धित संघसंस्था, सरकारमात्रै म भन्दीन विभिन्न किसिमका संघसंस्थाहरु छ त्यसले यर्थाथ जानकारी दिएन भने त्यहाँ कुन्ठा हुन्छ।

सुचनामा के हुन्छ भन्दा राम्रो सँग सुचना प्रवाह हुन सकेन भने त्यहाँ बेरियरहरु आउछँ अथवा अवरोधहरु आउछँ। अवरोध आउदाँ खेरि वास्तविक कुरा के हो? अथवा वास्तविक सुचना के हो? जानकारी चैनि प्राप्त हुदैंन। त्यसले गर्दाखेरि अन्यौल प्राप्त हुन्छ। त्यसमा पनि केहि कुराहरु अहिलेको आको विधेयकमा पनि केहि कुराहरु अलिकति बेरिएको हुन्छ कि। त्यो बेरिएको भनेको के हो त भन्दा खेरि यो दिनु हुन्छ र यो दिनु हुदैंन सरकारले तोक्ने होईन र नेपाली काङ्ग्रसको स्थापना कालदेखि मलाई लाग्छ यो प्रजातन्त्र प्राप्त गर्नको लागि सुचना मौलिक अधिकारको रुपमा चैंनि त्यतिबेला ब्याख्या भयो र हाम्रा नेताहरु विपी कोईराला, गणेशमान सिहं, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद भन्नुस अहिले सबै नेताहरुले के भन्देखी यो अत्यन्तै महत्वपुर्ण कुनै किसिमका यहाँ बेरिएर हुनु हुदैंन अथवा

सुचनाको हकमा चैं कहि कतै चाँहिनी रोकावट हुनुहुदैंन भन्ने आदेशहरु, आशयहरु प्रकट गर्नुहुन्थ्यो र त्यतिबेला अब २०४६ साल, त्यो भन्दा पछि त पटक पटक के हुन्थ्यो भन्दा राजाको बारेमा अथवा राजतन्त्रको बारेमा मात्रै हाईनकि एउटा मन्त्रीको बारेमा केहि भन्यो भने त्यो सम्पूर्ण पत्रपत्रीकानै जफत हुन्थ्यो, त्यो अवस्था थियो।

तर अहिले के छ भन्दाखेरि त्यो नभईकन केन्द्रीय सरकारले अथवा संघीय सरकारले त्यसमा चैं केहि अब सार्वजनीक सुचना अथवा सार्वजनीक रुपमा जाने सुचना प्रवाहलाई रोक्न खोजेको देखिन्छ र यसले चाहिँ के छ भन्दाखेरि त्यसमा समस्या आउन सक्छ र सुचना के हुदों र छ भन्दाखेरि मानिसले पनि लगाउन सक्ने, अस्ती प्रदेश नम्बर २ मा अचानक त्यो चाँहि के भने प्राकृतीक प्रकोपको रुपमा प्रकृतीले सुचना दिएको जस्तो लाग्छ मलाई। किनभने त्यहाँ फोरकास्ट सुचनानै हो त्यो जानकारी।

त्यो कसले दिन सकेन भन्दा हाम्रो मौसमविदहरुले तत्कालै जानकारी त्यहाँ के त भन्दाखेरि ७२ घण्टासम्मको सुचना दिन सक्ने तत्कालै आउन सक्ने सुचना नआएको भन्दा तत्कालै २-३ घण्टा अगाडी चैंनि सुचना दिएको भए शायद त्यति मानिसहरु मर्ने थिएनन् त्यसकारण यो के हो त भन्दाखेरि सर्वसाधारण जनता, सरकार, राज्यदेखी लिएर प्रकृतिले पनि बारम्बार हामीलाई चेतावनी दिन्छ तर त्यसलाई चैंनि स्वभाविक रुपमा छोड्नुपर्छ भन्ने भनाई राख्दै मेरो भनाई यहि टुङ्ग्याउछु, हवस् त जय नेपाल।

**माननीय सभामुखः-** अब म माननीय श्री रिना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय रीना गुरुङ (राष्ट्रिय प्रजातन्त्र पार्टी-संयुक्त):-** माननीय सभामुख महोदय, सर्वप्रथम प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक प्रदेश नम्बर ३ सरकारले लिएर आएको छ त्यसको लागि म स्वागत र धन्यवाद दिन चाहान्छु, जुन ल्याउनै पर्ने विधेयक चैं आएको छ। सर्वप्रथम विधेयक चैं केन्द्रमा आएको विधेयक भन्दा केहि कुराहरुमा भिन्नता छ त्यो अलिकति अझैपनि त्यसमा चाहि हामीहरु अध्ययन गरेर अगाडी बढोस् भन्ने मन्त्रीज्यु सँग आग्रह गर्न चाहैं। निवेदनको माथि जाँचबुझ गर्ने कुराहरु देखि

लिएर धेरै कुराहरु छ जो अलिकति फरक परिमार्जित भएर आएको छ। परिमार्जित चैं हुनैपर्छ तर अंकुश लगाउने गरि परिमार्जित हुन हुन्न भन्ने कुरा चैं मैले आग्रह गर्न चाहें।

बाँकि कुरा समितिको छलफलमा भनौला र सुचनाको हक भन्ने बितिक्कै, सुचनाको हक भन्ने कुरा चैं राष्ट्रको सम्वृद्धीसँग पनि जोडिएको हुन्छ। स्थानीय तह, प्रदेश सरकार, केन्द्र हरेक ठाँउमा चैं सुचनाको हकमा कहिपनि अकुंश लगाईयो भने धेरै कुराहरु रोकिन्छ। अहिले पछिल्लो समय स्थानीय तहमा चरम् भ्रष्टचार भईरहेको छ भन्ने कुरा जगजाहेरनै छ। यो कुरालाई चैं कसरी रोक्ने भन्ने कुरा प्रदेश सरकारले चैं के मनिटरिङ नगरेपनि सुचना अधिकारीहरु चाहि बनाईएको छ या छैन।

सुचना अधिकारीहरुले चैं जनतालाई पत्रकारहरुलाई पर्याप्त रुपमा सुचना दिएको छ कि छैन यस्तो कुरा चैं कार्यान्वयन होस् भन्ने मैले कुरा गर्न चाहें। र प्रदेश सरकारले पनि हरेक प्रदेश मन्त्रालयले पनि सुचना अधिकारी तोकिएको छ कि छैन? हुनत हामीलाई पनि पुरा जानकारी भएको छैन पक्कै पनि तोकिएको छ होला। सुचना अधिकारीहरुले यता बसेका माननीयहरुलाई पनि प्रदेशका सरकारले चैं के के काम गरिरहेको छ, हरेक मन्त्रालयले चैं कार्य के के गरिराखेको छ त्यो मन्त्रालयले चैं सुचना अधिकारी मार्फत हामीहरुलाई जानकारी गराउन् भन्ने मैले त्यो पनि आग्रह गर्न चाहें र अन्तिममा प्रदेश सभाले पनि सुचनाको हकमा चैं अकुंश लगाउने हुन्न हामीहरुले चै यता केहि कुरा भनेका हुन्छौं किनकी संविधानले हामीहरुलाई चैं बोल्ने स्वतन्त्रता दिएको छ, केहि कुराहरु हामीले बोल्न नपाउने भनेको हुदैंन। भोलिको दिनमा कसैले चैं यो रोष्ट्रमा उभिएर बोलेको कुराहरु भोलिको दिनमा पत्रकाहरुले मागे भने त्यो चाहि प्राप्त नभएको भए चैं यो पनि मलाई लाग्छ कि सुचनाको हकमा केहि अकुंश हुनेछ।

अस्तिका दिनमा मैले बोलेको थिए, धर्म निरपेक्षता र संघीयता जनताले माग गरिएको थिएन फेरिपनि आयो। अब त्यसले चैं धेरै कुराहरु चैं जनताको भार थपिएको छ यस्तो कुराहरु मलाई लाग्दैन कि यस्तो कुराहरु रेकर्डबाट हटाउनुपर्छ भन्ने यो कुरा चैं मलाई लाग्दैन र यता आएर यो कुराहरु वादविवाद यता रोष्ट्रममा उभिएर सांसदहरुले गर्नुपनि हुन्न

मलाई लागेको छ। त्यो भएर यो सदन भित्र धेरै कुराहरु चैं रेकर्डबाट हटाईएको छ त्यो रेकर्डबाट नहटाईयोस् भन्ने कुरा चैं मैले सभामुख महोदय मा चैं रिक्वेस्ट गर्न चाहें।

<u>माननीय सभामुखः</u>– माननीय समदस्य, समय सकियो।

र यत्तिनै भन्दै म बिदा हुन चाहान्छु, जय राष्ट्र।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय श्री रिता माझीलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी)</u>:-** माननीय सभामुख महोदय, प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक सरकारले ल्याएको छ। यसलाई म स्वागत गर्न चाहान्छु। जुन सुचनाको हक संविधानको पनि धारा २७ मै मौलिक अधिकारमा ब्यवस्था गरिएको छ त्यसलाई आधार मानेरै यो विधेयक आएको होला भन्ने मलाई लागेको छ। जहाँसम्म सुचनाको हक अहिले सम्म हामीले विभिन्न खालको आन्दोलन, संघर्षहरु गर्यौं यस प्रदेशमा अबको यस विधेयकले चैं यस प्रदेशमा बसोवास गर्ने तमाम आदिवासी जनजातीहरुले आदिवासी जनजातीकै भाषामा सुचना पाउनुपर्दछ। त्यसैगरि आदिवासी जनजातीकै भाषामा वहाँहरुले आफ्नो निवेदन पेश गरेर सरकारको विभिन्न निकायबाट सुचना प्राप्त गर्न सक्ने ब्यवस्था गरियोस्।

तब मात्रै यो आदिवासी जनजातीहरुले आफ्नो भाषा मात्रै जान्ने जनजातीहरुले सिंगो भाषामा नै सुचना प्राप्त गर्यो भने राज्य सरकारले के गर्दै छ? प्रदेश सरकारले के काम गरिरहेको छ भन्ने कुरा वहाँहरुले प्रष्ट विचार गर्न सक्ने, बुझ्न सक्ने र अनुगमन मुल्याङ्कन गर्न सक्ने र त्यो ठाँउमा आफु पनि पुग्न सक्ने एउटा वातावरण बन्ने भएको हुदाँ प्रदेश सरकारको सुचना आफ्नै भाषामा र निवेदन पनि आफ्नै भाषामा दिने ब्यवस्था गरियोस्।

त्यसैगरि कुनैपनि खालको सुचना हामीले चैं निशुल्क रुपमा पाउनुपर्दछ। सरकारले गर्ने कामकारबाहीको विषयमा र जनताले गरिरहेको कामको एक ठाँउबाट अर्को ठाँउमा सुचना प्रदान गर्ने तयो खालको एउटा यहाँ शुल्क लिने हो कि यो नियमावलीमा शुल्क

ब्यवस्थापन गरिनेछ भन्ने खालको कुरा छ यो प्रदेश सरकारले एक रुपैयापनि शुल्क नलिएर अन्य अन्य ठाँउमा शुल्क लिने ब्यवस्था गर्नुहोला तर यो सुचना लिदाँ चैं शुल्क लिने ब्यवस्था नगरिदिनुहोला ताकि त्यो सरकारको कारबाहीमा काममा प्रश्न चिन्ह खडा नहोस् भन्न चाहान्छु। त्यसैगरि यो सुचनाको हक यो सुचना सम्बन्धी विधेयक आएको छ यसले प्रदेश सरकारका अहिले भईरहेको काममा प्रदेश सभाकै माननीय हुनुहोला सत्तापक्षका साथीहरुले धेरै सुचना पाउनुहोला तर हामी प्रतिपक्षकै साथीहरुले प्रदेश सरकारले के के काम गरिरहेको छ त्यही सुचना त पाउन सकिएको अवस्था छैन भने यो प्रदेशका आम जनताहरुले कसरी प्रदेश सरकारका कामका विषयमा जानकारी पाउन सक्छन् त्यो कुरालाई निष्पक्ष ढङ्गले सुचना प्रवाह गरियोस् प्रदेश सरकारले भन्दै बिदा हुन चाहान्छु। धन्यवाद, जय राष्ट्र, जय जनता।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय श्री शान्ती प्रसाद पौडेललाई बोल्न समय दिन्छु।

**<u>माननीय शान्ती प्रसाद पौडेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, आज हामी संचारसँग सम्बन्धित सुचनालाई ब्यवस्थित गर्ने विधेयकको छलफलमा छौं।

नियमापत्ति माननीय सभामुखज्यू

माननीय सदस्यहरु अब यो बैठक ५ मिनेटको लागि स्थगित हुन्छ।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु आजै ५ मिनेटको लागि स्थगित गरिएको बैठक पुन शुरु हुन्छ। अब म माननीय श्री शान्ती प्रसाद पौडेललाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय शान्ती प्रसाद पौडेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, आज हामी प्रदेश सुचना सम्बन्धीको विधेयकको छलफलमा छौं। सुचना अहिले सबैभन्दा पावरफुल शक्ति हो भन्ने महसुस गरिएको छ। संविधानमा मौलिक हक भित्र हरेक किसिमका

सुचनाहरु प्राप्त गर्न सक्ने खालको ब्यवस्था छ त्यसलाई आत्मसात गरेर यो विधेयक प्रस्तुत गर्नु भएको मा विधेयक प्रस्तोता मन्त्री र मन्त्रालय परिवारलाई धन्यवाद दिन चाहान्छु।

विशेषगरि सुचनासँग जोडिएका विषयवस्तुहरु प्राप्त गर्ने, नियमन गर्ने र जस्ता खालका सुचनापनि प्रस्तुत हुने कि नहुने भन्ने खालको विषयलाई विधेयकले आफ्नो मर्यादा भित्र ल्याउने कोशिस गरेको छ, त्यसको लागि पनि हामी धन्यवाद दिन चाहान्छौ। सुचनाकै कारणले कतिपय घटनाहरु घट्ने गर्छन्।

ति घटनाहरु नियन्त्रण गर्ने र बिना आधारका सुचनाहरुबाट कुनैपनि ब्यक्तिको, कुनैपनि समुदायको, कुनैपनि मानिसको अपमान हुने खालका विषवस्तुहरु आउने गरेको छ यसलाई हामीले कन्ट्रोल गर्न जरुरी छ। यदि त्यसो हुन सकेन भने हामीले खोजेको मर्यादित समाज निर्माणमा पनि त्यसले समस्या पार्न सक्छ। यसका विषयमापनि हामी त्यत्तिकै सचेत हुन जरुरी छ भन्ने लाग्छ। यो सुचनाको विषयमा जति विषयहरु आएका छन् कतिपय विषयवस्तुहरु हामी हाम्रो पहुँचको हिसाबले कसरी ब्यवस्थापन गर्न सक्छौं भन्ने खालको कुरापनि यसमा हामीले संलग्न गर्न जरुरी छ। अहिले प्रदेशबाट भईरहेका सुचनाहरु यहि विधेयकमै पनि हेर्दाखेरी हामी १५ नम्बरको ब्याख्यात्मक टिप्पणी, बालबालिकाको विधेयकमै आएको ब्याख्यात्मक टिप्पणी सँग कपिपेष्ट भएको अवस्था छ। यस्ता कुराहरुमा निर्माण गर्ने विषयवस्तुहरुमा अलि ख्याल गर्न पनि म आग्रह गर्न चाहान्छु। आजको बैठकको, आज तेश्रो बैठक हो तर त्यसमा दोश्रो बैठक भनेर पेष्ट भएर आएको देखियो। यस्ता खालका कमिकमजोरीहरु पनि कम रहुन्।

हामी सकेसम्म हाम्रा जिम्मेवारीहरु पुरा गर्ने ठाँउमा जान सकियो भनेमात्रै हामी सहि ढङ्गले हामी अगाडी बढ्न सक्छौ। यसकालागि पनि म अनुरोध गर्न चाहान्छु। र अहिलेको सुचनाको जुन खालका प्रविधिहरु छन् ति प्रविधिहरुलाई हाम्रो स्थानीय तहसम्म पुर्याउनको लागि स्थानीय तह देखि ब्यक्ति ब्यक्तिसम्म जानका लागि सुचनाका अङ्गहरु अलि कमजोर भएको अवस्था छ। हामी यसका बारेमा पनि ध्यान दिन जरुरी छ। नेपाल टेलिकमले अगाडी सारेको अहिलेका जुन प्रविधिका विषयहरु छन् ति विषयहरुलाई भरपर्दो

र ब्यवस्थित बनाउनका लागि पनि यो विधेयकले सहयोग पुऱ्याउनेछ भन्ने अपेक्ष सहित हाम्रो तर्फबाट जुन सुचनाहरु प्रवाह हुन्छन् ति सुचना प्रवाहका आधारहरु सहित

**<u>माननीय सभामुखः</u>-** <u>माननीय सदस्य समय सकियो।</u>

प्रष्ट हुनेगरि जानका लागि अनुरोध गर्दै मेरो भनाई अन्त गर्न चाहान्छु र अन्तयमा बारा पर्सामा भको जुन क्षती छ त्यसका लागि संसदले गरेको निर्णयको स्वागत पनि गर्न ...

**<u>माननीय सभामुखः</u>-** अब म माननीय श्री निमा लामालाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय निमा लामा (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुख महोदय, प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक पक्षको छलफलमा भाग लिने अनुमति चाहान्छु। लोकतन्त्रको सुन्दर पक्ष भनेकै प्रत्येक नागरिकले आफु सुसुचित हुन पाउने अधिकार हो जुन मौलिक अधिकार भित्र पर्दछ। त्यसो भएको हुनाले सुचनाको हक सम्बन्धि ऐन बनाउने प्रदेश सरकारको पहल निश्चयनै स्वागतयोग्य छ। नागरीकको संवैधानीक सुचनाको हक प्रतिको प्राथमिकता एकदम स्वागत योग्य भएको हुनाले मैले माननीय मन्त्रीन्युलाई धन्यवाद पनि दिन चाहान्छु।

प्रदेश सरकारको कामकारबाही, लोकतान्त्रीक पद्धतीअनुसार खुल्ला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेहि र जिम्मेवार बनाउन सार्वनजीक निकायमा रहेको सार्वजनीक महत्वको सुचनामा नागरिकको पहुँच सहज बनाउन तथा संवेदनशिल सुचनाको संरक्षण गर्न र नागरिकले नागरिकको संवैधानिक हकलाई संरक्षण र प्रचलन गराउन यो विधेयक सफल होस् भन्ने कामना पनि गर्न चाहान्छु।

यो सुचनाको हक नागरिकले आफुले जुन किसिमको सुचनाको हक सुनिश्चित हुनुपर्ने हो यो विगतका समयहरुमा नागरिकले सुसुचित हुने कुराहरुमा कन्ट्रोल गरेको पनि हामीले देखेका छौं त्यसो भएको हुनाले यो विधेयक नागरिकको हक अधिकारलाई कन्ट्रोल होईन

कि यसलाई फुकुवा गर्ने तर्फ हामी लाग्नुपर्छ जस्तो लाग्छ र कुनैपनि परियोजनाहरु संचालन गर्दाखेरी यो प्रदेश भित्र होस् या जहाँसुकै यो परियोजनाहरु संचालन गर्दाखेरी यो परियोजना संचालन भईसकेपछि त्यसबाट सुसुचित हुने अधिकार मात्रै नभईकन त्यो परियोजना सुरु हुनुभन्दा अगाडी नै अहिले यो संयुक्त राष्ट्र संघको घोषणा पत्रमा पनि उल्लेख भएको यो फ्रि प्राएर ईन्फर्म कन्सेन्ट जुन यो नेपालीमा स्वतन्त्र अग्रीम सुसुचित सहमती लिनुपर्ने जुन ब्यवस्था गरिएको छ त्यसलाई पनि यो अधिकार भित्र यो विधेयकले यता तर्फ पनि ध्यान दिओस् भन्ने भनाईहरु म राख्न चाहान्छु।

नागरिकले सुसुचित हुने अधिकार भनेको प्रदेश सरकार देखि स्थानीय सरकारको अधिकार जुन किसिमको विकास निर्माणको कुराहरुमा पनि त्यो अधिकार राख्दछ। कुनैपनि नागरिकले यो कुन योजनाको लागि के हुदैंछ भन्ने सुसुचित हुन चाहादा खेरि त्यस्ता ब्यक्तिहरुलाई यो किन सोधिएको भनेर सार्वजनीक मुद्धाहरु लगाउने काम भएको छ यो विधेयकले त्यतातिर पनि ध्यान दिओस् भन्ने मेरो आफ्नो भनाई राख्दै बिदा हुन्छु। धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय श्री न्हुच्छे नारायण श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय न्हुच्छे नारायण श्रेष्ठ (नेपाली काङ्ग्रेस)</u>:-** माननीय सभामुख महोदय, आज प्रदेश सरकारले सुचनाको हक सम्बन्धी विधेयक ल्याएको मा म सरकारलाई स्वागत गर्न चाहान्छु र आभार पनि प्रकट गर्न चाहान्छु। लोकतान्त्रीक देशको मुल मन्त्रको रुपमा, लोकतन्त्रको मुल मन्त्रनै नागरिकको सुचना हो।

जब सुचना पाउदैंन तब यो लोकतन्त्र हुन सक्दैन। त्यहि भएर हरेक ठाँउमा हामीले सुचनाको हकको अधिकार दिएर यो कागजमा मात्रै लेख्नुभन्दा ब्यवहारमा उतार्नु ठुलो महत्वपुर्ण कुरा हुन्छ। अहिले हाम्रो सम्वृद्ध नेपाल र सुखी नेपाली बनाउनलाई हरेककुरामा पुर्वाधारहरुदेखि लिएर हरेक कुरामा हामीले एउटा अभ्यासको रुपमा हामीले प्रयास गरेका छौं क्षेत्र नम्बर ४ मा। प्रत्येक आयोजनाको सुरुमै हामीले त्यो आयोजनाको नाम, स्थल र

कतिमा ठेक्का भएको र ठेक्को म्याद कहिले सकिने हो त्यो सबै त्यो पनि जनताले पाउनुपर्ने सुचनाको अधिकारहो भनेर ठानेर सबै ठाँउमा यो होडिङ बोर्ड जस्तो राखेर काम गर्नुपर्छ जस्तो हामीले लागेको छ। जस्तो सुचनाको हक भएन भने लोकतन्त्रनै अपुरो हुन्छ।

यो एक्काईसौं शताब्दीनै सुचनाको हकको शताब्दी हो भन्ने हामीले सम्झनुपर्छ। सबैभन्दा लोकतन्त्रमा आवश्यक चाहिने सुचना यहाँ ल्याएको छ यसमा दफावार छलफलमा गएपछि चैं सबै यो दफावार छलफलमा जाउलाँ त्यसको लागि हामी चैं अब समितिमा छलफल गरौंला। त्यसको लागि यो ठुलो समय पुग्दैन त्यसो भएको हुनाले यो ३ मिनेटमा हामी सैद्धान्तीक पक्षमा मात्रै छलफल गर्दै गर्दा सरकारले ल्याएको यो जुन सुचनाको हक सम्बन्धी विधेयक एकदम राम्रो छ राम्रो पक्षलाई राम्रो नै भन्नुपर्छ तर यसलाई एकदम ब्यवहारिक रुपमा उतार्नको लागि चैं हामीले त्यो दफावार छलफलमा हरेक कुरा सच्याउनुपर्नेछ।

अघि हाम्रो माननीय रमेश जी ले भन्नुभएको एकदम ठिक कुरा हो त्यसलाई पनि म समर्थन जनाउदैं यो सुचनाको हक सम्बन्धीको सैद्धान्तीक छलफलमा मैले भाग लिएकोमा र भाग दिनुभएकोमा म सभामुखज्युलाई धन्यवाद दिदैं म बिदा हुन्छु। हवस्त, जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जमकट्टेललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जमकट्टेलः</u>**- माननीय सभामुखज्यु, प्रदेश सुचनाको हक सम्बन्धका ब्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तीक छलफलमा हामी छौं। विशेषगरि प्रदेश सरकारले के आधारमा यो विधेयक तयार पार्यो यसका आधार के भन्ने कुरा म पहिला राख्न चाहान्छु। यहाँ दश जना माननीयज्युहरुले आफ्नो सुझावहरु राखुभएको छ, धारणाहरु राखुभएको छ।

म वहाँहरुको विचारलाई सम्मान गर्न चाहान्छु। र आगामी दिनमा समितिमा छलफल हुने क्रममा र विधेयकमाथि संसोधनहरु राख्ने क्रममा माननीयज्युहरुले यो

सुझावहरुलाई संशोधन राख्नुहोला भन्ने आग्रह गर्न चाहान्छु। विशेषगरि नेपालको संविधानको धारा २७ मा सुचनाको हक सम्बन्धी ब्यवस्था गरेको छ।

हाम्रो पहिलो आधार यहि हो। दोश्रो आधार भनेको प्रदेश सरकारको कार्यविभाजन नियमावली र कार्य विस्तृतीकरणमा प्रदेश सुचना सम्बन्धी हकको ब्यवस्था गरेको छ। यहि आधारलाई टेकेर यो विधेयक तयार भएको छ र यो विधेयकमा पाँचवटा परिच्छेद छन्, ३५ दफा र १ अनुसुची छन्। म यहाँ माननीयज्युहरुले उठाएको कुरामा म धेरै जान चाहान्न। ति कुराहरु समितिमै छलफल होला विशेषगरि एउटा यो चैं जुन ब्याख्यात्मक टिप्पणीको १५ नम्बरमा जो कुरा उठाउनुभएको छ यो ठिकै हो। यो मिस्टेक भएको छ, यो कपि पेष्ट भएरै आएको हो। यो विधेयक सँगसँगै आयो र विशेषगरि हाम्रो कानुन हेर्ने जो कानुन अधिकृत हुनुहुन्छ वहाँले अहिले अरुपनि दुईवटा मन्त्रालयको कानुन सम्बन्धी कामहरु गर्नुहुन्छ, सहयोग गर्नुहुन्छ मन्त्रालयलाई। विशेषगरि सामाजिक विकास मन्त्रालयलाई। यो विधेयक चैं वहाँको एउटै कम्प्युटरमा थियो त्यो पेष्ट भएर आउने क्रममा त्यो आएछ वास्तवमा यो हटाईन्छ। यो मिस्टेक भएर आएको छ यसलाई हटाउनु पर्दछ। अरुकुरा हामीले यो विधेयक माननीयज्युहरुले राम्रो सँग अध्ययन गर्नुहोला। हामीले यो विधेयक बनाउदाँ खेरि अत्यन्तै हामी सचेत भएर बनाएका छौं किनकी हाम्रो अहिलेको राज्य ब्यवस्था मुलत तपाई हामीलाई थाहा छ। तिन तहको सरकार छ। तिन तहको सरकारको आफ्नै अधिकार क्षेत्रहरु छन्।

संविधानले तिन तहको सरकारको आफ्नै अधिकारका क्षेत्रहरु निर्धारण गरेको छ। त्यसो हुदाँखेरि हामीले अहिले संघीय सरकारसँग पनि नबाझिने गरि र प्रदेशको आफ्नो अधिकार प्रयोग गर्दै जादाँ फेरि अर्को स्थानीय सरकारको अधिकारलाई पनि सम्मान गर्दै यो विधेयक तयार गरिएको छ। यो विधेयक विशेषगरी अघि यहाँ कुरा उठेको छ के हामीले खर्च ब्यवस्थापन पनि गर्नेगरि, कम खर्चीलो नहुने गरि हामीले अभ्यास गर्दै आएको जो राष्ट्रिय सुचना आयोग छ त्यो सुचना आयोग चैं एककिसिमले भन्ने हो भने मैले त्यहाँ सुचना आयोगका पदाधिकारीहरुसँग छलफल गर्दाखेरि त्यहाँ थुप्रै समस्याहरु म आफैले पनि यो विधेयक बनाउने बेलामा सुचना आयोग सँग मैले विशेषगरि संघीय सरकारको

कानुन मन्त्री त्यसपछि तपाईको सुचना आयोगको पदाधिकारीहरुसँग मैले यो विषयमा केहि छलफलहरु गरेको थिएँ।

त्यसैले त्यहाँ भएका कतिपय कमिकमजोरीहरु भनौं अथवा त्यहाँ छुटेका कुराहरु हामीले यहाँ समेटेका छौं। त्यसैगरि अर्को कुरा के छ भने हामीले यसमा अलिकति प्रदेश सरकारको ब्ययभार कम हुनेगरि पुनरावेदन समिति भनेर राखेका छौ हामीले त्यसलाई सिधै राष्ट्रिय सुचना आयोग त्यहाँ जसरी भनिएको छ यसमा चैं हामीले प्रदेश सुचना आयोग भनेर राखेनौं। त्यसको साथसाथै अघि एकजना माननीयज्युले यहाँ विशेष उठाउनुभयो यो पुनरावेदन समिति भनेकै आन्तरिक मामिला मन्त्रीको अध्यक्षतामा हुन्छ, यो कसरी पारदर्शी हुन्छ ? यो कसरी निष्पक्ष हुन्छ भन्ने कुरा उठाउनुभयो वास्तवमा वहाँले अलिकति विधेयक राम्रोसँग पढ्नु भा रैनछ। त्यो चाँहि आन्तरिक मामिला मन्त्रालय अध्यक्ष हुने समिति भनेको चैं पुनरावेदन समितिमा सदस्यहरु सिफारिस गर्नको निम्ती गठित समिति हो।

त्यो आफैंमा पुनरावेदन समिति होईन। त्यसैको तल यहाँहरुले हेर्नुभए हुन्छ त्यसमा तपाईको चैंँ त्यो ब्यवस्था गरिएको छ। त्यसकारणले गर्दाखेरि हामीले यो विधेयक बनाउदाँ खेरि राम्रोसँग त्यो कुरा ध्यान दिएका छौं। त्यसैगरि अर्को सुचनाको हक प्रतिबन्ध लाउने गरि नओस् भन्ने कुरा माननीयज्युहरुले उठाउनुभएको छ। विशेषगरि परिच्छेद ३ मा यहाँहरुले हेर्नुभयो भने हामीले यो संविधान पढ्यौ भने संविधानमा मौलिक हकको ब्यवस्थाको साथसाथै संविधानमा केहि प्रतिबन्धात्मक वाक्याशंहरु छन्। हामीलाई सुचनाको हक के मा छ र हामीलाई मौलिक हक के मा छ र के मा छैन ? त्यसकारणले गर्दाखेरि विशेषगरि यहाँ संविधानको प्रतिबन्धात्मक वाक्यांशमा जे कुराहरु उल्लेख गरेको छ विशेषगरि यहाँ भनिएको छ यो विधेयकमा त्यो कुरालाई हामीले यहाँ राखेका छौं।

यो सबैका निम्ति सधैं हामीले लोकतन्त्रको कुरा गर्दा, हामीले प्रजातन्त्रको कुरा गर्दा, हामीले सुचनाको हकको कुरा गर्दा, हामीले नागरिकको अधिकारको कुरा गर्दाखेरि संविधानको प्रतिबन्धात्मक वाक्यांश जो छ त्यसलाई हामीले विशेष ख्याल गर्नुपर्छ त्यसैले यहाँ ५ वटा कुरा यहाँ राखिएको छ, सुचना प्रवाह गरिने छैन भनेर। यसमा के छ भने नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनीक शान्ती सुब्यवस्था वा अन्तराष्ट्रिय

सम्बन्धमा गम्भिर खलल पर्ने। त्यसैगरि (ख) मा छ अपराधको अनुसन्धान, तहकिका तथा अभियोजनमा प्रत्येक्ष असर पार्ने।

(ग) मा छ आर्थिक, ब्यापारिक तथा मौद्रिक हित या बौद्धीक सम्पत्तीको संरक्षण वा बैंकिंग वा ब्यापारिक गोपनियतामा गम्भिर आघात पार्ने। त्यसैगरि (घ) मा छ विभिन्न जातजाति वा सम्प्रदाय बिच सुसम्बधमा प्रत्यक्ष रुपमा खलल पार्ने। त्यसैगरि (ङ) मा छ ब्यक्तिगत गोपनियता वा ब्यक्तिको जिउज्यान, सम्पत्ती, स्वास्थ्य वा सुरक्षामा खतरा पुर्याउने। त्यसैले यि कुराहरुमा चैं सुचना प्रवाह गरिने छैन भनिएको छ। यहि संविधानको प्रतिबन्द्धात्मक वाक्यांश भित्र भएका कुराहरु हुन् त्यसैले यसलाई हामीले संविधान विरोधी अथवा नागरिकको सुचना पाउने हकलई प्रतिबन्ध लगायो भन्न मिल्छ जस्तो मलाई लाग्दैन। त्यसैले माननीयज्युहरुले दिएका सबै सुझावहरुलाई आगामी दिनमा संशोधन यो आओस् र यसलाई अलि राम्रोसँग छलफल गरौं किनकी यो विधेयक अतिनै महत्वपुर्ण विधेयक हो। यो विधेयक हामीले अत्यन्तै महत्व दिएको विधेयक भित्रनै पर्छ यो हामीले अलि पहिला नै यसको सैद्धान्तिक सहमति लिएका थियौं।

यो विधेयक कसरी बनाउने, के गरि बनाउने भन्ने कुरामा हामीले अहिलेको हाम्रो संविधानको ब्यवस्था त्यसैगरि तपाईको चैं अहिले फेरि नेपाल सरकारले संघीय सरकारले केहि नेपाल ऐन संशोधन पनि सुचनाको हक सम्बन्धिपनि केहि कुराहरु राखेको छ। त्यसलाई पनि मध्यनजर गर्दै हामीले हाम्रो सापेक्षतामा, संविधानले दिएको अधिकार प्रयोग गरेर यो विधेयक तयार गरिएको छ। त्यसैले यो विधेयकमा आवश्यक छलफल र संसोधनहरु सहीत यसलाई राम्रो गरौं पास गरौं र प्रदेश सरकारले गरेका सबै कामहरुको सुचना दिने ब्यवस्था हामीले गरेका छौं। यसमा नयाँ ब्यवस्था पनि छ त्यसैले यत्ति कुरा यहाँहरुको बिचमा राख्दै म मेरो भनाई यहि टुङ्ग्याउछु। हवस् त धन्यवाद, अभिवादन।

**<u>माननीय सभामुखः</u>-** अब यो छलफल यहिँ समाप्त हुन्छ।

माननीय सदस्यहरु अब म प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक माथि सभामा विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक माथि सभामा विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब अर्को बैठक मिति २०७५ साल चैत्र २५ गते सोमवार दिनको १ बजे बस्ने गरि यो बैठक स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७५ साल चैत्र २५ गते सोमवार दिनको १:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्यः- दिनको १२:५० बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# तेस्रो अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२५ चैत्र, २०७५

सोमबार

(बैठक संख्या - ४)

**प्रदेश सभाको तेश्रो अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।**

**माननीय सभामुखः-** माननीय सदस्यहरु, प्रदेश नं. ३ को प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउन चाहान्छु।

माननीय सदस्यहरु यस प्रदेश सभाको मिति २०७५÷१२÷१७ र १८ गते बसेको बैठकको विशेष समयमा माननीय सदस्यहरु उठाउनु भएका प्रशनहरुको जवाफ दिन् कार्यक्रम रहेकोले उक्त प्रश्नहरुको जवाफ दिन म माननीय मुख्य मन्त्री डोरमणी पौडेललाई अनुमति दिन्छु।

**<u>माननीय डोरमणी पौडेल, मुख्यमन्त्री</u>**:- माननीय सभामुखज्यू, यही १७ र १८ गते प्रदेश सभाको बैठकको क्रममा विभिन्न माननीय सदस्यज्यूहरुले उठाउनु भएको विषय र वहाँहरुको जिज्ञाशा ले हाम्रो ध्यानाकर्षण गराएको छ। यो ध्यानाकर्षण प्रति म हार्दिक कृतज्ञयता पनि ज्ञापन गर्न चाहान्छु। उठेका जिज्ञासाहरुको लगभग समान प्रकृतिकै धेरै माननीय सदस्यहरुले उठाउनु भएको विषय धेरै मिल्दाजुल्दा पनि छन् र म सकेसम्मन सबै जिज्ञासाहरुलाई मेटाउनको निमित्त प्रयत्न गर्ने छु।

भर्खरै २ नंम्बर प्रदेश खास गरेर बारा जिल्ला र पर्सा जिल्लामा भएको आँधीबेरि हावाहुरिका कारण ठुलो धनजनको क्षति भएको छ र त्यहा अहिले सम्मको प्राप्त बिवरण अनुसार लगभग २८ जनाको देहवशान भएको छ। भने सँयौ संख्यामा घाईते हुनुहुन्छ। म सबै भन्दा पहिले वहाँहरु जो गाईते हुनु भएको छ। वहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र दिवङ्गतहरु प्रति हार्दिक संबेदना प्रकट गर्न चाहन्छु।

त्यो घटना थाहा हुने बित्तिकै त्यसकै भोलि पल्ट प्रदेश सरकारका मन्त्रीज्यू र म स्वयम् अब आन्तरिक मामिला तथा कानुन मन्त्री, सामाजिक बिकास मन्त्री र म डाक्टरहरुको टोलि सहित हामी त्यहाँ पुग्यौ र ती सबै क्षेत्र खासगरेर ज्यादै प्रभावित क्षेत्रहरुमा हामीले भ्रमण पनि गऱ्यौ र त्यहाँका बस्तुस्थिति पनि बुज्यौ र त्यहाका पिडित ब्यक्तिको घर घरमा गएर हामीले त्यति बेला पनि हामीले उनिहरुका कम्तिमा पनि मलम लगाउने काम गर्दै र त्यस बाट ३ नम्बर प्रदेशले गरेको भुमिका जुन निर्वाह गरै त्यो भुमिका प्रति सबै त्यहाका जनताहरु अत्यन्तै खुसि अनुभुत भएको छ र सिंगो देशले नै २ नम्बर प्रदेश प्रति ३ नम्बर प्रदेशले देखाएको सद्भावलाई सबैले स्रह्राना गर्नु भएको छ र लगतै हामीले आएर क्याबिनेटको बैठक बस्यौ र त्यो क्याबिनेटको बैठक बाट प्रदेश सरकार तर्फ बाट २ नंम्बर प्रदेश सरकारलाई १ करोड रुपया सहयोग गर्ने। सहयोग पनि स्पेशली स्थायी बसोबासको निमित्त बासोबास व्यवस्थापनको निमित भनेर १ करोड रुपया हामीले प्रदान गरेको कुरा पनि म यहाहरु समक्ष जानकारी गराउन चाहन्छु।

अब त्यसै गरि अर्को जिज्ञासा छ। यो काभ्रेको बिवहामा गएको जन्ति बस दुर्घटनामा परेका पिडितहरुका लागि कानुन बमोजिम अब हामीले यस्ता दुर्घटनाहरु हुने गरेका छन्।

हामीले एउटा ठूलो दुर्घटना धादिङ्गमा भयो। हामीले ईमिडियट निर्णय गरेर केहि सहयोग पनि गऱ्यो र यो घटनालाई यस्तालाई कसरी अगाडी बढने र कस्तो कार्यबिधि बनाउने कुन तहको एक्सीडेन्टमा परेका लागि दिने् अब यो विषयमा हामीले एउटा कार्यबिधि बनाउने र त्यसमा छलफल गराउने क्रममा छौ। हामी तुरुन्तै कार्यबिधि बनाउनको निमित लागि रहेका छौ र कसरी सहयोग पुराउने भन्ने कुरामा हामी सरकार सचेत छ र त्यो कामलाई अघाडि बढाई रहेको छ। अब त्यसै गरि सबै भन्दा महत्वपुर्ण ढंगले उठेको सडकहरु स्तरउन्नति गर्ने, मर्मत सम्भार गर्ने लगायतका कुराहरु बारेमा धेरै माननीय सदस्यहरुले उठाउनु भएको छ।

हामी सरकार साँचैनै आफैलाई यो सडकहरु जुन बाटोहरु हामी हिडीरहेका छौ। काठमाण्डौ, हेटौंडाको बाटो त्यसले हामीलाई गिज्याई रहेको छ र हामी आफैले अनुभुति गरेका छौ। हरेक हप्ता हीड्दा खेरि त्यो बाटोलाई सुधार अहिले सम्म हुन सकेको छैन्। तर हाम्रा कारणले भन्दा पनि, हाम्रा कानुन, हाम्रा नियमहरुले नै हामीलाई अलिकति भनेको काम गर्न नसकने बातावरण सिंर्जना भएको छ। तर म यहाँहरुलाई के भन्न चाहन्छु भने अहिले ति बाटाहरु जुन फाखेलको बाटो हामीले निर्माण गरिरहेका छौ। त्यो फाखेलको बाटोलाई तीन तहमा तिनवटा क्लटर बनाएर ठेक्कापट्टा भैसकेको छ। सम्झौता भैसकेको छ र एक ठाउँमा काम पनि सुरु एउटा प्याकेजमा काम पनि सुरु गरि सकेको छ। त्यसै गरि हामीले यो सिस्नेरिको बाटोलाई कसरी अपग्रेड गर्न सकिन्छ भनेर पटकपटक मन्त्री, त्यहाका डिविजनल ईन्जीनियरहरु, यातायात मन्त्रीलाई धेरै पटक हामीले भेटने र कुराकानि गर्ने काम गरेका छौ र त्यसको स्टयाटस अहिले सम्म पनि भएन। त्यो बाटाको ठेकेदारको हामी संग सम्पर्क छैन।

उसले कति प्रतिशत काम गरेको त्यो पनि थाहा छैन। सुनिन्छ के भने उसले ८७ प्रतिशत रकम चै लगि सकेको छ तर बाटो ४० प्रतिशत मात्र बाटो भनेको छ भन्ने सुन्नमा आएको छ। त्यसको विवरण प्राप्त भएको छैन्। यसरी विवरण प्राप्त नहुदा खेरि धेरै सडकहरु, धेरै बाटाहरु प्रत्येक जिल्लाका महत्वपुर्ण बाटाहरुको विवरण नआउदा हामीले त्यसलाई ठोस निर्णय गर्न सकिरहेका छैनौ र त्यो बाटोहरुको हकमा त्यस्ता बाटोहरुको विवरण पठाउन वा मतलब केन्द्रीय सरकारले नै त्यो बाटो बनाउनु वा त्यसको विवरण

सहितको बजेट पठाउनु भनेर हामीले पत्रचार गरेका छौ र सबै सडकहरुको विवरण हामीले यसलाई लागत सहित ईस्टीमेट गरेर हामीले पठाई सकेका छौ। सम्भवत त्यो काम अहिले चै हुदै छ र यो बाटो अहिलेको बाटोहरु बिविन्न ठाउमा बाटो मर्मत गर्ने कामहरु अब बल्ल सुरु भएको छ। हामीलाई थाहा छ हामीलाई धेरै समय लाग्ने रहेछ यो सानो काम गर्दा खेरि पनि कागजि प्रकृया पुराउन पनि अलि समय लाग्नाले पनि हामीले निर्धारित समयमा काम गर्न नसकेको जस्तो अनुभुति हामीलाई भैरहेको छ। अब मलाई लाग्छ कामले गति लिसकेको छ र सबै ठाउमा त्यस्ता खालका वटोहरु अब निर्माणका क्रममा अघाडि बढि सकेका छन।

अब यो कर्मचारी समायोजनका विषयमा पनि विषयहरु उठेका छन् र माननीय सदस्यहरु उठाउनु भएको विषयके भने कर्मचारी समायोजनले हामीलाई सहज बनायो कि असहज बनायो। कर्मचारी समायोजन सम्म हामीले अब समायोजन भैसके पछि समस्याका समाधान हुन्छ। कर्मचारी सबै आउनु हुन्छ भन्ने बिश्वासका साथमा हामी बस्यौ र समस्या के रहयो भन्ने कर्मचारी समायोजन हुदा धेरै पुराना कर्मचारी यहा अनुभव सिद्ध होईन यहा केहि काम गरि सकेका कर्मचारीहरु जाने समायोजनमा बाहिर जाने र फेरि नया कर्मचारीहरु मात्रै यहा आउने क्रमले पुराना कर्मचारीहरुले गरेका कामहरुको बारेमा जति वहाहरुलाई ज्ञान छ अब नया कर्मचारीले फेरि सिक्नु पर्ने फेरि अध्ययन गर्न पर्ने खालको स्थिति बनेको छ। तर कर्मचारी आउने क्रम जारि छ र कतिपय कर्मचारीहरुले आई सकेको अवस्था पनि छ र खास गरेर मुलत कर्मचारीहरु मतलब एक तहका कर्मचारीहरु त आउनु भएको छ।

मुलत अहिले सचिबहरुको हामीले निमित समेत दिन नसकने, नियुक्ती गर्न पनि नपाउने, उताबाट पनि नप्ठाएको अवस्थामा एक दुईटा मन्त्रालयहरुमा केहि समस्या परि रहेको छ। अहिले अर्थ मन्त्रालयमा सचिब हुनुहुन्न जसको कारणले हामी सबै भन्दा बढि अहिले काम गर्नु पर्ने। यहा सबै सबैको समस्या गएर अर्थमा ठोकिने र अर्थ मन्त्रालयको सचिब नहुदा खेरि फेरि दुई, चार दिन ढिला भैरहेको र अजै कति दिन ढिला हुन्छ त्यो एउटा समस्या परि रहेको छ। अब यहा सुरुङ्ग मार्गको विषयमा पनि जिज्ञाशा राख्नु भएको रैछ र म यहाहरुलाई के आग्रह गर्छु भने सुरुङ्ग मार्ग हेटौंडाको मात्र होईन। यो सिंगो

राष्ट्रको, सिंगो राष्ट्रलाई परिवर्तन गर्ने एउटा चै आर्थिक परिवर्तन गर्ने, रुपान्तरण गर्ने एउटा बाटो जस्ले करौडौ अरबौ अरबौ रुपया बर्षमा खालि फ्युलमा मात्र बचत गर्छ।

अहिलेको हिसाब गर्ने हो भने वर्षमा १५-२० अरब रुपया फ्युलमा मात्रै बचत हुन्छ र यो बाटो चल्दा मैले किन त्यसो भनि रहेको छु भने। यो बाटोको दुरी जम्मा ५०-५२ किलो मिटर हुन्छ भने अहिले हामी २२५ किलो मिटर हेटौंडा बाट यो मुग्लिन हुदै जादा खेरि १२५ किलो मिटर हीडछ। त्यसको समय, त्यसको त्यो ईन्धन अी सबैलाई हिसाब गर्ने हो भने राष्ट्रय अर्थतन्त्र मानै अत्यन्तै प्रभाव पार्ने सकारात्मक प्रभाव पार्ने यो बाटो केन्दीय सरकारको आखामा परेन र हामीले प्रतिबद्धता जायर गरेका थियौ र हाम्रो पहिलो महत्वपुर्ण र गौरबको आयोजनाहरु भनेर राखेका थियौ।

यसमा पनि प्राबिधिक कारणले हामीले गर्न सकेनौ। त्यो प्राबिधिक कारण भन्नेको यो कुनै बेला एउटा कम्पनिलाई सरकारले दिएको अवस्था उसको म्याद रहेको र म्याद छदै उल्ललाई निकालन नसकने। अनि वहाहरुले नछोड्ने यी सबै कारणले गर्दा फेरि सरकारले हातहाल्न नसकि रहेको छ। तर यसलाई छिटो टुङग्याउनको निमित पटकपटक प्रधानमन्त्री लगायतका सबै सरोकार वाला मन्त्रालयहरुमा सबै व्यक्तीहरु संघ कुराकानि भई रहेको छ र ती कम्पनिका जो कम्पनिका अध्यक्षहरुलाई पनि पटकपटक बोलाएर तपाईहरुले छोडनुस भन्ने काम भैरहेको छ।

त्यसैले मलाई लाग्छ अझै अब यो एक दुई महिना, यो आर्थिक वर्ष सम्म यो विषय टुङगो लाग्ला। त्यस पछि मात्र हामी त्यो बाटो खोलने हामीलाई चाहि खुला हुन्छ। अहिले त्यो कारणले पनि हामीले बनाउन सकिरहेका छैनौ र यसरी विविन्न कोणबाट माननीय सदस्यले उठाउनु भएका कुराहरु अब कतिपय कुराहरु International Wide body का कुराहरु पनि उठेका छन्।

मेलम्चिका कुराहरु पनि उठेका छन् तर हाम्रो अधिकारको प्रदेश सरकारको अधिकार क्षेत्र भन्दा बाहिरको कुरालाई मैले यहा धेरै स्पष्ट पार्न सक्ने अवस्था पनि छैन्। त्यसैले यो संघिय सरकार संघ हामीले भनेको संघिय सरकार संघ यो विषयमा कुरा कानि गर्ने मात्र हो र यहा बाट नै जवाफ दिएर यो सम्मभावना नभएको कुरा म नभनौ।

यहा दष्चमागिभ को कुरा पनि उठेको छ। वर्डफ्लु को सुरुवात यहि भयो। यहि हेटौंडा उपमाहानगरपालिकाको वडामा त्यो वर्डफ्लु को थाहा पाउने बितिक्कै सम्बन्धीत व्यक्तिहरु र यहाका प्रमुख जिल्ला अधिकारीलाई बोलाएर वहाले पाउनु पर्ने क्षतिपुर्तिको बारेमा थाहा पाउनु पर्ने सरकारको तर्फ बाट दिनु पर्ने कुराहरु के के हुन यी सबै विषयमा कुराकानि भएर मलाई लाग्छ त्यही दिन नै सरोकारवालाहरु संग बैठक बसेर सबै कुरा समाधान पनि भएको छ र क्षतिपुर्ती पनि उहाँले पाई सक्नु भएको छ र यीनै कुराहरु यीनै जिज्ञासाहरुले सबैले राख्नु भएको जिज्ञासा मलाई लाग्छ मैले कति सम्म समबोधन गर्न सके वा सकिन मैले यति भन्दै अहिले बिदा हुन्छु। हस नमस्कार।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननीय उद्योग पर्यटन वन तथा बातावरण मन्त्री श्री अरुण प्रसाद नेपाललाई प्रादेशीक व्यपार व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको बिधयेक प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्री अरुण प्रसाद नेपालः</u>**- माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रादेशीक व्यपार व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको बिधयेक सम्मानित सभामा प्रस्तुत गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननयि भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामालाई प्रदेश बिउजिन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधयेक प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय दावा दोर्जे लामा, मन्त्री भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयः</u>**- माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश बिउजिन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधयेक सम्मानित सभामा प्रस्तुत गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननीय भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामालाई प्रदेशिक कृषि व्यवसाय प्रार्वधन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेक प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय दावा दोर्जे लामा, मन्त्री, भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय</u>**:- माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेशिक कृषि व्यवसाये प्रार्वधन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधयेक २०७५ सम्मानित सभामा प्रस्तुत गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री शालिकराम जम्कट्टेललाई प्रदेश स्तरका सार्वजनिक लिखित प्रमाणिकरण ऐन २०७४ लाई संशोधन गर्न बनेको बिधेक माथिको दफावार छलफल सभामा गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जम्कट्टेल, मन्त्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय</u>**:- माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश स्तरका केहि सार्वजनिक लिखित प्रमाणिकरण ऐन, २०७४ लाई संशोधन गर्न बनेको बिधयेक माथिको दफावार छलफल सभामा गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश स्तरका केहि सार्वजनिक लिखित प्रमाणिकरण ऐन, २०७४ लाई संशोधन गर्न बनेको बिधेयक माथिको छलफलमा सभामा गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न् भन्ने आवाज सुनिएन तसर्थ प्रदेश स्तरका केहि सार्वजनिक लिखत प्रमाणिकरण ऐन, २०७४ लाई संशोधन गर्न बनेको बिधेयक माथिको दफावार छलफल सभामा गरियोस भन्ने प्रस्ताव सर्वसम्तले स्वीकृत भएको घोषण गर्दछु।

अब म संशोधन कर्ता माननीय सिता लामालाई आफनो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिन अनुमति दिन्छु। समय ५ मिनेट।

**माननीय सिता लामा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** माननीय सभामुखज्यू, प्रदेश स्तरका केहि सार्वजनिक लिखित प्रमाणिकरण ऐन २०७४ लाई संशोधन गर्न बनेको बिधेयक माथि मैले संशोधन हालेको थिए। त्यो संशोधन हामीलाई वितरण गरिएको अर्थात हाम्रो पिजनहोलमा राखिएको प्रदेश कारिय संग्रह खण्ड एकलाई बेस मानेर मैले संशोधन हालेको थिए र त्यो संशोधनको संदर्भमा आज आएर छलफल गर्दा खेरि हामी के निष्कर्षमा पुगौ भन्दा खेरि हामीलाई प्रदान गरिएको यो पुस्तक चै अलिकति गलत या प्रिन्ट मिस्टेक भएको अथवा यो छपाई गलत भएको यसमा देखिएको छ।

मैले हालेको संशोधनमा दफा ११ मा जुन प्रदेश राजपत्र प्रकाशन गर्नु पर्ने छ, भन्ने संदर्भमा यो पुस्तकको पेज नं. ६ मा चै दफा ११ मा अर्कै कुरा लेखिएको छ। दफा ११ मा अन्य प्रदेश मन्त्री परिसद् बाट भएको निर्णय तथा नियुक्तिको प्रमाणीकरण भन्ने भन्छ दफा बारमो चै प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने भन्ने कुरा छ। त्यस कारणले गर्दा ठयाक्कै बाजियो, दफा बाजि सके पछाडी यो त एकदमै ठूलो खालको मिस्टेक हुन्छ भनेर मैले यसमा संशोधन हालेको थिए।

अन्ततोगत्वा हामीलाई दिएको यो राजपत्र देखि लिएर अन्य यो सबै कुराहरु भिडाएर हेर्दा यो पुस्तक चै गलत भएको छ। त्यस कारणले गर्दा खेरि मैले हालेको जुन खालको यो पुस्तकलाई बेस मानेर हालेको संशोधन मैले फिर्ता लिनु पर्ने भएको छ। यहा अब राजपत्र देखि लिएर सबै भिडाएर हेर्दा खेरि यो पुस्तक चै छापिएको गलत भएको कारणले गर्दा खेरि यो संशोधन मैले फिर्ता लिदै यो सम्मानित सभामा म के भन्न चाहन्छु भन्दा खेरि जुन व्यवस्थापकिय कार्य सम्पादन गर्ने जुन टिम छ।

त्यो व्यवस्थापकिय कार्य सम्पादन गर्ने टिमले कम्तिमा पनि यस्तो गम्भिर यो त हाम्रो एउटा ऐन संग्रह हो। यसलाई हामीले बोकेर हिडनु पर्ने हुन्छ। त्यस कारणले गर्दा खेरि यसतो त्रुटिहरुलाई चाहि आगामी दिनमा सच्याउनको लागि म हार्दिक अनुरोध गर्दछु। त्यसको प्रकाशित देखी लिएर, सुद्धा सुद्धि देखि लिएर सम्पुर्ण कुराहरु चाहि दोराएर हेर्नु पर्ने हुन्छ। त्यस कारणले गर्दा व्यवस्थापन टिमले चाहि कति पनि यसमा चाहि अल्छि नगरिकन अझ यसलाई चाहि राम्रो ढंङ्ग संग हेरि दियोस भन्ने मैले आग्रह गर्दै मैले जुन संशोधन हालेको

थिए। प्रदेर्श स्तरका केहि सार्वजनिक लिखत प्रमाणिकरण ऐन २०७४ लाई संशोधन गर्न बनेको बिधेयक माथि त्यो संशोधन म फिर्ता लिदै फेरि पनि यो हाम्रो सुचनाको हक हो। सुचनाको हकमा चाहि यस्तो गम्भिर त्रुटि भयो भने देखि फेरि पनि अन्य माननीय ज्यूहरुले पनि त्रुटि व्यहोर्नु पर्नेछ। यो कुरालाई मैले यहा सभामुख मारफत म ध्यानकर्षण गराउदै मेरो भनाई यहि अन्त्य गर्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** छलफलमा बोल्न चाहँन्न हुने माननीय सदस्यहरुले आ आफ्नो नाम सजिलोको लागि सभामुखको ड्यास सँगै बसेका सहयोगि कर्मचारिहरुलाई उपलव्ध गराई दिनु हुन अनुरोध गर्छु। छलफलमा बोल्न चाहँन हुने माननीय सदस्यहरुलाई तिन मिनेटको समय निरधार्ण गरेको छु। निरधारित समय भित्र माननीय सदस्यले आफ्नो भनाई राखिसक्नु पर्नेछ।

अब माननीय श्री सिता लामाले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिनु भएकोले उक्त प्रस्ताव निर्णयार्थ प्रश्तुत गर्न नपर्ने जानकारि गराउछु।

अब म प्रदेश स्तरका केहि सार्वजनिक लिखित प्रमाणिकरण ऐन, २०७४ लाई संशोधन गर्न बनेको बिधेयकको दफा १,२ र सो संग सम्बन्धीत उप दफाहरु, प्रदेश स्तरका केहि सार्वजनिक लिखित प्रमाणिकरण ऐन २०७४ को अंग बनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न् भन्ने आवाज सुनिएन त्यसर्थ प्रदेश स्तरका केहि सार्वजनिक लिखत प्रमाणिकरण अईन २०७४ लाई संशोधन गर्न बनेको बिधेकयको दफा १,२ र सो संघ सम्बन्धीत उपदफाहरु प्रदेश स्तरका केहि सार्वजनिक लिखित प्रमाणिकरण ऐन २०७४ को अंग बनेको घोषण गर्दछु।

अब म बिधयेकको प्रस्तावना र नाम पढेर सुनाउछु।

**<u>प्रस्तावना:</u>** प्रदेश स्तरका केहि सार्वजनिक लिखित प्रमाणिकरण ऐन २०७४ लाई संशोधन गर्न बनेको बिधयेक बान्छनिय भएकोले प्रदेश सभाले यो ऐन बनाको छ।

**<u>संक्षिप्त नाम र प्रारम्भः</u>** यस एनको नाम प्रदेश स्तरका केहि सार्वजनिक लिखित प्रमाणिकरण (पहिलो संशोधन) ऐन २०७५ रहेको छ। यो एन तुरुन्त प्रारम्भ हुनेछ।

अब म बिधेकको प्रस्तावना र नाम प्रदेश स्तरका केहि सार्वजनिक लिखत प्रमाणिकरण ऐन २०७४ को अंग बनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ बिधयेकको प्रस्तावना र नाम सर्वसहमतिले प्रदेश स्तरका केहि सार्वजनिक लिखित प्रमाणिकरण ऐन, २०७४ को अंग भएको घोषणा गर्दछु।

अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री शालिकराम जम्कट्टेललाई प्रदेश स्तरका केहि सार्वजनिक लिखत प्रमाणिकरण ऐन २०७४ लाई संशोधन गर्न भनेको बिधेयक पारित गरियोस भन्ने प्रशताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जम्कट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्रालयः-</u>** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश स्तरका केहि सार्वजनिक लिखित प्रमाणिकरण एन २०७४ लाई संशोधन गर्न भनेको बिधेयक पारित गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः-</u>** अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री शालिकराम जम्कट्टेलले प्रस्तुत गर्नु भएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्ः

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्

हुन्न् भन्ने आवाज सुनिएन त्यसर्थ प्रदशे स्तरका केहि सार्वजनिक लिखित प्रमाणिकरण ऐन, २०७४ लाई संशोधन गर्न भनेको बिधयेक सर्वसहमतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री शालिकराम जम्कट्टेललाई प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधयेक, २०७५ माथि दफावार छलफलका लागि प्रदेश मामिला समितीमा पठाईयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय शालिकराम जम्कट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्रालयः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधयेक २०७५ माथि दफावार छलफलका लागि प्रदेश मामिला समितीमा पठाईयोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री शालिकराम जम्कट्टेल द्वारा प्रस्तुत प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधयेक २०७५ माथि दफावार छलफलका लागि प्रदेश मामिला समितीमा पठाईयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्ः

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्

हुन्न् भन्ने आवाज सुनिएन त्यसर्थ प्रदेश सुचनाको हक सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक २०७५ माथि दफावार छलफलका लागि प्रदेश मामिला समितीमा पठाईयोस भन्ने प्रस्ताव सर्वसहमतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेललाई कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको बिधयेक माथिको दफावार छलफलका लागि अर्थ तथा बिकास समितीमा पठाईयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय कैलाश प्रसाद ढुङ्गेल, मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालयः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर तथा गैर कर राजस्व सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको बिधेयक माथि दफावार छलफलका लागि अर्थ तथा बिकास समितीमा पठाईयोस भन्ने प्रस्ताप सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब म आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाश प्रसाद ढुङ्गेलले पेश गर्नु भएको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको बिधेयक माथि दफावार छलफलका लागि अर्थ तथा बिकास समितीमा पठाईयोस भन्ने प्रष्ताव लाई निर्णयार्थ प्रस्तुत गर्द छु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन त्यसर्थ कर तथा गैर कर राजस्व सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको बिधेयक माथि दफावार छलफलका लागि अर्थ तथा बिकास समितीमा पठाईयोस भन्ने प्रस्ताव सर्वसहमतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म आन्तरिक मामिला तथा कानुन मन्त्री सालिकराम जम्कट्टेलले पेस गर्नु भएको प्रदेश सभाका पदाधिकारि तथा सदस्यहरुका पारिश्रमिक र

सुबिधा सम्बन्धी ऐन. २०७५ लाई संशोधन गर्न बनेको बिधेयक माथि दफावार छलफलका लागि प्रदेश मामिला समितीमा पठाईयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जम्कट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्रालय</u>:-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश सभाका पदाधिकारि तथा सदस्यहरुको पारिश्रमिक र सुबिधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधेयक माथि दफावार छलफलका लागि प्रदेश मामिला समितीमा पठाईयोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म आन्तरीक मामिला तथा कानुन मन्त्री सालिकराम जम्कट्टेलले पेश गर्नु भएको प्रदेश सभाका पदाधिकारि तथा सदस्यहरुको पारीश्रमिक र सुबिधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको बिधेयक माथि दफावार छलफलका लागि प्रदेश मामिला समितीमा पठाईयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न् भन्ने आवाज सुनिएन त्यसर्थ प्रदेश सभाका पदाधिकारि तथा सदस्यहरुको पारिश्रमिक र सुबिधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधेयक माथि दफावार छलफलका लागि प्रदेश मामिला समितीमा पठाईयोस भन्ने प्रस्ताव सर्वसहमतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म माननीय सामाजिक बिकास मन्त्री यूवराज दुलाललाई प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेक माथि दफावार छलफलका लागि स्वास्थ्य तथा कृषि समितीमा पठाईयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, सामाजिक बिकास मन्त्रालयः</u>-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेक माथि दफावार छलफलका लागि स्वास्थ्य तथा कृषि समितीमा पठाईयोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननीय सामाजिक बिकास मन्त्री यूवराज दुलालले प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेक माथि दफावार छलफलका लागि स्वास्थ्य तथा कृषि समितीमा पठाईयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न् भन्ने आवाज सुनिएन त्यसर्थ प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेक माथि दफावार छलफलका लागि स्वास्थ्य तथा कृषि समितीमा पठाईयोस भन्ने प्रस्ताव सर्वसहमतिल स्विकृत भएको घोषणा गर्दछु।

अब यो बैठक मिति २०७५ चैत २६ गते मंगलबार दिनको एक बजे बस्ने गरी स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७५ साल चैत्र २६ गते मंगलबार दिनको १:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्यः- दिनको २:२५ बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# तेस्रो अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२६ चैत्र, २०७५

मंगलबार

(बैठक संख्या - ५)

**प्रदेश सभाको तेश्रो अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।**

**माननीय सभामुखः-** माननीय सदस्यहरु, प्रदेश नम्बर ३ को प्रदेश सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु आज शुन्य समयको कार्यक्रम नरहने ब्यहोरा जानकारी गराउँदछु। माननीय सदस्यहरु विशेष समयमा बोल्ने माननीय सदस्यहरुले समय माग्नु भएको छ। म माननीय सदस्यलाई विशेष समयमा बोल्न समय दिन्छु। सर्वप्रथम म माननीय सरेस नेपाललाई बोल्न समय दिन्छु। समय ४ मिनेट।

**<u>माननीय सरेस नेपाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** नीय सभामुखयू। प्रदेश सरकारले संघीय राजधानी काठमाण्डौको सबैभन्दा छोटो दुरीको हिमाल जुगलको आरोहणको निम्ति लिएके अग्रसरताको निम्ति हार्दीक धन्यवाद दिन चाहान्छु। यहि चैत्र १५ गते मुख्यमन्त्रीज्युले प्रदेशको नक्सा सहितको राष्ट्रिय झण्डा हस्तान्तरण गर्नुभई हिमाल आरोहणको एतिहासिक पहिलो मानव पाईलाको आरम्भ भएको घोषणा गर्नुभएको थियो।

बाटोमा हजारौं जनसमुदायले भब्य स्वागत सहित अहिले आरोहण दल चुचुरो ग्योल्जेनको नजिक पुगेको छ र प्रतिकुल मौसमको कारण केहि आरोहीहरुको स्वास्थ्यको प्रतिकुलताले हिजो सिम्रीक एयरबाट काठमाण्डौ फिर्ता ल्याईएको छ। आरोहणमा रहनुहुने आरोहीहरुको खाद्यान्न लगायत विभिन्न समस्याको कारण समयमै उक्त हिमाल आरोहणको काम सम्पन्न हुन सकिरहेको छैन।

यस्तो स्थितिको बाबजुत पनि आज रातभरि हिमालमा प्रतिकुल मौसमसँग जुध्दै ग्याल्जेन पिकमा पुग्ने प्रयास जारी छ, अहिलेसम्म त्यो चुचुरोमा हाम्रो प्रदेशको झण्डा पहराईएको जानकारी प्राप्त भएको छैन। आरोहीहरु दह्रो हिम्मतको साथ यो आरोहणको सफलतामा पुग्न आतुर छन्। आज मौसमले साथ दिएको खण्डमा हामीले यो शुभ समाचार सुन्न पाउने छौं। यो आरोहणले यसै प्रदेशको पर्यटन क्षेत्रको विकासमा अत्यन्तै महत्वपुर्ण योगदान पुऱ्याउने र सन् २०२०को पर्यटन वर्षले थप नयाँ गन्तब्य पाउने हामीले अपेक्षा राखेका छौं। सगरमाथा आरोही सिन्धुपाल्चोककै चेली माया गुरुङको नेतृत्वमा गएको यो आरोहण दललाई शुभकामना ब्यक्त गर्न चाहान्छु, बधाई दिन चाहान्छु।

यसमा पहलकदमी लिनुहुने मुख्यमन्त्रीयू, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रीज्यु, मन्त्रीपरिषद्का सबै सदस्यज्युहरु, सम्बन्धित जुगल गाँउपालिकालाई हृदयदेखिनै धन्यवाद दिन चाहान्छु। र त्यहाँको जनप्रतिनिधिको हैसियतले सभामुख मार्फत म सरकारलाई धन्यवाद दिन चाहान्छु। हरेक साल जस्तो पर्यटकीय क्षेत्रको पुर्वाधार विकासमा ठोस योजना सहित अगि बढ्न सरकारको ध्यानाकर्षण गराउन चाहान्छु।

आज भन्दा ४ वर्ष अगाडी सिन्धुपाल्चोक जिल्लाको जुरेमा ईटेनी भिर खसेर सुनकोशी नदी थुनियो। करीब १४५ जनाको ज्यान गयो, १०० हाराहारीका परिवारको घर पहिरो

पुर्यो। उक्त दर्दनाक विपत्तीको आशु अहिलेपनि बगिरहेको छ। तिनताका जनस्तरबाट उठाइएका करीब २ करोड २४ लाख रकम अहिलेसम्म पिडितले पाएका छैनन्। सरकारी खातामा जम्मा भएको छ। नेपाल सरकारको मन्त्रीपरिषद्को बैठक भुकम्प पिडितसँग जोडेर उक्त रकम निकासा दिन अनेक ब्यवधानहरु खडा गरिरहेको सन्दर्भमा म उक्त क्षेत्रको जनप्रतिनिधि भएको नाताले उक्त रकम तत्काल पिडितलाई वितरण गर्न प्रदेश सरकार मार्फत संघीय सरकारको ध्यानाकर्षण होस् भनि अनुरोध गर्दछु।

मुलुकमा बेरोजगारी समस्या बढ्दो छ। रोजगारीको क्षेत्रहरुलाई यान्त्रीकिकरणले साधुँरो बनाउदै लगेको छ। हाम्रो अत्यन्तै महत्वपुर्ण उद्योग बन्द छन्। संघीय सरकारले यि बन्द उद्योगहरु चलाउने ठोस पाईला अगि बढाएको पाईदैंन। सिन्धुपाल्चोक जिल्लाको नेपाल ओरियन्ट म्यागेसाईड उद्योग लगायत रुग्ण उद्योगहरु संघीय सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेको खण्डमा नयाँ ब्यवस्थापनका साथ त्यस्ता उद्योगहरु संचालनमा ल्याउन सकिने विश्वास लिएको छु। यसतर्फ प्रदेश सरकारले आवश्यक पहलकदमी लिन र संघीय सरकारसँग ठोस समझदारीको विकास गराउन आग्रह गर्दछु। गत ७२ सालको विनाशकारी भुकम्पले सबैभन्दा बढी धनजनको क्षती सिन्धुपाल्चोकले ब्यहोर्नु पर्यो। उक्त प्राकृतीक विपत्तीको सामना गर्ने क्रममा अहिले पनि धेरै काम सुरु गर्न बाँकि छ र कयौं संरचनको पुर्न निर्माण हुन सकिरहेको छैन। अहिले सम्म विस्थापितहरुलाई विकल्प दिन सकिएको छैन।

पहाडहरु थर्किएका छन्, पानीका मुहानहरु सुक्दै छन्। मुहानहरु परिवर्तन भईरहेका छन्। यसैले त्यस्तो ठाँउमा प्रदेश सरकारको विशेष ध्यान जाओस् भनि आग्रह गर्न चाहान्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय राधा घलेलाई बोल्न समय दिन्छु, समय ६ मिनेट।

**<u>माननीय राधा घले (नेपाली कांग्रेस)</u>:-** ननीय सभामुख महोदय, आज प्रदेश सभा गठन भएको १४ महिना बितिसकेको छ। प्रदेश सभाले अहिले सम्म २५ वटा विधेयकहरु

पारित गरेका छ। मुख्यमन्त्रीज्युको अभिब्यक्तिलाईनै आधार मान्ने हो भने विकासको कामले प्रदेश सरकारलाई गिज्याईरहेको छ। जनताले पनि प्रदेश सरकारलाई गिज्याईरहेको भान हुन लागेको छ। दुईतिहाईको जनमत प्राप्त यो कम्युनिष्ट सरकार १४ महिना पुगिसक्दापनि राजधानीको विषय टुङ्गो लगाउन नसकिरहेको अवस्था। मुख्यमन्त्रीज्युको आश्वासन अब यो महिनामा हुन्छ अब यो महिनामा हुन्छ, अब हुन्छ तब हुन्छ, यो मात्र सुन्न पाईयो १४ महिना भित्र।

राजधानी समितिको प्रतिवेदन यो पनि प्रदेश सभामै थन्किने काम भयो। बल्लतल्ल प्रतिपक्ष र सत्तापक्षका सांसदज्युहरुको दबावपछि जुन यो अहिलेको अधिवेशनमा राजधानीको टुङ्गो लाग्ने जुन कुरा भएको थियो तर नौ दिनमा नौलो भनेझैं फेरि अहिले सम्म यो सहमति भएको थियो यो समितिको कार्यविधि बनाएर प्रक्रियालाई अगाडी बढाउने तर आजसम्म यो प्रक्रिया अगि बढ्न सकेन। हामीले ठानेका थियौ हिजो प्रदेश सभाको बैठक हुदैं गर्दाखेरि फेरि यो प्रक्रिया कहाँसम्म पुग्यो भनेर फेरि यसलाई हामीले सुरु हुन्छ होला भनेर तर यो गर्न पाईएन। माननीय सभामुखज्यु, अहिलेसम्म समिति यो बनाउने जुन प्रक्रिया छ यो अब बनाउन सकिएन भने फेरि हामीले आजसम्म सहमति र सहकार्यको आधारमा जुन प्रतिपक्षको भुमिका हामीले एकदमै सकारात्मक रुपले निभाईरहेका थियौ।

तर अब फरक ढङ्गले गर्नुपर्ने होकि भन्ने खालको आभाष हामीलाई हुन थालेको छ। सभामुख महोदय, त्यस्तै आज यो सभामा उभिएर बोल्दै गर्दाखेरि मैले केन्द्र सरकारले जुन बहुमतको दुईतिहाईको दम्भमा एकपछि अर्को गरेर केन्द्रमा जुन संविधानको विपरित कार्यहरु भईरहेको छ। केन्द्रमा आज सुरक्षा परिषद्को विधेयक जुन दर्ता भएको छ। सुरक्षा परिषद्को कार्य ब्यवस्था गर्न बनेको विधेयक छ त्यो सिधै सुरक्षा परिषद्को सिफारिस बिना प्रधानमन्त्रीले सेना परिचालन गर्न पाउने खालको विधेयक दर्ता भएको छ।

जबकी संविधानमा सुरक्षा परिषद्को सिफारिसबाट मन्त्रीपरिषद्को बैठकले राष्ट्रपतिले मात्र विशेष परिस्थितिमा सेना परिचालन गराउन पाउने प्रावधान छ। यसले हामीलाई के लाग्न थालेको छ भने कहि राज्य सरकार निरंकुशता तर्फ उन्मुख भईरहेको त हैन? कहि लोकतन्त्र माथि नै प्रहार हुन लागिरहेको त हैन? भन्ने हामीलाई आभाष भईरहेको छ,

सभामुख महोदय। त्यसैले हाम्रो बोल्ने ठाँउ यहि प्रदेश सभा भएको हुनाले म यहि प्रदेश सभा मार्फत केन्द्रीय सरकारको ध्यान आकर्षण गराउन चाहान्छु। सभामुख महोदय, त्यस्तै अर्को विधेयक छ नागरिकताको सम्बन्धी। जब संविधानले महिलाको हकलाई मौलिक हक मार्फत संविधानको धारा ३८ मा स्पष्ट लेखिएको छ लैगींक भेदभाव बिना समान अधिकार रहने छ भनेर तर आज छोराको हकमा एउटा र छोरीको हकमा अर्को कानुन लिएर आएर समानताको अधिकारलाई कुन्ठीत गरिएको छ।

सभामुख महोदय, यो पनि म यसै सभा मार्फत ध्यानआकर्षण गराउन चाहान्छु। छोरीलाई नागरिकताको अधिकार दिदाँ, महिलालाई नागरिकता दिदाँ महिलाको नामबाट आमाको नामबाट नागरिकता छेराछोरीले पाउदैं गर्दा सभामुख महोदय राष्ट्र विखण्डन हुन्छ रे तर सिके राउतलाई जो एउटा विखण्डनकारीलाई, एउटा पृथकतावादी समुहको लिडरलाई नेतालाई लिएर आएर जनमत संग्रह गर्ने सर्तमा जुन सम्झौता गरिएको छ के यो विखण्डनको कुरा होईन ? त्यस्तै सिमामा बार लगाउन, सिमा मिचियो भनेर सिमामा बेरा लगाउन तार लगाउन जाने बिप्लब समुह अनि त्यसमाथि उसलाई के वार्तामा बोलाउन उचित हुदैंन ? उस्तै समुह हो नी।

हो विप्लब समुहको हिसांत्मक गतिविधि त्यसलाई रोक्न जरुरी छ। हिंसात्मक गतिविधि गरेबापत उसले सजाँय पाउनुपर्छ तर निषेधको राजनिति यो लोकतन्त्रमा निषेधको राजनिति गर्न कहाँसम्म उचित हुन्छ ? यो हामी केन्द्रीय सरकारको ध्यानाकर्षण गराउन चाहान्छौं। सभामुख महोदय, यदि सुखी नेपाली समृद्ध नेपालको परिकल्पना गर्ने हो भने देशमा अमनचयन कायम रहन जरुरी छ।

यदि अमनचयन कायम राख्ने हो भने देशमा शान्ती हुन जरुरी छ र हिसाँ र निषेधको राजनितिले देशमा शान्ती कायम रहन सक्दैन। सभामुख महोदय, त्यसैले हामी आग्रह गर्न चाहान्छौ कि यो विप्लब माओवादी माथि लगाईएको प्रतिबन्धलाई फुकाईयोस् र उनीहरुलाई वार्तामा बोलाएर वार्ताद्धारा यो समस्याको समाधान गरियोस् भन्ने पनि म आग्रह गर्न चाहान्छु। यति भन्दै म आफ्नो भनाई टुङ्गाउन चाहान्छु, धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय बेलीमाया घलेलाई बोल्न समय दिन्छु। समय ३ मिनेट।

**<u>माननीय बेलीमाया घले (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, यस विशेष समयमा मैले आज खासगरी दुईवटा विषयलाई उजागर गर्न चाहिरहेको छु। प्रथम विषय भनेको अहिले हामी विभिन्न रमणीय स्थान पार्कहरु निर्माण गर्नको लागि नयाँ पार्कको निर्माण गर्न खोजिरहेका छौं। यो खोजी गरिरहदाँ हाम्रो प्रदेश नम्बर ३ भित्र एकदमै पुराना नाम चलेका पार्कहरु अहिले भग्नावशेषको रुपमा परिणत हुदैछ। यो पार्कको अपनत्व प्रदेश सरकारले लिन पर्ने हो कि नपर्ने हो? सभामुख मार्फत म यो सरकारलाई ध्यानाकर्षण गर्न चाहान्छु।

यसको एउटा ज्वलन्त उदाहरण भनेको विगतमा हामीले त्रिभुवन पार्क भनेर चिनिने हाल शान्ति प्रक्रियापछि त्यसलाई शहिद स्मृति प्रतिष्ठान भनेर चिनिने जो काठमाण्डौं जिल्ला चन्द्रागिरी नगरपालिकाको वडा नम्बर ३,४ र ७ को भुगोललाई १६७ रोपनी जमीनलाई ओगटेर रहेको पार्क अहिले भग्नावशेषमा परिणत हुदैंछ। यो भग्नावशेष परिणत हुदैंगर्दाखेरि त्यसको अपनत्व लिनका लागि त्यो प्रतिष्ठानका ब्यक्तित्वहरुले जो बाहिरी जिल्लाबाट आएर चलाईरहेका ब्यक्तित्वहरुले ति पार्कलाई कसैले पार्टी प्यालेसको रुपमा कसैले चिल्डे«न पार्कको रुपमा अहिले ठेक्कामा लगाउने प्रयत्न गरिरहेको छ यो प्रयत्नलाई स्थानीय सरकार र हामी जनप्रतिनिधिहरुके मेहनतले त्यसलाई रोकिरहेका छौं।

त्यो रोक्ने काम नि हामीलाई एकैचोटि गोरखापत्रमा त्यहाँ भित्र रहेका २६३ वटा रुख काट्ने सुचना आव्हान भएपछि हामीले त्यो सुचना थाहा पायौं। त्यसपछि हामी स्थानीयवासीहरुले त्यसलाई रोक्नको लागि त्यहाँ विहेष पहल गर्यौं। त्यो अहिले रोकिएको छ तर त्यो रोक्दा हामीले त्यहाँ कार्यरत त्यो टेण्डर गर्ने, त्यसमा लागाउने श्रमिकहरु अहिले मारमा परिरहेका छन्। उसले ६० लाख पैसा त्यो लिजमा लिनको लागि त्यो प्रतिष्ठानलाई दिईसक्यो त्यो ६० लाख पैसा प्रतिष्ठानले विभिन्न बहानामा त्यसलाई खाईसक्यो। तर त्यहाँ कार्यरत २० देखि ३० वर्षसम्म कार्यरत ३१ जना श्रमिकहरुको अहिले ३१ महिनासम्मको संचय कोषपनि गएको छैन, नागरिक लगानी कोषमा आफ्नो रकम पनि गएको छैन।

विगत ३ महिना देखि वहाँहरुले आफ्नो मासिक पारिश्रमिकपनि पाईरहनुभएको छैन। त्यो भएको कारणले गर्दा त्यो पार्क हाम्रो प्रदेश नम्बर ३ अन्तगत छ, केन्द्रीय राजधानीमा रहेको पार्क मेचि महाकालीबाट आउने सम्पुर्ण जनताहरुले प्रत्यक्षरुपमा रमणीय दृश्य देख्ने पार्कको अहिले यो अवस्था देख्दा यो प्रदेश सरकारको मन पनि रुनु पर्छ हामी त्यहाँ भएका त्यसै नगरपालिकाको जनताको मन त धुरुधुरु रोईनै रहेको छ। त्यो भएको कारणले गर्दा त्यो पार्कको अपनत्वको विषयमा सभामुख मार्फत यो सदनको सरकारलाई म ध्यानाकर्षण गराउन चाहान्छु। अर्को कुरा भनेको हाम्रो प्रदेशको अपनत्वमा यातायातका ब्यवस्थापन गर्ने केहि निकायहरुपनि आईरहेको छ। यो यातायात ब्यवस्था गर्नका लागि प्रदेश सरकारले आफ्नो काम कारबाही कहाँ पुर्यायो? यसमा म के ध्यानाकर्षण गराउन चाहान्छु भने अहिले लाईसेन्स लिने नाममा फारम भर्नका लागि जनताहरुले .......

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रमेश पौडेललाई बोल्न समय दिन्छु। समय ५ मिनेट।

**<u>माननीय रमेश पौडेल (विवेकशिल साझा पार्टी)</u>:-** माननीय सभामुखयू, म आज संघीय सरकारले खासगरि यो राष्ट्रपतिको कार्यालय विस्तारको लागि जुन राष्ट्रिय प्रहरी प्रतिष्ठानको जग्गा लिने जुन निर्णय गरेको छ त्यसमा हामीले सुरु गरेको सुचनाको हक सम्बन्धी एउटा अभ्यासलाई कसरी त्यहाँनेर अझैपनि अड्काईराखेको छ भन्ने विषय यहाँ राख्न चाहान्छु।

यो राष्ट्रिय प्रहरी प्रतिष्ठान अथवा बोलिचालीको भाषामा त्यसलाई तालिम केन्द्र पनि भनिन्छ यसको अलिकति ऐतिहासिक पृष्ठभुमिको बारेमा भन्दाखेरी २००७ सालको क्रान्तीपछि त्यतिखेरको मुक्तिसेनालाई रुपान्तरित गरेर रक्षा दल बनाएर त्यहाँनेर अहिले रहेको प्रतिष्ठान रहेको ठाँउमा त्यहाँ घोडा तबेला रहेछ।

त्यहाँ पिटि परेड खेलाउने, अनुशासनको तालिमहरु संचालन भएको देखिन्छ। त्यसैगरि २१ सालमा त्यहाँ नयाँ भवन बनेर त्यो तत्कालिन राजा महेन्द्रले त्यो उद्घाटन गरेको देखिन्छ। २०४९ सालमा राष्ट्रिय प्रहरी प्रतिष्ठान नामाकरण भएको देखिन्छ र त्यो

परिसरमा अहिले केन्द्रीय कुकुर तालिम विद्यालय, प्रहरी संगित विद्यालय, केन्द्रीय प्रहरी खेलकुद ट्रेनिङ स्कुल, सेन्टर फर पुलिस फोरेन्सीक साईन्स अनि सिआईबीको अफिस पनि रहेको छ। यति धेरै कार्यालयहरु त्यो परिसरमा छ।

अहिले यो विषय राष्ट्रिय बहसमा उठिसकेपछि हाम्रा केहि साथीहरु ४ जना साथीहरुले गएर सुचनाको हक सम्बन्धि ऐन २०६४ ले दिएको ब्यवस्थाको अनुरुप त्यहाँ सुचना माग गर्नुभयो। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा वहाँहरुले उज्वल बहादुर थापा, शशी विक्रम कार्की, विजयबाबु सिवाकोटी र प्रितम सुवेदीले २०७५ पौषको १२ गते त्यहाँ के निर्णय भएको छ तपाईहरुले दिनोस् हामी जान्न चाहान्छौ। यो कसरी राष्ट्रपतिको कार्यालयलाई दिने निर्णय भएको छ भनेर वहाँहरुले एउटा निवेदन दर्ता गर्नुभयो। र प्रधानमन्त्रीको कार्यालयले २०७५ साल माघको ३ गते एउटा जानकारी दियो र तयो जानकारीमा के भन्यो भन्दाखेरी सम्माननीय राष्ट्रपति तथा सम्माननीय उपराष्ट्रपतिको कार्यालय तथा आवास सम्बन्धी अध्ययन प्रतिवेदन २०७५ एउटा प्रतिवेदन आएको छ र त्यसको नेतृत्व प्रधानमन्त्री तथा मन्त्रीपरिषद्का कार्यालयका सचिव श्री केदार बहादुर अधिकारीको संयोजकत्वमा गठन भएको एउटा समितिले प्रतिवेदन दिएको छ।

त्यो प्रतिवेदनले राष्ट्रपतिको कार्यालय परिसरमा थप पुर्वाधार विकास गरि सुविधासम्पन्न बनाउनका लागि महाराजगंज स्थित प्रहरी तालिम केन्द्रको पुरै जग्गा त्यो भनिएको ११४ रोपनी ३ आना जग्गा राष्ट्रपति कार्यालयको नाममा २०७५ साल भदौ २१ गते दिने भनेर क्यावीनेटबाट डिसिजन भएको छ भनेर हामीलाई जानकारी दिईयो। त्यसपछि हामीले भन्यौ त्यो केदार बहादुर अधिकारीको प्रतिवेदनमा के छ? त्यो नागरिकले जान्न पाउनुपर्छ यदि हाम्रो राष्ट्रपतिलाई अहिले भईरहेको परिसर साँधुरो लागेको हो भने यदि अहिले भईरहेको परिसर जबकी अहिले यो अमेरीकाको ह्वाईट हाउसको हाराहारीको क्षेत्रफलमा छ, त्यो पनि अझ साधुँरो लागेको हो र अझै फराकिलो बनाउन परेको हो भने हामी त्यो जान्न चाहान्छौं त्यो केदार बहादुर अधिकारीको प्रतिवेदनमा के छ भनेर फेरि पनि हामीले ति साथीहरुले ४ जनाले निवेदन दिनुभयो तर डेढ महिनासम्म कुराएर त्यो निवेदनको कुनै जवाफ दिईएन।

त्यो नदिईसकेपछि ति ४ जना साथीहरु सुचना आयोगमा जानुभयो। पुनरावेदनका लागि वहाँहरुले २०७५ साल माघ २४ गते सुचना आयोगमा यसरी हामीले बारबार कुर्दाखेरिपनि सुचना दिइएन र त्यो केदार बहादुर अधिकारीको प्रतिवेदन सार्वजनीक गराई पाउँ र नेपालको संविधानले र सुचनाको हक सम्बन्धी ऐनले पनि त्यो सम्बन्धी कि त्यो सार्वजनीक गर्न नमिल्ने दस्तावेज हो भने त्यो पनि किटान गरिपाउँ भनेर दिईसकेपछि अहिले सुचना आयोगले चाहि आदेश जारी गरेको छ।

यो ७५ साल चैत्र १८ गते यो प्रतिवेदन के कति कारणले सार्वजनीक गर्न नपर्ने हो किन नदिइएको हो भनेर आदेश जारी गरेको छ र पनि यो अहिलेको केपी ओलीको सरकार अटेर गरेर बसिराखेको छ। यो विषय आज मैले यहाँ किन पनि उठाउन जरुरी ठानेँ भन्दाखेरी हामी सुचनाको हकको बारेमा प्रदेश मा पनि बहस गर्दै छौँ। एउटा भनाई छ ज्ञानीहरु, बुद्धीमानहरु देखेर चेत्छन् त्यसले गर्दाखेरी यो संवेदनशिल विषयमा किन एउटा सुचनालाई लुकाउनलाई यस्तो ब्यवहार गरिराखिएको छ ? त्यो कुरा हामीले बुझ्न पाउनुपर्दछ। यो विषय यहाँ सडकमा जसरी उठिराखेको छ, राष्ट्रपतिको एउटा पर्यादा र गरिमाको कुरा र त्यो संस्थालाई सम्मान गर्नुपर्छ भन्ने कुरामा हामी त्यत्तिकै सचेत छौँ सभामुख महोदय। यदि राष्ट्रपतिलाई साँच्चिकै अपुग भएको हो, राष्ट्रपतिलाई साँच्चिकै गाह्रो साँधुरो परेको हो भने हरेक नेपालीले तयो कुरालाई समर्थन गर्ने छन्।

तर त्यो कुराको सत्यतथ्य बाहिर आउन जरुरी छ कि छैन आजको मुख्य प्रश्न यो हो। त्यसले गर्दा यो कुरा म यहाँ खासगरी जोडदार रुपमा के राख्न चाहान्छु भन्दा खेरी यो सरकारले केदार बहादुर अधिकारीको नेतृत्वमा बनेको समितिले दिएको प्रतिवेदन छिटो भन्दा छिटो सार्वजनीक गरोस्। आम नागरिकले त्यहाँ पढ्न पाउन्, हेर्न पाउन् र राष्ट्रपतिलाई साँच्चिकै गाह्रो साधुँरो परेको हो भनेदेखि सायद नागरिकहरुले आफ्नो विवेक प्रयोग गर्नेछन् नभएदेखि त्यो प्रतिवेदन सार्वजनीक गर्ने हिम्मत नगर्ने र माग गर्न जादाँखेरी नदिने र आज सुचना आयोगले आदेश जारी गर्दासम्म पनि त्यो प्रतिवेदन लुकाएर राखेर अहिले जुन ऐतिहासीक महत्व बोकेको र खासगरि यो ऐतिहासिक महत्वको कुरा गर्दाखेरी अहिले जुन पुलिस हेडक्वाटर छ नक्सालको त्यो भन्दा पनि जेठो ईतिहास त्यो प्रहरी तालिम केन्द्रको रहेको छ र त्यो एउटा सिंगो ईतिहासलाई रातारात मेटाउने खालको जुनखालको षडयन्त्र

भईराखेको छ त्यसको म जोडदार विरोध गर्दछु। र छिटो भन्दा छिटो त्यो सुचना उपलब्ध गराएर आम नागरिकलाई सुचित हुन पाउने हकको सम्मान गर्नको लागि म संघीय सरकारलाई आग्रह गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय मिना ज्ञवालीलाई बोल्न समय दिन्छु, समय ३ मिनेट।

**<u>माननीय मिना ज्ञवाली (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुखयू, हामीले प्रदेश सभामा उठाएका जनसरोकारका विषयहरु, प्रदेश सरकारले गरेका कामकारबाहीहरु, जनताले आधिकारीक राष्ट्रीय मिडिया मार्फत थाहा पाउनुपर्छ। सरकारी मिडिया मार्फत थाहा पाउनुपर्छ त्यो ब्यवस्था अहिले भएको छैन। यसर्थ नेपाल टेलिभिजनको प्रादेशिक शाखा खोलेर हामीले यहाँ उठाएका जनसरोकारका विषयहरु, हामीले गरेका काम कारबाही र हामीले बनाएका ऐनहरुको विषयमा अविलम्ब जनतालाई जानकारी गराउने ब्यवस्था गरियोस्।

अर्को विषय मैले के उठाउन खोजिरहेको छु भने हिजो पनि मुख्यमन्त्रीयूले जवाफ दिनुभएको थियो मेलम्चीको सन्दर्भ। हामी काठमाण्डौका जनप्रतिनिधिहरु जब सडकमा निस्किन्छौं सबैले सोध्ने गर्नुहुन्छ मेलन्चीको अवस्था के छ? मेलम्चीको पानी कहिले आउँछ? यसर्थ यो प्रदेश सरकारको सरोकारको विषय हो भनेर सदनमा जवाफ दिनु वास्तवमा मलाई उपयुक्त लाग्दैन किनभने प्रदेश सरकारले पनि के गरिरहेको छ? मेलम्चीको सन्दर्भमा आज कामकारबाही कहाँ पुगेको छ? त्यो सबै विवरण प्रदेश सरकारले जानकारीमा राखेर सदनमा जब विषय उठ्छ भने त्यसको बारेमा विस्तृत जानकारी गराउनुपर्दछ किनभने यो ७ नम्बर प्रदेश, १ नम्बर प्रदेश, ५ नम्बर प्रदेशको सरोकारको विषय होईन। मेलम्चीको खानेपानीको सरोकार ३ नम्बर प्रदेशका जनता र विशेषगरि काठमाण्डौ उपत्यकालाई छ।

यदि मेलम्ची समयमा आउँदैन भने आगामी बजेटमा हामीले काठमाण्डौका जनतालाई पानी पानी खुवाउने ब्यवस्था प्रदेश सरकारले गर्नुपर्छ। त्यसअर्थ म के आग्रह गर्न चाहान्छु भने मेलम्चीको अहिलेको अवस्था के हो? कहिले सम्म पानी आउँछ? नआएको खण्डमा

हामीले हाम्रा प्रदेशका जनतालाई कसरी पानी खुवाउने? त्यो सन्दर्भमा पनि सदनमा पुर्णरुपमा जानकारी गराईदिनुपर्छ भन्ने आग्रह गर्दै आफ्नो भनाई यहिँ टुङ्ग्याउछु। धन्यवाद, नमस्कार।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय सिर्जना सायजुलाई बोल्न समय दिन्छु, समय ६ मिनेट।

**<u>माननीय सिर्जना सायजु (नेपाल मजदुर किसान पार्टी)</u>:-** माननीय सभामुख महोदय, हामी हाम्रो प्रदेश सभाको हिउदें अधिवेशन उपलब्धीमुलक होस् भन्ने चाहानाका साथ बैठकहरुमा भाग लिईरहेका छौं तर प्रदेश सरकार कता कता अझै अलमलमा परिरहेको र बाटो पहिल्याउन नसकिरहेको आभाष भईरहेको छ। हामी आर्थिक वर्षको अन्तिम तिर छौं। कमसेकम यो प्रदेशले असारे विकासको गतल सँस्कृती मिल्काउने जनताले अपेक्षा गरेका थिए। के प्रदेश सरकार निर्माण कार्यको निम्ती असारनै कुर्दै छ? असारे विकास गरेर भ्रष्टचार गर्ने खल्ती भर्ने पर्खाईमा प्रदेश सरकार बसिरहेको जनताको आरोप के त्यसको खण्डन या जवाफ सरकारसँग छ? अथवा नयाँनयाँ सुविधासम्पन्न गाडी खरीद र भागबण्डालाई नै सरकार विकास ठानीरहेको छ।

भुकम्प, पहिरो, बाढीपिडत जनताले राहत त पाएनन् नै सडकका खाल्डाखुल्डी भर्न समेत दुईतिहाईको सरकारलाई के ले रोक्यो? सुविधा बाडँफाँडको निमित्त र आफ्ना आसेपासेलाई सरकारी ढुकुटीबाट रकम वितरण गर्न केहि बाधा नहुने तर जनताको समस्या सामान्य भन्दा सामान्य समस्या समाधान गर्न यो सकार किन पटक्कै अगी सर्दैन? सरकार स्वयम् आफैंले बनाएको आफ्नो बजेटलाई असफल किन बनाउदैंछ? यि प्रश्नको जवाफ जनता मागिरेका छन्।

जनताले असक्षम सरकार घोषणा गर्नुभन्दा अगावै प्रदेश सरकार होसमा आओस् हामी सचेत गराउन चाहान्छौं। विद्यालय तहको नयाँ शैक्षिक शत्र सुरु हुन अब हप्ता दिनमात्र बाँकि छ। विगतको हरेक वर्ष विद्यार्थीको हातमा पाठ्यपुस्तको चरम अभावको कृत्रिम स्थिति तयार पारेर शैक्षिक गतिविधि प्रभावित तुल्याईरहेको हामीले देखेकै हौं।

निजिकरणको कारण पाठ्यपुस्तकको छपाईमा अस्वस्थ प्रतिशपर्धा हुने, महंगी बढ्ने र भारतीय एकाधिकार पुँजीले फाईदा लुट्ने यर्थाथ हामीबाट लुकेको छैन। हाम्रा हरेक बालबालिकाले समयमै पाठ्यपुस्तक पाउन्।

पाठ्यपुस्तक छपाई र वितरणमा भईरहेको ढिलासुस्ती अनियमितता र कमिसनखोरीको तुरुन्त अन्त्य गरियोस्। यतातर्फ यो गरिमामय प्रदेश सभा मार्फत सरकारको गम्भीर ध्यानाकर्षण गराउदँछौं। साथै प्रदेश सरकारबाट पनि आवश्यक पहल गरियोस् भन्ने माग गर्दछौं। शैक्षिक क्षेत्रमा देखिएको अन्यौल र अनिश्चयको स्थिति अन्त्य गर्दै सामुदायिक विद्यालयका शिक्षकहरुमाथि सरकारबाटै भईरहेको अन्याय तथा भेदभाव रोक्न हामी जोडदार माग गर्दछौं।

अस्थायी शिक्षक तत्काल विस्थापित हुने र स्थायी हुने शिक्षकलाई तत्काल नियुक्ति नदिने सरकारको अहिलेको चालाबाट प्रारम्भमै विद्यालयको नयाँ शैक्षिक शत्र गन्जागोल हुनेमा कुनै शंका छैन र यसबाट निजि क्षेत्रलाई फाईदा पुर्याउन खोजिएको स्पष्ट छ। परिक्षाको नाममा शिक्षामा राम्रो स्तर प्रदर्शन गरिरहेका विद्यालयहरुकै शिक्षकहरुलाई असफल बनाईनु स्वयम् निजि विद्यालय पोस्ने र जातिय दमनको उदाहरण मात्र सकिन्छ। सरकारको यो नियोजित षड्यन्त्रको विरोध तथा भर्सना चारैतिरबाट आवश्यक छ। सभामुख महोदय, नेपाली नागरिकता आज फेरि बहसको विषय बनेको छ। ६२/६३ सालपछि ४० लाख भारतीय नागरिकले नेपाली नागरिकता लिईसकेको चर्चा सेलाउन नपाउदैं जन्मसिद्ध नागरिकताधारी सन्तानलाई वशंजको नागरिकता दिन हालै गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई लिखित पत्र मार्फत नै निर्देशन जारी गर्यो।

संघीय संसद नबसेको र नागरिकता ऐन संशोधन विधेयक संसदमा विचाराधिन अवस्थामा यस्तो संवेदनशिल तथा राष्ट्रिय सरोकारको विषयमा निरकुंश शैलीको कदम चाल्नु गलत हो। र यो भारतिय विस्तारवादको निर्देशन बमोजिम भईरहेको प्रष्ट छ। संसदलाई छल्ने काम सरासर सरकारको प्रजातन्त्र विरोधी कार्य हो, देश र जनताप्रति ठुलो विश्वासघात हो। यस्तो गैरसंसदीय र अप्रजातान्त्रिक गतिविधिको विरोध गर्नु हामी हाम्रो कर्तब्य ठान्दछौं। र यसै सदन मार्फत गृह मन्त्रालयको त्यो ठाडो आदेश बन्द गर्न माग गर्दछौं।

नेपाल भारतबिच खुला सिमाना कायम रहेको परिस्थितिमा नागरिकता सम्बन्धि उदार निति लिने, नागरिकता वितरणलाई अत्यन्त खुकुलो बनाउने या नागरिकतालाई दुईचार जनाको सिफारिसमा सहजै प्राप्त गर्न सकिने प्रावधान तयार गर्दा देशले भोलि सिक्किम या फिजिको दुर्भाग्य भोग्न नपर्ला भन्न सकिन्न।

दुईतिहाईको शक्तिशाली सरकारको हातबाट देशको सिक्किमिकरणको बाटो फराकिलो पारिनु जस्तो दुर्भाग्य अरु के होला? भारत अन्य देशका हाम्रा भान्जाभान्जी र ज्वाँईहरुलाई कुनै छेकबार बिना नेपाली नागरिकता प्रदान गर्दा के नेपालको स्वतन्त्रता र सम्प्रभुतताको सुनिश्चितता कायम रहला? नेपाली जन्मसिद्ध र अंगीकृत नागरिकलाई वशंजको नागरिकसरह अधिकार दिनु भनेको देशलाई अर्को फिजी बनाउने षडयन्त्र बाहेक केहि हुनै सक्दैन।

नेपाली जनताको स्वाभिमान र देशको अस्तीत्वसँग गाँसिएको नागरिकतासँग सम्बन्धित यस विषयमा प्रदेश सभा स्वयंम् पनि मौन बस्नु आत्मघाति हुनेछ। नेपाल र नेपाली जनताका पक्षमा यस प्रदेश सभाबाट केन्द्र सरकार समक्ष देशहित विपरितको नागरिकता सम्बन्धि निर्णय खारेज गराउन यथोचित पहल आवश्यक छ। नेपाल भारत सिमा तत्काल नियमित गर्नुनै नागरिकता समस्या समाधानको निम्ति महत्वपुर्ण उपाय हुनेछ। त्यसको निम्ति प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गराउदँछौ। हामी खबरदारी गर्दछौं। दुइतिहाईको सरकारको गठन नागरिकता ऐन संशोधन गरि भारतीय हस्तक्षेप भित्र्याउने एउटा प्रपञ्च सावित नहोस्। धन्यवाद।

**माननीय सभामुखः-** अब म माननीय नत्न प्रसाद ढकाललाई बोल्न समय दिन्छु, समय ३ मिनेट।

**माननीय रत्न प्रसाद ढकाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** माननीय सभामुखयू, हामी यो अत्यन्तै महत्वपुर्ण हिउँदे अधिवेशनमा उपश्थित छौं। यो यस मानेमा महत्वपुर्ण वैठक छ कि यो बैठकबाट हामीले यो प्रदेशको आफुले पाएको सार्वभौम अधिकारको प्रयोग गर्दै हामीले हाम्रो प्रदेशको स्थायी राजधानी तोक्ने छौं साथसाथै प्रदेशको नामाकरणको बारेमा पनि छलफल हुने मैले आशा र विश्वास लिएको छु। म एउटा दुईटा विषयमा प्रदेश सरकारको गम्भिर ध्यानाकर्षण गराउन गईरहेको छु।

अहिले प्रदेशका कयौं जिल्लाहरुमा खासगरी हाम्रो काभ्रे जिल्लामा भईराखेको खनिजजन्य पदार्थ सम्बन्धी विषयको म ध्यानाकर्षण गराउन गईरहेको छु। यसमा यो ढुङ्गा, गिट्टी, बालुवाको प्राकृतिक स्रोत र साधनको यति धेरै दोहन भईरहेको छ न यसको नियन्त्रण गर्न सकिएको छ न यसलाई सहि ढङ्गले सदुपयोग गर्न सकिएको छ।

हामीले धेरै पल्ट हाम्रो जिल्लामा जिल्ला समन्वयको बैठक राख्न लाएर हामीले धेरै छलफल गयौं यो विषयमा। अहिलेपनि खोलाका बालुवाहरु रातिराती चोरिन्छन्, स्थानीय तह त्यसको मुकदर्शक भएर बस्छ। त्यसैगरि आईई रिपोर्टको विपरित ३ महिना सम्म एउटा स्काईभेटर प्रयोग गर्न पाउने भनेर दिएका रिपोर्टहरु अलपत्र परेका छन् र फेरि त्यसको समय सिद्धिसकेको छ।

मंसीर, पुष माघ भनेर दिएको रिपोर्टका विरुद्ध फेरी अहिले खोलाभरि स्काईभेटरहरु फर्किएका छन्। त्यो भन्दा अगाडी हाम्रो जिल्लामा त्यसलाई बन्द गर्ने निर्णय गरेका थियौं। जे हामीले नियम बनाएका छौं त्यो नियमलाई कार्यान्वयन गर्नका लागि हामीले जिल्लालाई भनेका थियौं। त्यसपछि हाम्रो जिल्लामा २३ वटा क्रसरहरु छन्।

२३ वटा क्रसरनै त्यस मापदण्ड विपरित छन्। खानीहरु पनि सबै मापदण्ड विपरित छन्। कयौं खानीहरु दर्ता विहिन चलिरहेका छन्। एकातिर खानी दर्ता भएको छ क्रसर दर्ता छैन। अर्कोतिर क्रसर दर्ता भएको छ खानी दर्ता भएको छैन। यो अवस्थाबाट चलिराखेका छन्। ढुङ्गा गिट्टि त्यो यति महत्वपुर्ण चिज हो। त्यसको कुनै मापदण्ड छैन। संघीय सरकार र प्रदेश सरकारले बनाएको मापदण्डमा तिनीहरु छैनन्।

त्यसको नियन्त्रण कसले गर्ने ? त्यसको निम्ति हामीले आवाज उठायौं। प्रदेशमा एउटा बैठक भयो त्यो बैठकपछि हामीले बन्द गरेका खानीहरु फेरि खुले, बन्द भएका क्रसरहरु फेरि खुले, बन्द भएका बालुवाहरु फेरि उत्खनन् हुन सुरु गरेका छन्।

यो के भाको हो ? यो कुराको गम्भिर ध्यानाकर्षण म प्रदेश सरकारलाई गराउन चाहान्छु। यो अत्यन्तै महत्वपुर्ण विषय भएको हुनाले मैले यत्तिनै ध्यानाकर्षण गराउदैं मेरो भनाई यहिँ अन्त्य गर्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय ओम बहादुर ग्लानलाई बोल्न समय दिन्छु, समय ३ मिनेट।

**<u>माननीय ओम बहादुर ग्लान (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुखयू, मैले आज केहि विषयवस्तुहरु यहाँ जनतासँग सरोकार रहेका विषयहरु राख्न चाहान्छु। खासगरी हामीले नेपाल सरकारले जनता आवास कार्यक्रम भनेर विभिन्न जिल्लाहरुमा कोटा निर्धारण गरेर दिने गरेको छ त्यसको बारेमा मैले पहिला पनि बोलेको थिएँ र आजपनि मैले यो कुरा फेरी बोल्न परिरहेको छ।

कि नेपाल सरकारले विगतमा जुन ढङ्गले वितरण गर्यो त्यो पहुँचवालाहरुले आफ्नो कमिसनमा आधारित रहेर त्यो बिकेन्द्रीत गर्ने गरेको छ त्यसरी सिफारिस गर्ने गरेको छ त्यसकारण यसलाई एउटा एकिकृत बस्तीको रुपमा एउटा अवधारणा बनाएर लैजाओस् भनेर म प्रदेश सरकारलाई सुझाव राख्न चाहान्छु।

हुनत कार्यविधि बन्यो भनेर मैले सुनेको छु, हाम्रो हातमा परेको छैन। यतातर्फ ध्यान जाओस् म यो राख्न चाहान्छु। र यो गिट्टि बालुवाको सन्दर्भमा अगिनै मित्रहरुले राखु भाछ यो कार्यविधि प्रदेश सरकारले बनायो भन्ने सुनेको छु, हामीले पढेको छैन। मैले एउटा गाँउपालिकामा के ब्यहोरे भने फागुनको १४ गते टेण्डरको १ महिने सुचना आब्हान गर्यो र तयहि फागुनको २२ गते बैठक बसेर अमानतमा त्यसलाई उत्खनन गर्ने निर्णय गर्यो र मनोखुसी ढङ्गले ब्रम्हलुट भईरहदाँ खेरी मैले जिल्ला समन्वय समितिसँग, प्रदेश सरकारका मन्त्रीज्युहरुसँग कन्टयाक गरैं सम्पर्क गरैं।

त्यो अहिलेपनि त्यस्तरीनै चलिराछ। टेण्डर अस्ती सकियो, हिजो अमानतमा जसले गर्यो स्वघोषित रुपमा उसलाईनै त्यो टेण्डर पर्ने स्थिति बनेको छ, यो कसरी भयो? दुरुपयोग भईरहेको छ यो तर्फ हामीले आफ्नो फिल्डमा यो कुरालाई ब्यवस्थापन गर्न नसक्दाखेरी हामी माथि नै प्रश्न उठीरहेको कुरामा सम्बन्धित निकायको ध्यान जाओस् म यो राख्न चाहान्छु। र अर्को कुरा हामीले प्रदेशको नामारकण र राजधानीको कुरा गरिरहेका छौं। प्रदेशको नामाकरणको लागि प्रदेश राजधानीको प्रतिवेदन बनाउन स्थायी राजधानी तोक्नको

लागि जुन ढङ्गले होमवोर्क भयो, गृहकार्य गरियो त्यो ढङ्गले प्रदेशको नामाकरण गर्न पनि एउटा समिति अथवा एउटा लामो छलफलपछि मात्रै टुङ्ग्याईयोस् भनेर म माग गर्न चाहान्छु।

होईन भने हिजो विभिन्न समयमा भएका सम्झौताहरु लाई सिरानी राखेर, सुतेर भोलिपल्ट बिर्सने काम यो सरकारले गर्यो भने त्यसले राम्रो नतिजा निकाल्दैन भन्ने कुरा म तपाईहरु सँग राख्न चाहान्छु। हामी हिजो नेवा ताम्सालिङ राज्य हुनुपर्छ भनेर त्यो पहिचानको लागि लडेको एउटा ब्यक्तिहरु पात्रहरु भएको हिसाबले म यो कुरा जोडदार रुपमा राख्न चाहान्छु। र अन्तमा हामीले यो विपद् न्युनिकरणको लागि जो अबको यो समय जुन सुरु हुदैं छ। यो विपद् न्युनीकरणको लागि सम्बन्धित मन्त्रालयहरुले बेलैमा सचेत अपनाएर यो विधि अपनाओस् म यो सुझाव राख्दै र अन्तमा यो जनताको लालपुर्जाहरु को बारेमा पनि ध्यान दिओस् म यो कुरा राख्न चाहान्छु, धन्यवाद। लाल सलाम।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय हिरानाथ खतिवडालाई बोल्न समय दिन्छु, समय ३ मिनेट।

**<u>माननीय हिरानाथ खतिवडा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, म यो सम्मानित सभा समक्ष केहि कुरा राख्न गईराखेको छु। धेरै साथीहरुले माननीययूहरुले पनि विषय उठाईसक्नुभएको छ। म सर्वप्रथम माया गुरुङको नेतृत्वमा जुगल हिमाल चड्नको निमित्त जुन प्रयत्न भईराखेको छ र पर्यटनको नयाँ गन्तब्य, नयाँ विकासको निमित्त भएको कदमको म स्वागत गर्न चाहान्छु।

यो सफलताको पनि कामना गर्न चाहान्छु। त्यस पछाडी म थोरै विषयमा कुराहरु राख्न चाहान्छु। सर्वप्रथम यो हिउँदे अधिवेशनमा नै हाम्रो प्रदेशले हाम्रो प्रदेशको राजधानी र प्रदेशको नामाकरण गर्ने विषयलाई टुङ्ग्याउने विषयतिर सरकारको ध्यान जाओस्, यो म आग्रह गर्न चाहान्छु। लामो समयसम्म राजधानी र नामाकरण नगरिकन बस्नु हामी सबै जनप्रतिधिहरुको लागि र सिंगो प्रदेशको लागि यो शोभनीय होईन भन्ने मलाई लाग्छ। त्यसैगरिकन म केहि विकासका कुराहरुको सन्दर्भमा कुरा गर्न चाहान्छु। अहिले केही

कुराहरुलाई सरकारले संघीय सरकार वा प्रदेश सरकारको कताबाट हो यो अलिकति बेढङ्गका निर्णयहरु भएका छन्।

जस्तो रसुवा, नुवाकोट र धादिङ ३ वटा जिल्लामा भुगोलको हिसाबले नुवाकोट जिल्ला बिचमा पर्छ। यो नुवाकोटमा रहेका डिभिजन कार्यालयहरु धादिङमा आईराखेको स्थिति छ। त्यो धादिङको विरोध गर्नको निमित्त आलोचना गर्न मैले खोजेको हैन, त्यो त रसुवा देखिको जनताको अपायकमा पर्यो। जस्तो खानेपानी तथा सरसफाई कार्यालय जुन डिभिजन कार्यालय नुवाकोटमा थियो त्यो धादिङमा आयो। त्यो संघीय सरकारको कारणले आयो कि प्रदेश सरकारको कारणले आयो यो हामीलाई जिल्लामा प्रेसर भईराखेको छ। त्यो भईराखेको थियो, अरुपनि यो शहरी विकास कार्यालय, सडक डिभिजन पनि त्यसैगरिकन नुवाकोटबाट हट्दैछ भन्ने कुरा सुनिन्छ।

त्यसकारण त्यस्तो नहोस्, म त्यसको लागि सरकारको गम्भिर ध्यानाकर्षण गराउन चाहान्छु। यो भुगोलको हिसाबले बिचमा पर्ने कार्यालयहरुलाई एउटा छेउमा लैजाने गर्नाले त्यसले कसैलेपनि जित्दैन, हामी प्रदेशले हाछौं जस्तो मलाई लाग्छ। त्यसैगरिकन यो बहुवर्षिय योजनाको निमित्त जिल्लाबाट प्रदेशकै पुर्वाधार विकास कार्यालयबाट डिपिआर समेत भएर आएका योजनाहरु अहिलेपनि सरकारले निर्णय गर्न सकिराखेको छैन। जसले गर्दाखेरी मेरै निर्वाचन क्षेत्रमा परेको पैसाहरु अहिले यो वर्ष सुरुवातै नभईकन फ्रिज जाने हो कि खतरा बढेको छ। र सबै क्षेत्रमा भएको यो अन्यौलता सरकारले कर्मचारीहरुलाई ओभरटाईम दिएर भएपनि काम गराओस् र छिटो भन्दा छिटो यस्ता कामहरु टुङ्ग्याईयोस् भन्ने म ध्यानाकर्ष गराउन चाहान्छु। र अरुपनि थुप्रै महत्वपुर्ण बाटाहरु छन्। बहुवर्षीय योजनाहरुमा त्यो समाधान हुन सकेको छैन, त्यो टुङ्ग्याईयोस्। र अन्तमा म के भन्न चाहान्छु भने यो विप्लब समुह राजनितिक समस्या हो। राजनैतिक समस्यालाई संघीय सरकारले राजनैतिक ढङ्गलेनै समाधान गर्ने दिशातिर जाओस्।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्य, समय सकियो।

म त्यतातिर ध्यानाकर्षण गराउन चाहान्छु, धन्यवाद।

**मानननीय सभामुखः-** अब म माननीय रिता माझीलाई बोल्न समय दिन्छु, समय ३ मिनेट।

**माननीय रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी):-** ननीय सभामुख महोदय, सभामुख महोदय मार्फत आज संघीय सरकारको म ध्यानाकर्षण गर्न चाहान्छु। शान्तीपुर्ण ढङ्गबाट राजनितिक गतिविधि गर्न पाउने संविधान प्रदत्त अधिकारको उपयोग गरी धर्ना बस्ने पुर्व निर्धारित कार्यक्रम अनुसार निषेधित क्षेत्रको सिमामै रहेर हिजो काठमाण्डौको पद्मोदय मोडमा गरिएको प्रदर्शनमा प्रशासनबाट अन्धाधुन्ध लाठिचार्ज, अश्रुग्याँस प्रहार गरि भएको निर्मम दमन प्रति सबैको ध्यानाकर्षण गराउन चाहान्छु।

खुलेआम देश टुक्र्याउने ब्यानर र प्लेकार्ड सहित जुलुस सभा हुदाँ मौनदर्शन बन्ने सरकार राप्रपाले सर्वधर्म समभावपुर्ण धार्मीक स्वतन्त्रता सहित नेपाललाई सनातन धर्म सापेक्ष हिन्दु राष्ट्रको पुर्नस्थापना, राष्ट्रिय अखण्डताको रक्षा, भ्रष्टचारको अन्त्य, चर्को मुल्यवृद्धि नियन्त्रण लगायतका २२ बुदेँ मागहरु राखी धर्ना बस्ने राष्ट्रवादी नेता कार्यकर्तामाथि सरकारले गरेको दमन प्रति घोर भत्र्सना गर्दछु। यो दमनले राष्ट्रवादको नारा भित्र लुकेको दुई तिहाई कम्युनिष्ट सरकारको निरकुंशता चरीत्र उदाङ्गो पारेको छ।

त्यसैगरि म यहि सदन मार्फत के भन्न चाहान्छु भने आज प्रजातन्त्रमा सबैले आफ्नो विचार स्वतन्त्र राख्न पाउने अभिब्यक्ति सरकारले निरंकुशता गर्दै छ। हिजो त्यहि निरंकुशताको विरुद्धमा लड्ने आम नेताज्युहरु आज सरकार संचालन गर्दै हुनुहुन्छ अनि फेरि वहाँहरुले त्यहि क्रियाकलाप दोहोर्याउदैं हुनुन्छ। त्यसकारणले म संघीय सरकारलाई खबरदारी गर्न चाहान्छु। यदि यो कुरा यहाँहरुले दोहोर्याउनु हुन्छ भने, यहाँहरुले लगाउनुभएको आगोले फेरि यहि दुईतिहाईको कम्युनिष्ट सरकार त्यहि आगोले सल्किन सक्नेछ। यसप्रति सचेत रहन म विशेष अनुरोध गर्दछु र घाईतेहरु सबैको सिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु।

अर्को नागरिकता ऐन विधेयक संसोधन संसदमा रहदाँरहदैं विदेशीलाई दिईएको अंगीकृत नागरिकताको आधारमा वंशजको आधारमा उसका छोराछोरीलाई नागरिकता दिनु भनेर गृहमन्त्रीयूले लगाएको जुन एउटा सर्कुलर छ यो कत्तिको उपयुक्त छ? नेपालमा के

विदेशीहरुलाई मात्रै नागरिकता दिनका लागि आज कम्युनिष्ट सरकार त्यो सरकार चलाउन गईराखेको छ। यो विषयमा विशेष ध्यानाकर्षण गराउन चाहान्छु। त्यसैगरी मलाई अर्को के दुख लागेको छ भने हिजो यदि राजाले चाहेको भए र कमल थापा गृहमन्त्री हुदाँ चाहेको भए २०६२/६३ को आन्दोलनमा ठुलो रक्तपात हुने थियो। तर राजा र राप्रपा राजसंस्थाको काम गर्ने पार्टीहरुले कहिलेपनि त्यो रक्तपात चाहेको छैन।

शान्तीपुर्ण ढङ्गबाट राजाले हासीँहासी दरबार छाडेर पत्रकार सम्मेलन गरेर दरबार छाडेको राजालाई प्रधानमन्त्रीयूले त्यो भ्रमणमा ननिस्किनु भनेर आदेश दिनुहुन्छ यो कत्तिसम्मको जायज हो? यो कुराको पनि म विशेष संघीय सरकारको ध्यानाकर्षण र भत्र्सना गर्न चाहान्छु। त्यसैगरि राजा त्रिभुवन पार्कलाई त्रिभुवन पार्ककै रुपमा विकास गरिनुपर्दछ। आज यहाँ नेपाल बनाउने नाममा धेरै नेताहरुले जिउज्यान दिएर यो देशको रक्षा गर्नुभएको छ अनि केहि राजा भएकै कारणले आज त्यो त्रिभुवन पार्कको नाम चेन्ज गरिन्छ भने आज अन्य कम्युनिष्टका साथीहरुपनि धेरै शहिद हुनुभएको छ, त्यो कारणले यो कुरामा विशेष ध्यान जाओस् भन्न चाहान्छु, धन्यवाद। जय राष्ट्र, जय जनता।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय चेतनाथ सञ्जेललाई बोल्न समय दिन्छु, समय ३ मिनेट।

**<u>माननीय चेतनाथ सञ्जेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुख महोदय, आजभोलि हेटौंडाको बुद्धचोकबाट कान्तिलोकपथ हुदैं मन्त्रीज्युका गाडीहरु सहित माननीययूका गाडीहरु केन्द्रिय राजधानीमा गईरहेका छन्। यो सडकको मलाई लाग्छ पैसाको अभावले यो सडक नबनिरहेको छैन। यो सडक ठेक्का लिने ठेकेदार र सरकारको ध्यान राम्रोसँग पुग्न नसक्दाखेरी यो बाटो बन्ने काम रोकिएको छ। र थोरै ठाँउका बाटाहरुलाई सुधार गर्नसक्ने हो भने हामी सहज रुपमा हेटौडाबाट काठमाण्डौको राजधानी पुग्न सक्ने अवस्था छ। त्यसो हुदाँखेरी सभामुख मार्फत म सरकारको ध्यानकार्षण गराउन चाहान्छु। मलाई लाग्छ धेरै सरकारमा रहनुभएका माननीय मन्त्रीज्युहरुपनि यो बाटो हिडिँसक्नु भएको छ। यसमा कति ध्यान दिनुभएको छ? यसलाई ध्यान दिनुपर्यो भन्ने म अनुरोध गर्न चाहान्छु।

अहिले त्यहाँका जनताहरुले यहाँको मन्त्रीज्युहरु त्यो बाटो हिडिरहदाँखेरी अब पक्कै पनि यो बाटो छिटो बन्छ भन्ने आशा गरिरहेका छन् र हामीलाई सोधिरहेका छन्। मेरो निर्वाचन क्षेत्रमा पर्छ यो सडक त्यसो हुदाँ यो सडकको निर्माणमा पर्याप्त ध्यान जाओस् म अनुरोध गर्न चाहान्छु।

त्यसैगरि उक्त सडकपनि टिकाभैरब सम्म बनिरहदाँखेरी टिकाभैरबबाट सातदोवाटोसम्म जाने सडक अहिले अलपत्र अवस्थामा छ। साँच्चै भन्ने हो भने दक्षिण ललितपुरका पहाडी गाँउका सडक जस्तोपनि अवस्थामा छैन। ओहोरदोहोर गर्न त्यहाँका जनताहरुलाई साह्रै समस्या परेको छ। सडक विस्तारमा गएको छ तर घरको क्षतिपुर्तिको रकम आईरहेको छैन। यो विषयमा पनि प्रदेश सरकार मार्फत संघीय सरकारको सम्म ध्यान जाओस् भन्ने म अनुरोध गर्न चाहान्छु।

त्यसैगरी भट्टेडाँडामा गुणकुमारी घिमिरे, गोटीखेल चन्दनपुरमा घर आगलागी भईरहेको छ र करोडौं रुपैंयाको क्षति भएको छ यो क्षतिलाई क्षतिपुर्ति प्रदान गर्नको लागि पनि म प्रदेश सरकार मार्फत अनुरोध गर्न चाहान्छु। त्यसैगरी अर्को एउटा विषय छ गोदावरी नगरपालिकामा रहेको वडा नम्बर ६ को ढुङ्गा खानीहरु क्रसरहरु अब्यवस्थित रुपमा संचालन भएका छन्। धेरैपटक संचालन हुने र बन्द हुने अवस्थापनि भएको छ। यो ढुङ्गा खानीलाई त्यहाँका खानेपानीको मुहानहरु काठमाण्डौ उपत्यका सम्म रहेको पाटनका धेरै ठाँउहरुमा यो खानेपानीको मुहान त्यो ठाँउमा रहेको छ।

त्यहि माथि अस्तब्यस्त रुपमा ढुङ्गा खानीहरु क्रसरहरु संचालन भएका छन् र यो ढुङ्गाखानी, क्रसरलाई बन्द गर्दै उपयुक्त ठाँउमा ढुङ्गा खानी क्षेत्र र क्रसर क्षेत्रको घोषण गरियोस् भन्ने पनि म अनुरोध गर्न चाहान्छु। अन्तमा त्यहाँको धेरै किसानहरुले त्यो ढुङ्गा खानी र क्रसरले गर्दाखेरी त्यहाँका खेतियोग्य जमिनहरुले राम्रोसँग खेति गर्न पाईराखेको अवस्था छैन। सिचाँईका कुलाहरु बन्द हुने अवस्थामा छ। त्यसो हुदाँखेरी उक्त ढुङ्गाखानी बन्द गरि उपयुक्त ठाँउमा ढुङ्गा खानी स्थानान्तरण गर्नको लागि पनि म प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहान्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननीय सामाजिक विकास मन्त्री श्री युवराज दुलाललाई मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, सामाजिक विकास मन्त्रालयः</u>-** माननीय सभामुखयू, सभामुखयूको अनुमतिले मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक सम्मानित सदनमा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननीय उद्योग पर्यटन वन तथा वातावरण मन्त्री अरुण प्रसाद नेपालको तर्फबाट माननीय सामाजिक विकास मन्त्री युवराज दुलाललाई प्रादेशिक ब्यापार ब्यवसाय सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, सामाजिक विकास मन्त्रालयः</u>-** माननीय सभामुखयू, सभामुखयूको अनुमतिले प्रादेशिक ब्यापार ब्यवसाय सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक माथि सभामा विचार गरियोस् भन्ने प्रस्ताव सम्मानित सदनमा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब प्रादेशिक ब्यापार ब्यवसाय सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव माथि अर्थात विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल हुने ब्यहोरा जानकारी गराउँदछु। उक्त छलफलमा बोल्न चाहानुहुने माननीय सदस्यहरुले आआफ्नो नाम सभामुखको ड्याससँगै बसेका कर्मचारीहरुलाई चिटमा लेखी उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम म माननीय श्री रमेश पौडेललाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय रमेश पौडेल (विवेकशिल साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, प्रस्तुत प्रादेशिक ब्यापार ब्यवसाय सम्बन्धि विधेयकको बारेमा यसको सैद्धान्तिक छलफलको विषयमा केहि कुरा भन्न म यहाँ उभिएको छु र हामीले दुई दर्जन भन्दा बढी कानुनहरु पास गरिराख्दा खेरी एउटा हाम्रो यहि प्रदेश सभामा हामीले पारित गरेको नियमावलीको पटकपटक उल्लङघन भएको छ र त्यो उल्लङघन अहिले यो विधेयकमा आईपुग्दा सम्म जारी रहेको कुरा म यहाँ राख्न चाहान्छु।

त्यो उल्लङ्घन के छ भन्दाखेरि विधेयकको सुरुमा जुन आर्थिक टिप्पणी भनेर लेराईन्छ र त्यसमा दुईथरि कुरा लेखिएको हुन्छ एउटा त त्यसको अन्त्यमा प्रदेश सरकारलाई आर्थिक भार पर्ने देखिन्छ भनेर लेखिन्छ अथवा पर्ने देखिदैंन भनेर लेखिन्छ त्यसरी आईराखेको स्थिति छ।

तर हाम्रो नियमावलीको दफा ९९ को (२) ले के भन्छ भन्दाखेरी त्यसरी त्यो आर्थिक टिप्पणी मा त्यो भार पर्छ वा पर्दैन भनेर मात्रै भनेर लेखेर पर्याप्त हुदैंन भन्ने कुरा त्यहाँ प्रष्ट लेखिएको छ।

त्यसले के गर्छ भन्देखि कुनैपनि प्रस्तावित विधेयक पारित भएर त्यो ऐन बनिसकेपछि हुन सक्ने पटके र सालबसाली खर्चको अनुमानीत विवरण पनि संलग्न हुनुपर्नेछ भन्छ। त्यसरी हेर्दाखेरि हामीले सुरुदेखि नै यो खासगरी सरकारले यो विधेयकहरु ल्याईरहदाँ खेरि सुरुदेखिनै यो नियमको बारम्बार उल्लङ्घन भईराखेको छ र त्यो आज सम्म पनि त्यो श्रृङ्खला जारी छ।

यो विधेयक आईसक्दा खेरी पनि यसले पनि आर्थिक ब्ययभार पर्छ भन्छ तर आर्थिक ब्ययभार एक सय पर्ने हो कि हजार पर्छ कि लाख करोड दश करोड कति पर्छ केहि पनि भन्दैन।

त्यसले गर्दाखेरि म यसको छलफलमा भाग लिदैं गर्दाखेरी म माननीय सभामुखयूलाई विशेष अनुरोध गर्न चाहान्छु र सभामुखयूको यो रुलिङ गर्नुपर्ने पनि विषय हो जस्तो मलाई लाग्दछ। र सरकारले यसलाई सिघ्र यो विषयमा सम्बोधन गरोस् र यो नियमावलीलाई बारम्बार उल्लङ्घन गर्ने काम नगरोस् भनेर म यहाँ राख्न चाहान्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय सिर्जना सायजुलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय सिर्जना सायजु (नेपाल मजदुर किसान पार्टी)</u>ः-** माननीय सभामुख महोदय, प्रदेशभित्र उपलब्ध श्रोत र साधनको अत्याधिक उपयोगका लागि प्रदेश स्तरीय उत्पादनमुखी उद्योगहरुको स्थापना आवश्यक छ। आन्तरिक उत्पादन वृद्धिका लागि भएका औद्योगिक क्षेत्रहरुको ब्यवस्थित संचालन हुन जरुरी छ। अर्थतन्त्रमा खुलापन अर्थात आयात र निर्यातको योगले वि.सं १९७५ देखी २०१७ सम्म जम्मा ४२ वर्षको अवधिमा कुल ग्राहस्थ उत्पादनमा कुनै योगदान गर्न नसकेको तथ्याङ्कीय विश्लेषण छ।

त्यसकारण यो ब्यापार तथा ब्यवसाय सम्बन्धि विधेयक उत्पादन र वितरण केन्द्रित हुनुपर्दछ। विधेयकमा प्राईभेट फर्म र साझेदारी फर्मको संचालन सम्बन्धि प्रावधानको बढीनै चर्चा गरिएको छ।

यसले नाफामुखी एवम् मुठ्ठिभर ब्यक्ति मोटाउने प्रणालीकै मलजल गर्ने निश्चित छ। वैदेशिक लगानीलाई छोडेर अर्थतन्त्रमा सार्वजनीक क्षेत्रको ३७ प्रतिशत, निजिको ५८ प्रतिशत र सहकारी क्षेत्रको ४ प्रतिशत लगानीको हिस्सा छ।

ब्यापार र ब्यवसायमा सार्वजनीक र सहकारी क्षेत्रको सहभागिता र योगदान बारे विधेयकले बोल्न सकेको छैन। यसको परिणाम अझै ठुलो आर्थिक असमानता र गरीबीको भिषण चक्रको थिलथिलोमा नेपाली जनता रहन नपर्ला भन्न सकिन्न। निजि क्षेत्रमाथि प्रगतीशिल कर प्रणाली लागु गरिन आवश्यक छ। यो विषयमा विधेयक मौन छ।

शासक दलको चुनाबी चन्दा आतंक ब्यहोरेका ब्यापारी तथा ब्यवसायी आफ्नो खर्च या लगानी असुल गर्न तम्सिरहेका छन्। एनसेलको ७४ अर्ब कर १० अर्ब चन्दामा साटेको यर्थाथ हामीले भुलेका छैनौं। यस्ता भ्रष्टाचार हुर्काउने गतिविधि रोक्ने विषयमा विधेयक पटक्कै बोलेको छैन। बजारीकरणको उल्लेख छ, माग र पुर्तिको आधार देखाई बजारमा मनपरि मुल्य निर्धारणको अभ्यास रोक्न वस्तुको मुल्य निर्धारणमा सरकारको भुमिका रहने प्रावधान उल्लेख गर्न प्रस्ताव गर्दछु।

नेपाली बजार भारतीय एकाधिकार पुजीँको पकडमा रहेको सर्वविदितै छ। ईण्डियन डम्पिङको समस्या समाधानको निम्ति विधेयकले बोल्न सकेको छैन। आर्थिक विकासको निम्ति विकेन्द्रिकृत ढङ्गले प्रदेशका निश्चित क्षेत्रहरुलाई ब्यापारिक केन्द्रको रुपमा विकास गर्न विधेयकले अगुवाई गर्ने आशा छ, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय सिता अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय सिता अधिकारी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखयू प्रादेशिक ब्यापार र ब्यवसाय साझेदार सम्बन्धी यो विधेयकको सैद्धान्तिक छलफलको क्रममा छौं। यो विधेयक निकै मेहनतका साथ प्रस्तुत भएको छ। विभागिय मन्त्री र वहाँको टिमलाई विशेष धन्यवाद दिन चाहान्छु। यो निकै महत्वपुर्ण विधेयक हो भन्ने मलाई लाग्छ। ३ नम्बर प्रदेश आर्थिक गतिविधिको पनि केन्द्र हो। नेपाल भरिमा र यहाँ ब्यापार र ब्यवसायको हिसाबले प्रचुर सम्भावना भएको क्षेत्रपनि हो।

ब्यापार ब्यवसाय गर्न सरकारले सर्वप्रथम दर्ता र नविकरण प्रर्कियामा सहजता र सरलता बनाउन जरुरी छ। यहाँ दोहोरो तेहोरो दर्ता प्रक्रीयालाई खारेज हुनुपर्दछ। म विशेष गरेर त्यो सुझाव दिन चाहान्छु। र बैक तथा वित्तिय संस्थाहरुबाट जुन ऋण लिईन्छ। त्यस ऋणबाट कतिपय ब्यापार ब्यवसायहरु प्रताडित हुनुपरेको त्यसको चर्को ब्याजको कारण प्रताडित हुनुपरेको एउटा अवस्था छ।

ऋण तिर्न नसक्दा ब्यापार ब्यवसायबाट हात झिकेर त्यसको ब्याज तिर्न नसक्दा एउटा हात झिक्नुपर्ने र एउटा विदेश पलायन हुनुपर्ने जुन स्थिति छ त्यसमा पनि यस विधेयकले ध्यान पुर्याउन जरुरी छ।

त्यस्तै कतिपय ब्यापार ब्यवसायहरु उपभोक्ताको हितलाई ख्यालै नगर्ने र वस्तुको मुल्य निर्धारण आफुखुसी गर्ने एउटा प्रचलन रहेको छ र कतिपय ब्यापार ब्यवसायीहरुले राज्यलाई कर ठगी गर्ने, कर छलि गर्ने एउटा स्थिति पनि रहेको छ यो आर्थिक क्षेत्रको यि सम्पुर्ण बेथितिको अन्त्य गर्ने क्षमता यो विधेयकले राखोस् भन्ने म शुभकामना दिदैं म बिदा हुन्छु, हवस् त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय सिता लामालाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय सिता लामा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुखयू, प्रादेशिक ब्यापार तथा ब्यवसाय सम्बन्धि विधेयकलाई सर्वप्रथम म स्वागत गर्दै यसको सैद्धान्तिक पक्षमा आफ्ना केहि भनाईहरु राख्न गईरहेको छु। प्रदेश भित्रको ब्यापार ब्यवसायलाई स्वच्छ प्रतिशपर्धी र बयवस्थित बनाई उपभोक्ता तथा ब्यापार ब्यवसाय मैत्री वातावरण सिर्जना गर्नको लागि पनि प्रदेश भित्र हुने ब्यापार ब्यवसायलाई ब्यवस्थापन र नियमन गर्ने सन्दर्भमा हामीले सानु पुजीँलाई पनि ख्याल गर्नु पर्ने भन्ने मलाई लाग्दछ। सानो पुजीँ भन्नाले त्यहाँ भित्र स्वरोजगार पनि पर्दछन्। जो मालिक पनि हो मजदुर पनि हो। उदाहरणको लागि अहिले नेपाल सरकारले ल्याईरहेको कुनैपनि ब्यवसायीले आफ्नो ब्यवसाय संचालन गर्नुहो भने रजिष्ट्रेशन गर्नुपर्ने हुन्छ।

विशेष गरेर म यहाँ ट्याक्सी मालिकहरुको उदाहरण पेश गर्न चाहान्छु। उसले एउटा ट्याक्सी ५ लाख देखि १० लाख, १५ लाख ८ लाख त्यस्तो तिरेर खरीद गरेको हुन्छ। उसले घरेलु तथा साना उद्योगमा दर्ता गर्न जादाँ खेरी त्यो ट्याक्सीको पुजीँ उसले रु बिस लाख भनेर कम्पलसरी त्यहाँ त्यो पुजीँ उल्लेख गरेर त्यहाँ दर्ता गर्नुपर्ने प्रोसिड्युअर छ, त्यसकारणले गर्दा यो सानो पुजीँहरुलाई पनि हामीले ख्याल गर्नुपर्ने हुन्छ। यो सानु पुजीँलाई ख्याल गर्ने सन्दर्भमा विशेष गरेर शुल्कमा विभेद गरिनुहुन्न भन्ने कुरा म यहाँ ध्यानाकर्षण गराउन चाहान्छु। कम्पनी दर्ता गरेर आईसकेपछि त्यसको नविकरण पनि गर्नुपर्ने हुन्छ।

यो विधेयकमा प्राईभेट फर्म र साझेदारी फर्म भनेर दुई तहमा क्याटागोराईज गरिएको छ त्यसकारणले गर्दा शुल्कमा विभेद गरिनु हुन्न। एक लाख रुपैया लगानी गर्ने प्राईभेट फर्मको शुल्क र त्यहि एक लाख रुपैया लगानी गर्ने साझेदारी फर्मको शुल्कमा धेरै विभेद छ। उदाहरणको लागि एक लाख रुपैया लगानी गर्ने प्राईभेट फर्मले रु ६ सय रुपैया शुल्क तिर्नुपर्छ भने साझेदारीले १५० रुपैया मात्र तिर्नुपर्छ।

यसरी ठुलो अन्तरालमा हामीले किन विभेद गरिरहेका छौं? त्यसकारणले गर्दाखेरी ५ लाख अथवा ८ लाख, १० लाखको ट्याक्सी किनेर रजिष्ट्रेशन गरेर चलाउने एउटा प्राईभेट फर्मले उसले रु ३ हजार रुपैया शुल्क तिर्नुपर्छ भने साझेदारीले रु ६०० तिरे हुन्छ, त्यत्तिकै पुजीं लगानी गर्दा त्यसकारण शुल्कमा विभेद गरिनुहुन्न। यस्तो भयो भने ईन्डिभ्युजल फर्म भर्सेज जोएन्ट भेन्चर हुन जान्छ त्यसकारणले गर्दा हाम्रो मनसाय भनेको सबैलाई समान ब्यवहार गर्ने हो। उद्योग ब्यवसाय गर्ने जो कोहीलाई पनि समान ब्यवहार गर्नुपर्छ र प्रोत्साहनको आवश्यक छ भन्ने कुरा यहाँ मैले ध्यानाकृष्ट गराउदैं मेरा भनाई अन्त गर्छु, धन्यवाद।

**मानिनीय सभामुखः-** अब म माननीय श्री रिना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय रिना गुरुङ (राष्ट्रिय प्रजातन्त्र पार्टी संयुक्त):-** माननीय सभामुख महोदय, प्रदेश भित्रका ब्यापार तथा ब्यवसाय स्थापना गर्न बनेको यस विधेयकको सन्दर्भमा मेरो केहि कुराकानी राख्न चाहान्छु। सर्वप्रथम अघी पनि एक जना माननीययूले केहि नियमावलीको कुरा गरिराख्दा खेरि मैले एउटा कुराको ध्यानाकर्षण गराउन चाँहे।

हाम्रो नियमावलीमा हामीहरुले कुनैपनि विधेयकमा संसोधन हाल्नको लागि ७२ घण्टाको समय दिईएको छ तर यता हामीहरुको प्रदेश सभामा विधेयकहरु टेबल हुदाँखेरी एकैपटक कहिले ३ वटा कहिले ४ वटा कहिले २ वटा होईन यस्तो खालको विधेयकहरु एकैपटक आउदाँखेरी एउटा विधेयकको लागि ७२ घण्टा हो कि ३ वटा विधेयकको लागि ७२ घण्टा हो भन्ने कुरा हामीले नियमावलीमा संसोधन गर्ने पर्ने हो कि के मा गर्नुपर्नेहो भन्ने कुरा म ध्यानाकर्षण गराउन चाहान्छु र साथै यो नियमावी संसोधन समिति पनि बनेको थियो त्यसको पनि कामकारबाही के भईरहेको छ अहिले सम्म हामीले जवाफ दिईएको छैन।

त्यो एउटा नियमावली संसोधन गरिने समितिको काम देखिएको छैन, त्यो भएरपनि त्यसमा मैले ध्यानाकर्षण गराउन चाहैं। हामीहरुले विधेयकको कुरा गरिराख्दाखेरि जहिले

पनि विधेयक आउछौं, विधेयक राम्रोको लागि होकि ? नराम्रोको लागि हो कि ? नियमनको लागि हो कि भन्ने धेरै कुराहरु हुन्छ। मैले पनि विधेयक हेरिराख्दा खेरि प्रदेश भित्रका ब्यापार र ब्यवसायहरुको लागि जुन यो विधेयक बनेको छ, यो एउटा ल जरीवाना, कसुर यस्तो कुराहरुको लागि मात्र बनेको छ कि हामीहरुले राम्रो ब्यापार ब्यवसायको लागि हामीहरुले पुरस्कार, यो पुरस्कृत गर्नको लागि पनि विधेयक बन्न जरुरी छ जस्तो मलाई लाग्छ किनकी त्यो भएर मैले प्रदेश सरकारलाई के ध्यानाकर्षण गराउन चाहें भने जहिले पनि विधेयक ल्याईराख्दा खेरि दण्ड जरीवाना हुनुपनि पर्छ।

नराम्रो ब्यपार ब्यवसाय गर्नेलाई तर कहिले काहि राम्रो कुरा गर्दाखेरि पुरस्कार दिने ब्यवस्था गरेको मा केहि फरक पर्दैन भन्ने मैले ध्यानाकर्षण गराउन चाँहे। र ब्यापार ब्यवसायको कुरा गरिराख्दा खेरि मैले अहिलेको अवस्थामा ब्यापार ब्यवसायको कस्तो अवस्था छ भन्ने कुरा जगजाहेर नै छ।

धेरै ब्यपारीब्यवसायीहरु असुरक्षित छन्। भर्खरै एकजना माननीययूहरुले ट्याक्सीको कुरा निकाल्नुभएको छ। दुबै पाटो छ। ट्याक्सीको भाडा पनि साँच्चिनै भन्दाखेरी एउटा राष्ट्रिय ईस्युपनि छ।

काठमाण्डौकै कुरा गर्नुपर्दा खेरी प्रदेश नम्बर ३ भित्र उता ट्याक्सीको भाडामा अनियमितता छ। कहिले पनि काठमण्डौको एअरपोर्ट देखि कुनैपनि ठाँउमा जमल देखि अब बालुवाटारसम्म जानको लागि ट्याक्सी भाडामा मनपरी भएको छ। त्यो मनपरी संघीय संसदमा पनि पटकपटक आवाज उठेको छ तर त्यसको अहिलेसम्म कसरी कारबाही गर्ने।

कारबाही गर्यो भनेको धेरै कुराहरु सुनिन्न त्यो भएको भएर त्यो कुरालाई नियमन गर्नेपर्ने आवश्यकता भएको छ तर त्यो कुरा गरिराख्दा खेरि ट्याक्सी ब्यवसायी जो छ, ट्याक्सी ब्यवसायीको पनि कुरा सुन्न जरुरी छ किनकी ट्याक्सी ब्यवसायीहरुको पनि कुरा सुनिदाँ खेरि वहाँहरुको ४ ५ वर्ष अगाडी निर्धारण गरिएको जुन भाडा छ त्यो भाडा अहिलेको समयमा प्रर्याक्टीकल्ली बनाईएको छैन त्यो भएर त्यो कुरापनि सम्बोधन हुनैपर्छ। यति भन्दै अनलाईन ब्यवसायीहरु तिर पनि हाम्रो यो विधेयकले सम्बोधन गरोस् भन्दै म बिदा हुन चाहान्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय लालकुमारी पुनलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय लालकुमारी पुन (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखयू, प्रादेशिक ब्यापार तथा ब्यवसाय सम्बन्धि विधेयकमाथि छलफल गरिरहदँ यस विधेयकमा धेरै विषयहरु समेटेर आएको छ। मन्त्रालयले, मन्त्रीज्युले अत्यन्तै मेहनतका साथ यो तयार गरेर पेश गर्नुभएको छ।

यसमा सैद्धान्तिक रुपमा छलफलमा भाग लिदैं गर्दा विधेयकमा जुन ब्यापार ब्यावसायहरु गर्ने बेलामा सहज तरिकाले हामीले ब्यवसायको दर्ता को सहजकीकरणको लागि विधेयकले बोल्नुपर्छ। ब्यापारको नाममा बजारमा कृत्रिम अभावहरु खडा गरेर कालो बजारीहरु निम्त्याएको र जनताले दैनिक उपभोग गर्ने सामानहरु सहज र सहुलियत तरीकाले नपाईरहेको अवस्थामा यसलाई नियमन र अनुगमन गर्नको लागि यस विधेयकले पनि समेटोस् र विशेष गरेर यस विधेयकमा जुन साना ब्यवसायीहरुले र ठुलो ब्यवसायीहरुले ब्यवसायीरुपमा आफ्नो ब्यापार विजनेजलाई अगाडी बढाउने क्रममा स्पष्ट रुपमा कुन ब्यापार र कहाँ दर्ता गरेको प्रमाणपत्र बकाईदा साथ ब्यवसायी रुपमा दर्ता भएको प्यान नम्बर सहितको दर्ता उसले सम्बन्धित आफ्नो ब्यापार ब्यवसायहरुमा स्पष्ट रुपमा राख्ने ब्यवस्था गरोस् किनकी धेरै ठाँउहरुमा एउटाको नाममा दर्ता हुने र अर्कोको नाममा प्यान दर्ता नम्बर प्रयोग गरिरहेको बजारमा पाउने भएको कारण यसमा विधेयकले कानुनी रुपमा अनुगमन गर्नको लागि कारवाही गर्नको लागि यो विधेयकले समेटोस् र विशेष गरेर साना ब्यवसायीहरुले काम गर्ने ब्यवसायको रुपमा अगाडी बढाउने क्रममा विशेष गरेर महिलाहरुले चलाएको ब्यवसायलाई ब्यापारलाई सरकारले सहुलियत रुपमा ऋणको प्रवाह गरोस् यस विधेयकले पनि बोलोस्, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रामेश्वर फुयाँललाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय रामेश्वर फुयाँल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- सभामुख महोदय, विधेयक निकै मेहनतका साथ, परिश्रमका साथ आएको छ र यो एक्काईसौं शताब्दीको आवश्यकताले प्रदेश त्यो दिशा तर्फ जानुपर्दछ भन्ने कुराको खोजी गरेको छ। यद्यपि त्यसमा धेरै विषयहरु छलफल, बहस चलाउनै पर्ने विषयहरु छन्। प्रदेशको ब्यापार ब्यवसायलाई स्वच्छ, प्रतिश्पर्धात्मक र ब्यवस्थित बनाउदैं उपभोक्ताहरुका सपनाहरु पुरा गर्नुपर्ने छ। देशको सम्वृद्धीको सपना पुरा गर्नुपर्ने छ।

समाजवाद उन्मुख शासन प्रणाली हामीले ल्याएका छौं र अर्थतन्त्रबाट, आर्थिक प्रणालीबाट त्यो देखाउन आवश्यक छ। यसका लागि नै हामीले संघीय लोकतान्त्रीक गणतन्त्रात्मक आर्थिक प्रणाली रोजेका छौं। यो तिन खम्बे हुनेछ। निरकुंशता विरोधी दर्शनको प्रतिक समाजवादी निर्माण, साम्यवादी निर्माणको हाम्रो सपना। स्वतन्त्रताको हाम्रो सपना। समाज विकासको हाम्रो सपना। सम्वृद्ध समाज निर्माणको हाम्रो सपना। हामी यहि जुनीमा पुरा गर्छौं। त्यसका लागि नेपाल संसारको लागि उदाहरणीय देश भएको छ। माननीययूहरुले उठाईरहनुभएको छ प्रश्न, म पनि मनन गरिरहेको छु, त्यो अध्याँरो रात फेरी ल्याउनै पर्ने हो र?

त्यसैले गर्दा निर्वाचित सत्ताले स्वतन्त्रताको साथ, प्रणालीका साथ अगाडी बढ्ने छ र हाम्रो रोजाई हो धर्म कुन मान्ने? कस्तो शासन प्रणाली रोज्ने? मतद्धारा त्यसको अभिव्यक्त हुनेछ। त्यो प्रणालीमा हामीहरु छौं। पृथवकतावादलाई संवैधानीक दायरामा ल्याउन सक्ने त्यो तागतदार नेतृत्व छ नेपालमा। त्यसैले गर्दा ति तागतहरु क्रमश परिवर्तित हुने अवस्थामा छ हामी खुसी ब्यक्त गर्दछौं। त्यसैले उत्पादन बढाएर, ब्यापार ब्यवसाय ब्यवस्थित गरेर, वितरण प्रणालीलाई सुब्यवस्थीत गरेर शुसासन दिएर हिजो लिच्छवीकाल शुसासनको काल भनिन्थ्यो अहिले यो तिन वटा सरकार, तिनवटा तहमै नेपाल कम्युनिष्ट पार्टीको सरकार छ यो शुसासनको एउटा मौलिक नमुना हुनेछ।

तपाईंले ईतिहासमा फेरि पढ्न पाउनुहुनेछ शुसासन त शुरु भयो भनेर तसर्थ यो ऐनमा विधेयकमा ब्यवस्था भएको दर्ता देखि नविकरण, सेवा सञ्चालन, नियमन, अनुगमन, प्रोत्साहन, कसुर र दण्ड सजायँ, यो सबै ब्यवस्थाको बारेमा काफी छलफल गरौं माननीययूहरु

र एउटा निष्कर्षमा जाउँ हाम्रो मुलुकलाई अब विकाशसिल मुलुक तर्फ रुपान्तरण गर्नु छ। सन् २०२१ मा कस्तो देश बनाउने? कस्तो मुलुक बनाउने? यो सपना हामी पुरा गर्न सक्छौं र सुखी नेपाली र समृद्ध नेपालको सपना पुरा हुनेछ। यो कामका लागि प्रदेश ले नेतृत्वदायी भुमिका खेल्नेछ, धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय श्री शोभा शाक्यलाई समय दिन्छु।

**<u>माननीय शोभा शाक्य (विवेकशिल साझा पार्टी)</u>:-** माननीय सभामुखयू, आज जुन प्रादेशिक ब्यापार तथा ब्यवसाय सम्बन्धी विधेयकको सैद्धान्तिक छलफलमा म केहि कुराहरु राख्न चाहान्छु र यो प्रादेशिक ब्यापार तथा ब्यवसाय सम्बन्धी बनेको विधेयकलाई म स्वागत गर्न चाहान्छु। किनभने यो विषय अतिनै आवश्यक र यसले सानो ब्यवसाय वा ठुलो ब्यवसाय सबैलाई समेट्नुपर्ने जस्तो मलाई लाग्दछ।

यसमा ब्यापार भन्ने बितिक्कै सानो ठुलो ब्यापार सबैलाई समेटेर त्यो ब्यापारलाई ब्यवस्थापनको रुपमा ब्यवस्थापन गरेर हाम्रो प्रदेशले फड्को मार्ने समयपनि हो। किनभने यो ब्यावसायबाटनै वहाँहरुको फाईदाबाट हामीहरुलाई कर तिरेर त्यस करबाट हामी यस प्रदेश नम्बर ३ लाई सम्वृद्ध नेपाल बनाउने भन्दा भन्दै सम्वृद्ध प्रदेश पनि बनाउन पनि त्यतिनै आवश्यक छ।

यो हाम्रो करको दायरामा रहदाँखेरी प्रगतिशिल कर भनेर हामी भनिरहन्छौं त्यो प्रगतीशिल करबाटै हामी कर उठाउदैं गरिरहदाँ मैले यस किताबमा एउटा प्राईभेट फर्म नविकरण दस्तुर र जरीवाना भन्ने विषयमा एक लाख रुपैंया सम्मको लागि ६ सय भनेर दिईराखेको छ र एक वर्षको १८ सय भनेर दिईराखेको छ।

एक लाख भन्दा बढी तिन लाख रुपैयाँसम्मको लागि ३५ दिन भित्र एक हजार तिन हजार भनेर दिईराखेको छ भने तिन लाख भन्दा बढी पाँच लाख रुपैयासम्मको लागि ३५ दिन भित्र १६ सय छ र १ वर्ष सम्ममा ४८ हजार छ। यसमा के भईराखेको हो मैले बुझ्न सकेको छैन। यो ४८ हजार भनेको यो कसरी आयो यो हिसाब बाट अनि पछि ५ लाख रुपैयाँ भन्दा बढी २० लाख सम्मकोमा ९ हजार छ।

यहाँनेर गल्ति भएको हो कि एकचोटि ध्यानाकर्षण गर्न चाहान्छु। अनि हाम्रो यो विधेयकहरु प्रस्तुत गरिरहदाँखेरी हामीलाई पढ्नलाई अलिकति समय नपुगेको जस्तो मलाई महसुस भईरहेको छ। एकैचोटि दुई तिनवटा विधेयकहरु प्रस्तुत गरिरहदाँखेरी हामीलाई समय अलि नपुगेको जस्तो महसुस भईरहेको भएर मेरो सभामुखमा म ध्यानाकर्ष गर्न चाहान्छु र यो विधेयकमा धेरै गरेर प्राईभेट र साझेदारीलाई एकदमै महत्वपुर्ण प्रोत्साहन दिईरहेको जस्तो लाग्यो मलाई र सानो उद्योग पनि नछुटोस्, सानो ब्यापारीपनि नछुटोस् भन्न चाहान्छु। अनि यस ब्यापारीहरुको शिलशिलामा गाँउका कृषकहरुले पनि ब्यापार गर्न सकोस् भन्ने उद्धेश्यले विचौलियाहरुको लागि पनि केहि विषयवस्तुहरुपनि समेट्नु पर्छ जस्तो मलाई लागिरहेको छ र महिलाहरुले गर्ने ब्यवसायहरुलाई विशेषगरि छुट गरि ध्यान दिईयोस् भन्ने पनि म

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्य, समय सकियो

सभामुख मार्फत आग्रह गर्न चाहान्छु अनि अनुगमन माथि .......

**<u>माननीय सभामुखः</u>-** अब म माननीय राधा घलेलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय राधा घले (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख महोदय, प्रादेशिक ब्यापार तथा ब्यवसाय सम्बन्धि विधेयक जुन आज सभामा प्रस्तुत भएको छ। यसले एउटा कस्तो खालको निति लिने सबैभन्दा पहिलो कुरा राज्यले लिने नितिले निर्धारण गर्छ कि यो ब्यापार ब्यवसाय कस्तो हुन्छ भनेर।

जस्तो कि २०४८ सालमा नेपाली कांग्रेसले एउटा निति लियो, उदार अर्थतन्त्रको निति। जसले निजि क्षेत्रलाई प्रोत्साहित गर्यो, हो निजी क्षेत्रले ब्यापार ब्यवसाय गर्छ। उद्योग धन्दा खोल्छ र त्यसबाट आएको करले राज्यको ढुकुटीमा जम्मा हुन्छ र त्यसले फेरि वितरण प्रणालीमा जान सजिलो हुन्छ। यो एउटा एकदमै ठुलो निति उदार अर्थतन्त्रको निति हो र आज जुन यो आएको छ ब्यापार ब्यवसायको विषयमा र यसले के देखाँउछ भने बेरोजगार आज हामी कहाँ वर्षम ५ लाख युवाहरु बेरोजगार हुन्छन्।

जनशक्ति तयार भएर बजारमा आउछौं र लगभग ५४ हजार मात्र युवाहरुले यहाँ रोजगार पाउँछ बाकि सबै रोजगारको खोजीमा या त विदेशीनु पर्छ या त यत्तिकै भौतारिरहेको अवस्थामा हुन्छन्। यो उद्योग, ब्यापार ब्यवसायले यि बेरोजगारहरुलाई पनि रोजगारि दिन सक्ने ब्यवस्था मिल्ले खालको यो ब्यापार ब्यवसाय हुनुपर्छ, उद्योग हुनुपर्छ। किनभने हामीकहाँ जुन भर्खरै कर निर्धारण गरिएको छ।

यो करको दर हामीले धेरै चोटि भन्यौ। त्यतिखेरपनि हामीले यो करको दर बढाउने जुन विधेयक आउदैं गर्दापनि करको दर होईन दायर बढाउनुपर्दछ किनभने करको दरले आज जनताको ढाड सेकिरहेको अवस्था छ।

हिजो जुन ब्यापार ब्यवसाय गरिरहेको ठुलो ठुलो ब्यवसायीहरु पनि उद्योगीहरु पनि आज करको दर सँगसँगै उनिहरुले आफ्नो ब्यवसायलाई घटाउनुपर्ने अवस्था आईरहेको छ। सभामुख महोदय, त्यसैले जुन यो आएको छ विधेयक, विधेयक आफैंमा राम्रो छ। तर यो विधेयक ल्याएर मात्रै हुदैंन यसको निति कस्तो हुने पहिला निति निर्धारण गर्नुपर्छ।

राज्यले जस्तै करको दर बढाउदैं गर्दा त्यो धितो बन्धकमा समेत कर लगाईएको छ। एक प्रतिशत राजश्व जुन लगाईएको छ, एउटा सानो ब्यवसाय गर्नको लागि आफ्नो भएको सानो पुजीँलाई लगेर बैंकमा धितो राख्न जादैं गर्दा बैंकले त सेवा शुल्क भनेर छुट्टै लिन्छ। त्यसपछि फेरि राज्यले पनि राजश्व भनेर एक परसेन्ट लिदैं गर्दा त्यो सानो ब्यवसायीले आफ्नो ब्यवसाय गर्ने पुजीँजति त्यहाँ ठाँउ ठाँउमा तिर्दा तिर्दै सकिन्छ, कसरी ब्यवसाय गर्छ।

यतातिर पनि ध्यान जाओस् भन्ने मलाई लागेको छ र यो बजारमा कालोबजारीको धेरै ठुलो चर्चा, आज ब्यापक कालोबजारी बढेको छ यसलाई पनि अनुगमनको लागि जुन विधेयकमा लेखिएको छ तर लेखेर मात्रै भएन यसलाई कार्यान्वयनको पक्षमा पनि यो विधेयकले लैजान्छ भन्ने आशा राखेको छु। धन्यवाद, जय नेपाल।

<u>**माननीय सभामुखः**</u>**-** अब म माननीय जीवन डङ्गोललाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय जीवन डङ्गोल (नेपाली कांग्रेस)</u>:-** आदरणीय सभामुख महोदय, आज हामी ब्यापार र ब्यवसाय सम्बन्धी विधेयकको सैद्धान्तिक छलफलमा छौं। सभ्यता र सम्वृद्धि ब्यापार ब्यवसायमा भएको गौरवमय ईतिहास भएको नेपाल, आज हामी साना साना ब्यापार र प्राईभट र साझेदारी ब्यापारको लागि यस विधेयकमा छलफल गरिरहेका छौं। परापुर्व कालमा १६ औं शताब्दीमा नै नेपालबाट सुनका सिक्काहरु तिब्बतमा जान्थे।

कागज भारतमा ब्यापार हुन्थे। तरबार ब्यापार हुन्थे, ऊन जस्ता चिजहरु ब्यापार हुन्थे। तर आज हामी ब्यापार कस्तो र कसरी गरिरहेका छौं? साना साना एउटा फर्म दर्ता गर्नको लागि कार्यालयमा जनताले सानाकुरा देखि कसरत र मेहनत गर्नुपर्ने बाध्यता भएको छ। हामी स्वदेशमा युवाहरुलाई रोजगारमुलक ब्यवसायको लागि प्रोत्साहित गर्दै छौं कि हामी युवाहरुलाई बाहिर पठाउने रणनितिमा छौं।

आज अमेरिकी राष्ट्रपति ट्रम्पले हाम्रो मुलुकमा स्थान छैन भरिसक्यो अब तिमीहरु स्वदेश जाउ। यहाँ गरेको जति मेहनत तिमीहरु अब आफ्नै देशमा जाउ भनिरहेको अवस्थामा हाम्रा मुलुकका अभिभावक, राज्य, मन्त्रीहरु हाम्रा युवाहरुलाई कोरिया र जापान पठाउनेमा गर्व गरिरहेका छन्। यसले राष्ट्रको आर्थिक सम्वृद्धिलाई कुन दिशामा पुर्याउछ भन्ने कुरा हामी अनुमान गर्न सक्छौं।

आदरणीय सभामुख महोदय आर्थिक उन्नतीले मात्रै राजनैतिक उन्नती हुन्छ भन्ने आज सम्मको ईतिहासले देखाईसकेको अवस्था छ त्यसैले आर्थिक उन्नतीको लागि उत्पादनको प्रणाली बजार प्रणालीलाई नितिगत र ब्यवहारिक रुपमा उत्पादन र वितरणको नितिमा हामीले ध्यान दिनुपर्छ भन्ने मलाई लाग्दछ। आजको हाम्रो ब्यापार घाटा ८ सय अर्ब आयात हुन्छ भने ३ सय अर्ब मात्र निर्यात हुन्छ जसको ब्यापार घाटा ९२ प्रतिशत आयात र ८ प्रतिशत मात्रै निर्यात भईरहेको अवस्थामा यस विधेयक आएर सकारात्मक भुमिका गर्छ भने यो सकारात्मक पक्ष हो भन्ने मलाई लागेको छ। त्यसैले यस विधेयकले युवाहरुलाई यस स्थानमानै कार्य गर्न प्रोत्साहित रहोस् भन्दै म आफ्नो भनाई टुङ्ग्याउछु। धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय श्री बद्री मैनालीलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय बद्री मैनाली (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, आज हामी हाम्रो प्रदेश भित्रको ब्यापार ब्यवसाय गर्न र ब्यापार ब्यवसायलाई ब्यवस्थित गर्न जुन विधेयक सदनमा प्रस्ताव भएको छ म यो विधेयक बनाउने मन्त्रालय र त्यसका टिमका साथीहरुलाई धन्यवाद दिदैं विधेयकको स्वागत गर्न चाहान्छु। यसमा मलाई लागेका र छुटेका विषयहरु थप गर्नका लागि सम्बन्धित मन्त्रालयलाई ध्यानाकर्षण गराउन चाहान्छु। विधेयक यहाँ अनुसुची ६ को दफा २ को खण्ड (ट) सँग सम्बन्धित छ। प्राईभेट र साझेदारी फर्म दर्ता गर्ने निकाय भनेर भनिएको छ। यसमा १ मा पाँच लाख रुपैया भएको साझेदारी फर्म र प्राईभेट फर्म दर्ता गर्ने निकाय गाँउपालिका वा नगरपालिका भनेर भनिएको छ।

यसमा उपमहानगरपालिका र महानगरपालिका जोडिनुपर्छ र यसको रकम पाँच लाख सम्म भनिएको छ। हाम्रो प्रदेश भित्र पाँच लाख सम्म कस्तो ब्यापार ब्यवसाय गर्ने हो त्यसमा कम्तिमा ५० लाख सम्म गराउनुपर्दछ भन्ने मलाई लाग्दछ। त्यसमा विधेयक बनाउने निकायको ध्यान जाओस्। यो विधेयकमा मलाई विश्वास छ यो विधेयकले कालोबजारी गर्ने, नक्कली सामान विक्रि वितरण गर्ने र जरीवाना गर्ने यसमा विधेयकमा प्रष्ट ब्यवस्था गरिएको छैन। यसमा स्पष्ट रुपमा ऐनमा नै भोलि नक्कली सामान बेच्ने, कालोबजारी गर्नेहरुलाई कति सामान, के गरे बापत कति जरीवाना गर्ने हो त्यसमा सजाँय हेरेर त्यसमा स्पष्ट ब्यवस्था गर्ने प्रावधान राखिनुपर्छ भन्ने मलाई लाग्दछ। हरेक ब्यवसायीहरुलाई आज हामी के भएको छौं भने खरीद गरेको सामान मात्रै खरीद गर्ने र विक्रि गर्ने र यताको सामान उता लाने र त्यो सामान बिक्रि गर्ने मात्रै ब्यापारी भएका छौं।

हरेक उद्योग ब्यवसायीहरुलाई उत्पादनसँग जोड्न पर्छ र जोडिन पर्छ भन्ने मलाई लाग्दछ। हामी पल्लो मुलुकको माल ल्याएर वल्लो मुलुकमा बेच्ने, वल्लो बजारको माल ल्याएर पल्लो बजारमा बेच्ने मात्रै होईनकी हरेक उद्योग ब्यवसायीहरु त्यो ढङ्गले अगाडी बढ्न सक्यो भने मात्रै त्यो राम्रो हुन्छ र विधेयकमै त्यो खालको उद्योग ब्यवसायीहरुलाई

उत्पादन सँग जोडिने ब्यवस्था र प्रावधान राखिन सक्यो भने मलाई लाग्छ नेपाल सरकारले लिएको समृद्ध नेपाल र सुखी नेपालीको चाहाना पुरा गर्न अवश्यपनि यो विधेयकले सहयोग गर्छ भन्ने कुरा राख्दै म आफ्नो भनाई टुङ्ग्याउछु। धन्यवाद, नमस्कार।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय श्री रिता माझीलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी)</u>:-** माननीय सभामुख महोदय, प्रादेशिक ब्यापार तथा ब्यवसाय सम्बन्धि ब्यवस्था गर्न बनेको विधेयकलाई स्वागत गर्न चाहान्छु। जुन विधेयकमाथि आज सैद्धान्तिक छलफल भईरहेको छ। सैद्धान्तिक छलफल भईरहदाँ आज त्यति महत्व छैन कि क्या हो प्रदेशमा यो ब्यापारको ब्यवसायको भन्ने मलाई महसुस भएको छ किनभने संसद भवन लगभग लगभग खाली हुन गईरहेको छ र यो हामीले ब्यापार सम्बन्धीको यो विधेयक बनाई रहदाँखेरी प्रदेश भित्र उत्पादित सामाग्रीहरुलाई कसरी हामीले ब्यवसाय गरेर यो प्रदेशलाई बढी भन्दा बढी आर्थिक रुपमा शशक्त बनाउन सकिन्छ भन्ने कुरालाई विशेष जोड दिओस् ताकि अहिलेको अवस्थामा जतिपनि हामीले प्रदेशमा र नेपालभरि उत्पादित ब्यापार ब्यवसायमा विदेशबाट आएका सामाग्रीहरुलाई मात्रै ब्यापारमा लगिरहेका छौं।

स्वदेशमै उत्पादित सामानहरुलाई हामीले मुल्यवृद्धि महंगोको नाममा हाम्रै नेपाली दाजुभाई दिदिबहिनीहरुले उत्पादन गरेको सामाग्रीहरु यहाँ ब्यापार ब्यवसाय हुन सकिरहेको छैन। त्यो कारणले पनि फेरि नेपालको उद्योगधन्दा कलकारखानाहरु फस्टाउन सकिरहेको अवस्था छैन।

विदेशबाट ल्याएका सामानहरु सस्तो मुल्यमा पाईन्छ नेपालमै उत्पादित सामानहरु महंगो मुल्यमा परिरहेको अवस्थामा यो विधेयकले यो बोलोस् कि नेपालमा भएका जतिपनि सामानहरु छ प्रदेश नम्बर ३ मा उत्पादित जतिपनि सामाग्रीहरु छ यो सरकारले जिम्मा लिएर हुन्छ कि कसले जिम्मा लिने हो सम्बन्धित निकायले जिम्मा लिएर यो सामाग्रीहरु वितरण गरियोस् र कम भन्दा कम वैदेशिक सामाग्रीहरुलाई ब्यवसायमा वितरण गरियोस् र अर्को मुल्य असमानताले जनताको ढाड सेकिरहेको अवस्था छ।

एउटै वस्तुको मुल्य एक ठाँउमा धेरै सस्तोमा पाईन्छ भने त्यहि वस्तुको मुल्य अलि पर जादाँ धेरै महंगोमा परिरहेको अवस्था छ। यो कुरालाई यो विधेयक मार्फत रोकिनु पर्दछ ताकि यो प्रदेश भित्र बस्ने आम नेपालीले एउटै वस्तु किन्दा खेरी एउटै मुल्यमा पाउने खालको ब्यवस्था यो विधेयक मार्फत गरियोस् भन्दै अर्को कुरा यो ब्यापार ब्यवसायमा जुन मौलाएको कालोबजारीलाई यो विधेयकले नियन्त्रण गर्नुपर्दछ र सरकारको विशेष ध्यान जाओस् भन्न चाहान्छु। धन्यवाद, जय राष्ट्र, जय जनता।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय सामाजिक विकास मन्त्री युवराज दुलाललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, सामाजिक विकास मन्त्रालयः</u>-** माननीय सभामुखयू, प्रदेश भित्र ब्यापार ब्यवसाय ब्यवस्थापन गर्न बनेको विधेयक माथि माननीय सदस्ययूहरुले राख्नुभएको सुझावको लागि र यहाँहरुले गर्नु भएको स्वागतको लागि म सरकारको तर्फबाट धन्यवाद ब्यक्त गर्न चाहान्छु। सरकारको दृष्टिकोणमा सबै नागरिकहरु समान रहेको कुरा म निवेदन गर्न चाहान्छु र यो ब्यापार र ब्यवसायलाई ब्यवस्थित गर्न बनेको विधेयकले सबै नागरिकको समान अधिकारको संरक्षण गर्दै ब्यापार ब्यवसायलाई आफ्नो प्रदेश भित्र ब्यवस्थि तगर्नको लागि एउटा कानुनी ब्यवस्थाको आवश्यक भएकोले विकास गरेको कुरामा सम्मानित सदन जानकार छ भन्ने कुरा मैले बुझेको छु।

जतिपनि विषयहरु हामीले अगाडी ल्यायौं सरकारको तर्फबाट विधेयक प्रस्तुत भयो खासगरिकन ब्यापार ब्यवसाय गर्नको लागि प्रकृतिगत हिसाबले हामीले ब्यवस्था गर्न खोजेका छौं। त्यसलाई नियमन गर्ने कुरा ब्यवस्था गरिएको छ र बजारलाई ब्यवस्थित बनाउने उत्पादक देखि उपभोक्तासम्मको सबैको अधिकार, सबैको कर्तब्य, सबैको दायित्वलाई सम्बोधन गर्न कोशिष गरिएको छ।

र एउटा पारदर्शी, मर्यादित, जवाफदेहि खालको ब्यापार ब्यवसाय स्थापित गर्ने सरकारको लक्ष्य रहेको र संविधानले हामीलाई जता निर्देशित गरेको छ त्यहि अनुसारनै विधेयक प्रस्तुत भएको म निवेदन गर्न चाहान्छु।

साझेदारी र निजी दुई किसिमका ब्यापार ब्यवसायहरुलाई यो विधेयकमा हामीले प्रस्तावित गरिएको छ र हामीले विकास गर्ने सम्मुनत समाज, समाजवादी अर्थतन्त्रमा कुन कुरालाई प्राथमिकता दिने भन्ने कुरा सरकारले संविधानद्धारा निर्देशित भएको कुरालाई आत्मासात गर्ने पर्ने हुन्छ त्यसकारणले त्यताबाट निर्देशित भएर विधेयकको विकास भएको कुरा म निवेदन गर्न चाहान्छु।

यो विधेयक सरकारले ल्याएको विधेयक मात्रै हो र यसलाई ऐनको रुपमा विकास गर्ने यो सम्मानित सभाको अधिकार र कर्तब्य दुईटै बाकि रहेको कारण कतिपय माननीययूहरुले दफावार रुपमा अनुसुचीका विषयहरुमा केहि विषयहरु उठान गर्नु भएता पनि त्यसको अहिले नै सरकारको तर्फबाट जवाफ दिनु उपयुक्त नभएको र यो सम्मानित सभाको मर्यादा र मुल्यलाई अवमुल्यन गर्न नहुने तर्फ म सचेत रहदैं यहाँहरुले राखु भएको विधेयकका सैद्धान्तिक पक्षहरु माथि राखुभएको कुराहरु प्रति सचेत रहदैं त्यसलाई सरकारको तर्फबाट गर्नुपर्ने यथोचित सम्बोधन गरिने ब्यहोरा निवेदन गर्दै आफ्नो भनाई यहि टुङ्ग्याउछुँ। धन्यवाद, अभिवादन।

**<u>माननीय सभामुखः</u>-** अब यो छलफल यहि समाप्त हुन्छ। अब म प्रादेशिक ब्यापार ब्यवसाय सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रादेशिक ब्यापार ब्यवसाय सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब यो बैठक १५ मिनेट पछि सुरु हुने गरि स्थगित हुन्छ।

**<u>पिठासिनः</u> माननीय उपसभामुख राधिका तामाङ्ग (समयः ५:४० बजे)**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्य आजै १५ मिनेट स्थगित भएको बैठक पुनः सुचारु हुन्छ।

माननीय सदस्यहरु, अब म माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामालाई प्रदेश बिऊ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय दावा दोर्जे लामा, मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयः</u>-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश बिऊ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सभामा विचार गरियोस भन्ने भन्ने प्रस्ताव सम्मानित सदनमा पेश गर्दछु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यज्यूहरु अब प्रदेश बिऊ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि बिचार गरियोस् भन्ने प्रस्तावमाथि अर्थात विधेयकमाथिको सामान्य छलफल प्रारम्भ हुन्छ। माननीय सदस्यज्यूहरु, यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल हुने व्यहोरा जानकारी गराउँदछु।

उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरुले आफ्नो नाम सभामुखको ड्याससँगै रहेको कर्मचारीलाई चिटमा लेखी उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्बप्रथम म माननीय भीमसेन खत्रीलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय भीमसेन खत्री (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुखज्यू, यो माननीय भूमि व्यवस्था कृषी तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामाज्यूले प्रदेश बिऊ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सभा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नु भएकोमा म यसलाई बिऊ बिजन भनेपछि विभिन्न किसिमका यो के भन्छ त भन्दा खेरी हाम्रो देश

नेपाल कृषी प्रदान देश हो। यहाँका बहुसंख्यक मानिस लगभग ६६ प्रतिशत मानिसहरु कृषीमा आश्रीत छन् र कृषीको विकास भयो भने देशको विकास हुन्छ।

कृषीमा आधुनिकीकरण गर्न, विविधीकरण गर्नको लागि यो प्रस्ताव प्रस्तुत गर्नु भएको छ र हाम्रो संविधान २०७२ ले पनि के गरेको भन्दा खेरी प्रत्येक नेपालीलाई खाद्यान्नबाट अथवा खाद्य समस्याबाट मुक्त भन्ने उद्देश्य राखेको छ र यो बिऊ बिजन भन्दा खेरी के भन्दा खेरी २ ओटा स्रोतबाट प्राप्त हुन्छ। आन्तरिक स्रोत र बाह्य स्रोत।

आन्तरिक स्रोत भन्नाले आफ्नै देश हाम्रो देशको माटो, भौगोलिक अवस्था र हावा पानी अनुसार उत्पादन भएको र त्यही उत्पादन विकास भएका बिऊहरु र अर्को के छ भन्दा खेरी विकसित देशहरुबाट आयातित बिऊ बिजनहरु यो विकसित देशहरुबाट आयातित बिऊ बिजन विशेष गरी यो एक वर्ष हुने, बहुवर्षका लागि काम नलाग्ने अथवा नेपालको हावा पानी अनुसार नसुहाउने आदि समस्याहरु देखिने र यो बिऊ बिजनमा विभिन्न किसिमका समस्यहरु देखिने र विकसित देशहरुमा के छ भन्दाखेरि यहाँको लोकन तथा स्थानीय तहमा उत्पादित परम्परागत बिऊ बिजनलाई नष्ट गरेर अन्य देशहरुबाट आयातित बिऊ बिजनहरु यहाँ आयत हुन्छ र यहाँ त्यसको गुणस्तरीयता, मापदण्ड अथवा के कस्तो किसिमबाट त्यसलाई गुणस्तर निर्धारण गर्ने स्पष्ट नहुने र यसले गर्दा खेरि किसानहरुले लागत चाहीँ लगाई रहने, लागत बढ्दै जाने तर उत्पादन चाहीँ कम हुने र अनि बिऊ बिजन भो अब बिऊ बिजन भन्ने बित्तिकै के छ भन्दा खेरी विभिन्न किसिमका खाद्यन्न, नगदेबाली र फलफूल खेतीहरुको लागि विभिन्न किसिमको बिऊ बिजनहरु प्राप्त हुने र त्यसको सही सदुपयोग नहुने अथवा उत्पादनको लागत बढ्दै जाने अनि प्रत्येक समयमा बिऊ बिजन अनुसार उत्पादन नभएपछि मलमा लागत थप्नु पर्ने अनि त्यसपछि रासायनिक औषधीहरु आदिले गर्दा खेरी किसानको जीवन दिन प्रतिदिन निरन्तर रुपमा बढ्नुको साट्टा घट्दै जाने त्यस कारण यो असल जातको बिऊ बिजन अथवा राम्रो गुणस्तरको बिऊ बिजनको व्यवस्थापन गर्नको लागि राम्रो किसिमबाट अब हामी प्रविधिक त्यती त हैन कृषसँग त्यति सम्बन्धित छैन दक्ष कृषी प्राविधिकहरुको सिफारिस अनुसार र सरकारले एउटा मापदण्ड तोकोस् त्यो मापदण्डमा चाहीँ यो–यो किसिमको बिऊ बिजनहरुले यो–यो ठाउँमा उदाहरणको लागि नेपालको हिमाली ठाउँमा पहाड तराई छन्, तराई त्यही अनुसार प्रत्येक हावा पानी र

प्रदेश अनुसार कस्तो किसिमको हावा पानी कुन किसिमको बिऊ बिजन प्रयोग गर्ने हो, त्यो चाहिँ सरकारले सोचेर त्यही अनुसार व्यवस्थापन गर्न सकोस् भन्ने भनाई राख्दै मेरो भनाई यहीँ टुङ्ग्याउँछु, हवस् त जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अब माननीय मनु सिग्देललाई छलफलमा भाग लिन अनुमती दिन्छु।

**<u>माननीय मनु सिग्देल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, प्रदेश बिउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफल गर्ने क्रममा म दुई-तीन ओटा कुराहरु राख्न चाहन्छु, हाम्रा रैथाने जातका बिऊ बिजनहरु मासिदै गएका छन्। हामीले त्यसलाई संरक्षण गर्नको लागि कानूनी रुपमै हामीले त्यसलाई व्यवस्था गर्नु पर्ने आवश्यकता छ। आज विदेशबाट हाईब्रीडका नाममा जतिपनि बिऊ बिजनहरु आएका छन्, त्यसले हाम्रा रखानै जातहरुलाई मासिरहेका छन् अथवा त्यसलाई निमिट्यान्न पार्ने अवस्थाहरु श्रृजना भएका छन् र हाम्रो प्रदेश हिमाल, पहाड र तराई तीनै क्षेत्रको हावा पानीमा हुने बालीहरु बिरुवाहरु हामीसँग त्यो व्यवस्था छ।

त्यो खालको हावा पानी हामीसँग छ। त्यस कारणले गर्दा एक गाउँ एक उत्पादन भन्ने नारा थियो कुनै बेला र हामीले अहिले ती गाउँहरु थुपै गाउँहरु मिलेर एउटा गाउँ पालिका, नगरपालिका बनेको सन्दर्भमा एउटै गाउँभित्र पनि त्यसलाई क्लस्टर छुट्याएर थुपै त्यसको विशेषता अनुसारको उत्पादनहरु हामीले नित्र्यौल गर्न सक्छौं।

त्यसको लागि प्रदेशले नै यो प्रदेशमा हाम्रा रैथाने जातका बिऊहरुलाई विकास गर्ने र हाम्रो जुन एउटा पेट एण्ड राईडको कुरा थियो, आज हाम्रो अधिकारलाई त्यही हामीले हिजो यहीका रैथाने जात आज बाहिरबाट आएका हाम्रा अधिकारहरु अरुले लिईराखिएको अवस्थाहरु छ।

हामीले त्यसको संरक्षण गर्नुपर्ने छ र यही मकवानपुर जिल्लामा मकवानपुरे चम्पासरी भन्ने एउटा धान फल्थ्यो, त्यसको चामल पकाउँदा खेरी गाउँभरी नै बास्ना आउने अवस्था अथवा त्यस्तो खालको चामल हाम्रो यहाँ फल्थ्यो।

तर आज त्यो मासिसकेको छ। त्यसको अहिले हामीले बिऊ खोज्यौं भने पनि त्यसलाई संरक्षण गर्न सकेका छैनौं। यस्ता थुपौ हामीसँग त्यस्ता सम्पत्तीहरु छन्, त्यस्ता बिऊ बिजनहरु छन्, तिनीहरुलाई संरक्षण गर्नको लागि यसले सैद्धान्तिक रुपमा त्यसले संरक्षण गरोस अथवा हामीले यो विधेयक मा ती कुराहरु समेट्न सकौं। त्यो खालका योजनाहरु बन्न सकोस् धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री बेलीमाया घले, समय तीन मिनेट।

**<u>माननीय बेलीमाया घले (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, सभामुख मार्फत प्रदेश बिऊ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ल्याउनुहुने माननीय मन्त्रीज्यू लगायत टिमका सम्पूर्णलाई सभामुख मार्फत हार्दिक कृतज्ञता गर्न चाहन्छु। यो विधेयक हाम्रो नेपाल कृषी प्रदान देश भएको कारणले गर्दा यो बिऊ बिजन सम्बन्धी विधेयकले हाम्रा नेपाली जनतालाई केही राहत दिन्छ भन्ने मैले ठानेको छु। यस अन्तर्गत यो विधेयक सरसरती अध्ययन गरिरहँदा यहाँ सैद्धान्तिक छलफलमा भाग लिईरहँदा हामी यो बिऊ बिजन सम्बन्धी विधेयक ल्याउँदा थुपै धेरै मिहेनत गरेको पनि देखिन्छ तर केही–केही कुराहरु छुटेको पनि देखिन्छ, छुटेको कुरालाई पछि हामीले त्यसमा छलफल गर्ने नै छौं। अहिले सैद्धान्तिक छलफल गरिरहँदा हामीले हाम्रो अघिनै माननीयज्यूले भन्नु भएको जस्तै रैथाने चिजहरु जो नेपालको हावा पानी माटोमा मात्र सुहाउँदछ, त्यस्तो बिऊ बिजनहरु अहिले लोप हुँदै गईरहेको छ।

त्यो लोप भएको बिऊ बिजनलाई हामीले फेरी पनर्ताजगी गर्नको लागि यो विधेयक आईरहँदा खेरी त्यस्ता बिऊ बिजनको भण्डारण गर्ने व्यवस्थाका लागि पनि हामीले विशेष ध्यान दिनु पर्छ भनी म माननीय सभामुख मार्फत यहाँ ध्यानाकर्षण गराउन चाहन्छु। अर्को कुरा भनेको हाम्रो नेपाली माटो हावा पानी सुहाउँदो बिऊ बिजन लोप हुन्छ त्यसपछाडी हाम्रो विदेशबाट आयातित हाईब्रेड बिऊ बिजन छ।

त्यो बिऊ बिजन लगाए वापत हाम्रो सम्पूर्ण देशको माटो अमिलिदै जाने त्यस पछाडी त्यसबाट किसानहरुले एकदमै कम लाभ हुने कहिले त हामीले हाम्रै प्रदेश अन्तर्गत

रहेको हाम्रो यो प्रदेश फङ्सन् नभईरहँदाको अवस्था त्यहाँ लगाइएका मकैका बिरुवामा धान चवरा मात्र आएका र घोगा नलागेका र किसानहरु त्यसबाट प्रत्यडित भएका विषयहरुलाई हामीले मध्यनजर गर्दै, यसता हाईब्रीड बिऊ बिजन ल्याउने, बिक्री बितरण गर्ने, व्यक्तित्वहरु र त्यस्ता बिऊ बितरण बिक्री गर्ने हाम्रो विशेष गरी व्यापारी केन्द्रहरुलाई निलम्बन गर्ने कुराहरुलाई यो विधेयकले त्यति धेरै नसमेटिएको जस्तो मैलै देखे त्यो भएको कारणले गर्दा आगामी दिनहरुमा हाम्रो विधेयकहरु बनिरहँदा हाम्रा मन्त्रीज्यूहरुले सम्बन्धित विशेषज्ञहरुले यस विषयमा विशेष ख्याल राखी यस्ता खालको विद्येकहरु बनाउनलाई घनिभूत छलफल गरोस्, हाम्रो नेपाली हावा, पानी, माटो सुहाउँदो विधेयकहरु आओस् भन्ने कुरा राख्दै, म यो विधेयकको पुनः एकचोटी स्वागत गर्दै आफ्नो भनाई राख्न चाहन्छु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री सीता लामा, समय तीन मिनेट।

**<u>माननीय सीता लामा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यू, प्रदेश बिउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक जुन माननीय मन्त्रीज्यू लगायतको टिमले लिएर आउनु भएको छ। वहाँप्रति म आभार प्रकट गर्दछु। यो विधेयकले उच्च गुणस्तरको बिऊ बिजन उत्पादन गर्ने, त्यो बिऊ बिजनको प्रशोधन गर्ने, बिऊ बिजनको परिक्षण गर्ने र नविनतम प्रविधिको प्रयोग गरेर बालीहरुको उत्पादन वृद्धि गर्ने साथ साथै गुणस्तर युक्त बिऊ बिजन जनतालाई सुलभ रुपले उपलब्ध गराउने यसको औचित्य रहेको छ। त्यो सँगसँगै यो विधेयकमा थुपै कुराहरु समेटिएको छ।

बिऊ बिजन उद्योगमा लगानी गर्नलाई प्रत्साहन गर्ने देखि लिएर बिऊ बिजनको जातहरु सूचीकृत गर्ने र क्षतिपूर्ति दिनेसम्मको कुराहरु यो विधेयकमा समेटिएको छ तर एउटै मात्र कुरा चाहीं यहाँभित्र छुटेको हो र जुन कुरालाई चाहीं हामीले कानून रुपमा कानूनी रुपले नै त्यसलाई बाध्यकारी अवस्थामा नै हामीले बाँधेर लानुपर्छ भनेर मैले यहाँ विषय राख्न चाहन्छु।

सबै कुरा आउँदा आउँदै पनि प्रिजर्भेसनको कुरा पटक्कै आएन यसमा। अघि पुर्व वक्ता माननीयज्यूहरुले भनिसक्नु भएको छ। हामीले यो विधेयक ल्याईराख्दा खेरी साँचै नै

कृषीमा चाहीँ हामीले उन्नत ढँगले यो कृषीलाई हामीले विकास विस्तार र सम्वर्धन गर्ने हो भने हामीले प्रिजर्भेसनको कुरालाई ख्याल गर्नुपर्ने हुन्छ, जसलाई चाहीँ कानूनले बाँधेर जानुपर्ने हुन्छ। यो कुरा ल्याईरहँदा खेरी, विधेयक बनिरहँदा खेरी विगतको कुरालाई हामीले ख्याल गर्नुपर्ने हुन्छ।

विगतमा के भएको थियो ? अहिलेको करेन्ट सिच्युएसन के छ ? वर्तमान स्थिति के हो ? त्यो कुरालाई हामीले अलिकति विधेयक निर्माण गरिरहँदा खेरी भुलेको हो कि भन्ने मैले महशुस गरें। त्यस कारणले गर्दा विगतमा हाम्रो लोकल जातको धान बिऊहरु, पोखरेली धान, मार्सी धान, त्यस्तै गरेर बासमती चामलको धानको बिऊहरु, अनि चुम्लुङ्गे धानको बिऊहरु, २२९८ भन्ने बिऊहरु जुन खेतमा पाक्दाखेरी ओल्लो गाउँमा पाकेको धानको बास्ना पल्लो गाउँसम्म पनि मगमगाएर आईरहन्थ्यो। त्यस कारणले गर्दा यी यस्ता खालका बिऊहरु चाहीँ लोप भएर गईरहेको अवस्था छ अहिलेको स्थिति त्यस कारणले गर्दा ती कुराहरुलाई हामी ख्याल गरेर भ्यालुएबल सीड प्रिजर्भ गर्ने बाध्यकारी प्रवधान नै राखेर जानु पर्ने हुन्छ किन भन्दा खेरि यो किन लोप भयो भन्दा खेरी क्वालिटिलाई भन्दा क्वान्टिटीलाई प्राथमिकतामा राखेर जति धेरै उत्पादन गर्न सक्यो त्यति धेरै मलाई फाईदा हुन्छ भन्ने दृष्टिकोणबाट अगाडि बडिरहेको ट्रेनलाई हामीले हाम्रो आफ्नो बिगतलाई ख्याल गर्दै क्वालिटिलाई चाहीँ फोकस गर्नुपर्ने हुन्छ।

त्यस कारणले गर्दा भ्यालुएबल सीट्स् प्रिजर्भ गर्ने कुरालाई कानूनले बाँधेर बाध्यकारी रुपमा राख्नको लागि म यहाँ हार्दिक आग्रह गर्दै मेरो भनाई यहाँ अन्त्य गर्छु, हवस् त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री बसन्त प्रसाद मानन्धर, समय तीन मिनेट

**<u>माननीय बसन्त प्रसाद मानन्धर (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुखज्यू, प्रदेश बिऊ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक यो सदनमा प्रस्तुत भईरहँदा खेरी हामीले यो प्रदेश नं. ३ को हावा पानी र माटो सुहाउँदो बिऊ बिजन उत्पादन मार्फत हामीले यो खेतीयोग्य जमीनलाई अधिकतम् उपयोग गर्ने प्रयत्न गरि रहेका छौं र

यसरी हेर्दा खेरी कृषी खेतीको मुख्य आधार भनेको नै बिऊ बिजन हो। त्यस कारणले यो कृषीको उत्पादन बढाउनको निम्ति हामीले फल्ने बिऊ बिजन हामीलाई चाहिएको छ र त्यसका निम्ति सरसर्ति हेर्दै जाँदा खेरि बढी उत्पादन गर्ने नाममा जुन चाहीँ यो अध्ययन अनुसन्धान बिना नै हाईब्रेट जुन लगायतका बिऊ बिजन हामीले भित्र्याउदैं आईरखेका छौं।

यसले गर्दा खेरी हाम्रो जनु बहुमुल्य रैथाने बिऊ बिजन हो, त्यो लोप हुँदै गईरहेको छ। यस कारणले गर्दा खेरी सँगसँगै हामीले बढी फलाउने नाममा हाईब्रेटलाई हामीले प्राथमिकता दिईरहँदाको कारणले गर्दा खेरी विभिन्न खालको किराहरु र अत्यन्तै डरलाग्दा त्यस्ता खालका रोगहरु हामीले क्रमिक रुपमा भित्र्याई पनि रहेका छौं। जसका कारणले फल नफलेको कारणले गर्दा खेरी किसानहरु मारमा परिरहेको अवस्थामा छ। यस कारणले प्रदेश सरकारले यस विषयमा विशेष ध्यान दिएर अगाडी बढ्नु पर्ने आवश्यकता छ र यसका निम्ति यो जुन बिऊ बिजनको उत्पादनको निम्ति, त्यसको निम्ति अध्ययन अनुसन्धान गर्नको निम्ति कृषी अनुसन्धान परिषद जस्तो एउटा सशक्त संस्था हामीसँग हुँदा हुँदै पनि र त्यसलाई हामीले सशक्त रुपमा, प्रभावकारी रुपमा त्यसलाई अगाडी बढाउन नसकेको अनुभूति भईरहेको छ।

त्यसले दिएका प्रतिवेदनहरुलाई हामीले ग्रहण गर्न नसकिरहेको अनुभूति हुने गरेको छ। त्यस कारणले सरकारी तवरबाट मात्र हैन निजी क्षेत्रबाट पनि पर्याप्त अध्ययन, अनुसन्धनपछि मात्रै त्यो बिऊ बिजनको कारोबार गर्ने व्यवस्था मिलाईनु पर्दछ। जुन प्रकार अस्वस्थ ढँगबाट बिऊ बिजनको व्यापार भईरहेको छ। त्यसलाई नियन्त्रण गर्न सकेको अवस्थामा र यस विषयमा हामी गम्भीर भएर अगाडी बढ्न सक्यौं भने निश्चित रुपमा हामीले जुन लक्ष्या हासिल गर्न खोजिरहेका छौं, त्यो प्राप्त गर्नका निम्ति सहजता प्राप्त हुनेछ। धन्यवाद, अभिवादन।

**मानननीय सभामुखः-** माननीय शान्ती प्रसाद पौडेल, समय तीन मिनेट।

**माननीय शान्ती प्रसाद पौडेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** ननीय सभामुखज्यू, प्रदेश बिऊ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा हामी शैद्धान्तिक छलफलमा

छौं। यो विधेयकले धेरै विषय वस्तुहरुलाई समेट्न कोशिस गरेको छ। तथापी कतिपय विषयहरु अति बढी विस्तृत रुपमा व्याख्या गर्नुपर्ने र त्यस्ता व्यवस्थाहरु गर्नुपर्ने खालको अवस्था रहेको छ। बिऊ बिजनको उत्पादन, प्रसोधन र वितरण व्यवस्थित गर्न रैथाने बिऊहरुको संरक्षण गर्ने खालका कुराहरु कम देखियो। रैथाने बिऊहरु जुन बिऊहरु हाम्रोमा मात्रै हुने र अरु देशहरुमा त्यसलाई निकासी गर्न सक्ने खालका कतिपय बिऊहरु छन्, त्यसको बारेमा यो विधेयकले सम्बोधन गर्नु पर्छ भन्ने मलाई लाग्छ।

एक पटक बिऊ हुने त्यसपछि बिऊ नहुने खालको अहिले हाईब्रेटको जुन आईरहेको छ। पुर्व वक्ता माननीय हरुले पनि भनिरहनु भएको छ, यसले के निम्याउँदैछ भन्दा खेरी बिऊको मुल्य भन्दा उत्पादन गरिएको वस्तुको मुल्य घटिहुने अवस्था श्रृजना भयो भने हाम्रा सबै बारीहरु बाँझो रहने अवस्था श्रृजना हुन सक्छ। त्यस कारणले यसका बारेमा ख्याल गर्न जरुरी छ भन्ने मलाई लाग्छ। गुणस्तर नियन्त्रण गर्नका लागि निकायको व्यवस्था गरिएको छ। तर रैथाने बिऊको भण्डारण गर्ने खालको निकाय चाहीँ देखिएन। त्यही भएर त्यो जोड्न जरुरी छ। यदी हामीले हाम्रा रैथाने बिऊहरु क्रमश लोप हुँदै जाने खालको अवस्था रह्यो भने, भोली हाम्रो अहिले भईरहेको जुन अवस्था छ, त्यसमा फेरी पुनः फर्काउनका लागि पनि समस्या पर्छ भन्ने कुरा म राख्न चाहन्छु र विशेष गरी यो विधेयकमा आर्थिक भार नपर्ने भनेर लेखिएको छ। त्यस्ता सबै विषयहरु हेर्दा खेरी आर्थिक भर पर्ने देखिन्छ। कुनै पनि विधेयक आर्थिक भार नपर्ने खालको हुनै सकिदैन।

यसको बारेमा विधेयकको अध्ययन गर्ने र त्यसलाई अति ख्याल गरेर ल्याउन जरुरी छ। जबसम्म विधेयकको आर्थिक पक्ष प्रत्येक वर्षमा कति खर्च लाग्छ भन्ने कुराको आँकलन सहितको विधेयक आउनु पर्ने हो अहिलेसम्म हामी खालि आर्थिक भार पर्ने, नपर्ने, पर्छ, पर्दैन भन्ने मात्रै कुरा आईरहेको छ।

यसका बारेमा ध्यान पुगोस् भन्ने कुरा राख्न चाहन्छु र अहिलेको जति विषय वस्तुहरु यो बिऊ बिजसँग जोडिएर आईरहेको छ र हामी एउटा कस्तो खतरामा छौं भन्दा खेरी कुनै नयाँ कुराका सुरुवात् गर्ने कुरा र त्यसको अनुसन्धान गरेर त्यसलाई प्रमोट गर्ने कुरामा हाम्रो निकायहरुले ध्यान दिइएको पाइरहेको छैन। यो विषय पनि अब समेटिएर जानु पर्छ

भन्ने कुरा चाहीँ म राख्न चाहन्छु र यो विधेयक ल्याउनका लागि यो विधेयकसँग जोडिएर यसलाई मिहेनत् गर्नुहुने मन्त्री लगायतको टिमलाई धन्यवाद दिन पनि चाहन्छु।

कृषी अनुसन्धान केन्द्रले जुन कामहरु गरिरहेको छ, गोदावरीको बोटानिकल गार्डेनले आफ्ना केही बिऊहरुलाई संरक्षण गर्ने कामहरु गरिरहेको छ र त्यतिले मात्र पुगिरहेको अवस्था छैन। यसलाई बढी प्रदेशको तर्फबाट ध्यान दिन जरुरी छ। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब माननीय सृजना सायजु लाई समय दिन्छु, समय तीन मिनेट।

**<u>माननीय सृजना सायजु (नेपाल मजदुर किसान पार्टी)</u>:-** माननीय सभामुख महोदय, प्रदेश बिऊ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि शैद्धान्तिक छलफलमा हामी जुटिरहेका छौं। कृषी उत्पादकत्व वृद्धिका लागि उन्नत बिऊ बिजनको अपरिहार्यताबारे सायद वादविवाद आवश्यक छैन हामी प्रष्ट छौं। बिऊ बिजनको सुरक्षण, भण्डारणर चिस्यान् केन्द्रको अभाव कै कारण बर्षेनी बाहिरबाट ठूलो मात्रामा बिऊ आयात गर्दै छौं। मौलिक बिऊ बिजन लोप हुने अवस्थामा हामी पुगेको यथार्थ हो।

प्रदेशका सम्पूर्ण जिल्लाहरुमा आवश्यकता अनुसारको बिऊ सुरक्षण, भण्डारण र चिस्यान केन्द्र सञ्चालनमा तदारुकता आवश्यक छ। साथै बिऊ बिजनको अध्ययन अनुसन्धान र गुणस्तर मापन गर्ने आधुनिक प्रविधि सम्पन्न प्रयोगशाला, बिऊ बिजन तयार गर्ने प्राकृतिक एवम् कृतिम प्रयोगशालाहरुको अभाव पूर्तिका लागि विधेयकले पहल गर्नुपर्नेमा ध्यानाकर्षण गराउँदछु। बिऊ बिजनका विशेषज्ञहरुलाई प्रदेश सरकारले जन्माउन, हुर्काउन आवश्यक देख्दछु। माटो, हावापानी र भूगोल सुहाउँदो वैज्ञानिक र गुणस्तरीय बिऊ बिजनको प्रयोगका लागि किसानलाई आवश्यक तालिम, अभिमूखीकरण आदिको माध्यमबाट शिक्षित बनाउन आवश्यक छ। साथै नेपाली मौलिक या प्राचीन बिऊ बिजनको जगेर्ना एवम् प्रबर्धनको लागि आवश्यक उपाय या विधि अपनाउन जरुरी छ।

नेपाली मौलिक बिऊ बिजनको संरक्षण नै आजको टड्कारो आवश्यकता हो। गुणस्तरीय बिऊ बिजन बेचबिखनमा नियन्त्रण हुनु पर्छ निजी बिऊ केन्द्रले नक्कली या गलत

बिऊ बिजन बिक्री गरेको कारण किसानले बाली नपाएर ठूलो समस्या बेहोर्नु परेको र त्यसको क्षतिपूर्ति समेत किसानले नपाएको यथार्त अझै बिर्सन गाह्रो छ। यस्ता घटना दोहोर्याउन नदिन कडा नियम कानून आवश्यक छ। यता तर्फ विधेयकले सम्बोधन गर्न सकेको मैले देखिनँ। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय रिता माझी, समय तीन मिनेट।

**<u>माननीय रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी)</u>:-** माननीय सभामुखज्यू, प्रदेश बिऊ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसदमा आज सैद्धान्तिक छ्यालफल भईरहेको छ। यस विषयमा म केही धारणाहरु राख्न चाहन्छु। अहिलेको यस नयाँ युगमा व्यापारलाई, बिऊ बिजनलाई आधुनिकीकरण गर्ने नाउमा हाम्रो नेपालमा पाईने परम्परागत बिऊ बिजन जो छ कालो मसिनाको धान, दार्जिलिङ्गो धान, रातो धान, गमरी धान, जो मल नै नभए पनि, पाखामा पानी नै भए पनि फल्ने ईत्यादी धानहरु आज नाश हुँदै गएको छ।

यो हाम्रो विदेशीको चलखेल हो अथवा हाम्रै जो नेतृत्व तहमा रहेका मित्रहरु यसलाई नियन्त्रण गर्न नसकेको यो मैले बुझ्न सकिरहेको छैन। अब धेरै उत्पादन गर्ने नाममा हामीले बिदेशी बिऊ बिजनहरुलाई भित्र्याउदाँ आज हाम्रो सबैभन्दा बढी माटो बिग्रिएको छ। रासायनिक मल प्रयोग नगरेसम्म आज कुनै पनि बिउहरु बालीनाली उत्पादन हुँदैन हामीले प्राङ्गारिक मल प्रयोग गर्दाखेरी हामीले परम्परागत रुपमा उत्पादन गरिदै आएको आएको बालिनाली लगभग् उत्पादन हुने अवस्थामै छैन।

यसलाई जोगाउनका लागि प्रदेश सरकार आजको यस विधेयक ल्याउने मन्त्रालय मार्फत विशेष ध्यान दिईयोस्। प्रदेश नं. ३ को माटोलाई संरक्षण गर्नको लागि सबैभन्दा पहिले यो विधेयकले सम्बोधन गरोस् भन्न चाहन्छु।

त्यसैगरी हामीले बिऊ बिजन उत्पादन, संरक्षण, भण्डारण गरिसकेपछि हामीले पक्कै पनि वितरण गर्छौं होला। यो वितरण गर्ने क्रममा सरकारले यसको सम्पूर्ण जिम्मेवारी लिनु पर्दछ। भोली बिऊ वितरण गरिसकेपछि यसले उत्पादन कति दिन्छ? उत्पादन गरेको चिज बजारमा कति व्यवसाय गर्न सक्छ कि सक्दैन?

व्यवसाय गर्न नसकेको त्यो उत्पादित सामग्रहरुलाई सरकारले जिम्मा लिने कि अथवा व्यवसाय आफैले उत्पादन भएको सामग्री नाश गर्ने त्यो अवस्थालाई विशेष मध्य नजर गर्नुपर्दछ र सकेसम्म गरिव परिवारका व्यक्तिहरुलाई बिऊ निशुल्क दिने योजना दिईयोस् र समाजका अलिकति धनी, हुनेखाने व्यक्तिहरुलाई बिऊमा केहि न केहि शुल्क लिनु पर्दछ भन्ने मलाई लागेको छ। विधेयक मार्फत त्यो कुरालाई सरकारले समेटियोस् भन्दै बिदा हुन चाहन्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय रिना गुरुङ्ग, समय तीन मिनेट।

**<u>माननीय रिना गुरुङ्ग (राष्ट्रिय प्रजातन्त्र पार्टी संयुक्त)</u>:-** माननीय सभामुख महोदय, प्रदेश नं. ३ मा जहिलेसम्म बिऊ बिजनमा प्रदेश नं. ३ आत्मानिर्भर हुँदैन, तबसम्म यो कृषी प्रणाली राम्रो हुन सक्दैन भन्ने मैले धारणा व्यक्त गर्न चाहन्छु। अहिलेको समयमा हामीहरु बिऊ बिजनमा आत्मानिर्भन नहुँदा खेरी अहिले किसान बिऊ किन्नको लागि जस्तो अहिले बाहिरबाट निर्यात भएर आएका हाईब्रेट बिऊहरुको कारणले गर्दा खेरी संघमै धेरी थरीका सब्लिमेन्टहरु किन्नु पर्दछ।

धेरै थरीका सब्लिमेन्टहरु किनिराख्दा खेरी त्यसले किसानका जुन खेत छ किसानको खेतको जुन त्यसको माटोको कुरा छ, माटोको उर्वराशक्ति बिस्तारै बिस्तारै त्यो बिऊको कारण, त्यो बिऊसँगै किनेको सब्लिमेन्टको कारणले गर्दा त्यस माटोको उर्वराशक्ति पनि कम हुँदै गएको छ र बिस्तारै बिस्तारै भोलिको दिनमा हामीहरुको नेपाल मै प्रदेश नं. ३ मात्रैको कुरा पनि हैन नेपाल मै भोलीको दिनमा कृषी प्रणाली मै ठूलो संकट आईपरिने खालको अहिले हामीहरुको देशको अवस्था छ।

त्यसमा चाहीं प्रदेश नं. ३ को ध्यान पुगोस् र हामीहरु बिऊ बिजनमा आत्मा निर्भर हुँदै बाहिरबाट आयतित कुराहरुलाई अहिलेबाट कन्ट्रोल गर्ने तिर जाऔं भन्ने मैले मन्त्रीज्यूहरुसँग आग्रह गर्न चाहें र एकजना माननीयज्यू ले पनि कुरा उठाउनु भयो मैले पनि हेरिरहँदा खेरी विधेयकमा चाहीं यसमा आर्थिक भार नपर्ने देखिन्छ भनेर लेखियो। म

पनि अलि कलि सप्राईज पनि भयो। कसरी हामीहरु यो बिऊ बिजन भनेको त किसानसँग सम्बन्धित विधेयक हो।

किसानसँग सम्बन्धित विधेयक आईरहँदा खेरी हामीहरुले त्यो किसानहरुलाई अनुदान दिनै पर्ने, गरिबहरुलाई निशुल्क बिऊ वितरण गर्नै पर्ने, यस्तो पो हाम्रो विधेयक आउनुपर्ने हो भन्ने कुरा मैले पनि सोचिरहेको, यस्तो विधेयक आईरहँदा खेरी पक्कै पनि हाम्रो अर्थ आर्थिक भार पक्कै पनि अरु विधेयकभन्दा पनि कृषी सम्बन्धित आर्थिक भार बढी नै देखिन्छ भन्ने मेरो एउटा सोचाई थियो। तर त्यस्तो रहेन छ।

मैले यो जो व्यवहारमा पर्ने देखिएको कारणले गर्दा खेरी मैले विधेयक हेरिरहँदा खेरी बुँदा नं. दफा नं. २० मा सेवा शुल्क विषय, यो सेवा शुल्क के हो भन्ने मन्त्रीज्यूले प्रष्ट पारिदिनुहोला। किनकी हामीहरुले किसानहरुसँग सेवाशुल्कको नाममा सिधा वे मा भनौ न कान यताबाट समातिन्छ या यताबाट समातिन्छ कुरा एउटै हो।

त्यही भएर सेवा शुल्कको नाममा भोलीका दिनमा प्रदेश नं. ३ का किसानहरुसँग हामीहरुले सेवा शुल्कको नाममा विभिन्न खालको कर लिन थालियो भने यो बिऊ बिजनको नाममा पनि त्यही भएर यस्तो कुराहरुलाई हामीले निरुत्साहित गर्नु पर्दछ।

बरु प्रदेश नं. ३ सरकारले व्ययभारमा पुगोस्, धेरै व्ययभारमा पुगोस् हामीहरुको संसदको ट्याक्सबाट कट्टीहोस् तर यो किसानहरुलाई बिऊ बिजन मार्फत सेवा शुल्कको नाममा कर लिन पाउँदैन र यो कुराहरु संशोधनहोस् भन्ने आग्रह गर्दै म विदा हुन चाहन्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री रमा आले मगर, समय तीन मिनेट।

**<u>माननीय रमा आले मगर (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यू, प्रदेश नं. ३ को बिऊ बिजन सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक आज सम्मानित यस सभा प्रस्तुत भईरहँदा खेरी म सबैभन्दा पहिला माननीय मन्त्रीज्यूको टिमलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु। यो विधेयकमा छलफल गरिरहँदा खेरी हामी सबैलाई थाहा छ, जस्तो बिऊ उस्तै फल अथवा बिऊ गुणाको फल हुन्छ भनेर भन्छ। त्यसो हुँदा खेरी

हामीले बिऊलाई व्यवस्थित गर्न सकेन, बिऊलाई राम्रो छुट्याउन सकेन भने त्यसको फल प्रति पनि प्रश्न चिन्ह उठ्छ।

त्यसो हुँदा खेरी मैले यहाँ भन्न खोजेको के हो भने यो बिऊ लगाउने, भण्डारण गर्ने कस्तो खालको बिऊ राख्यो भने राम्रो हुन्छ भनेर त्यसको छनौट गर्ने काम विशेष गरी महिलाले गर्छ। त्यसो हुँदा खेरी यो समिति यो विधेयकमा समिति गठन गर्ने कुरा मैले देखे। यो समिति गठन गरिरहँदा खेरी त्यहाँ महिलाहरुको प्रतिनिधित्व मैले निश्चिन्ता देखिनँ। त्यसो हुँद खेरी महिलाहरुले त्यसको संरक्षण पनि गर्ने, कस्तो बिऊ राख्दा खेरी राम्रो हुने भनेर छनौट पनि गर्ने, निर्णय पनि गर्ने तर लिखित रुपमा नीति नियम बनाउँदा खेरी महिलाहरुको प्रतिनिधित्व नहुँदा खेरी यो अलि अन्याय हुन्छ।

त्यसो हुँदाखेरी महिलाहरुको प्रतिनिधित्व यहाँ जरुरी छ, यो कुरालाई ध्यान दिनु पर्छ पहिलो कुरा। दोस्रो कुरो, मैले अघि नै भने जस्तो बिऊ त्यस्तै फल बिऊ राम्रो हुन सकेन भने फल राम्रो लाग्न सक्दैन। त्यसो हुँदा खेरी अहिले स्थानीय निकायको जुन स्थानीय स्तरको बिऊ बिजनहरु बिस्तारै लोप हुँदै गईरहेको छ। त्यो धानको कुरा गरौं, फर्सीको कुरा गरौं, काँक्रोको कुरा गरौं त्यो बिस्तारै लोप हुँदै गईरहेको अवस्था छ। त्यसो हँदा खरी हामीले स्थानीय स्तारको बिऊलाई अथवा स्थानीय बिऊलाई संरक्षण गर्न सकेनौं भने हामी धेरै कुरामा पर निर्भरता भईसकेका छौं। अब बिऊमा पनि हामी बिस्तारै पर निर्भर हुन्छौं र जबसम्म हामीले ईन्डियाले अथवा अरु देशले चाही बिऊ बिजन हाम्रो देशमा पठाउन सक्दैनौं तबसम्म हाम्रो किसानहरु हामी पर निर्भर भएर बाँच्नुपर्ने अवस्था हुन्छ। त्यसो हुँदा स्थानीय स्तरको बिऊ बिजनलाई संरक्षण गर्ने कुरामा ध्यान दिनु पर्छ दोस्रो कुरा।

तेस्रो कुरा मलाई के लाग्छ भने, प्याटन राईडको नाममा, डब्लू.टी.ओ.को नाममा अहिले बिस्तारै हामीले प्रयोग गरिरहेको चाहे अदुवाको, चाहे बेसारको, चाहे मकैको, चाहे फर्सीको बिऊ बिजनहरु हामी नेपालमा लगाईरहेका छौं, त्यसको उपयोग त गरिरहेका छौं तर त्यसलाई अर्कैले यो चाहीं हाम्रो देशमा उत्पादन भएको भनेर दर्ता गरिसकेको हामीले त्यसलाई बेच बिखन र उपयोग गरिरहँदा खेरी त्यसको ट्याक्स, त्यसको रोयल्टी हामीले

अरुको देशलाई तिर्नुपर्ने बाध्यताकारी अवस्थाहरु श्रृजना हुँदै यसो हुँदा खेरी अब हामीले प्याटर्न राईडको नाममा, डब्लू.टी.ओ. को नाममा जुन खालको हामीले उपयोग गरिरहेको बिऊहरु छ त्यसलाई साँचै नेपालमा हिजोदेखि उत्पादन भएका बिऊहरु कुन हुन् त?

हिजो साँचै नेपालको लोकल बिऊहरु कुन् हुन् त? ती कुरालाई पहिचान गरेर अब हामीले प्रदेश सरकारले यसको पहिचानका साथ अगाडि बडाउनु पर्छ भन्ने मलाई लागेको छ, मलाई यो तीन ओटा कुरा यसमा छुटेको हुँदा मन्त्रीज्यू अहिले हाम्रो बीचमै हुनुहुन्छ। यो कुरामा ध्यान पुऱ्याउनु हुनेछ यो विधेयकमा भन्ने कुरा म राख्दै म विदा हुन्छु हवस् धन्यवाद, नमस्ते।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री सोभा शाक्य, समय तीन मिनेट।

**<u>माननीय सोभा शाक्य (विवेकशिल साझा पार्टी)</u>ः-** माननीय सभमुखज्यू, प्रदेश बिऊ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा सर्बप्रथम म स्वागत गर्न चाहन्छु। यो बिऊ बिजन भनेको हाम्रो दशको लागि अति नै आवश्यक हो। किनभने हामी कृषी प्रधान देश भन्छौं। तर अहिले हाम्रो बालीहरु सबै बाँझो अवस्थामा छ। त्यो बाँझो अवस्था भएको कारण के भन्दा खेरी हाम्रो कृषी प्रदान देश भएर हामी अर्का देशको निर्भरमा बसिरहेका छौं। आफ्नो देशमा उत्पादनमुलक हुनुपर्ने उत्पादनमा ध्यान दिन सकिरहेको अवस्था छैन।

अहिले यो बिऊ बिजनले सुरक्षित गरेर हाम्रो नेपाल र हाम्रो ३ नं. प्रदेशलाई चाहीँ बिऊ बिजनको यो विधेयकले धेरै राम्रो हुन्छ जस्तो मलाई लाग्दछ र धेरै राम्रो होस् भन्न पनि चाहन्छौं। हामी भन्छौं आन्तरिक स्रोतलाई त्यत्तिकै वा बेवास्ता गरेर बाह्य स्रोतबाट बाहिरको सामानहरु नेपाल भित्र्याएर हामी विदेशबाट किनेर खाईरहेको अवस्था छ। त्यस कारण यसलाई चाहीं हामी यो ३ नं. प्रदेशबाट यो बिऊ बिजनलाई सबै बाँझ नहुने गरी बाली सबै हरियाली वन भन्न सुहाउँने गरेर हामी गर्न सकौं भन्ने पनि कामना गर्दछौं र हामी पहिला हाम्रो नेपालमा उत्पादन हुने चामल टाईचिन चामल, मार्सी चामल त्यस्तै पोखरेली चामल, चियो भयो, अदुवा भयो सबै हामी विदेशमा बेचेर हामी आय आर्जन गर्छौं भने अहिले हामी सबै विदेशको निर्भरमा बसिरहनु पर्ने अवस्था छ।

त्यस मध्यमा पनि हामीहरुले भनिन्छ नि अनिकालमा बिऊ जोगाउनु, हुलमुलमा जिऊ जोगाउनु। अहिले अवस्था भनेको बिऊ जोगाउनु पर्ने अवस्था छ। यस बिऊलाई जोगाएर हाम्रो खेत कुन ठाउँमा कुन फलिन्छ भन्ने हिसाबले हाम्रो माटोको पहिचान गरेर उब्जनीमूलक गर्न सकेको खण्डमा अझ धेरै राम्रो हुन्छ। हामी यसबाट चाहीं साना साना व्यापार गर्ने साना साना उद्योग गर्नेहरुलाई पनि यस बिऊ बिजन र खेतीपातीबाट धेरै हुन्छ र जबसम्म हाम्रो उत्पादनमूलक सामानहरु हामी युज गर्न सकिदैनौं, हामी खाना सकिदैनौं भने हाम्रो यो देश हाम्रो कहिले पनि विकास हुने छैन।

त्यस्तै हामी विदेशबाट आएको बिषाधी मल राखेर चाहीं हामी खाना खादै गरिरहँदा खेरी हाम्रो स्वास्थ्य सबै बिग्रिरहेको अवस्था छ। त्यस कारण यो मललाई पनि ध्यान दिईयोस् भन्ने म सभामुख मार्फत विनम्र आग्रह गर्न चाहन्छु।

भनिन्छ नि "आलु रोपेर भण्टा फल्दैन" बिऊ त्यस्तै हुनु पर्यो कि बिऊ राम्रो खालको बिऊ हुनु पर्यो। र त्यसबाट चाहीं राम्रै उत्पादन गरेर हाम्रो देशलाई हाम्रो ३ नं. प्रदेशलाई समृद्ध गर्न सक्ने यो एउटा ठूलो माध्यम पनि हो भन्न चाहन्छु। यति नै भन्दै मेरो भनाई यही अन्त्य गर्न चाहन्छु, हाम्रो देशको जय होस्, हामी सबैको जय होस्।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामालाई छलफलमा उठेको प्रश्नहरुको जवाफ दिन अनुमती दिन्छु।

**<u>माननीय दावा दोर्जे लामा, मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयः</u>-** माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरु, यो प्रदेश बिऊ बिजन सम्बन्धी विधेयकमा सैद्धान्तिक छलफल कै क्रममा ११ जना माननीय सदस्यज्यूहरुले नेपाल अथवा यो प्रदेश नं. ३ को माटो, हावा, पानीलाई ध्यानमा राखेर विदेशबाट आएका हाईब्रीड जातका बिऊहरुबाट नेपालको माटो बिग्रिने मात्र हैन ती नेपालको धेरै मानिसहरुलाई निरोगी बन्नु पर्ने ठाउँमा रोगी बन्ने अवस्था श्रृजना हुने, ठूलो र छिट्टै उत्पादन हुनेको नाममा हामीले धेरै जस्तो रासायनिक मल प्रयोग गरेर माटो बिगारिएको र यसलाई संरक्षण र यसको बिऊको

भण्डारण र चिस्यान केन्द्र जस्ता चिजहरु व्यवस्था गर्न नसक्दा हाम्रो देशको रैथाने जातको बिऊहरु संरक्षण हुन नसकेको भन्ने पनि राय आएको छ।

यी लगायतका धेरै सुझाबहरु ११ जना मध्येमा ३ जना साथीहरु पुरुष र बाँकी ८ जना चाहीँ आमा दिदी बहिनीहरु हुनुहुन्छ। यसको अर्थ पनि के भयो भने यसमा कृषीको क्षेत्रमा, अन्नबालीको क्षेत्रमा बिऊ कस्तो हुनुपर्छ, मल कुन ठाउँमा राख्नु पर्छ भन्ने कुरामा सबैभन्दा बढी चिन्तित चाहीँ तपाईहरु नै रहेछ भन्ने कुरा प्रष्ट भयो।

अब यहाँहरुको स्वभाविक पनि छ। आमा यस्तो जात हो आमाले जति आमाले जुन माया छोरालाई दिन्छ, त्यस्तो छोरीलाई दिन्छ। माटोलाई पनि हरियाली बनाउने, कृषीलाई पनि माया दिदो रहेछ भन्ने पुष्टि भएको हुनाले यो तपाईहरुको जुन भावना छ, भर्खर प्रारम्भिक छलफल हो।

यो प्रारम्भिक छलफलको क्रममा उठेको विषयहरु भोली यसलाई हामीले संसदीय समिति मार्फत संसोधन गरेर, मैले अघि पनि बाहिर चिया खाने ठाउँमा भनेको थिएँ, तपाईहरुले जति सुझाब, रायहरु ल्याउनुहुन्छ, मैले पूँजीको रुपमा मात्रै ग्रहन गर्छु। मेरो विरुद्धमा बोलेको भनेर अतिकति पनि सम्झिने छैन भने, कति राम्रो कुरा आएको छ, सबैबाट आएको कुरा सुनमा सुगन्ध मिल्ने गरी आएका छन्।

त्यसकारणले धेरै कुराहरु आउनु भन्दा अब केही समय पछाडी तपाई हामी नै बसेर छलफल गरेर यो विधेयकलाई टुङ्गो लगाएर ऐनमा प्रमाणित हुने बेलामा अत्यन्त राम्रा अहिलेसम्मै नबनेको, नेपालको पनि ७ ओटा प्रदेश मध्येमा ३ नं. प्रदेशको सबैभन्दा अब्बल खालको, उन्नत खालको, व्यवस्थित ढंगले बनेछ है भन्ने खालको हामी सबैको साझा प्रयासले बनोस्।

अहिले म धेरै कुरा राख्न चाहन्न। यहाँहरुको सुझाबलाई आत्मसात गरेर, आउने छलफलमा सबै जना साथीहरु, समितिका साथीहरु पनि भाग लिऔं, समितिमा नरहेका साथीहरुले पनि संसोधनमा तपाईहरुले प्रस्ताव राख्न सक्छ। यसलाई अझै धेरै व्यवस्थित गर्दै लैजाने कुरामा मैले यहाँहरुले दिएको सुझाबलाई धन्यवाद दिएर मेरो भनाई टुङ्ग्याउनु चाहन्छु, धन्यवाद, नमस्कार।

**<u>माननीय सभामुखः</u>-** अब यो छलफल यहीँ समाप्त हुन्छ। अब म प्रदेश बिऊबिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश बिऊ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसहमतीले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म माननीय भूमि व्यवस्था कृषी तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामालाई प्रादेशिक कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु।

**<u>माननीय दावा दोर्जे लामा, मन्त्री, भूमि व्यवस्था कृषी तथा सहकारी मन्त्रालयः</u>-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेशिक कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सभामा विचार गरियास् भन्ने प्रस्ताव सम्मानित सदनमा पेश गर्दछु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब प्रादेशिक कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियास् भन्ने प्रस्तावमाथि अर्थात विधेयकमाथिको सामान्य छलफल प्रारम्भ हुन्छ। माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउँद छु।

उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरुले आ–आफ्नो नाम सभामुखको ड्याससँगै बसेको कर्मचारीलाई चिट मार्फत लेखी उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु।

छलफलमा भागलिने प्रत्येक माननीय सदस्यहरुलाई तीन मिनेटको समय निर्धारण गरेको छु।

सर्बप्रथम म माननीय रमेश पौडेललाई छलफलमा भाग लिन समय दिन्छु। समय तीन मिनेट।

**माननीय रमेश पौडेल (विवेकशिल साझा पार्टी)**:- माननीय सभामुखज्यू, यो सैद्धान्तिक छलफलमा यहाँ पटक–पटक आएर बोल्दै गर्दा कहिले काहीं मन्त्रीज्यूहरुलाई विधेयक प्रस्तोता मन्त्रीज्यूहरुलाई लाग्दो हो। यसले त बढी आलोचनात्मक कोण–कोण कुराहरु मात्रै राख्छ भनेर। म निवेदन गरौ तपाईहरुले गर्नु भएको राम्रा कामको पनि यो हलमा भएकै छ र यो तीन मिनेटको यो जादुगरी समय छ, यसलाई चाहीं धेरै प्रशंसामा खर्च नगरिकन अलिकति आलोचनात्मक चेतबाट केही राख्न सकियो भने त्यसले हामी सबैलाई नै फाईदा पुग्छ भन्ने आशयले नै हो।

यो विधेयकको बारेमा म प्रवेश गर्दै गर्दा खेरी सबैभन्दा पहिले नै यो आर्थिक टिप्पणी छ यहाँ, अहिले यहाँ अलिकति कुरा पनि उठ्यो, यसको म सबै त पढ्दिनँ यसको अन्तिम वाक्यांशमा के छ भने प्रदेश सरकारलाई आर्थिक व्यय भार नपर्ने देखिन्छ भनेर भनिएको छ। अनि त्यो बुझेर पढ्दै जाँदा खेरी मैले के पायो त भन्दा खेरी यो विधेयकमा चाहीं आधा दर्जनमा आर्थिक व्यय भार पर्ने देखिन्छ र यो म सबै त पढ्दिन, फेरी पनि समयको पावन्दि छ, एउटै मात्र पढ्छु दफा नं. २१ मा के छ भन्दाखेरी कृषी व्यवसायलाई सुविधा दिने भनेको छ र मन्त्री परिषदले मन्त्रालय मार्फत कृषी तथा पशुपन्छी व्यवसाय प्रबर्धनका लागि उत्पादन सामग्री आपूर्ति, उपज उत्पादन, प्रसोधन, भण्डारण र बजारीकरणमा तोकिए बमोजिम छुट तथा सुविधा दिन सक्ने छ भनिएको छ। अब यो दुबै पानामा मन्त्रीज्यूले सही गर्नु भएको छ।

म कुन पानालाई विश्वास गरौ? म यो आर्थिक टिप्पणीलाई विश्वास गरौ कि भित्रको बुँदालाई विश्वास गरौ। किनभने यो यस्तो कुनै जादुगरी कुनै उपाय त्यस्तो नून ढिक्का पनि नफोर्ने अलिनो पनि नखाने त्यस्तो त कुनै छ जस्तो त लाग्दैन। यदि छ भने अहिले

मन्त्रीज्यूले प्रष्ट राख्नुहोला। त्यसले गर्दा खेरी यो कुनै सामाननीय गल्ती मात्रै होईन। माननीय सभामुखज्यू, यो चाही आर्थिक व्यय भार पर्ने कि नपर्ने भन्दा खेरी ढुकुटीको पैसा खर्च हुने कि नहुने भन्ने प्रश्न हो। त्यसले गर्दा खेरी यसलाई त्यति हलुका ढंगले पनि नलिऔं र यसलाई अलिकति यो कुनै एकजना व्यक्तिको, मन्त्रीज्यूको कुरा हैन वहाँसँग सिंगो टिम छ, प्रदेशले त्यसमा रिसोर्सेचहरु लगानी गरेको छ, त्यहाँ टिम बसेर अध्ययन गर्छ, भनेपछि यस्तो खालको गम्भिर किसिमको गल्तीहरु यसमा नदोहोरियोस् र यहाँ यति मात्र हैन तपाईको यो प्रत्यायोजिक व्यवस्थाको जुन प्रावधानहरु छ, त्यसले पनि धेरै आर्थिक व्यय भार पर्ने, ढुकुटीमा व्यय भार भर्ने देखेको छ। त्यसले गर्दा खेरी यो गम्भिर खालको त्रुटीलाई चाहीं सच्याएर अगाडी बढाईयोस् भन्ने कुरा म यो संद्धान्तिक छलफलको क्रममा राख्न चाहन्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सीता अधिकारी, समय तीन मिनेट।

**<u>माननीय सीता अधिकारी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यू, हामी आज प्रदेश कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको यो एउटा सैद्धान्तिक छलफलको क्रममा छौं। यस विधेयक आत्मनिर्भर अर्थतन्त्र निर्माणको लागि महत्वपूर्ण साधक बन्ने भन्ने मैले शुभकामना दिन चाहन्छु। हामी निर्वाहमूखी कृषी प्रणालीमा छौं। निर्वाहमूखी कृषी प्रणालीबाट व्यवसायीकतामा बदल्नु कहिलेको कृषी क्षेत्रको मुख्य चुनौती पनि हो। कृषी क्षेत्रमा युवा वर्गहरुलाई आकर्षित गर्न सकियो भने हामी छिट्टै आत्मनिर्भर तर्फ अगाडी बढ्न सक्छौं भन्ने मलाई लाग्छ। नेपाली उत्पादित वस्तुको मुल्य भारतीय उत्पादित वस्तुको मुल्यसँग प्रतिष्पर्धा गर्न नसक्दा हाम्रा नेपाली कृषी व्यवसायीहरु एउटा धरापमा पर्ने स्थिति हामीले देखिरहेका छौं। केही समय अगाडीसम्म मैले एउटा टेलिभिजनमा चितवनको एउटा बन्दा खेतीमा ट्याक्टर लगाएको, त्यसबाट उत्पादित वस्तु बिक्री नभएर त्यसमा ट्याक्टर लगाईएको थियो बन्दा सहित।

त्यहि समयमा टनका टन बन्दाहरु भारतीय बजारबाट नेपालमा भित्री रहेको पनि थियो होला। त्यसैले हाम्रो मुख्य समस्या कृषीबाट उत्पादित नेपाली वस्तुहरु भारतीय

उत्पादित वस्तुसँग एउटा प्रतिष्पर्धा गर्न नसक्ने र नेपाली कृषी व्यवसायीहरु एउटा अन्यौलमा हुने, उनीहरुको पेसा धरापमा पर्ने हामीले स्थिति देखिरहेका छौं। यसलाई यो विधेयकले संवोधन गर्न जरुरी छ भन्ने मलाई लाग्छ। बाँझो जमीनहरुलाई हाम्रो माटो सुहाउँदो अधिकतम् ढंगले उपयोग गर्ने नीति यस विधेयकले पनि लिन सक्नु पर्छ। कृषी जन्य वस्तुहरु जस्तो हामीले केही चिजहरुमा माछा, मासु, अण्डा जस्ता केही चिजहरुमा आत्मानिर्भर हुने ढंगले यहि विधेयकबाट व्यवस्था गरेर अगाडी बढ्न सक्यौं भने हामीले सोचेको समृद्ध नेपाल निर्माण गर्न धेरै समय लाग्ने छैन। म यहि शुभकामना दिदै विदा हुन्छु, हवस् त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री केशवराज पाण्डे, समय तीन मिनेट।

**<u>माननीय केशवराज पाण्डे (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुख महोदय, यो जुन विधेयक अहिले सदनमा पेश भएको छ, यसको सुरुमा यसको प्रस्तावनामा नै अत्यन्त राम्रा कुराहरु छन्। यसको उद्देश्यहरुमा नै कृषीलाई आधुनिकीकरण गर्ने, व्यवसायीकरण गर्ने, सामुहिक खेतीको रुपमा जाने र सँगसँगै यसलाई हामीले औद्योगिकरण गर्ने भन्ने बाटोमा जानु पर्छ होला। कृषीलाई हामीले औद्योगिकरण गर्न जरुरी छ। तर हामीले यी कुराहरु भनिरहँदा यी कुरा कसरी गर्छौं ?

त्यसका बारेमा पनि हामी प्रष्ट हुन जरुरी छ। हामी सामुहिक खेतीमा कसरी पुग्ने ? त्यसका उपायहरु के–के हुन सक्छ ? सरकारले लिजमा लिने हो की ? अरुलाई लिजमा दिने हो की ? हामी कसरी जान सक्छौं ? ती विषयवस्तुहरुको बारेमा त्यति प्रष्ट देखिरहेको छैन र त्यसलाई पनि देखाउनु पर्छ। अहिले हामी यहाँको मन्त्रालयको बनौटलाई हेर्दा हामी कस्तो छौं भने, कृषी मन्त्री, भूमि सुधार मन्त्री मन्त्रालय हेर्छ, सिँचाई चाहीँ भौतिक पूर्वाधारले हेर्छ।

हामीले आधुनिकीकरण गर्छु भन्छु तपाईले अतिकति अनुदान त दिनुहुन्छ कृषी मन्त्रालयबाट सिँचाईलाई चाहीँ पैसा हाल्दैन हामी कसरी जान्छौं। उद्योग सञ्चालन गरका छौं, त्यहाँ बिजुली चाहिएको छ। बिजुली आईपुऱ्याउन सक्दैनौं हामी चाहीँ कयौं पटक त्यहाँ

बिजुली पुऱ्याउ भन्दा खेरी पुग्न नसक्ने स्थिति छ। यी सबै कुराहरुलाई हामीले ती सबै कामहरु गर्दा खेरी यसलाई पनि कसरी व्यवस्थित गर्छौं? हामी औद्योगिकरण गर्ने भन्दा हामी कसरी गर्न सक्छौं? अहिले हामीले सामुहिक खेती गर्न सकेनौं भने पनि मलाई लाग्छ एउटा काम गर्न सक्छौं।

एउटा क्षेत्रमा एउटा फाँटमा एकै प्रकारका मात्र धान रोप्ने। त्यो जब एकै पटक पाक्ने हुन्छ, रोप्ने बेला हुन्छ हामी ठूला औजारहरु प्रयोग गर्न सक्छौं। अहिले एउटामा एउटा, अर्कोमा अर्को, अर्कोमा अर्को भईरहेको छ हामी गर्न सकिरहेका छैनौं। त्यतिबाट मात्र सुरुवात् गर्न सक्छौ भने पनि केही सुधार ल्याउन सक्छौं, भन्ने मलाई लाग्छ। अर्को यहाँ एउटा समिति पनि बनाउँदो रहेछ। मैले देखेको सबैभन्दा ठूलो समस्या के हो भने, 'अनुदान' अनुदान लिने अनुदान दिन हुने की नहुने अनुगमण गर्न जाने र त्यो निर्णय गर्ने बढी एउटै, अनि किसानसँग त्यहीबाटै बार्गेनिङ सुरु। तैले पाउने अनुदान यति प्रतिशतसम दिने की नदिने? यसलाई कसरी रोक्नुहुन्छ? यसको निम्ति कम्तिमा फरक खालको समिति बनाउनु भयो भने मात्र रोकिन सक्छ।

निर्णय गर्ने, सिफरिस गर्ने समिति को हुन सक्छ त, भन्दा अन्त्यबाट विज्ञहरु लिने त्यो बनाउने र त्यो चाहीँ निर्णय गर्ने ठाउँमा विज्ञहरुले गरेको सिफारिसको आधारमा निर्णय हुने भन्ने हो भने को गयो, को आयो कसले सम्पर्क गर्ने भन्ने नै हुँदैन। स्थायी मान्छेहरु राखेर समिति बनाउँछौ, अहिले हामीले देखेका त्यही हौं। हामीले सुनेका छौं। प्याक्टमा चाहीं करोडौं रुपैयाँ लिएर गए, त्यो कुनै पनि काम भएन।

त्यो मेरै जिल्लामा पनि छ। कहिले केही पनि छैन। करोडौं रुपैयाँ त गयो, अहिले वहाँ पनि सम्मानित ठाउँ मै हुनुहुन्छ। केही पनि भएनन्। यस्ता खालका समस्याहरु छन् र यसलाई हामीले फरक–फरक निकाय बनाउँनै पर्छ।

अनुदान दिन निर्णय गर्ने निकाय, अनुगमण गर्ने निकाय र त्यसको काम भएको नभएको हेर्ने निकाय यदी फरक बनाउन सकेनौं भने फेरी पनि हामी त्यहाँ दिइएको अनुदानबाट केही पनि प्राप्त नगरि त्यहाँ पुग्न सक्छौं र त्यो कृषीमा चाहिने सबै चिजहरु, आधारभुत कुराहरु के–के हुन्? त्यसलाई निर्णय गर्ने अधिकार चाहीं सम्बन्धित निकायले नै

दिनु पर्यो। त्यहाँ चाहीँ सबै खालका कुराहरु त्यसरी गयो भने उपयुक्त हुन्छ होला भन्ने मलाई लाग्छ। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री योगेन्द्रराज संग्रौला, समय तीन मिनेट।

**<u>माननीय योगेन्द्रराज संग्रौला (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख महोदय, सरकारको तर्फबाट सम्मानित सदनमा जुन विधेयक प्रस्तुत भएको छ, यो अत्यन्तै सान्दर्भित, अत्यन्तै महत्वपूर्ण र यो दुरगामी प्रभाव पार्ने खालको रहेको हुनाले सर्बप्रथम यसले लिएका लक्षहरु, यसले लिएका उद्देश्यहरुलाई मैले हार्दिक स्वागत गर्न चाहन्छु।

यो विधेयकले यति बेला यो मुलुकबाट यो मुलुकभित्र आफ्ना रोजगारीका समस्याहरु, केही पनि छैनन् भनेर एउटा ठूलो पंति विदेश पलायन भईरहेको छ। यो विधेयकले मेरो विश्वास छ, मलाई विश्वास लागिरहेको छ कि व्यवसाय प्रबर्धनको लागि कृषी व्यवसायमा आधारित किसानहरुलाई एउटा नयाँ किसिमको विश्वास जगाउने छ। आफ्नो कर्मप्रति आफ्नो पसिना बगाएको जुन मुल्य छ त्यसको उचित मुल्य पाउने छ भन्ने किसिमको विश्वास किसानहरुले राख्ने छन् र त्यो विश्वासका साथ यो अगाडी बढ्छन् भन्ने किसिमको विश्वास यो विधेयकले ल्याएको छ।

तर पुर्ववक्ता माननीयज्यूहरुले भने जस्तै यसको कार्यन्वयनमा के कसो हुन्छ यसलाई यो सिद्धान्तमा त हामीले यसलाई ठिक मान्यौ तर कतिपय अवस्थामा समन्वयको अभाव, किसानले उत्पादन गरेका आफ्ना उत्पादनहरु उपभोक्तासम्म पुग्न नसक्ने अवस्था र आफ्नो मुल्य पाउन नसक्ने अवस्था उत्पादन गरिएको कुरालाई उपभोक्ताले पनि उचित बेलामा खान नपाउने अवस्था हामीले देखिरहेका छौं।

त्यसो हुनाले व्यवसाय प्रबर्धन भनेर हामीले भनिरहँदा खेरी यसले उत्पादन गरेका कुराहरु र उपभोक्तासम्म पुर्याउने कुरालाई हाम्रो तर्फबाट, सरकारको तर्फबाट उचित व्यवस्था हुनुपर्ने छ। बजारका व्यवस्थाहरु, उपभोक्तासम्म लाने व्यवस्थाहरु पनि हामीले सँगसँगै गर्नुपर्नेछ। विशेष गरेर हामीले अनुदानलाई भन्दा पनि प्रविधिलाई, ज्ञानलाई कसरी के भन्दा खेरी किसानहरुलाई प्रबर्धन गर्ने, कसरी सिकाउने।

हामीले माछा मारेर दिने भन्दा पनि माछा मार्न सिकाउने चाहीँ यसको मुख्य लक्ष्य हुनुपर्दछ। त्यसो हुनाले हामीले यो विधेयक मार्फत जब हामी दफावार छलफल गर्नेछौं, समितिमा होस् अथवा अन्य ठाउँमा होस् यसमा हामीहरुको सबै सक्रियता सहने छ र आज किसानहरु जो के भन्दा खेरी एउटा निरासाको स्थितिमा रहिरहेकोलाई हामीले आशा जगाउने, विश्वास जगाउने र आफ्नो कर्मप्रति, आफ्नो कामप्रति, आफ्नो पसिनाप्रति आफ्नो विश्वास जगाउने विधेयकले आफ्नो उद्देश्य र लक्ष्य ल्याएको छ। यसको शुभकामना सहित म आफ्नो भनाई यही टुङ्ग्याउँछु, धन्यवाद।

**<u>माननीय सभामुखः-</u>** माननीय श्री पुकार महर्जन, समय तीन मिनेट।

**<u>माननीय पुकार महर्जन (नेपाली काङ्ग्रेस)</u>ः-** माननीय सभामुख महोदय, हामी यो प्रदेशको समृद्धीको महाअभियानमा छौं। यो प्रदेशको समृद्धीको कुरा गर्दै गर्दा कृषी क्षेत्र एउटा सार्थक हुन सक्छ। त्यसका लागि कृषी प्रबर्धनमा कृषी व्यवसाय प्रबर्धनमा जोड दिनुपर्छ। साथसाथै ऐन पनि राम्रो हुनुपर्छ भन्ने मलाई लागेको छ। कृषी जसले कृषी व्यवसायलाई हामीले प्रबर्धन गर्न सक्यौं भने हामीले कृषी र खाद्य आत्मनिर्भर हुनसक्छौं। एकातिर भने अर्कोतिर युवा स्वरोजगारलाई बढावा दिन सक्छौं।

बर्षौंनी अहिले दिनदिनै ठूलो युवाहरुको जमात विदेशीन बाध्य भएको छ त्यसलाई रोक्न सक्ने हुन्छौं भन्ने मलाई लाग्छ र कृषीलाई व्यवसायीकरण, विवेधिकरण, वैज्ञानिकीकरण र सामुहिकीकरण जरुरी छ। त्यो भन्दै गर्दा खेरी आज हामीले कृषी गर्न भूमि त चाहियो। आज भूमि एउटा ठूलो खण्डिकरण भईरहेको छ। जहाँ त्यही भूमि खण्डिरकण, जसले गर्दा खेरी कृषी योग्य जमीन सकिदै गईरहेको अवस्था छ त्यसका लागि पनि सरकारले ऐन बनाउँदा खेरी कृषी क्षेत्र भनी तोकिन जरुरी छ जस्तो मलाई लाग्छ र आज कृषी क्षेत्र तोक्न सकिएन भने भाली कृषी योग्य जमीन सकिन्छ अनि यो ऐनको सार्थकता नहुनसक्छ त्यसप्रति पनि हामीले विशेष जोड दिनुपर्छ हुन त बाँझो नराख्ने भन्ने कुरा ल्याएको छ त्यो एउटा सकारात्मक पक्ष पनि छ र त्यो भन्दै गर्दा पनि कृषी क्षेत्रलाई अलिकति बढी जोडदिनु यो ऐनले जरुरी छ जस्तो मलाई लाग्छ र ऐनले कृषीमा अनुदान, कृषीमा ऋणको

कुरा गरिएको छ र आज हामीले देख्यौं अघि भर्खर पनि साथीले भन्नु भो कि ऋण र अनुदान वास्तविक किसान र गरिवी किसानहरुको पहुँचमा छैन। जो हुनेखाने अनि पावरको पहुँचमा आज अनुदानहरु गईरहेको छ, ऋणहरु गईरहेको छ जसले गर्दा खेरी वास्तविक किसानहरु पिडित भएका छन्। त्यता पट्टी पनि यो ऐनले ध्यान दिन सकेको भए राम्रो हुने थियो भन्ने मलाई लाग्छ। यति भन्दै विदा हुन चाहन्छु, धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री सीता लामा, समय तीन मिनेट।

**<u>माननीय सीता लामा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुखज्यू, प्रदेश कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक आज हाम्रो सामु आईरहँदा खेरी म सिंगो टिमलाई माननीय मन्त्री लगायत सिंगो टिमलाई कृतज्ञता जाहेर गर्दछु यस अर्थमा कि अहिले हाम्रो देशको कृषी समुदायहरु अत्यन्तै ठूलो चपेटामा पिल्सिरहेको अवस्थामा वहाँहरुले आफुले लगानी गरेको लगानीको प्रतिफल नपाएर प्रताडित भईरहेको अवस्थामा यो विधेयकले अलिकति वहाँहरुको बिचमा ऊर्जा पलाउने काम गर्दछ र यो भरोसाको केन्द्र पनि हुनेछ भन्ने मैले विश्वास लिएको छु। त्यस कारणले गर्दा यो विधेयक नेपालको संविधानले सुनिश्चि गरेको खाद्य अधिकार र खाद्य संप्रभुताको हकलाई सुनिश्चितता गर्न यो विधेयकले अहम भूमिका निवारण गर्दछ।

कृषीको आधुनिकीकरण गर्ने, सामुहित खेतीको प्रबर्धन गर्ने, त्यसको व्यवसायीकरण गर्ने र उत्पादन वृद्धि गर्ने लगायत कृषी बजार सञ्चालन जस्ता कुराहरु यो विधेयकमा समेटिएको छ। यो विधेयकमा आएको छ, कृषी व्यवसायको विकास, विस्तार र प्रबर्धन गर्ने सन्दर्भमा ती कुराहरु मात्रैले पर्याप्त हुने छैन। किन भन्दा खेरी अहिले हाम्रो देशको अधिकांश जमीन बाँझो भईरहेको अवस्था हामी सामु घामजति नै छर्लङ्ग छ। त्यो किन भईरहेको भन्दा खेरी त्यो बाँझो जमीनमा खेती गर्नको लागि वहाँहरु हिच्किचाउनु हुन्छ। हिच्किचाहट व्यक्त गर्नुहुन्छ र खाडीमा गएर जस्तोसुकै परिश्रम गर्न वहाँहरु तत्पर हुनुहुन्छ। किन भन्दा खेरी वहाँ कृषी व्यवसायप्रति, कृषी पेसाप्रति वहाँप्रति जुन किसिमको वितृष्णाको भाव जागृत भएको, लगानी गरेर प्रतिफल नपाउनु हो।

त्यस कारणले गर्दा त्यो कुराहरुलाई हामीले हृदयङ्गन गर्ने पर्ने हुन्छ, त्यो कुराहरुलाई हामीले ध्यान दिनुपर्ने हुन्छ र यो विधेयकमा सबै कुरा आउँदा आउँदै पनि फेरी पनि एउटा खड्किएको विषय, छुटेको एउटा महत्वपूर्ण पाटो छ। विधेयकले कृषी कर्जा उपलब्ध गराउने भनिरहँदा खेरी कस्तो अवस्थामा कृषी कर्जा उपलब्ध गराउने भन्दा खेरी कुनै पनि बैंक तथा वित्तिय संस्थाहरुले संस्थाको नियम बमोजिम चाहीं कृषी ऋण उपलब्ध गराउन सक्ने भन्ने प्रावधान राखिएको छ। कुनै पनि बैंक तथा वित्तिय संस्था भन्ने वित्तिकै प्राईभेट अहिले कम्पिटिसनको जमानामा प्राईभेट बैंक तथा वित्तिय संस्थाहरुले चाहीं कर्जा उपलब्ध गराइरहँदा खेरी अति महँगो व्याज दरमा कृषी समुदायले त्यो व्याजदर बोक्नुपर्ने स्थिति छ। त्यसकारणले गर्दा हामीले महत्वपूर्ण पाटो यहाँ ध्यान दिनुपर्ने हुन्छ। त्यो के हो भन्दा खेरी सरकारी बैंकहरुलाई हामीले प्रमोट गर्ने कि नगर्ने? सरकारी बैंकहरुलाई हामीले प्रमोट गर्नु यस अर्थमा पर्छ कि प्राईभेट बैंक तथा वित्तिय संस्थाहरुले जुन दिईने व्याजदर छ, लिने व्याजदर छ, त्यो भन्दा अत्यन्त सुलभ दरमा चाहीं गभरमेन्ट सरकारी बैंकहरुबाट प्राप्त गर्न सक्ने स्थिति रहेको छ।

त्यस कारणले गर्दा हामीले नगरे कसले प्रमोट गर्ने सरकारी बैंकहरुलाई चाहीं कम्पल्सरी क्लज राखेर चाहीं कृषी ऋण प्रवाह गर्नुपर्छ भनेर हामीले बाङ्नुपर्ने हुन्छ। त्यस कारणले गर्दा त्यो सँगसँगै आर्थिक व्यय भारको कुरा आईसकेको छ सबसिटिज दिएनौं भने कृषी व्यवसायको विकास, विस्तार र प्रबर्धन सम्भव नै छैन। सबसिटिज दिएर वहाँहरुलाई आत्मनिर्भर बन्नु उत्प्रेरित गर्दै बाँझो जमीनको सदुपयोग गरौं भन्दै मेरो भनाई यही अन्त्य गर्छु, हवस् त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री नारायण बहादुर सिलवाल, समय तीन मिनेट।

**<u>माननीय नारायण बहादुर सिलवाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, प्रदेश कृषी, कृषीमा व्यवसायीक प्रबर्धन त मलाई लाग्छ, ऐन पहिले पनि थियो र हामीले काम गर्दै आएका पनि हौं। तर संघीय संरचना गईसकेपछि प्रदेश सरकारले कृषीमा आफ्नो नीति अनुसार प्रबर्धन गर्न यो ऐन ल्याएको छ। त्यसको लागि म धन्यवाद

दिन चाहन्छु र कृषीको व्यवसायीकरण गर्नको लागि जमीनको स्वामित्व निकै महत्वपूर्ण हुँदो रहेछ। हाम्रो देशको निजी स्वामित्वमा रहेको कारणले अन्य क्षेत्रमा जस्तै कृषीमा व्यवसायीकरण गर्न ठूलो अवरोध यो भन्दा अगाडी आएको मलाई लाग्छ, यदि राज्यको लगानी जमीन हुन्थ्यो भने ठूलो लगानी जमीनको भाडा अथवा किन्नको लागि खर्च गर्नु पर्दैनथ्यो। जसले हामी धेरै ठूलो फड्को मार्न सक्थ्यौं।

यद्धपी अब जे छ त्यो पस्थितिमा ऐन बनाउनु पर्ने भएकोले भू–उपयोग नीति अहिले केन्द्रले बनाईसकेको लाग्छ। त्यो नीति मातहत रहेर अहिले पर्यटनसँग जोडेर हाम्रोको कृषी व्यवसायीकरणलाई लगाडी बढाउन सकौं भने हामीले लिएको लक्ष्य प्राप्त गर्न सक्छौं कि अलिकति त्यो ऐन प्रस्ताव गर्दा हामीले ध्यान पुऱ्याउन सक्यौं। हाईब्रीड उत्पादन गरेर पनि त्यति राम्रो हुँदो रहेन छ, हामीले अघि बिऊ बिजनको बारेमा पनि छलफल गर्यौं। हामीले हिजोदेखि भोग्दै आएको, यदि साँचिकै हाम्रा हिजोका उत्पादनहरु स्थानीय उत्पादनहरुलाई प्रबर्धन गर्दै पर्यटनसँग जोडेर कृषीलाई व्यवसायीकरण गर्न सक्ने हो भने निकै पर्यटकलाई आकर्षण गर्न सक्ने, उत्पादनमा वृद्धि गर्न सक्ने र हाम्रा कृषकहरु गाडी चढेर पनि हिंड्न सक्ने अनि किसान र व्यवसायी बिचमा अलि सम्मान नभएको भन्ने कुरालाई पनि सफलता प्राप्त गर्न सक्छौं कि तत्काल कुरा राख्दा यसमा अलि महत्वकांक्षी कुरा जस्तो हुन सक्छ। तर यो बाटोमा हिंडेदेखि अलि नयाँ ढंगले सफलता प्राप्त गर्न सकिन्छ कि भन्ने मेरो ध्यानाकर्षण गराउन चाहन्छु म सरकारलाई अनि त्यसपछि ठूलो अर्को भनेको उत्पादन अघि पटक–पटक भनिरहेका छौं, उत्पादन कृषकले गर्ने र खुला अर्थ नीतिमा हामी गईसकेपछि ४६ साल पछि अझ बढी, भन्दै जाँदा अब यतातिर पनि निरङ्कुशतातिर पो जान लाग्यो कि क्या हो यो नेकपाको सरकार भन्ने लाग्ला साथीहरुले।

पटक–पटक भन्ने गर्नुहुन्छ, राज्यले नै बजारको व्यवस्थापन नगर्ने हो भने तपाई कहिल्यै पनि कुनै अहिलेसम्म हामीले लाएको हामीले चलाएको मुल्यमाननीय ताले अथवा जुन नीति छ त्यसले चाहीं कृषकले मुल्य पाउन सक्दैन हेर्नुस्। तपाई उखुमा हेर्नुस् जति खेर उसले बच्नु पर्ने हुन्छ सँधै आन्दोलन गर्नुपर्ने काहीं त्यस्तो हुन्छ? माछामा हेर्नुस्, जहाँ हेर्नुस् तपाई कृषक सँधै पिडित छ त्यसैले राज्यले बजारको ग्यारेण्टी गरिदिने हो भने त्यो सहकारी मार्फत हुनसक्छ, अथवा अरु कुनै मार्फत त्यो गरिदिने हो भने मलाई लाग्छ

कृषीमा, व्यवसायीकरणमा हामीले ठूलो सफलता प्राप्त गर्न सक्छौं। त्यसको लागि यो ऐन अलि व्यापक छलफल गरेर अगाडी बढाउँदै जाऔं भन्ने मेरो अनुरोध, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री निमा लामा, समय तीन मिनेट।

**<u>माननीय निमा लामा (नेपाली काङ्ग्रेस)</u>ः-** माननीय सभामुखज्यू, प्रदेश कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को सैद्धान्तिक छलफलमा भाग लिन गईरहेको छु। समाभुख महोदय, मैले तीन–चार महिना अगाडि एउटा अखबरमा पढ्न पाएको थियो, नेपाल उद्योग वाणिज्य महासंघ एफ.एन.सी.सी.आई र प्रदेश नं. ३ को करकारले एफ.एन.सी.सी.आई.ले यो कृषी क्षेत्रमा सहकार्य गर्ने भनेर एउटा ओ एम यू साईन गऱ्यो भनेर मैले सुन्न पाएको थियो। जुन एउटा स्वागत योग्य काम थियो र आज जुन यो विधेयक आएको छ यो कृषी व्यवसाय प्रबर्धन बन्ने, प्रबर्धन भन्ने बित्तिकै कृषी उत्पादन र उत्पादित वस्तुको बजारको व्यवस्थापन भन्ने बुझ्दछ। जहाँसम्म नेपालमा उत्पादित कृषी वस्तुहरुको बजारीकरणको कुरा छ, मैले थाहा पाए अनुसार यो बजारको समस्या नेपालमा उत्पादित वस्तुहरुको बजारको समस्या छदै छैन।

त्यसमा पनि चाहे त्यो स्वदेशको बजारीकरणमा होस् या विदेशको होस्। त्यसो भएको हुनाले समस्या त यहाँ उत्पादन, बजारीकरण भन्दा पनि यो उत्पादनमा जुन भोलुम हामीले क्रिएट गर्न सकिरहेका छैन त्यो चाहीँ हाम्रो समस्या हो जस्तो लाग्छ। त्यसो भएको हुनाले हामीले यो हाम्रो यो परम्परागत कृषी प्रणालीभन्दा माथि उठेर हामीले यो यसको भोलुम बढाउने तर्फ गयौं भने यसले जुन किसिमको मार्केटिङ, जुन किसिमको बजार हाम्रो नेपाली कृषी उत्पादनहरुमा छ, त्यसले गर्दा खेरी बजारको समस्या नभएको कुरा मैले राख्न चाहेँ।

अर्को कुरा जस्तै उदाहरणको लागि नेपालमा उत्पादित कफी अहिले यो अन्तरराष्ट्रिय बजारमा एकदमै हाई भ्यालु कफी र यसको हाई डिमाण्ड छ र हाई डिमाण्ड हुँदा हुँदै पनि नेपालमा उत्पादित कफीलाई अन्तरराष्ट्रि बजारमा हामीले मागको ४० प्रतिशत पनि हामीले सप्लाई दिन सकिरहेका छैनौं। त्यसो भएको हुनाले हामीले यो उत्पादनको बजारभन्दा पनि

हामीले उत्पादन तर्फ दिनुपर्ने जरुरी देखिन्छ र अर्को कुरा त्यो त्यसको भोलुम बढाउने भन्दाखेरी फेरी यो क्वालिटी पनि मेन्टेन गर्नुपर्ने जरुरी देखिन्छ।

त्यसैले यो प्रदेशभित्रको जुन जुन ठाउँमा जुन जुन किसिमको कृषी व्यवसाय गर्न सकिन्छ, ठाउँ अनुसारको यो पकेट क्षेत्र तोकी उत्पादनमा बढाउनु पर्ने जरुरी देखिन्छ र यो विधेयकको दफा नं. ३४ मा यो प्रत्येक व्यवसायीहरुले अनिवार्य रुपमा बिमा गर्नुपर्ने बुँदा राखिएको छ। त्यो एकदमै राम्रो पक्ष छ, स्वागत योग्य छ। यति भन्दै मेरो आफ्नो भनाई यही टुंग्याउँछु। धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री भीमसेन खत्री, समय तीन मिनेट।

**<u>माननीय भीमसेन खत्री (नेपाली काङग्रेस)</u>ः-** माननीय धावा दोर्जे लामाज्यूले प्रस्ताव गर्नु भएको प्रदेशिक कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा भन्ने व्यवस्था गर्न बनेको विधेयक हो। अब यो प्रदेशिक मात्रै हैन नेपालको विकासको लागि अघि नै मैले भने कृषी कै महत्वपूर्ण स्थान हुन्छ। जहाँ चाहीं कृषीमा आधुनिकीकरण गर्न सक्यौं, बजारीकरण गर्न सक्यौं अथवा त्यसलाई डाईसिफिकेसन पनि भन्छ, एउटा परम्परागत रुपमा उत्पादन गरिरहेको वस्तु तथा सेवाहरुलाई फेरी त्यसलाई सुधार गर्दै अर्को अवस्थामा लैजान सक्यौं भने के हुन्छ भन्दाखेरी उत्पादन चाहीं दिन प्रतिदिन बढ्दै जान्छ र यसको लागि के भन्दा खेरी उत्पादन स्थलदेखि अथवा उत्पादक किसान भो, बजारको लागि बजारको व्यवस्थापन भो, बजारको साथसाथै किन्ने उपभोक्ताहरुलाई यहाँ के मिलिरहेको छैन भने सन्तुलन कृषकले प्रसस्त उत्पादन गर्न तपाईले कति उत्पादन गर्नुस्, गर्छ उसले तर उत्पादकले उत्पादन गरेको वस्तुको मुल्य उसले गरेको लगानी, उसले गरेको दुःख त्यसको अनुसार प्रतिफल पाईरहेको छैन। अघि समय समय पुर्व वक्ता माननीयज्यूहरुले पनि भन्नु भयो, समय समय कृषकले उत्पादित वस्तुमा डोजर लगाउनु पर्ने, सडकमा लगेर दुध पोख्नु पर्ने अनि गोलभेडाहरु यताउती फाल्नु पर्ने त्यो के त भन्दा खेरी त्यो बजारीकरण राम्रोसँग हुन सकेन अथवा उत्पादक र उपभोक्ताको बिचमा प्रत्यक्ष सम्बन्ध हुन सकेन। त्यसको लागि अहिलेको यो विधेयकले समस्या टार्न सकोस् भन्ने मलाई लाग्छ।

अर्को कुरो कृषकहरुले कृषी उत्पादन गर्नको लागि यो कृषी क्षेत्रमा मात्रै नभईकन विशेष गरी पशुपालन व्यवसाय र कृषीको पनि सँगसँगै सम्बन्ध हुन्छ। कृषी र पशुपालन सँगसँगै त्यसलाई पर्यटनसँग पनि त्यसलाई जोड दिन सक्यौं भने अझ त्यसले प्रविधिमा आधुनिकीकरण गर्न सकिन्छ, विविधीकरण गर्न सकिन्छ। यस कारण यो विधेयक यसो हेर्दा खेरी ती कुराहरु देखिएन र कृषकहरुको समस्या आफ्नै ठाउँमा छ।

अहिले पुर्ववक्ता साथीहरुले कति मानिसहरुले कृषीको महत्व नजाने, कृषीलाई आफ्नो पेसा बनाउन नसकेर, हामीले पनि बनाए नौं र अहिलेका हामीले भन्दा पनि हाम्रो जेनेरेशन अब यो भन्दा पछाडिको जेनेरेशनले यसलाई बनाउँछ कि बनाउँदैन एउटा व्यवसाय गर्दा खेरी त्यसको ईज्जत, प्रतिष्ठा हुने किसिमको अहिले के छ भन्दा खेरी नेपाली समाज संस्कारहरु अनुसार ए त्यो त खेतीपाती गर्दो रहेछ, मलाई स्कुलमा पढाउँथे ए त्यो हेड मास्टर भएर डोको बोकेको, भारी बोकेको खनि खोर्सि गर्छ किन त्यसलाई गर्नु पर्छ? भनेर भन्नु हुन्थ्यो। म सँग के छ भन्दा खेरी बजारमा गएर तरकारी किन्नलाई झोला लिएर जानु पर्दैन थियो।

गाई घरमा एउटा पालेको थियो, दिनको १५–२० माना दुध दिन्थ्यो अलिकति खायो छ जनाको परिवार बाँकी के हुन्थ्यो भन्दा खेर घर मै लिन आउनु हुन्थ्यो। आफुले ईच्छा अनुसार मुल्य राख्थ्यो। पछि के भयो भन्दा खेरी यहाँ माननीय भईयो गाई लगाएर पठाईयो अहिले चाहीं दिनको ४–५ पटक दुध किनेर खानु पर्‍यो।

यो के हो भन्दा खरी एउटा समस्याबाट अर्को समस्या आएको हो। यसरी श्रृजना हुने समस्याहरुई यो विधेयकले एउटा लिखित गरोस्। एउटा उत्पादक, उपभोक्ता र बिचको चाहीं बजारको र कृषी उद्योग र व्यवसाय पर्यटनसँग जोडेर लान सक्यौं भन्दा खेरी यसले के गर्छ त भन्दा खेरी देशको विकासमा सकारात्मक प्रयोग गर्न सक्छ र विदेशबाट आयतित प्रत्येक वर्ष लाखौं टन हामी खाद्यान्न ल्याउँछौं र त्यसले के गर्छ भन्दा खेरी देशलाई घाटा पुगिरहेकोछ त्यो रोक्न सकियोस् भन्ने भनाई राख्दै मरो भनाई यही टुंग्याउँछु, हवस् त जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री सृजना सायजु, समय तीन मिनेट।

**<u>माननीय सृजना सायजु (नेपाल मजदुर किसान पार्टी)</u>:-** माननीय सभामुख महोदय, कृषीजन्य वस्तुमा विदेशी बजारमाथिको नेपालको निर्भरता पछिल्लो ९ वर्षमा ५ गुणाले बढेको तथ्याङ्क छ। नेपालको गत वर्षको व्यापार घाटा १२ खर्ब थियो पछिल्लो ६ महिनाको तथ्याङ्कले नेपाल ७ खर्बको व्यापार घाटा व्यहोर्दै छ भनि देखाएको छ। व्यापार घाटाको अधिकतम अंश खाद्यान्न आयातको छ। त्यो पनि भारतबाट यसले देश खाद्यान्नमा अझ परनिर्भर बन्दै गएको प्रष्ट तस्विर प्रस्तुत गर्दछ। कृषीमा ६५ प्रतिशत पर निर्भर रहेको यो देशको आर्थिक विकास र आत्मानिर्भरताको लागि कृषीमा सामुहिकीकरण र आधुनिकीकरणको आवश्यकता त छ नै साथै कृषीसँग जोडिएका, कृषीलाई आधार बनाईएका उद्योगहरु र व्यवसायहरुको सञ्चालन पनि उत्ति कै आवश्यक छ। प्रदेश सरकारले कृषी व्यवसायका प्रबर्धनका विषयमा कुरा उठाईरहँदा अर्थतन्त्रको प्रारम्भिक समष्टिगत आर्थिक प्रक्षेपणमा कृषी क्षेत्रको योगदान ह्रासोन्मुख बनाईनु विरोधाभासपूर्ण छ।

कृषी क्षेत्र मार्फत वार्षिक औषत आर्थिक वृद्धि दर १५ औं पञ्चवर्षिय योजनामा ५.५ प्रतिशतबाट ९ औं योजनासम्ममा ४ दशमलव पुऱ्याउने प्रक्षेपण गरिएको छ। कृषीको क्षेत्रगत योगदान तर्फ २१.९ प्रतिशतबाट ७.६ प्रतिशत पुर्याउने प्रक्षेपण छ। संरचनागत रुपान्तरणको नाममा हाल कृषी क्षेत्रबाट कुल ग्राहस्थ उत्पादनमा २७.७ प्रतिशत योगदान पुऱ्याईरहेकोबाट २०८० सम्ममा २२.९ मा झार्ने लक्ष्य लिइएको छ यसले कृषी उत्पादनलाई महत्व नदिइएको पुष्टि गर्दछ।

नेपाली कृषी बजार बिचौलीयाहरुको हातमा पुगेको कसैबाट लुकेको छैन। किसानबाट बिचौलीया मोटाउने कृषी बजार यसमा प्रदेश सरकारको कडा नियमन र नियन्त्रण आवश्यक छ आज पनि किसानहरु आफ्नो मिहेनत् र पसिनाको मुल्य पाउँदैन। उखुबारी खाने किसानले उखु किन्ने निजी चिनी कारखानाका मालिकबाट तीन वर्षसम्म पनि भुक्तानी पाउँदैनन्। यो एउटा दृष्टान्त मात्रै हो।

तराईका नदीहरु अनियमित रुपमा निर्माण भएका छन्, बाँध तटबन्धन्हरु निर्माण भएका छन् त्यसको कारणले डुबानमा परेको र प्रातिकृत प्रकोपबाट नष्ट भएको बालीको क्षतिपूर्ति सरकार दिन सक्दैन। तराईको उर्वर भूमिलाई नन्नको भण्डार कृषी केन्द्रको रुपमा

विकास गर्न कृषी योजनासँगै कृषी अनुदानको बन्दोबस्त आवश्यक छ वास्तविक किसानहरुलाई नै व्यवसायको रुपमा विकास गर्न सके उत्तम हुनेछ। छिमेकी देश भारतमा एक वर्षमा २२ हजार कृषकले आत्माहत्या गर्छन्।

यस अर्थ प्रत्येक आधा घण्टामा एक जनाले आत्माहत्या गर्छ। कृषी ऋण तिर्न नसकेर आफ्नो पसिनाको मुल्य नपाएर कृषीबाट हातमुख जोड्न नसकेर भारतको जस्तो अवस्था यहाँ नहोस् भन्नका लागि यस विधेयकले कृषकलाई उत्पादन र व्यवसाय गर्न हौसाउने कार्यक्रम दिएको खण्डमा श्रेय कर हुनेछ भन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री लक्ष्मण लम्साल, समय तीन मिनेट।

**<u>माननीय लक्ष्मण लम्साल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यू, प्रदेश कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को सैद्धान्तिक छलफल गर्दै गर्दा सबैभन्दा पहिला चाहे ठूलो पदमा बसेको मान्छे होस्, चाहे सानो पदमा बसेको मान्छे होस्, चाहे गाउँमा हलो जोत्ने किसान किन नहोस् वा कुनै पनि मान्छे समाजको विभिन्न पक्षको मान्छेले सबभन्दा पहिला जति धेरै पैसा भए पनि, जति ठूलो घर भए पनि, जति ठूलो काम गरे पनि खानु पर्ने चाहीं उत्पादन वस्तु नै हो, अन्न नै हो।

चाहे त्यो मकै होस्, चाहे त्यो गहूँ होस्, चाहे त्यो चामल होस्, चाहे त्यो कुनैपनि चिज होस् खाने चिज हो र त्यस सम्बन्धी सम्बन्धित विधेयक यो त्यस कारणले पनि यो विधेयक महत्वपूर्ण छ। मैले यहाँ ध्यानाकर्षण के गराउन चाहन्छु भने माननीय मन्त्रीज्यू हाम्रो मन्त्रालयले मिहेजत पूर्वक नै यो विधेयक ल्याएको छ। हामीलाई विश्वास छ यसले आशा पनि जगाउँछ। तर यहाँ जग्गा करार गर्ने, अनुदान दिने यो धेरै वर्षदेखि चल्दै आएको कुरा हो। यसले मात्र कृषी उत्पादनको क्षेत्रमा चाहीं व्यवसाय गर्ने, प्रबर्धन गर्ने, विकास गर्ने पनि विभिन्न ठाउँमा कोड गरिएको छ।

त्यो उत्पादन कसरी गर्ने उत्पादनका लागि हाम्रा नागरिकहरुलाई कसरी जागरुक बनाउने त्यो अभियानमा कसरी सरिक बनाउने भन्ने कुरा चाहीं ठोस रुपमा विधेयकमा चाही समेट्नु पर्छ भन्ने मलाई लाग्छ। जस्तै अहिले हाम्रो गाउँ समाजमा कोही पनि मान्छेहरु

खेती किसानमा आकर्षित हुदैनन्। चाहे अलिकति बाहिर गएको सदरमुकाम, सदरमुकामबाट विदेश जाने प्रचलन व्यापक रुपमा छ र गाउँबस्तीहरु जहाँ किसानहरु बस्छन् त्यहाँ किसानहरु बस्ने ठाउँमा यो विधेयकमा सम्बोधन गर्नु, यसको ग्यारेण्टी गर्नुपर्छ जस्तो मलाई लाग्छ। सैद्धान्तिक हिसाबले कम्तीमा किसानका छोराछोरीहरुलाई राज्यले कुन हिसाबले पढाउने, किसानलाई कुन खालको सुविधा दिने, किसानलाई कुन खालको सम्मान दिने, करारको विधि कसरी, हामी बैंकबाट ऋण दिने भनेका छौं, बैंकले सबै कागजपत्र मिलाएर सबै धरौटी लिएर जसले पनि ऋण दिई हाल्छ नि।

त्यो राज्यले के खुकुलो नीति अवलम्बन गर्ने। हाम्रो प्रदेश सरकारले कृषी क्षेत्रमा लागेका मान्छेहरुलाई के विशेष खालको सम्मान गर्छ, के विशेष खालको सहयोग गर्छ। यस्ता खालको कुरा पनि सम्बोधन भयो भने विधेयकमा हाम्रो विधेयक पढ्दा हाम्रो कानून पढ्दा, हाम्रो विधेयक लिएर जाँदा हाम्रो क्षेत्रका किसानहरुले नागरिकहरुले साँच्चै म किसान गरेर बाँच्न सक्छु, साँच्चै मैले सबैलाई पाल्न सक्छु, साँच्चे यो सम्मानित पेसा हो, साँच्चै मलाई यो राज्यले हेर्छ, अघि धेरै कुराहरु आए गोलभेडा फाल्ने, बन्दा फाल्ने एकातिर व्यापार घाटा हाम्रो कृषी क्षेत्र मै छ उत्पादन नै बाहिरबाट ल्याउनु पर्छ एकातिर हाम्रो जमीनहरु बाँझो छ।

यो कन्टोभर्सिटिजबाट जाँदा खेरी अति सिरियसली, सैद्धान्तिक हिसाबले अझ व्यवस्थित ढंगले यो आउनु पर्छ। जति महत्वपूर्ण ढंगले यो आएको छ, अझ यसलाई पुगेको छैन। अझ बढाउनु पर्छ भन्ने कुरा म राख्न चाहन्छु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री बुद्धिमान माझी, समय तीन मिनेट।

**<u>माननीय बुद्धिमान माझी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यू, प्रदेश कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि हामी सैद्धान्तिक छलफलमा सहभागी भएका छौं। निश्चय पनि कृषी क्षेत्र यो अत्यन्तै मर्यादिद, सम्मानित पेसाको रुपमा यसलाई स्थापित गर्न जरुरी छ र हाम्रा जीवन निर्वाहमूखी उत्पादन प्रणाली जो हामीले गर्दै आयौं, यसलाई व्यवसायीक बनाउने कुरा जो विधेयकमा जो प्रस्तुत

भएको छ, यो विधेयक ल्याउनुहुने माननीय मन्त्रीज्यूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु र स्वभाविक रुपमा किसानले उत्पादन गरेको चिजलाई त्यसको उचित मुल्य निर्धारण गर्ने, बजारको व्यवस्थापन गर्ने त्यो राज्यको दायित्वको कुरा हो।

यो नीति बनाउन आवश्यक छ। त्यसले मात्र किसान प्रात्साहित हुन्छ। किसानले उत्पादन गरेको चिजहरुलाई ड्यामेज गर्नुपर्ने, त्यो वेस्टेज भएर बस्ने अनि किसान कसरी प्रोत्साहित हुन्छ र स्वदेशी उत्पादनलाई बढवा दिने नीति रान्यले लिन जरुरी छ र विदेशबाट कति चिज ल्याउनु पर्ने हो, त्यति चिजहरुलाई ल्याउने प्रावधान पनि अवलम्बन गर्ने कुरा र स्वदेशी उत्पादनलाई बढावा दिने नीतिले नै हाम्रा व्यवसाय अति फस्टाउने कुरा र किसान प्रोत्साहित हुने र किसान सम्मानित र मर्यादित पेसाको रुपमा सायद हामीले स्थापित गर्न सक्यौं भने मात्रै श्रम भनेको पूँजी हो।

श्रम विना पूँजी कलेक्सन हुन सक्दैन त्यस कारण श्रमप्रति आस्था जगाउनको लागि राज्यले त्यसको उचित ढंगले सम्बर्धन गर्ने, संरक्षण गर्ने, प्रोत्साहित गर्ने नीति अवलम्बन गरेर मात्रै माहीले राष्ट्रको एउटा समृद्ध समाज निर्माणको अभियानमा अगाडि बढाउन सक्छौं र साँच्चै नै समतामूलक समाज निर्माण सक्छौं र देशलाई सम्माजत उन्मुख अगाडि बढाउन सक्छौं र हामीले भन्दै गर्दा खेरी यो अर्थतन्त्र सायद अर्थतन्त्र कस्तो छ आयतित अर्थतन्त्रमा हामी निर्भर छौं। हामीले निर्यातमूखी अर्थतन्त्रको रुपमा विकास गर्नको लागि सायद हाम्रो देशलाई परिकल्पना गरेको कुरा पनि निर्यातमूखी अर्थतन्त्रको विकास गर्ने यसको लागि यो विधेयक अत्यन्तै सार्थकसिद्ध हुनेछ।

यो कुरामा हामी विश्वस्त हुनै पर्छ र फेरी पछि यसलाई सार्थक रुपमा अगाडी बढाउनका लागि हामीले पोजेटिभ रुपमा भूमिका सबैको हुनु नै पर्छ यसले मात्र हाम्रो देशलाई समृद्ध बनाउन सक्छौं। हवस् त धन्यवाद, अभिवादन।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री जीवन डंगोल, समय तीन मिनेट।

**<u>माननीय जीवन डंगोल (नेपाली काङग्रेस)</u>ः-** आदरणीय सभामुन महोदय, आज हामी प्रदेश कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा बनेको विधेयकमा सैद्धान्तिक छलफलमा छौं।

हामीले सानै देखि पढ्दै आयौं, नेपाल कृषी प्रधान देश हो। साँच्चि कै शताब्दी औं अघिदेखि अर्थशास्त्रीहरुले भनेका थिए, नेपाल वैभवशाली देश हो।

जहाँ कृषी र पशुपालनको राम्रो व्यवसाय हुन्छ र व्यापार हुन्छ। धेरै कालखण्डसम्म नेपाल कृषी प्रधान नै रहे। २०१५ सालको प्रथम निर्वाचित प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोईरालाले दक्षिण कोरियालाई खाद्यन्न सहयोग गरेको ईतिहास हामीसँग छ। तर आज हामी डेढ खरबको झण्डै आजको तथ्याङ्कमा डेढ खरबको खाद्यान्न आयातित हुन्छ। चौवालिस र पैतालिस अरबको मासु र तरकारी आयात गर्छौं।

सभामुख महोदय, जुन देश आफुले खाने कुराको जोहो आफुले गर्न सक्दैन, अन्न नै विदेशको खान्छौं र आत्मानिर्भर हुन सक्दैन भने त्यसले समृद्धिको बाटो हिड्छु भन्ने कुरा नारा मात्र साबित हुन सक्छ। सभामुख महोदय, कृषी भन्नाले साग र तरकारी उत्पादनमात्र हैन।

यसले स्वच्छ र स्वस्थ उत्पादन गरी जमीनको उचित प्रयोग गर्नु हो। जडिबुटी उत्पादन गर्नु, फलफुल खेती र पशुपालन उत्पादन गर्नु र जस सम्बन्धी विभिन्न व्यवसाय र उद्योगहरु उत्पादन गर्नु हो। यसैले उत्पादन र वितरणको समुचित व्यवस्थापन र बजार व्यवस्थापन गर्नु कृषी व्यवसायको महत्वपूर्ण पाटो रहन्छ। सभामुख महोदय, त्यसैले आज हामीले बिचौलीया र बिचौलीया मानसिकतालाई अन्त्य गर्ने नीति ल्याउनु सकेमा वैज्ञानिक र नयाँ प्रविधिको प्रयोग गर्नु बिमा सुविधा, वित्तिय सुविधा कृषकलाई करको मारबाट उन्मुक्त गराई कृषकहरुलाई उत्साहीत बनाई सामर्थ्य र आवश्यकताको संवोधन भएमा यो विधेयक साँच्चिकै कृषी व्यवसाय प्रबर्धनमा महत्वपूर्ण हुन जान्छ र देश समृद्धिको बाटोलाई दिसा निर्देश गर्न सक्छ भन्ने मलाई विश्वास लागेको छ। धन्यवाद, जय नेपाल।

**माननीय सभामुखः-** माननीय श्री हिरानाथ खतिवडा, समय तीन मिनेट।

**माननीय हिरानाथ खतिवडा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** सभामुख महोदय, म प्रदेश कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि केही आफ्नो सैद्धान्तिक भनाईहरु राख्न उपस्थित भएको छु। मलाई लाग्छ हाम्रो देशको विकास

कृषीको विकास हो। नेपालको विकासको निमित्त हामीले पहिचान गर्नुपर्ने विषय हामीले सबैभन्दा पहिले गर्दा खेरी कृषी नै पहिले गर्नुपर्छ।

त्यस पछाडि मात्रै हामीले विद्युत, पर्यटन अरु क्षेत्रहरु पर्ला त्यस कारणले यो कृषीको क्षेत्रमा विकास गर्नुको निम्ति गर्न हामीले भन्दा भन्दै पनि गर्न हामीले गर्न सकेका छैनौं। अब कृषी विज्ञहरुले पनि सही सूचना, सही सल्लाह सरकारलाई दिन पर्दछ र सरकारले पनि एउटा टप्पर टुईयाँ जस्तो गर्नको लागि गर्न जस्तो कर्मकान्य टाईपको मात्रै हामीले विधेयकहरु ल्याएर राखेर मात्रै पनि हुँदैन यसको मतलब कृषी मन्त्रालयको तर्फबाट मन्त्रीले ल्याउनु भएको विधेयक त्यस्तै छ भन्न खोजेको त मैले हैन, तर विषयहरु त हाम्रो आईरहने तर मुर्त ढंगले हामीले किसानहरुलाई एउटा व्यवसायीकरण, आधुनिकीकरण नगर्ने कुरा भएको छ, त्यस कारणले म सर्बप्रथम के भन्न चाहन्छु भने खेती नगर्ने किसानहरुलाई कारबाही हैन, खेती नगर्ने किसानहरुलाई मेरो जग्गा खाली छ, मेरो जग्गा म सरकारलाई भाडामा दिन चाहन्छु, सरकारमार्फत भाडामा दिइएयोस् भन्ने व्यवस्था गर्नुपर्छ जस्तो लाग्छ। जसले गर्दा खेरी पर्यटन सिस्टममा खेती गर्न सकियोस्।

त्यसै गरीकन कृषीलाई व्यवसायीकरण गर्न र औद्योगिकरण गर्नको निमित्त नमूना सबै अब भन्नुस् न हरेक पालिकाहरुले पालिकाहरुमा निश्चित कोटा तोकेर एउटा नमूना कृषी फर्महरुको व्यवस्था गर्ने। पशु वा कृषीको व्यवस्था गर्नको निमित्व त्यसतो विज्ञापन आव्हान गरिनु पर्छ, त्यसको निमित्व सूचना दिईनु पर्छ र किसानहरुलाई गर्नको निमित्व आवश्यक अनुदानको पनि व्यवस्था गर्नुपर्छ। त्यो धेरै नभए पनि त्यो चाहीँ एउटा प्रेरणाको निमित्व, हौसलाको निमित्व भन्न् मलाई लाग्छ र प्लटिङ खेती, यो प्लटिङ र फार्मिङमा पशुको पालन गर्न सकेनौं भने विकास हुन सक्छ जस्तो लाग्दैन। त्यसैगरीकन कृषीलाई एउटा व्यसायीकरण गर्ने, किसानहलाई २ प्रतिशतमा व्याजदरको व्यवस्था गरिनु पर्छ।

त्यसको निम्ति एउटा गाई, एउटा भैंसी पाल्नेलाई होईन, त्यो निर्वाहमूखी भएको छ त्यसलाई हामीले न्यनीकरण, निरुत्साहित गर्नुपर्छ र किसानहरुलाई व्यवसाय गर्नको निम्ति एउटा निश्चित तोकेर त्यसको निमित्व आह्वान गरिनु पर्छ भन्ने मलाई लाग्छ र त्यसै गरिकन कृषी पर्यटनको निमित्व नमूना फारामहरुको सूचीकृत गरेर त्यस्ता ठाउँहरुमा सबै क्षेत्रका

मान्छेहरुलाई कृषी भ्रमणको निमित्व लगिनु पर्छ जसले गर्दा किसान प्रात्साहित हुन्छन् र ती किसानहरुलाई किसानहरु कार चढ्ने र टाई लगाउन स्तरमा किसानहरुलाई पुर्याउनको निमित्व सरकारले हौसला दिनु पर्छ, भन्ने मलाई लाग्छ।

त्यसैगरीकन कृषी उपजलाई सरकारले आफ्ना गोदामहरुमा, आफ्ना स्टोरहरुमा राख्ने र बिक्रीको व्यवस्था गरिनुपर्छ। र कृषकहरुलाई पनि मैले भने नि ग्रेडिङ्ग गर्नुपर्छ। कृषकलाई पेन्सनको निमित्व ल्याउनको निमित्व ईश्वरको ग्रेडिङ्ग गरेर लैजानु पर्छ भन्ने मलाई लाग्छ र पालिका प्रतिनिधिहरुलाई पनि यसको निमित्व सरकारले एउटा सर्कुलर गरिनु पर्छ भन्ने कुरा राख्दै विदा हुन्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय श्री मुनु सिग्देल, समय तीन मिनेट।

**<u>माननीय मुनु सिग्देल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** सभामुख महोदय, कृषी व्यवसाय प्रबर्धन व्यवस्था गर्न बनेको विधेयकमा हामी अहिले सैद्धान्तिक छलपलमा छौं र हामीले यसभन्दा अगाडी कृषीसँगै सम्बन्धित बिऊ बिजनसँग सम्बन्धित विधेयक माथिको पछि छलफल गर्यौं। यो दुईओटा विषय सँगसँगै सम्बन्धित विषयहरु आएको छ र हामीले अहिले यो प्रदेशमा कृषीलाई व्यवसायीकरण गर्ने,कृषीलाई प्रबर्धन गर्ने र आम चासोको विषयको रुपमा कृषीलाई स्थापित गर्ने गरी आएको यो विधेयकप्रति म यो तयारी गर्ने टिमलाई पनि म धेरै धेरै धन्यवाद दिन चाहन्छु।

प्रदेश सभाको लगभग एक वर्ष पछि यो विधेयक आएको र निर्वाचनको सन्दर्भमा युवाहरु आकर्षित र उत्साही भएका थिए, अब हामी विदेश जानु पर्दैन भन्ने खालको स्थिति थियो। तर आन्तरिक रुपमा हामीसँग यो प्रदेशसँग त्यस्ता विधेयकहरु नहुँदा खेरी हामीले काम गर्न नसकेर फेरी हाम्रा युवाहरु विदेश पलायन भएको अवस्थामा अब हामीले यसले पनि एउटा आशा जगाउँछ भन्ने मलाई विश्वास छ र अबका युवाहरुले हामीले यसलाई कार्यान्वयन गर्ने चरणमा जाँदा खेरी उनीहरुले अब देशले फर्किन सक्ने वातावरण बनाउनको लागि यो विधेयकले त्यसको एउटा मार्गदर्शन गर्नेछ भन्ने मलाई लागेको छ र हामीले कृषी उद्योगको प्रबर्धनको कुरा गरिरहँदा कृषीमाथिको उद्यमशीलतालाई हामीले बिर्स्यौं भने, त्यो कृषी उद्योगहरु कृषी व्यवसायलाई हामी प्रबर्धन गर्न सक्दैनौं।

अहिले उद्यमशीलता भन्ने कुरा विस्तारै हराउँदै गएको छ र हामीले युवाहरुमा एउटा जागरण ल्याउनुपर्ने जरुरी छ। युवाहरुलाई उद्यमशील बनाउनको लागि, उनीहरुलाई अवसरहरु दिनको लागि हामीले त्यस्ता खालका कार्यक्रमहरु पनि गर्न जरुरी छ। यो विधेयकले यसको सैद्धान्तिक पक्षमा ती कुराहरुलाई पनि समेटिनु पर्छ भन्ने मलाई लाग्छ र खास गरिकन कृषीले नै हाम्रो आयआर्जनको मुख्य श्रोत भनेको कृषी नै हो।

जबसम्म हामीले कृषीमा लगानी गर्दैनौं, बजसम्म हामीले कृषीलाई आम मान्छेहरुले एउटा व्यवसायीक रुपमा हामी यसलाई उत्पादनसँग जोड्दैनौं भने अथवा यसलाई उत्पादनशील र व्यवसायीक बनाउँदैनौं भने हामी आर्थिक रुपमा हाम्रा व्यापार घाटा, हामी पर निर्भर हुने कुरा पनि त्यसले सम्बन्धित हुन्छ त्यस कारणले गर्दा कृषीलाई व्यवसायीकरण गर्नको लागि अधिपनि हामीले छलफल गरेजस्तै यसमा महिलाहरुलाई बढी प्रमोट गर्नुपर्ने अथवा महिलाहरुलाई सुविधा दिने, अुदान दिने महिला समूहहरुलाई कृषीसँग सम्बन्धित व्यवसायमा बढी अवसरहरु दिनुपर्ने त्यसले आवश्यकता छ। त्यसलाई पनि समेट्नु पर्छ र विदेशबाट फर्किएका युवाहरु जो विदेशमा कृषीसँग सम्बन्धित नै एउटा ज्ञान र सीप हासिल गरेर आएका युवाहरुलाई हामीले समेट्न सकेनौं भने कृषी प्रबर्धन अझ हुन सक्दैन त्यस कारणले गर्दा ती युवाहरुलाई समेट्ने गरी हामीले कृषीमा अनुदान, मौसमी अस्ति हामीले बर्डफ्लूको कुरा गरौं बिमालाई यसले समेटेको छ। बिमाको व्यवस्था गरेको छ तर कृषीमा जुन खालको प्राकृतिक प्रकोपहरु आउँछन्, ऋण लिएर व्यवसाय गरेको हुन्छ, प्राकृतिक प्रकोप आउँछन् त्यसले तिर्न सक्दैनन्।

हामीले त्यस्तो बेलामा सरकारले अनुदानको पनि व्यवस्था यस विधेयकले गर्नुपर्छ भन्ने कुराहरुलाई म राख्दै यो विधेयकलाई अझ हामील छलफल गरौंला यसले उद्यमशील बनाउने कुरामा अगाडी बढौं धन्यवाद।

**मा**<u>**माननीय सभामुखः**</u> माननीय श्री रिना गुरुङ्ग, समय तीन मिनेट।

<u>**माननीय रिना गुरुङ्ग (राष्ट्रिय प्रजातन्त्र पार्टी संयुक्त)**</u>:- सभामुख महोदय, सर्बप्रथम म माननीय मन्त्री दावा दोर्जे लामाज्यूलाई चाहीँ प्रदेश कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा

व्यवस्था गर्न बनेको विधेयक लिएर आउनु भएकोमा वहाँलाई हार्दिक बधाई दिन चाहन्छु। किसानहरुलाई आउनुपर्ने एउटा विधेयक आएको छ। अहिले हामीहरुले हाम्रो प्रदेश मात्रै होइन नेपाल कै दुरदशा हेर्दाखेरी जपानको काम गर्नको लागि भर्ना खुल्यो या फेरी कोरियाको लागि खुल्यो भन्दा खेरी लाईनका लाईन हुन्छ तर कृषीको कुराहरुमा चाहीं अलिकति निरुत्साही छ, अहिलेको टाईममा हाम्रा युवाहरु तर यो विधेयकले त्यस्ता युवाहरुलाई, निरुत्साहित युवाहरुलाई अतिकति उत्साहन गर्नका लागि एउटा वातावरण बनाउन भन्न चाहीं मैले यताबाट यहाँहरुलाई आग्रह पनि गर्न चाहें।

यो विधेयकको केही बुँदाहरु ठिक छैन त्यो संसोधनमा हामीलहरुले संसोधन गरौंला तर संसोधन पनि यो विधेयकले युवाहरुलाई नेपाल मै बस्ने वातावरण बनाउन् भन्ने मैले शुभकामना दिन चाहन्छु। धेरै कुराहरु आईसक्यो त्यहि भएर धेरै कुराहरु गर्न चाहिंन हामीहरुले कृषीको कुरा गर्दा खेरी कृषीका जग्गाहरुको कुरा पनि गर्दछौं। नेपाल सरकारले जग्गाहरु बाँझो नराखु पर्ने नीतिहरु पछि राखेको छ तर स्टिल त्यो नीति कतिको कार्यन्वयन भएको छ भन्ने कुराहरु छ।

हामीहरु विभिन्न ठाउँहरुमा जाँदा खेरी जग्गा बाँझै छ उता प्लटिङ्गहरु भएको छ। त्यसो भएर हाम्रो प्रदेश नं. ३ को सरकारले अनिवार्य रुपमा कृषी गर्न योग्य जग्गाहरुलाई संरक्षण गर्नुपर्दछ। यति मैले आग्रह गर्न चाहें। हुन चाहीं हिजोको सामाचार ठिक छ भने हिजोको सामाचारमा चाही प्रधानमन्त्री निवास र हाम्रो न्यायाधिसको निवासको जग्गाको पनि संरक्षण भएको छैन भन्ने समाचार सुनें।

त्यस्तो समाचार सुन्दा खेरी साँच्चै नै कठैबरा मेरो देश जस्तो पनि लाग्यो। वहाँहरुको जग्गाको संरक्षण त हुन सकेन भने हामीहरुले हाम्रो किसानको चाहीं जग्गाको संरक्षण कसरी गर्न सकिएला। त्यसो भएर जग्गाको संरक्षण गर्ने नीति हाम्रो प्रदेश नं. ३ सरकारबाट चाँडै भन्दा चाँडै आओस् भन्ने मैले यहाँबाट आग्रह गर्न चाहें।

विधेयकभन्दा पहिले मन्त्रालयको तर्फबाट धेरै कृषीसँग सम्बन्धित अनुदानसँग सम्बन्धित धेरै प्रकारका निर्देशिकाहरु पनि आएको छ। त्यो निर्देशिकाहरु कार्यान्वयन गर्दाखेरी अहिले माननीय मन्त्रीज्यूसँग के आग्रह गर्न चाहें अनुदानका कुराहरु धेरै छ।

त्यो अनुदानका कुराहरु कार्यान्वयन गर्दाखेरी त्यो अनुदान वास्तविक किसानले पाउन्। हामीहरुले चाहीं नेकपाका कार्यकर्ता हुदैमा त्यो अनुदान नपाउन वास्तविक किसानले पाउन भन्ने मैले आग्रह पनि गर्न चाहें र कुराहरु गरिराख्दा खेरी मैले एउटा कुराको के ध्यानाकर्षण गराएँ भने, भाषी सूचनाको हक विधेयकमा मन्त्री नहुँनु र हाम्रो देश कृषी प्रधान देशमा प्रदेश नं. ३ मा प्रदेश कृषी व्यवसाय प्रबर्धन गर्ने सन्दर्भमा गर्ने विधेयकमा सांसद नहुनु यो भनेको कस्तो खालको संघीयता हो, यसमा अतिकति विचार पुर्याउन भन्ने मैले आग्रह गर्दै विदा हुन चाहन्छु, जय राष्ट्र, जय जनता।

**<u>माननीय सभामुखः</u>** माननीय श्री रिता माझी, समय तीन मिनेट।

**<u>माननीय रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी)</u>:-** माननीय सभामुख महोदय, प्रदेश कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई हार्दिक स्वागत गर्न चाहन्छु। नेपाल कृषी प्रधान देश, त्यहीआधारमा संघीय सरकारले विभिन्न खालको कार्यक्रमहरु सञ्चालन गरिरहँदा प्रदेश सरकारले पनि यो कृषीलाई विशेष मध्य नजर गरेर यो विधेयक ल्याएको छ।

विधेयक मार्फत हुने जतिपनि कार्यक्रमहरु छ जसले प्रदेश नं. ३ को आम कृषकहरुलाई प्रोत्साहन गर्ने छ भन्ने मलाई विश्वास लागेको छ र म धेरै कुरा नराखी एउटा कृषी सम्बन्धी जुन अहिले कार्यक्रमहरु काम त भईरहेको छ तर यो विधेयक आउनुभन्दा अगाडी कुन ऐनलाई टेकेर कार्यक्रमहरु सञ्चालन भईरहेको छ, मन्त्रीज्यूबाट यसको जवाफ माग्न चाहें र अहिले अनुदान दिने कार्यक्रमहरु छ यो अनुदान दिने कार्यक्रमलाई विशेष गरेर निश्पक्षताका साथ अनुदान दिईयोस्।

वास्तविक कृषकले अनुदान पाओस् अहिलेको अवस्थामा के भईरहेको छ भन्दा खेरी कृषकको पहुँच मन्त्रीज्यूसँग नजिक छ, वहाँहरुले पहिले नै कृषी मन्त्रीज्यूसँग त्यो अनुदानको ग्यारेण्टी गरेर मात्रै कृषी पेसामा हात हाल्ने प्रक्रिया छ त्यो प्रक्रियालाई अन्त्य गर्नु पर्दछ। ता की उसले जब कृषी पेसा सञ्चालन गर्दछ अनि उसको कामको मुल्याङ्कन गरेर मात्रै जुन अनुदान दिने प्रक्रियालाई अवलम्बन गरियोस्। यो हाम्रो प्रदेश नं. ३ को कृषी मन्त्रालय

मार्फत र सबै भन्दा बढी समस्या कृषी फर्म दर्ता गर्नलाई देखिएको छ। यो कृषी फर्म दर्ता गर्नका लागि सबै भन्दा सजिलो उपाय के छ, कृषक एउटा सबै जना पढेलेखेको कृषकले मात्रै त्यो फर्म दर्ता गर्दैनन्, हामी जस्ता धेरै अशिक्षित वर्गले पनि कृषी पेसालाई प्रमोट गरौं भनेर उनीहरुले कृषी पेसाको फर्म दर्ता गर्न लागिरहेका छन् जुन धेरै कुरा नबुझिने हुँदा खेरी सहज तरिकाले त्यो फर्म दर्ता गर्ने व्यवस्था मिलाइयो भने पक्कै पनि कृषकहरुले राहत पाउने थियो होला।

मलाई लाग्छ यो कृषीमा अन्य जुन समुदायलाई हाम्रो प्रदेश ३ को जनतालाई प्रमोट गर्ने काम मात्रै भएको तर मन्त्रालय मार्फत नै अथवा प्रदश ३ को सरकार मार्फत नै प्रदेश नं. ३ को आम बेरोजगारी युवाहरुलाई बेरोजगारी होईन, स्वदेश मै रोजगारी गरिदिने खालको व्यवसाय सरकार मार्फत नै ल्याईयोस् भन्ने विशेष अनुरोध गर्दछु। तिनले मात्रै समग्र बेरोजगार युवाहरुको समस्या समाधान हुन्छ। यो व्यवसाय त केहीले ईच्छा लाग्ने गर्नुहुन्छ, ईच्छा नलाग्नेले गर्नुहुँदैन।

त्यही कारणले त्यो कुरालाई विशेष ध्यान दिईयोस् र सरकार आफैले संलग्न भएर यो सरकार कै दायित्व हो र यो सरकार कै प्रत्यक्ष सहभागितामा अनुदान दिइने कार्यक्रम गरियोस् ता कि कुनै बिचौलीयाको बिचबाट हैन कि सरकार कै सरकार मार्फत हामीले केही पायौं भन्ने, राहत पायौं भन्ने अनुभव जनताले पाओस् भन्दै विदा हुन चाहन्छु, धन्यवाद। जय राष्ट्र, जय जनता।

<u>**माननीय सभामुखः**</u> माननीय श्री रामेश्वर फुँयाल, समय तीन मिनेट।

<u>**माननीय रामेश्वर फुँयाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**</u>:- माननीय सभामुखज्यू, मैले जतिखेर सामाननीय ज्ञान पढ्थें, मेरो देश जुट, धान र काठ निर्यात गर्थ्यो। अब मेरो देश कहिले एक झोला बेचेर एक बगली पैसा ल्याउने बन्ला। त्यो कुरा यो विधेयकले संवोधन गर्न खोजेको र प्रगतिशील बाटो पक्रेको मैले महशुस गरेको छु।

त्यसका लागि कानून संशोधन गर्नुपर्छ, व्यवस्थापन गर्नुपर्छ। अब मृग, लप्सी, खसी निर्यात गर्ने नेपाल बन्न सक्छ। केही दिन अगाडी मैले एउटा पत्रिकामा पढें, आधा पानाको

नेपालबाट लप्सी निर्यातको विषय भयो। वाह, त्यो त संभव रहेछ। यसका लागि हामीले कानूनी प्रबन्ध नगरिकन तीन तह कै सरकारहरुले नसोचिकन यो संभव छैन।

त्यसो भएको हुनाले त्यो दिसा तर्फ जाँन प्रदेश कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले त्यो दिसा पक्रन खोजेको छ, अझ धेरै बहस्पैरवीको आवश्यकता छ र त्यो बहस्पैरवीबाट टुङ्गो गरिसकेपछि हामी परिवर्तन ल्याउन सक्छौं। यसका लागि सुविधा, बैंक, सहकारी, बिमा सम्बन्धी विषय योग्यता, पारदर्शीता वास्तविक किसानले उत्पादनको परिणामको आधारमा प्राप्त गर्ने अनुदान नीति र अनुदान कसले कति पयो, टाँसिनु पर्छ, लेखिनु पर्छ र सुनिनु पर्दछ र कालो सूचीमा पनि नराम्रो काम गर्नेहरु अंकित हुने अवस्था श्रृजना गर्नुपर्छ।

यस बारेमा ऐनले, विधेयकले केही विषयहरु अगाडी बढाउने कोशिस गरेको छ। बाँझो नराख्ने भूमि, यसका लागि भूमि उपयोग नीति/कानून मै प्रत्साहित गर्ने विषय साथ साथै कृषी कृषकमैत्री वातावरण र संस्कृती निर्माणमा कृषक हुँदा गौरव गर्ने त्यो परिस्थितिको सृजना आय, ईज्जत, सम्मान नबढाईकन सम्भब छैन। कमाउनेको त आएन, हात थाप्नेको काहीं ईज्जत बढी हुन्छ र? हात दिन सक्ने बन्नसक्नु पर्दछ।

यसका लागि यो ऐनले परिकल्पना गर्न खोजको अगाडी बढ्न खोजेको बाटो मैले वान्छनीय देखेको छु। यी सबै काम गरेर समृद्ध नेपाल सुखि नेपाली निर्माणको सपना पूरा गर्न सकिन्छ। यसका लागि लागत प्राभावकारी प्राङ्गारिक खेती, बिऊ बिजनको संरक्षण साथसाथै रैथाने मात्रै उत्पादन धेरै दिने, उत्पादकत्व वृद्धि गर्ने कुरा पनि सँगसँगै बहस गर्नु पर्छ। बहस अलि बहकिनु पनि मिल्दैन। त्यसो हुँदा जुन ठाउँमा महिलाको प्रतिनिधित्व निर्णय गर्ने ठाउँमा पनि निर्णय गर्ने गरी सक्रिय नेतृत्व हुने गरी व्यवस्थित गरिदैन, त्यो ठाउँमा यो सम्भावना पाईदैन। यी सबै कुराहरु व्यवस्थापन गर्न विधेयकले प्रयास गरेको छ, म धन्यवाद भन्न चाहन्छु, जय नेपाल।

**<u>माननीय सभामुखः</u>** माननीय श्री राजकाजी महर्जन, समय तीन मिनेट।

**<u>माननीय राजकाजी महर्जन (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>**:- सभामुख महोदय, प्रदेश कृषी व्यवस्था व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक यसको मूल म समर्थन गर्न चाहन्छु। यसको स्पेच ठिक छ भन्ने हिसाबले म पहिलो राख्न चाहन्छु। कुर्सी पनि खालि भईरहेको यहाँ क्यामेराले देखाएको छ तै पनि ज्यापुको छोरोले किसानको कुरा नगरिकन नहोला भनेर लास्टमै बोलेको छु।

विशेष गरी यो नेपालको कृषी उत्पादन र त्यसपछि गरेर प्रबर्धनको विषयमा हाम्रो आत्म निर्भर प्रणाली हो र यो प्रणाली विशेष गरेर ठूल ठूला हाम्रो समस्याहरुलाई सामाना गर्न सक्ने र ठूल ठूला विपद्हरुमा पनि सामाना गर्न सक्ने हिसाबले नेपालको कृषी उत्पादन भनेको हाम्रो आत्मा निर्भर प्रणाली नै हो र अहिले माननीयज्यूहरुले पनि राख्नु भएको छ, यसको सानो सानो ईकाईहरुलाई हामीले प्रबर्धन गरेर ठूलो ईकाईमा अहिले हामीले विकास गर्नुको विकल्प छ जस्तो मलाई लाग्दैन।

अब यसमा हामीले विशेष गरी अहिले हामीले धेरै कुरा पनि गर्यौं र प्रदेश सरकारले पनि अहिले वार्षिक हिसाबले कोदो जुन हामीले सामाननीय गाउँघरमा पाइने कोदो पनि हामीले ईन्डियाबाट करिब एक अर्ब बराबरको हामीले झिकेर या झिकाएर आयत गरेर हामीले खाने भएका छौं।

यो भनेको हाम्रो परनिर्भरतन्त्र हो र परनिर्भर प्रणालीलाई चाहीँ हामीले अन्त्य गर्न सकिने एउटा विधि र प्रक्रियामा हामीले लानुपर्छ जस्तो मलाई लाग्छ। यसले हामीले जसले उत्पादन गरिरहेको छ त्यसले चाहीँ हामीले त्यसको भाऊ नपाउने र किसान भनेको एउटा पर निर्भर जस्तो कुनै निम्सर जस्तो जुन एउटा विषय बनाईएको यसलाई हामीले अन्त्य नगरिकन हामीले यो प्रक्रियालाई हामीले टुङ्गयाउन सक्छ जस्तो मलाई लाग्दैन। हामीले यो विधेयकमा अनलाईन सिस्टमको जुन व्यवस्था गरेका छौं।

अनलाईन सिस्टमले एकचोटीमा एक ठाउँमा केन्द्रीत बिकेन्द्रीत हैन कि १३ वटै जिल्लामा आफ्नो केन्द्रीत गर्न सकिने अनलाईन व्यवसाय र केन्द्रीत व्यवसायहरुलाई चाहीँ हामीले मालिक बनाउन सक्ने विषय चाहीँ बनाउनु पर्छ। त्यसो भएन भने हामीले अनुदानको कुरा गरेर पनि हुँदैन। अनुदान सँगसँगै गुन्डाको हातमा पनि भैंसी परेको हामीले देखेका

छौं र भैंसी लिएर वहाँहरुले पनि खाएको र चार–पाँच दिनसम्म पाल्नु भो अनुदान लिईसकेपछि त्यो भैंसी पनि छैन केही पनि छैन।

अर्को हाम्रो समस्या भनेको मलाई लाग्ने बर्डफ्लूको समस्या पनि जुन देखिएको छ, बर्डफ्लू नै के हो भनेर थाहा नपाउने हाम्रो नेपालको डाक्टरहरु जो परनिर्भर डाक्टरहरु पनि फेला पारेका छौं, अहिले ३ नं. को मुख्य समस्या अहिले कुखुरा जुन अहिले खाल्डोमा हाल्ने प्रक्रिया सुरु भएको छ, यो पनि एउटा हाम्रो मुख्य व्यवसायमा बाधकको रुपमा अहिले आएको छ। हाम्रो आत्मनिर्भर प्रणालीको हिसाबले कृषकहरुले जो पाल्ने र उत्पादन गर्ने हिसाबले हाम्रो आत्मनिर्भर कुखुरामा र कुखुराको मासुमा छ र त्यो बढ्ने बित्तिकै भारते हस्तक्षेप गर्ने जुन विधान र विधि छ त्यसलाई चाहीँ हामीले क्रस गर्न सक्नुपर्छ भन्ने मलाई लाग्छ।

त्यसैले वास्तवित किसानलाई चाहीँ हामीले चिनौ सानो ईकाई जो अहिले बनाई रहनु भएको छ चार वटा गाई पाल्ने, कुखुरा पाल्ने अहिले नयाँ ठाउँमा आईपुग्दा खेरी कालिज पाल्ने जुन एउटासम्म आईपुगेका छौं वहाँहरुलाई प्रबर्धन गरेर चाहीँ हामीले नयाँ ठाउँमा चाहीँ लिएर जाऔं र यसलाई अगाडी बढाउनु पर्छ भन्ने मलाई लाग्छ। अहिले भर्खरै हाम्रो सिन्डिकेटका हिसाबले जसलाई हामी लगभग सय किलो भन्दा चाहीँ बढी नेपालमा मात्र उत्पादन हुने श्रृजनाका बिऊ हामीले फाल्नु पर्यो। त्यसको भनेको दश करोड भन्दा बढी किसानले उठाउनु पर्यो।

तर यसपाली हामीले त्यो फाल्नु पर्यो, त्यो सिन्डिकेट भयो सिन्डिकेटले गर्दा खेरी किसानले वास्तविक एउटा मुल्य पनि पाउन सकेन त्यसले निकै नै ठूलो घाटा पुर्याएको छ। हवस् त धन्यवाद।

**<u>माननीय सभामुखः</u>** माननीय श्री शोभा शाक्य, समय तीन मिनेट।

**<u>माननीय शोभा शाक्य (विवेकशिल साझा पार्टी)</u>:-** माननीय सभामुखज्यू, प्रादेशिक कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई म स्वागत गर्न चाहन्छु। हाम्रो यो ३ नं. प्रदेश हिमालदेखि पहाड, तराईसम्म फैलिएको यो हाम्रो ३ नं. प्रदेश हो।

हिमालमा स्याऊको खेती राम्रो हुन्छ भने, पहाडमा अर्कै हुन्छ, तराईमा अर्कै हुन्छ। त्यस कारण त्यसको लागि सबै मिल्ने गरेर हाम्रो कृषी व्यवसायलाई प्रबर्धन गर्न जरुरी छ। कृषी व्यवसायलाई प्रबर्धन गर्नुपर्ने हाम्रो एकदमै हाम्रो देशको लागि र हाम्रो प्रदेशको लागि पनि एकदमै आवश्यक प्रबर्धन गर्नुपर्ने हो।

किनभने गाउँ–गाउँ नै खालि भईसकेको अवस्था छ। किनभने हाम्रो गाउँमा कृषी गर्नको लागि गाउँमा बस्नुभन्दा विदेशमा गएर खाडिमा गएर काम गर्दा खेरी उनीहरुले कामको उचित मोल पाउने तर हाम्रो गाउँमा काम गर्दा खेरी दिनभरी काम गर्दा खेरी पनि दुई छाक भात खानलाई धौ–धौ हुने यस्तो अवस्था भईरहेको छ। देशमा कृषकहरुलाई जुन भण्डारण गर्ने ठाउँ भएन र हाम्रो भण्डारणको लागि यो ३ नं. प्रदेशले चाहीँ १३ वटै जिल्लामा एउटा चाहीँ एउटा–एउटा सबै जिल्लामा भण्डारण बनाईदियो भने अझ वहाँहरुलाई अतिकति भएपनि प्रतिफल पाउँछ कि लाग्छ त्यस कारण कृषकहरु चाहीँ धेरै निरास भईरहेको अवस्था छ। वहाँहरुको निरासाको कारणले वहाँहरु खाडिमा विभिन्न दोस्रो देशमा गईरहेको अवस्था छ। अहिले पनि हामीले सुनिरहेकाछौं जापानमा काम गर्नको लागि युवाहरुलाई बोलाउँदै छ। तर हाम्रो नेपालमा हामीले किन बोलाउन सकिरहेको अवस्था छैन र वहाँहरुलाई हामीले यहाँ रोकि राख्न आवश्यक छ।

युवाहरु जब सबै विदेशमा हुन्छ त्यस बेलासम्म हाम्रो नेपाल कहिले पनि माथि उठ्न सकिदैन। त्यसै सिलसिलमा अहिले हामीले भनिरहेका छौं, कृषीमैत्रीको लागि के गर्नु पर्‍यो त ? कृषीमैत्रीको लागि गर्ने हो भने हामीले मेसिनको जतातत‍ै मेसिनको आवश्यकता छ अहिले। गाउँगाउँमा ठूलो जग्गामा कृषी गर्नको लागि चाहीँ धान रोप्ने मेसिन, खेती खन्ने मेसिनहरुको लागि पनि हाम्रो यो विधेयकले समेटेर हामीले दिन सकेको खण्डमा वहाँहरु विदेश पलायन हुनबाट रोकिन्छ होला भन्ने लाग्छ।

त्यस्तै बजार व्यवस्थापन गरिदिएको खण्डमा अझ वहाँहरुको जुन मिहेनत गर्ने व्यक्तिले प्रतिफल दिन सकिन्छ। अहिले चाहीँ जुन मिहेनत गर्ने दिनभरी रात दिन मिहेनत गरिरहेको हुन्छ, वहाँहरुले प्रतिफल पाईरहेको छैन। बिचौलीयाहरुको मात्रै विगविगी भईरहेको अवस्था छ। त्यस कारण यसलाई अन्त्य गर्न सकोस् र यो विधेयकले चाहीँ कृषी

व्यवसाय गर्नेहरुलाई चाहीँ राम्रो गर्न सकोस् भन्ने शुभकामना दिँदै मेरो भनाई यहीँ टुंग्याउन चाहन्छु, हाम्रो देशको जयहोस्, हामी सबैको जयहोस्।

**<u>माननीय सभामुखः</u>** माननीय श्री बद्री मैनाली, समय तीन मिनेट।

**<u>माननीय बद्री मैनाली (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, आज यो सम्मानित सदनमा प्रदेश कृषी व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्नु भएको छ। त्यसको लागि म माननीय मन्त्री सहित वहाँको टिमलाई धन्यवाद दिँदै विधेयकको स्वागत गर्न चाहन्छु।

मैले यसमा एक–दुई ओटा कुरा औंल्याउनु पर्ने देखेको छु, मलाई के लाग्छ भने आज हाम्रो मुलुक कृषी प्रधान देश कृषी प्रधान हुँदाहुँदै पनि आज कृषकहरुले उत्पादनपछि मुल्य नपाउँदा उत्पादन लागतभन्दा मुल्य कम हुँदा खेरी आज हामीले सरकारले जुन लक्ष्य राखिएको छ, जुन उद्देश्य राखिएको छ, त्यो चाहीँ उत्पादन बढाउन सकिरहेको अवस्था छैन।

त्यसलाई हामीले उत्पादन बढाउनको लागि हामीले कृषहरुलाई चाहीँ उत्पादन बढाएर उसको उचित मुल्य दिनको लागि हामीले हाम्रो मुलुकमा के भईरहेको छ भन्दा खेरी जब एउटा किसानले दश मुरी धान फलाउँछ अथवा एक टन आलु फलाउँछ अथवा एक टन माछा उत्पादन हुन्छ, अनि त्यो उत्पादन भईसकेपछि जब चाहीँ त्यो किसानले बजारमा बेच्ने समय हुन्छ, त्यो बेलमा चाहीँ परितिरबाट चाहीँ त्यसको आदि मुल्यमा जतिमा त्यहाँ कसरी उत्पादन हुन्छ, कुन सब्सिटी पाउँछन् हामीलाई जानकारी हुँदैन। अनि त्यो आदि मुल्यमा सामान आयात हुन्छ।

अनि आयात भएपछि उसको चाहीँ सामानको बजार यहाँ नेपालमा उत्पादित हुने सामानको बजार चाहीँ मुल्य गर्छ र उचित मुल्य पाउँदैन र उसले भोलीका दिनबाट कृषी पेसामा लाग्न छोड्छ। त्यसैले हामीले आज हामीले कृषी प्रधान देश भनिरहेका छौं त्यो चाहीँ किसानको हकहितको संरक्षण गर्न उत्पादनलाई मुल्य कायम गर्नको लागि हामीले

आयात हुने वस्तुहरुमा हाम्रो नेपाल मै उत्पादित हुने वस्तुलाई आयत हुने वस्तुमा हामीले रोक लागाउन चाहीँ त्यो उत्पादनको समय कुन समय हुन्छ सरकारले त्यसको समय हेरेर त्यसलाई रोक लगाउने प्रावधान गर्नुपर्छ भन्ने मलाई लाग्दछ र अर्को कुरो हाम्रो चाहीँ परम्परा हाम्रो कुरो के छ भन्दाखेरी जो चाहीँ जुसले चाहीँ उत्पादन गरेर हामी विभिन्न पेसा, व्यवसाय विभिन्न उसमा बसेका मान्छेको जीवन निर्वाह गराउँछ त्यसलाई हेर्ने दृष्टिकोण, जुन किसान, जुन मजदुर वर्गलाई हेर्ने दृष्टिकोण हाम्रो परम्परावादी छ।

एकदम ह्युमिलेट तरिकाले हेर्ने एकदम सानो सोँचका साथ हेर्ने हामीले त्यो परम्परा छ त्यसलाई प्रोत्साहन हुने र त्यसलाई सम्मान गर्ने उसले कृषक कृषीको क्षेत्रमा लाग्ने अनि मजदुरको क्षेत्रमा लाग्ने यस्ता व्यवसायीक क्षेत्रमा लाग्ने साथीहरुलाई हामीले सम्मान र प्रोत्साहन गरेर प्रशंसा गर्ने परम्पराको हामीले थालनी गर्नुपर्छ र कृषक क्षेत्रमा लाग्ने साथीहरुलाई हामीले क्षतिपूर्ति, बिमा र सहुलियत दरमा पैसा दिनुपर्छ र खास गरी अनुदानको सेक्टरमा हामीले नगदको प्रवाह गर्ने होइन कि त्यस क्षेत्रमा हामीले सीप, प्रविधि र उपकरणहरु दिनुपर्छ भन्ने मलाई लाग्छ। हवस् त धन्यवाद।

**<u>माननीय सभामुखः</u>** माननीय श्री छिरिङ्ग दोर्जे लामा, समय तीन मिनेट।

**<u>माननीय छिरिङ्ग दोर्जे लामा (नेपाली काङग्रेस)</u>:-** सभामुख महोदय, प्रादेशिक कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफलमा भागलिन गईरहेको छु। यो भाग लिने दौरानमा मलाई जहाँसम्म लाग्छ हामी अलि कृषीमा बढी आत्मनिर्भर हुनुपर्छ भन्ने जुन सोँचका साथ आईराखेका माननीय हरुको उपस्थिति यहाँ देखि राखेको छु।

आज यो सदनले छलफल गरियोस् अथवा बिचार गरियोस् भनेर प्रस्ताव पेश गर्दैगर्दा यहाँ कोरम नपुग्ने अवस्था पनि श्रृजना हुन सक्छ भन्ने मैले देखेको छु। यो एउटा महत्वपूर्ण विधेयक हो। यो विधेयक राम्रोसँग हामीले सेप एण्ड साईजमा ल्याएर प्रस्तुत गर्न सक्यौं र भोली बजारमा हामीले वितरण गर्न सक्यौं मात्रै भने पनि हाम्रो देशको जुन समृद्धिको लक्ष्य

लिएर यो सरकार हामी पनि लागिराखेका छौं, केहि न केहि टेवा पुर्याउँछ भन्ने मलाई लागेको छ।

विशेष त म यो सैद्धान्तिक छलफलमा के चाहीं ध्यानाकर्षन गराउँन चाहन्छु भन्दा खेरी हाम्रो माननीय मन्त्रीज्यू वहाँ उपस्थित हुनुहुन्छ। धेरै खुसी लागिरहेको छ, सम्बन्धित मन्त्री नै हुनुहुन्छ। कहिले काहीं सम्बन्धित मन्त्री नहुनाले गर्दा साह्रै अप्ठ्यारो परिरहेको अवस्था छ, सदनमा र विधेयकको बारेमा यो कुरा गर्दै गर्दा खेरी यो विधेयकमा एउटा यस्तो शब्द उल्लेख गरेको छ तर शब्दको भित्री काहीं पनि त्यसलाई व्याख्यात्मक रुपले लिएर आएको छैन। त्यो शब्द भनेको एजेण्ट भन्ने शब्द हो। त्यो शब्दलाई हामीले कसरी बुझ्ने, त्यो अंग्रेजी शब्द हो।

त्यो एजेण्ट भनेको बिचौलीया हो कि डिस्ट्रिब्युटर हो? त्यो बुझ्न जरुरी छ र मलाई जहाँसम्म लाग्छ, त्यो विषयमा माननीय मन्त्रीज्यूले यसपछि छलफलपछि सकिने जुन उत्तर छ उत्तरमा सहभागि हुँदाखेरी वहाँले यो उत्तर दिनुहुन्छ जस्तो मलाई लाग्छ।

साथै हामीले के देखेका छौं भन्दा खेरी समस्या डिमाण्डमा पनि छैन डिमाण्डमा समस्या भएको भए सायद हामीले विदेशबाट चाहीं मगाएर खानुपर्ने अवस्था आउँदैनथ्यो। समस्या यहाँ उत्पादनमा पनि हैन उत्पादन नभएको भए बाटोमा दुध फाल्नुपर्ने अथवा फलेको एउटा चाहीं कुनै पनि उत्पादनहरु कृषकले फालिरहनुपर्ने अवस्था आउँदैथ्यो। समस्या यहाँ बिचौलीयाले गरिरहेको छ।

हामीले यही सदनमा बसेर हामीले यहाँ छलफल गर्ने क्रममा कृषीको बारेमा छलफल गर्दाखेरी पहिला पनि विशेष समय माग गरेर कृषी सम्बन्धी ऋण उपलब्ध गराउनु पर्छ, यस्ता बिचौलीयाहरुलाई निरुत्साहित गर्नको लागि ऐनमा राम्रोसँग अघि यहाँ पुर्ववक्ता माननीयज्यूहरुले भनिसक्नु भयो यसलाई अझै पनि महत्वका साथ लिएर आउनु भयो, यसलाई अझै बढी थप गरेर ल्याउनु भयो अथवा भोली संसोधन गरेर आएको खण्डमा यो विधेयकले साँचै पनि एउटा राम्रो हाम्रो प्रदेशभित्र बनेको अघि माननीय मन्त्रीज्यूले अघि उत्तर दिनुभयो राम्रो यो सबै प्रदेशहरुमा पनि सबैलाई राम्रो भनेर उदाहरण पेश गर्नको

लागि जुन वहाँले जुन प्रत्यक्षता देखाउनु भएको थियो, त्यो यो विधेयकबाट हुन्छ भनेर म ध्यानाकर्षण गराउन चाहन्छु, धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुखः</u>** माननीय श्री भावना सुवेदी, समय तीन मिनेट।

**<u>माननीय भावना सुवेदी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, प्रदेश कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ सम्बन्धी सैद्धान्तिक छलफल धेरै राम्रो तरिकाले भईरहेको छ। धेरै जसो माननीयज्यूहरुले कुरा राख्नु भएको छ, हामीले आफ्नो देशको परिचय दिँदा खेरी अन्य देशमा गएर परिचय दिँदा खेरी सबभन्दा पहिला हामीले हाम्रो देशलाई कृषी प्रधान देश भनेर चिनाउँछौं तर हाम्रो देशको विडम्बना त्यसको ठ्याक्कै उल्टो छ र वहाँहरुले जसले हाम्रो परिचय सुन्नुहुन्छ, वहाँहरुले तपाईहरुले परिचय त कृषी प्रधान देश भनेर दिनुहुन्छ तर खै त तपाईहरुको देशमा कृषी कहाँ छ कसरी फलिरहेको छ, भन्ने कुरा पनि हामीले पाईरहेका छौं र हामीलाई सुझाब सल्लाह पनि आईरहेको छ, तपाईहरुले चाहीं कृषीमा लगानी गर्नुभयो भने धेरै राम्रो हुन्छ भन्ने कुरा पनि आइरहेको छ र मैले के भन्न चाहन्छु भने सर्बप्रथम त आफ्नो देशको अर्थ व्यवस्था कस्तो छ, त्यसमा भर पर्छ।

हामीले २००७ साल भन्दा अगाडी चाहीं यो देशले बाहिर निर्यातमा धेरै राम्रो गरेको र त्यो भन्दा पछि २०४६ सालमा आउँदा खेरी आर्थिक उदारिकरणको नीतिले गर्दा खेरी कृषीमा धेरै कमजोरी देखिएको कारणले गर्दा हामीले धेरै आत्तिनु पर्ने स्थिति त छैन, फेरी अहिले हाम्रो देशमा चाहीं यो देशमा समृद्धिमा पुऱ्याउनको लागि फेरि मिश्रित अर्थ प्रणालीको व्यवस्थाबाट हामी अगाडि बढिरहेका छौं र यतिबेला हामीले विभिन्न क्षेत्रसँग एउटा कृषीमा मात्र नभएर त्यो कृषीसँग विभिन्न रिलेटेड क्षेत्रहरुसँग एउटा म्युजिएल अन्डस्ट्यान्डिङ गरेर अगाडि बढ्यौं भने हामीले हाम्रो जुन आत्मा विश्वासले काम गर्यो भने यो कृषी क्षेत्रमा हामीले राम्रो गर्नु सक्छौं भन्ने कुरा म राख्न चाहन्छु र हामीले यो नेपालको सन्दर्भमा नेपालमा चाहीं कृषी प्रधान देश ९० प्रतिशत कृषी प्रदान देश ९० प्रतिशतले कृषीमा काम गर्नुहुन्छ भन्ने छ तर व्यवहारिक रुपमा ६५ प्रतिशतले काम गर्नुहुन्छ र त्यो कृषीबाट कृषी

उत्पादकबाट नेपालले चाहीँ २४ प्रतिशतले मात्रै यहाँ व्यवस्था भएको छ अन्य प्रतिशत चाहीँ अन्य जस्तो रेमिट्यान्स र अन्य सर्भिस्बाट चाहीँ नेपालमा धानेको र हामीले साँच्चै कृषीमा राम्रोसँग लगानी गर्ने हो भने हुन त नेपालमा हार्भेस्टिङ देखि लिएर एउटा उपभोग्य एउटा उपभोक्तसम्म जाँदा खेरी हरेक ठाउँमा विभिन्न स्टेपहरुमा समस्या छ।

त्यसको हामीले राम्रोसँग म्यानेज गर्दै गयौं भने, यो दक्षिण एसियाको ३६ प्रतिशत जनसंख्यालाई नेपालको एउटा कृषीले चाहीँ धान्न सकिन्छ भन्ने एउटा डाटाले देखाएको छ। त्यस कारणले म के भन्न चाहन्छु भने हाम्रो देशले हामीले चाह्यौं भने, हामीले आँट्यौं भने यो देशलाई फेरी पुनः पहिलाको २००७ सालभन्दा अगाडिको एउटा कृषी र एउटा निर्यातमा चाहीँ सशक्त गर्न सक्छौं र हाम्रो देशलाई एउटा समृद्धितिर उन्मुख बनाउँन सक्छौं भन्दै मेरो भनाई यहीँ राख्न चाहन्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>** माननीय श्री शान्ति प्रसाद पौडेल, समय तीन मिनेट।

**<u>माननीय शान्ति प्रसाद पौडेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यू, प्रदेश कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा बनेको विधेयकको हामी छलफलमा छौं। कृषीलाई अधुनिकीकरण भन्ने शब्द हामीले त्यहाँ राखेका छौं। यो अधुनिकीकरण शब्दले के–के कुरा सरकारले गर्ने के–के कुरा किसानले गर्ने भन्ने कुरा उल्लेख गर्न जरुरी हुन्छ भन्ने मलाई लाग्छ। आधुनिकीकरणको कोणबाट हेर्दा खेरी सरकारले जग्गा, मोटरबाटो, बिजुली, पानी, प्रविधि, बजार, गुणस्तर कायम, सहुलियत ऋण र यान्त्रिक व्यवस्था यति काम चाहीँ सरकार गर्यो भने अनि बल्ल हामी युवाहरुलाई चाहीँ यसतर्फ चाहीँ आकर्षित गर्नु सक्छौं। हामी आधुनिकीकरण गर्ने भनेर भन्छौं तर गर मात्र भन्छौं तर हामी के गर्छौं भनेर चाहीँ भन्दैनौं।

त्यसो भएर अलिअलि हामी दुबिधामा छौं कि, यो विधेयकमा यसमा भएको कमी कमजोरीहरु सच्याएर जानुपर्छ भन्ने चाहीँ कुरा म राख्न चाहन्छु र भन्न चाहन्छु विशेष गरी यो जग्गा प्राप्तीको कुरा हामी अहिले सबैभन्दा बाधकको रुपमा चाहीँ ७५ रोपनीको जुन हाम्रो जग्गाको हदबन्दी छ, अनि कृषीयोग्य जमीनमा चाहीँ हामी प्लटिङ्ग गरेर खुरुखुरु चाहीँ

जग्गा घडेरी बनाईरहेका छौं। अनि कृषिका आधुनिकीकरण गर्ने कुरा गरिरहेका छौं भनेपछि यसलाई हामी यो समस्यासँग म्याच खान्छ कि खाँदैन भन्ने कुरा हेर्न जरुरी छ। दोस्रो कुरा हामी नियन्त्रण कसरी गर्छौं? यहीँ हेटौंडाको अगाडि पट्टि एउटा तरकारी बजार छ, त्यो तरकारी बजारमा आएका तरकारीहरु खान योग्य हुन् कि होईनन् भन्ने कुरा कसले भनिदिने हो? किसान खुरुखुरु आएको छ, बेचेको छ।

त्यो चाहीँ मिसावट भएको छ यसका बारेमा त छैनन् नि भनेपछि यो नियन्त्रण गर्ने कुरा गुणस्तर नियन्त्रण गर्ने कुरामा विधेयकले बढी ध्यान दिनु पर्छ भन्ने कुरा पनि म राख्न चाहन्छु र मन्त्रीको टिमले जुन किसिमले मिहेनत गर्नु भएको छ, यो मिहेनतलाई अझै मिहेनतका साथ यसलाई वास्तवमा ३ नं. प्रदेशका एउटा स्वागत योग्य विषय बन्न सकोस् र हामी बाहिरबाट आउनेलाई नियन्त्रण गर्नुपर्नेलाई कसरी नियन्त्रण गर्छौं भन्ने कुरा पनि यसमा उल्लेख गर्न जरुरी छ भन्ने मलाई लागेको छ। भारतबाट आउने कृषीमा भारतले के–के कुरामा चाहीँ दिईरहेको छ।

हामीलाई सबभन्दा गाह्रो भनेको उसले सहुलियत लिएर सस्तो मुल्यमा उत्पादन गर्छ, अनि हाम्रो किसानहरुले उत्पादन गरेकोलाई हामी कन्ट्रोल गर्ने कुरा गर्दैनौं। अनि भन्छौं के भने आधुनिकीकरण गर्ने कुरा गर्छौं ल गर भन्छौं अनि त्यस्तो खालको मात्रैले हुँदैन त्यस कारणले यो नियन्त्रण गर्ने कुरा पनि त्यत्ति कै जरुरी छ भन्ने कुरा राखेर मेरो भनाई अन्त्य गर्न चाहन्छु, धन्यवाद।

<u>माननीय सभामुखः</u> माननीय श्री मिना ज्ञवाली, समय तीन मिनेट।

<u>माननीय मिना ज्ञवाली (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-

वनजंगल हरिया, नदी र छहरा यो देशको वैव,
फुल्छन् फूलहरु सुवास भर्दै पाखा पखेरा सब।
खेल मैदान र चौउरमा रमीरमी खेल्छन् ती बालबालिका,
झल्छन् बालीहरु हराभरा भई तराईका फाँटमा।

माननीय सभामुखज्यू, हामी प्रदेश कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा लागिरहेका छौं।

म यो विधेयकले खास गरी एउटा कुरा के जोड दिन चाहन्छु भन्दा खेरी यो बिऊ बिजन राख्ने बेलामै धानको बिऊ राख्ने बेला मै त्यो धानको मुल्य त्यो वर्ष उत्पादन हुने धानको मुल्यको ग्यारेण्टी हुनुपर्छ र त्यो चीज सरकारले किनिदिने अवस्था हुनुपर्छ तवमात्रै किसानले उत्पादन गर्नमा विशेष ध्यान दिन्छन्, धान मात्र नभएर हरेक वर्षमा उत्पादन हुने चिजको सुरुवाती मै त्यसको मूल्य निर्धारण गर्ने सरकारले र त्यस पटकको उत्पादनलाई सरकारले यदि किनिदिने हो भने देखि यो कृषी व्यवसायमा किसानहरु आकर्षित हुनेहुन्छ, यस्तो कुरामा पनि हाम्रो विधेयक त्यस तर्फ ध्यान दिइयोस् र दफावर छलफलमा पनि यो कुराहरु राखौंला र अर्को कुरा कानूनी हिसाबले नै हामीले के गर्नुपर्छ भने, आयातित कुरालाई चाहीं बन्द गर्नुपर्छ।

यदि हामीले हाम्रो देशमा उत्पादन गर्ने हो भने बाहिरबाट आउने चिज हाम्रो खुला सिमाना छ यसर्थमा अघि पनि माननीयज्यूहरुले कुरा उठाउनु भएको छ, हामीले यहाँ उत्पादन गर्ने भन्दा हामीले यहाँ बाहिरबाट आएको चिज किन्ने मुल्य जब कम हुन्छ भने स्वभाविक रुपले उपभोक्ताले त्यो कम मुल्यमा पाउने चिज किन्न लालायित हुने र हामीले त्यो किन्ने गर्छौं। यसर्थ आयातित चिजलाई हामीले बन्द गर्नुपर्छ। कम्तीमा हामीले यो वर्ष गोलभेडाको लागि आयतित बन्द गर्यौं भने यहाँ गोलभेडाको व्यवसाय फस्टाउँछ र त्यो गोलभेडा प्रतिटन यदि मुल्यमा बिक्री भएन भने पनि त्यो सरकारले किन्ने अवस्था हुनुपर्छ। यस्ता कुराहरुलाई यो व्यवसाय प्रबर्धन सम्बन्धमा बनेको विधेयकमा उल्लेख हुनुपर्छ भन्ने कुरा राख्दै आफ्नो भनाई यही टुंयाउँछु, धन्यवाद। नमस्कार।

**माननीय सभामुखः** अब म माननीय भूमि व्यवस्था कृषी तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामालाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**माननीय दावा दोर्जे लामा, मन्त्री, भूमि व्यवस्था कृषी तथा सहकारी मन्त्रालयः-** माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरु, आज कृषीलाई व्यवसायीकरण गर्ने

र त्यसको प्रबर्धन गर्ने विधेयक सम्बन्धी सैद्धान्तिक छलफलमा २५ जना माननीयज्यूहरुले भाग लिनु भो। त्यो भन्दा अगाडि ११ जनाले भाग लिनु भो।

सबै यो नेपाल कृषी प्रधान देश र कृषीलाई व्यवस्थित गर्नुपर्छ भन्ने भावना बोकेर भाग लिनुहुने सबै माननीयज्यूहरुलाई धन्यवाद दिन चाहन्छु। वास्तवमा यहाँहरु सबैको चाहना, हामी सबैको भावना एउटै छ। पर्याप्त मात्रामा जमीन छ, भएको जमीनको केही खण्डिकरण भएको छ। बाँकी जमीन बाँझो छ, खेती निर्वाहमूखी छ, उत्पादन गर्यो उत्पादन गरेका चिजहरु कहिले काहीँ बिक्री बजार नभएर खेर फाल्नुपरेको अवस्था छ।

यसलाई व्यवस्थापन कसरी गर्ने भन्ने समग्रमा यहाँहरु सबैको राय, सल्लाह, सुझाब मैले त्यस्तो निष्कर्ष छ भन्ने बुझ्छु। यसैलाई व्यवस्थित गरौं भनेर यो विधेयक सदनमा प्रस्तुत गरेको हो। मलाई लाग्छ हाम्रो प्रदेश हिमाल, पहाड, तराई, भित्री मधेश पनि मिसिएको प्रदेश छ। कुनै एउटा जिल्ला छुट्टै खालको छैन। सबैमा मधेश पनि भएको, पहाड पनि भएको यो प्रदेश हो। यहाँ व्यवसायीक ढंगले कृषीलाई पशुपंक्षीलाई लैजान सक्यो भने धेरै युवा युवतीहरुलाई रोजगारमूलक कामहरु श्रृजना गर्न सकेर उत्पादनमूखी काममा अगाडी बढ्न सक्ने कुरालाई ध्यानमा राखेर यो विधेयक ल्याएको छ।

केही–केही काम यो वर्ष सुरु गर्दै छ, चौरी पालन कार्यक्रम, गाई पालन कार्यक्रम, बाख्रा पालन कार्यक्रम, भेडा पालन कार्यक्रम र भैंसी पालन कार्यक्रम पनि अहिले विभिन्न जिल्लामा लागु भएको छ र अव हामी कहाँ–कहाँ उत्पादनमूखी फलफुल हुन सक्छ, कहाँ–कहाँ जडिबुटी उत्पादन गरी खेती गर्न सक्दछ, कहाँ–कहाँ सामुहिक खेती गर्न सक्छ, कहाँ माछा पान गर्न सक्छ, कहाँ अन्नबाली उत्पादन गर्न सक्छ भन्ने कुरा त्यसको लागि डिटेल रिपोर्ट ल्याउन अभियान चलाउँदै छु।

यो रिपोर्ट पनि आउने छ। यहाँहरुलाई मैले शुभ समाचार नै भनौ दुईटा जिल्लाबाट नयाँ काम सुरु हुँदैछ। यो हाम्रो प्रदश नं. ३ को सिन्धुली जिल्लाको दुधौली नगरपालिकाबाट १२१ बिगाह जमीनमा सामुहिक खेती हुँदैछ। चितवन जिल्लाको माडी नगरपालिकामा १०० बिगाहमा सामुहिक खेती हुँदैछ र चितवनको माडि नगरपालिकामा ७०० बिगाह जमीनमा माछापालन सुरु हुँदैछ।

अब यो यसो हेर्दा खेरी यहाँहरुले यो सदनमा बोलेको कुरा तपाईहरुले माननीय मन्त्रीज्यूले कसरी बोल्यो भन्नुहोला, कहिले काहीँ तपाईहरुलाई अनुगमणमा, निरिक्षणमा, भ्रमणमा जाँदा अन्त ठाउँमा होईन यो प्रदेश नं. ३ को माडि जानुस् माछाको अवस्था के छ, पोखरी खन्दै गरेको अवस्था के छ हेर्न तपाईहरुको राईट छ। त्यहाँ जानोस् दुधौली नगरपालिकामा जानुहोस्, सामुहिक खेती १२१ बिगाह भनेको छ यो कस्तो सुरु भएको छ त्यहाँ जरुरी हुन्छ। त्सपछि यो आउने वर्षमा माछा पालनको क्षेत्रमा यो माथितिरको भागमा ट्राउट माछाको लागि रसुवा, नुवाकोट, धादिङ्ग, सिन्धुपाल्चोक, दोलखा र रामेछापमा ट्राउट माछा पाल्ने अभियानको पोखरी र त्यसको पोखरीहरुको पनि संरक्षण गर्ने चितवन, मकवानपुर र सिन्धुलीमा चाहीँ जस जसले माछा पाल्छु भन्छ त्यो माछा पोखरी खन्ने अभियानमा लाग्ने पोखरी खन्नलाई राज्यले अनुदान दिने योजना ल्याउँदै छौं कुन–कुन जिल्लाको साथी कुन–कुन क्षेत्रमा माननीयज्यूहरु पर्नुहुन्छ, त्यसको तयारीमा किसानहरुलाई जगाउने काममा पनि यहाँहरु लाग्नुहोला भन्ने मैले अनुरोध गर्न चाहन्छु।

अर्को फलफुलको क्षेत्रमा सबै कुरा हुन्छ जुनार कहाँ फल्दछ, सुन्तला कहाँ फल्दछ, किबी कहाँ फल्छ, आँप, लिची, कटहर देखि लिएर अन्य उत्पादनमूखी फलफुल कहाँ–कहाँ फल्न सक्छ सामुहिक खेती भन्दा पहाडमा त हुँदैन पहाडमा के हुने भन्ने होला जग्गा बाँझो राख्नु हुँदैन भन्नुको कारण के हो भने अहिलेको जग्गा बाँझो हुनुको कारण दुई ओटा छ, एउटा त छोराछोरी सबै हामीले विदेश पठाएका छौं। अर्को चाहीँ यहाँ करार खेती गर्ने भनेर किन ल्यायो भनेर पनि भन्नु भएको छ।

यदि जग्गा बाँझो हुनुको दुई ओटा कारण छ एउटा काम गर्ने मानिस नभएर, अर्को चाहीँ अरुलाई दिँदा खेरी विश्वास नभएर। जसलाई दिइयो उसैले खान खोज्छन्। भनेपछि आफु गर्न पनि नसक्ने उमेरले वृद्ध भयो। अनि अरुलाई गर्न दिइयो भने पनि विश्वास् छैन। हेन आफ्नो घरको परिवार छोराछोरीलाई गर्न लगाऔं भने पनि छोरीछोरी विदेशमा छ। यो सबै कुरालाई व्यवस्थित ढंगले जग्गा बाँझो नगर्ने उपाय नै सामुहिक खेती हो र चक्लाबन्दी खेतीमा जाने हो। पहाडमा उत्पादनमा कि सामुहिक खेती गरौं कृषी, वन, पर्यटनको अवधारणा ल्याउनुको कारण के भन्दा खेरी वन क्षेत्रभित्र पनि जग्गा बाँझो छ भने वन मन्त्रालयको अनुमति लिएर अनि सामुदायिक वनहरुसँग पनि लिजमा लिएर कृषीबाट

हुने उत्पादनमूखी फलफुलहरु अनि उत्पादनमूखी अन्नबालीहरु हामीले लगाउन सक्ने, किसानहरुलाई व्यवसायीक बनाउने, युवाहरुलाई व्यवसायीक बनाउने अभियानमा हामी जाने हो। अब यत्ति धेरै कुरा आएको कृषीलाई आधुनिकीकरण गर्ने, कृषीलाई व्यवसायीकरण गर्ने, कृषीलाई औद्योगिकरण गर्नेव, कृषीलाई यान्त्रीकरणमा लैजाने कुरा हामीले ल्याएका छौं।

त्यसलाई प्रोजट बैंकको रुपमा लैजाऔं यसपलि कुन कुन जिल्लामा के–के हुन सक्ने हो लौ माननीयज्यूहरु तपाईहरुले ल्याउनुस्। तपाईको प्रदेशमा, तपाईको क्षेत्रमा उत्पादनमूखी हुने कुराहरु धान, मकै, कोदो, फापर हुने चाहीं जमीन कहाँ निर छ, त्यहाँको नगरपालिका, त्यहाँको गाउँपालिका, त्यहाँको कृषक समूह, त्यहाँ हाम्रो ज्ञानकेन्द्र छ, त्यहाँ हाम्रो विज्ञ केन्द्र छ उनीहरुसँग पनि छलफल गरेर उत्पादनमूखी नयाँ नमूनाका कामहरु सुरु गरौं कृषीमा। ठाउँ ठाउँ छानेर उपयुक्त कहाँ–कहाँ हुन्छ, माटोको परिक्षण गर्ने अहिले हामीसँग एउटा भेन छ अर्को भेन आउँदैछ दुईटा हुन्छ। यो दुईवटा भेन माननीयज्यूहरुले पनि लौ कुन–कुन नगरपालिका, क्षेत्रमा माटोको परिक्षण गर्न लानेको त्यो माटोको परिक्षण गर्न हामी तपाईहरुलाई पठाउँछौं। प्रविधिक टिम सहित पठाउँछौं।

कहाँ–कहाँ लानुहुन्छ छिट्टै लगेर त्यसको माटोको परिक्षणको रिपोर्ट लिएर यो ठाउँमा यो चिज उत्पादन हुन्छ भन्ने कुरा रिपोर्ट दिनुहोस् यो अभियानको रुपमा सञ्चालन गर्ने त्यस भन्दा नपुगेको त आज प्रारम्भिक छलफल हो तपाईहरु ल्याएका सबै सुझाब मैले अघि नै भन्या छु यो चाहीं पूँजी हो अझै धेरैले बोल्न पाए राम्रो हुन्थ्यो जम्मा ३७ जना भएको छ अब ११० जनामा १०९ जनामा ३७ जना भो ५१ जनाले बोल्न पाएको भए कृषीमा चाहीं साँच्चै नै मान्छेको भावनै देखि उत्पादनमूखी कृषी बनाऔं अब यो कृषीलाई व्यवसायी बनाऔं भन्नेमा रहेछ भन्न हुथ्यो।

आज साथीहरु बाहिर निस्किनु भएछ जति जनाले सुझाब दिनु भो यो सुझाबलाई आत्मै देखि आत्मासात गरेर यसलाई व्यवस्थित गर्ने काममा आगामी दिनमा आउने छलफलमा भाग लिएर तर्फाहरुले यसलाई यो–यो ढंगले संसोधन प्रस्तावमा राखेर यो विधेयकमा राख्नु पर्छ र ऐन बनेर आउँदा खेरी यो प्रदेशमा कृषीले प्रबर्धन गरेर, व्यवसाय

गरेर, बेरोजगारी युवाहरुलाई रोजगारी श्रृजना गरेर यो हाम्रो प्रदेशमा मात्रै हैन, विदेशबाट आयत हैन हामीले अरु देशलाई, अरु प्रदेशलाई पनि दिन सक्ने गरी उत्पादनमा लाग्ने गरी यो विधेयक पनि बनाऔं। त्यसपछि हामी एकदमै योजनाबद्ध ढंगले यसलाई ऐनमा जसरी बनायो विधेयक जसरी आयो यसलाई कार्यान्वयनमा लान सक्यौं भने देखि कार्यान्वयनमा लैजानको निम्ति हामी सबैको एकताले मात्र लैजान सक्छ।

सबै मान्छेले छोराछोरीलाई विदेशमा हैन स्वदेशमा आउ, यहीं बसेर जुनार खाआं स्वास्थ्य वर्धक छ सुन्तला खाऔं, यहीं उत्पादन गरेको धान, मकै, कोदो, फापर खाऔं र यहीं बाबुआमाको सेवा गरौं भन्ने अभियानमा हामी सबै लाग्यौं भने हामी सफल हुन्छ। यहाँहरुको सबै भावनालाई मैले सपोर्ट गरेर यहाँहरुलाई अत्यन्तै धेरै–धेरै धन्यवाद दिएर अनि यहाँहरुको जुन भावना छ त्यो भावनालाई मर्न दिने होइन यो भावनालाई जाग्ने गरी यो विधेयक बन्ने छ भन्ने विश्वास दिलाएर मेरो भनाई यहीं टुंग्याउन चाहन्छु, धन्यवाद। नमस्कार।

**माननीय सभामुखः** अब यो छलफल यहीं समाप्त हुन्छ। अब म प्रादेशिक कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदशिक कृषी व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसहमतिले स्वीकृत भएको घोषणा गर्दछु।

अब यो बैठक मिति २०७५ चैत्र २७ गते बुधवार बिहान ११ बजे बस्ने गरी स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७५ साल चैत्र २७ गते वुधवार बिहान ११:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ५:४५ बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# तेस्रो अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२७ चैत्र, २०७५

बुधबार

(बैठक संख्या - ६)

**प्रदेश सभाको तेश्रो अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा बुधबार बिहान ११:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश नम्बर ३ को प्रदेश सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु आज शुन्य समयको कार्यक्रम नरहने ब्यहोरा जानकारी गराउदँछु।

माननीय सदस्यहरु, विशेष समयमा बोल्ने माननीय सदस्यहरुले समय माग्नु भएको छ। म माननीय सदस्यहरुलाई विशेष समयमा बोल्न समय दिन्छु।

अब म माननीय नारायण बहादुर सिलवाललाई बोल्न समय दिन्छु। समय ४ मिनेट

**माननीय नारायण बहादुर सिलवाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुखज्यु, सर्बप्रथम म यो अधिवेशनमा मुख्यमन्त्रिज्युले यहि अधिवेशनमा हाम्रो राजधानी र नाम टुङ्गाउने वचन बद्धता ब्यक्त गर्नुभएको थियो त्यसको लागि आभार ब्यक्त गर्न चाहान्छु। र सम्बन्धित निकायहरुले त्यसको तयारी गरिरनु भको होला भन्ने कुरामा म विश्वस्त छु। त्यसपछि म काठमाण्डौ महानगरपालिकाले, साथीहरु धेरै गालि गर्नुहुन्छ तर म यहाँ महानगरले एउटा राम्रो कामको सुरुवात गरेको छ, लामो समयदेखि धुलो फोहोरमैलामा रहेको उपत्यका प्रदुषित थियो, ब्रुमरद्धारा सरसफाईको काम सुरुवात गरेको छ, म काठमाण्डौं महानगरपालिकालाई हार्दिक बधाई ज्ञापन गर्न चाहान्छु।

प्रदेश सरकार मार्फत ब्रुमर लाउन स्तरीय सडकको स्तरोन्नती गर्न आगामी बजेटमा विशेष ध्यान दिएर कार्ययोजना राख्नका लागि र बाँकि नगरपालिकाहरुलाई पनि ब्रुमरको ब्यवस्था गर्न, प्रदेशको तर्फबाट ब्रुमरको ब्यवस्था गरिदिनको लागि प्रदेश सरकारले काम थालोस् भन्ने कुरामा म ध्यानआकर्षण गराउन चाहान्छु। त्यसैगरि अर्को काठमाण्डौमा धोबिखोला करिडोर, बाग्मती करिडोर, विष्णुमति करिडोरका कामहरु बढिरहेको त्यसमध्ये धोबिखोला करीडोर छिटो सम्पन्न भईरहेको योजनामा पर्छ अहिले द्रुत गतिमा काम भईरहेको छ। मेरो निर्वाचन क्षेत्रको महत्वपुर्ण भाग त्यो करीडोरमा पर्छ र अहिले करीब करीब यो असार मसान्तसम्म मेरो निर्वाचन क्षेत्रभित्र करीडोरका सम्पूर्ण काम सम्पन्न हुनेछ।

त्यसको लागि म सम्बन्धित निकाय, उपत्यका विकास प्राधिकरण, बाग्मती सभ्यता परियोजना लगाएत लाई हार्दिक धन्यवाद दिन चाहान्छु तर त्यो करीडोरमा अरबौं रुपैया खर्च गरेर बनाईएको करीडोर मा अहिले केहि समस्याहरु देखा परेको छ। जस्तै करीडोरको ओभरफ्लो बर्खाको पानी ओभरफ्लो जानी पाईपहरु राखिएको कुराहरु त्रुटीपूर्ण हुदाँ ओभरफ्लो होईन ब्याकफ्लो हुने खतरा पैदा भएको छ। ढलहरु बनाउदाँ बोरासोराले थुनेर राखेको कुरा नखोल्दिएकोले घर घरमा ढलहरु फिर्ता हुने र चेक ड्याम बनाउदा खेरी हाईटम बढी ल्याईदिएको कारणले बालुवाहरु आएर पुरेर २ मिटर भन्दा बढी साढे २ मिटर पर्खाल माथि रहनु पर्ने ठाँउमा करीब १ मिटर मात्रै पर्खाल बाँकि रहने अवस्था

जस्तो करीडोरमा समस्या सिर्जना भएको छ। अरबौं खर्च गरेर परियोजना सम्पन्न हुन लाग्यो, डुबान मुक्त हुनुपर्ने तर डुबान सुरु भयो। त्यसैले यहि वर्षदेखी अब करीडोरको लागि जग्गा किनबेच गर्दा १ प्रतिशत लाग्ने शुल्क प्रदेश सरकारको संचित कोषमा आको छ र त्यो रकम प्रदेश सरकारले नै खर्च गर्ने हुदाँ आगामी दिनमा त्यो परियोजनालाई अझ ठिक ढङ्गले आफ्नो उसमा ल्याउनको लागि ध्यानाकर्षण म प्रदेश सरकारलाई, देखिएका समस्याहरु समाधान गर्नका लागि पहल गरोस् भनि ध्यानाकर्षण गराउन चाहान्छु। र यहि कुराहरु राखिरहदा म केन्द्रीय सरकार हामी प्रदेशको संसदमा छौं तर केन्द्रीय सरकारको बारेमा पनि हामीले बेलाबेलामा विषयहरु ब्यक्त गर्ने गरेका छौं।

यहाँ म अचम्म मान्छु, एउटा राम्रो काम भयो, लामो समय देखि देशमा विखण्डनको आवाजहरुलाई विभिन्न ढङ्गले झोस्ने प्रयास भएको थियो, थुप्रै सरकार बने तर कानमा तेल हालेर बसे। अहिलेको सरकारले, नेकपाको सरकारले विखण्डनकारीहरुलाई संविधान बमोजिम अब म हिड्छु भनेर वचनबद्धता जनाएर अगाडी ल्याएको त्यसको विरोध हुन्छ अनि हिसांको प्रतिबन्ध लगाउदाँ फेरि त्यसको पनि विरोध हुन्छ। मैले अलिकति बुझ्न नसकेको अथवा बुझाईदिनुहुन पनि म सम्बन्धित साथीहरुलाई थप मैले नबुझेको कुरा बुझाईदिन अनुरोध गर्दै बिदा हुन चाहान्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय छिरिङ दोर्जे लामालाई बोल्न समय दिन्छु, समय ३ मिनेट।

**<u>माननीय छिरिङ दोर्जे लामा (नेपाली कांग्रेस)</u>ः-** सभामुखज्यु, कुनैपनि ब्यक्तिको सम्पत्ती माथि उसको जन्मसिद्ध अधिकार सिर्जित हुने भएकाले राज्यद्धारा मौलिक हकको रुपमा संरक्षण गर्ने प्रतिबद्धता प्रदान गरिएको हुन्छ। नेपालको संविधानको धारा २५ ले सम्पत्तिको हकलाई संवैधानीक हकको रुपमा प्रत्याभुत गरेको तथ्य निर्विवाद छ।

सोहि संविधानको धारा २५ को उपधारा ३ ले गरेको ब्यवस्था अनुसार सार्वजनीक हितको लागि राज्यले कुनैपनि ब्यक्तिको सम्पत्ती अधिग्रहण गर्दा क्षतिपुर्ति को आधार र

कार्यप्रणाली ऐन बमोजिम हुने ब्यवस्था गरेको छ। उक्त सम्बन्धमा ब्यवस्था गर्न नेपालमा जग्गा प्राप्ती ऐन २०३४ प्रचलनमा रहेको देखिन्छ। उक्त ऐनको दफा ३ को ब्यवस्था अनुसार जग्गा प्राप्त गर्द मुआब्जा दिनै पर्ने देखिन्छ।

संघीय मन्त्रालय, शहरी विकास मन्त्रालय अन्तर्रगत रहेको अधिकार सम्पन्न बाग्मती सभ्यता एकिकृत विकास समितिले बाग्मती सुन्दरता आयोजना गरिरहेको यहाँ म अवगत गराउन चाहान्छु र उक्त आयोजना अन्तर्रगत बाग्मती किनारको गोकर्ण ब्यारेज देखि गृहेश्वरी सम्म जम्मा करीब १८८ रोपनी जग्गा जुन २०५२ सालदेखि २०५७ साल सम्म बाग्मती सभ्यता कायम गर्न ब्यक्ति र किसानहरुबाट विशेष गरि किसानहरुबाट चाहि लिएको देखिन्छ। जग्गा प्राप्ती ऐन २०३४ जारी भएपश्चात ब्यक्तिको जग्गा लिएको देखिएतापनि उक्त ऐनको निर्दिष्ट गरिएको कार्यविधि र प्रक्रिया नपुऱ्याई त्यो किसानहरुको जग्गा सार्वजनीक प्रायोजनकालागि प्रयोग भएको देखिन्छ। तसर्थ म सभामुख मार्फतबाट के ध्यानाकर्षण गराउन चाहान्छु सरकारलाई भने यस प्रदेश सरकारले पाएको अधिकारमा केहि यस्तो दायित्वहरुपनि आकर्षित हुन्छ जुन यो दायित्वलाई प्रदेश सरकारले निर्वाह गर्नुपर्ने देखिन्छ।

काठमाण्डौ मालपोत कार्यालयले जग्गा रजिष्ट्रेशन शुल्क बापत लाग्ने रकमको जम्मा ०.५ प्रतिशत रकम प्रदेश सरकार अन्तर्गत बाग्मती सभ्यता कोषमा जम्मा हुने ब्यवस्था गरेको छ। त्यसरी किसानहरुबाट जुन जग्गा राज्यले लिएको छ त्यसलाई मुआब्जा दिनैपर्ने कानुनी ब्यवस्था रहेको ले गर्दाखेरि बेरित पुर्वक किसानहरुबाट लिएको जग्गाको क्षतिपुर्ति दिनुपर्ने कुरालाई यस सदन मार्फत, सभामुख मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु।

यो जुन किसानहरुको १८८ जग्गा जुन लिएको छ त्यसमा न मुआब्जा दिएको छ न त्यसलाई अधिग्रहण गरियो भनेर भनिएको छ त्यसकारणले प्रदेश सरकारले आफुले एउटा अधिकार प्राप्त गरिसकेको छ, एउटा जुन किसिमले बाग्मती सभ्यताको नाममा रजिष्ट्रेशन शुल्क बापत जुन रकम दाखिला भएको छ, आएको छ। त्यो अधिकार सँगसँगै

अब त्यहा बाग्मतीलाई केहि गर्नुपर्छ भन्ने दायित्वपनि सिर्जित भको छ त्यसकारणले गर्दा खेरि म सभामुख मार्फतबाट प्रदेश सरकारलाई संघिय सरकारसँग यो किसिमको यो जुन किसिमको किसानहरुलाई चपेटा परिराखेको छ त्यसलाई छिटो भन्दा छिटो टुङ्गाउनको लागि म ध्यानाकर्षण गर्दै म बिदा हुन चाहान्छु, धन्यवाद। जयनेपाल।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय शान्ती प्रसाद पौडेललाई बोल्न समय दिन्छु, समय ३ मिनेट

**<u>माननीय शान्ती प्रसाद पौडेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुखज्यु, आज हामी विशेष समयको सन्दर्भमा बोल्न गईरहेका छौं। रामेछाप जिल्लाको ७० ४ २८ गते गएको बाढी पहिराले लिखु रतामाकोशी गाँउपालिका वडा नम्बर ६ र वडा नम्बर ४ का मानिसहरु अहिले सम्म पनि भुकम्प प्राधिकरण मार्फत जस्को जग्गा जमिन बगाएर घर बनाउने ठाँउ छैन त्यसको अहिले सम्म पनि निर्क्योल हुन सकेको छैन, म संसद मार्फत आग्रह गर्न चाहान्छु। जो किसानको घर बगाएको छ, वहाँहरुको अर्को ठाँउमा रहेको जग्गा चाहि ३० प्रतिशत भन्दा बढी भिरालो र बस्ति बस्न नमिल्ने खालको अवस्था छ। अर्को ठाँउको जग्गा छ भन्दै उनीहरु मर्कामा परेका छन्, त्यसमा सरकारको ध्यान जाओस् भन्ने कुरा म राख्न चाहान्छु।

भुकम्प पिडितहरुको अहिलेसम्म गुनासोको फर्छ्यौटको काम सम्पन्न भईसकेको छैन, अहिले फेरि एक महिनाको समय दिएर पूर्ण छुट भन्दै संकलन गर्ने काम भईरहेको छ। म आग्रह गर्न चाहान्छु, स्थानीय निकाय मार्फत को को मान्छेले घर बनाउन सक्ने हो त्यसको फाईनल अथवा त्यसको छनौट चाहि अन्तिम चरणमा पुग्ने गरि जानुपर्छ यसमा सरकारको ध्यान जाओस् भन्ने कुरापनि म राख्न चाहान्छु। यसलाई विभिन्न नाममा प्राजेक्ट लम्ब्याउने खालको योजना नबनोस्, पिडितहरुले घर बनाउने खालको मौका प्रदान होस्। जो मान्छेले घर बनाउन चाहान्छन्, त्यो घर बनाउन चाहाना राख्नेहरुलाई खुला ढङ्गले घर बनाउने गरि सरकारले ब्यवस्था गर्नुपर्छ भन्ने कुरा म राख्न चाहान्छु। हामी अहिले प्रदेश

सभामा छौं, केन्द्रिय सरकारले आगामी वर्षको योजनाको लागि छनौटको काम सुरुवात गरेको छ। केन्द्रिय सरकारमा योजना कसरी लाने, प्रदेशमा कसरी ल्याउने भन्ने बारेमा अहिले सम्म पनि हामी अन्यौलमा छौं।

यो अन्यौलता चिर्ने काम तुरुन्त होस् र यसको आधिकारीक हिसाबले बस्ती लेवलका मान्छेले योजना प्रदेश सम्म कसरी ल्याउछन् केन्द्र सम्म कसरी पुऱ्याउछन् ? त्यसको ब्यवस्था चाढौं भन्दा चाढों सरकारको ध्यान पुगोस् भन्ने कुरा म राख्न चाहान्छु। हामी देखिरहेका छौं देशमा विभिन्न खालका शक्तिहरु लगिरहेका छन्। सिके राउत लगायतका पृथकतावादी शक्तिहरुलाई सरकारले राजनितिको मुलधारमा ल्याएको छ, हामी कतिपयलाई त्यसले चित्त नबुझेको कुरापनि हामी सुन्न पाउछौं, यो वास्तवमा स्वागतयोग्य नै विषय हो। हामी चाहान्छौ देशमा कुनैपनि किसिमका अराजक गतिविधिरु नियन्त्रण गर्नका लागि सरकारले चालिराखेका कदमहरु प्रति संसद र हाम्रो तर्फबाट हामी समर्थन गर्न चाहान्छौ भन्ने कुरा पनि म राख्न चाहान्छु। यि विषयहरु कमेन्टका विषय होईनन्। हामी यो कुरालाई पनि ध्यान दिन चाहान्छौ। अजिले भर्खरै प्रदेश १, २ र ४ ले ३, ४ ले चाईनाबाट गाई ल्याउनका लागि सम्झौता गरेको छ। त्यो सम्झौता **(माईक काटिएको)**

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रिना गुरुङलाई बोल्न समय दिन्छु, समय ३ मिनेछ।

**<u>माननीय रिना गुरुङ (राष्ट्रिय प्रजातन्त्र पार्टी-संयुक्त)</u>:-** माननीय सभामुख महोदय, बारा, पर्सा लगायतका प्रदेश नम्बर २ का केहि क्षेत्रहरुमा हावाहुरीको कारणले क्षति, त्यसको पछि प्रदेश नम्बर ३ को सरकारले १ करोड रुपैया दिनेको निर्णय गरेको र प्रदेश सभाको सम्पूर्ण सदस्यको ३ दिनको तलब दिने, दिसकेको कुरालाई स्वागत गर्दै म आफ्नो कुराहरु राख्न चाहान्छु। प्रदेश नम्बर ३ अन्तर्गत राज्य पुर्नसंरचना आयोगले त्यसबेला प्रदेशहरुको सिमाङ्कन गरिराख्दा खेरी त्यसबेला अहिले प्रदेश नम्बर २ मा परेका ठोरी गाँउपालिकालाई ३ नम्बरमा लिएर आउने कुरा थियो तर अन्तिम समयमा कुन अदृश्य

शक्तिबाट त्यो ३ नम्बरमा नमिलाएको नमिलाएको हाम्रो बुझाईमा आएको छ। त्यो भएर अहिले सिंगो ठोरी गाँउपालिकाको पनि माग र वहाँ जनताको पनि मागको कारणले गर्दा खेरि मैले वहाँहरुकै माग यता प्रस्तुत गर्न चाहैं। अहिले ठोरी नगरपालिका एउटा नाका भएको छ।

अहिले मलाई लाग्छ सम्पूर्णले नै अवगत रहेको छ कि भारतीय नाकाबन्दीको बेला ठोरीकै कारणले गर्दाखेरि हाम्रो देशको राजधानीका मन्त्रीहरुका गाडीपनि चलेका थिए। त्यो भएर ठोरीलाई एउटा नाका, प्रदेश नम्बर ३ कै एउटा नाका बनाउने को लागि मन्त्रीपरिषद् बाट कुटनितिक पहल होस् भन्ने मैले यताबाट आग्रह गर्न चाहैं। र राजधानीको विषयमा पनि, प्रदेश नम्बर ३ को राजधानीको विषय पनि नम्बर ३ को संसद भित्र प्रवेश गरिसकेको छ, त्यो एकदम राम्रो कुरा हो। तर त्यसको कार्यगतिलाई अझै पनि चुस्त दुरुस्त बनाउन लागि प्रदेश सरकारले यसमा अलिकति आफ्नो ईनिसिएटिभ लिनुपर्‍यो भन्न म आग्रह गर्न चाहान्छु किनकि प्रदेश नम्बर ३ को राजधानीको विषयमा हामीहरुको एउटा गति कमजोर छ।

अहिलेसम्म हाम्रो संवैधानिक अधिकारको रुपमा हामीहरुले प्रदेश ले एउटा संविधानमै एउटा एमेन्नमेन्ड गर्न सकेको छैन तर संवैधानिक अधिकारको रुपमा प्रदेश सरकारले प्रदेश सभाले प्रदेशको राजधानी तोक्ने अधिकार छ त्यो भएर तोक्ने अधिकारको कारणले गर्दाखेरी हामीहरुले आफ्नो संविधानीक अधिकारी समयमा उपयोग गर्न सकेन भने हामीहरुले जनताले पनि वहाँहरुको संवैधानिक अधिकार दिलाउनका लागि शायद हामीहरुको केहि औचित्य हुदैंन त्यहि भएर हाम्रो संवैधानिक अधिकारको चाढैं भन्दा चाढैं उपयोग गरुम् भन्ने कुरा मैले फेरि पनि आग्रह गर्न चाहैं। र ३ नम्बर प्रदेशको समस्त पोल्ट्री ब्यवसाय ठुलो समस्यामा छन्।

त्यो ठुलो समस्या निकारण गर्नको लागि त्यो ठुलो समस्या समाधान गर्नको लागि प्रदेश सरकारले पहल लियोस्। वहाँहरुको यसबेलामा विभिन्न अहिले भक्तपुरमा पनि बर्डफ्लु को समस्या देखिएको छ। पोल्ट्री किसान, पोल्ट्री ब्यवसायी दुबै जनाको लागि प्रदेश सरकार

केहि राम्रो भुमिका खेल्दीयोस् भन्ने चाँहि म आग्रह गर्न चाहैं। त्यस्तै चितवनको केरा ब्यवसायमा पनि अज्ञात रोगको कारणले गर्दाखेरि समस्या छ, त्यसमा पनि प्रदेश नम्बर ३ को सरकारले अहम् भुमिका खेलोस् भन्दै अहिले २०७५ सालमा नेकपा कुराहरु जुन भएका छन् जसरी शिक्षण अस्पतालमा हमला भरतपुर महानगरपालिकाका २०७५ सालमा त्यस्तो लिष्ट लामो छ **(माईक काटियो)**

**<u>माननीय सभामुखः</u>-** अब म माननीय विनोद कुमार खड्कालाई बोल्न समय दिन्छु, समय ३ मिनेट

**<u>माननीय विनोद कुमार खड्का (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यु, आज हामी झण्डै एक वर्ष ब्यतित गरेर अगाडी बढ्ने क्रममा दोश्रो हिउदें अधिवेशनमा सहभागि भईरहेका छौं। मलाई लाग्छ हामी निर्वाचित भएपछि नेवाली जनतले निर्वाचित जनप्रतिनिधि र मुलत अहिलेका तिनै तहका सरकारबाट धेरै अपेक्षाहरु गरेका थिए तर जुन गतिमा प्रभावका हिसाबले कार्यसम्पादन सरकारले गर्नुपर्ने थियो त्यो यदाकदा नभएको होकि भन्ने जनगुनासोहरु हामी सुन्ने गर्छौं। त्यसको लागि हाम्रो ३ नम्बर प्रदेश सरकारको म ध्यानाकर्षण गराउन चाहान्छु।

सँगसँगै केहि म सार्वजनीक सरोकरका विषयहरु बुदाँगत रुपमा राख्न चाहान्छु। वास्तवमा हाम्रो सिन्धुली जिल्लामा झण्डै एक वर्षजति भयो वन्यजन्तु जो हामीले संरक्षण पनि गर्नुपर्छ राज्यले, जुन जनावरले अहिले सिन्धुली जिल्ला कमलामाई नगरपालिका र दुधौली नगरपालिकाका केहि वार्डहरु सदरमुकाम सहित धेरै मानव वस्तीमा उसले आफ्नो उदण्डता प्रर्दशन गरिरहेको छ, जस्लाई हामीले हात्ती आतंक पनि भन्ने गरेका छौं अहिले झण्डै झण्डै एक वर्षजति भयो कहिले एउटा वस्तीमा कहिले अर्को वस्तीमा घुमेर जनताहरुका घरबस्ती, खाद्यान्नका ढुकुटीहरु भत्काउने लगायत बालीनाली र एक जनाको त ज्यानै पनि गएको छ त्यसलाई नियन्त्रण गर्नको लागि म मुलतः प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु। त्यसैगरी बर्दीवास–बनेपा विपि राजमार्ग जो सिन्धुली भएर गएको छ त्यो राजमार्गमा दुई ढङ्गले त्यहाँ यातायातका साधनहरु त्यहाँ सञ्चालन भईरहेको छ। एउटा

सिन्धुली देखि नेपालथोक सम्म एउटा टाईम सेड्युल त्यसपछि नेपालथोक देखि बनेपासम्म अर्को टाईम सेड्युलले त्यहाँ यातायातका साधनहरु चलिरहेको छ जसले गर्दा सिन्धुली देखि बनेपासम्म यात्रा गर्ने यात्रुहरु र मालसामान ढुवानी गर्ने ब्यवसायीहरु अथवा मालबाहक साधनहरुले धेरै पिडा भोग्नु परेको छ।

जबकी राति ९ बजे पछि मात्रै सिन्धुलीबाट नेपालथोकमा सवारी साधन मालबाहक सवारी साधन जान पाउने त्यसैगरि यात्रुवाहक साधन पनि बिहान ६ बजेदेखि ८ बजेसम्म मात्रै चल्न पाउने ताकि नेपालथोकदेखि बनेपासम्म निर्वाधरुपमा २४ सै घण्टा गाडी चलेको छ। त्यसलाई सहजता प्रदान गर्नका लागि म यस सदन मार्फत प्रदेश नम्बर ३ को सरकार हुदैं संघीय सरकारको ध्यानाकर्षण गराउन चाहान्छु। त्यसैगरि

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्य समय सकियो।

धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय विजया श्रेष्ठ केसीलाई बोल्न समय दिन्छु, समय ३ मिनेट

**<u>माननीय विजया श्रेष्ठ केसी (नेपाली कांग्रेस)</u>ः-** सभामुख महोदय, सभामुखज्यु गत फ्रेब्रुअरी मार्च महिना नेपालीहरुको लागि विशेष गरेर नेपाली महिलाहरुको लागि विशिष्ट रह्यो। गत १८ फ्रेब्रुअरीमा नेपालकी छोरी बन्दना राणाले, बन्दना राणा सिडको उपाध्यक्ष पदमा एसिया प्यासिफिक क्षेत्रको प्रतिनिधित्व गर्दै निर्वाचित भईन्। यु.एन.को नौ टिटि बढीमा यो उच्च पदमा पुग्ने उनी पहिलो नेपाली बन्न पुगिन्, महिला मात्रै हैन पहिलो नेपाली बन्न पुगिन्। र यु.एन.को ईतिहासमा आफ्नो नाम लेखाउन सफल भईन्।

गत मार्च महिनामा कमिसन अन द स्टाटस अफ वुमन सि.एफ.डब्लु. ६३ ले आफ्नो अर्न्तराष्ट्रिय सम्मेलनमा विश्वभरका महिला राष्ट्रप्रमुखहरुलाई विशिष्ट अतिथिको रुपमा निम्ता गरेको थियो। जुन विश्व सममेलनमा हाम्रो राष्ट्रको तर्फबाट सम्माननीय राष्ट्रपति विद्यादेवि भण्डारीज्युले प्रतिनिधित्व गर्नुभएको थियो। त्यसमा केहि औंलामा गन्न सकिने

राष्ट्रप्रमुखहरुको बिचमा हाम्रो राष्ट्रपतिलाई देख्न पाउदा हाम्रो छाती गर्बले फुलेको थियो। यस्तै त्यहि अन्तराष्ट्रिय सम्मेलनमा नेपाली महिलाहरुबाट स्थापित गरिएको पहिलो नेपाली महिलाहरुले मात्रै नेपाली महिलाहरुले मात्रै स्थापित गरेको पहिलो बैंक महिला सहयात्रा माईक्रो फाईनान्स बैकंले महिला शशक्तिकरणमा आफ्नो योगदान गरेकोमा उसले एकलाख युस डलरसहितको ईन्टरनेशनल अवार्डपनि प्राप्त गरेको थियो।

म त्यसको फाउण्डर र ईमिडियस पास्ट प्रसिडेन्ट भएकोले म यहाँहरुसँग खुसी साट्न चाहान्छु। सभामुख महोदय, यि तिनओटा उदाहरणले के देखाउछ भने नेपाली महिलाहरुले अवसर पायो भने आफ्नो राष्ट्रको शिर उचो पार्न कुनै कसर बाँकि राख्न सक्दैन, राख्दैन। यस्तै सभामुख महोदय, नेपाल स्वतन्त्र संघीय लोकतान्त्रीक राष्ट्र हो। राष्ट्रपति यसको सर्वोच्च निकाय हो। हाम्रो राष्ट्रपतिज्यु पनि सम्पुर्ण अधिकार छ राष्ट्रपतिज्युमा तर नेपाली महिला भएको नाताले वहाँ स्वयम्ले आफ्ना छोराछोरीलाई आफ्नो पहिचान अर्थात नागरिकता दिन सक्नुहुन्न, यो यर्थाथ हो। सभामुख महोदय, मेरो आजको मुल विषयपनि यहि हो। नेपालमा नागरिकता सम्बन्धि विवाद जारी छ।

यसले नयाँ रुप लिदैं गईरहेको छ यो हामी सबैलाई थाहा छ। यतिबेला पुरुष जनन्द्रिय राष्ट्रियताको मुख्य जिम्मेवार लिएर बसेको छ। यो सोचले महिलालाई आफु समान नेपाली मान्न खुला अस्वीकार गरेको छ। महिलाको विभेद सम्बन्धि बन्देज छ, छोराछोरी सम्बन्धमा बन्देज छ। यो बहस गम्भिर रुपले चल्नुपर्छ तर समानता, सम्मानता कहि एक ठाँउमा राख्न पाईदैन। भन्नु धेरै थियो, जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय कृष्ण खनाललाई बोल्न समय दिन्छु, समय ४ मिनेट

**<u>माननीय कृष्ण खनाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुखज्यु, सबैभन्दा पहिले अबको केहि दिनपछि हामी नव वर्षमा प्रवेश गर्दै छौं। नव वर्ष २०७६ को अग्रीम शुभकामना दिन चाहान्छु। नेपाली जनताको अग्रगमनको चाहानालाई अगाडी

बढाउने सन्दर्भमा नव वर्ष २०७६ र हाम्रो भुमिका अहम् रहोस्, म शुभकामना दिन चाहान्छु। अबको एक वर्षपछि पर्यटन वर्ष २०२० नेपालमा सुरु हुदैं छ, पहिलो गन्तब्य काठमाण्डौ हाम्रो यहि प्रदेशमा पर्छ र तेश्रो गन्तब्यको रुपमा रहेको चितवन यहि प्रदेशमा पर्छ तर त्यसको तयारी जुन रुपमा हुनुपर्ने हो त्यो देखिरहेको अवस्था छैन।

पर्यटन बोर्डको पोष्टर बाहेक केहि दिदैंन, प्रदेशको तर्फबाट एयरपोर्ट बढी मान्छे आवागमन गर्ने स्थान, टिभि, रेडियो, एफएम् आदिमा सुचना जारी गर्नुपर्ने देखिन्छ। यदि हामीले यो काम गर्न सकेनौ र प्रचारप्रसारमा ध्यान पुऱ्याउन सकेनौ भने हामीले हात्ती आयो आयो फुस्सा जस्तो स्थिति ब्यहोर्नु पर्ने हुन्छ र हामीले तयारी गरिएन भने २०२० जनवरी १ को बिहान, तलाईँ थाहा छैन आज बाट भ्रमण वर्ष २०२०को सुरुवात भयो नि ? भन्नु पर्ने दिन आउनेछ। यो प्रदेश सरकारले त्यस्तो दिन आउन दिने छैन भन्ने कुरा म अनुरोध गर्न चाहान्छु। दोश्रो कुरा विकासको बजेटको कार्यान्वयनको अवस्थामा अहिले सम्मपनि परिवर्तन आउन सकेको छैन।

श्रावणमा पास भएको बजेट चौमासिक निकासाको नाममा कार्तिकमा आउने गर्छ। कर्मचारीले बुझ्न र टेण्डर आब्हान गर्न अरु ३ महिना लाग्छ, यस बारेमा हामी कहाँ चुकेका छौ ? कहि नितिनै परिवर्तन गर्नुपर्ने छ भनेपनि हामीले यसमा गम्भीर भएर नितिमै सोच्नुपर्छ भन्ने मलाई लाग्छ। यदि हामीले विगतकै परम्परालाई चल्ते चलाते ढङ्गले अगाडी बढाउदैं गयौं भने जसरी पहिलेका जनप्रतिनिधिहरुलाई विकासे मान्छे भनेर गाँउघरमा भन्ने, जुन तक्का भिराउने जुन प्रचलन छ र हामीपनि त्यो विकासे बजेटको अगुवाको तक्मा भिर्नुपर्ने अवस्था आउँछ। त्यसैले हामीले नितिमा केहि परिवर्तन गरेर, जब साउनमा बजेट पास हुन्छ भने त्यसको कार्यान्वयन पनि पनि त्यहि ढङ्गले अगाडी बढाउन हामीले नितिमा परिवर्तन गर्नुपर्ने कुरा मैले अनुरोध गर्न चाहान्छु।

खासगरी विकासको बजेट विगत वर्षबाट केहि डिपिआर गर्ने भनेर तयार भएको थियो, केहि योजनाहरु परेका छन् तर आजसम्म पनि डिपिआर भएको छैन। अरु क्षेत्रमा के छ ? जो म निर्वाचित भएर आएको क्षेत्रमा २ वटा डिपिआरका योजनाहरु परेका थिए।

कर्मचारीहरु एक महिना अगाडी गएर एक हप्ताभित्र हामी कन्सल्टेन्सी हायर गरेर हामी लेराउछौं भनेर चाहिँ भन्नुभको थियो र आजसम्म पनि जानुभको छैन। तर मैले त्यहाँ गएर मन्त्रालयमा गएर बुझ्दा अरु एक डेढ महिना लाग्छ, बुझ्नको लागि भनेर भन्नु भको छ, त्यसकारण डिपिआर कसरी होला ? यसबारेमा पनि हामीले ध्यान पुर्याउनु पर्छ भन्ने मलाई लाग्छ र तेश्रो सिके राउतको विषयमा धेरै चर्चा परिचर्चा हुने गर्छ।

हिजो राज्य विखण्डनको कुरा अब गर्दिन उनले भने। तैले हिजो बोलेको कुरा किन परिवर्तन गरेको ? त्यहि बोल्नुपर्छ भनेर हामी किन कर गर्छौं ? त्यसैले मैले के अनुरोध गर्न चाहान्छु भने कुनै मान्छेले हिजो केहि गर्यो, गल्ती गर्यो, राम्रो गर्यो, नराम्रो गर्यो, राम्रो गरेको छ भने अरु राम्रो गर्न प्रोत्साहन गर्ने त्यो नराम्रो गरेको छ भने पनि अब उसले म गर्दिन भनेर आईसकेपछि तैले बोली फेर्न पाउदैनस् भनेर जो हामी भनिरहेका छौं यो कुरा त्यति राम्रा हैन भन्ने कुरा राख्न चाहान्छु र

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्य समय सकियो।

हस् धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय पुकार महर्जनलाई बोल्न समय दिन्छु, समय ४ मिनेट।

**<u>माननीय पुकार महर्जन (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुख महोदय, सभामुख मार्फत प्रदेश सरकार र प्रदेश सरकार मार्फत केन्द्र सरकारको ध्यानाकर्षण गर्न चाहान्छु। गत माघ ३ गते मेरो क्षेत्रमा पर्ने हिमाल सिमेन्ट कारखाना चोभारमा ड्राईपोर्टको सम्माननीय प्रधानमन्त्रीद्वारा सिलन्यास गरियो। हामी विकासको विरोधी हैनौं, शैलि अनि नियतको विरोध गर्छौं हामी। उद्घघाटन गर्दाखेरी ठुलो संङख्यामा प्रहरी तैनाथ गरेर छापामार शैलिमा उद्घघाटन गरियो। म त्यहाँको जनप्रतिनिधि, मलाई थाहा छैन।

त्यहाँ विरोधको आवाज पनि राख्न दिएन र केहीले विरोधको आवाज राख्ने प्रयास गरे बाटोमा बसेर, ५२ जनालाई गिरफ्तार गरेर थुनियो। यो प्रक्रिया, शैलिको हामी विरोध

गर्छौं। विशेष गरि त्यहाँ २-३ वटा समस्या छ। हिमाल सिमेन्ट २०५८ सालमा विघठन हुदाँखेरि सरकारले स्थानान्तरण गर्ने निर्णयका साथ कर्मचारीलाई अवकास दिने निर्णय गरियो तर अवकास दिएन र कर्मचारीहरु १८ महिनासम्म हाजिर गरिरहे र १८ महिनापछि वहाँहरुलाई स्वऐच्छिक अवकास गराईयो र १८ महिनाको तलब दिईएन र मुद्धा हालियो र मुद्धामा कर्मचारीहरु जितेर त्यो १८ महिनाको तलब पाउनुपर्ने त्यहाँ उल्लेख छ।

त्यो पाएको छैन अहिले सम्म, अहिले समस्या छ त्यो। दोश्रो समस्या भनेको जुन बेला हिमाल सिमेन्टको लागि जग्गा अधिग्रहण गरियो, ८१६ रोपनी र ८१६ रोपनी अधिग्रहण गर्दाखेरी मुआब्जापनि केहिलाई दिएको छ केहिलाई छैन र जग्गा प्राप्ती ऐन २०३४ अनुसार जुन कार्यको लागि जग्गा प्राप्त गरिएको हो त्यो कार्यसमाप्त भएपछि अथवा त्यो योजना समाप्त भएपश्चात सम्बन्धित जग्गाधनीलाई फिर्ता गर्नुपर्छ भन्ने उल्लेख छ। सोहि अनुसार जग्गावालाहरुले मुद्धा हालियो र सर्वोच्चले फैसला गरियो कि जग्गा प्राप्ती ऐन २०३४ अनुसार वहाँहरुलाई फिर्ता गर्नु भन्ने आदेश छ तर त्यो फिर्ता भएको छैन। त्यो दोश्रो समस्या छ।

अर्को समस्या भनेको, अहिले ड्राईपोर्ट बनिरहेको अवस्था छ र सरकारको नियत र कार्यशैलिमाथि शंका छ जनतालाई। भोलि फेरि अहिले जुन किसिमले अहिले बस्ती बसिरहेको छ र ड्राईपोर्ट त्यो ठाँउले पुगेन भने फेरी हाम्रो जग्गा पो लिने हो कि ? फेरि हाम्रो जग्गा अधिग्रहण गर्ने हो कि ? फेरि हामीलाई सुकुम्बासी पो बनाउने हो कि ? भन्ने शंका छ। त्यसकारण त्यहाँका जनताहरु यो कार्यदेखि त्रसित भईरहेको अवस्था छ। र चौथो भनेको त्यो चोभार गणेस्थान जलविनायक जो ऐतिहासिक ठाँउ हो र ऐतिहासिक ठाँउलाई सुरक्षा गर्नु, प्रिजर्भ गर्नु हाम्रो पनि दायित्व हो।

अहिले ड्राईपोर्टको कारणले गर्दाखेरि त्यो ऐतिहासिक महत्वको ठाँउ छायाँमा पर्दै गईरहेको छ। भोलि यो ऐतिहासिक महत्व हराउदैं जाने भन्ने डर छ त्यसकारण त्यो ड्राईपोर्ट, हाम्रो ड्राईपोर्ट बन्नु विरोध हैन। कहि उपयुक्त ठाँउ हैन कि भन्ने हाम्रो शंका मात्र हो। हामीले त्यो मात्र ब्यक्त गरेका हौं। त्यहाँका जनताहरु त्यो मात्र ब्यक्त गरिरहेका

छन् र त्यहाँका जनताहरुले अब आउने फेरि सरकारले अब यो ड्राईपोर्ट बन्दै गर्दा हामी कहा पुग्ने हो कुरा डर त्रासले बसिरहेको कुरा छ त्यसकारण म यो प्रदेश सभा सभामुख मार्फत प्रदेश सरकार र प्रदेश सरकार सरकार मार्फत म यो कुरा केन्द्रीय सरकारलाई म ध्यानाकर्षण गर्न चाँहे, हवस् त धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रामेश्वर फुयाँललाई बोल्न समय दिन्छु, समय ४ मिनेट।

**<u>माननीय रामेश्वर फुयाँल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुखज्यु, प्रदेश सरकारले आज बिहान मात्रै केहि सुन्दर निर्णयहरु गरेको छ भन्ने सुनेको छु। जनताको जनभावना बुझेर गर्ने निर्णयको लागि म सरकारलाई विशेष धन्यवाद दिन चाहान्छु बाँकि कुरा त अर्थ मन्त्रीले प्रस्तुत गर्नुहुन्छ होला। मैले निर्वाच क्षेत्रका अलिक केहि कुरा राख्नुपर्ने छ। बाग्मतीको किनारलाई हामी सुन्दर बनाउन चाहान्छौ, जलक्रिडाको पनि थलो बनाउन चाहान्छौं, एकचोटि हाँस्न पनि मिल्छ तर सुन्दर बनिराछ।

तर त्यहाँका जनताको १८८ रोपनी जग्गा लालपुर्जा बोकेर बसिरहेका छन्, तिरो तिरिरहेका छन्, मुआब्जा पाएका छैनन् पाउनु पर्दछ यसका लागि प्रधानमन्त्री सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले भन्नुभएको छ, त्यहाँ मुआब्जा दिन्छु। चाढैं दिईनु पर्दछ भन्ने कुरा म स्मरण गर्न चाहान्छु। दोश्रो कुरा, सरकारले जोरपाटी–सुन्दरीजलसम्मको सडक, चुच्चेपाटी –चाबहिल देखि साँखुसम्मको सडक बनाउनका लागि टेण्डर आब्हान गर्यो, रकम विनियोजित गर्यो, ठेकेदारहरु परिचालित पनि भए, समयमा काम भएन, चाडै सकिनुपर्दछ भन्ने माग छ साथै एघारएघार मिटरभित्र पर्ने जग्गाधनीहरुले मुआब्जा न्यायीक पाउन् बाटो विस्तार हुनुपर्दछ र त्यो बन्नु भन्दा अगाडी सडक जनताले हिड्न लायक बनाईनु पर्दछ म प्रदेश सरकार, स्थानीय सरकार र केन्द्रीय सरकारको ध्यानाकर्षण गराउन चाहान्छु।

तेश्रो कुरा, तिन तहमा निर्वाचित नेपाल कम्युनिष्ट पार्टीले आर्थीक प्रगतीको लागि काम सुरु गरेको छ, सामाजिक प्रगतीको लागि काम सुरु गरेको छ, साँस्कृतीक रुपान्तरणको

कामहरु सुरु भएको छ र मान्छेहरु हल्लिरहेका छन् अब के भनेर विरोध गर्नेहोला भनेर। सोचिरहेका छन्, खोजीरहेका छन् तर विरोध खोज्नु भन्दा समर्थन गरौं, चुनावमा बढी भोट ल्याए त भईहाल्छ नी। तर राष्ट्रीय चलन नै हरेक कुरामा खण्डनमण्डनको छ तर त्यसो नगरे कसो होला भन्न चाहान्छु र करीब करीब म अन्तमा आईपुगेको छु। हिमाल सिमेन्ट जुन ठाँउमा निर्माणको लागि राज्यले योजना बनाएको छ, जनतालाई न्यायीक मुआब्जा दिनुपर्ने कुराहरु दिएर ड्राईपोर्ट चाहिन्छ, काठमाण्डौवासी जनताको तर्फबाट म हार्दिक स्वागत गर्न चाहान्छु सरकारलाई।

सुटुक्क गर्या हो र प्रधानमन्त्री जादाँ, जनप्रतिनिधिहरुको हुलनै थियो, मैलेपनि थाहा पाईरहेको छु, कतै समाचार, सुचना छुट भको छ भने छुट गर्ने तत्वलाई हामी कारबाही गर्नुपर्छ हामी सरकारलाई भन्न चाहान्छौ। निर्वाचित माननीयज्युहरुलाई त बोलाउनै पर्छ नि, यदि छुट हो भने सरकारले त्यसको ध्यान दिनुपर्दछ। र अन्तमा हामीले बनाएको संविधान कार्यान्वयन हुन गईरहेको छ र संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारले ति कामहरु अगाडी बढाईरहेका छन्।

आउदों वर्ष, यो वर्ष त यस्तैगरि बित्यो, थप प्रगतीमा बित्या छ। १३० तुईन विस्थापन, झोलुङ्गे पुलले गर्नुपर्दथ्यो, ११६ गरेछ। वाह, गज्जब भो। १४ चाढैं सकिनुपर्दछ। साथै विद्यार्थीहरुले पढ्न पाउनुपर्ने कुरा, रोजगार पाउनुपर्ने कुरा, शान्ती बहाल हुने कुरा, संविधान कार्यान्वयनको कुरा तिनै तहका सरकारहरुले, ७६१ वटा सरकारहरुले र हामी प्रदेशमा निर्वाचितहरुले प्रत्यक सेकेण्ड गनेर काम गर्नु पर्दछ, त्यसो हो भने सुन्दर शान्त विशाल नेपाल बन्छ। म २०७६ को शुभकामना दिन चाहान्छु, काठमाण्डौ बस्नेहरुलाई। यो पटकको नयाँ वर्ष मणिचुनमा बिताउला १ गते आउनुहोला, बाघद्वारमा बिताउला १ गते आउनुहोला।

म पत्रकार जगत् र संसारलाई पनि भन्न चाहान्छु, वा निर्वाचन क्षेत्रलाई राम्रो बनाउनका लागि जनता लागेका छन्। तपाईहरु आईदिनोस्, हाम्रो सलाम सुनिदिनोस्, जय नेपाल भनिदिनुहोला। धन्यवाद।

**मानननीय सभामुखः-** अब म माननीय शोभा शाक्यलाई बोल्न समय दिन्छु, समय ४ मिनेट

**माननीय शोभा शाक्य (विवेकशील साझा पार्टी):-** सभामुख महोदय, सर्वप्रथम नववर्ष २०७६ सालको उपलक्ष्यमा सम्पुर्णमा हार्दिक शुभकामना ब्यक्त गर्न चाहान्छु। आज एक नम्बरको विषय छ मेरो, असारमा बाटो नबनाईयोस्। किनभने असारमा बाटो बनाएको र नबनाएकोमा केहि फरक छैन। त्यसलाई हामी नीतिमा परिवर्तन गर्ने हो कि ? कसरी गर्ने म सभामुख मार्फत ध्यानाकर्षण गर्न चाहान्छु। असारमा अहिले हामी ८ महिना पुरा भएर ९ महिनामा लागिराछ अझसम्म पनि बाटोको हालत सबै बिग्रिरहेको अवस्था छ। त्यसकारण म सभामुख मार्फत ध्यानाकर्षण गर्न चाहान्छु र यसको लागि बहुवर्षीय योजना आओस्। बहुवर्षिय योजना आयो भने मंसीरमा पनि बाटो बनाउन सकिन्छ जुन बेलापनि बाटो बनाउन सकिन्छ त्यसकारण बहुवर्षीय योजना आओस् भन्न चाहान्छु।

त्यस्तैगरि ललितपुर सातदोबाटो हुदैं चापागाँउ हुदैं हेटौडा आउने जुन कान्ती लोकपथ छिट्टै बनाईयोस् भन्न चाहान्छु। किनभने हामी यहाँ आउदैं गरिरदा खेरि हामी त महिनामा ५–१० पटक आईएला तर हाम्रा ड्राईभरहरु, सुमो चलाउने ड्राईभरहरु दिनदिनै वहाँहरुको ज्यान जोखिममा राख्दै त्यो पहाडको बाटो आउदैं गरिराखु पर्छ त्यसकारण छिटो यो कान्ती लोकपथ छिट्टो बनाईयोस् भन्न चाहान्छु।

त्यस्तै गरि औद्योगिक क्षेत्रलाई पुर्नजिवित गरियोस्। औद्योगिक क्षेत्र सबै धरासायी अवस्थामा छ, पहिला पाटन औद्योगिक क्षेत्रमा ललितपुर दरबार स्क्वायरमा आउने पर्यटकहरु सबै पाटन दरबार स्क्वायर आएर त्यहाँको हस्तकलाका सामानहरु सबै हेर्ने गरिन्छ भने अहिले पर्यटकहरु कोहिपनि आउँदैन। त्यसकारण औद्योगिक क्षेत्रलाई पुर्नजिवित गरियोस् भन्ने म विशेष माग गर्न चाहान्छु।

त्यस्तै साँस्कृतीक सम्पदा भनेको नेवारको एउटा सभ्यता हो। सँस्कृती सम्पदाहरु सबै २०७२ सालको महाभुकम्पमा सबै बिग्रिरहेको अवस्था छ त्यसलाई छिटो बनाईयोस् र छिटो काम गरियोस् भन्ने म सभामुख मार्फत निवेदन गर्न चाहान्छु। काठमाण्डौ

उपत्यकामा बस्नेहरुले मेलम्चीको पानी छिटो पिउन पाईयोस् भन्ने म माग गर्दछु। यो मेलम्चीको पानी पिउने, ख्वाउने भन्दा भन्दै साँढे २ वर्ष भईसक्यो। अझसम्म हिलो र धुलोमा परिणत भईराखेको छ त्यसकारण यो केन्द्र सरकारको तर्फबाट यो प्रदेशको तर्फबाट केन्द्रीय सरकारलाई पनि म ध्यानाकर्षण गर्न चाहान्छु र छिटो मेलम्चीको पानी पिउन सकियोस् भन्ने माग गर्दछु।

त्यसैगरि स्थायी राजधानीको विषयमा कुरा उठिरहदाँ खेरि अहिले पनि अलि सुस्त भएको जस्तो मलाई महसुस भईराखेको छ त्यसकारण स्थाई राजधानीको छिटो टुङ्गो लगाईयोस् भन्ने विशेष माग गर्न चाहान्छु। त्यस्तै अब आउने २५६३ औं बुद्धजयन्ती ज्येष्ठको, सर्वप्रथम यो २५७६ औं सालको जेठको ४ गते शनिवारको दिन भगवान बुद्धको जन्म, बोद्धी ज्ञान लाभ र परिनिर्माण भएको दिन संसारले बुद्धजयन्ती मनाउँछ तर हाम्रो, हामीपनि यस प्रदेशको तर्फबाट पनि बुद्धजयन्ती भव्य सभ्य का साथ मनाउन म सभामुख मार्फत विशेष आग्रह गर्दै मेरो भनाई यहि अन्त गर्न चाहान्छु। हामी सबैको जय होस्, नेपालको जय होस्।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु विशेष समयको कार्यक्रम सकिएको छ। आजको बैठक १५ मिनेट पछि पुन बस्ने गरि स्थगित हुन्छ।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, १५ मिनेटको लागी स्थगित भएको वैठक पुन प्रारंभ हुन्छ।

माननीय सदस्यहरु अब म माननीय आर्थीक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेललाइ मागमा आधारित प्रदेश विकास सन्चालन तथा ब्यवस्थापन कार्यविधिबारे जानकारी दिन अनुमति दिन्छु।

**<u>माननीय कैलाश प्रसाद ढुङ्गेल, मन्त्री, आर्थीक मामिला तथा योजना मन्त्रालयः</u>-** सभामुख महोदय, माननीय सभामुखज्यु मैले यस सम्मानित सदनमा आर्थिक वर्ष २०७५/७६ को वार्षिक बजेट तथा कार्यक्रम मिति २०७५ असार १ गते प्रस्तुत गरेको

थिएँ। सदनमा पेश भएको यस आर्थिक वर्षको बजेटमा अर्थ बजेटको पुजीँगत भइपरि आउने बजेट उपशिर्षक नम्बर ७०३३२६११ मा निश्चितमा रकम अबन्डामा ब्यवस्था गरिएको ब्यहोरा माननीयज्युहरुमा अवगतै छ।

हालसम्म मन्त्रालयमा तथा प्रदेश सरकारमा प्रदेश सरकारका निकायहरुबाट गरिएको बजेट अभ्यरपर्ण सेलेन्डरबाट समेत अर्थ बजेटको भैपरि आउने पुजीँगत शिर्षकमा थप रकम मौजुदा हुन आएको छ।

उक्त रकमबाट विभिन्न समयमा माग भएका योजना छनौट गरि कार्यक्रम अगाडी बढाउने सम्बन्धमा मिति २०७५/१२/१९ मा प्रदेश सरकारका मुख्यमन्त्रीज्यु, मन्त्रीहरु, प्रदेश सभाका विपक्षी दलका, नेता मुख्य सचेतक, प्रदेश सभाका संचय समितिका सभापतिहरु, प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै दलका सचेतकहरु निति तथा योजना आयोगका पदाधिकारीहरु सहित छलफल हुदाँ मागमा आधारित योजनाहरुको छनौट सम्बन्धमा कार्यविधि तर्जुमा गरि प्रदेश सरकारबाट स्वीकृती गराई प्रदेश निति योजना आयोगले कार्यविधिको परिधि भित्र रहि योजना छनौट गरि प्रदेश सरकारका सम्बन्धीत निकायबाट कार्यान्वयनमा लैजाने सहमति भएको थियो।

सोहि सहमति बमोजिम आज मिति २०७५ चैत्र २७ गते बिहान बसेको प्रदेश मन्त्रीपरिषदबाट उक्त कार्यविधि स्वीकृत गरिएको र योजना छनौट गरि कार्यान्वयनमा लैजान प्रदेश निति तथा योजना आयोगमा उक्त निर्णय पठाईएको ब्यहोरा यस सदन समक्ष अनुरोध गर्न चाहान्छु। स्वीकृत कार्यविधि प्रदेश सभामा माननीय सदस्यहरु उपलब्ध गराइने र सोहि कार्यविधि बमोजिम छनोट हुने योजना, आयोजना र प्रचलित ऐन नियम बमोजिम प्रक्रिया पुरा गरि कार्यान्वयन गर्न सकिने ब्यवस्था गरिएको ब्यहोरा माननीय सभाअध्यक्षज्यु मार्फत अनुरोध गर्दछु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु अब म माननीय सामाजिक विकास मन्त्री युवराज दुलाललाई मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक माथि सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, सामाजिक विकास मन्त्रालयः</u>-** माननीय सभामुखज्यु, सभामुखज्युको अनुमतिले मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक सभामा विचार गरियोस् भन्ने प्रस्ताव सम्मानित सभामा प्रस्तुत गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब म मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक माथि सभामा विचार गरियोस् भन्ने प्रस्ताव माथि अर्थात विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ। माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने ब्यहोरा जानकारी गराउँदछु।

उक्त छलफलमा बोल्न चाहानुहुने माननीय सदस्यहरुले आ आफ्नो नाम सभामुखको ड्याससँगै बसेका कर्मचारीहरुलाई चिटमा लेखि उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम म माननीय श्री रत्न प्रसाद ढकाललाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय रत्न प्रसाद ढकाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुख महोदय, प्रदेश सरकारले मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको यो विधेयक यहाँ पेश गरेको छ। यो अत्यन्तै महत्वपुर्ण विधेयक हो। यसको समग्र सैद्धान्तिक पाटोमा मेरोपुर्ण सहमति जनाउदैं केहि विषयवस्तुहरु म यहाँ राख्न चाहान्छु। सर्वप्रथम त यो स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भईसकेपछि यसले गर्ने काम, कर्तब्य र अधिकारको कुरा गर्दा खेरि यसको यहाँ भएका कुरा दफा १५ मा शैक्षिक संस्थाहरुको स्थापना र संचालन भन्ने एउटा नम्बरमा यसले आवश्यकता अनुसार शैक्षिक संस्थाहरुको संचालन र स्थापना गर्न सक्नेछ भनेको छ त्यसकै उपदफा केरे दफा ३९ मा फेरि कुनैपनि सम्बन्धनको यो प्रक्रिया यसले कलेज संचालनको, हस्पीटलको सम्बन्धनको प्रक्रिया दिईनेछैन भनेको छ।

यो अलिकति दोहोरो बाझिएको जस्तो देखियो। प्रतिष्ठान आफैले शिक्षा र स्वास्थ्य सम्बन्धि खासगरी आफ्ना शैक्षिक संकायहरु च्लाउन सक्ने भयो तर यो आफैं सम्बन्धन

दिने निकाय होईन त्यसकारण यो अलिकति दोहोरो बाझिएका जस्तो देखियो छ यो कुरालाई अलिकति मिलाउन पर्ने देखिन्छ सँगसँगै मैले अलिकति यहाँ उठाउन खोजेको कुरा छात्रवृत्तिसँग सम्बन्धित छ। छात्रवृत्तिको एउटा यो आरक्षण सम्बन्धिमा यहाँ आरक्षणमा यहाँ थुप्रै तोकिएको छ। विभिन्न विपन्न, महिला, दलित सबै भनेर त्यसमा हाम्रो ३ नम्बर क्षेत्रमा यो अल्प संङख्यक एवम् लोपोन्मुख जाति भनेर राख्नुपर्ने हुन्छ किनभने यो हाम्रो लोपोन्मुख जातिहरु यो तिन नम्बर प्रदेशमा अलि बढिनै छन्। त्यसैगरि छात्रवृत्तिको एउटा सैद्धान्तिक कुरा हो जस्तो मलाई लाग्छ।

सबै राज्यका सबै क्षेत्रहरुमा शैक्षिक क्षेत्रहरुमा सबै विश्वविद्यालय देखि सबै उसमा छात्रवृत्तिको कुरा गर्दाखेरी हामीले यि तोकिएका जस्तो दलित, आदिवासी, जनजाती, पिछडिएको वर्ग भन्दै जादाँ खेरी अहिले सम्म शहिद र बेपत्ता परिवारका लागि पनि हामीले छात्रवृत्तिको निम्ति छुट्याएको छ सबै क्षेत्रमा तर यो प्रतिष्ठानले यो कुराको लाई बिर्सेको छ। किनभने शहिद र बेपत्ता जो जनआन्दोलन देखि जनयुद्ध देखि विभिन्न कालखण्डमा उनीहरुका परिवारलाई यहाँ ३५ प्रतिशत भनेर छुट्याईएको छ।

त्यसको लागि १५ प्रतिशतलाई शत प्रतिशत बनाएर भन्नी छ, यो १५ लाई २० बनाउने र २० मा ३५ प्रतिशत रहेको छ भने ३५ लाई अलिकति बढाएर ४५ प्रतिशत पुर्याएर त्यसपछि त्यहाँ जनयुद्ध र जनआन्दोलनका घाईतेहरुलाई पनि थप्नु पर्छ भन्ने मलाई लाग्छ। त्यसैगरि यो छात्रवृत्तिकै कुरा गर्दा यो १५ प्रतिशत छात्रवृत्तिलाई २० प्रतिशत पुराउदाँ खेरि छात्रवृत्ति पाउनेले तोकिएको स्थानमा गएर सेवा। गर्नुपर्ने हो त्यो सेवा अवधि पनि उल्लेख गरेर जादाँ राम्रो हुन्छ। यिनै विषयवस्तु राख्दै मेरो भनाईहरु यहि अन्त्य गर्छु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय भावना सुवेदीलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय भावना सुवेदी(नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** सभामुख महेदय मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक पेश भएको

छ। यो चाहि एकदमै स्वागत योग्य छ। जनताको जनजीवन संग सम्बन्धित विषय आज हाम्रो यो प्रदेशले प्राप्त गरेको छ। त्यसको लागि म सम्बन्धित मन्त्रालयलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु। तर यो हुदैं गर्दाखेरी विभिन्न कुराहरु सैद्धान्तीक रुपमा यसको बारेमा धेरै अध्ययन गर्नुपर्ने हुन्छ त्यसकारणले गर्दा हाम्रो प्रदेशमा हुन देशै भरि ६/७ वटा प्रतिष्ठानहरु छन्।

तर ति प्रतिष्ठानहरुको कति अध्ययन गरियो ति प्रतिष्ठानहरु कोहि पन्चायत कालदेखि बहुदल हुदैं अहिलेको स्थितीमा ति प्रतिष्ठानहरु कस्तो अवस्थामा छन् र अहिले हामी संघीयतामा जादैं गर्दा खेरि हामीले बनाउन खोजेको प्रतिष्ठानको मोडेल के हो भन्ने कुरामा पक्कैपनि फरक छ जस्तो लाग्छ। हुन त मैले यहाँ धेरै अध्ययन गर्न पाएन किन भन्दा खेरि यहाँ ७२ घण्टा भनिएको छ र ३/४ वटा विधेयकहरु एकैचेटि पेश गरिएको हुन्छ र त्यसलाई टाईम डिभिजन गरेर पढ्दाखेरि र अर्को फेरि यो राजधानी सर्यो या सरेन भन्नी फोनहरु बेलाबेलामा आउने गर्दा त्यो फोनपनि उठाउनै पर्यो अनि पढ्नै पर्यो अध्ययन गर्नै पर्यो। त्यसले गर्दाखेरि हामीलाई टाईम एकदमै चाप छ।

त्यो कारणले गर्दाखेरि धेरै डिटेलमा अध्ययन त म गर्न पाएको छैन। तैपनि मैले थोरै यस विषयमा केहि कोशिस गरेको छु। यसको सैद्धान्तिक कुरा भन्दाखेरि यो स्वास्थ्य र शिक्षा शिक्षापनि स्वास्थ्यसँगै रिलेटेड भएको कारणले गर्दा खेरि कुनैपनि एउटा देशको विकासलाई एउटा मानव विकास सुचाङ्कको आधारमा त्यो देशको विकास कस्तो छ भनेर अध्ययन गरिन्छ। त्यस्तै हाम्रो देशको अथवा हाम्रो ३ नम्बर प्रदेशको यो सातवटै प्रदेशको एउटा अध्ययनमा अहिलेसम्म ३ नम्बर प्रदेश ह्युमन डेभलोपमेन्ट ईन्डेक्समा अलि राम्रो देखिएको कारणले गर्दा खेरि र यो स्वास्थ्यसँग सम्बन्धित भाको कारणले गर्दाखेरि यो प्रतिष्ठान, प्रतिष्ठान भित्रैपनि विभिन्न ईन्डिकेटरहरु हुन्छ।

एउटा हाम्रो जो लाईफ एक्सीपेन्सी हुन्छ। अर्को पर क्यापिटा ईन्कम र अर्को लिटरेसि रेट यि तिन ओटा किसिमले मात्रै मानव विकास सुचाङ्कलाई ईन्डिकेट गरेको हुन्छ र हाम्रो हुन त अरु उध्योग ब्यापार पर्यटनले हाम्रो देश विकास हुन्छ सम्वृद्ध हुन्छ। सम्वृद्धीमा जान्छ भनिन्छ। तरपनि प्रत्यक्ष स्वास्थ्य सँग सरोकार राख्ने यो विषय जुन छ,

यो ह्युमन डेभलेपमेन्ट ईन्डेक्स सँग यसले स्वास्थ्य सँग डाईरेक्ट रिलेटेड राखेको छ कि छैन भन्ने कुरा मेन सैद्धान्तीक कुरा त्यो हो भन्ने लाग्छ।

यदि हामीले गम्भीर भएर हामीले तयार गरेको त्यो के गरेका छौं भने यो मानव विकास सुचाकंलाई माथिल्लो तहमा पुर्याउन ३ नम्बर प्रदेशलाई राम्रो एउटा अवसर उपलब्ध हुनेछ। यो एउटा प्रतिष्ठान भन्ने म भन्न चाहान्छु। यो भन्दै गर्दाखेरी अर्को कुरा हाम्रो यहाँ राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान यो विर हस्पिटल पनि हो तर यहाँ विर हस्पीटलको अवस्था कस्तो छ ? त्यसलाई अध्ययन गयौं कि गरेनौ ? कर्णालीको अवस्था कस्तो छ ? यहाँ शिक्षामा विद्यार्थी छनौट गर्दाखेरि

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्य समय सकियो।

क्सरी गरिन्छ ? यि सम्पुर्ण कुराहरुमा ध्यान दिएरमात्रै अगाडी बढाईयोस् भन्न चाहान्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय श्रृजना सायजुलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय श्रृजना सायजु (नेपाल मजदुर किसान पार्टी):</u>-** माननीय सभामुख महोदय, जनताको आवाज तथा भावना अभिब्यक्त गर्ने प्रदेश सरकारलाई वास्तविक जनअभिमत अवगत गराउदैं रचनात्मक सुझाव दिदैं आईरहेका छौं। गणतन्त्रमा सामन्ती प्रथा नदोहोरियोस्, ब्यक्ति पुजा नगरियोस् यो जनताको आवाज हो।

देश तथा राज्यको सम्पत्ती कुनै ब्यक्ति विशेषको नाउँ दिएर नराखियोस् भन्ने आवाज सचेत जनताको छ। हिजोका राजामहाराजा राणा साहेबहरुले जुनसुकै सार्वजनिक स्थान, सडक, भवन, विश्वविद्यालय, अस्पताल आदिको नाउँ राख्दा अनिवार्यरुपमा आफ्ना नाम जोडेर राखे। अनिवार्य रुपमा शालिक ठडयएर आफ्नो ब्यक्तिगत महोत्वकांक्षा पुरा गरे, त्यहि महात्वकांक्षाको चलन, त्यहि प्रवृितिको निरन्तरता दिनु गलत हो। अझ त्यसो गर्नु कम्युनिष्ट दाबी गर्नेहरुलाई झनै सुहाउदैंन। तसर्थ यो विधेयकको नाम परिवर्तन गर्न प्रस्ताव गर्दछु।

गणतन्त्र भित्र राजतन्त्रकै गन्ध जनतालाई अस्वीकार्य छ। कमसेकम अब बन्ने संस्था या कुनै संरचना ब्यक्तिको नाममा राखेर विवाद बढाउनु र द्वन्द्धको लागि ठाँउ छोड्नु भन्दा प्रदेशको मौलिकता, ईतिहास, भुगोल र जनभावना झल्किने गरि राख्नु दुरदर्शिताको परिचय हुनेछ। प्रदेशको जनताले अपनत्व बहन गर्ने खालको नाम राख्दा सम्भावीत दुर्घटनाबाट जोगिने छौं।

भक्तपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल र मानव अङ्ग प्रत्यारोपण अस्पताललाई भक्तपुर स्वास्थ्य तथा विज्ञान प्रतिष्ठान बनाउने चर्चा थियो र विधेयक संघिय संसदमा पेश भईसकेको थियो। त्यसको निम्ति यो प्रदेशले पनि घचघच्याओस् र आवश्यक पहल गरोस् भन्ने जनताको माग छ।

स्वास्थ्य तथा विज्ञानको क्षेत्रमा आवश्यक जनशक्ति निर्माण गर्नु स्वागत योग्य छ। जनतालाई स्वास्थ्य सेवा प्रभावकारी ढङ्गले दिन सके परिवर्तनको महसुस गर्नेछन् तर यि कार्यमा कुनैपनि किसिमका भेदभाव भ्रष्टचार हुन नदिने तर्फ सावधानी पुर्याउन आवश्यक छ। मेडिकल माफियाकै कारण नेपालको चिकित्सा क्षेत्र बदनाम छ।

मेडिकल कलेजले सम्बन्धन प्राप्त गर्न करोडौं करोड रुपैंया मेडिकल काउन्सिललाई बुझाउनुपर्ने ब्यथिति कायमै छ। कमिसन तन्त्रको जालो तलदेखि माथिसम्म झार्गिएको यर्थाथबोध सबैमा छ। आजपनि मेडिकल विद्यार्थिहरुमाथि अबैध ढङ्गले रकम असुल गरिरहेको र चरम आर्थिक शोषण गरिरहेको समाचारहरु सुनिन्छ। यस्ता तमाम ब्यथिति र विकृती विरुद्ध प्रतिष्ठान उभियोस्। २०१८ को तथ्याङ्क अनुसार नेपालमा ३० हजार डाक्टर अर्थात चिकित्सकहरु छन् त्यसमध्ये १४ सयले मात्रै सरकारी दरबन्दीमा नियुक्ति पाएका छन्। १५ हजार डक्टर दरबन्दी बिहिन अवस्थामा छ।

डब्लुएचओको स्टयन्डर अनुसार प्रतिब्यक्ति डक्टर १ हजार मानिस मात्र हुनुपर्दछ तर नेपालको हकमा प्रतिब्यक्ति डक्टर ७० हजार मानिसहरु छन्। यो भयानक अवस्था रोक्न छात्रवृतिमा परेका चिकित्सकहरु सबैलाई स्वदेशमै सेवा गर्न उत्साहित गर्ने निति आवश्यक छ र यो प्रतिष्ठानले त्यो पहल गरोस्, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रिता माझीलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी)</u>ः-** माननीय सभामुख महोदय, मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको ब्यवस्था गर्न बनेको विधेयक, यसलाई स्वागत गर्न चाहान्छु।

आजको यस गणतन्त्रको समयमापनि हाम्रो ईतिहासमा ईतिहास रच्ने धेरै विद्धानहरु हुनुन्थे, नेताज्यु हरु हुनुन्थे, ईतिहासकार हुनुन्थे वहाँहरुको सम्मानको लागि होला शायद यो प्रतिष्ठान स्थापना गरिएको। जहाँसम्म मलाई लाग्छ, अहिलेको यो गणतन्त्रको यो कम्युनिष्ट सरकारले धेरै ईतिहासलाई भत्काउने काम गरिरहेको छ।

ईतिहास रच्ने थुप्रै हाम्रा महान् नेता, विद्धानहरुको शालिक भत्काउने काम गरिरहेको छ, अब पक्कैपनि यो विज्ञान प्रतिष्ठन स्थापना गरिसके पछाडि त्यो काम हुदैंन होला भन्ने मलाई पूर्ण विश्वास रहेको छ।

अहिले यो हेटौंडामा अत्यन्तै महत्वपुर्ण र त्यसैगरि अत्यन्तै आवश्यक रहेको अस्पतालको रुपमा विकास होस् यो जुन यो आफ्नै पार्टीका कार्यकर्तालाई भर्ति केन्द्रको रुपमा होईनकि यसलाई पुर्णरुपमा सरकारी स्वामित्वमा रहने गरेरे यो विज्ञान प्रतिष्ठानलाई स्थापना गरिनु पर्दछ ताकि यो मेडिकल जस्तो तरीकाले विकास गर्नेहो भने फेरि जतिपनि आज मेडिकलबाट ठगिएका हजारौ विद्यार्थीहरु छन्, स्वास्थ्यको नाममा, डक्टर पढ्नेको नाममा आएका विद्यार्थीहरु, अबको यस प्रतिष्ठानबाट बन्द हुनुपर्दछ भन्ने मलाई लागेको छ।

त्यसैगरि मैले यो भन्दा पनि बारम्बार भनिरहेको थिएँ यो भन्दा अझ उच्च काम त प्रदेश सरकारले के गर्नु पर्ने थियो भने, मदन भण्डारीको हत्यारा जो भएपनि हामीले त्यो पत्ता लगाउनका लागि सबैभन्दा विशेष पहल कदमी र त्यो हत्यारा पत्ता लगाउनका लागि बजेट विनियोजन गर्नुपर्ने थियो। तर हामीले त्यो गर्न सकेनौं, कतैकतै मदन भण्डारीलाई अलिकति मृत्यु स्वर्गबाट हेर्दापनि वहाँ खुसी हुने नाममा होकि यो विज्ञान प्रतिष्ठान स्थापना गरिएको। आज मदन भण्डारी जस्तो धेरै ब्यक्तिहरु राज्यका हरेक राम्रा राष्ट्रवादी कुरा उठाएकै कारणले मृत्यु भएको थियो।

त्यसैगरि मदन भण्डारी पनि हिजो नागरिकताकै कारणले मृत्यु भएको भन्ने हत्या गरिएको होकि भन्ने आशंका उब्जीएको थियो। त्यो हत्यारा पत्ता लगाउन सकिएको छैन तैपनि वहाँको स्वर्गवासबाट हेरिराख्नु भएको होला, वहाँले पक्कैपनि यो प्रतिष्ठानबाट केहि राम्रो काम हुन्छ भन्नी लागेको छ र यो प्रदेश स्तरीय हामीले प्रतिष्ठान स्थापना गर्न खोजिएका हौं कि राष्ट्रिय स्तरको त्यो प्रष्ट आउनु पर्दछ भने यो प्रतिष्ठानमा अध्ययन गर्न कति गरीब परिवारका ब्यक्तिले निशुल्क अध्ययन गर्न पाउनी खालको ब्यवस्था यो प्रतिष्ठान मार्फत गरियोस् भन्न चाहान्छु। धन्यवाद, जय राष्ट्र, जय जनता।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रिना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय रीना गुरुङ (राष्ट्रिय प्रजातन्त्र पार्टी संयुक्त)</u>ः-** माननीय सभामुख महोदय, सर्वप्रथम मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकको स्वागत गर्न चाहान्छु। यस विधेयकले प्रदेश नम्बर ३ मा स्वास्थ्य प्रतिष्ठानको जुन साँच्चिकै जुन अवधारणा हो, त्यसले मद्धत पुगोस्, कार्यकर्ता भर्ति केन्द्र र फेरि एउटा सरकारी को नाममा अहिले सम्म जुन हाम्रो प्रचलन आईरहेको छ, सरकारी अस्पतालहरु देखि लिएर सरकारी प्रतिष्ठानहरु जुन अलिकति बेथिति छ त्यसको निरन्तरता नहोस् भन्ने म यताबाट आग्रह गर्न चाहान्छु।

यो कुरा गर्दै म के कुरा गर्न चाहान्छु भने हामीहरुले अहिले यता हेटौंडामा स्वास्थ्य प्रतिष्ठान, मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाईयो हैन अब यो स्वास्थ्य प्रतिष्ठान बनाईराख्दा खेरि धेरै जना स्टुडेन्टहरु, हुनत यो विधेयकले भोलिको दिनमा के सम्बोधन गर्छ, कति मैले भने कति पुरा यो विधेयक पढेको छैन तर भोलिका दिनमा कति भर्ना गर्ने हो त्यो भर्ना गरिएका जुन विद्यार्थीहरु हो तिनीहरुले प्रयाक्टिकल जुन हुन्छ त्यो हेटौंडामा गर्न पाउछँ कि पाउदैन ? हेटौडाको अस्पतालको अवस्था कस्तो छ ? यता प्रतिष्ठान बनाउने तर वहाँहरुले प्रयाक्टिकल गर्नको लागि फेरि चितवन जानुपर्ने हैन यस्तो पनि नहोस्, त्यो भएर अस्पतालको संरचना अलिकति सुधार गरियोस् भन्ने पनि म भन्न चाहान्छु।

तर यता भरतपुर अस्पतालले अहिले संघिय सरकारको अण्डरमा ल्याईयो छ संघिय सरकार नियत भई राख्दा खेरि धेरै बजेट हरु विनियोजन भएको छैन। सुरुवा हामीहरु चितवन र हेटौंडाका साम्सदहरु बसेर हामीहरुले यो स्वास्थ्य प्रतिष्ठान भरतपुर अस्पतालले बनाउनुपर्छ पनि भनिएको थियो। एउटा डिमाण्ड पनि राखिएको थियो। तर भरतपुर अस्पताल ले अहिले संघिय सरकार अन्तर्रगत राखियो र यता हेटौंडा मा मदन कुमार भण्डारी स्वास्थ्य प्रतिष्ठान बनाईयो।

तर भोलिको दिनमा मलाई लाग्छ कि अहिले त्यो समस्या नआउला तर भोलि प्रतिष्ठान बनिसकेपछि धेरै टेक्नीकल समस्याहरु धेरै त्यो टेक्निकल समस्याहरुलाई अहिले निराकरण गरिएन भने भोलिको दिनमा यो नाममात्रै एउटा विधेयकमात्रै यो मदन कुमार भण्डारी स्वास्थ्य प्रतिष्ठान सिमति हुनेछ र यो सिमित भईराख्दा खेरि मदन कुमार भण्डारी जस्ता नेताको पनि अवहेलना हुनेछ त्यो भएर यस्तो कुराहरुमा एउटा नेताको नाममा राखिएको एउटा अस्पतालले भोलिका दिनमा त्यो नेताकै गरिमा मा आँच आउने काम पनि नहोस् भन्ने म यताबाट मन्त्रीज्युलाई भन्न चाहान्छु।

र भोलिका दिनमा यो प्रतिष्ठानको मुख्य कार्य अध्यापन, अध्ययन सँगै एउटा अस्पताल बाट दिने सेवा, सुविधाको पनि कुरा हुन्छ। त्यो सेवा, सुविधाको कुरा विपन्नहरुले निशुल्क रुपमा सेवा पाउन् यसप्रति प्रतिष्ठानको मार्फतबाट यस प्रतिष्ठान अन्तर्रगत बनेको अस्पतालबाट जतिपनि विपन्न समुदाय छ वहाँहरुले निशुल्क रुपमा सेवा पाउन्। र निशुल्क रुपमा सेवा पाईराख्दाखेरि हाम्रा सरकारका मन्त्रिहरुले पनि अनिवार्य रुपमा सरकारी अस्पतालहरुमै उपचार गर्ने ब्यवस्थापनि गरियोस् भन्ने मैले आग्रह गर्दै बिदा हुन चाहान्छु, जय राष्ट्र।

**माननीय सभामुखः-** अब म माननीय राजकाजी महर्जनलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय राजकाजी महर्जन (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** सभामुख महोदय, मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक,

यसको पुर्ण समर्थन गर्न चाहान्छु र विशेष गरि यसले आफ्नो कार्यकालको हिसाबले र जुन एउटा नेतृत्व विकासका हिसाबले जुन गणतन्त्र प्राप्तीको लागि जसरी आफ्नो प्राणसमेत आहुति दिनका लागि पनि तयार भएर जो ब्यक्तिले आफ्नो राष्ट्रको लागि जुन मुल्य चुकाउनुभएको छ, यसको नाममा जुन दिनुभएको र यसको नाममा हामीले जुन प्रतिष्ठान हामीले अगाडी सार्दै छौं यो नितान्त अहिले प्रदेशको प्रदेश नम्बर ३ को यो गौरबमय र अरुका हिसाबले पनि यो संस्था यो प्रतिष्ठानले थप हामीलाई एउटा मलजल पनि गर्ने छ र यसले हाम्रो गौरब पनि बढाउनेछ भन्ने मलाई लाग्छ।

आरक्षणकै हिसाबले पनि यसले बोलेको छ, र आरक्षणकै हिसाबले पनि विशेष ब्यक्तिहरुको र समुदायहरुको हिसाबले पनि दलित र पिछडिएका र जुन वर्गहरुको हिसाबले बोल्न खोजिएको छ र यल्ले थप यो समुदाय र ३ नम्बर क्षेत्रका सम्पूर्ण पक्षहरुलाई समेट्ने यसले प्रयत्न गरेको छ। यो मानेमा पनि यो सफल हुनेछ र यसले थप कार्यविधि र कार्ययोजना सहित आफुलाई अगाडी बढाउनेछ भन्ने मलाई लाग्छ र यसमा जुन शंका हामीले गरेका छौं यो शंका सायद यो प्रतिष्ठानको एउटा छुट्टै कार्यविधि र यसले एउटा संगठन बनाएको छ।

यो संगठनले कुनैपनि ब्यक्तिलाई विचलित नगराउनका लागि र यो संस्था लाई अगाडी बढाउन प्रयत्नले जुन एउटा सेड्युलमा यो संगठन तयार गरिएको छ र यसले यो संगठन भनौं यो संगठनले कुनै पनि ब्यक्ति र कुनैपनि एउटा संस्था विचलित हुन यसले दिने मौका दिदैंन त्यसैले यो संस्था र यो संगठन प्रति र यो प्रतिष्ठान प्रति सबै माननीयज्युहरु र सबै यो ३ नम्बर प्रदेशका सम्पुर्ण जनसमुदायहरु लाभान्वीत हुनेछ र विशेष गरि अन्तमा यो प्रतिष्ठानले ३ नम्बर प्रदेशकै एउटा प्रतिष्ठा बढाउने छ.

यसले आन्तरिक हाम्रो जुन उपचार र आन्तरिक रुपमा हामी ले ब्यवस्थापन गर्नुपर्ने, उपचार गराउनुपर्ने र उत्पीडित सम्पूर्ण क्षेत्रहरुलाई हामीले एकअर्कामा आपसी एउटा समन्वयात्मक हिसाबले र एक आपसमा १३ वटै जिल्लाले यस्को उपभोग गर्ने, उपयोग गर्ने र सम्पूर्ण जनताले यस्को लाभ प्राप्त गर्ने कुरा निश्चित छ त्यसैले यस्को पूर्ण समर्थन गर्दै बिदा हुन चाहान्छु, हवस् त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रामेश्वर फुयाँललाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय रामेश्वर फुयाँल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यु, आज मलाई अत्यन्त हर्ष लागिरहेको छ। यसकारण, नेपालको परिकल्पना पृथ्वी नारायण शाहाले नगरेको भए, काजी कालु पाण्डेले ज्यान, गर्दन नदिएको भए, राजनेता विपि कोईराला, पुष्पलाल, मनमोहन अधिकारी, मदन भण्डारी, गणेशमान सिंह जस्ता ब्यक्तित्वहरुले शहादत प्राप्त गर्न पाको भए, नपरेको भए।

आदर्श नेता नारायणमान बिजुच्छे जस्ताले कम्युनिष्ट सिद्धान्त यस्तो हो, ब्यवहारमा प्रयोग नगरेको भए, आज रामेश्वर फुयाँलले यहाँ बोल्न पाउँथ्यो ? पाँउदैनथ्यो। त्यसैले, नामको पनि अर्थ छ। कामको झन् अर्थ छ। यो विधेयक जे आउनुपर्दथ्यो, अत्यन्तै सुन्दर नाम। हजारौं वर्षसम्म उदाईरहने सुर्य जस्तै। यो स्थापित हुनेछ, यस्मा चिन्ता गर्नुहुने माननीयज्युहरुलाई चिन्ता नलिन म आग्रह गर्न चाहान्छु। दोश्रो कुरा, हामीले त समाज बदल्न चाहेको, त्यो सिद्धान्तले नै बदल्ने हो।

संगठित हुनै पर्दछ र संघर्ष गर्नै पर्दछ। यि सबै कामद्धारा बाटो छोडेर विष्टहरुलाई हिड्नु पर्ने मान्छेहरु आज हामी शासनका अधिकारी भएका छौं। यो सामान्य परिवर्तन हो ? यो ल्याउनका लागि कार्ल माक्सले नसोचेको भए हुन्थ्यो ? नेपालमा भाग्य भए उनि यहि जन्मन्थे, कार्ल मास्क यहाँ जन्मेनन्। तर नेपालमा पनि कार्ल मास्क जन्मिए, त्यो मदन भण्डारीको नाम हो। तसर्थ ति सपनाहरु पुरा गर्नका लागि अब यो प्रतिष्ठान भित्र छनौट हुने मान्छेहरु रु १ भन्दा बढी भत्ता लिन्छन् या रोजगार उनीहरुले तलब पाउछँन् भने योग्यताको आधारमा मात्रै लोकसेवाकृत मात्रै भएर छनौट हुने प्रणाली यो विधेयक पास हुदाँ समावेश गरिनेछ यो कुरा, यस्का लागि म अनुरोध गर्न चाहान्छु।

माननीयज्युहरु, हुदैंन ? म सोध्न चाहान्छु। भर्खरै राजनेता केपि शर्मा ओलीको सरकारले रोजगारीको क्षेत्रमा केहि कर्मचारीहरुको छनौट गर्यो, माग्यो। ७५३ जना मागेको ५ सय मात्रै पास गरे के गरौं ? मैले जाँच दिन जान भएन। मैले त उहिले ४४ सालमै

पास गरेको थि त्यसबेला। २ सय खाली छ को तयार हुने हो ? म देशवासी लाई आग्रह गर्न चाहान्छु, राम्रो पढाई हुनुपर्दछ, योग्यता भएकाहरुले जागीर पायो पायो, खाली छ। यो प्रणाली हामी, यो स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अबलम्बन गर्नेछौं। राजनितिक नेतृत्वनै पद प्राप्ती गर्ने ब्यक्ति प्रमुख हुनुपर्छ कि पर्दैन ? बहस गरौंला। तर प्राज्ञिक ब्यक्तित्व हुनै पर्दछ। त्यो प्रणालीबाट हामी मुलुकलाई लिएर जाने छौं, भन्ने कुरा भन्दै अब योग्यताको नेपाल बनाउने, क्षमताको नेपाल बनाउने, त्यहि हो संघिय लोकतन्त्र र लोकतान्त्रिक मान्यता यत्ति कुरा भनेर बिदा हुन चाहान्छु, धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुखः-</u>** अब म माननीय जीवन डंगोललाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय जीवन डंगोल (नेपाली कांग्रेस):-</u>** आदरणीय सभामुख महोदय, आज हामी मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको बनाउने विधेयक मा हामी छलफलमा छौं। अत्यन्त खुसी लागेको छ, मदन कुमार भण्डारी, जस्को नामैले यस मुलुकमा एउटा ठुलो हलचल ल्याएको थियो। आदरणीय ब्यक्तित्व हुनुन्छ, वहाँको नाममा प्रतिष्ठान आज को विषयमा हामीले छलफल गर्न पाउदाँ अत्यन्त हर्षित भएकि छु, धन्यवाद।

वहाँलाई सर्बप्रथम म हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्न चाहान्छु। यहाँहरुले हिजो भन्ने गर्नु भाथ्यो यो हत्या हो कि ? मृत्यु हो। जेसुकै होस्, म वहाँलाई नतमस्तक भएर हार्दिक श्रद्धाञ्जली फेरिपनि दोहोऱ्याएर भन्न चाहान्छु। २०५० साल ज्येष्ठ ३ गते, त्यो कालो दिन भएको थियो। हाम्रो देशका उज्वल्यमान एउटा नेतृत्व, आस्था र भावना जेसुकै होस्, एउटा देश बनाउछुँ भनेर आएको युवा ब्यक्तित्वको मृत्यु भयो। त्यसमा धेरै त्यत्तिखेर धेरै हाम्रा मित्रहरुले मनदुख हामीलाई पनि भएको थियो।

आशुँ पुछ्दै, श्रद्धाञ्जली दिन गएका थियौं, त्यो सम्झना मलाई छ। त्यो मात्र सम्झना होईन, हिजो यहाँ धेरै रेलिङहरु भाँचिएको थियो, धेरै हड्तालहरु भएको थियो, नेपाल बन्द भएको थियो, स्कुलका विद्यार्थीहरु पढ्न पाएका थिएनन्, धेरै काकाकुल र होहल्ला भएको थियो। त्यको प्रश्नको जवाफ आज पाईसकेको छ कि छैन ? म यो सम्माननीय सदनमा

सभामुख मार्फत म प्रश्न गर्न चाहान्छु आदरणीय मित्रहरुलाई। त्यसैले आज हामीले प्रतिष्ठान बनाउदैं गर्दा ३ नम्बर क्षेत्रको प्रतिष्ठा र ईज्जत जति बढ्छ, त्यो भन्दा ईज्जत वहाँको हत्यारा पत्ता लाउन पाए सम्पूर्ण देशको नै ईज्जत बढ्छ भन्ने मलाई लागेको छ।

त्यसैले यो प्रतिष्ठान, हेटौंडा अस्पताललाई प्रतिष्ठानमा बदल्दै गर्दा म प्रश्न गर्न चाहान्छु, यसको जवाफ हामीले पाउछौं ? हिजो कडा रुपमा प्रश्न गर्ने र देशलाई उदण्डमा धकेल्न खोज्नेहरु आज यस प्रतिष्ठान बनाएर लालिपप दिएर आज आदरणीय मदन भण्डारीलाई त्यतिकै त्यो विषयबाट अलग गर्न चाहिरहेनु भाको छ त्यसैले म यो सम्मानित सदनमा आज तपाईहरुलाई केले छेक्यो ? दुई तिहाईमा दुई तिहाई छ, आदरणीय हाम्रा अभिभावक राष्ट्र प्रमुख हुनुन्छ भने केले छेको छ ? म वहाँहरु समक्ष वहाँको हत्यारापनि पत्ता लगाईयोस् भन्दै यस प्रतिष्ठान निर्माणमा शुभकामना दिन चाहान्छु। धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय सामाजिक विकास मन्त्री युवराज दुलाललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, सामाजिक विकास मन्त्रालयः</u>-** धन्यवाद, माननीय सभामुखज्यु। मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि माननीयज्युहरुल त्यसको सैद्धान्तिक पक्षमाथि राखुभएको विचारहरुको बारेमा सरकारको धारणा राख्नुभन्दा अगाडी म सबभन्दा पहिला नयाँ वर्ष २०७६ सालको उपलक्ष्यमा सम्पूर्ण प्रदेश सभाका माननीय सदस्यज्युहरु, सम्पूर्ण कर्मचारी, सुरक्षाकर्मि लगायत समस्त उपश्थित पत्रकार साथीहरु र माननीय सभामुख र यो प्रदेश सभा मार्फत प्रदेश नम्बर ३ का सम्पुर्ण जनसमुदायहरुमा नयाँ वर्षले नेपाल निर्माणमा हामी सबैमा एउटा सकारात्मक चिन्तनको र सकारात्मक सोच्ने प्रवृतीको विकास गरोस्। हामी देश निर्माणको लागि राजनितिक आग्रह र पुर्वाग्रह भन्दा माथि उठेर एउटा संकल्प गर्न लाई हामी सबैलाई सु प्रेरणा मिलोस् भन्ने म हार्दिक शुभकामना ब्यक्त गर्न चाहान्छु।

माननीय सभामुखज्यु, सँगै म हिजो २०७५ साल चैत्र २६ गते साँझ ५ बजेर २० मिनेटमा प्रदेश नम्बर ३ सरकारको प्रर्वद्धन, आयोजनामा सिन्धुपाल्चोक जिल्लामा अवस्थित जुगल हिमश्रृङ्खलामा रहेको ग्याल्जेन पिक ६१ सय ५१ मिटर अग्लो ग्याल्जेन पिक, जहाँ १९५५ सालमा पहिलो पटक मानवहरुले त्यो हिमाल चढ्ने प्रयत्न गरेका थिए, त्यतिखेर असफल भएका थिए।

असाध्यै टेक्निकल्लि कठिन हिमालमा हिजो सगरमाथा आरोही माया गुरुङको नेतृत्वमा ७ जना नेपालीहरुले असाध्यै प्रतिकुल मौसमका बाबजुद पहिलो पटक जुगलको ग्याल्जेन पिकमा पाईला टेक्न सफल हुनुभएको छ। र देशकै राजधानी काठमाण्डौबाट सबैभन्दा नजिकको दुरीमा रहेको र प्रदेश नम्बर ३ भित्र रहेको त्यो हिमाल मानव आरोहणको लागि खुल्ला गर्नुभएको छ, बाटो निर्माण गर्नुभएको छ, त्यो सफलताको लागि म वहाँहरुलाई सरकारको तर्फबाट हार्दिक बधाई ब्यक्त गर्न चाहान्छु।

र म अब माननीयज्युहरुले राख्नुभएको कुरा र सरकारले यो विधेयक ल्याउनुको कारणबारे केहि कुरा राख्न चाहान्छु। मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्मंण गरिनेछ भन्ने कुरा हाम्रो चालु आर्थिक वर्षको निति तथा कार्यक्रममा यहि सम्मानित सदनले पारित गरेको कार्यक्रम हो। स्वास्थ्य विज्ञानको क्षेत्रमा गुणस्तरीय जनशक्ति उत्पादन गर्नको लागि र आम नागरिकहरुलाई स्वास्थ्य सेवा सबैको समान पहुँचमा स्थापित गर्नका लागि र सर्वसुलभ बनाउनका लागि राज्यले कर्तब्य पुरा गर्नुपर्दछ र जुन कुरा हाम्रो संविधानद्धारा निर्देशित, हाम्रो मौलिक हक अन्तर्गत रहेको कुरापनि रहेको ब्यहोरा म निवेदन गर्दछु। हाम्रो अगाडीको दायित्व, सरकारको दायित्व आमनागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्नका लागि हामीले दक्ष जनशक्ति उत्पादन गर्नपर्छ।

र भौगोलिक हिसाबले राजधानी देशको राजधानी काठमाण्डौमा केन्द्रित भईरहेको स्वास्थ्य चिकित्सा क्षेत्र अध्ययन अध्यापन गराउने संस्थाहरुलाई, शिक्षालयहरुलाई हामीले त्यो भन्दा बाहिर दुरदराजका बस्तीहरुमा पनि पुऱ्याउनु पर्छ भन्ने उद्धेश्यबाट पनि सरकार निर्देशित भएको छ र देशकै पुर्व पश्चिम लोकमार्ग, बन्दै गरेको पुर्वपश्चिम रेलमार्ग, अहिले

निर्माण सम्पन्न हुन लागिराखेको मदन भण्डारीकै नाममा नामाङकृत यो अर्को भित्रि मधेषमा भएको एउटा लोकमार्ग पुर्वपश्चिम मदन भण्डारी लोकमार्ग धरान–चतरा– हेटौंडा जो हामी भन्थ्यौं त्यो नामले अहिले परिभाषित छ र यो सबैको एउटा जक्सनमा रहेको हेटौंडा, जहाँ एउटा हेल्थ एकेडेमी अर्थात चिकित्सा शिक्षा अध्ययन गर्ने अध्यापन गराउने र यहाँबाट विशिष्टकृत खालको स्वास्थ्य सेवा त्यहि ठुलो जनसङ्ख्या ओहोरदोहोर गर्ने यो जक्सनमा दिनु सर्वत्र उपयुक्त छ भन्ने कुरा सरकारको ठहर समेत रहेको कारणले हामीले मकवानपुर जिल्लाको हेटौंडा अस्पताललाई मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गर्नको लागि यो विधेयक सरकारले ल्याएको कुरा म निवेदन गर्न चाहान्छु।

धेरै माननीयज्युहरुले यो बारेमा सकारारत्मक ढङ्गले सम्बोधन गरिनै सक्नुभएको छ। नाम र दफावार विषयहरुमा माननीयज्युहरुले आफ्ना सुझावहरु संसोधनको रुपमा राख्नुहुनेछ र त्यसमा हामी छलफल गरेर सम्मानित सभाले सम्बोधन गर्ने नै छ। तर कामको बारेमा, उद्धेश्यको बारेमा, संरचनाको बारेमा हामीले शंका गर्नुपर्ने ठाँउ मैले धेरै देख्दिन। हामी एकातिर नागरिकहरुलाई स्वास्थ्य सेवा सर्बसुलभ रुपमा दिईरहने कुरा गर्छौं काठमाण्डौ भन्दा बाहिरपनि एकेडमीहरु स्थापित हुनुपर्छ भन्ने कुरा गर्छौं भने कुरा सरकारले ल्याएको छ त्यसकारण यो सहि नै छ।

कस्तो एकेडेमी बनाउने भन्ने सन्दर्भमा सरकारमा हामीले धेरै पटक छलफल गरेका छौं। विधेयक निर्माण गर्ने सम्बन्धमा मन्त्रालयले धेरै पटक छलफल गरेको छ र नेपालमा अहिले जतिपनि स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु, मेडिकल कलेजहरु संचालित छन् त्यो सबै कानुनहरुपनि हामीले अध्ययन गरेका छौं र तिनलाई रिफ्रेन्समा लिएका छौ। सबैभन्दा पहिला स्थापना भएको स्वास्थ्य विज्ञान अथवा मेडिकल कलेज देखि पछिल्लो पल्ट स्थापित भएको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्मका कुराहरु हामीले अध्ययन गरेका छौं यिनिहरुका सबै मोडालिटि, नमुनाहरु हामीले अध्ययन गरेर के राम्रो गर्न सकिन्छ भन्ने बारेमा धेरै छलफल गरिसकेपछि कसैसँग हुबहु कपि गरेर होईन, त्यहाँबाट त्यहाँका समस्याहरुबाट लेसन शिक्षा लिएर हामीले केहि नयाँ गर्ने कोसिस गरेका छौ तर पूर्ण भएको

छैन। यसलाई अझ राम्रो बनाउने, पूर्णता दिने कुरामा यो सम्मानित सदनले भुमिका निर्वाह गर्नेछ भन्ने मैले विश्वास लिएको छु।

सँगै हामी प्रदेशले सञ्चालित गर्ने विश्वविद्यालय स्थापना गर्ने प्रदेश सरकारबाट गठित विश्वविद्यालय कार्यदलले पनि आफ्नो प्रतिवेदनको अन्तिमरुप तयार गरेको छ र भोलि हामी विज्ञहरुसँग छलफल गर्दै छौं। त्यसमा संरचानागत कुराहरु कार्यक्रमित कुराहरुमा धेरैनै सुन्दर कुराहरु र हाम्रो लागि राम्रा पक्षहरु समेटिएका छन् र त्यो रिफ्रेन्सले पनि यो विधेयकलाई अझै राम्रो बनाउन कोशिष सहयोग गर्नेछ भन्ने भैले आशा र विश्वास लिएको छु र मैले समितिमा छलफलका क्रममा यि विषयहरु सम्बोधन गर्ने, समावेश गर्ने कुरामा सरकार र विभागीय मन्त्री सकारात्मक रहेको कुरापनि म निवेदन गर्न चाहान्छु र यसलाई उत्कृष्ठ बनाएर हामी पक्कै अगाडी जानेछौं, म यति कुरा राख्दै यहाँहरुको सक्रिय सहभागिताको लागि हार्दिक धन्यवाद दिन चाहान्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब यो छलफल यहिँ समाप्त हुन्छ। अब म मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि सभामा विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि सभामा विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु नयाँ वर्ष २०७६ सालको पावन अवसरमा प्रदेश सरकारका माननीय मन्त्रीहरु, प्रदेश सभाका माननीय सदस्यहरु, सम्पूर्ण कर्मचारीहरु, सुरक्षा निकाय,

नागरिक समाज, बुद्धीजिवी, पत्रकार एवम् समस्त नेपाली जनताहरुमा प्रदेश सभा, प्रदेश नम्बर ३ का तर्फबाट सुख, शान्ती र सम्वृद्धीको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु।

अब यो बैठक मिति २०७६ बैशाख ३ गते दिनको १ बजे बस्ने गरी स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल बैशाख ३ गते मंगलबार दिनको १:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको १:५० बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# तेस्रो अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

३ बैशाख, २०७५

मंगलबार

(बैठक संख्या - ७)

**प्रदेश सभाको तेश्रो अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।**

**माननीय सभामुखः-** माननीय सदस्यहरु, प्रदेश नम्बर ३ को प्रदेश सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु, आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने जानकारी गराउछु। माननीय सदस्यहरु अब म शिक्षा, स्वास्थ्य तथा कृषि समितिका सभापति माननीय घनश्याम दाहाललाई प्रदेश बालबालिका सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले बनाएको प्रतिवेदन पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय घनश्याम दाहाल, सभापति, शिक्षा, स्वास्थ्य तथा कृषि समितिः-</u>** माननीय सभामुखज्यु, सभामुखज्युको अनुमतिले प्रदेश सभाको मिति २०७५/१२/२५ गते बसेको बैठकले प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल गर्न यस समितिमा पठाईएकोमा सो प्रयोजनको लागि २०७५ साल चैत्र २८ गतेको दिनमा बसेको समितिको बैठकले संसोधन प्रस्तावहरुमाथि दफावार छलफल गरि विधेयकको उद्धेश्य अझ स्पष्ट होस् भन्ने मनसायले देहाय बमोजिम संसोधन गर्ने निर्णय गरेकोले प्रदेश सभा नियमावली २०७४ को नियम ११९ अनुसार समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक सभामा पेश गर्ने निर्णायानुसार यो प्रतिवेदन पेश गरेको छु। धन्यवाद।

**<u>माननीय सभामुखः-</u>** माननीय सदस्यहरु, अब म माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री अरुण प्रसाद नेपालको तर्फबाट माननीय सामाजिक विकास मन्त्री युवराज दुलाललाई प्रादेशिक ब्यापार ब्यवसाय सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलका लागि उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाईयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, सामाजिक विकास मन्त्रालयः-</u>** माननीय सभामुखज्यु, सभामुखज्यु को अनुमतिले प्रादेशिक ब्यापार ब्यवसाय सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलका लागि उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाईयोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः-</u>** माननीय सदस्यहरु, अब म माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री अरुण प्रसाद नेपालको तर्फबाट माननीय सामाजिक विकास मन्त्री युवराज दुलालद्धारा प्रस्तुत प्रदेश प्रादेशिक ब्यापार ब्यवसाय सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलका लागि उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाईयोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रादेशिक ब्यापार ब्यवसाय सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलका लागि उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाईयोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म माननीय भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री दावादोर्जे लामालाई प्रदेश बिउ बिजन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलको लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाईयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय दावादोर्जे लामा, मन्त्री, भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः**- माननीय सभामुखज्यु, सभामुखज्युको अनुमतिले प्रदेश बिउ बिजन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलको लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाईयोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब म माननीय भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री दावादोर्जे लामाद्धारा प्रस्तुत प्रदेश बिउ बिजन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलको लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाईयोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश बिउ बिजन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलको लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाईयोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म माननीय भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री दावादोर्जे लामालाई प्रादेशिक कृषि ब्यवसाय प्रर्वद्धन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलको लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाईयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय दावादोर्जे लामा, मन्त्री, भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः**- माननीय सभामुखज्यु, सभामुखज्युको अनुमतिले प्रादेशिक कृषि ब्यवसाय सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलको लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाईयोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब म माननीय भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री दावादोर्जे लामाद्धारा प्रस्तुत प्रादेशिक कृषि ब्यवसाय प्रर्वद्धन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलको लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाईयोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रादेशिक कृषि ब्यवसाय प्रर्वद्धन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलको लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाईयोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म माननीय सामाजिक विकास मन्त्री युवराज दुलाललाई मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाईयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय युवराज दुलाल, मन्त्री, सामाजिक विकास मन्त्रालयः-** माननीय सभामुखज्यु, सभामुखज्युको अनुमतिले मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाईयोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब म माननीय सामाजिक विकास मन्त्री युवराज दुलालद्धारा प्रस्तुत मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाईयोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाईयोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु।

अब यो बैठक मिति २०७६ बैशाख ४ गते बुधवार दिनको १:०० बजे बस्ने गरि स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल बैशाख ४ गते बुधवार दिनको १:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको १:२० बजे।**

# प्रदेश सभा

# प्रदेश नं ३

# तेस्रो अधिवेशन

# कारवाहीको सम्पूर्ण विवरण

४ बैशाख, २०७६

बुधबार

(बैठक संख्या - ८)

**प्रदेश सभाको तेश्रो अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।**

<u>माननीय सभामुखः</u>- माननीय सदस्यहरु, प्रदेश नं. ३ को प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु आज विशेष समयको कार्यक्रम नरहने जानकारी गराउछु।

माननीय सदस्यहरु,शुन्य समयमा बोल्ने माननीय सदस्यहरुले समय माग्नु भएको छ। म वहाँहरुलाई बोल्न समय दिन्छु। समय १ मिनेट रहनेछ। सर्वप्रथम म माननीय ईन्द्र माया गुरुङ्ग लाई बोल्न समय दिन्छु।

<u>माननीय श्री ईन्द्र माया गुरुङ्ग (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:- माननीय सभामुखज्यू, ३ नं प्रदेश सरकारले विनियोजित गरेका शसर्त आयोजनाहरु ५० लाख सम्मका योजनाका उपभोक्ता समितिहरु सबै आयोजना समिति गठन गर्न अहिले सम्म सकेको छैन्। ५० लाख भन्दा माथीका आयोजनाहरु कार्यालय अस्तब्यस्तका कारण एउटै आयोजनामा पटकपटक प्राबिधिक पुगेता पनि सम्बन्धित निकायले टेण्डर आब्हान गर्न सकिरहेको छैन्।

संविधानमा उल्लेख भए अनुसार संघीय बजेट जेष्ठ १५ गते बजेट भाषण सुनाई सक्नु पर्ने र प्रदेश सरकारले असार १ गते बजेट भाषण पास गरि सक्नु पर्ने प्राबधान भएता पनि तर अहिले सम्म हाम्रो योजनाहरु चलाउन सकिरहेको अवस्था छैन्। यसलाई समयमै सम्पन्न गर्नको लागि सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु। हस धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय कल्पना नेपालीलाई बोल्न समय दिन्छु।

**<u>माननीय कल्पना नेपाली (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुखज्यु, सिप चल्ने,रगत चल्ने तर पानी नचल्ने कस्तो बीडम्बना। मानब भएर पनि पशु जस्तो तुच्छ ब्यवहार सहेर जिउनु बाध्य हुनु पर्ने दलित शब्दले पिडा दिने यहाँ उपस्थित कमै ले महशुस गर्नु भएको छ। घाउ हुनेलाई दुख्छ थाहा छ तर घाउको पिडा कस्तो हुन्छ दुख्नेलाई मात्र थाहा छ। बर्षौ देखी अदृश्य घाउ बाट पिडित छन् दलित समुदाय। माननीय सभामुखज्यु,३ नम्बर प्रदेश भित्र बिभिन्न राजनीतीक दल बाट प्रतिनिधित्व गर्ने दलित नगन्य छौ। त्यहि नगन्य मात्रामा रहेका दलितहरुले कति अवसर पाए। ३ नम्बर प्रदेशको मन्त्री मण्डलमा कति दलित समावेस गरिएको छ। बिभिन्न समिति उपसमितिमा कति दलितहरु पार्मीक भए। आगामि दिनमा यस्ता बिषयमा ध्यान पुऱ्याई दलितमुखी योजना, हक, अवसर र ब्यवहारको माग गर्दछु। पाटिपैवा, मठमन्दिर,धारा पधेरा र मेलापातमा दलित भएका कारणले भाग्नु परेका शारीरिक, मानसिक यातनाको समाचार सुन्दा।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय कृष्ण प्रसाद भुर्तेललाई बोल्न समय दिन्छु।

**<u>माननीय कृष्ण प्रसाद भुर्तेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, आज पनि मैले मिडियामा देखे र केहि समय अगाडी पनि देखेको थिए। बिश्वका दुई ठुला राष्ट्रिय निकुन्ज मध्य दोश्रो चितवन राष्ट्रिय निकुन्ज एक सिंगे गैडा दुर्लभ छ। एक सिंगे गैडाको रेकर्ड हेर्दा खेरि यो आर्थिक वर्ष साउनमा प्राकृतिक कारणले ४९ का मृत्यु भएको छ। यसको संरक्षण जरुरी छ। हामीले त्यसलाई पर्यटनको पुर्वधार मानेका छौ। घ्प्मिषिभ टुरीजमको हिसाबले एक सिंगे गैडा दुलर्भ छ। यो कुरामा सरकारको ध्यान जाओस, अर्को यो संगसंगै मेरो क्षेत्र मेगौलीमा २०१६ सालमा स्थापित भएको एयरपोट, मेगौली

एयरपोट,बिस्तार र कालो पत्रे नहुदा खेरि त्यहाँ अहिले चित्रु गौचरण बनि रहेको छ। यो एयरपोट बनिसके पछि यसले भोली दिने कुरा पोखरा बिमानस्थल र लुम्बिनिको बिमानस्थल संघ जोडेर लग्न सक्यो भने भोलि प्रदेशको बिकाशमा राम्रो कुरा दिन्छ।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय कृष्ण प्रसाद शर्मा खनाललाई बोल्न समय दिन्छु।

**<u>माननीय कृष्ण प्रसाद शर्मा खनाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुखज्यु, नयाँ शैक्षीक सत्र सुरु भएको छ। ६१ सालमा बाट सुरु भएको यो अभियान प्रत्येक वर्ष २ बैशाख देखि अभियान सुरु मानिएको छ। अहिले सम्मको तथ्याङकले के देखाउछ भने ५ वर्ष देखि ९ वर्ष सम्मका ७१ लाख बालबालिका बाहिर रहेको देखाउ छ। संस्थागत विद्यालयहरुले बिशेष अभियान संचालन चैत महिना देखि नै गरिरहेका छन्। चैत सुरु देखि सामुदायिक विद्यालयहरुले आए भर्ना गर्ने प्रविधि बढ्दै छ। यस्तो अवस्थामा सामुदायिक विद्यालयहरु अप्ठ्यारोमा परेका छन्। सरकारी हल्ला, काम थोरै देखिएको सन्दर्भमा प्रदेश सरकार बाट कुनै गतिविधि नदेखीनु गर्नु पर्ने होईन र। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय केशब प्रसाद पोखरेललाई बोल्न समय दिन्छु।

**<u>माननीय केशव प्रसाद पोखरेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुखज्यु, शिक्षा संघ सम्बन्धि यति बेला विद्यालयहरुमा भर्ना सुरु भएको छ। यो ३ नम्बर प्रदेश भित्र विद्यालय भन्दा बाहिर रहेकाहरुको तथ्याङ्क खोजि गरि सबैलाई अबिलम्ब विद्यालयमा ल्याउने खालको अभियान चलाउनु पर्छ। त्यस्तै धर्मका नाममा,जातका नाममा चलिरहेका विद्यालयहरुको सवालमा अहिले त्यी भित्रै आ-आफ्ना राष्ट्रियगानहरु गाईन्छ, तेहिको प्राथनाहरु गर्न लाईन्छ भन्ने कुराहरु छ। त्यसको बारेमा ध्यान जावस भन्ने आग्रह गर्न चाहन्छु। त्यसै गरि कर्मचारी समायोजनाले बहुत सकस दिएको छ।

यहाँ पनि सक्कस पाको छ। जाहा सुकै गए पनि कामको अबरुद्ध भको छ। त्यसका लागि प्रदेश सरकारले के सोचिरहेको छ र प्रदेश सरकारको सोच अगाडी आउने र

केन्द«ीय सरकारलाई त्यही अनुसारको लबिड.गर्नु पर्ने देखेको छु। त्यस्तै गरि बर्षात सुरु भएको अवस्था छ। यो बर्षातको बेलामा त्यो भन्दा पुर्व अपनाउनु पर्ने कदमहरुको बारेमा तत्काल कार्यक्रमहरु बनाएर लागु गरियोस भन्ने आग्रह गर्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय केशब राज पाण्डेलाई बोलन सम्मय दिन्छु।

**<u>माननीय केशब राज पाण्डे (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** सभामुख महोदय, ठोरी र रसुवा गडी जोडन राष्ट्रिय महत्वको बाटो, त्यस मधेको पिपलटार देखि त्रिशुली सम्म बिधुर नगरपालिकाका भित्रका जनताहरुले मुवाब्जा पाईरहेका छैन् र त्यो बाटोमा काम गर्ने काममा अबरुद्ध सिर्जना हुने भएको छ। यसमा सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। हिजोको हावाहुरि बतासले नुवाकोट जिल्ला लगाएतका जिल्लामा थप्रै घरबारको छाना उडाएका छन् र जनताका बस्ती फेरी ऊजाड भएका छन। यसको बारेमा पनि सरकारको ध्यान पुग्न जरुरि छ भन्ने मलाई लाग्छ।

यो गिटी, बालुवा निकाल्ने नाममा नदीनाला उत्खन्न बारे धेरै सिचाई योग्य र कृिषयोग्य जमिनहरु अहिले टार बनिरहेका छन र नुवाकोटका पनि थुप्रै फाटहरु अब सिँचाई नहुने अवस्थामा पुगेको छ। यसको बारेमा तुरुन्तै नियमन गर्नु पर्ने र कारवाहीमा अगाडी बढ्नु पर्ने मैले चाहेको छ र अर्को यो शिक्षाको भर्नाको समयको सुरुवात भएको छ र हामी पनि सबै यहाँका माननीयहरुलाई अभिवकत्व ग्रहण गर्दै विद्यार्थी भर्ना गर्नको निम्ती कल गरै। म त्यो पनि आवहान गर्छु। हस धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय गणेश प्रसाद दुलाललाई बोल्न सम्मय दिन्छु।

**<u>माननीय गणेश प्रसाद दुलाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख महोदय, प्रदेश सभाको सार्वजनिक लेखा समितिले प्रदेश सरकार संघ रहेका सबै मन्त्रालयहरु संघ यो आर्थिक वर्ष ०७५/७६ मा गरिने आयोजनाहरुको बिवरण बारम्बार माग्दा पनि सामाजिक बिकाश मन्त्रालय भन्दा बाहेक कुनै मन्त्रालयले अहिले सम्म दिएको छैन्। यसरी यो सार्वभम संसदको सार्वभम प्रदेश सभाको अबहेलना भएको छ। म सभामुख मार्फत रुलिङ्गको माग गर्दछु। हस धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय घनश्याम दाहाललाई बोल्न सम्मय दिन्छु।

**<u>माननीय घनश्याम दाहाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुखज्यू, यो चितवनको देउघाटमा बाँदरको धेरै ठुलो आतंक छ र यो व्यबस्थापनको लागी हामीले धेरै कुरा उठायौ र सम्बन्धित मन्त्रालयको ध्यान जाओस् नभए त्यहा जनता बस्न सक्ने स्थिती छैन्। त्यतै गरेर इच्छाकामना गाउँपालिकाको वडा नं. २ को मैतेशमा चैत महिनामा आगोलागी हुँदा ३ वटा घर जलेर नष्ट भएका छन् र एक जना ६ महिनाको बच्चा पनि जलेर मृत्यु भएको छ। यो बारेमा प्रदेश सरकारले राहत र त्यहा सहयोगका लागी त्यँहाका जनताले अपेक्षा गरीरहेका छन्। त्यो बारेमा पनि प्रदेश सरकारको ध्यान जाओस म यिनै कुराहरु राख्न चाहान्छु। हस्त धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय छिरिङ्ग दोर्जे लामालाई बोल्न समय दिन्छु।

**<u>माननीय छिरिङ्ग दोर्जे लामा (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय, यस सम्मानित सभामा धेरै पटक राजधानीको विषय उठयो र राजधानीको विषय उठदै गर्दा खेरी प्रदेश सरकारलाई पनि धेरै कुराहरुले भुमरीमा पारेको स्थिति भएको अवस्था थियो र मलाई जहाँ सम्म लाग्छ नेपालको संविधानको धारा २८८ को उपधारा (२) ले यो प्रदेश सरकारलाई होइन प्रदेश सभालाइ अधिकार दिएको छ। र त्यसलाइ निर्देशित गरेको छ त्यो सरकार त अलमलि रहेको स्पष्ट रुपमा देखिरहेको नै छ र यो सम्मानित सदन अलमलिनु भएन् भनेर म अनुरोध गर्न चाहन्छु र हिउँदो अधिवेशन पहिलो दिन सभामुखज्युले जुन उद्घोस गर्नु भाछ यो सदनमा यो कार्यबिधि अगाडी ल्याउने बिधि र प्रणाली रिवाचन सम्बन्धि राजधानिको तय के कति का पुग्यो भन्ने कुरा जानकारी गराई दिनु हुन अनुरोध गर्न चाहन्छु। त्यसै गरि आजको यो बैठक १ बजे बोलाईएको मा १४० बजे हुन गयो के करणले गर्दा खेरि ४० मिनेट ढिलो हुन गयो र हामी यो सम्मानित सदनले नै यसरी समय.......।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय जगत बहादुर सिम्खडालाई बोल्न समय दिन्छु।

**<u>माननीय जगत बहादुर सिम्खडा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, यो अषारमा बजेट आयो अहिले बैशखको ४ गते हो। अहिले पनि समितिहरु बनेका छैन्। कतिपय ठाउँमा ठेकदारले ठेक्का पाएको छ। त्यो बिकास निर्माणको काम सुरु भएको छैन्। मलाई लाग्छ पैला जस्तै एक महिना भित्र यो जेष्ठमा फेरी पनि काम सम्पन्न भको प्राबिधिक रिर्पोट बनाएर फेरि पनि बजेट हिनामिना र भ्रष्टाचार गर्ने आम यो प्रचलन जस्तो बनेको छ। यसमा प्रदेश सरकारको ध्यान जाओस।

अनि यो अर्को यो तलितपुर सुन्दरी गाउपालिका ७ घरेमा १० बर्ष अगाडी पुल पर्यो, एउटा आपुखोला भन्ने ठाउँमा वारिपटि र पारिपटिको जीप बन्यो। एउटा भएको झुलुंगे पुल पनि त्यहा भत्काईयो, अहिले १० वर्ष सम्म त्यो पुल अल्लपत्र छ। त्यहाको विद्यायार्थीहरुको आवत जावतमा एकदमै कष्टकर बनेको छ। यो पुल कैले बन्छ। प्रदेश सरकार र केन्द्र सरकारले यो पुल बनाउन के पहल गर्छ। म यो पनि भन्न् चाहन्छु र अर्को हो .......।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय जिबन खड्कालाई बोल्न समय दिन्छु। समय एक मिनेट।

**<u>माननीय जिबन खड्का (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, यो हाम्रो अहिले बाटाघाटाहरु अत्यन्त जटिल अवस्थाामा छन। टेण्डरको म्याद थप्ने तर काम केहि हुदैन्। बाटोहरु नबन्दा खेरि बर्षात आईसक्यो यसलाई सभामुख महोदय मार्फत ध्यानाकर्षण गर्न चाहन्छु। साथसाथै काठमाण्डौ हेटौंडा आउने मार्ग जुन यो कुलेखानि मार्ग र अर्को सिस्नेरी भएर आउने जुन बाटोहरु छन्। यि बाटाहरुको एकदम दुरावस्ता अवस्था छ। यसलाई एथासिग्र रुपले मर्मत कार्य हुनु पर्यो। यसले हामीलाई आवतजावत गर्न पनि बाधा रहेको कुरा सभामुख मार्फत ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय जिबन डंगोललाई बोल्न समय दिन्छु।

**<u>माननीय जिबन डंगोल (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय, २०७५ अशोज २२ गते राजधानिको प्रतिवेदन सभामा प्रस्तुत भएको आज सात महिनामा छैन। तेहि पनि निर्णयको गुन्जाईस भईरको छैन। संविधानले दिएको अधिकारलाई के ले छेक्यो, टाउकोको बहुमत र दुई तिहाई भए पनि पराजित मानसिकताको उपज किन हो। सभामुख महोदय, समयमा गरेको निर्णयले कसैलाई पराजित गर्दैन, दिर्घकालिन मार्ग चित्रको आधार सिला निर्माण हुन्छ। संमवृद्धीको आरम्भको प्रस्थान बिन्दु हुन्छ। यस हिउदे सभाले राजधानिको स्थायीत्वको निर्णय गरेस भन्ने माग गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय दिपक निरौलालाई बोल्न समय दिन्छु।

**<u>माननीय दिपक निरौला (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, पोखरा बिश्वबिधालये प्राकृतिक परिसदको निर्णय बिपरित ५८ वटा निजी कलेज मध्ये ४२ कलेजले कक्षा ११ र १२ मा सि वा २ ग्रेड भन्दा तलका विघार्थीलाई व्यबस्थापन बिज्ञान तथा प्रबिधि संकायमा ३९१ जना बिघार्थी भर्ना गरेको कारण चैत १५ गते बाट संचालन हुनु पर्ने परिक्षा संचालन हुनु सकिरहेको छैन्। यो परिक्षा संचालन हुन नसक्नुको पछाडी क्याम्पस व्यवस्थापन समितीको लापरवाहि प्रति केन्द्रीय सरकारको ध्यानाकर्षण गराउनका लागि प्रदेश सरकार संघ अनुरोध गर्दै। दोषिलाई कारवाहि गर्दै, बिघार्थिलाई परिक्षा दिने बातावरण बनोस भन्ने आग्रह गर्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय देवकी श्रेष्ठलाई बोल्ने समय दिन्छु।

**<u>माननीय देवकी श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सम्मानित सभामुखज्यू, म ललितपुरको समग्ररुपमा समस्याको बारेमा म भन्न गईरहेकोछु। ललितपुरमा जुन एउटा सातदोबाटो देखिको गोदावरि र साधोबाटो देखिको चापागाउँ जाने बिस्तार गर्ने बाटोमा, जुन एउटा त्यहा चै मुवाब्जा नदेकोले अहिले सम्म बिस्तार हुन सकेको भएको छैन्। त्यो चै मुवाब्जाका लागि हाम्रो प्रदेशले पनि ध्यान पुराओस भन्ने चाहन्छु म र सबै भन्दा ठुलो कुरो पानिको जुन एउटा समस्या छ, खानेपानीको त्यहाँको खानेपानी अहिले सम्म त्यहाँको

जनताहरुले पानी किनेर नै खाईरहेका छन् र कतिपय ठाउँमा केन्द्रबाट पम्पबाट पानी निकाल्दा पनि सबै तिर पुरैन् सकिरहेको छैन्। यहि पनि हामीलाई त्यहाको मेन समस्या भनेको पानिको समस्या हो। हामी जहाँ गए पनि खोई त तपाईहरुले पानी दिने भनेको होईन्, भनेर टोकि रहेको हुन्छ र अर्को कुरो यो कर्मचारी समायोजनको विषयमा .......।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, शुन्य समयको कार्यक्रम यहि सम्मास हुन्छ। माननीय सदस्यहरु, अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाश प्रसाद ढुङ्गेललाई प्रदेश सभाको मिती २०७५।१२।२६ र २७ को विशेष समयमा उठेको प्रशन्नकोहरुको जवाफ दिनु अनुमति दिन्छु।

**<u>माननीय कैलाश प्रसाद ढुङ्गेल, मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालयः</u>-** सभामुख महोदय, २०७५।१२।२५ र २६ गते बसेको प्रदेश सभाको बैठकको विशेष समयमा उठेका अनेकौ सुझाब, प्रश्न, जिज्ञाशा छन्। यिनै जिज्ञाशाहरुलाई त्यसको सहि जवाफ वा सरकारको तर्फबाट दिनु पर्ने जिम्मेवारिलाई म उभिएको छु। बिषेश गरि धेरै बिषयहरु त्यस समयमा उठेको छन्। उठेका मध्ये मैल त्यसलाई सानो रुपमा बुदाँ भन्दा ११ वटा पोईन्टलाई मैले ११ पोईन्टमा आफुलाई समाबेश गराएको जति चिजहरुलाई कतिपए बिषयहरु संघीय सरकारले दिनु पर्ने बिषय हुनाले माननीय सदस्यहरुले उठाउनुभो तर त्यसको जबाफ वा त्यसको कार्य क्षेत्र हेर्दा संघिय सरकारसंग चासो अथवा जिज्ञासा भएका प्रश्नहरु पनि उठेका छन्। ती प्रश्नहरुलाई मैले संघिय सरकारको क्षेत्रभित्रलाई मैले अन्यथा केहि भन्न चाहिन। अब डाइपोट चोवारको कार्यक्रम हुँदा खेरी माननीय सदस्यहरुले थाहा पाउनु भएन वा जादु शैलीमा प्रधानमन्त्री आउनुभयो भन्ने सम्मको कुरा थियो त्यो यो सभा वा सरकारसंग यस बिषयको जानकारी वा यसको उत्तर हामिसंग छैन्। संघिय सरकारको कार्य क्षेत्र भएको हुनाले मैले यसलाई यति नै भने। प्रदेश कार्यालयहरु कार्यालयहरु सार्ने र यताउती सार्ने कुरा छ। संगठन संरचना अनुसार सरकारको संगठन संरचना अनुसार भएकोले त्यस अनुसार आवश्यकता अनुसार गरिएको कुरा जानकारी गराउन चाहान्छु। डिपिआर भएका योजनाहरु प्राथमिकताका साथ अभ्यासमा

आईरहेको कुरा जानकारी गराउन चाहान्छु। आगलागी प्रकोप र बिपत्तीहरुको क्षतिपुर्ति हुनत सवभन्दा त्यो बिपत्तीहरु २ नं. प्रदेशमा पर्यो त्यो २ नं. प्रदेशलाई यहि सभाले दिएको सुझाव अनुसार सरकारको तर्फबाट १ करोड र प्रत्येक माननीय सदस्यज्युहरुबाट ३ ३ दिनको पारिश्रमिक भनै अथवा जो प्राप्त हुन्छ त्यो चिजलाई दिनि हुनी भाएको छ।

त्यसमा अब हाम्रो यो प्रदेशभित्रको दैविक प्रकोप या आगोलागी या बिपत्तीलाई सामना गर्नको लागी आन्तरिक मामिला तथा कानुन मन्त्रालयसंग समन्वय गरी सरकारले काम अगाडी बढाइरहेको छ। ढुगां गिटीं बालुवा खानी सञ्चालन गर्न इ.आइ.ए आइ.इ.इ. प्रतिवेदन अनुसार अनुगमन स्थानिय सरकारले गर्ने प्रदेश सरकारले अनुभव मात्र गर्ने त्यो प्रदेश सरकारको अनुरोध भित्र गरिनेछ। तर काम चाहि स्थानिय सरकारले गर्नी भको जानकारी गराउन चाहान्छु। बिपत्त न्युनिकरण अर्थात प्रिभेन्स पहिले नै अलिकती सचेतनताको कुरा छ। यसमा सरकार पनि जानकार छ, गम्भिर छ। बिपत्त व्यवस्थापन कोषको व्यवस्था पनि गरेको छ। तर यहाँ त कस्तो हुने हो भने बाढी आउदा पनि हुन्डरी आउदा पनि या भुकम्प आउदा पनि हामिले भोगेर आका छौ।

न त्यो सकेसम्म त गरीएको छ तर प्राकृतिक बिपत्ती भनेको चै अरु अरु देशमा धेरै सुन्नमा आउथ्यो। अहिले हाम्रो यो देशमा पनि अलि गम्भिरै खालको आका छन्। आगामी दिनमा हामि यस्तो हुन सक्छ भन्ने सचेतनता सरकारले बुझेको छ र कार्यक्रम ल्याउने व्यवस्था गर्नेछ। सरकारको गतिविधि मिडिया मार्फत अलि प्रभावकारी भएन भन्ने पनि छ। यसमा हामिले मुख्य मन्त्रीको विषय टेलिभिजनमा मासिक बाहिर ल्याउने सामान्यतया अहिलेको मिडिया भन्नाले पेपर लगायत अरु सामाग्री विधुतिय मिडियाद्धारा भइरहेको छ यसलाइ अलि व्यवस्थीत गर्ने हामिले मासिक कार्यक्रम ल्याउने छौ। जुरे पहिरोको कुरा पिडितलाइ राहात दिने कुरा पनि उठेको थियो। यसमा केन्द्रिय कोषमा जम्मा रकम जम्मा भएकोले क्षेत्रधिकार भित्र नपर्ने यो हाम्रो पनि परेन। यो केन्द्रभित्रै परेको छ। अन्य बिषयहरु संघिय सरकारको कार्यक्षेत्रमा पर्ने सबैजसो बिषयहरुलाइ मैले त्यहि अनुसार बुझ्दिन अनुरोध छ। र यसभित्र अहिले पनि अहिले पनि उठेको हिजो पनि उठेको कुरा राजधानीको बिषय धेरै चासोको बिषय छ। यो हामि सबैले राजधानीलाई

व्यवस्थित गर्न स्थायी राजधानी तोक्नको लागी नाम तोक्नको लागी विगत सुरुदेखि नै यसको विषय उठेको छ।

यो दुईतिहाइले शिर झुकाउनुपर्ने अर्थात अल्पमतले शिर ठाडो पार्ने बिषय पनि होइन्। हामि सबैको साझा बिषय भएको नातोले यसै अवधिमा यसको टुंगो लगाउने कुरा सभामुख महोदयबाट जानकारी भैसकेको छ। र यो बिषय संविधानमा भएको विषयदेखि बाहेक हामि अन्त जानै सक्दैनौ। शिर ठाडो पारे पनि शिर निहुर्यएपनि संवैधानिक व्यवस्था जे छ त्यस अनुसार यो सदनले आफ्नो राजधानी स्थायी राजधानी तोक्नेछ। अलि ढिलो भो अलि चाडो भो ढिलो गरे पनि हामिले ढिलो गर्यौं, चाडो गरे पनि हामिले गर्नी हो यो अरुले आएर गर्दैन त्यसो भाको हुनाले यो बिषय सत्ता पक्ष र सत्ता विपक्षको बिषय हो जस्तो मलाई लाग्दैन। हामि यसलाइ चाडै यसको सम्बोधन गर्नेछौ यो सदनले गर्नेछ। सरकारले त्यसलाइ सहयोग गर्नेछ। कुन बाटो गरी सहयोग गर्छ भनेर संवैधानिक व्यवस्थाले भने बमोजिम गर्छ। हस धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाका पदाधिकारि तथा सदस्यहरुको पारिश्रमिक तथा सुबिधा सम्बन्धि ऐन २०७५ लाई संशोधन गर्न भनेको बिधेक माथि प्रदेश मामिला समितीले बनाएको प्रतिवेदन सभामा पेस गर्न समितीका सभापति माननीय माधव प्रशाद पौडेललाई अनुमति दिन्छु।

**<u>माननीय माधव प्रसाद पौडेल, सभापति, प्रदेश मामिला समितिः</u>-** माननीय सभामुखज्यू, प्रदेश सभाको मिती २०७५ साल चैत २५ गते बसेको समितिको बैठकको निर्णय अनुसार प्रदेश सभा नियावली २०७४ को नियम १०८ को उपनियम (१) को खण्ड (ख) बमोजिम प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुबिधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधेयक दफाबार छलफलका लागि समितिमा मिती २०७५ साल चैत २६ गते प्राप्त भएको थियो। सो बिधेयक माथि २०७५ साल चैत २७ र २०७५ साल बैशाख ४ गते गरिएको २ वटा बैठकमा छलफल गरि प्रदेश सरकारका तर्फ बाट बिधेयक प्रस्तुत गर्नपर्नाको कारण र अैचित्यताको सम्बन्धमा माननीय आर्थिक मामिला तथा

कानुन मन्त्री बाट बिस्तृत जानकारी दिनुका साथै छलफलको क्रममा संशोधन प्रस्तुत कर्ता माननीय सदस्यहरु लगाएत समितीका माननीय सदस्यहरु बाट संशोधनको आवश्यकताको सम्बन्धमा बिस्तृत छलफल गरेको थियो। उक्त बिधेयक माथि २ जना माननीय सदस्यहरु बाट सशोधनहरु भएको थियो।

सभाको बैठकमा भएको सैद्धान्तिक छलफल पश्चात प्रस्तावित बिधयेक समितिमा वृष्तृत एवं ब्यापक रुपमा छलफल गरि समितीले बैठकको निश्कर्ष सहित २०७६ साल बैशाख ४ गतेको बैठकले प्रतिबेदन पारित गरेको थियो। समितीको बैठकमा उक्त बिधयेक माथि बिस्तृत छलफल गरि प्रदेश सरकार बाट प्रस्तुत बिधयेक माननीय सदस्य बाट परेको संशोधन र समितीका माननीय सदस्यहरुको छलफलको आधारमा प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुबिधा सम्बन्धि ऐन २०७५ लाई संशोधन गर्न भनेको बिधयेकका समबधिमा आवश्यक परिमार्जन सहित समितिले पारित गरेको प्रतिबेदन प्रदेश सभाको बैठकमा पेस गर्ने निर्णय गरेको थियो। माननीय सभामुखज्यू, प्रदेश सभाका पदाधीकारि तथा सदस्यहरुको पारिश्रमिक तथा सुबिधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधेयक माथिको समितीमा भएको दफावार छलफलमा सहभागि प्रदेश सरकारका मन्त्री, समितिका माननीय सदस्यहरु, सचिव लगायत समिति सचिवालयका कर्मचारिहरु तथा अन्य सम्वद्ध कर्मचारिहरुलाई समेत समितिको तर्फ बाट हार्दिक धन्यबाद दिन चाहन्छु।

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले अब म प्रदेश सभा नियमावलि २०७४ को नियम ११९ बमोजिम प्रस्तावित प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुबिधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधयेकका समबन्धमा समितीले छलफल गरि तयार पारेको प्रतिबेदन, २०७६ लाई सम्मानित सभामा पेस गर्द छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितीले बनाएको प्रतिवेदन पेस गर्न समितीका सभापति माननीय घनश्याम दाहाललाई अनुमति दिन्छु।

**<u>माननीय घनश्याम दाहाल, सभापति, शिक्षा, सवास्थय तथा कृषि समितिः</u>-** माननीय सभामुखज्यू, सभामुखज्यू अनुमतिले प्रदेश सभाको मिती २०७५।१२।१७ गते बसेको बैठकले प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधयेक माथि दफावार छलफल गर्न यस समितीमा पठाईएकोमा यो प्रयोजनको लागि २०७५ साल चैत २० गते, २४ गते, २५ गते र २६ गते गरि ४ वटा बैठक बसि प्राप्त संशोधन प्रश्चातहरु माथि दफावार छलफल गरि, बिधेकको उदेश्य अज स्पस्ट होस भन्ने् मनोशायले प्रतिबेदनमा उल्लेख भए बमोजिम समसोधन गर्ने निर्णय गरेकोले प्रदेश सभा नियमावलि २०७४ को नियम ११९ अनुसार समितीले गरेर्को निर्णयको प्रतिवेदन सहितको बिधयेकको सभामा पेश गर्ने निर्णय अनुसार यो प्रतिबेदन पेस गरेको छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म सामाजिक बिकाश मन्त्री माननीय युवराज दुलाललाई प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधयेक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितीले भनाएको प्रतिवेध्दन सहितको बिधयेक सभामा छलफल गरियोस भन्ने प्रश्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, सामाजिक बिकाश मन्त्रायलः</u>-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितीले बनाएको प्रतिवेदन सहितको बिधेक सभामा छलफल गरियोस भन्ने प्रश्ताव सम्मानित सभामा पेस गर्द छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म सामाजिक बिकास मन्त्री माननीय युवराज दुलालले पेस गर्नु भएको, प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितीले बनाएको प्रतिवेदन सहितको बिधेयक सभामा छलफल गरियोस भन्ने प्रश्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न् भन्ने आवाज सुनिएन त्यसर्थ प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितीले बनाएको प्रतिवेदन सहितको बिधेयक सभामा छलफल गरियोस भन्ने प्रश्तव सर्हसहमतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितीले बनाएको प्रतिवेदन सहितको बिधेयक सभामा छलफल गरियोस भन्ने प्रताव माथि, अर्थात प्रतिवेदन सहितको बिधेयक माथिको छलफल प्रारभ हुन्छ।

माननीय सदस्यहरु, यो छलफलमा समितीको प्रतिवेदन र सो सम्बन्धी बिधेयकका दफाहरु तथा अनुसांङ्गीक अन्य दफाहरु मात्र छलफल गर्न सकिने छ। उक्त छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरुले आ-आफनो नाम सभामुखको डयाससँगै बसेका कर्मचारलिाई दिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई तीन मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरु, प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितीले बनाएको प्रतिवेदन सहितको बिधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव माथि छलफलमा बोल्नको लागि कुनै पनि माननीय सदस्यको नाम प्राप्त भएन। तसर्थ प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितीको प्रतिवेदन बिधेयकको अगं बनोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न् भन्ने आवाज सुनिएन त्यसर्थ प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितीको प्रतिबेदन विधेयकको अंग बनोस भन्ने प्रस्ताव सर्हसहमतिले स्वीकृत भएको घोषणा गर्दछु।

अब म प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयकको दफा २ देखि ५४ सम्मका दफाहरु, सो संग सम्बन्धी उपदफाहरु बिधेयकको अंग बनोस भन्ने निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न् भन्ने आवाज सुनिएन त्यसर्थ प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयकको दफा २ देखि ५४ सम्मका दफाहरु, सो संग सम्बन्धीत उपदफाहरु बिधेयकको अंग बनोस भन्ने प्रस्ताव सर्हसहमतिले स्वीकृत भएको घोषणा गर्दछु।

अब म बिधेयकको प्रस्ताव र नाम पढेर सुनाउछु।

**<u>प्रस्तावनाः</u>** प्रदेशमा बालबालिकाको हक अधिकारको संरक्षण, संर्वधन एवम् प्रवर्धन गर्दै सर्वोत्तम हित कायम गर्न बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक एवं भावनात्मक बिकासको लागी कानुनी व्यवस्था गर्न वान्छनिय भएकोले प्रदेश सभाले यो ऐन बनाएको छ।

**<u>संक्षिप्त नाम र प्रारम्भः</u>** यस ऐनको नाम प्रदेश बालबालिका सम्बन्धि ऐन, २०७६ रहेको छ।

यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

अब म बिधेयकको प्रस्तावना नाम प्रदेश बालबालिकाको अधिकार सम्बन्धि व्यवस्था गर्न बनेको बिधेकको अंग बनोस् भन्ने निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनेन तसर्थ बिधेयकको प्रस्तावना र नाम बालबालिकाको अधिकार सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयकको अंग बनोस भन्ने प्रस्ताव सर्वसमेतले स्वीकृत भएको घोषण गर्दछु।

माननीय सदस्यहरु अब म सामाजिक बिकास मन्त्री माननीय युवराज दुलाललाई प्रदेश बालबालिकाको अधिकार सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक पारित गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**माननीय युवराज दुलाल, मन्त्री, सामाजिक बिकाश मन्त्रायलः**- माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक पारित गरियोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब म सामाजिक बिकास मन्त्री माननीय युवराज दुलालले पेश गर्नु भएको प्रदेश बालबालिकाको अधिकार सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयकलाई पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ पेश गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न् भन्ने आवाज सुनिएन त्यसर्थ प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसमेतले स्वीकृत भएको घोषण गर्दछु।

अब यो बैठक मिति २०७६ वैशाख ५ गते बिहिबार १:०० बजे बस्ने गरी स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल बैशाख ५ गते विहिवार दिनको १:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य दिनको २:४५ बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# तेस्रो अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

५ बैशाख, २०७६

विहिबार

(बैठक संख्या - ९)

**प्रदेश सभाको तेश्रो अधिवेशको आजको बैठक माननीय उपसभामुख श्री राधिका तामाङ्गको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।**

**माननीय सभामुखः-** माननीय सदस्यहरु प्रदेश नम्बर ३ को प्रदेश सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु आज विशेष समयको कार्यक्रम नरहने जानकारी गराँउदछु।माननीय सदस्यज्युहरु शुन्य समयमा बोल्ने माननीय सदस्यहरुले समय माग्नु भएकाले म वहाँहरुलाई बोल्न समय दिन्छु।समय १ मिनेट रहने छ।

सर्वप्रथम म माननीय नारायण प्रसाद सिलवाललाई बोल्न समय दिन्छु।

**माननीय नारायण प्रसाद सिलवाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुखज्यु एक जुगमा एक दिन एकपटक अउछौं भन्ने कवि गोपाल प्रसाद रिमालको एउटा गीत सम्झदैं हाम्रो देश पनि नयाँ युगमा प्रवेश गरेको छ। आफ्नै नानो स्याटालाईट नेपाली स्टाट १ भु-उपग्रहमा प्रक्षेपण भएको अप्रिल १८ आज बिहान २ बजेर ३१ मिनेटमा अमेरीका स्थीत भर्जीनीया राज्यको तटस्थीत प्रक्षेपण केन्द्रबाट अन्तराष्ट्रिय केन्द्रबाट आईएसएसबाट प्रक्षेपण भएको अवसरमा म वैज्ञानीकहरु आभाष मास्के, हरीराम श्रेष्ठ लगायतलाई हार्दीक बधाई दिन चाहान्छु। सबै नेपालीहरुलाई हार्दीक बधाई दिन चाहान्छु। र नेपाल सरकार र प्रदेश सरकारले पनि यस्तोलाई उत्प्रेरणाको लागि थप कदम चालोस्...।

**माननीय सभामुखः**- अब म माननीय प्रदीप कुमार कटुवाललाई बोल्न समय दिन्छु।

**माननीय प्रदीप कुमार कटुवाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- सभामुखज्यु, आज मैले शुन्य समयको थोरै मिनेटलाई के उपयोग गर्न चाहान्छु भने हिजोदेखी हामीले बहुवर्षीय योजनाहरुको रुपमा काम गरेका अहिले बजेटको अभावले काम सम्पन्न हुन सकिरहेका छैनन्। मेरो सिन्धुलीको नवलपुर चिसापानी दुईटा तिनटा प्रदेश छुने, त्यस्तै दुम्जा लालबन्दी लगायतका सडकहरु यसरी अलपत्र परेका छन् तुरुन्त बजेटको ब्यवस्था होस् भन्ने म चाहान्छु। आज हामी यो साघुँरो सभाहलमा बसिरहेका छौं।

यो सभाहल कहिले ब्यवस्थित हुने ? राजधानी तोक्ने कुरा पनि बाँकि नै रहने र यहाँ बस्नपनि असजिलो भएको छ यसलाई ब्यवस्थित होस् भन्न चाहान्छु। अर्को कुरो सभामुखज्यु, आज जो कर्मचारी समायोजनको नामबाट कुनै पनि ठाँउमा कर्मचारी एभाईलेबल छैनन्। यो हामीले अलि बढी लचिलो भएर चाँहि गएको अवस्था हो कि भन्ने मलाई लागिरहेको छ। सबैलाई सबै ठाँउमा रोजाईयो तर आज कर्मचारीको अभावले काम भईराखेको छैन, यो हाम्रो प्रदेशमा जति विकासको निर्माणको कामहरु, जति प्रतिफल लिनुपर्ने हो, त्यो अहिले कम हुनुको कारण कर्मचारीको समायोजनको एउटा अफ्ठ्या....।

**माननीय सभामुखः**- माननीय विराज भक्त श्रेष्ठ

**माननीय विराज भक्त श्रेष्ठ (विवेकशील साझा पार्टी)**:- माननीय सभामुख महोदय, यदि कसैले मलाई लुट्यो भने म मात्र लुटिन्छु, मेरो घरलाई लुट्यो भने परिवार लुटिन्छ। तर प्राकृतीक, साँस्कृतिक सम्पदाहरु, हाम्रो संस्कृतीहरु लुटियो भने पुरा नेपालनै लुटिन्छ। पुरा नेपालको ईतिहास पनि लुटिन्छ, पुरा नेपालको वर्तमान र पुरा नेपालको भविष्यपनि लुटिन्छ। अहिले जानकारीमा आउदाँखेरी यस्ता प्राकृतीक, साँस्कृतीक श्रोत साधनहरुको संरक्षण गर्ने अभिलेखिकरण गर्ने र सुरक्षा गर्ने जिम्मा प्रमुख जिल्ला अधिकारीलाई प्राप्त भएको जानकारी भएको छ। म प्रदेश सरकारलाई कडा भन्दा कडा निर्देशन दिएर यस्ता प्राकृतिक तथा साँस्कृतीक सम्पदाहरु, पुरातात्विक महत्वका मन्दिरहरु, पाटी पौवाहरुको संरक्षणको लागि कडा भन्दा कडा निर्देशन दिनुहुन अनुरोध गर्दछु। धन्यवाद।

**माननीय सभामुखः**- माननीय बेलिमाया घले

**माननीय बेलिमाया घले (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुख महोदय, अहिले हाम्रो माताहतमा प्रदेश यातायातका कार्यालयहरु आईरहेको छ। त्यहाँ कर्मचारी अभाव, भएका कर्मचारीले जनतालाई सर्वसुलभ सेवा नदिएको कारणले गर्दा जनताहरुको ब्यापक जनगुनासो आईरहेको छ। त्यो जनगुनासोलाई छिटो सम्बोधन गर्नको लागि म यो प्रदेश सभा मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहान्छु।

अर्को कुरा त्यसै अर्न्तरगत संचालन भएका ट्रायल सेन्टरहरु, ट्रायल सेन्टरहरु प्रदेश अन्तगत कति छन् त्यसको एकिन तथ्याकं यो प्रदेशले ब्यवस्थापन गर्नुपर्छ, त्यसभित्र मापदण्ड पुगेका कति छन् त्यसको पनि ब्यवस्थापन गर्नुपर्दछ। मापदण्ड नपुगेका त्यस्ता ब्यवसायीहरुलाई कडा भन्दा कडा निगरानी राख्नुपर्दछ भनि यो प्रदेश सभा मार्फत ध्यानाकर्षण गराउदैं अहिले भईरहेको यातायात कार्यालयहरुको अस्तब्यस्तता र त्यहाँ काम चलिरहेको छ, काम चलिरहेको कर्मचारीको मनोमानीले गर्दा विचौलीयाहरुले ब्यापक फाईदा उठाईरहेको अवस्थामा

**माननीय सभामुखः**- माननीय मिना ज्ञवाली नेपाल

**माननीय मिना ज्ञवाली नेपाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुखज्यु, प्रदेश सरकारको निति तथा कार्यक्रममा प्रदेशको आफ्नै भौतिक पुर्वाधार निर्माण कम्पनी निर्माण गर्ने विषय उल्लेख गरिए अनुसार निर्माण कम्पनीको प्रक्रिया कहाँ पुगेको छ ?

सभामुख मार्फत भौतिक पुर्वाधार मन्त्रालय समेत सम्हाल्नुभएका मुख्यमन्त्रीज्युलाई सदनमा जानकारी गराईदिनुहुन अनुरोध गर्दछु। बजेट कार्यान्वयनमा भएको ढिलाईको कारण पुजीँगत खर्च स्वत कम भएको छ। अबको करीब २ महिनामा पुजीँगत खर्च वृद्धि गरि बजेटको लक्ष्य प्राप्ती गर्न सरकारले कस्तो कार्ययोजना बनाएको छ ? यस सन्दर्भमा पनि सदनमा जानकारी गराईदिनु हुनका लागि अनुरोध गर्दछु। धन्यवाद।

**माननीय सभामुखः**- माननीय मुनु सिग्देल

**माननीय मुनु सिग्देल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- सभामुखज्यु, सार्वजनीक सवारी साधनहरुमा भिजिवलिटिमा विभिन्न प्रकारका सजावटका सामाग्रीहरु झुण्डयाउने कारणले गर्दा पनि दुर्घटना बढेको कारणले गर्दाखेरी सामुदायिक सेवा समिति हेटौंडाले एउटा निवेदन दिएको थियो प्रहरी प्रधान कार्यालयमा र त्यहि निवेदनको आधारमा २०७५ असार १८ गते एउटा निर्देशन जारी भयो त्यो ५ वटै प्रदेश र महानगरीय ट्राफिक कार्यालयलाई ति सवारी साधनमा लगाएका झल्लरहरु हटाउने र भिजिवलिटि देखिने गरि चैनि सवारी साधनहरु चलाउन भनिएको थियो। र त्यसलाई आजसम्म कार्यान्वयन भएको छैन र प्रत्येक दिन भएका सवारी दुर्घटनाहरु पनि यसको एउटा कारण भएको हुनाले यो निर्देशन कार्यान्वयन गर्न र हाम्रो प्रदेश सरकारको तर्फबाट पनि सभामुखज्यु मार्फत म यो कुरालाई चैं, यि झल्लरहरु हटाउनको लागि निर्देशन जारी गर्नको लागि अनुरोध गर्दछु। धन्यवाद।

**माननीय सभामुखः**- माननीय मैना आछामी

**मानानीय मैना आछामी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- सभामुख महोदय, यस १ मिनेट समयमा बोल्न पाँउदा खुसी लागेको छ। अगिपछि समय पाएको थिईन। र यो प्रदेश सरकारले दलित समुदायका लागि संविधानमा लेखेका कुराहरु उल्लेख भएन यो ३ नम्बर प्रदेशमा। यहाँ प्रदेश सरकारका मन्त्रीहरु र समाभुख र यहाँ माननीय सभापतिहरु र यो माननीय सदस्यहरुले पनि यो दलित समुदायको हकमा संविधानमा लेखेको कुरा यो प्रदेश सरकारको चैं विभिन्न विधेयकहरु बन्यो।

यो विधेयकहरुमा कुनैमा पनि उल्लेख भाका छैनन्। यो प्रदेश सरकारले दलित समुदायको हक अधिकारनै हटाएर चैं के गर्न खोजेको हो ? मैले चैं यत्तिमात्रै जानकारी गराउन र यो सदनमा चैं यहि जानकारी गराउँछु भनेर जान १ मिनेट समय लिएर चैं मैले बोल्न खोजेको हुँ। अब संविधानमै लेखिएको कुरा पनि प्रदेश सरकार आउदाँ खेरी...।

**माननीय सभामुखः**- माननीय रजनी अमात्य जोन्छे

**माननीय रजनी अमात्य जोन्छे (नेपाली कांग्रेस)**:- सम्माननीय सभामुख महोदय, ऐतिहासिक महत्व बोकेको भक्तपुर जिल्ला, जहाँ विश्व सम्पदा सुचीमा धेरै क्षेत्र एवम् धरोहर समाविष्ट छन् यसलाई पर्यटन क्षेत्रमा ज्यादै योगदान पुऱ्यायो तर भक्तपुर अहिले खानेपानीको समस्याबाट गुज्रीरहेको छ। यहाँका बालबालिका देखि वृद्धसम्म खानेपानीको लागि भौतारिदैं समय ब्यतित गरेको छ, मैले यो विषयमा यस सम्मानित प्रदेश सभामा पटकपटक आवाज उठाँउदैं आएको छु। भक्तपुरमा खानेपानीको दिर्घकालिन ढङ्गले समस्या समाधानको लागि बृहत खानेपानी योजना अघि बढाउन यो सभामुख मार्फत प्रदेश सरकारलाई ध्यान गर्दछु। यसैगरी भक्तपुरको बाहिरी चक्रपथको चर्चा वर्षौदेखि हुदैं आईरहेको छ तर यसको वास्तविक नक्सा सार्वजनीक नहुदाँ भुमाफियाहरुको चलखेल बढेको छ भने यहाँका विपन्न र सोझा किसान मारमा परेका छन् त्यसैले प्रदेश सरकारलाई भक्तपुरको बाहिरी चक्रपथको नक्सा यथासिध्र बाहिर ल्याउन अनुरोध गर्छु। हाल गठन भएको सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता आयोग, सरोकारवालाहरुको प्रतिनिधिको रुपमा द्धन्द पिडितको

**<u>माननीय सभामुखः</u>-** माननीय रत्न प्रसाद ढकाल

**<u>माननीय रत्न प्रसाद ढकाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यु, हिउदें अधिवेशनको अन्त्यभन्दा अगाडीनै प्रदेशको स्थायी राजधानी तोक्ने संसदको सार्वभौम अधिकार प्रयोग गर्न पाउने कुरामा पुर्ण आशावादी हुदैं त्यो सँगसगैं प्रदेशको नामाकरण स्थायी राजधानी सँगसँगै प्रक्रियामा ल्याईयोस्। र पहिचानको आधारमा नामाकरण गरियो भन्न चाहान्छु। सँगसँगै नयाँ भर्ना प्रक्रिया सुरु भएको छ। निजी विद्यालयहरुले मनपरी र मनोमानी शुल्क लिईरहेका छन्, त्यो शुल्कलाई नियन्त्रण गर्ने काम गरियोस्। भन्दै मेरो भनाई यहिँ अन्त्य गर्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय रमा आले मगर

**<u>माननीय रमा आले मगर (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यु, माया गुरुङको नेतृत्वमा पहिलो पटक जुगल हिमाल सफल आरोहण गर्नुभएकोमा वहाँको टिमलाई हार्दिक बधाई ज्ञापन गर्न चाहान्छु। त्यसैगरी हामी सबैले देखेका छौं वन क्षेत्र र सार्वजनीक जग्गाको अतिक्रमण एकदमै धेरै भएको छ। यो हुदाँखेरी चैं यसको यो अतिक्रमणलाई रोक्नको लागि म प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु। त्यसैगरी हामी हेटौंडा राजधानी आउने क्रममा दक्षीणकालीदेखि यता लागिसके पछाडी फाखेल र छैमलेको बाटोको अवस्था एकदमै नाजुक छ त्यो बाटोको अवस्थालाई सुधार्न र चाढौं भन्दा चाढौं ब्यवस्थापन गर्नको लागि म प्रदेश सरकारको ध्यानार्षण गर्न चाहान्छु। हस् धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय रमेश पौडेल

**<u>माननीय रमेश पौडेल (विवेकशील साझा पार्टी)</u>:-** सभामुख महोदय, म एउटा कथा सुनाउन चाहान्छु। एउटा नामुद चोर गाँउको कुनै घर चोरी गर्ने क्रममा झ्यालमा झुन्डिएर भित्र जान खोज्दा झ्यालन भत्किएर भुईमा लडि घाईते भएछ। चोरले घरमालिकले कच्चा घर बनाएको कारण आफु घाईते हुनुपरेको भन्दै गाँउमा भेला बोलायो। मालिकले घर

बनाउने ठेकेदारको गल्ति हो भन्यो ठेकेदारले गारो लगाउने डकर्मी तिर औंलाँ तेर्सायो, आफु गारो लगाउदैं गर्दा बाटोमा एउटा सुन्दर युवती हिडेंको र तिनलाई हेर्नेक्रममा गारो बिग्रन पुगेकोले आफु दोषी नभएको डकर्मीले बतायो। भलाद्मीहरुको उक्त भेलाले सम्पुर्ण दोष ति युवतीको भएको र तिनको परिचय खुल्न नसकेको भन्दै गाँउलेहरुबाटै केहि रकम उठाई त्यो घाईते पिडित चोरलाई क्षतिपुर्ति दिई माफी मागेछन्। कथा सकियो सभामुख महोदय, म यो कथा ललिता निवासलाई भुमाफियाहरुले कब्जा गरेर पनि चुईक्क बोल्न नसकेको प्रदेश सरकार, भ्रष्टचारीहरुको मुखै हेर्दिन भन्ने तर सरकारी जग्गामा राष्ट्रिय झण्डा गाड्नेलाई गिरफ्तार गर्दै र भुमाफियालाई नै पदकले सम्मान गर्ने प्रधानमन्त्रि एवम् भुमाफियाहरुलाई क्षतिपुर्ति दिनैपर्छ भन्ने संघिय सरकारका प्रवक्तालाई सुनाउन चाहान्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब यो बैठक ३० मिनेटको लागि स्थगित हुन्छ।

**<u>पिठासिनः</u> माननीय सभामुख सानुकमार श्रेष्ठ (समय बजे)**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु ३० मिनेटको लागि स्थगित भएको वैठक पुनः सुरु हुन्छ। माननीय सदस्य शुन्य समयको कार्यक्रम पुन सुरु हुन्छ। म माननीय सदस्यहरुलाई बोल्न समय दिन्छु।

सर्वप्रथम म माननीय सदस्य न्हुच्छे नारायण श्रेष्ठलाई बोल्न समय दिन्छु।

**<u>न्हुच्छे नारायण श्रेष्ठ (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुखज्यु, आर्थिक वर्ष वितेको १ महिना बितिसक्दा पनि बजेट खर्च अत्यन्तै न्युन भएको छ। जनता विकासको प्रतिक्षामा छन् तर बजेट खर्च नहुदाँ योजना कार्यान्वयन नहुदाँ प्रदेशको विकास गर्ने प्रदेश सरकारको आश्वासन आश्वासनमै सिमित भएको छ। प्रदेश राजधानीको अस्थाई मानसिकता बोकेको अस्थाई सरकारले विकासलाई पनि त्यहि नजरले हेरेको महसुस भएको छ। म यथासिघ्र योजना कार्यान्वयनका लागि प्रदेश सरकारको ठोस पहल थाल्न म सभामुख मार्फत सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहान्छु। प्रदेश सरकार भ्रष्टचार प्रति शुन्य

सहनशिलताको अपनाउन भन्ने मुख्यमन्त्रीको अभिब्यक्ति हामीले सुन्दै आएका छौं। तर एक राष्ट्रीय पत्रिकामा वहाँकै स्वकीय सचिव रहेको गैर सरकारी संस्थाले मकवानपुरको चेपाङ विद्यालय बनाउने भनेर उठाएको करोडौंको हिनामीना भएको खबर बाहिर आएको छ। यसबारे सत्यतथ्य जानकारी पाउन...।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय योगेन्द्रराज संग्रौलालाई बोल्न समय दिन्छु, समय १ मिनेट

**<u>माननीय योगेन्द्रराज संग्रौला (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** समाभुख महोदय, आजदेखि आठौं राष्ट्रिय खेलकुद प्रतियोगिताको औपचारिक शुभारम्भ हुन गईरहेको छ। हाम्रो तिन नम्बर प्रदेशबाट यस प्रतियोगितामा सहभागी सम्पूर्ण अग्रिम शुभकामना, सफलताको कामना गर्दछु। नयाँ राष्ट्रिय रेकर्ड कायम गर्न सफल खेलाडीहरुलाई प्रदेश सरकारको तर्फबाट उचित पुरस्कारको ब्यवस्थाको समेत माग गर्दछु।

तिन नम्बर प्रदेश भित्र रहेका शहर बजार गाँउ बस्तीको बिचमा सडकका दायाँबायाँ सुख्खा खडा रुख रहेका हामीले देखेका छौं। ति रुखहरुलाई तुरुन्तै काटेर सो ठाँउमा नयाँ बिरुवाहरु रोप्ने कार्यक्रम सरकारले बनाओस्। यस कार्यक्रमबाट सरकारलाई र आम नागरिकलाई निम्न फाईदा पुग्नेछ। जिऊधनको सुरक्षा हुनेछ, काठ दाउरा बेचेर राजश्वमा वृद्धि हुनेछ, उल्लेख्य वृद्धि हुनेछ, कुरुप देखिएको शहरबजार गाँउबस्ती स्वरुप देखिनेछ। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय राजेन्द्र प्रसाद पाण्डेलाई बोल्न समय दिन्छु

**<u>माननीय राजेन्द्र प्रसाद पाण्डे (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** समाभुख महोदय, सांसदहरुद्धारा शुन्य समयमा बोलिएका विषयहरुलाई शुन्यमा नहराईयोस्। माननीय मन्त्रीज्युहरुले गम्भिरतापुर्वक लिएर उत्तर दिने बानी परम्परा बसाईयोस्। चालु आर्थिक वर्षमा तोकिएका योजनाहरुको प्रभावकारीता कत्तिको भयो मुल्याङकन गर्दै आगामी आर्थिक वर्षको बजेट निर्माणमा सांसदहरुलाई पुर्ण रुपले सहभागी गराई बनाईयोस्। बजेट निर्माणमा

सांसदहरुको भुमिकालाई प्रभावकारी बनाउनका लागि सम्बन्धित निर्वाचन क्षेत्रका निर्वाचित सांसद अन्य सांसदहरु, पालिकाका प्रमुख उपप्रमुखहरु वडाअध्यक्षहरु भएको संयन्त्रद्धारा छानिएको योजनालाई मात्र बजेटमा सामेल गर्ने परम्परा बसाईयोस्, धन्यवाद।

**माननीय सभामुखः-** अब म माननीय राधा घलेलाई बोल्न समय दिन्छु

**माननीय राधा घले (नेपाली कांग्रेस)ः-** माननीय सभामुख महोदय, यस गरिमामय प्रदेश सभामा हामी प्रदेश सभाका सांसदहरुले बोलेको कुराहरु जुन कुराहरु यस देश भित्र घटेका घटना परिघटना एवम् केन्द्रीय सरकारले गरेको गैर संवैधानीक निर्णयहरु त्यस विषयमा उठाएका जनताका सरोकारका विषयहरुलाई यस प्रदेश सरकारले रेकर्ड गरेर केन्द्रमा पठाउने ब्यवस्था गर्नपर्ने प्रदेशको दायित्व हो भन्ने हामीलाई लागेको छ र यस दायित्वको निर्वाह नगरी, प्रवाह नगरिकन जुन मन्त्रीज्युहरुले, प्रदेश सरकारका मन्त्रीज्युहरुले गैर जिम्बेवार प्रकारले जुन जवाफहरु हामीलाई दिने गर्नुभएको छ यसप्रति हामी घोर आपत्ती गर्छौ र सँगसगैं यो रेकर्डहरु केन्द्रमा पठाईने ब्यवस्था गरियोस् भनि आग्रह गर्दछु, धन्यवाद।

**मानन्नीय सभामुखः-** अब म माननीय रामलाल महतोलाई बोल्न समय दिन्छु।

**माननीय रामलाल महतो (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः-** माननीय सभामुखज्यु, भरतपुर महानगरपालिका वडा नम्बर २२ मा बाटे समुदायको दुईवटा आगलागि घर भएको थियो, यसको राहतको निम्ति मैले विशेष समयमा पनि बोलेको थिएँ र त्यसको निवेदन प्रक्रियापनि सम्बन्धित मन्त्रालयमा दिईसकेको छु। त्यसको राहतको ब्यवस्था चाँहि किन भएन अहिलेसम्म त्यसको जानकारी पाउन अहिले म अनुरोध गर्दछु।

अर्को कुरा यो आधारभुत विद्यालय र मावि तहको विद्यालयहरुमा शिक्षकहरुको दरबन्दी मिलान नभएको कारणले थुप्रै विद्यालयहरुलाई चाँहि मार परिररहेको छ। यो प्रदेश सरकारले वा संघीय सरकारले कस्ले हो छिटो मिलान गर्न चाहिँ म आग्रह गर्न चाहान्छु। किनभने यो नयाँ शैक्षिक शत्र सुरु भईसकेको छ। र हामीले विकास निर्माणमा छिटो काम

गर्नको निमित्त विशेष गरेर ई टेण्डर गर्ने ब्यवस्था सुविधा छ र त्यसलाई सकभर ७ देखि १० दिनमा गरह्यो भने अझ प्रभावकारी हुन्थ्यो र अहिले पनि टेण्डर निकाल्दाखेरी ३० दिन कटाउनुपर्ने जुन प्रावधान छ त्यसले समय लम्बाईरहेको कारणले गर्दा म ध्यानाकर्षण गराउन चाहान्छु।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रामेश्वर फुयाँललाई बोल्न समय दिन्छु।

**<u>माननीय रामेश्वर फुयाँल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यु, बाग्मती सभ्यताले बाग्मती किनारमा सौन्र्दयीकरणको काम सुरु गरेको छ। एक सय अठासी रोपनी जग्गाका जग्गाधनीहरु लालपुर्जा लिईरहेका लिईरहेका छन् बालि तिरिरहेका छन्, उनीहरुले कमाई गर्न पाएका छैनन्। नदीमा जग्गा राखीएको छ, ति जग्गा धनीहरुले मुआब्जा पाउनु पर्दछ। न्यायीक मागको म समर्थन गर्न चाहान्छु। नेपाल सरकारले चाढैं प्रबन्ध गरोस्। जोरपाटी सुन्दरीजल र जोरपाटी साँखु सडक चाँढै बनाओस् म यसका लागि सरकालाई ध्यानाकर्षण गराउन चाहान्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रिना गुरुङलाई बोल्न समय दिन्छु।

**<u>माननीय रिना गुरुङ (राष्ट्रिय प्रजातन्त्र पार्टी-संयुक्त)</u>:-** माननीय सभामुख महोदय, अहिले अण्डा उत्पादक किसानहरुले ठुलो घाटा सहनुपरेको छ। आत्मनिर्भर बनेको यो क्षेत्रलाई धरासायी हुनबाट जोगाउनको लागि प्रदेश सरकारले अहम् भुमिका निर्वाह गरोस् भन्ने मैले माग गर्दछु। त्यस्तै सभामुख महोदय स्थाई राजधानीबारे कार्यविधि बनाउने प्रस्ताव सदनमा टेबल भएर पनि १९ दिन भईसक्यो तर केहि पनि प्रक्रिया अगि बढीसकेको छैन त्यो भएर अहिले सांसदहरुको आखाँमा छारो हाल्ने काम मात्रै भएको छ। सरकार गम्भिर बनोस्। स्थाई राजधानी र नामाङ्कन बारे प्रदेशलाई संविधानले दिएको अधिकार १५ महिना सकिँदापनि कार्यान्वयन नगर्न सक्नुपनि संविधान विरोधी नै हो तर हिन्दुराष्ट्र र राजतन्त्रको विषय र संघियतामा त्रुटीहरु विषय उजागर गरेको विषय संविधान विरोधी भन्दै रेकर्डबाट हटाउन मिल्दैन र सदनमा प्रवेश गराउनु पर्दछ। अन्यथा वाक स्वतन्त्रता को पनि हनन् भएको मैले ठहर गरेको छु। सभामुख महोदय, कम्युनिष्टहरुले आफुलाई सर्वहार भन्न

ठान्दछन् तर यो ठम्माई गरिरहदाँ प्रधानमन्त्री निवास बालुवाटार लाईनै सर्वहारा भन्दै उनीहरुले...।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय लक्ष्मण लम्साललाई बोल्न समय दिन्छु।

**<u>माननीय लक्ष्मण लम्साल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, कर तिर्न आउने नागरिकलाई कर तिर्न जाने ठाँउमा, सेवा पाउने ठाँउमा आजपनि विभिन्न ठाँउमा जसरी पैसा तिर्न आउने मान्छेलाई सम्मानपुर्वक ब्यवहार गरेर छिटोभन्दा छिटो सुविधा दिनुपर्ने ठाँउमा अझैपनि हामी गणतान्त्रीक मुलुकमा छौं, संघिय मुलुकमा छौं, राजश्व तिर्न आउने नागरिकलाई सुविधा नदिईकन अझै उनीहरुले लाईन बस्नुपर्ने, विभिन्न समस्या झेल्नुपर्ने यस्तो खालको बाध्यात्मक स्थिती आज पनि हटेको छैन।

गणतान्त्रीक नेपाल, संघीय नेपाल हामीले बनाउनुको अर्थ अझ नागरिकले दुख पाउनु हो कि हैन ? प्रदेश नम्बर ३ को सरकारले कम्तिमा यस्ता कार्यालयहरुमा जस्तै यातायात कार्यालयहरु जस्ता सेवाग्राही कार्यालयहरुमा आफ्नो ध्यान गम्भिरतापुर्वक पुराओस् र सरकारले एउटा नागरिकलाई सेवा राम्रो दिईरहेको छ, सन्देश दिन सकोस् यो कुरा म गम्भिर ध्यानाकर्षण गराउन चाहान्छु र सँगसँगै स्थाई राजधानीको सन्दर्भमा यो सदनमै छिटो भन्दा छिटो यो विषयमा

**<u>माननीय सभामुखः</u>-** अब म माननीय विजय सुवेदीलाई बोल्न समय दिन्छु।

**<u>माननीय विजय सुवेदी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, आज भन्दा ६० वर्ष पहिले हाम्रा बुबाआमाहरु राप्ती उपत्यकामा आउनुभयो, वहाँलाई सरकारले मल बिऊ दियो। ट्याक्टर दियो, गुलजार गर्यो र जग्गा दर्ता पनि गर्यो। तर हाम्रा दाजुभाउजुहरु ३० ४० वर्षदेखी यहाँ बस्नु भएको छ। तर न वहाँहरुलाई न मलबिउ, न टेक्टर उल्टै जग्गा दर्तापनि भएको छैन त्यसैले यो जग्गा दर्ता गर्ने काम कहिले हुन्छ ? म माननीय सभामुखज्यु मार्फतबाट सरकारसँग सोधन चाहान्छु। अर्को कुरा भरतपुर जेल २८० जनाको २०२५ सालमा बनेको २८० जनाको क्षमता भएको जेलमा अहिले सात

सय दश जना मानिसहरु राखिएको छ। के लोकतान्त्रीक ब्यवस्थामा यो प्रकारको ब्यवस्था सुहाउछँ र ? यस्तै प्रकारले भरतपुरबाट हेटौंडा आउने जुन सडक छ, टुल टयाक्स उठाईन्छ तर चाँहि बाटो जस्ताको तस्तै हुन्छ यदि बाटो जस्ताको तस्तै हुन्छ भने टुल...।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय विजया श्रेष्ठ केसीलाई बोल्न समय दिन्छु।

**<u>माननीय विजया श्रेष्ठ केसी (नेपाली कांग्रेस)</u>:-** सभामुखज्यु, नयाँ वर्षले हामीलाई नयाँ सोच, कर्म, उर्जा र सफलता प्रदान गरोस्। हिजो मन्त्रीज्युले भन्नुभयो संघले गर्ने निर्णय मैले जवाफ दिन मिल्दैन। तर प्रदेशमा पनि राष्ट्रिय र अन्तराष्ट्रिय मुद्धाको बहस हुन्छ भन्ने कुरा वहाले संघलाई जानकारी दिनैपर्छ। गत वर्ष प्रदेश सभा र सरकारले यस प्रदेशबारे धेरै किताबहरु प्रकाशन गर्नुभएको छ, राम्रो हो। कतिपय कुराहरु धेरै ठाँउमा दोहोरिएका छन्। प्रविधिमा अभ्यस्त भईसकेको हामीलाई किताब मात्रै छापेर दिनुभन्दा ई लाईब्रेरीको ब्यवस्था गरिदिनु राम्रो होला भन्ने मेरो सुझाव छ। पोहोर फागुन पहिलो हप्तामा मुख्यमन्त्रीज्युले भन्नुभो एक वर्ष भित्र जनताले महसुस गर्ने गरि काम गर्छु। प्रधानमन्त्रीज्युले भन्नुभो भ्रष्टचारीको मुखै हेर्दिन। अरुकुरा छोडौं हेटौंडा आउने बाटोमा एक वर्ष भित्र बढी खाल्डाखुल्डी भएको अनुभव जनताले गरेका छन्। भर्खर प्रकाशित एक तथ्याङ्कले बताउछँ बजेटको आधा जसो हिस्सामा बेरुजु देखिएको छ, यसमा सरकारको ध्यान जाओस्, धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय बुद्धीमान माझीलाई बोल्न समय दिन्छु।

**<u>माननीय बुद्धीमान माझी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यु, राष्ट्रीय गौरबको आयोजना हेटौंडा चतरा, मदनराज भण्डारी राजमार्गमा अवस्थित घरटहराहरुको सरकारले मुल्य निर्धारण पछिल्लो चरणमा गरेको कुरा अत्यन्तै विभेदपुर्ण, अन्यायपुर्ण छ। जल्लाई घरको स्वरुपको आधारमा, प्रकृतीको आधारमा, घरको प्रकृतीको आधारमा मुल्य निर्धारण गर्नको लागि म यो सम्मानित सदनमा प्रदेश सरकार मार्फत संघीय सरकारको गम्भिर ध्यानाकर्षण गर्न चाहान्छु। धन्यवाद।

**माननीय सभामुखः-** अब म माननीय शान्ती प्रसाद पौडेललाई बोल्न समय दिन्छु।

**माननीय शान्ती प्रसाद पौडेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** सभामुखज्यु, केन्द्रबाट बहुवर्षिय योजनाको रुपमा अघि सारिएका योजनाहरु प्रदेशको कार्यक्षेत्र भित्र पर्ने योजनाहरु अहिले अलपत्र छन्। यि योजनाहरु कहिले सुरु हुन्छन् ? योजना जुन ढङगले अगाडी बढ्नुपर्ने हो, प्रदेश सरकारको त्यसमा ध्यान जाओस्। रामेछाप जिल्लाको कोलान्जरघाट साघुँटार सिरिसे सडक र खिम्ती नामाडी बेताली गर्जाङ सडक कालोपत्रे गर्ने र स्तरवृद्धि गर्ने अलपत्र छन् यसको काम तुरुन्त प्रदेश सरकारको तर्फबाट पहलकदमी होस् र काम सुरुवात गरियोस्। त्यसैगरी रामेछाप जिल्लाको जुनार खेती विशेषगरि संकटमा परेको छ, यसमा किरा लाग्ने समस्या भएको छ। जुनार, सुन्तला, कागती, निबुवा लगायतमा जुन किराको प्रकोप छ। त्यो नियन्त्रण गर्ने कुरामा प्रदेश सरकारको ध्यान जाओस्। धन्यवाद।

**माननीय सभामुखः-** अब म माननीय शोभा शाक्यलाई बोल्न समय दिन्छु।

**माननीय शोभा शाक्य (विवेकशील साझा पार्टी):-** माननीय सभामुखज्यु, बजेटको हाम्रो योजनाहरु आको पनि ९ महिना भईसकेछ। अझसम्म पनि योजना कार्यान्वयन भएको छैन। हामी पहिला देखि भनिराखेका छौं, असारमा बाटो नबनाईयोस्। सरकारको ध्यान जाओस्। त्यस्तै ललितपुरबाट टिकाभैरव हुदैं हेटौंडा आउने बाटो कान्तीपथको छिटो बनाईयोस् भन्न चाहान्छु। त्यस्तै युवाहरुलाई चैं विदेशमा निर्यात नगरियोस्। युवाहरु सबै बाहिर गएर हाम्रो देश यस्तो अवस्थामा पुगिसकेको छ त्यसकारण म विशेष जोड गरेर भन्न चाहान्छु, युवा निर्यात नगरियोस्। बालुवाटार बेचिन्छ भने सिंहदरबार नबेच्ला भन्न सकिन्न। त्यसकारण यो हाम्रो प्रदेश पनि यहि प्रदेशमा परेको भएर यो सभामुख मार्फत म छिटो रोकियोस् भन्न चाहान्छु किनभने हाम्रो कति जग्गाहरु सबै आफ्नो आफ्नो नाममा क्रम बन्द...।

**माननीय सभामुखः-** अब म माननीय सरस्वती बस्नेतलाई बोल्न समय दिन्छु।

**माननीय सरस्वती बस्नेत (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- सभामुख महोदय, सर्वप्रथम यो शुन्य समयको ब्यवस्था गरिएको मा म धन्यवाद दिन चाहान्छु र यो ७५ साल हामीले कानुन र कानुन निर्माण साथसाथै विकास निर्माणको एउटा तिब्र गतिमा गईरहेका छौं। तर हाम्रो यो जुन विकास भईरहेको छ त्यसलाई अनुगमन गर्ने काम हामीले ढिलाई गरिराखेका छौं। र स्वच्छ पिउने पानीको ब्यवस्था प्रदेश सरकाले गर्ने जुन बजेटमा विनियोजन जुन हाम्रो योजनामा थियो र अहिले हाईड्रो पावरहरु निर्माण भईरहेको र तयो हाईड्रो पावरहरुले पानी धेरै उनीहरुले लैजाने र पिउने पानी स्वच्छ पिउने पानी सबै जनतालाई नपुग्ने भएकाले यो हाईड्रो पावर निर्माण गर्दाखेरी कति जनतालाई पानी पर्याप्त मात्रमा पिउने पानी र सिचाँईको ब्यवस्था गर्नका लागि पिउने पानीको ब्यवस्था गरेर मात्रै त्यो भन्दा बढी पानी मात्रै हाईड्रोपावर संचालन गर्नुपर्ने मैले प्रदेश सरकार मार्फत राख्छु र आगामी बजेट निर्माण गर्दा लैगिंक बजेट निर्माण होस् र सबैलाई समान...।

**माननीय सभामुख**:- अब म माननीय सरस्वती बाटीलाई बोल्न समय दिन्छु।

**माननीय सरस्वती बाटी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- समाभुख महोदय, सर्वप्रथम यो नव वर्षको सबैमा शुभकामना ब्यक्त गर्न चाहान्छु। लिच्छीविकालिन, अहिले विश्व सम्पदा सुचीमा सुचिकृत गरिएको चागुंनारायण मन्दिरको वरिपरि नौ दहको पुर्ननिर्माण गर्नुपर्ने अवस्था रहेको छ। नौ दहको पुर्ननिर्माण सँगसँगै पदमार्गको विस्तार गरिएको खण्डमा त्यहा आन्तरिक पर्यटक र बाह्य पर्यटकलाई आवागमन गर्न एकदम सजिलो हुन्छ र जसले गर्दा हाम्रो पर्यटन प्रर्वद्धन विकासमा भुमिका खेल्नेछ यो कुरा म सभामुख मार्फत प्रदेश सरकालाई अनुरोध गर्न चाहान्छु। त्यस्तैगरिकन भक्तपुर नगरपालिका भित्र रहेको अहिले भुकम्पले घर ढलेको अवस्था छ र जसको लालपुर्जा नहुदाँखेरी स्वबासी लालपुर्जाको ब्यवस्था नहुदाँको अवस्थामा भुकम्पबाट पिडित भएका ब्यक्तिहरुले घरनिर्माण गर्न...।

**माननीय सभामुख**:- अब म माननीय सिता अधिकारीलाई बोल्न समय दिन्छु।

**माननीय सिता अधिकारी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुख महोदय, यस प्रदेश अन्र्तगतका विभिन्न जिल्लाहरुमा नदिजन्य प्राकृतीक श्रोत ढुङगा, गिट्टी,

बालुवाको अवैध उत्खनन् र दोहनमा स्थानीय जनप्रतिनिधिहरु लाई पनि जोडिएको मिडियामा चर्चा छ यसले होल सिष्टमलाई कमजोर बनाउने खतरा छ। अवैध उत्खनन् र दोहनमा संलग्नलाई कारबाहीको लागि कार्यविधि नबनेको सरोकारवाला पक्षहरुले बताईरहेका छन्। छिटोभन्दा छिटो कार्यविधि बनाउन म प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु। कतिपय क्रसर उद्योग संचालकहरुले किर्ते कागजपत्र बनाएर उद्योग संचालन गरिरहेको प्रचार भईरहेको छ।

तिनीहरुलाई मुलुकी देवानी संहिता अन्र्तगत कारबाहीको प्रक्रिया अगाडी बढाउनमा प्रदेश सरकार समक्ष जोडदार माग गर्न चाहान्छु। त्यस्तै हाम्रो यो दोश्रो हिउँदे अधिवेशनको सुरुवातको दिनमा यसै अधिवेशनले राजधानीको टुङ्गो लगाउने भनेर मुख्यमन्त्रीज्युले यसै सदन समक्ष प्रतिबद्धता ब्यक्त गर्नुभएको थियो, आज त्यो प्रक्रिया कहाँ पुगेको छ ? यस सदनलाई जानकारी गराउन पनि म माग गर्न चाहान्छु। त्यस्तै प्रदेशको राजधानी सँगै...।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय सुरेन्द्रराज गोसाईलाई बोल्न समय दिन्छु।

सभामुख महोदय, प्रधानमन्त्री ओलीज्युले यहि प्रदेश सभामा आएर यस्तो बिच भागमा खाँबो भएको पनि प्रदेश सभा हुन्छ र भन्नु भएको पनि एक वर्ष हुदैं छ। आजसम्म न खाँबो हटाउने सुरसार छ न ओली जीको मनसाय नै पुरा भयो। प्रम ओलीलाई असफल साबित गर्न खोजीएको हो कि जानाजान वहाँको अवमुल्यन गर्दै छ प्रदेश सरकार ? २० लाख पर्यटक भित्र्याउने योजना सहित पर्यटन वर्ष घोषणा भईसकेको छ तर प्रसिद्ध पर्यटकीय गन्तब्य नगरकोट पुग्ने सडक अस्तब्यस्त अवस्थामा छोडिएको ७ वर्ष भईसकेको छ।

शासकदलका नेताको गतिलो आड पाएको शैलुङ्ग कन्सट्रकसनले जिम्मा लिएको सो सडक यथासिध्र निर्माण सम्पन्न गराउन आवश्यक छ। देशलाई ठग्ने र जनतालाई दुख दिने ठग ठेकेदारहरु र तिनलाई संरक्षण दिने नेता विरुद्ध कडा भन्दा कडा कारबाही होस्। देश बेरुजुय आतंकले ग्रस्त छ, देशैभरि भुमाफियाहरुले हालीमुहाली चलाईराखेको छ, काठमाण्डौ उपत्यकाको पनि हजारौं रोपनी सार्वजनीक जग्गा माफियाको कब्जामा गईसकेको ब्यापक चर्चा छ। शासक दलका नेतासमेत ति कार्यमा संलग्न रहेको समाचारबाट जनता

फेरि एकपटक झस्किएका छन् र सोध्दै छन् सरकार कतिन्जेल भुमाफिया, पप्पु, शैलुङ्ग, भ्रष्ट...।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय सिर्जना सायजुलाई बोल्न समय दिन्छु।

**<u>माननीय सिर्जना सायजु (नेपाल मजदुर किसान पार्टी)</u>:-** सभामुख महोदय, हालैको भारी वर्षा र असिनाको कारण देशका विभिन्न भागमा झैं भक्तपुरका किसानहरुको बालिनालीमा ठुलो क्षती पुर्याएको छ। किसानहरुलाई उचित क्षतिपुर्ति दिन प्रदेश सरकारको ध्यानाकर्षण गराउदँछु। प्रदेश सभाको बैठक निश्चित विधिमा नचल्दा र भएका नियमहरुको उपेक्षा गरिदाँ अफठ्यारोहरु कैयन् देखिएका छन्। अन्य कतिपय देशहरुमा वर्षको तिन या चारपटक मात्र बैठक आब्हान गरी नतिजामुखी ढङ्गमा कार्यसम्पादन गरिने अनुभवबाट शिक्षा लिन सके उपयुक्त होला। प्रदेश सरकारको वार्षिक प्रतिवेदन सार्वजनीक गर्नुपर्ने बेला हिउदैं अधिवेशन चलिरहेको छ। देखाउनलाई भन्दा पनि काम गर्नलाई बैठक राखिनुपर्छ। अन्यथा सानु नानीको ठुलो धोती भन्ने उक्ति चरितार्थ हुनेछ। कर्मचारी समायोजनले नयाँ समस्या थपेको प्रष्ट छ, स्पोईल सिष्टम लागु गरिए केहि राहत मिल्नेछ। सरकार परिवर्तन सगैं उद्धेश्य, भावना र विचार मिल्ने मुख्य मुख्य कर्मचारीहरु राख्ने र असहमतलाई हटाउने बन्दोवस्तले प्रशासन चुस्त हुनेमा शंका छैन। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु शुन्य समयको कार्यक्रम यहिँ समाप्त हुन्छ।

माननीय सदस्यहरु, अब म आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय शालिकराम जमकट्टेललाई प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथि प्रदेश मामिला समितिले बनाएको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जमकट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानुन माननीय मन्त्रालयः</u>-** माननीय सभामुखज्यु, सभामुखज्युको अनुमतिले प्रदेश सभाका पदाधिकारी तथा

सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथि प्रदेश मामिला समितिले बनाएको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय शालिकराम जमकट्टेलले पेश गर्नुभएको प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथि प्रदेश मामिला समितिले बनाएको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथि प्रदेश मामिला समितिले बनाएको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसमतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथि प्रदेश मामिला समितिले बनाएको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस् भन्ने प्रस्तावमाथि अर्थात प्रतिवेदन सहितको विधेयक माथिको छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु, यो छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धि विधेयकका दफाहरु तथा अनुशांगिक र अन्य दफाहरुमा मात्रै छलफल गर्न सकिनेछ। उक्त छलफलमा

बोल्न चाहानुहुने माननीय सदस्यहरुले आआफ्नो नाम सभामुखको डयाससँगै बसेका कर्मचारीहरुलाई उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरु, प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐनङ २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथि प्रदेश मामिला समितिले बनाएको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस् भन्ने प्रस्तावमाथि छलफलमा बोल्नका लागि कुनैपनि माननीय सदस्यहरुको नाम प्राप्त भएन तसर्थ प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथि प्रदेश मामिला समितिले बनाएको प्रतिवेदन विधेयकको अंग बनोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक माथि प्रदेश मामिला समितिले बनाएको प्रतिवेदन विधेयकको अंग बनोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु।

अब म प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयकको दफा २ र सो सँग सम्बन्धित उपदफाहरु विधेयकको अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयकको दफा २ र सो सँग सम्बन्धित उपदफाहरु विधेयकको अंग बनोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु।

अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाँउछु।

**प्रस्तावनाः** यो प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७५ लाई संसोधन गर्न बाञ्छनीय भएकोले प्रदेश सभाले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी पहिलो संसोधन ऐन, २०७६ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

अब म विधेयकको प्रस्तावना र नाम प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी पहिलो संसोधन ऐन, २०७६ को अंग बनोस् भनि निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी पहिलो संसोधन ऐन, २०७६ को अंग बनोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय शालिकराम जमकट्टेललाई प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जमकट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानुन माननीय मन्त्रालयः-</u>** सभामुखज्यु, सभामुखज्युको अनुमतिले प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जमकट्टेलले पेश गर्नुभएको प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयकलाई पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णायार्थ पेश गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु।

**<u>माननीय दावादोर्जे लामा, मन्त्री, भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालयः</u>-** माननीय सदस्यहरु, अब म माननीय भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री दावा दोर्जे लामालाई प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले बनाएको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय दावादोर्जे लामा, मन्त्री, भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालयः</u>-** माननीय सभामुखज्यु, सभामुखज्युको अनुमतिले प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले बनाएको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननीय भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री दावा दोर्जे लामाले पेश गर्नुभएको प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले बनाएको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले बनाएको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसमतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले बनाएको प्रतिवेदन सहितको विधेयक सभामा छलफल

गरियोस् भन्ने प्रस्तावमाथि अर्थात प्रतिवेदन सहितको विधेयक माथिको छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु, यो छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धि विधेयकका दफाहरु तथा अनुशांगिक र अन्य दफाहरुमा मात्रै छलफल गर्न सकिनेछ।

उक्त छलफलमा बोल्न चाहानुहुने माननीय सदस्यहरुले आआफ्नो नाम सभामुखको ड्याससँगै बसेका कर्मचारीहरुलाई उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम माननीय रमेश पौड्याललाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)**:- माननीय सभामुखज्यु, यो प्रस्तुत प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि कृषि समितिले बनाएको प्रतिवेदन सहितको विधेयकमा विधेयकको छलफलको क्रममा म आफ्ना केहि कुराहरु यहाँ राख्न गईरहेको छु। यसमा हामी आफैंले, यो सिङ्गो सभाले बनाएर पारित गरेको यो जुन हाम्रो प्रदेश सभा नियमावली छ, यो नियमावलीको दफा ९९ को २ मा जुन ब्यवस्था छ त्यो ब्यवस्थामा चैं फेरिपनि यसको उल्लङघन भएको छ। समितिको प्रतिवेदन आईराख्दापनि त्यसको विषयमा कहिँ कतै केहि बोलिएको पाईएन।

त्यहाँ चैं के उल्लङघन भएको छ भने यो प्रदेशको कोषमा जुन ब्ययभार पर्ने कुरा छ त्यसमा चैं पटके र साल वसालि खर्चको अनुमानीत विवरण संलग्न हुनुपर्छ भनेर चैं हाम्रो नियमावलीको ९९ को २ ले चैं प्रष्टसँग ब्यवस्था गर्दागर्दै त्यो कुरालाई अन्यथा गरेर जुन प्रतिवेदन आएको छ त्यले गर्दा यो नियमलाई नियमको बर्खीलाप छ त्यले गर्दा यो विषय अत्यन्त गम्भिर ढङ्गले उठिराख्दा पनि यो अहिले प्रतिवेदन सहित समितिको प्रतिवेदन सहित विधेयक यो चरणमा आइपुग्दा खेरीपनि यसमा सम्बोधन नहुनु अत्यन्तै दुखद छ भन्ने कुरा यहाँ म राख्न चाहान्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री दावा दोर्जे लामालाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय दावादोर्जे लामा, मन्त्री, भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालयः</u>-** माननीय सभामुखज्यु, माननीय सदस्यज्युहरु, यो विधेयक हामीले ४ दिन सम्म ब्यापक छलफल गऱ्यौं, ४ दिनसम्मको छलफलमा समितिका सभापतिज्युले दफावार छलफलको रुपमा सबै सदस्यहरुलाई भाग लिने अवसर दिनुभएको छ। हाम्रो रमेश जी पनि त्यसमा हुनुहुन्थ्यो, ब्यापक छलफल पश्चात सर्वसम्मत ढङ्गलेनै समितिमा पास गरेर आएको विधेयक भएको हुनाले मलाई लाग्छ यो विधेयक धेरै कुराहरु यो सहकारी संस्थालाई कम्तिमा पनि जनतासँग नजिक बनाउने र सम्वृद्धीको मार्गमा जोड्ने गरि आएको छ।

यसले खासै माननीय सदस्यज्युहरुको धेरै अफठ्यारो कुरा आएको छैन कतिपय कुराहरु सकारात्मक ढङगले दफावार छलफल गरेर, छलफलबाटै टुङ्गो लागेर आईसक्या हुनाले यो विधेयकमाथि धेरै छलफल गरिरनु पर्छ भन्ने मलाई लाग्दैन। र यो छलफल सहित मलाई लाग्छ यो सबै विधेयक भन्दा नि यो बढी छलफलमा समय खर्च भएको छ। ४ दिन सम्म लगातार छलफल भएर आएको हुनाले मैले रमेश जी ले त्यतिखेर पनि सवाल उठाउनु भएको थियो पछि यो सवाल सँग छलफल भएर यो चैं आर्थिक भार चैं पर्ने कि नपर्ने भन्ने सन्दर्भको कुरा यो कानुनी कुरासँग जोड्छ यि सबै कुरालाई भाषागत मिलाएर ल्याएको हुनाले यो विधेयक चैंनि मलाई लाग्छ वहाँलाई त्यस्तो अफठ्यारो नपर्ला र वहाँकै रहोबरमा छलफलमा वहाँ नै यस समितिको शिक्षा र कृषि र स्वास्थ्य समितिमा हुनुहुन्छ यो समितिबाट सर्वसम्मत पास भएको हो र अहिले वहाँले राख्नुभो, राख्नुभकोमा मेरो आपत्ती छैन, जे कुरा राख्नुभो अब वहाँले अस्ति छलफलमा भाग लिएपछि मेरो यसमा चैं नोट अफ डिसेन्ट छ भन्नुभा भए अत्यन्त राम्रो हुन्थ्यो तर अस्ति सर्वसम्मत पास गर्ने अहिले चैं यो चैं आपत्ती भयो भन्दाखेरी अब वहाँले नै बुझ्ने कुरा हो मैले जवाफको सन्दर्भमा यत्तिमात्रै राख्न चाहें, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब यो छलफल यहिँ समाप्त हुन्छ।

अब म प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिको प्रतिवेदन बिधेयकको अंग बनोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमाथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिको प्रतिवेदन विधेयकको अंग बनोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

अब म, प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक २ देखि १२९ सम्मका दफाहरु, सोसँग सम्बन्धित उपदफाहरु तथा अनुसुचि १ देखि ४ सम्मका सम्बन्धित विधेयकको अंग बनोस् भनि निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकाले, प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकको दफा २ देखि १२९ सम्मका दफाहरु, सोसँग सम्बन्धित उपदफाहरु तथा अनुसुचि १ देखि ४ सम्मका सम्बन्धित विधेयकको अंग बनोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछुँ।

**<u>प्रस्तावनाः</u>** सहकारी मुल्य, मान्यता र सिद्धान्त अनुरुप छरिएर रहेको पुजीँ, प्रविधि र सिपलाई एकिकृत गर्दै सम्वृद्धीको लागि उत्पादन र सेवा ब्यवसायको माध्यमबाट सदस्यहरुको आर्थिक, सामाजीक तथा साँस्कृतीक विकास गर्न प्रदेश स्तरमा सहकारी संघ तथा संस्थाहरुको दर्ता, संचालन तथा नियमन गर्न बाञ्छनीय भएकोले प्रदेश सभाले यो ऐन बनाएको छ।

**<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यसे ऐनको नाम प्रदेश सहकारी ऐन २०७६ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

अब म विधेयकको प्रस्तावना र नाम प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, विधेयकको अंग बनोस् भनि निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस्।

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकाले विधेयकको प्रस्तावना र नाम प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकको अंग बनोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननीय भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्री दावा दोर्जे लामालाई प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय दावादोर्जे लामा, मन्त्री, भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालयः</u>-** माननीय सभामुखज्यु, सभामुखज्युको अनुमतिले प्रदेश सहकारी सम्बन्धमा

ब्यवस्था गर्न बनेको विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब म माननीय भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्री दावा दोर्जे लामाले पेश गर्नुभएको प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकलाई पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकाले विधेयक, प्रदेश सहकारी सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

**माननीय सदस्यहरु अब यो बैठक अर्को सुचना जारी नभएसम्मको लागि स्थगित हुन्छ**

**(तदनन्तर बैठक अर्को सुचना जारी भएपछी वस्नेगरी स्थगित भयो।)**

**अन्त्य - दिनको ४:४५ बजे।**